016

॥ नमश्चण्डिकायै ॥

# दुर्गासप्तशती

(पूजा विधि, नेपाली अनुवाद एवं व्याख्या)



डा. स्वामी रामानन्द गिरि

नाम : **डा. स्वामी रामानन्द गिरि**

**जन्म** : वि.स. २००५/२/१०

**जन्मस्थल** : केवलपुर गा.वि.स., धादिङ्

**संन्यास-गुरु** :
श्री १००८ स्वामी महेशानन्द गिरिजी महाराज

**शिक्षा** : आचार्य (शाङ्करवेदान्त २०३०, त्रि.वि.)

**विद्यावारिधि** :
**राजर्षि जनकका विदेह सिद्धान्तहरूको समीक्षात्मक अध्ययन**, २०४१, त्रि.वि., काठमाडौं

**अनुभव** :
विभिन्न शिक्षण संस्थाहरूमा अध्यापन तथा अद्वैत वेदान्त एवं सनातन धर्म र संस्कृतिका विषयमा प्रवचन

**मान-पदवी** :
पाणिनि पुरस्कार
गुणराज पुरस्कार
डा. बलराम जोशी ज्ञानविज्ञान पुरस्कार
राजर्षिजनकस्मृति सम्मान
पृथ्वीबहादुरसिंह कार्की-भक्तकुमारी पुरस्कार
भारती खरेल पुरस्कार
प्रबल गोरखा दक्षिणबाहु
अन्य विविध सम्मान तथा पुरस्कारहरू

**कृतिहरू** :
**जनकदर्शन** (विद्यावारिधि शोधग्रन्थ)
**माण्डूक्यकारिका** (नेपाली अनुवाद तथा व्याख्या)
**रामगीता** (नेपाली अनुवाद तथा व्याख्या)
**वेदस्तुति** (नेपाली अनुवाद तथा व्याख्या)
**श्रीमद्भागवतमहापुराण** (नेपाली अनुवाद-रामानन्दी टीका
**देवीगीता** (नेपाली अनुवाद तथा व्याख्या)

**सामाजिक कार्य** :

**संस्थापक** : महेश संन्यास आश्रम एवं
महेश संस्कृत गुरुकुल, देवघाट, तनहूँ
अंबरेश्वर संन्यास आश्रम, पुरन्चौर, कास्की

**संरक्षक**: शङ्कराचार्य मठ, देवपतन काठमाडौं

**भ्रमण** : नेपाल, भारत, बेलायत र अमेरिका

**रुचि** : राष्ट्र राष्ट्रियता र सनातन धर्मको संरक्षणका निमित्त सामाजिक चेतना जगाउने ।

परम प्रिय श्री देवीप्रसाद
चापागाईं जुमा सप्रेम
उपहार।
स्वामी रामानन्द भारती
२२।१।०६६

महेश-प्रकाशन-माला–०१६

॥ ॐ नमश्चण्डिकायै ॥

# दुर्गासप्तशती

(पूजा विधि, नेपाली अनुवाद एवं व्याख्यासहित)

ॐ देवि प्रपन्नार्तिहरे प्रसीद ।
प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरि पाहि विश्वम्
त्वमीश्वरी देवि चराचरस्य ॥

व्याख्याकार
**डा.स्वामी रामानन्द गिरि**

- पुस्तकनाम– **दुर्गासप्तशती**
  (पाठ-विधि, नेपाली अनुवाद एवं व्याख्यासहित)
- व्याख्याकार – **डा. स्वामी रामानन्द गिरि**
- सम्पादक – **डा. गुरुप्रसाद सुवेदी**
- संस्करण – प्रथम
- प्रकाशित प्रति- १११११
- प्रकाशन दिवस– घटस्थापना, २०६९
- ISBN संख्या – 978-9937-2-5463-2


- © सर्वाधिकार- प्रकाशकमा


- मूल्य रू.- ५००/-
- कम्प्युटर टङ्कण– **कोमल नेपाल**
- मुद्रक– जगदम्बा प्रेस

---

*प्रकाशक*

**महेश-संस्कृत-गुरुकुलम्**

महेश-संन्यास-आश्रम, देवघाट-२ तनहूँ

फोन–(०५६)६२०४२६,६२१२७४

e-mail: maheshashram@hotmail.com ; msgurukulvp@yahoo.com

सानीआमा

# सीतादेवी उपाध्याय

(वि.सं.२००४/११/३खोटाङ्ग-२०४६/७/२०जोगीमारा,धादिङ्ग)

को

पुण्यस्मृतिमा पुस्तक प्रकाशनका लागि
उदारतापूर्ण सहयोग गर्ने

## श्रीभरतराज सुवेदी

एवं

## श्रीमती मञ्जु सुवेदी

(बालाजु, काठमाडौं)

लाई विशेष धन्यवाद !

-प्रकाशक

**महेश-संस्कृत-गुरुकुलम्**

# शुभाशंसा

**पावका नः सरस्वती**

चण्डी सप्तशती महास्तोत्र हो । गुणकर्मादिरूपको प्रशंसा स्तोत्र हुन्छ । वस्तुगतिले यो अर्थवादमा जान्छ, अर्थवाद त्यसैको हुन्छ, जहाँ विधि रहन्छ । शक्ति उपासनाबोधक विधिवाक्य छन्, गर्दा फलश्रवण र नगर्दा दोषश्रवण पाइन्छन् । अतः विधिलाई सघाएर स्तुति कृतार्थ हुन्छन् ।

तत्तत् देवताविषयिणी स्तुति तीनै चरित्रमा छन्, अर्को चरित्रत्रयसाधारण स्तुति छ । साधारणमध्ये **नमो देव्यै–देव्यै कृत्यै नमो नमः** एकतीस नामका पाँच मन्त्र बहिर्विषयक छन् भने विष्णुमाया–चितिरूपा तेइस नामका तेइसै मन्त्र प्रत्यगात्मविषयक छन् । त्यसैले त्रितयसमष्टिमूलप्रकृतितुरीयविषयता यसमा रहेको छ । उक्त चारस्तोत्रगर्भित चण्डी सप्तशती महास्तोत्र हो । महास्तोत्रको व्याख्या **डा. स्वामी रामानन्द गिरि महाराजजी**बाट भएको छ । उक्त व्याख्या पदार्थ र भावार्थ माध्यमको छ । आवश्यकतानुसार विवरण पनि भएकै छ । उक्त स्तोत्रगर्भिताले मात्र महास्तोत्र भएको होइन, अपूर्व अर्थ प्रतिप्रादनले महास्तोत्र भएको भन्न सकिन्छ । जस्तै– माया, देवीको ब्रह्मरूपताजस्ता वेदान्तपदार्थ र महिषासुरको अवतारात्मक रहस्य चण्ड-मुण्ड, निशुम्भ-शुम्भका मिश्रित रूपक अर्थ यहाँ रहेका छन् । बुभुत्सुका कामनानुसार सद्यः फलदायकतासमेत यसमा रहको विश्वास गरिन्छ । यस्तै अनेक हेतुले यो स्तोत्रमा महत्ता रहेको छ । वेदान्तगत पदार्थ र रूपक अर्थ दिग्दर्शन स्थानविशेषमा स्वामीजीबाट भएकै छन् ।

अनेक बीज र मन्त्रघटित हुनाले चण्डी सप्तशती महामन्त्र/मालामन्त्र पनि हो । जस्तै– **यो मनुः कथ्यतेऽष्टमः** यहाँदेखि आठौँ अक्षर ह भएको प्रसिद्धि छ । **सूर्यतनयः** रेफको सङ्केतक हो । **सावर्णिः** भन्नाले ई बुझिन्छ । निशामयमा **निशाम्**को अर्ध **बिन्दु** उक्त सबै संयोजन हुँदा मायाबीज निष्पन्न हुन्छ । मायाबीज चण्डी सप्तशतीको प्रधान बीज हो । तद्बीजलक्ष्या मध्यमचरित्रनायिका महालक्ष्मी हुन् । उग्रचण्डा, भद्रकाली, कात्यायनी उनैका नामभेद तथा विग्रहभेद हुन् । कल्पभेदेन महिषासुरमर्दिनी उनै हुन् । तिनैलाई त्रितयसमष्टिमूलप्रकृति तुरीया मानिएको छ, व्यष्टि पनि उनी हुन् ।

मायाबीज उद्धरित भएजस्तै तीन अक्षरको त्रिपुरा वा चेतनी विद्या सावर्णि मन्त्रबाट उद्धरित हुन सक्छिन् । मातृकामण्डल संख्या उनन्चास हो भन्ने पक्षमा

व्युत्क्रमगणनानुसार रमाबीजको उद्धारक मन्त्र सावर्णि नै हो।अपेक्षा र व्याख्यामाध्यममा कामकलाबीज, नृसिंहबीज, वाराहीबीज, कामबीज, गणपतिबीजजस्ता अनेक बीज सावर्णि मन्त्रबाटै अभिव्यक्त हुन सक्छन् । यस्ता मन्त्र अनगिन्ती छन् । अनगिन्ती मन्त्रघटित भएकैले सप्तशती चण्डी एउटै महामन्त्र हो । अनेक मन्त्रगुम्फित र धेरै वर्णघटित भएकाले मालामन्त्र पनि हो । तिनमा सहजै प्रवेश सम्भव छैन, प्रत्यग्रूपा अन्तर्यामिणी परमेश्वरीको अनुग्रह भए स्फुरण हुन सम्भव छ । त्यसैले प्रसिद्धि छ– **सङ्केतरूपा गुरुवक्त्रगम्या** अर्थात् गुरुबाटै रहस्यार्थ बुझ्नुपर्छ । गुरुविना सोझै बुझ्ने प्रयत्न गर्नुहुँदैन ।

आठौँ मनुको आख्यानव्याजेन प्रस्तुत स्तोत्रको उपदेश मार्कण्डेयबाट क्रोष्टुकिलाई भएको हो । स्तोत्रार्थ आत्मसात् भएपछि नै मन्त्ररहस्य बुझ्न अधिकार मा चेष्टा हुनसक्छ । अर्थज्ञानपूर्वक सप्तशती चण्डी अनुष्ठान भए अधिकारी साधक कृतार्थ हुन बेर लाग्दैन । कृतार्थसामर्थ्य प्रस्तुत स्तोत्र व्याख्यामा परम्परया रहने भएकाले तत्कर्तृत्वेन श्रेयोभागिता डा. स्वामी महाराजजीमा रहने स्वतः स्पष्ट छ । स्वामीजीबाट यस्ता कार्य भएका छन् र प्रत्यगात्मा उमाधव पशुपतिका प्रेरणाले हुँदै पनि जानेछन् भन्ने धारणासाथ लेखनी विश्राम । ॐ तत्सत् ।

**प्रा. डा. दीर्घराज घिमिरे**

२०६९ अधिककृष्ण भाद्र एकादशी

# भूमिका

सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥

दुर्गासप्तशती मार्कण्डेय महापुराणको अंश हो । यसमा सावर्णि मनुको उत्पत्तिका प्रसङ्गमा देवीको माहात्म्य वर्णन गरिएको छ । यसमा तेह्र अध्याय छन् । तिनैभित्र प्रथम, मध्यम र उत्तर(उत्तम) तीन चरित्रहरू निबद्ध छन् । प्रथम चरित्र एक अध्यायको, मध्यम चरित्र तीन अध्यायको र उत्तर चरित्र नौ अध्यायको छ ।

**संक्षिप्त कथावस्तु**

पहिलो चरित्रमा स्वारोचिष मन्वन्तरमा चैत्रवंशमा उत्पन्न सुरथ राजाको कथा छ । शत्रुहरूसँग पराजित भई उनी मेधा ऋषिको आश्रममा गएको र ऋषिबाट महामाया भगवतीको महिमा सुनी त्यसविषयमा विशेष जिज्ञासा गरेको बताइएको छ । ऋषिले उनलाई ब्रह्माजीको आपत्ति नष्ट गर्न भगवती महामायाले भगवान् विष्णुलाई योगनिद्राबाट मुक्त गरी असुरहरूलाई मोहित समेत गर्नुभएको र यसबाट असुरहरूको नाश भएको कथा सुनाउनुभएको छ ।

दोस्रोदेखि चौँथो अध्यायसम्म महिषासुरको कथा वर्णित छ । उसको देवतामाथिको विजय, देवताको प्रार्थना र भगवतीको आविर्भाव अनि उहाँका हातबाट महिषासुरको वध र देवताद्वारा भगवतीको स्तुति गरिएको प्रसङ्ग यसमा वर्णन गरिएको छ ।

तेस्रो चरित्र पाँचौदेखि तेह्रौँ अध्यायसम्मको छ । यहाँ शुम्भ र निशुम्भको कथा वर्णित छ । शुम्भ र निशुम्भ दुई दाजुभाइ दानवहरूको देवतामाथि भएको अत्याचार, देवी भगवतीको आविर्भाव, उहाँसँग दानवहरूको युद्ध, उनीहरूको पराजय र वध, देवताहरूको स्तुति र त्यसपछि राजा र वैश्यको तपस्या, उनीहरूलाई पनि देवीको वरदानको वर्णन यस खण्डमा विस्तार गरिएको छ ।

**सप्तशती चण्डीको नामभेद–**

सप्तशतीका तीनवटा नाम अत्यन्त प्रसिद्ध छन् । ती हुन्– सप्तशती वा सप्तसती, चण्डी र देवीमाहात्म्य ।

यीमध्ये पहिलो नाम **सप्तशती** हो । यसमा सातसय मन्त्रहरू छन् । तिनै मन्त्रहरूबाट देवीको माहात्म्य वर्णन गरिएको छ । साथै तिनै सातसय मन्त्रद्वारा देवीको स्तुति हुन्छ । तिनैको विभिन्न कामनाले प्रयोग पनि हुन्छ । त्यसैले त्यो

सप्तशती नामले प्रसिद्ध छ। सातसय मन्त्रविभागका विषयमा विद्वान् चिन्तकहरूले केही विचार गरेका छन्। जुन यसप्रकार छ–

**मन्त्रसंख्या विवरण**

| चरित्र | अध्याय | उवाच | अर्धश्लोक | पूर्णश्लोक | त्रिपादमन्त्र | जम्मा मन्त्र |
|---|---|---|---|---|---|---|
| प्रथम | १ | १४ | २४ | ६६ | – | १०४ |
| मध्यम | २ | १ | – | ६८ | – | ६९ |
| मध्यम | ३ | ३ | – | ४१ | – | ४४ |
| मध्यम | ४ | ५ | २ | ३५ | – | ४२ |
| उत्तर | ५ | ९ | – | ५४ | ६६ | १२९ |
| उत्तर | ६ | ४ | – | २० | – | २४ |
| उत्तर | ७ | २ | – | २५ | – | २७ |
| उत्तर | ८ | १ | १ | ६१ | – | ६३ |
| उत्तर | ९ | २ | – | ३९ | – | ४१ |
| उत्तर | १० | ४ | १ | २७ | – | ३८ |
| उत्तर | ११ | ४ | १ | ५० | – | ५५ |
| उत्तर | १२ | २ | २ | ३७ | – | ४१ |
| उत्तर | १३ | ६ | ११ | १२ | – | २९ |
| जम्मा | – | ५७ | ४२ | ५३५ | ६६ | ७०० |

**विशेष–**

चण्डी=देवीमाहात्म्यको मन्त्रसंख्या सातसय भएको हुनाले नै यसलाई सप्तशती भनिएको तथ्य सबैले मानिएको कुरा हो। तदनुसार नै अद्यावधि यसको साधनामा प्रयोग पनि भइआएको छ। तर यहाँ एउटा विशेष कुरा एक जना विद्वान् साधकले उठाएका छन्, त्यो पनि विचारणीय छ –

नेपालका मल्लकालीन एक जना सभ्यताका ज्ञाता दीक्षित र साधक पनि रहेका नवमीसिंह मण्डेल जो नेपाल संवत् ८०७, विक्रम संवत् १७४४ देखि ने.सं. ८२०, वि.सं १७५७ सम्म १३ वर्षसम्म कान्तिपुर(नेपाल)मा राज्य गरेका विद्वान् युवक राजा भूपालेश मल्ल प्रसिद्ध वार्णिक कवि राजा प्रताप मल्लका नातिले सप्तशती चण्डीको लिखित सम्पादन गरेका थिए। उनको संपादित कृतिको नाम **चण्डीभक्तिविनोदिनी** रहेको थियो। त्यहाँ उनको सप्तशती मूलपाठ, त्यसमा पनि

अर्गला स्तुतिको ठीक अगाडि आफ्ना तर्फबाट एक पटल अतिरिक्त प्रस्तुत गरेका छन् । जसमा मङ्गलपाठपछि चण्डीको माहात्म्य, सप्तशती श्लोक व्यवस्था, मन्त्र आदिको पनि उल्लेख गरेका छन् । त्यसैअन्तर्गत नवमीसिंह शम्भुनित्या तन्त्रलाई आधार मानेर त्यहाँका श्लोकहरूसमेत उद्धृत गर्दछन् । यसको सार हो–

सप्तशती ग्रन्थमा **उवाच** आदिलाई नलिइकन पनि सातसय श्लोकहरू नै रहेका छन् । ती सबै मार्कण्डेयकै वाक्यहरू हुन् । तिनीहरूमध्ये सप्तशतीको एकदेखि तेह्र अध्यायहरूमा क्रमशः ८६, ७१, ४७, ४१, १४७, २०, २६, ६६, ४०, २८, ७१, ३९ र १८ गरी जम्मा सातसय श्लोकहरू नै छन् ।

**आद्यं तन्त्रं विजानीहि सप्तशत्याः शुभावहम् ।**
**सावर्णिः सूर्यतनयः सावर्णिर्भविता मनुः ॥**
**उवाचादि विना सप्तशतश्लोकसुसंख्यकम् ॥**

–शम्भुनित्यातन्त्र उद्धृत चण्डीभक्तिविनोदिनी, नवमीसिंह

सप्तशती चण्डीको मन्त्रसंख्या सातसय भएकाले नै यसलाई सप्तशती नाम दिइएको हो भन्ने कुरामा– **श्री चण्डीस्तवमन्त्राणां विभागः सप्तभिः शतैः** भन्ने वचनलाई प्रमाण मान्नुपर्ने हुन्छ । यसैलाई विस्तार गर्दै शम्भुनित्यातन्त्रलाई नवमीसिंह आफ्नो चण्डीभक्तिविनोदिनीको प्रथम पटलमा उद्धृत गर्दछन्–

**मार्कण्डेयस्य वाक्यानि प्रथमाध्यायके भवेत् ।**
**त्रयोविंशति संख्या स्यान्मन्त्रसंख्या तयोः पृथक् ॥**
**विद्यैर्वाक्यं कला संख्या विष्णोश्चैकं तथा मधोः ।**
**मुनेस्त्वेको न त्रिंशत् स्यात्षडशीतिरितीरिताः ॥**
**द्वितीये तु महादेवि देव्या वाक्यं तथैककम् ।**
**महिषासुरवाक्यानि श्लोकत्रयमुदाहृतम् ॥**
**सप्तापि चत्वारिंशत् स्यादेकाधिकचतुर्थके ।**
**देव्याश्चैकं मुनेस्त्वेकं, देवानां सर्वमेव हि ॥**
**पञ्चमेऽध्यायके सप्तचत्वारिंशच्छतोत्तरम् ।**
**ऋषेस्तु मातृका संख्या देवानामष्टसप्ततिः ॥**
**देव्यास्तु ऋतुसंख्या स्याद्दूतस्य च त्रयोदश ।**
**षष्ठे तु विंशतिः प्रोक्ताः सप्तमे सप्तविंशतिः ॥**
**अष्टमे सप्तषष्ठिः स्याच्चत्वारिंशच्च रत्नके ।**
**दशमेऽष्टाविंशतिरेकादशे भूमिसप्ततिः ॥**

नवत्रिंशद्द्वादशे स्यात्ततो ह्यष्टादशः स्मृतः ।
सैव सप्तशती प्रोक्ता ह्यथर्वशिरसि स्थिता ॥
त्रैलोक्येऽन्येषु तन्त्रेषु गोपितं तेषु दुर्लभम् ।
एवंभूता महाचण्डी ह्यचिरात् सिद्धिदा भवेत् ॥

यसरी अथर्वशीर्ष वचन भनेर शम्भुनित्यातन्त्रले लिएको प्रभावलाई नवमीसिंह मण्डले आफ्ना चण्डीभक्तिविनोदिनीमा उद्धृत गरी चण्डीमा सातसय श्लोक संख्या नै हुनेपर्ने तथ्य मान्दछन्, तर त्यति संख्यामा चण्डीमा श्लोकसंख्या नपगेको देखेर नानातन्त्र हेरेर उनी उक्त सातसय श्लोक नै पूर्ण गर्दछन् आफ्नो मूलपाठमा ।

नवमीसिंहले चण्डीभक्तिविनोदिनीमा रहेको मूल पाठमा नै १ देखि १३ अध्यायहरूमा क्रमशः ८, २.५, ६, ४.५, ७३.५, १, ४, १, १.५, २०, १, १.५ गरी जम्मा १२३ श्लोकहरू थपेका छन् । यी श्लोकहरू अन्य प्रचलित चण्डी ग्रन्थमा पाइँदैनन् । कतैकतै प्रसिद्ध पाठमा पनि केही फरक पाइन्छ चण्डीभक्तिविनोदिनी पाठमा ।

सप्तशती र सप्तसती एउटा सातसय भन्ने अर्थ बुझाउने शब्द र अर्को सातजना सती अर्थात् मातृकाहरू(ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी र चामुण्डा)का माहात्म्य वर्णित भएको ग्रन्थ । दुबै शब्द प्रामाणिक छन् । यसमा सन्देह छैन–

**सप्तशतीति तालव्यो दन्त्योऽप्युक्त प्रमाणतः ।**
**सन्देहो नात्र कर्तव्यः प्रमाणमुभयं मतम् ॥**

*टिप्पणी–*

चण्डीभक्तिविनोदिनीले प्रचलित मान्यतामा प्रश्न उठाएर समाधान पनि प्रस्तुत गरेको छ । यसमा अनुसन्धान हुनु आवश्यक छ । यस चण्डीको पाठपरम्परा पनि नेपालमा केही नेवार दीक्षित परम्परामा छ । यो कृतिको अनुसन्धान पूर्ण प्रामाणिक भूमिकासहित सम्पादन र प्रकाशन हुनु जरूरी छ ।

चण्डीलाई सप्तशती नाम दिनुमा अरु पनि उपपत्ति विद्वान्हरूले दिएका छन्–

१ सातसय मन्त्र वा सातसय श्लोक चण्डीमा छन् र तिनैद्वारा भगवती अम्बिकाको त्यहाँ माहात्म्य वर्णित छ । त्यसैले चण्डीलाई सप्तशती भनिन्छ ।

२ चण्डीका मन्त्र सातसय काममा प्रयोग गरिएका छन् ।

३ दक्षिणमार्गमा लक्ष्मी आदि सात शक्तिको उपासना चण्डीबाट गरिन्छ ।

४ ब्रह्माले चण्डीमा महाविद्या इत्यादि सात शक्तिहरूको स्तुति गरेका छन् ।
५ ब्रह्मा, इन्द्र, गुरु(बृहस्पति), शुक्र, विष्णु, रुद्र, असुर यी सात देवासुरले चण्डीमा बताइएका देवताहरूको उपासना गरेका थिए ।
६ लक्ष्मी, ललिता, काली, दुर्गा, गायत्री, अरुन्धती, सरस्वती यी सात देवीहरूको वाममार्गबाट चण्डीद्वारा उपासना हुन्छ ।
७ काली, तारा, छिन्नमस्ता, सुमुखी(श्री), भुवनेश्वरी, बाला र कुब्जा मन्त्रहरू चण्डीमा बताइएका छन् ।
८. ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी र नारसिंही यी सात शक्तिहरूको चरित्र माहात्म्य चण्डीमा वर्णित छ ।
९. चण्डीका अन्त्यमा **वैवश्वतेऽन्तरे प्राप्ते** यो वाक्यपछि देवी स्वयंले विन्ध्याचलनिवासिनी(विन्ध्यवासिनी), रक्तदन्तिका, शताक्षी, शाकम्भरी, दुर्गा, भीमादेवी र भ्रामरी यी सात देवीका रूपमा अवतीर्ण भएर दानवहरूका बाधा नाश गर्ने भविष्यबाणी गर्नुभएको छ । यसको वर्णन मेरुतन्त्रमा तेइसौँ प्रकाशमा श्लोक ११४६ देखि १९५६ सम्म राम्ररी भएको छ ।

**सप्तशतीको साधना**

साधनाका तीन अङ्ग हुन्छन्– **मन्त्र, देवता** र **विधि** । सप्तशती(चण्डी)मा यद्यपि सातसय मन्त्रहरूको उल्लेख छ, अथवा सातसय श्लोक सबै मन्त्र हुन् । तथापि चण्डीका सबै अक्षरहरू मन्त्रमय हुन् र सम्पूर्ण मन्त्र देवतास्वरूप नै छन् । त्यसैले चण्डीका एक अक्षरको, मन्त्रको देवताभावले उपासना गऱ्यो भने पनि देवता प्रसन्न भएर इष्टसिद्धि हुन्छ ।

**१ मन्त्र**

मनन गर्नाले रक्षा गर्ने अक्षर, पद, वाक्यलाई मन्त्र भनिन्छ । प्रत्येक अक्षर देवतास्वरूप हुन्छ । ज्ञान प्रदान गर्ने, ज्ञानलाई जन्म दिने **आमास्वरूप= मातृदेवतास्वरूप** हुन्छ । त्यसैले प्रत्येक अक्षरलाई मातृका भनिन्छ । हरेक अक्षर देवताको स्वरूप भएकाले नै देवताभावले त्यसको मनन गर्नाले त्यसले साधकको रक्षा गर्दछ , अतः त्यो मन्त्र हो । मातृका देवतारूप भएकाले, देवताको नाश नहुने हुनाले त्यो अक्षर अर्थात् अविनाशी पनि हो । बीज वृक्षको मूलभूतस्वरूप भएजस्तै प्रत्येक देवताको बीजमन्त्र हुन्छ । यसले देवता, उनको स्वरूप आदि देखाउँछ । त्यसको जप, मनन, त्यसको प्रयोगप्रधान अर्चनाले देवता प्रसन्न भएर साधक उनको कृपापात्र बन्दछ र उसको इष्टसिद्धि हुन्छ ।

सप्तशती चण्डीका प्रत्येक मन्त्र सिद्धिदायक छन् र त्यसले साधकको इष्टसिद्धि गर्न सक्छ । सातसय मन्त्रले सातसय नै काम्यसिद्धिदायक प्रयोग गर्न सकिन्छ । कुन मन्त्रले कुन प्रयोग कसरी गरिन्छ र देवता कुन हो भन्ने विषय गुरुमुखगम्य हुन्छ । अनधिकारीले, अदीक्षितले गरेको प्रयोग सिद्ध हुँदैन, बरु अनिष्टकारण बन्न पनि सक्दछ। सप्तशती चण्डीको विशिष्ट मन्त्र हो नवार्ण मन्त्र । यसम नौ अक्षर हुन्छन् । वाग्भवबीज, लज्जाबीज, कामबीजको उच्चारण गरेर चामुण्डा शब्दको चतुर्थीको एकवचन पदको पछाडि **विच्चे** शब्द लगाएपछि यस मन्त्रको उद्धार हुन्छ ।

**मार्कण्डेयपुराणोक्तश्चरित्रत्रितयस्तवः ।**
**जपाद्यस्य फलं दद्यात् तं मनुं वच्मि साम्प्रतम् ॥**
**वाग्लज्जाकामबीजानि चामुण्डायै पदं पठेत् ।**
**विच्चे नवार्णमन्त्रोऽयं शक्तिमन्त्रोत्तमोत्तमः ॥**

मेरुतन्त्र २३/१०७२, १०७३

यद्यपि यो मन्त्र चामुण्डाको हो, तथापि यस मन्त्रको जप चण्डीपाठको अगाडि र पछाडि गरेपछि मात्र पाठ गर्दा सिद्धिलाभ हुन्छ ।

**२ देवता**

सप्तशती चण्डीका प्रत्येक मन्त्रका देवता बेग्लाबेग्लै नै छन् । जुन मन्त्रका जुन देवता छन्, तिनै मन्त्रद्वारा तिनका देवताको उपासना विधिपूर्वक भएमा इष्टसिद्धि हुन्छ । विशेषतः चण्डीका तीन देवता छन्– महाकाली, महालक्ष्मी, महासरस्वती । हुन त देवता ब्रह्मरूप हुन्छन् । उनकमा नाम, रूप, केही पनि हुँदैन । देश र कालबाट उनीहरू परिच्छिन्न हुँदैनन्, उनीहरू जहाँ पनि जहिले पनि हुन्छन् । तापनि साधकका हितका लागि उनका पूजा उपासनाका लागि ब्रह्मका नाम, रूपको कल्पना हुन्छ। कल्पना भन्नाले असत्य कल्पनाचाहिँ होइन । सत्य र यथार्थ कल्पना हो । ब्रह्म जगन्मय, सर्वस्वरूप भएकाले जो, जस्तो रूप, जुनसुकै नाम, जुनसुकै देश र कालको कल्पना भयो, सबै सत्य र यथार्थ हुन्छ ।

**क. महाकाली**

महाकालीका दश मुख हुन्छन् । दशै पाउ र दशै हात पनि । उनको शोभा इन्द्रनीलवर्णको हुन्छ । उनका दश हातमा, खड्ग, चक्र, गदा, शङ्ख, काटिएको दानवको शिर र बाण दाहिनेपट्टि, एवं बाँयापट्टि गदा, शूल, भुशुण्डि, परिघ र धनु हुन्छन् । यिनका तीन-तीन नेत्र प्रत्येक मुखमा हुन्छन् । अनेकौं दिव्य वस्त्र एवं

अलङ्कार यिनले लाएकी हुन्छिन् । यिनै मधुकैटभ दैत्यको नाश गर्ने कारण बन्दछिन् ।

**ख. महालक्ष्मी**

महालक्ष्मी नै महिषासुरमर्दिनी देवी हुन् । यिनी समस्त देवताका तेजबाट उत्पन्न आविर्भूत भएकी हुन् । यिनका अठार भुजा छन् । तिनीहरूमा अक्षमाला, पद्म (कमल), बाण, खड्ग, वज्र, गदा र चक्र, कमण्डलु र शङ्ख दाहिने हातमा र बाँयापट्टि हातमा शक्ति, परशु, धनु, चर्म, दण्ड, सुरापात्र, घण्टा, पाश र त्रिशूल छन् । यिनी अनेकौं दिव्य वस्त्र र आभूषणले विभूषित छिन् । यिनी पद्मासन(कमलमाथि) बसेकी छन् ।

**ग. महासरस्वती**

यिनको कान्ति शरत्कालको चन्द्रमा जस्तै शुभ्र, स्वच्छ र आह्लादकारी शीतल छ । यिनका आठ हात छन् । जसका दाहिने चार हातमा शङ्ख, मुसल, चक्र र बाण, बाँया चार हातमा घण्टा, शूल, हलो, धनुष लिएकी छन् । यिनको उत्पत्ति गौरीको देहबाट भएको हो । यिनै जगत्की आधार हुन् । यिनैले शुम्भ-निशुम्भ आदि दैत्यहरूको विनाश गरेर देवता मनुष्यलाई आनन्द प्रदान गर्दछिन् । महाकाली, महालक्ष्मी र महासरस्वती यी तीन महाशक्ति मातृदेवताहरू चण्डीका तीन चरित्र आदि, मध्यम र उत्तर चरित्रका देवता हुन् । चण्डीका उक्त तीन चरित्रका माहात्म्य पाठले यी तीनै देवताको उपासना हुन्छ ।

**घ. काली**

चण्डीको उत्तर चरित्र सातौं अध्यायमा चण्डमुण्डको वधको प्रसङ्गमा कालीको वर्णन आएको छ । उनको उत्पत्ति अम्बिका भगवतीको कोपयुक्त निधारबाट भएको छ । उनको वर्ण अत्यन्त कालो छ र शरीर अत्यन्त डरलाग्दो छ । हातमा खड्ग, पाश, खट्वाङ्ग छन् । चण्डमुण्डलाई मारेकाले उनको नाम चामुण्डा रहन गएको हो ।

**ङ. सप्तमातृका**

चण्डीको उत्तर चरित्रअन्तर्गत आठौं अध्यायमा रक्तबीजको वध प्रसङ्गमा सात मातृकाहरूको आविर्भाव भएको छ । ती महाशक्ति मातृका हुन्– ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, नारसिंही र ऐन्द्री । यीमध्ये ब्राह्मी ब्रह्माकी, माहेश्वरी महेश्वरकी, कौमारी गुह कुमारकी, वैष्णवी विष्णुकी, वाराही यज्ञवराहकी, नारसिंही नृसिंह विष्णुकी र ऐन्द्री देवराज इन्द्रकी शक्ति हुन् । यिनका स्वरूप यी जुन देवताकी शक्ति हुन् तिनकै जस्तै हुन्छन् ।

**च. शिवदूती**

चण्डीको अष्टमाध्यायमै शिवदूतीको पनि आविर्भाव भएको वर्णन छ ।

अपराजिता यिनकै नाम हो । यिनी अत्यन्त उग्र चण्डिका शक्ति हुन् । यिनी सयौं स्याल कराएजस्तो भयानक शब्दले गर्जना गर्छिन् । यिनैले महादेवजीलाई दूत बनाएर दानवहरूकहाँ उनीहरूलाई पाताल प्रवेश गर्न सूचना पठाउँछिन् । त्यसैले यिनको नाम नै शिवदूती बन्न गयो ।

**छ. अन्य**

यिनका अतिरिक्त चण्डीकै एघारौं अध्यायमा स्वयं देवीले वैवस्वत मन्वन्तरको अठ्ठाइसौं युगमा स्वयं अवतीर्ण हुने विभिन्न शक्तिको नाम, स्वरूप र तिनका कामको पनि वर्णन गरेकी छिन् । ती हुन्–

**विन्ध्यवासिनी नन्दजा** – मूर्तिरहस्यमा दिइएको ध्यान विन्ध्यवासिनीको नभनिए तापनि नन्दजाको भनिएको र चण्डीको मूलपाठमा पनि नन्दको घरमा जन्म लिने भविष्यबाणी देवीले नै गर्नुभएको कुराको एकरूपता पाइएकाले त्यो ध्यान विन्ध्यवासिनीको नै भएको हुनसक्ने भयो । तदनुसार **विन्ध्यवासिनी=नन्दा=नन्दजा**को कान्ति उत्तम सुवर्णको जस्तो छ। उनको वस्त्र सुनौलो रङ्गको अत्यन्त सुन्दर छ। उनको वर्ण पनि सुनकै जस्तो छ। सुनकै गहना उनले लगाएकी छिन् । उनका चार हात छन् र तिनमा कमल, अङ्कुश, पाश र शङ्ख छन् । (वर्तमान विन्ध्यवासिनीको स्वरूप, ध्यान, मन्त्र उक्त ध्यानमा केही फरक देखिने हुँदा यो विचारणीय छ ।)

**रक्तदन्तिका** – उनको रातो वस्त्र छ र रातै वर्ण, रातै गहनाहरू र रातै हतियारहरू छन् । उनका शरीरका सम्पूर्ण अङ्ग प्रत्यङ्ग पनि रातै छन् । खड्ग, सुरापात्र, मुसल, हलो आफ्ना हातमा धारण गरेकी छिन् ।

**शताक्षी** – उनको ध्यान त्यहाँ छैन, तर यिनी इन्द्राक्षीका नामले प्रसिद्ध भएको अन्यत्र वर्णन गरिन्छ । सम्पूर्ण राजकीय ऐश्वर्यप्राप्तिका लागि यिनको राजोपचारले पूजा, उपासना गरिन्छ ।

**शाकम्भरी** – शाकम्भरीको नीलो वर्ण छ । नीला कमलजस्ता उनका आँखा छन् । उनी कमलमा निवास गर्दछिन् । हातमा बाणले भरिएको मुठ्ठी, कमल, सागको समूह र प्रकाशमान धनुष छन् । यिनैलाई शाकम्भरी, शताक्षी र दुर्गाका नामले उपासना गरिन्छ ।

**दुर्गा** – दुर्गम नाग गरेका दानवलाई नाश गर्ने हुनाले यिनको नाम दुर्गा रहन गएको हो । संसारमा जन्मने प्रत्येक प्राणीलाई नमरुञ्जेलसम्म अनेकौं दुःख, कष्टहरू आइपर्छन् र उनीहरूले त्यसलाई भोग्नुपर्छ । त्यो वस्तुतः दुर्गमासुर दानवले स्वभावतः दिने हो । जसले दुर्गाको उपासना गर्दछ उसलाई कुनै कष्ट पर्दैन र

दुर्गाका कृपाले उनका भक्तले सबै किसिमका विपत्तिमाथि विजय पाउँदछ भन्ने यसको अभिप्राय हो ।

**भीमा** – भीम रूप धारण गरेर राक्षसहरूलाई नष्ट गरेर मुनिहरूको रक्षा गर्ने हुनाले यिनको नाम नै भीमादेवी रहन गएको हो । यिनको वर्ण नीलो छ । यिनका हातमा तरबार, डमरु, शिर र पात्र छन् । यिनैलाई एकवीरा, कालरात्रि, कामदा आदि नामले उपासना गरिन्छ ।

**भ्रामरी** – अरुणनामक दानवले जगत्मा उपद्रव मच्चाएर दुःख दिँदा देवीले असंख्य भवँराको रूपले दानवको वध गरेको हुँदा त्रिलोकको रक्षा गर्ने देवीको यस रूपलाई भ्रामरी भनिन्छ । यिनको कान्ति रङ्गी बिरङ्गी छ ।

वास्तवमा भगवती अम्बिका त परब्रह्मरूपा छिन् । उनलाई **त्वमेका परब्रह्मरूपेण सिद्धा** भनिन्छ । ब्रह्ममा नाम, रूप नभए पनि साधकका कल्याणका लागि, उपासनामा सुविधा होस् भनेर नाम, रूपको व्यपदेश गरिन्छ । जसको जुन स्वरूपले जुन नामले उपासना गरिए तापनि सारा नदीनालाको जल समुद्रमा पुग्ने र त्यहाँ पुगेपछि सागर बनेर सबैको नामरूप त्यहाँ बिलाएझैं सबै पूजा, उपासना ब्रह्मकै उपासना बन्दछ र ब्रह्मप्राप्तिकै कारण बन्दछ । यो तन्त्रशास्त्रको मर्म हो ।

**३ साधना विधि**

शिवले स्वयं भन्नुभएको छ– सप्तशतीको सम्पूर्ण तत्त्व ममात्र जान्दछु, श्रीहरि तीन खण्डमात्र जान्दछन्, ब्रह्मा त आधा(दुई खण्ड)मात्र जान्दछन् । एक खण्ड मात्र जान्ने व्यास छन्, अरु गुरुजनले करोडौंको एक अंशमात्र जान्दछन् । यो कुरा मेरुतन्त्रमा उल्लिखित छ । तापनि भन्याङ्गको पहिलो खुड्किलो नै भए पनि त्यो पूर्णतातिर बढ्ने प्रारम्भजस्तै यहाँ केही विधि बताउने प्रयास गरिन्छ ।

**३.१ चण्डीपाठको विनियोग**

चण्डीमा तीन चरित्रहरू छन् । प्रथम, द्वितीय र तृतीय ।

प्रथम चरित्रका ऋषि ब्रह्मा, छन्द गायत्री, महाकाली देवता, बीज वाग्भव, तत्त्व अग्नि, धर्मका निमित्त विनियोग गरिन्छ । मध्यम चरित्रका ऋषि विष्णु, छन्द उष्णिग्, देवता महालक्ष्मी, बीज उमा(लज्जा), तत्त्व वायु, धनप्राप्तिका लागि विनियोग गरिन्छ । उत्तर चरित्रका ऋषि शिव, छन्द त्रिष्टुप्, देवता महासरस्वती, बीज काम, तत्त्व सूर्य, कामप्रप्तिका लागि विनियोग गरिन्छ ।

**३.२ न्यास**

न्यासको अर्थ राख्नु, भावना राख्नु, धारण गर्नु, स्थापना गर्नु हुन्छ । **देवो**

**भूत्वा देवं यजेत्** अर्थात् स्वयं देवताको पूजा गर्नु भन्ने मन्त्रको निर्देशबमोजिम न्यास स्वयं देवतामय बन्ने प्रक्रिया हो । प्राणायामद्वारा पापपुरुषलाई हटाएर शुद्ध र स्वच्छ भएको देहमा सम्पूर्ण देवताहरूको स्थापना गर्नु नै न्यास हो । न्यासका धेरै भेद छन् । सबैभन्दा मुख्य सजिलो र संक्षिप्त न्यास षडङ्गन्यास हो । षडङ्गन्यासभित्र अंगुली न्यास र हृदयादिन्यास पर्दछन् ।

- अंगुलीन्यास– बूढी, चोर, माझी, साहिँली र कान्छी पाँच औँलाहरू र हत्केलाको मूल र पछाडि छ स्थानमा गरिन्छ ।
- हृदयादिन्यास– हृदय, शिर, शिखा, कवच(दुई बाहु), तीन नेत्र (दुई आँखा र निधारको बीच) र अस्त्र छ स्थानमा गरिन्छ ।

चण्डीपाठको अगाडि र पछाडि यो षडङ्गन्यास नवार्णमन्त्रले गर्नुपर्ने विधान छ–

**नवार्णमन्त्रवर्णैस्तु षडङ्गन्यासमाचरेत्** –बृहत्पुरश्चर्यार्णव ।

३.२ मेरुतन्त्रमा चामुण्डाको महामन्त्र नवार्णमन्त्रको जप गर्दा त्यसभन्दा अगाडि र पछाडि गर्नुपर्ने एघार प्रकारका न्यासको वर्णन गरिएको छ । ती हुन्- मातृकान्यास, सारस्वतन्यास, मातृगणन्यास, नन्दजादि समन्वितन्यास, ब्रह्मादिन्यास, महालक्ष्मी आदि समन्त्रित न्यास, मूलाक्षरन्यास, मन्त्र व्याप्तिस्वरूप न्यास, षडङ्गन्यास, चण्डीका मन्त्रबाट गरिने अङ्गन्यास । यी सबै न्यासहरूको पृथक्-पृथक् फल रहेको बताइएको छ । यीमध्ये सबैभन्दा महत्त्वपूर्ण छ -षोढान्यास । यसअन्तर्गत गणेश, ग्रह, नक्षत्र, योगिनी, राशि र पीठका न्यास पर्दछन् ।

**षोढा न्यास गरी मात्र पूजा गर्ने सुसाधक ।**
**स्वयं पूज्य हुने गर्छ शिवसायुज्य पाउँछ ॥**
**षोढा न्यास सदा गर्ने जहाँ बस्दछ साधक ।**
**त्यो पुण्यक्षेत्र नै बन्दछ देवता बस्तछन् त्यहीं ॥**
**देख्नासाथ सूर्यलाई अन्धकार हराउँछ ।**
**षोढान्यास सधैं गर्दा पापराशि हराउँछ ॥**

-अक्षमालातन्त्र ७/४-६

**४. पाठ गर्ने विधि**

- चण्डी पाठ गर्दा पुस्तकलाई आधारमा स्थापित गर्नुपर्दछ । हातमा लिएर पाठ गर्दा ज्यादै थोरै फल पाइन्छ ।
- अध्याय पूरा नहुञ्जेलसम्म बीचमा पाठ रोक्न हुँदैन । रोकियो भने फेरि अध्यायको सुरुदेखि पाठ गर्नुपर्दछ ।

- बिस्तारै बिस्तारै पाठ गर्नुपर्दछ, उच्चस्वरमा पाठ गर्नुहुँदैन ।
- पुस्तकमा हेरर मात्र पाठ गर्नुपर्छ, कण्ठ आउँछ भन्दैमा पुस्तकविना पाठ गर्नु हुँदैन ।
- शुद्ध र स्थिर चित्तले पाठ गर्नुपर्दछ ।
- पाठ गर्दा गीत गाएजस्तो गर्नुहुँदैन ।
- पाठ गर्दा टाउको हल्लाउने, शरीर हल्लाउने, आसन बदल्ने आदि गर्नुहुँदैन ।
- अध्यायका आरम्भमा अथ र अन्त्यमा इति एवं पुष्पिका वाक्यको अध्यायः भन्नु हुँदैन । पूर्ण देवीमाहात्म्य एउटै अखण्ड हो । विच्छेद छैन भन्ने भाव राख्नुपर्दछ ।
- वर्ण, अक्षर स्पष्ट उच्चारण गरेर सकेसम्म अर्थसमेत बुझेर पाठ गर्नुपर्दछ ।
- आफूले नै लेखेको पुस्तकबाट पाठ नगरी सात्त्विक ब्राह्मण, सौभाग्यवती नारी वा कुमारीले लेखेका पुस्तकबाट पाठ गर्नुपर्दछ ।

**५. पाठक्रम**

५.१ चण्डी पाठ गर्ने क्रमको वर्णन गर्दै हादिमतमा भनिन्छ–

**अर्गलं कीलकं चादौ पठित्वा कवचं पठेत् ।**
**अर्गलं हृदये यस्य तथा नार्गलवानसि ॥**
**कीलकं हृदये यस्य नाकीलितमनोरथः ।**
**कवचं हृदये यस्य सवज्रं कवची सुखी ॥**

चण्डी पाठ गर्दा पहिले अर्गला, त्यसपछि कीलक र कवच पाठ गर्नुपर्छ भन्ने हादिमतको निर्देश हो । तर,

**जपेत्सप्तशतीं चण्डीं कृत्वा तु कवचं पुरा ।**
**कवचं बीजमादिष्टमर्गला शरिक्तरिष्यते ।**
**कीलकं कीलकं प्राहुः सप्तशत्या महामनोः ॥**

यस वचनद्वारा पहिले कवच, अनि अर्गला र त्यसपछि कवच पाठ गर्ने र त्यसपछि सप्तशती पाठ गर्ने विधानलाई विद्वान्हरूले मानेको देखिन्छ । यही परम्परा पनि प्रायः प्रचलनमा रहेको पाइन्छ ।

**५.२ चण्डी पाठको समग्र क्रम–**

क. आचमन, प्राणायाम, न्यास, सङ्कल्प, पुस्तक पूजन

ख. शापोद्धार, उत्कीलन मन्त्रजप

ग. विनियोगसहित कवच, अर्गला, कीलक पाठ

घ. विनियोगसहित वेदोक्त र तन्त्रोक्त रात्रिसूक्त पाठ

ङ. ऋष्यादिन्यास, दिङ्न्यास, ध्यान, नवार्ण मन्त्र जप, सप्तशती न्यास र ध्यान

च. विनियोगसहित विधिपूर्वक चण्डीपाठ

छ. विनियोगसहित न्यास, ध्यान, नवार्ण मन्त्रजप र समर्पण

ज. विनियोगसहित देवीसूक्त(वैदिक र तान्त्रिक) पाठ, प्राधानिक, वैकृतिक र मूर्तिरहस्य पाठ एवं क्षमाप्रार्थना आदि ।

**६. प्रयोग**

**६.१ चण्डीपाठको फल**

कृष्णपक्षको अष्टमीदेखि कृष्णपक्षकै चतुर्दशीसम्म एक-एक आवृत्ति बढाउँदै गएर चण्डी पाठ गरेमा पुरश्चरण हुन्छ र यसमा खीरले प्रत्येक मन्त्रको उच्चारण गर्दै हवनसमेत गर्नु आवश्यक हुन्छ । यसबाट मन्त्रसिद्धि भएर देवीको प्रसादले सम्पूर्ण कामनाहरू सिद्ध हुन्छन् ।

यसैगरी नवरात्रमा प्रथम दिन एक आवृत्ति पाठ गरेर नौ दिनसम्म एक-एक आवृत्ति बढाउँदै लगे नवौं दिन नौ आवृत्ति चण्डी पाठ गरी, प्रतिदिन नवार्णमन्त्रको एक-एक हजार जप, दशांश हवन, तर्पण, ब्राह्मण भोजन आदि विधिपूर्वक कर्म गरेमा मन्त्रसिद्धि भए वाक्सिद्धि, कर्मसिद्धि, मनोरथ सिद्धि हुन्छ । चण्डीका पाठका साथै ती मन्त्रहरूले हवन गर्नुपर्ने हवनका सामग्री र संख्याका भेदले फल पनि भिन्न-भिन्न हुन्छन् ।

चण्डीको गायत्री पनि छ, यजुर्वेदमा यसको उल्लेख गरिएको छ–

**कात्यायनाय विद्महे कन्याकुमारि धीमहि तन्नो दुर्गिः प्रचोदयात्**

कात्यायनतन्त्रमा यसका केही प्रयोग छन् । गाईको घिउको तेह्रवटा बत्ती बालेर प्रत्येक बत्तीमा देवतालाई आवाहन गर्दै चण्डीका मन्त्रले देवताको पूजा गर्ने, हवन, गर्ने, मन्त्रजप गर्ने विधानहरू त्यहाँ वर्णित छन् । कामनाका भिन्नताले चढाउने पुष्पहरू पनि भिन्न-भिन्न हुने कुराको पनि त्यहाँ उल्लेख गरिएको छ । यस्तै चण्डीका मन्त्रहरूले विविध कामनाले तर्पण गर्ने विधानहरू पनि पाइन्छन् ।

६.२ चण्डीका प्रत्येक मन्त्रहरूलाई चण्डीकै खास मन्त्रहरूले पुटित अथवा संपुटित गरी पाठ गरेमा विभिन्न कामनाको पूर्ति हुने कुरा पनि विभिन्न तन्त्रमा उल्लेख भएको पाइन्छ । यतिमात्र नभएर माथि बताइएअनुसार चण्डीमा सातसय मन्त्र भएकाले सातै सय प्रयोग हुन सक्दछन् । सबका भिन्न-भिन्न फलहरू छन् । यसका

निमित्त संबद्ध ग्रन्थको सहायता लिनु आवश्यक छ ।

**६.३ नवार्ण मन्त्रको साधना**

चामुण्डाको महामन्त्र जसलाई नवार्णमन्त्र= नौ अक्षरको मन्त्र भनिन्छ । त्यसको अगाडि र पछाडि प्रणव पनि लगाइन्छ । यसको साधनाले भुक्ति र मुक्ति दुबै सिद्ध हुन्छ । यसैको साधनाले सुरथ राजाले निष्कण्टक राज्य र समाधि वैश्यले ज्ञान प्राप्त गरे । यो मन्त्र आफैंमा नै नवदुर्गात्मक छ ।

क. यस मन्त्रका ऋषि ब्रह्मा, विष्णु र महेश हुन् । छन्द गायत्री, उष्णिक् र अनुष्टुप् हुन् । देवी महाकाली, महालक्ष्मी र महासरस्वती हुन् । शक्ति नन्दा, शाकम्भरी र भीमादेवी हुन् । बीज बाग्भव, लज्जा र काम वा दुर्गा भ्रामरी र रक्तदन्तिका हुन्, तत्त्व अग्नि, वायु र सूर्य हुन् । यिनीहरूको इष्टसिद्धिका निमित्त विनियोग हुन्छ ।

ख. त्यसपछि मातृका न्यास, सारस्वत न्यास, मातृका गणन्यास, नन्दाजादिसमन्वित न्यास, ब्रह्मादि न्यास, महालक्ष्मी आदि न्यास, मूलाक्षर न्यास, अन्यत्र गरिने त्यही न्यास, मन्त्रव्याप्ति न्यास, षडङ्ग न्यास, चण्डी मन्त्र न्यास यी एघार न्यास गरिन्छ ।

ग. त्यसपछि महाकाली, महालक्ष्मी र महासरस्वती देवताका स्वरूपको ध्यान हुन्छ । ध्यान पहिले नै उल्लेख गरिसकिएको छ ।

घ. अनि नवार्ण मन्त्रको चारलाख जप गरिन्छ ।

ङ. त्यसपछि त्यसको दशांश चालिस हजार हवन गरिन्छ । त्यसैगरी दशांश तर्पण पनि हुन्छ ।

च. त्यसपछि वृत्त, त्रिकोण, षट्कोण र अष्टदल भएको यन्त्र बनाएर त्यसमा त्रिकोणमा ब्रह्मा, विष्णु र शिवको, षट्कोणमा नन्दजा, रक्तदन्तिका, शाकम्भरी, दुर्गा, भीमादेवी र भ्रामरीको, अष्टदलमा ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, वाराही, इन्द्राणी, चामुण्डा र नारसिंहीको, त्यसमा बाहिर चौबीस शक्ति– विष्णुमाया, चेतना, बुद्धि, निद्रा, क्षुधा, छाया, शक्ति, परा, तृष्णा, क्षान्ति, जाति, लज्जा, शान्ति, श्रद्धा, कान्ति, लक्ष्मी, धृति, वृत्ति, स्मृति, दया, तुष्टि, पुष्टि र मुक्तिको, मयूरमा गणेश, क्षेत्रपाल, वटुक र योगिनीहरूको, त्यसभन्दा पनि बाहिर तिनका आयुधहरूको पनि पूजा हुन्छ ।

छ. मूलमन्त्र नवार्णले पुटित मार्कण्डेय पुराणोक्त चण्डीको पाठ क्रमैले विधिपूर्वक हुन्छ । यस पूजाको विशिष्ट महत्त्व रहेको छ । यसबाट इच्छासिद्धि निश्चित हुन्छ । कलिमा चण्डीजस्तो सिद्धिदायिका अर्को केही पनि छैन । यसको साधना वाम अथवा दक्षिण दुबै मार्गले हुन सक्दछ, दुबैबाट यथोक्त फल प्राप्ति हुन सक्दछ ।

भाद्र शुक्ल अष्टमीदेखि आश्विन कृष्ण अष्टमीसम्म एक लाख मन्त्र जपेर हवन गर्ने, पूजा गर्ने, चण्डी पाठ गर्ने विशिष्ट विधानको बेग्लै विशिष्ट फल छ।

विशेषतः चण्डीका मन्त्र पाठका विधिहरू, यिनका प्रयोग, यिनका फल अनन्त छन्, विशेष जिज्ञासुहरूले सम्बद्ध ग्रन्थबाट, गुरुजनबाट सिक्नुपर्ने जान्नुपर्ने हुन्छ। दुर्गासप्तशतीका दुर्गाप्रदीप, गुप्तवती, चतुर्धरी, शान्तनवी, नागेशी मही, जगच्चन्द्रचन्द्रिका, दंशोद्धार टीकाहरू, मेरुतन्त्र, तन्त्रचिन्तामणि, कात्यायनीतन्त्र, बृहत्पुरश्चर्यार्णव आदि ग्रन्थहरू विशेषरूपले यसमा सहायक हुन सक्दछन्।

६.४ चण्डीका मन्त्रहरूको प्रयोगका प्रसङ्गमा नवचण्डी(नौ आवृत्ति), शतचण्डी (सय आवृत्ति), सहस्रचण्डी(हजार आवृत्ति), लक्षचण्डी(लाख आवृत्ति), अयुतचण्डी (दशलाख आवृत्ति) गर्ने पनि विधि-विधानको उल्लेख तन्त्र र पुराणहरूमा पाइन्छ।

प्रतिपदादेखि आरम्भ गरेर नवमीसम्म, कृष्णपक्षको अष्टमीदेखि आरम्भ गरेर चतुर्दशीसम्म वा अरु बेला पनि श्रद्धा भएको समयमा नवचण्डी यज्ञ सम्पन्न गरिन्छ। यसबाट धेरै कामना सिद्ध हुने फल पाइन्छ।

शतचण्डी– राजोपद्रव आयो भने, दुर्भिक्ष भूकम्प, अतिवृष्टि, अनावृष्टि आदि ठूला-ठूला विपत्तिको शमनका निमित्त गर्नुपर्दछ।

**चतुवर्गफलावाप्तिकारणं रिपुनाशनम्।**
**चण्डीशतावृत्तिसमं नास्ति यज्ञं वरानने॥**

**–वाराहीतन्त्र, उद्चण्डीभक्तिविनोदिनी**

सहस्रचण्डी– ज्यादै ठूलो विपत्ति राज्यमा आइपऱ्यो भने, ठूलो उत्पात शमनका लागि सहस्र आवृत्ति चण्डी पाठको विधान गरिएको छ। यो विधान जो पायो उसले गर्न सक्दैन। राजकीय स्तरमा ठूलो साधन अनि स्रोतबाट मात्र यो सम्पन्न हुन सक्दछ। यसको फल पनि अनन्त छ।

६.५ कुनै पनि शक्तिपूजन कुमारी पूजनविना पूर्ण हुँदैन। त्यसमा पनि चण्डी यज्ञमा झन् यसको विशिष्ट महत्त्व छ र यो अनिवार्य नै छ। दुई वर्षदेखि दश वर्षसम्मकी नौ कुमारीको पूजन यसमा आवश्यक हुन्छ। नौ कुमारीहरूका नाम त्रिमूर्ति, कल्याणी, रोहिणी, कालिका, चण्डिका, शाम्भवती, दुर्गा र सुभद्रा हो। कुमारीको पूजनले सम्पूर्ण कर्म सिद्ध गर्दछ। कुमारी हाँस्दा, प्रसन्न हुँदा कार्यसिद्धि र रिसाउँदा, रुँदा कार्यको हानि हुन्छ भनिएको छ। अतः कुमारीपूजन अनिवार्य विधान हो।

६.६ कुमारी पूजनका साथै एउटी अथवा नौवटी सुवासिनी सधवा स्त्रीको पनि

नौ दुर्गाको रूपमा पूजा गर्ने र वटुकको पनि त्यसमा पूजा हुने विधान पाइन्छ। वटुक देवीका पुत्र मानिने हुँदा देवीको तन्त्रिक पूजा हुँदा वटुकको पनि पूजन हुनु आवश्यक मानिन्छ।

**चण्डीको ज्ञानपक्ष**

चण्डीमा देवी भगवतीलाई अनादि प्रसिद्धा वैष्णवी माया, सम्पूर्ण ऐश्वर्यले युक्त, आफ्नै इच्छाले अनेकौँ लीला गर्ने, ठूला-ठूला ज्ञानीका पनि चित्तलाई आफ्ना शक्तिद्वारा बलात् तानेर मोहमा = सांसारिक ममत्वका अधीनमा फँसाइदिने प्रबल शक्ति मानिएको छ। सांसारिक बन्धन र मोक्ष दुबैको कारण अनि संसारको सृष्टि, पालन र संहारको हेतु पनि उनैलाई मानिएको छ। देवी स्वयं नित्य छिन् अर्थात् उनको जन्म र मरण हुँदैन। देवताको कार्यसिद्धिका निमित्त जब आविर्भाव हुन्छ, त्यसबेला नै उनको उत्पति भयो भन्ने गरिन्छ। उनी त जगत्कै मूर्ति हुन् अर्थात् जगत् नै उनको विराट् विग्रह हो। विश्वभरि नै उनी व्यापक छिन् अथवा भनौँ जगत्कै आश्रयभूत शक्ति उनै हुन्।

स्वयं देवताहरूले देवी भगवतीलाई योगनिद्रा, विश्वकै ईश्वरी, जगत्कै पालन, पोषण गर्ने र संहारसमेत गर्ने, अक्षर, नित्य, ध्रुव, शाश्वत, देवतालाई तृप्त गराउने स्वाहा र पितृहरूलाई तृप्त गराउने स्वधा, ब्राह्मी, लक्ष्मी, इन्द्राणीका रूपमा स्तुति गर्दछन्। देवी त्रिमात्रात्मिका(तीन प्रकारको मात्रा उनको स्वरूप भएकी) हुन् अर्थात् देवी उदात्त, अनुदात्त र स्वरित, ह्रश्व, दीर्घ र प्लुत, व्यक्त, अव्यक्त र चिच्छक्ति, अकार, उकार र मकाररूपा हुन्। त्यतिमात्र होइन उनी त उपचय, अपचय र परिणामहीन सत्तामात्र, प्रणवको पनि माथि शिरोमार्गमा रहेको उर्ध्वमात्रा शिरोविन्दु परब्रह्म नै हुन् भन्ने तात्पर्यका साथ देवताले उनको स्तुति गर्दछन्। यस स्तुतिमा देवी अर्धमात्रामा रहेकी उच्चारण गर्नै नसकिने नित्या शक्ति हुन् भने कुरा विशेषरूपमा वर्णन गरिएको देखिन्छ। किं बहुना देवी सत्, असत् अथवा समस्त वस्तुविशेषमा रहेको शक्ति परा, अपरा अथवा परमा ब्रह्मरूपा हुन्।

**प्रा.डा.विद्यानाथ भट्ट**
काठमाडौँ

# पुरोवाक्

## पीठिका

श्रीदुर्गासप्तशती र देवीउपासनाको प्रसङ्ग आउनेबित्तिकै यससंबन्धमा प्रायः केही जिज्ञासाहरू उठ्ने गर्दछन् । शक्ति-उपासना मोक्षपरक हो कि होइन? मायाशक्ति उपास्य हो या होइन? विष्णु शिव आदि देवताहरूको उपासनाबाट नै शक्ति-उपासना गतार्थ हुन्छ या हुँदैन? आदि । यस संबन्धमा रहेका भ्रमहरूलाई यथाशक्य निराकरण गर्नु र देवी-उपासना मोक्षपरक र उपनिषत्सम्मत भएको प्रतिपादन गर्नु आवश्यक हुन्छ ।

## सप्तशती मोक्षशास्त्र हो

पूर्वीय अध्यात्म दर्शनमा मोक्षशास्त्र भनेर उपनिषद्लाई नै लिने गरिन्छ । वेदको अन्त अर्थात् तात्पर्यनिर्णय गर्ने शास्त्र भएकाले यसैलाई वेदान्त भनिन्छ । उपनिषद्कै अर्थलाई विवेचन विश्लेषण गरिएका गीता एवं ब्रह्मसूत्रलाई पनि वेदान्तको प्रस्थानको रूपमा मानिएको छ । उपनिषत्प्रतिपाद्य अद्वितीय ब्रह्मवस्तुको निरूपण गर्ने, स्वरूपसाक्षात्कारबाट मुक्तिको प्रतिपादन गर्ने र तत्संबन्धी साधनप्रक्रियाको समेत निर्देशन गर्ने सबै शास्त्रहरू वेदान्तशास्त्र नै हुन् । श्रीदुर्गासप्तशतीभित्र यी सबै तत्त्वहरूको अनुशीलन गर्नु आवश्यक देखिन्छ ।

भगवतीको उपासनाद्वारा मोक्ष प्राप्त गर्नेहरूमध्ये एउटा दृष्टान्त समाधि वैश्य नै हुन् । जसको प्रसङ्ग ग्रन्थमा नै आएको छ । हिमालमा गई देवताहरूले स्तुति गरेको देवीसूक्तका मन्त्रहरूलाई जपी भगवतीको दर्शन पाएका यिनले भगवतीबाट संसारबन्धनलाई छुटाइदिने तत्त्वज्ञान वरमा मागे । विवेक, वैराग्य आदि साधनले सम्पन्न भएका यिनलाई वर दिँदै भगवतीले भन्नुभयो– **संसिद्ध्यै तव ज्ञानं भविष्यति** अर्थात् तिमीलाई मोक्षको प्रयोजक तत्त्वज्ञान हुनेछ । वेदमा बताइएअनुसार **तमेव विदित्वाऽतिमृत्युमेति** अर्थात् देवतत्त्वलाई अपरोक्षरूपमा जानेर मात्र मोक्ष हुन सक्छ । यसको मतलब समाधिले भगवतीबाट वर पाएको ज्ञान भनेको भगवतीस्वरूपको अपरोक्षज्ञान नै हो, जसलाई वेदान्तमा जीव र ब्रह्मको एकताको साक्षात्कार भन्ने गरिन्छ । यसरी चित्त शुद्ध भएका अधिकारीहरूले भगवतीको उपासनबाट ज्ञान प्राप्त गर्ने कुरा स्वतः स्पष्ट छ । गीतामा भगवान्ले ममा नै मन, प्राण अर्पण गरी मेरै स्मरण, कीर्तन गर्दै निरन्तर ममा समर्पित हुने अनन्य भक्तहरूको अज्ञानरूपी

अन्धकारलाई म आफैँ नष्ट गरिदिन्छु(श्रीमद्भ.गी.१०/११) भनी बताउनुभएको छ । इष्टभक्तिद्वारा तत्त्वज्ञान प्राप्त गर्ने यही रहस्य दुर्गासप्तशतीको पनि मूल मर्म हो । हृदयभित्र साक्षी आत्माको रूपमा रहने प्रत्यक्चैतन्यरूपा भगवती प्रसन्न भई आफ्नो उपासकका लागि अनावृत अपरोक्षरूपमा प्रकट हुनु असम्भव होइन । श्रवण, मनन, निदिध्यासनबाट मुमुक्षुले ज्ञान प्राप्त गर्नु भनेको पनि उसको आत्माभिमुख अन्तर्वृत्तिमा आत्मचैतन्य प्रकाशित हुनु नै हो । भक्तका लागि भगवती पनि ब्रह्मरूपिणी चित्शक्ति भएकीले भक्तिबाट निरन्तर अन्तर्मुख उसको चित्तवृत्तिमा भगवतीतत्त्वको प्रकाश हुनु नै अपरोक्षज्ञान हो । यसरी भगवतीको उपासना मोक्षपरक भएको स्पष्ट हुन्छ। भगवतीको स्वरूप बताउने क्रममा प्रथमचरित्रमा उहाँलाई विष्णुकी मोहशक्ति, योगनिद्रा, महामाया आदि भनिएको छ । अनि अन्तमा सुरथ राजा र समाधि वैश्यलाई सम्बोधित गर्दै ऋषिले यिनै विष्णुमायाबाट तिमीहरूजस्ता सबै प्राणीहरू मोहित हुन्छन् भनी बताउनुभएको छ । यसबाट विद्वान्हरूलाई पनि केही भ्रम पर्न गएको देखिन्छ । माया-अविद्याको उपासना हुन सक्दैन किनभने त्यो तामस, अविवेकरूप र मोहात्मक छ । यसको कार्य सच्चिदानन्दरूप अद्वितीय आत्मतत्त्वमा असत्, जड र दुःखरूप जगत्को प्रतीति गराइदिनु, जीवहरूलाई अज्ञानले ढाकी संसारचक्रमा घुमाइदिनु आदि हो । **अन्धन्तमः प्रविशन्ति येऽविद्यामुपासते**(ईशा.उ.९) अर्थात् अविद्याको उपासना गर्नेहरू घोर अन्धकार अज्ञानमय संसारबन्धनमा पर्दछन् । वेदान्तअनुसार यो मायाशक्ति सदसत् दुवै भन्न नसकिने अनिर्वचनीय छ। त्रिगुणात्मक प्रकृतिको रूपमा यसैले औपाधिक रूपले ब्रह्मलाई जगत्प्रपञ्चको स्रष्टा, पालयिता र संहर्ता बताउँछ । यो ब्रह्मभन्दा अतिरिक्त सत्ता नभएको भावरूप शक्ति हो तर भक्तहरूले उपासना गरिने भगवती भने माया नभई स्वयं ब्रह्मरूपिणी हुनुहुन्छ ।

दुर्गासप्तशतीमा बताइएअनुसार जगद्रूपिणी भगवती नित्या एवं सर्वव्यापी हुनुहुन्छ, तर पनि उहाँको कहिलेकाहीँ हुने विशेष प्रादुर्भावलाई लिएर उहाँका अनेक अवतार र रूपभेदहरू छन्(१/६४-६५) । देवताहरूले स्तुति गरेअनुसार भगवतीले आफ्नो आत्मशक्तिद्वारा नै सम्पूर्ण जगत्लाई व्याप्त गर्नुहुन्छ र सर्वजगद्वन्द्या यी देवीको महिमालाई ब्रह्मा, विष्णु र महेशले समेत जान्न सक्दैनन् (४/३-४) । भगवतीले सम्पूर्ण जगत्लाई व्याप्त गर्नु भनेको चैतन्यरूपताद्वारा सबैभित्र अन्तर्यामी रूपमा समाविष्ट हुनु हो । त्यसैले चित्शक्तिरूपिणी यी देवीलाई नै सम्पूर्ण प्राणीहरूका इन्द्रियवर्गकी अधिष्ठात्री भनिएको छ(५/७७-७८)।

भगवती नै जगत्की आधार अधिष्ठान हुनुहुन्छ(११/४) र ब्रह्माजीले स्तुति गरे अनुसार त सृष्टिरूपा, स्थितिरूपा र संहाररूपा भगवती नै हुनुहुन्छ(१/७६) । यी सबै प्रतिपादनहरूलाई हेर्दा भगवती सम्पूर्ण जगत्की एकमात्र अधिष्ठान अद्वितीय ब्रह्मरूपिणी नै हुनुहुन्छ । देव्यथर्वशीर्षमा भगवतीले बताएअनुसार अहं **बह्मस्वरूपिणी** अर्थात् भगवती ब्रह्मरूपिणी हुनुहुन्छ। यहाँ रहस्यको कुरा के छ भने भगवती एकमात्र अद्वितीय तत्त्व भएकीले जगत्मा भ्रमवशात् कल्पित भएका जति पनि वस्तुसत्ताहरू छन्, ती सबै भगवती नै हुनुहुन्छ। रज्जुसर्पभ्रम हुँदा नजानिएको डोरी नै सर्पको रूपमा कल्पित भएको हो, यसैगरी जीवको अज्ञानवशात् भगवती नै संसारका सत् असत् भनिने जुनसुकै पदार्थको रूपमा बन्नुभएको हो । **यच्च किञ्चित् क्वचिद्वस्तु सदसद्वाखिलात्मके**(१/८२) । त्यसैले सर्वरूपिणी भगवतीलाई माया, भ्रान्ति, मोहशक्ति आदि रूपमा पनि बताइएको हो । **मत्तः प्रकृतिपुरुषात्मकं जगत्** अर्थात् ब्रह्मरूपिणी भगवतीबाट नै प्रकृति र पुरुष अनि सम्पूर्ण जगत् प्रकट भएको हो । यसरी भगवतीलाई सर्वरूपिणी बताउनुले उहाँको स्वरूपलाई हानि गर्ने नभई ब्रह्मविवर्तवादलाई नै पुष्टि गर्दछ।

## ब्रह्म र ब्रह्मशक्ति

शास्त्रहरूमा भगवतीलाई ब्रह्मशक्तिको रूपमा बताइएको पाइन्छ । यसको अर्थ ब्रह्ममा रहने शक्ति नभई ब्रह्मस्वरूपिणी शक्ति भन्ने हुन्छ। भगवत्पाद श्रीशङ्कराचार्य भन्नुहुन्छ– **तुरीया कापि त्वं दुरधिगमनिःसीममहिमा। महामाया विश्वं भ्रमयसि परब्रह्ममहिषी** अर्थात् हे परब्रह्मशक्ति ! हजुर तुरीया आत्मशक्ति हुनुहुन्छ र अनन्त महिमासम्पन्न हजुरले नै महामायाको रूपमा विश्वलाई घुमाउनुहुन्छ । यसप्रकार ब्रह्मशक्ति दुईप्रकारको रहेको छ-

१) **स्वरूपशक्ति**

२) **बहिरङ्गशक्ति**

बहिरङ्गशक्ति भनेको माया हो। त्रिगुणात्मिका प्रकृति, अद्वितीया आदिको रूपमा बताइएको यो ब्रह्मभन्दा अलग अस्तित्ववाला नभए तापनि ब्रह्मकै स्वरूपचाहिँ होइन। यो औपाधिक शक्ति हो र अद्वितीय ब्रह्ममा तद्विरोधी अनन्त द्वैतको कल्पना गर्नु यसको काम हो । यही शक्तिको आधारमा ब्रह्मतत्त्व ब्रह्मा, विष्णु र महेश्वरको रूपमा सृष्टि, स्थिति र संहार गर्दछ। जीव र ईश्वरको अभेद साक्षात्कारद्वारा यी ईश्वरनिष्ठ मायाशक्तिरूप उपाधिको नाश हुन्छ । त्यसैले यो

जडशक्ति **ब्रह्मज्ञाननाश्या** हो । भगवतीलाई शक्तिरूप भनी बताउनचाहिँ त्यो मायारूपमा नभई स्वयं ब्रह्मकै स्वरूपभूत साक्षीको रूपमा बताउनु हो ।

स्वरूपभूत शक्ति भनेको ब्रह्मको स्वरूप नै हो । ब्रह्मको स्वरूप सत्, चित् र आनन्द भएकाले सत्ता चित्ता र आनन्दरूपता नै ब्रह्मको स्वरूपभूत शक्ति हो । अद्वितीय शिवतत्त्व सत्ताविना कसरी सद्रूप हुन सक्दछ ? त्यसैगरी चिद्रूपता र आनन्दरूपताविना त्यो तत्त्व कसरी चित् र आनन्दरूप हुन सक्दछ ? यसरी स्वरूपशक्तिरूप दर्पणमा नै शिवको सच्चिदानन्दरूपता प्रकट हुने देखिन्छ । ब्रह्म र ब्रह्मशक्तिबीचको यो अभेदमा पनि भेदझैँ प्रतीत हुने सम्बन्ध तन्त्रशास्त्रको मुख्य तत्त्व हो, जसलाई शिवशक्तिको सामरस्य भनी बताइएको छ । आखिर आगो र आगोको उष्णता एकै भएझैँ ब्रह्म र ब्रह्मको स्वरूपभूत शक्ति भन्नु एउटै चीज हो । यसैले यिनलाई अभिन्न रूपमा उपासना गर्ने तन्त्रमतसँग वेदान्त दर्शनको विरोध छैन । केवल द्वैतवादी तन्त्रमतसँग मात्रै वेदान्तको बेमेल रहेको छ ।

ब्रह्मलाई ब्रह्मशक्तिको उपासना गर्ने यो उपासनाका कारण साधकहरूले निर्विशेष ब्रह्मबाट पनि मातृत्वको अगाध करुणा र स्नेहरसलाई प्राप्त गरेका छन् । आखिर निर्गुण ब्रह्मको उपासना हुन नसक्ने भएपछि यसलाई पुंस्त्वविवक्षाले परमेश्वर भन्नु र स्त्रीत्वविवक्षाले परमेश्वरी जगदम्बा भन्नु उही नै हो । अझ भावुक भक्तहरूको भनाइअनुसार त जगत्पिता परमात्मालाईभन्दा जगन्माता भगवतीलाई खुसी गराउन सजिलो र कल्याणकारी पनि छ । पिताले आफ्ना सन्ततिहरूले मागेको वस्तुमात्र प्रदान गर्छन् तर माताले चाहिँ सन्ततिका स-साना आवश्यकताहरूलाई पनि ध्यानमा राख्नुपर्छ । त्यसैले भगवतीका उपासकहरू मोक्षकै लागि प्रवृत्त भए पनि उनीहरूलाई सांसारिक भोगसमेत स्वतः प्राप्त हुन्छ- **स्त्रीसुन्दरीसेवनतत्पराणां भोगश्च मोक्षश्च करस्थ एव** । भगवतीको उपासनाद्वारा निष्कण्टक राज्य प्राप्त गर्ने राजा सुरथ र तत्त्वज्ञान प्राप्त गर्ने समाधि वैश्य दुवै यसका उत्तम उदाहरण हुन् ।

प्राधानिक रहस्यमा बताइएअनुसार सर्वजगद्बीजभूता परब्रह्मरूपा आद्या देवीले नै आफ्नो शक्ति मायाका सत्त्व, रज र तमोगुणको तीनथरी भिन्नतामा महासरस्वती, महालक्ष्मी र महाकालीको रूपमा आफूलाई प्रकाश गर्नुभयो । जगत् को सृष्टि, स्थिति र प्रलयका लागि त्रिदेवलाई उत्पन्न गर्ने क्रममा यी तीन देवीहरूले ब्रह्मा, विष्णु र महेश्वरका शक्तिका रूपमा लक्ष्मी, काली र सरस्वतीलाई उत्पन्न गराए । त्यसैले त्रिदेवका अर्धाङ्गिनी तीन शक्तिको रूपमा मात्र भगवतीलाई मान्नु उहाँको अद्वितीय ब्रह्मरूपतालाई नबुझ्नु हो । भगवती त त्रिदेवलाई जन्माउने तीन

महाशक्तिहरूकी पनि समष्टि अधीश्वरी कारण ब्रह्मरूपा हुनुहुन्छ । सप्तशतीका तीन चरित्रहरूद्वारा प्रतिपाद्य क्रमशः महाकाली, महालक्ष्मी र महासरस्वती एक-आपसमा सम्धिनी-सम्धिनी साइनोमा पर्छन् किनभने यिनीहरूका एक-अर्काका छोराछोरीहरूको एकआपसमा विवाह भएको छ र यिनीहरूको अन्योन्य सम्बन्ध अत्यन्त प्रबल रहेको पाइन्छ। तन्त्रशास्त्रमा **ऐं** यस्तो बीजमन्त्रले सत्त्वगुण, सृष्टिशक्ति र महासरस्वतीलाई बुझाउँछ, तर सप्तशतीमा प्रथम चरित्रकी नायिका महाकालीको आराधनामा **ऐं** बीजको प्रयोग गरिएको छ। त्यसैगरी **क्लीं** यस कामबीजले तमोगुण, संहारकर्त्री र महाकालीलाई बुझाउने भए तापनि सप्तशतीमा **क्लीं** बीजको प्रयोग उत्तरचरित्र नायिका महासरस्वतीको आराधनाका लागि हुन्छ। मध्यमचरित्र नायिका महालक्ष्मी महाकाली र महासरस्वतीकी पनि जननी हुनुभएकीले उहाँलाई देवी प्रणव अर्थात् **ह्रीं** बीजले नै आराधना गरिएको छ, जसले तीन गुणहरूमध्ये रजोगुण, स्थितिशक्ति र महालक्ष्मीलाई बुझाउँछ । यसरी दुर्गासप्तशती ग्रन्थ ब्रह्मशक्तिको रहस्यमय क्रीडास्थल बनेको छ।

## श्रीमद्भगवद्गीता र दुर्गासप्तशती

उपासकहरूले श्रीमद्भगवद्गीलाई जस्तै दुर्गासप्तशतीलाई पनि गीतो पनिषद् नै मानेका छन् । श्रीमद्भगवद्गीतामा सातसय श्लोकहरू छन् । त्यस्तै दुर्गासप्तशतीमा पनि सातसय नै मन्त्रहरू छन्। महाभारतको महासंग्राममा अर्जुनलाई विजयी बनाउन भगवान्बाट गीता प्रकट भएको थियो । त्यसैगरी अधिदैव लोकमा देवदानवको युद्ध हुँदा देवताहरूको अघि र अध्यात्ममा मानसिक वृत्तिहरूको परस्पर युद्ध हुँदा विजय पाउन साधकहरूको अघि यो देवीमाहात्म्यको प्रादुर्भाव हुने गर्दछ। गीता, उपनिषद् आदिमा ब्रह्मको स्वरूपलक्षण र तटस्थलक्षण बताइएजस्तै दुर्गासप्तशतीमा पनि भगवतीलाई चैतन्यरूपिणी भनी उहाँको स्वरूपलक्षण र जगत् को सृष्टि, स्थिति र संहार गर्ने भनी तटस्थलक्षण पनि बताइएको छ।

## शक्ति उपासना र नेपाल

नेपाल मुख्यतः तन्त्रप्रधान देश भएकाले यहाँ शक्तिको उपासना र त्यसको प्रधान अङ्ग दुर्गासप्तशतीको व्यापक प्रचारप्रसार रहेको छ । अरु धर्मग्रन्थ एवं शास्त्रहरू नपढ्नेले पनि कुल परम्परागतरूपमा सप्तशती उपासना गर्ने गरेको पाइन्छ। वाममार्गी तन्त्रोपासकहरूका लागि प्रधान शक्तिपीठ गुह्येश्वरी एवम् अन्यान्य

गोरखकाली, मनकामना, पाथीभरा, दक्षिणकाली, शताक्षीधाम आदि शक्तिपीठहरू रहेको यस देशका राजाहरूले खड्गसिद्धि गरेको, भगवतीसँग कुराकानी गर्ने, पाशा खेल्ने आदि गरेको कुरा इतिहासमा सुनिन्छ। भगवतीका अनेक अवतारहरूमध्ये कुन-कुन अवतार नेपालका कुन-कुन क्षेत्रमा भए भनी अनुसन्धान गर्नु आवश्यक हुँदाहुँदै पनि यिनै हिमाली उपत्यकाहरूमा हैमवती गौरीदेवीको प्राकट्य भएको गौरवगाथा कसैबाट खोजिएको छैन। शक्तिजागरणको ऊर्जाबाट देशको सामाजिक एवं आध्यात्मिक जीवनलाई उज्ज्वल पार्नु सबैको प्रधान कर्तव्य हुन आएको छ। शक्तिसाधनाको भूमिमा निर्बल, निरुद्योगी प्रजाहरूको भन्दा शक्तिसम्पन्न साधकहरूको बाहुल्य अपेक्षित छ।

**प्रस्तुत ग्रन्थको सन्दर्भ र धन्यवादज्ञापन**

यसै सन्दर्भमा नेपाली जनमानसमा दुर्गासप्तशतीको अर्थ र विशेष तात्पर्यसमेत उजागर गर्ने उद्देश्यले यस ग्रन्थको प्रकाशन हुन लागेको छ। आध्यात्मिक रहस्यहरूले भरिपूर्ण रहेको यस महास्तोत्रलाई पूर्णतः बुझ्नु र व्याख्या गर्नु असम्भव छ। तर पनि बाल्यकालदेखिकै देवीप्रतिको आस्था, दुर्गासप्तशतीप्रतिको आकर्षण र वेदान्तशास्त्राध्ययनको फलले यस कार्यमा अग्रसर भइएको छ। देवीतत्त्वलाई बुझ्न खोज्ने जिज्ञासुहरूको आकांक्षाले पनि यस महान् कर्ममा अभिप्रेरित गरेको यथार्थ हो। नेपाली भाषामा सामान्य अर्थ गरिएका पुस्तकहरू प्रकाशित भए तापनि पूजाविधि र विशेष व्याख्या विवरणले सहित भएको यस्तो ग्रन्थको प्रकाशन सायद पहिलो नै होला।

आफ्नी सानी आमा **श्रीसीतादेवी कोइराला**को पुण्य स्मृतिमा यस ग्रन्थको प्रकाशनका लागि आफ्नो उदारतापूर्ण सहयोग गर्ने **श्रीभरतराज सुवेदी** एवं **श्रीमती मञ्जु सुवेदी**लाई हृदयदेखि शुभाशीर्वाद प्रदान गर्दछु। वर्षौंको तपस्याभन्दा पनि यस महास्तोत्रको पाठ एवं प्रचारद्वारा आफू बढी प्रसन्न हुने भगवतीकै आदेशअनुसार यो कर्म उहाँका लागि सर्वोत्तम उपासना हुन गएको छ र यसबाट उहाँलाई भगवतीको कृपा अवश्य मिल्नेछ। ग्रन्थसम्पादनको गहन उत्तरदायित्व निर्वाह गर्नुहुने गुरुकुलका प्राचार्य श्री डा० गुरुप्रसाद सुवेदीज्यूलाई विशेष धन्यवाद र ग्रन्थप्रति आफ्नो अभिरुचि प्रकट गर्दै विस्तृत भूमिका र शुभाशंसाद्वारा यसलाई सम्मानित गर्नुभएका गुरुद्वयी श्रीविद्यानाथ भट्टज्यू र श्रीदीर्घराजज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। यसैगरी ग्रन्थलाई यस रूपमा निकाल्न पूर्णरूपमा खटेका मेरा प्रिय

शिष्यद्वय श्रीकेशवानन्द गिरि र ब्रह्मचारी रमाणान्दलाई हार्दिक शुभाशीर्वाद प्रदान गर्दछु । ग्रन्थप्रकाशनमा पूर्ण अभिरुचि लिने संस्थाका सदस्यसचिव श्रीमाधवप्रसाद पौडेल, यस ग्रन्थप्रति रुचि देखाउने राम ढकाल आदि स्वाध्यायी शिष्य, ग्रन्थको सुसांख्यलिपी तयार गर्ने गुरुकुलका छात्र कोमल नेपाल र अन्य विविध सहयोग गर्ने सबै छात्रवर्गहरूलाई हार्दिक धन्यवाद प्रदान गर्दछु । अन्तमा पराविद्यारूपिणी प्रत्यगभिन्न भगवतीका चैतन्यरूप चरणमा प्रस्तुत ग्रन्थलाई चढाउँदै यसबाट देवीमहिमाको प्रचार होस् भन्ने भूतभावन भगवान् श्रीविद्येश्वरसँग प्रार्थना गर्दछु ।

**डा. स्वामी रामानन्द गिरि**

आश्विन नवरात्र, २०६९ पशुपति, देवपत्तन

# प्रस्तावना

**ग्रन्थको परिचय र महत्त्व**

वैदिक सनातन धर्म र संस्कृतिका मूल वेद हुन् । वेद निखिल ज्ञानको भण्डार भए पनि वेदको मुख्य प्रतिपाद्य विषय धर्म र ब्रह्म हो । तिनै वेदप्रतिपाद्य विषयको विस्तारका लागि पुराणहरूको रचना भएको हो । पुराणसाहित्य पनि विशाल छ । जसअन्तर्गत अठार महापुराणमध्येको एक हो मार्कण्डेय महापुराण । १३००० श्लोक र १३४ अध्याय भएको मार्कण्डेयपुराणको ७८ अध्यायदेखि ९० अध्यायसम्मको भागलाई सप्तशती भनिन्छ, जो उपासना, साधना र चिन्तनका दृष्टिले सर्वाधिक महत्त्व राख्दछ । वेदमूलक सनातन संस्कृतिका अनुयायीहरूका लागि श्रीमद्भगवद्गीता जति महत्त्वपूर्ण छ त्यति नै महत्त्वपूर्ण दुर्गासप्तशती पनि छ । भगवद्गीताबाट खास गरी आध्यात्मिक वा पारलौकिक लाभ प्राप्त हुन्छ भने सप्तशतीबाट चाहिँ ऐहलौकिक र पारलौकिक दुवै लाभ समान रूपले लिन सकिन्छ। त्यसैले भनिन्छ-

**यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम् ।**

**अधिकारी विचार**

विचारपद्धतिबाट आत्मतत्त्वसाक्षात्कार गर्ने जिज्ञासु र उपासनाबाट व्यावहारिक सुखभोग प्राप्त गर्न चाहने दुवै तहका अधिकारीले सप्तशतीबाट लाभ लिन सक्छन् । सप्तशतीमा आएको प्रसङ्गअनुसार सुरथ राजा र समाधि वैश्य घरपरिवारबाट विरक्तिएर सुमेधा ऋषिकहाँ भेट भएका छन् । सुमेधाकै उपदेश अनुसार दुवैले सप्तशतीसाधना गरेका छन्, तर सुरथ राजाको मनमा विषयासक्ति निवृत्त नभएको हुनाले सप्तशतीको उपासनाबाट पनि उनलाई जन्मान्तरमा अविचल राज्यसुख प्राप्त हुने वर मिल्छ । तर समाधिचाहिँ विषयाशाबाट निवृत्त भई निष्काम भावले उपासनामा लागेका हुनाले उनलाई अहङ्कार र ममकार नष्ट गरिदिने मोक्षकारणभूत ज्ञान प्राप्त भएको छ । त्यसैले सप्तशतीमा भोगेच्छायुक्त व्यक्ति र मुमुक्षु दुवै अधिकारी हुन्छन् ।

**प्रतिपाद्य विषय**

सप्तशतीको प्रतिपाद्य आदिशक्ति जगज्जननी दुर्गा हुनुहुन्छ । वहाँलाई पुराणहरूमा शिवानी, गणेशजननी, दुर्गा, राधा, लक्ष्मी, सरस्वती आदि नामले चिनाइएको भए पनि वहाँ नामरूपातीत हुनुहुन्छ र वस्तुतः निखिलप्रपञ्चकारणभूता सच्चिदानन्दरूपा एवं समस्त स्थिरचरप्रपञ्चलाई सत्ता, स्फूर्ति, आनन्द दिनेवाली हुनुहुन्छ । दर्पणमा प्रतिबिम्ब प्रतीत भएपनि वस्तुतः स्पर्श गर्दा दर्पणान्तर्गत दृश्यप्रपञ्च हुँदैन त्यो केवल प्रतीतिमात्र ठहरिन्छ, बिम्बमात्र बाँकी रहन्छ । त्यस्तै

परमार्थदृष्टिले हेर्दा भगवती महामायामा खडा भएको समस्त प्रपञ्च परमतत्त्वरूपा भगवतीबाहेक केही पनि होइन भन्ने सिद्ध हुन्छ ।

सम्पूर्ण प्रमेयपदार्थहरू प्रमाणगम्य हुन्छन् तर प्रमाण वा प्रमेय सबै चैतन्याश्रित हुन् । त्यही चैतन्यलाई पुंबोधक शब्दको प्रयोग गर्दा आत्मा, स्त्रीबोधक शब्दको प्रयोग गर्दा भगवती, शक्ति, देवी आदि र नपुंबोधक शब्दको प्रयोग गर्दा ब्रह्म आदि भनिन्छ । वस्तुतः वहाँ स्त्री, पुरुष र नपुंसक केही हुनुहुन्न । स्वयं अव्यक्त भए पनि वहाँ आफैं व्यक्त हुने बेला स्वाभिन्न मायाशक्तिलाई अवलम्बन गर्नुहुन्छ अनि नित्या भइकन पनि तत्तद्रूपेण प्रकट हुनुहुन्छ । यही सप्तशतीदर्शनको मूल मर्म हो । -

**नित्यैव सा जगन्मूर्तिस्तया तया सर्वमिदं ततम् ।**
**तथापि तत्समुत्पत्तिर्बहुधा श्रूयतां मम ॥**
**देवानां कार्यसिद्ध्यर्थमाविर्भवति सा यदा ।**
**उत्पन्नेति तदा लोके सा नित्याप्यभिधीयते ॥**

कहीं मायालाई जड पनि भनिएको छ तर त्यो सप्तशतीदर्शनको अनुकूल होइन । यहाँ मायालाई आदिशक्ति र जगत्कारण मानिएको छ ।

**त्वं वैष्णवी शक्तिरनन्तवीर्या विश्वस्य बीजं परमासि माया ॥**

सप्तशतीमा मायाभन्दा पनि महामायाको चर्चा बढी छ, महामाया नै श्री, ह्री, बुद्धि, लज्जा, पुष्टि, तुष्टि, शान्ति, क्षान्ति आदि विभिन्न भावको रूपमा व्याप्त हुनुहुन्छ । यतिमात्र होइन वहाँ मोहरूपा पनि हुनुहुन्छ । त्यसैले शास्त्रमा कहीं कहीं मायालाई अविद्या पनि भनिन्छ । तर मायाको पर्याय भनिने अविद्या वा अज्ञान ज्ञानाभावरूप भने होइन । भावरूप, ज्ञाननिर्वर्त्य र यस्तै हो भन्न नसकिने भएकाले वेदान्तदर्शनमा मायालाई अनिर्वचनीय पनि भनिन्छ । माया वा अविद्याको सदसद्विलक्षणत्व उपनिषद्द्वारा पनि प्रतिपादित छ- **नासदासीत् नो सदासीत्** इत्यादि । यही सदसद्विलक्षणता नै मायाको अनिर्वचनीयता हो ।

**शक्ति समर्थन**

नैयायिकहरू शक्तिलाई अतिरिक्त पदार्थ मान्दैनन् । उनीहरूको मतमा शक्ति पदार्थ हुँदैन, वह्निमा दाहकता शक्ति भएर दाह भएको भन्न नमिल्ने तर्क दिँदै उनीहरू भन्छन् दाहका लागि वह्निसँगै उत्तेजकाभावविशिष्टमण्यभाव कारण हो शक्ति होइन । धेरै तर्कहरू गर्दै उनीहरूले कुनै प्रमाणद्वारा सिद्ध नभएको हुँदा शक्ति पदार्थ हुँदैन भन्छन् तर वेदान्तीहरू वेद र वेदानुकूल तर्कको बलमा शक्तिसिद्धिमा जुटेका छन् । शक्ति स्वीकार नगरी दाहका निमित्त मण्याद्यभावलाई कारण मान्दा

कार्यकारणभाव वा उपादानोपादेयभाव नियत हुन सक्दैन । अतः शक्तिपदार्थ मान्नै पर्छ । वेदान्तमा मायाशक्ति भावरूप पदार्थ हो, जसलाई अविद्या, अज्ञान आदि नामले पनि जानिन्छ । यसको दृष्टान्तको रूपमा अन्धकारलाई अघि सारिएको छ । प्रकाशद्वारा निवर्त्य हुने भए पनि अन्धकार भावरूप पदार्थ हो, त्यसैगरी ज्ञानद्वारा निवर्त्य हुने भए पनि यो अनिर्वचनीय भावरूप पदार्थ भएको विश्लेषण चित्सुखीकारले गर्नुभएको छ । वेदमा पनि बताइएको छ-

**परास्य शक्तिर्विविधैव श्रूयते ।**

**ते ध्यानयोगानुगता अपश्यन्, देवात्मशक्तिं स्वगुणैर्निगूढाम् ॥** इत्यादि ।

कार्यात्मना प्रादुर्भूत हुनेवाला परमात्मा शक्तिविशिष्ट हुनुहुन्छ । शक्ति वा मायालाई प्रकृति र शक्तिविशिष्ट वा मायाविशिष्ट तत्त्वलाई पुरुष भनिन्छ- **मायान्तु प्रकृतिं विद्यान्मायिनं तु महेश्वरम्** । तर वस्तुतः माया र मायाविशिष्टमा भेद भने छैन । जस्तै

**सा च ब्रह्मस्वरूपा च नित्या सा च सनातनी ।**

**यथात्मा च तथा शक्तिर्यथाग्नौ दाहिका स्मृता ॥**

**अत एव च योगीन्द्रैस्त्रीपुंभेदो न मन्यते ।**

**सप्तशतीका तीन चरित्र र नवार्ण मन्त्र**

सप्तशतीका तीन चरित्रका प्रतिपाद्य देवता क्रमशः महाकाली, महालक्ष्मी र महासरस्वती हुन् । महाकाली शाम्भवी शक्ति हुन्, महालक्ष्मी वैष्णवी र महासरस्वतीचाहिँ ब्रह्माणी शक्ति मानिन्छिन् । तर प्राधानिक रहस्यमा देवीको प्राकट्यको प्रसङ्ग छुट्टै किसिमको वर्णन गरिएको छ । जसअनुसार शङ्कर र सरस्वती शुक्ल वर्णका दाजुबहिनी हुन् । ब्रह्मा र लक्ष्मी रातो वर्णका छन् र यी पनि दाजुबहिनी हुन् । यस्तै विष्णु र काली(गौरी) दुवै काला वर्णका दाजुबहिनी हुन् । दाजुबहिनीको रूप रङ्ग मिल्छ भने पतिपत्नीको नमिल्न पनि सक्छ । त्यसैले गौरीशङ्कर, लक्ष्मीनारायण र ब्रह्मासरस्वतीको रूप मिल्दैन । सृष्टि गर्न रजोगुणको कार्य स्पन्दन र सत्त्वको ज्ञानशक्ति चाहिन्छ । त्यसैले ब्रह्मा र महासरस्वतीबाट सृष्टि हुन्छ । तमोगुणको कार्य अवष्टम्भन र रजोगुणको कार्य स्पन्दनको सम्मिश्रणबाट पालन हुने भएकाले लक्ष्मीनारायणबाट पालना हुन्छ भनिएको हो । सत्वको प्रकाश र तमको स्तम्भनबाट संहार हुने भएकाले संहारका देवता गौरीशङ्करलाई मानिएको हो । यी तीनवटै तत्त्व आदिशक्ति महालक्ष्मीका रूपान्तरण हुन् र ब्रह्मा, विष्णु महेश चाहिँ ती तीनवटै शक्तिका रूपान्तरण- **एते युवतयः सद्यः पुरुषत्वं प्रपेदिरे ।**

यी तीन तत्त्वको प्रतिपादन गर्ने नवार्णमन्त्रका तीन बीज हुन् । पहिलो ऐं लाई

वाग्बीज भनिन्छ जसका प्रतिपाद्य चित्स्वरूपा महासरस्वती हुनुहुन्छ । दोस्रो ह्रीं मायाबीजका प्रतिपाद्य देवता सद्रूपा महालक्ष्मी हुनुहुन्छ र क्लीं यो कामबीजद्वारा आनन्दरूपा महाकाली प्रतिपादित हुनुहुन्छ । उपनिषद्मा ब्रह्मको गर्दा लक्षण सत्यं ज्ञानमनन्तं ब्रह्म भनिन्छ । पुराणमा पनि ब्रह्मको सच्चिदानन्दरूपता प्रसिद्ध छ । जो ब्रह्मको स्वरूप, सामर्थ्य र स्वभाव पनि मानिन्छ र सृष्टि, स्थिति, लयको कारण पनि । सत्बाट सृष्टि, चित्बाट स्थिति र आनन्दमा लय । यसरी हेर्दा महासरस्वतीबाट सृष्टि, महालक्ष्मीबाट पालन र महाकालीबाट प्रलय हुन्छ । यी तीन बीजहरू प्रणवका अ, उ र म तीन अवयव हुन् । प्रणवको तुरीय तत्त्वलाई नवार्णमन्त्रमा चामुण्डायै यस पदले बताउँछ । जसको अर्थ निर्विकल्प सुषुप्तिरूप ब्रह्माकार वृत्ति हो । प्रपञ्चरूप चमूलाई आफूमा विलय गर्ने भएकाले परतत्त्वलाई चामुण्डा मानिएको हो । विच्चे पदमा तीन पद छन्- विद्, च, ई । विद्को अर्थ ज्ञान हो (विद ज्ञाने) जसलाई चिद् पनि भनिन्छ । च यो अव्यय को अर्थ सत् हो । जसरी हरेक वस्तुमा सत्ता (छ, हो) छ, भन्न मिल्छ त्यसरी नै हरेक वस्तु च (पनि) शब्द वाच्य हुन्छन् । इ पदको अर्थ आनन्दरूपिणी भगवती हो । त्यसैले नवार्णमन्त्रार्थचिन्तन गर्दा भनिएको छ -

**निर्धूतनिखिलध्वान्ते नित्यमुक्ते परात्परे**
**अखण्डब्रह्मविद्यायै चित्सदानन्दरूपिणी**
**अनुसन्दध्महे नित्यं वयं त्वां हृदयाम्बुजे** (डामरतन्त्र)

यसप्रकार पूरै वेद उपनिषद्को प्रतिपाद्य तत्त्वलाई सप्तशतीले र सप्तशतीको प्रतिपाद्य तत्त्वलाई बीजरूपमा नवार्णमन्त्रले बताएको छ । त्यसैले पनि नवार्णमन्त्रको अनुष्ठानको अधिकाधिक महत्त्व बताइएको हो ।

लौकिक रूपमा पनि सप्तशतीस्तोत्र प्रत्यक्ष सिद्धि दिने स्तोत्र हो, तर कामनाविशेषले सप्तशतीको अनुष्ठान गर्दा विधिच्युत हुनुहुँदैन भन्ने प्रमाण छ। रावणले विधिहीन तरिकाले उपासना गरकाले सफल नभएको मानिन्छ । सप्तशती उपासनाका विधि र पद्धतिहरू छुट्टै विचारका विषय हुन् । जो शास्त्र र गुरुमुखबाट जान्नुपर्दछ ।

सप्तशती अत्यधिक लोकप्रिय भएका कारणले यसका धेरै टीकाहरू पनि छन् जसमा करिब ४ दर्जन प्रचीन टीकाहरूको उल्लेख पाइएको छ । विशेषगरी प्रदीप, गुप्तवती, चतुर्धरी, शान्तनवी, नागोजीभट्टी, जगच्चन्द्रचन्द्रिका र दंशोद्धार सात टीका भएको यौटै ग्रन्थ हाल प्राप्य छ भने सरयूप्रसाद द्विवेदीले बनाएको सप्तशतीसर्वस्व अझै बढी लोकप्रिय छ । नेपालमा पनि सप्तशतीको महत्त्व प्राचीन कालदेखि नै रहेको पाइन्छ । जसका कारण हालसम्म पनि घरेलु शिक्षाको क्रममा अक्षरारम्भपश्चात् चण्डी पहिलो पाठ्यपुस्तक रहिआएको पाइन्छ ।

यसप्रकार बाल्यकालदेखि अधिकांश व्यक्तिले चण्डी मुखाग्र बनाएको वा पूजापाठमा श्रद्धापूर्वक पढिने भए पनि नेपाली समाजमा सप्तशतीको अर्थज्ञान धेरै मा हुँदैन र कतिपयले सामान्य अर्थ जाने पनि उनीहरू तात्पर्यसम्म पुग्न असमर्थ देखिन्छन् । त्यस्ता दुवै तहका व्यक्तिहरूका निमित्त परमपूज्य डा. स्वामी रामानन्द गिरिजी महाराजले यो सप्तशतीको नेपाली टीका तयार पारिदिनुभएको छ ।

शास्त्रचिन्तन र साधनाबाट खारिएको स्वामीज्यूको लेखनीबाट प्रादुर्भूत यो दुर्गासप्तशती नेपाली टीका खासगरी सप्तशतीको तात्पर्यबोधका निमित्त ज्यादै उपयोगी हुने विश्वास गरिएको छ । यसबाट जिज्ञासु पाठकहरू अधिकाधिक लाभान्वित हुनेछन् ।

यस्तो महनीय व्याख्यानात्मक ग्रन्थको सम्पादन गर्ने अभिभारा प्राप्त हुनु हाम्रो सौभाग्य हो । अतः स्वामीज्यूमा हार्दिक आभार व्यक्त गर्नु आफ्नो कर्तव्य ठानेको छु। परन्तु हाम्रा तर्फबाट कतिपय कमजोरी भएहोलान् त्यसको विवेचना गर्ने र सुधारको निमित्त सुझाव दिने जिम्मेवारी नीरक्षीरविवेकी एवं गुणैकपक्षपाती विपश्चिद्वर्गको हो।

देवघाटस्थित महेश संन्यास आश्रम एवं संस्कृत गुरुकुलका संस्थापक अध्यक्ष स्वामीज्यूले यसअघि पनि माण्डूक्यकारिका, रामगीता, देवीगीता आदि ग्रन्थको व्याख्या गरिसक्नुभएको छ भने श्रीमद्भागवत ग्रन्थको रामानन्दी टीका प्रकाशनकै क्रममा छ । महेश संन्यास आश्रमले आफ्नो उद्देश्यअनुसार विभिन्न ग्रन्थप्रकाशन गर्ने क्रममा सप्तशती ग्रन्थलाई प्रकाशन गर्न लागेको छ । यसबाट आश्रमका सहयोगी एवं धर्मप्रिय श्रद्धालु महानुभावहरूले अधिकाधिक लाभ लिने विश्वास गरिएको छ । यस ग्रन्थको तयारी एवं प्रकाशनका निमित्त प्रेरणा दिने आश्रमका सदस्यसचिव माधवप्रसाद पौडेलज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसको सम्पादनका लागि अहर्निश खट्नुहुने ब्रह्मचारी रमणानन्द एवं स्वामी केशवानन्द गिरि दुवैको अतुलनीय योगदान रहेको छ । अतः वहाँहरू दुवैमा भगवतीको अनुकम्पा प्राप्त भइरहोस् भनी भगवतीका चरणमा वन्दना गर्दछु । आफ्नी सानी आमा **श्रीसीतादेवी कोइरालाको** पुण्य स्मृतिमा यस ग्रन्थको प्रकाशनका लागि आफ्नो उदारतापूर्ण सहयोग गर्ने **श्रीभरतराज सुवेदी** एवं **श्रीमती मञ्जु सुवेदीमा** आश्रमको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै यसको सुसाङ्ख्यलिपि तयार गर्ने छात्र कोमल नेपाल एवं अन्य सहयोग गर्ने सबैलाई धन्यवाद दिन चाहन्छु ।

**डा. गुरुप्रसाद सुवेदी**
प्राचार्य
महेश संस्कृत गुरुकुल

# विषयसूचिः


| विषयः | पृष्ठसंख्या |
|---|---|
| शुभाशंसा | ५ |
| भूमिका | ७ |
| पुरोवाक् | २२ |
| प्रस्तावना | २९ |
| पूजाविधि | ३६ |
| देव्याः कवचम् | ४३ |
| अर्गलास्तोत्रम् | ५७ |
| कीलकस्तोत्रम् | ६५ |
| वेदोक्तं रात्रिसूक्तम् | ७३ |
| तन्त्रोक्तं रात्रिसूक्तम् | ७४ |
| नवार्णप्रयोगविधिः | ७५ |
| प्रथमोऽध्यायः | ७९ |
| द्वितीयोऽध्यायः | १२८ |
| तृतीयोऽध्यायः | १५४ |
| चतुर्थोऽध्यायः | १७५ |
| पञ्चमोऽध्यायः | २१६ |
| षष्ठोऽध्यायः | २८४ |
| सप्तमोऽध्यायः | २९२ |
| अष्टमोऽध्यायः | ३०३ |
| नवमोऽध्यायः | ३२८ |
| दशमोऽध्यायः | ३४३ |
| एकादशोऽध्यायः | ३५४ |
| द्वादशोऽध्यायः | ३९५ |
| त्रयोदशोऽध्यायः | ४०९ |
| नवार्णप्रयोगविधिः | ४२१ |
| वेदोक्तं देवीसूक्तम् | ४२४ |
| तन्त्रोक्तं देवीसूक्तम् | ४२९ |
| प्राधानिकं रहस्यम् | ४३२ |
| वैकृतिकम् रहस्यम् | ४३८ |
| मूर्तिरहस्यम् रहस्यम् | ४४५ |
| क्षमाप्रार्थना | ४५० |
| श्रीसूक्तम् | ४५० |
| देव्यथर्वशीर्षम् | ४५२ |
| सिद्धकुञ्जिकास्तोत्रम् | ४५४ |
| देव्यपराधक्षमापनस्तोत्रम् | ४५६ |
| दुर्गाद्वात्रिंशन्नाममाला | ४५८ |
| कनकधारास्तोत्रम् | ४५८ |
| सिद्धसरस्वतीस्तोत्रम् | ४६३ |
| अनुक्रमणिका | ४६५ |

# श्रीयन्त्रराजः



# अथ पूजाविधिः

साधको हस्तौ पादौ प्रक्षाल्य, प्राङ्मुखः शुद्धासने समुपविश्य, पूजासामग्रीः सम्पाद्य, बद्धशिखः, पवित्रधारणं कृत्वा, आचम्य, प्राणानायम्य, प्रायश्चित्तार्थं यथाविधि गोदानादिकर्म सम्पाद्य, कर्मपात्रनिर्माणम्, अर्घ्यस्थापनविधानं च कृत्वा स्वस्तिवाचनं कुर्यात् । तत्पश्चात् प्रधानसङ्ल्पं कुर्यात् । **देशकालसङ्कीर्तनान्ते(अमुक)गोत्रः (अमुक)प्रवरः (अमुक)वेदाध्यायी (अमुक) शर्माहं मम सकुटुम्बस्य क्षेमस्थैर्यायुरारोग्यैश्वर्याद्यभिवृद्ध्यर्थं समस्तवाञ्छासिद्धये श्रीजगदम्बाप्रसादात् सर्वापन्निवृत्तिपूर्वक-सर्वाभीष्टफलप्राप्तये चतुर्विधपुरुषार्थ-सिद्धये च श्रीमहाकाली-महालक्ष्मी-महासरस्वती-देवताप्रीत्यर्थं शापोद्धारपूर्वकं कवचार्गलाकीलकपाठ-वेदतन्त्रोक्तरात्रिसूक्तपाठ-न्यासविधिसहितनवार्ण-मन्त्रजप-सप्तशतीन्यासध्यानसहित-चरित्रत्रयविनियोग-न्यासध्यानपूर्वकं मार्कण्डेय उवाच, इत्यारभ्य सावर्णिर्भविता मनुः, इत्यन्तं दुर्गासप्तशतीपाठं तदन्ते न्यासविधिसहितनवार्णमन्त्रजपं वेदतन्त्रोक्तदेवीसूक्तपाठं रहस्यत्रयपठनं शापोद्धारादिकञ्च करिष्ये । तत्रादौ दीपकलशगणेशादीन् सम्पूज्य प्रधानदेवतापूजनं च करिष्ये ।**

इति सङ्कल्प्य दीपकलशगणेशादीन् सम्पूजयेत् । विशेषपूजायाम् आभ्युदयिकश्राद्धं मातृकापूजनं ग्रहवास्तुयोगिनीक्षेत्रपालादीनां पूजां विधाय सर्वतोभद्रमण्डलस्थदेवानपि सम्पूजयेत् । नवरात्रपूजायां विशेषतः घटस्थापनं तत्र परितः यवोसीति मन्त्रेण यवारोपणं च विधाय प्रधानदेवतापूजनं कुर्यात् । तत्रादौ आचमनम्-

**ॐ ऐं आत्मतत्त्वं शोधयामि नमः स्वाहा ।**

**ॐ ह्रीं विद्यातत्त्वं शोधयामि नमः स्वाहा ।**

**ॐ क्लीं शिवतत्त्वं शोधयामि नमः स्वाहा ।**

**ॐ ऐं ह्रीं क्लीं सर्वतत्त्वं शोधयामि नमः स्वाहा ।**

ततः- **ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे** इति मन्त्रेण प्राणायामं विधाय प्रधानदेवतां पूजयेत् । तत्र विनियोगः-

**अस्य नवार्णमहामन्त्रस्य ब्रह्मविष्णुमहेश्वरा ऋषयः, गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि, महाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, नन्दाशाकम्भरीभीमाः शक्तयः, रक्तदन्तिकादुर्गाभ्रामर्यो बीजानि, अग्निवायुसूर्यास्तत्त्वानि, श्रीजगदम्बाप्रीत्यर्थे न्यासे पूजायां च विनियोगः ।**

ततः मूलषडङ्गन्यासान् ऋष्यादिन्यासाँश्च विधाय मूलेन पूजाद्रव्याण्यात्मानं च सिञ्चेत् ।

प्रधानदेवतापूजायां देवीयन्त्रं संस्पृश्य– **ॐ आं सोऽहं** इति त्रिवारोच्चारितमन्त्रेण यन्त्रस्य प्राणप्रतिष्ठां कुर्यात् । प्रतिमायाः पूजनेऽपि यथाविधि प्राणप्रतिष्ठां कृत्वा ततस्त्रिखण्डया मुद्रया पुष्पमादाय स्वहृदिस्थां त्रिगुणां देवीं सुषुम्णामार्गेण ब्रह्मरन्ध्रद्वारा कुसुमागतां विभाव्य तत्र रूपत्रयं बिभ्राणां ध्यायेत् - **ॐ खड्गं चक्रगदेषु...। ॐ अक्षस्रक्परशुं...। ॐ घण्टाशूलहलानि...** इति । तत्पुष्पं यन्त्रे संस्थाप्य तन्मध्ये बीजत्रये महालक्ष्म्यादिदेवतात्रयं संस्थितं विभावयेत् । अथ आवाहनी-स्थापनी-सन्निधापनी-सन्निरोधिनी-धेनु-योनिमुद्राःमूलेन प्रदर्श्य, मूलमुच्चार्य **महाकालीमहालक्ष्मीमहासरस्वतीभ्यो नमः आवाहयामि** । पुनर्मूलेन पाद्य-अर्घ्य-आचमनीय-स्नानीय-मङ्गलस्नान-मधुपर्क(दधि-मधु-घृत)-पञ्चामृत(दधि-मधु-घृत-दुग्ध-शर्करा) स्नानपूर्वकं पूजां विधाय देव्यथर्वशीर्षश्रीसूक्तादिमन्त्रैरभिषिच्य मूलेन वस्त्रोत्तरीयकञ्चुकीवस्त्रयज्ञोपवीतचन्दनाऽलङ्कारहरिद्राकुङ्कुमकज्जलसिन्दूरपरिमलद्रव्यकङ्कणकण्ठसूत्राभरणादिसौभाग्यद्रव्यालङ्कारपुष्पादीनि समर्पयेत् । तत्र प्रत्युपचारं **श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीभ्यो नमः (अमुक)द्रव्यं समर्पयामि** इत्युच्चारयेत् । ततो देवीयन्त्रस्य परित आवरणदेवता आवाह्य पूजयेत् ।

## आवरणदेवतापूजनम्

यथा–

**ॐ ऐं महाकाल्यै नमः । ॐ ह्रीं महालक्ष्म्यै नमः । ॐ क्लीं महासरस्वत्यै नमः । ॐ सरस्वत्या सह विरिञ्चये नमः । ॐ गौर्या सह रुद्राय नमः । ॐ लक्ष्म्या सह हृषीकेशाय नमः । ॐ अष्टादशभुजायै नमः । ॐ दशाननायै नमः । ॐ अष्टभुजायै नमः । ॐ महिषाय नमः । ॐ सिंहाय नमः । ॐ कालाय नमः । ॐ मृत्यवे नमः ।**

(सर्वत्र पूजायां पूज्यपूजकयोर्मध्ये प्राची दिक्संप्रकीर्तिता इति कथनमनुसृत्य प्रागादिदिशो ग्राह्याः) ।

तत्र यन्त्रषट्कोणस्य पश्चिमकोणे **ॐ महालक्ष्म्यै नमः**, पृष्ठभागे **ॐ सरस्वतीब्रह्मभ्यां नमः** । नैर्ऋत्यकोणे **ॐ गौरीरुद्राभ्यां नमः** । वायव्यकोणे **ॐ लक्ष्मीहृषीकेशाभ्यां नमः** । पूर्वकोणे **ॐ अष्टादशभुजायै नमः** । आग्नेयकोणे

**ॐ दशाननायै नमः। ईशानकोणे ॐ अष्टभुजायै नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**

**भक्त्या समर्पये तुभ्यं प्रथमावरणार्चनम्॥**

अनेन प्रथमावरणार्चनेन श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्।

पुनः षट्कोणेषु–

**ॐ नं नन्दजायै नमः। ॐ रं रक्तदन्तिकायै नमः। ॐ शां शाकम्भर्यै नमः। ॐ दुं दुर्गायै नमः। ॐ भीं भीमायै नमः। ॐ भ्रां भ्रामर्यै नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**

**भक्त्या समर्पये तुभ्यं द्वितीयावरणार्चनम्।**

अनेन द्वितीयावरणार्चनेन श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्।

षट्कोणाद्बहिराग्नेयादिचतुर्भागेषु **ॐ जं जयायै नमः। ॐ विं विजयायै नमः। ॐ जं जयन्त्यै नमः। ॐ अं अपराजितायै नमः।** षट्कोणपार्श्वयोः दक्षिणभागे **ॐ सिंहाय नमः।** उत्तरभागे **ॐ महिषाय नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**

**भक्त्या समर्पये तुभ्यं तृतीयावणार्चनम्॥**

अनेन तृतीयावरणार्चनेन महाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्।

अष्टपत्रेषु प्रागादिषु –

**ॐ ब्रां ब्राह्म्यै नमः। ॐ मां माहेश्वर्यै नमः। ॐ कौं कौमार्यै नमः। ॐ वैं वैष्णव्यै नमः। ॐ वां वाराह्यै नमः। ॐ नां नारसिंह्यै नमः। ॐ ऐं ऐन्द्र्यै नमः। ॐ चां चामुण्डायै नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**

**भक्त्या समर्पये तुभ्यं चतुर्थावरणार्चनम्॥**

अनेन चतुर्थावरणार्चनेन श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्।

पुनरष्टदलेषु प्रागादिषु–

**ॐ अं असिताङ्गभैरवाय नमः। ॐ रुं रुरुभैरवाय नमः। ॐ चं चण्डभैरवाय नमः। ॐ क्रौं क्रोधभैरवाय नमः। ॐ वं उन्मत्तभैरवाय नमः। ॐ कं कपालभैरवाय नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**

**भक्त्या समर्पये तुभ्यं पञ्चमावणार्चनम्॥**

अनेन पञ्चमावरणार्चनेन महाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्॥

पुनश्चतुर्विंशतिदलेषु प्रागादिक्रमेण–

**ॐ विष्णुमायायै नमः। ॐ चेतनायै नमः। ॐ बुद्ध्यै नमः। ॐ निद्रायै नमः। ॐ क्षुधायै नमः। ॐ छायायै नमः। ॐ शक्त्यै नमः। ॐ तृष्णायै नमः। ॐ क्षान्त्यै नमः। ॐ जात्यै नमः। ॐ लज्जायै नमः। ॐ शान्त्यै नमः। ॐ श्रद्धायै नमः। ॐ कान्त्यै नमः। ॐ लक्ष्म्यै नमः। ॐ धृत्यै नमः। ॐ वृत्यै नमः। ॐ स्मृत्यै नमः। ॐ दयायै नमः। ॐ तुष्ट्यै नमः। ॐ पुष्ट्यै नमः। ॐ मात्र्यै नमः। ॐ भ्रान्त्यै नमः। ॐ चित्यै नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**
**भक्त्या समर्पये तुभ्यं षष्ठमावरणार्चनम्॥**

अनेन षष्ठावरणार्चनेन महाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्।

भूपुराद्बहिः–

**ॐ लं इन्द्राय नमः। ॐ रं अग्नये नमः। ॐ मं यमाय नमः। ॐ क्षं निर्ऋतये नमः। ॐ वं वरुणाय नमः। ॐ यं वायवे नमः। ॐ सं सोमाय नमः। ॐ हं रुद्राय नमः।**

ईशानप्रागन्तराले **ॐ आं ब्रह्मणे नमः।** वरुणनिर्ऋत्यन्तराले **ॐ ह्रीं शेषाय नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**
**भक्त्या समर्पये तुभ्यं सप्तमावरणार्चनम्॥**

अनेन सप्तमावरणार्चनेन श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्।

पुनस्तथैव क्रमेण–

**ॐ वं वज्राय नमः। ॐ शं शक्त्यै नमः। ॐ दं दण्डाय नमः। ॐ अं खड्गाय नमः। ॐ पां पाशाय नमः। ॐ अं अङ्कुशाय नमः। ॐ गं गदायै नमः। ॐ त्रिं त्रिशूलाय नमः। ॐ पं पद्माय नमः। ॐ चं चक्राय नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**
**भक्त्या समर्पये तुभ्यं अष्टमावरणार्चनम्॥**

अनेन अष्टमावरणार्चनेन श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम्।

भूगृहाद्बहिः प्रागादिषु दिक्षु–

**ॐ गं गणपतये नमः। ॐ क्षें क्षेत्रपालाय नमः। ॐ वं वटुकाय नमः। ॐ यों योगिनीभ्यो नमः।**

**ॐ दयाब्धे त्राहि संसारसर्पान्मां शरणागतम्।**

**भक्त्या समर्पये तुभ्यं नवमावरणार्चनम् ॥**

अनेन नवमावरणार्चनेन श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम् ।

ततोधूपदीपनैवेद्याचमनीयताम्बूलादीन्समर्प्यगीतवाद्यनृत्यच्छत्रचामरा-ऽऽन्दोलनदर्पणादिसर्वराजोपचारार्थेऽक्षतान् समर्पयेत् । ततो दक्षिणां प्रदक्षिणां समर्प्य नीराजनं पुष्पाञ्जलिञ्च विधाय पूजार्पणं कुर्यात् । अनेन यथाशक्तिकृतेनाऽर्चनेन श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताः प्रीयन्ताम् इति । ततः शाक्तेभ्यः सर्वोपचारार्थे गन्धाक्षतपुष्पाणि समर्पयेत् ।

*ततः प्रार्थना–*

**अपराधसहस्राणि क्रियन्तेऽहर्निशं मया ।**
**दासोऽयमिति मां मत्वा क्षमस्व परमेश्वरि ॥**

## कुमारीपूजनम्

ततः क्रमेण कुमारीः पूजयेत् । तत्र मन्त्राः–

**ॐ मन्त्राक्षरमयीं लक्ष्मीं मातृणां रूपधारिणीम् ।**
**नवदुर्गात्मिकां साक्षात् कन्यामावाहयाम्यहम् ॥**

नवानां पूजने क्रमश आवाहनमन्त्राः–

द्विहायना **कुमारी**, तत्पूजनमन्त्रः–

**ॐ सर्वस्वरूपे सर्वेशे सर्वशक्तिस्वरूपिणि ।**
**पूजां गृहाण कौमारि जगन्मातर्नमोऽस्तु ते ॥**

त्रिहायना **त्रिमूर्तिः**, तत्पूजनमन्त्रः–

**त्रिपुरां त्रिपुराधारां त्रिवर्षीं ज्ञानरूपिणीम् ।**
**त्रैलोक्यवन्दितां देवीं त्रिमूर्तिं पूजयाम्यहम् ॥**

चतुर्वर्षा **कल्याणी**, तत्पूजनमन्त्रः–

**कलात्मिकां कलातीतां कारुण्यहृदयां शिवाम् ।**
**कल्याणजननीं देवीं कल्याणीं पूजयाम्यहम् ॥**

पञ्चवर्षा **रोहिणी**, तत्पूजनमन्त्रः–

**अणिमादिगुणाधारां मकाराद्यक्षरात्मिकाम् ।**
**अनन्तशक्तिकां लक्ष्मीं रोहिणीं पूजयाम्यहम् ॥**

षड्वर्षा **कालिका**, तत्पूजनमन्त्रः–

**कामचारां शुभां कान्तां कालचक्रस्वरूपिणीम् ।**

कामदां करुणोदारां कालिकां पूजयाम्यहम् ॥

सप्तवर्षा चण्डिका, तत्पूजनमन्त्रः–

चण्डमायां चण्डवीरां चण्डमुण्डप्रभञ्जनीम् ।
पूजयामि सदा देवीं चण्डिकां चण्डविक्रमाम् ॥

अष्टवर्षा शाम्भवी, तत्पूजनमन्त्रः–

सदानन्दकरीं शान्तां सर्वदेवनमस्कृताम् ।
सर्वभूतात्मिकां लक्ष्मीं शाम्भवीं पूजयाम्यहम् ॥

नवहायना दुर्गा, तत्पूजनमन्त्रः–

दुर्गमे दुस्तरे कार्ये भवकष्टनिवारिणीम् ।
पूजयामि सदा भक्त्या दुर्गां दुर्गार्तिनाशिनीम् ॥

दशवर्षा सुभद्रा, तत्पूजनमन्त्रः–

सुन्दरीं स्वर्णवर्णाभां सुखसौभाग्यदायिनीम् ।
सुभद्रजननीं देवीं सुभद्रां पूजयाम्यहम् ॥

प्रत्येकं मन्त्रान्ते तत्तन्नाममन्त्रेण पञ्चोपचारैः षोडशोपचारैर्वा पूजयेत् ।

## पायसबलिदानम्

ॐ श्रीमहालक्ष्म्यै नमः, पायसबलिं समर्पयामि । महाकाल्यादि-योगिन्यन्तेभ्यो यन्त्रस्थावरणदेवताभ्यः प्रत्येकं सर्वाभ्यो बलिं दद्यात् ।

## कूष्माण्डबलिविधानम्

आचम्य, प्राणानायम्य, पूर्वसङ्कल्पमुच्चार्य मम सकुटुम्बस्य सर्वारिष्टशान्ति - सर्वाभीष्टकामसिद्धि - कल्पोक्तफलप्राप्तिपूर्वक-श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताप्रीत्यर्थं कूष्माण्डबलिदानं करिष्ये । तदङ्गत्वेन पञ्चोपचारैः पूजनं कूष्माण्डबलिपूजनं च करिष्ये, इति संकल्प्य । मूलेन प्रधानदेवतां सम्पूज्य तत्पुरतः स्वयमुदङ्मुखो भूत्वा पीठे वस्त्रावेष्टितं कूष्माण्डं निधाय– ॐ कूष्माण्डबलये नमः । इति आवाहनगन्धपुष्पादिभिः सम्पूज्याभिमन्त्रयेत् ।

ततः प्रार्थयेत्–

रूपं देहि जयं देहि सुभगं देवि देहि मे ।
पुत्रान् देहि धनं देहि सर्वकामाँश्च देहि मे ।

**महिषघ्नि महामाये चामुण्डे मुण्डमालिनि।**
**आयुरारोग्यमैश्वर्यं देहि देवि नमोऽस्तु ते।**

इति कूष्माण्डबलिदानविधिः।

इति पूजाविधिः।

# अथ पाठारम्भः

तत्रादौ पाठसङ्कल्पः-

**पूर्वसंकल्पितकामनासिद्धये (अमुक)संख्यया यथाविधि सप्तशतीपाठाख्यं कर्म करिष्ये। तत्रादौ श्रीसप्तशतीपुस्तके श्रीसरस्वतीपूजनं तथा सकलशापप्रतिबन्धनिवृत्तये तन्त्रोक्तशापोद्धारमन्त्रस्य, इष्टफलसिद्धिप्रतिबन्धनिवृत्तये तन्त्रोक्तोत्कीलनमन्त्रस्य मृतसञ्जीवनी-विद्यायाश्च जपमहं करिष्ये।**

तत्रादौ पुस्तके श्रीसरस्वतीपूजनम्-

**ॐ नमः पिशाचनिकरङ्किनि त्रिशूलखड्गहस्ते सिंहारूढे एह्येहि आगच्छ आगच्छ इमां पूजां गृहाण गृहाण स्वाहा। श्रीसप्तशतीसरस्वत्यै नमः आवाहयामि। ॐ ह्रीं चण्डिकायै नमः** इति मन्त्रेण षोडशोपचारैः पञ्चोपचारैः वा पूजयेत्।

**शापोद्धारमन्त्रः-**

**ॐ ह्रीं क्लीं श्रीं क्रां क्रीं चण्डिकादेव्यै शापनाशानुग्रहं कुरु कुरु स्वाहा।** आदौ अन्ते च सप्तवारं जपेत्।

**उत्कीलनमन्त्रः-**

**ॐ श्रीं क्लीं ह्रीं सप्तशति चण्डिके उत्कीलनं कुरु कुरु स्वाहा।** आदौ अन्ते च, एकविंशतिवारं जपेत्।

**मृतसञ्जीवनीमन्त्रः-**

**ॐ ह्रीं ह्रीं वं वं ऐं ऐं मृतसञ्जीवनि विद्ये मृतमुत्थापयोत्थापय क्रीं ह्रीं ह्रीं वं स्वाहा।** आदौ अन्ते च सप्तवारं जपेत्।

ॐ दुर्गायै नमः

# अथ देव्याः कवचम्

ॐ अस्य श्रीचण्डीकवचस्य ब्रह्मा ऋषिः, अनुष्टुप् छन्दः, चामुण्डा देवता, अङ्गन्यासोक्तमातरो बीजम्, दिग्बन्धदेवतास्तत्त्वम्, श्रीजगदम्बाप्रीत्यर्थे सप्तशतीपाठाङ्गत्वेन जपे विनियोगः ॥

ॐ नमश्चण्डिकायै ॥

*मार्कण्डेय उवाच*

ॐ यद्गुह्यं परमं लोके सर्वरक्षाकरं नृणाम् ।
यन्न कस्यचिदाख्यातं तन्मे ब्रूहि पितामह ॥१॥

*ब्रह्मोवाच*

अस्ति गुह्यतमं विप्र सर्वभूतोपकारकम् ।
देव्यास्तु कवचं पुण्यं तच्छृणुष्व महामुने ॥२॥
प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी ।
तृतीयं चन्द्रघण्टेति कूष्माण्डेति चतुर्थकम् ॥३॥
पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च ।

---

**मार्कण्डेयले भने–**

हे पितामह ! परम गोपनीय र अहिलेसम्म कसैलाई पनि नबताइएको मनुष्यहरूलाई सबै प्रकारले रक्षा गर्ने कुनै साधन छ भने त्यो मलाई बताउनुहोस् ॥१॥

**ब्रह्माजीले भन्नुभयो–**

हे मार्कण्डेय ऋषि ! सबै प्राणीहरूको उपकार गर्ने साधन देवी-कवच हो र यो अत्यन्त गोपनीय छ । हे मुनि ! परम पुण्यमय यो कवचलाई सुन ॥२॥ भगवतीका नौवटा नामहरू छन् । पहिलो नाम शैलपुत्री हो । दोस्रो नाम ब्रह्मचारिणी हो । तेस्रो नाम चन्द्रघण्टा हो । चौंथो नाम कूष्माण्डा हो । पाँचौ नाम स्कन्दमाता हो । छैठौं नाम कात्यायनी हो । सातौं नाम कालरात्री

**सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ॥४॥**
**नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः ।**
**उक्तान्येतानि नामानि ब्रह्मणैव महात्मना ॥५॥**

हो एवं आठौँ नाम महागौरी हो । नवौँ नाम सिद्धिदात्री हो । नवदुर्गाका यी सबै नामहरू सर्वज्ञ वेदद्वारा नै प्रतिपादित भएका हुन् ॥३-५॥*

* यहाँ भगवतीका नौ ओटा नामहरू बताइएका छन् । वास्तवमा भगवती साक्षात् ब्रह्मस्वरूपिणी नै हुनुहुन्छ । चिद्रूपा भगवतीबाट नै अनन्त-अनन्त विश्वब्रह्माण्डको उत्पत्ति हुन्छ अनि उहाँमा कल्पित भएको यो ब्रह्माण्ड उहाँकै चैतन्यशक्तिले प्रकाशित हुन्छ । परम सत्तामा स्त्री एवं पुरुषको भेद छैन, किनकि यो भेद त स्थूल शरीरलाई लिएर हुने हो । त्यसैले उपनिषद्मा परम तत्त्वलाई स्त्री-पुरुष, बालक-वृद्ध आदि सबै रूप भनी बताइएको छ– **त्वं स्त्री त्वं पुमानसि त्वं कुमार उत वा कुमारी, त्वं जीर्णो दण्डेन अञ्चसि त्वं जातो भवसि विश्वतो मुखः** । (श्वेता.उ.४/३) अर्थात् हजुर नै स्त्री र पुरुष हुनुहुन्छ, हजुर नै कुमार र कुमारी हुनुहुन्छ । सर्वरूप हजुर नै बुढो भई दण्ड लिई हिँड्नुहुन्छ र भर्खरै जन्मिएको बच्चा पनि हजुर नै हुनुहुन्छ । यसरी स्त्री-पुरुष आदि शरीर भित्र रही त्यसलाई प्रकाशित गर्ने जुन चेतना हो त्यसमा स्त्री-पुरुषको भेद छैन । तर पनि परमतत्त्वमा उपासनाका लागि अनेक रूप अनि आकृति-प्रकृतिको कल्पना गरिएको छ । ब्रह्म सत्, चित् र आनन्दरूप छ भनी बताइएको मध्ये चित् तत्त्वको प्रधानतया ब्रह्मलाई भगवती वा स्त्री रूपमा उपासना गरिन्छ । सत् तत्त्व शिव हो भने चित् तत्त्व शक्ति । यी दुईको **सामरस्य** अर्थात् अभेदबाट परम आनन्दको प्राप्ति हुन्छ । तन्त्रशास्त्रमा शिव शब्दमा रहेको जुन इकार छ त्यो चैतन्य शक्तिरूप हो र त्यसको अभावमा शिव केवल **शव** अर्थात् चेतनाविहीन बन्दछन् भनी बताइएको छ–

**शिवस्तु निर्गुणं ब्रह्म इकारः शक्तिरुच्यते ।**
**इकाराभावतो नूनं शव एवावशिष्यते ॥**

यसरी भगवती चैतन्यरूपिणी हुनुहुन्छ भन्ने सिद्ध हुन्छ । श्रीशङ्कराचार्यले पनि– **शिवः शक्त्या युक्तो यदि भवति शक्तः प्रभवितुं (सौन्दर्यलहरी १ श्लो.)**

अर्थात् शिव जब शक्तिले युक्त हुन्छन्, तबमात्र आफ्नो काममा समर्थ हुन्छन्, त्यसविना उनी निर्जीव भई चल्नै सक्दैनन् भनी बताएर चैतन्यरूपा शक्तिको माहात्म्य गाउनुभएको छ। यसरी अखण्ड एवं निर्विकार जुन चित् तत्त्व छ त्यसमा जन्म-मृत्यु आदिको सम्बन्ध हुन सक्दैन। भगवती पनि अखण्ड चिद्रूपिणी हुनु भएकीले उहाँमा पनि उत्पत्ति अनि लयको सम्बन्ध छैन। तर पनि भक्तहरूलाई अनुग्रह गर्नका लागि उहाँले अनेक पटक अनेकौं अवतारहरू धारण गर्नुभएको पाइन्छ। यी अनेक अवतारका नाम, रूप एवं लीलाहरूको विचार गर्दै चित्तशुद्ध गरेर उपासकहरूले अखण्ड चित् तत्त्वलाई साक्षात्कार गर्न सकून् भनेर नै ब्रह्मरूपिणी भगवतीमा अनेक नाम र रूपको स्फूर्ति हुने गर्दछ।

उपासकहरूको के पनि भनाइ छ भने पुरुषरूप परमात्मालाई प्रसन्न पार्नभन्दा मातृरूपा भगवतीलाई प्रसन्न पार्न सजिलो छ। माता भन्ने बित्तिकै वात्सल्य, प्रेम र करुणाकी मूर्तिमान् रूप हुन्छिन्। भर्खर जन्मिएको सानो बच्चो आमाकै आधारमा बाँचेको हुन्छ र उनमा पूर्णतः आश्रित एवं समर्पित हुन्छ। हिँड्न, बोल्न नजान्ने यही बच्चा आमाबाट सिक्दै-सिक्दै अन्तमा संसार भरि नै प्रसिद्ध महापुरुष हुन सक्छ। आमा ममतामयी हुन्छिन् र बच्चाको सानो पुकारले पनि पग्लिई तत्काल प्रेम बर्साउछिन्। भगवती मातामा पनि यस्तै परम करुणा रहेको छ। प्राणीले आजसम्म जेजति राम्रा-नराम्रा व्यवहार आदि गरेको भए पनि एकपटकमात्र भगवतीको आर्द्रहृदयले पुकार गऱ्यो भने उहाँ तत्काल पग्लिनुहुन्छ र उसका सबै दुष्कर्महरूलाई क्षमा गरी आफूमा स्वीकार गर्नुहुन्छ। यसैले मातृरूपमा भगवतीको अनेक तरिकाले उपासना हुने गर्दछ। यहाँ भगवतीका मुख्य नौ स्वरूपहरू बताइएका छन्।

पहिलो **शैल** अर्थात् हिमालयले भक्तिपूर्वक तपस्या गरी आफ्नो छोरी भई जन्मिन प्रार्थना गरेकाले भगवती उनको पुत्रीको रूपमा उत्पन्न हुनुभएको थियो। उहाँको यसै रूपलाई शैलपुत्री भन्ने नामले बताइएको हो। यो कथा कूर्मपुराणमा प्रसिद्ध छ। उपनिषद्मा पनि हैमवती उमाको प्रसङ्ग आउँदछ। आफ्नो प्रयासले ब्रह्मलाई जान्न नसकी खिन्न भएका इन्द्रकहाँ ब्रह्मविद्या

रूपिणी उमा आउनुभयो र इन्द्रलाई ब्रह्मको उपदेश गर्नुभयो भनी त्यहाँ बताइएको छ– **तस्यां स्त्रियमाजगाम बहुशोभमानामुमां हैमवतीं नाम, सा ब्रह्मेति होवाच**(के.उ.३/१२) अर्थात् त्यहाँ इन्द्रको नजिक अत्यन्त शोभायुक्त हैमवती उमा आइन् र उनले ब्रह्म भनी परमतत्त्वको उपदेश गरिन् । यसरी भगवती भक्तको इच्छा पूरा गर्न शैलपुत्री बन्नुभएको हो ।

ब्रह्मचारिणी शब्दको अर्थ हुन्छ– ***ब्रह्म चारयितुं प्रापयितुं शीलं अस्याः सा*** अर्थात् आफ्ना उपासकहरूलाई ब्रह्ममा पुऱ्याइदिने नै जसको मुख्य स्वभाव छ । यसबाट भगवती ब्रह्मरूपप्रदा हुनुहुन्छ अर्थात् उहाँ भक्तहरूलाई ब्रह्म बनाइदिनुहुन्छ भन्ने बुझिन्छ । **चन्द्रघन्टा** भन्ने शब्दका अनेक अर्थहरू हुन्छन् । उहाँको हातको घण्टमा चन्द्रको आकार भएकाले उहाँलाई चन्द्रघण्टा भनिएको हो । अथवा उहाँको हातको घण्टा चन्द्रवत् निर्मल उज्वल भएकाले पनि उहाँलाई चन्द्रघण्टा भनिएको हो । चन्द्रघण्टा शब्दको अर्को अर्थ चाहिँ भगवती अत्यन्त आल्हादकारिणी अनि लावण्यवती हुनुहुन्छ भन्ने हो । ***चन्द्रं घण्टयति प्रतिवादितया भाषते, स्वस्य आह्लादिकारित्वाभिमानेन*** अर्थात् भगवती यति आह्लादकारिणी हुनुहुन्छ कि उहाँको अघि चन्द्रमाको आह्लाद पनि फिका हुन्छ । त्यसैले उहाँले चन्द्रलाई पनि प्रतिस्पर्धामा हराउनुहुन्छ भन्ने यसको अर्थ हो ।

**कूष्माण्डा** शब्दको अर्थ तीन तापले युक्त संसारलाई खाइदिने भन्ने हुन्छ । ***कुत्सितः ऊष्मा सन्तापः यस्य सः कूष्मः*** यो व्युत्पत्तिले दुःखदायी तीन तापले युक्त संसारलाई बुझाउँदछ । ***कूष्मः अण्डे उदरे यस्याः*** अर्थात् त्यस्तो कुत्सित संसार जसको पेटभित्र छ या जसले तीन तापयुक्त संसारलाई नष्ट गरी आफ्ना भक्तहरूलाई संसारबन्धनबाट मुक्त गर्नुहुन्छ, उहाँलाई कूष्माण्डा भनिन्छ । स्कन्दमाता यो शब्दमा स्कन्द शब्दको अर्थ सनत्कुमार भन्ने हुन्छ । छान्दोग्य उपनिषद्मा सनत्कुमारलाई स्कन्द भनी बताइएको छ– **भगवान् सनत्कुमारस्तं स्कन्द इत्याचक्षते** (छा.उ.७/२६/२) अर्थात् सनत्कुमारलाई स्कन्द भन्दछन् । कथाअनुसार ब्रह्मसभामा शिव-पार्वती जानुहुँदा समाधिमा लीन हुनुभएका सनत्कुमार उठ्नुभएन, अनि यसबाट रिसाई पार्वतीले सनत्कुमार

लाई उँट बन्ने शाप दिनुभयो । पछि शिवले थाहा पाई अनुचित काम गऱ्यौ भनी सम्झाउँदा उहाँ पुनः सनत्कुमारकहाँ पुग्नुभयो र प्रेमबाट पग्लिएर उँट रूप छाडी आफ्नो पुत्र बन भन्नुभयो । परम आनन्दमयी भगवतीको पुत्र हुन पाउँदा सनत्कुमारले किन नाइँ भन्थे ? त्यसैले उनी भगवतीका पुत्र भए र भगवती स्कन्दमाता बन्नुभयो । यसबाट जन्ममृत्युले रहित ज्ञानीहरूले पनि जुन भगवतीबाट जन्मन सहजै स्वीकार गर्दछन्, त्यस्ती उहाँ परमशुद्धा हुनुहुन्छ भन्ने बुझिन्छ ।

देवताहरूको काम बनाउन कात्यायन ऋषिको आश्रममा आविर्भूत हुनुभएकी उहाँलाई ऋषिले आफ्नो कन्याको रूपमा स्वीकार गरेकाले भगवती कात्यायनको पुत्री कात्यायनी भनी प्रसिद्ध हुनुभयो । कालले सबैलाई मार्दछ, तर त्यस्तो काललाई पनि भगवतीले नष्ट गरिदिने हुनाले उहाँलाई ***कालस्य अपि रात्रिः नाशिका*** भन्ने अर्थमा कालरात्रि भनिन्छ । प्रलयमा काल पनि भगवतीमा लीन भएको हुन्छ र सृष्टिकालमा यो भगवतीकै इच्छाले आफ्नो प्रवृत्ति गर्दछ । परम सत्तासँग डराएझैं गरी काल पनि नियमित रूपमा आफ्नो काम गर्दछ भनी उपनिषद्मा बताइएको छ– **मृत्युर्धावति पञ्चमः**(कठ.उ.२/३/३) त्यसैले सर्वमारक काललाई पनि नष्ट गरिदिने हुनाले भगवती कालरात्रि हुनुहुन्छ । **महागौरी** शब्दको अर्थ ज्यादै गोरी भन्ने हुन्छ । कालिकापुराणको कथाअनुसार एकपटक शिवले शक्तिलाई जिस्क्याउँदै काली भन्नुभएछ । त्यसबाट रिसाई उहाँले तपस्याद्वारा अत्यन्त गोरो रूपमा आफूलाई बनाउनुभएकाले उहाँलाई महागौरी भनिएको हो ।

**सिद्धिदा** शब्दको अर्थ मोक्ष दिने भन्ने हुन्छ । यद्यपि योग, तन्त्र आदि शास्त्रहरूमा उपासना आदिबाट प्राप्त हुने अणिमा आदि अनेक सिद्धिहरूको उल्लेख आउँछ तर सबभन्दा ठूलो सिद्धि भनेको मोक्ष नै हो, किनकि यही सिद्धिले जीवलाई साक्षात् ब्रह्मरूप बनाइदिन्छ । भगवती माता आफ्ना भक्तहरूको स्तर अनि इच्छाअनुसार उनीहरूलाई अनेक सिद्धि त दिनुहुन्छ नै तर वास्तवमा उहाँले दिने मूल सिद्धि भनेको मोक्ष नै हो भन्ने बुझ्नुपर्दछ । यसरी एउटै भगवतीका चरित्रअनुसार अनेक नामहरू प्रसिद्ध भएका हुन् ।

अग्निना दह्यमानस्तु शत्रुमध्ये गतो रणे ।
विषमे दुर्गमे चैव भयार्ताः शरणं गताः ॥६॥
न तेषां जायते किञ्चिदशुभं रणसङ्कटे ।
नापदं तस्य पश्यामि शोकदुःखभयं न हि ॥७॥
यैस्तु भक्त्या स्मृता नूनं तेषां वृद्धिः प्रजायते ।
ये त्वां स्मरन्ति देवेशि रक्षसे तान्न संशयः ॥८॥
प्रेतसंस्था तु चामुण्डा वाराही महिषासना ।
ऐन्द्री गजसमारूढा वैष्णवी गरुडासना ॥९॥
माहेश्वरी वृषारूढा कौमारी शिखिवाहना ।
लक्ष्मीः पद्मासना देवी पद्महस्ता हरिप्रिया ॥१०॥
श्वेतरूपधरा देवी ईश्वरी वृषवाहना ।
ब्राह्मी हंससमारूढा सर्वाभरणभूषिता ॥११॥

---

आगोले डढिरहेको, रणभूमिको बीचमा शत्रुहरूबाट घेरिएको, कठिन र दुर्गम ठाउँमा सङ्कटमा फसी भयार्त भएको यस्ता प्रकारका सबै मानिसहरू भगवतीको शरणमा गए भने तिनीहरूको कुनै अमङ्गल हुँदैन । युद्धको सङ्कटमा परेर पनि उसमाथि कुनै विपत्ति आइलाग्दैन । न त उसलाई शोक, दुःख र भयले नै सताउँछन् ॥६-७॥ जो व्यक्तिहरू भक्तिपूर्वक नै भगवतीको स्मरण गरिरहन्छन् भने त उनीहरूको ऋन् अभ्युदय हुन्छ । हे महादेवी ! जसले हजुर लाई सम्झन्छन् तिनीहरूलाई निश्चय नै हजुरले रक्षा गर्नुहुन्छ ॥८॥ चामुण्डा देवी प्रेतमा चढ्नुभएको छ, वाराही भैंसीमा चढ्नुभएको छ, ऐन्द्रीको वाहन ऐरावत हात्ती हो भने वैष्णवी देवी गरुडको आसनमा बस्नुभएको छ । माहेश्वरी भगवतीको वाहन वृषभ हो भने कौमारीको वाहन मयूर । विष्णुपत्नी भगवती लक्ष्मी कमलको आसनमा विराजमान हुनुहुन्छ र उहाँले हातमा कमल धारण गर्नुभएको छ ॥९-१०॥

वृषभमाथि चढेकी महेश्वरी देवीको सेतो रूप छ । सबै आभूषणले सुशोभित ब्राह्मी देवी हाँसमाथि बस्नुभएको छ ॥११॥

इत्येता मातरः सर्वाः सर्वयोगसमन्विताः ।
नानाभरणशोभाढ्या नानारत्नोपशोभिताः ॥१२॥
दृश्यन्ते रथमारूढा देव्यः क्रोधसमाकुलाः ।
शङ्खं चक्रं गदां शक्तिं हलं च मुसलायुधम् ॥१३॥
खेटकं तोमरं चैव परशुं पाशमेव च ।
कुन्तायुधं त्रिशूलं च शार्ङ्गमायुधमुत्तमम् ॥१४॥
दैत्यानां देहनाशाय भक्तानामभयाय च ।
धारयन्त्यायुधानीत्थं देवानां च हिताय वै ॥१५॥
नमस्तेऽस्तु महारौद्रे महाघोरपराक्रमे ।
महाबले महोत्साहे महाभयविनाशिनि ॥१६॥
त्राहि मां देवि दुष्प्रेक्ष्ये शत्रूणां भयवर्धिनि ।
प्राच्यां रक्षतु मामैन्द्री आग्नेय्यामग्निदेवता ॥१७॥
दक्षिणेऽवतु वाराही नैर्ऋत्यां खड्गधारिणी ।

---

यसप्रकार यी सबै माताहरू सबै प्रकारका योगशक्तिले सम्पन्न छन् । यिनीबाहेक अरु पनि धेरै देवीहरू छन्, जो अनेक प्रकारका आभूषणको शोभाले युक्त तथा नानाप्रकारका रत्नले सुशोभित छन् ॥१२॥

यी सम्पूर्ण देवीहरू क्रोधले भरिएका छन् एवं भक्तका रक्षाको लागि रथमा बसेका छन् । शङ्ख, चक्र, गदा, शक्ति, हलो, मुसल, खेटक, तोमर, बञ्चरो, पाश, कुन्त, त्रिशूल एवं शार्ङ्गधनुष आदि उत्तम शस्त्रास्त्रहरू आफ्नो हातमा धारण गरेका छन् । दैत्यको शरीरको नाश गर्नु, भक्तलाई अभयदान दिनु एवं देवताहरूको कल्याण गर्नु उनीहरूको उद्देश्य हो ॥१३-१५॥ महान् रौद्ररूप धारण गर्ने, अत्यन्त घोर पराक्रम हुनुभएकी, महान् बल एवं उत्साहवाली हे देवी ! हजुर ठूलो भयको नाश गर्न सक्नुहुन्छ हजुरलाई नमस्कार छ ॥१६॥ जोसुकैले हेर्न पनि नसक्ने र शत्रुको भय बढाउने हे जगदम्बिके ! हजुरले मेरो रक्षा गर्नुहोस् । पूर्वदिशामा ऐन्द्री, आग्नेय कोणमा अग्निशक्ति, दक्षिणमा वाराही तथा नैर्ऋत्यमा खड्गधारिणी देवीले मेरो रक्षा गरून् । पश्चिम दिशामा

प्रतीच्यां वारुणी रक्षेद् वायव्यां मृगवाहिनी ॥१८॥
उदीच्यां पातु कौमारी ऐशान्यां शूलधारिणी ।
ऊर्ध्वं ब्रह्माणि मे रक्षेदधस्ताद् वैष्णवी तथा ॥१९॥
एवं दश दिशो रक्षेच्चामुण्डा शववाहना ।
जया मे चाग्रतः पातु विजया पातु पृष्ठतः ॥२०॥
अजिता वामपार्श्वे तु दक्षिणे चापराजिता ।
शिखामुद्योतिनी रक्षेदुमा मूर्ध्नि व्यवस्थिता ॥२१॥
मालाधरी ललाटे च भ्रुवौ रक्षेद् यशस्विनी ।
त्रिनेत्रा च भ्रुवोर्मध्ये यमघण्टा च नासिके ॥२२॥
शङ्खिनी चक्षुषोर्मध्ये श्रोत्रयोर्द्वारवासिनी ।
कपोलौ कालिका रक्षेत्कर्णमूले तु शाङ्करी ॥२३॥
नासिकायां सुगन्धा च उत्तरोष्ठे च चर्चिका ।
अधरे चामृतकला जिह्वायां च सरस्वती ॥२४॥

---

वारुणी देवी एवं वायव्य कोणमा मृगवाहिनी देवीले मरो रक्षा गरून् । उत्तर दिशामा कौमारी एवं ईशान दिशामा शूलधारिणी भगवतीले मेरो रक्षा गरून् । ब्रह्माणी देवीले माथिबाट एवं वैष्णवी देवी तलबाट मेरो रक्षा गरून् ॥१७-१९॥ त्यसैगरी शववाहना चामुण्डा देवीले दसै दिशामा मेरो रक्षा गरून् । जयाले अगाडिबाट एवं विजयाले पछाडिबाट मेरो रक्षा गरून् ॥२०॥ बायाँ भागमा अजिताले र दायाँ भागमा अपराजिताले मेरो रक्षा गरून् । उद्योतिनीले मेरो शिखाको र उमाले मेरो शिरको रक्षा गरून् ॥२१॥ निधारमा मालाधरीले रक्षा गरून् एवं यशस्विनी देवीले मेरो आँखीभौंको संरक्षण गरून् । आँखीभौंको मध्यभागमा त्रिनेत्रा एवं यमघण्टा देवीले नाकको प्वालको रक्षा गरून् ॥२२॥ दुबै नेत्रको बीच भागमा शङ्खिनी एवं कानमा द्वारवासिनी देवीले रक्षा गरून् । कालिका देवीले गालाको रक्षा गरून् तथा भगवती शाङ्करीले कानको मूल भागको रक्षा गरून् ॥२३॥ नाकमा सुगन्धा एवं माथिल्लो ओठमा चर्चिका देवीले रक्षा गरून् । तल्लो ओठमा अमृतकला तथा जिब्रोमा सरस्वती देवीले रक्षा गरून् ॥२४॥

दन्तान् रक्षतु कौमारी कण्ठदेशे तु चण्डिका ।
घण्टिकां चित्रघण्टा च महामाया च तालुके ॥२५॥
कामाक्षी चिबुकं रक्षेद् वाचं मे सर्वमङ्गला ।
ग्रीवायां भद्रकाली च पृष्ठवंशे धनुर्धरी ॥२६॥
नीलग्रीवा बहिःकण्ठे नलिकां नलकूबरी ।
स्कन्धयोः खड्गिनी रक्षेद् बाहू मे वज्रधारिणी ॥२७॥
हस्तयोर्दण्डिनी रक्षेदम्बिका चाङ्गुलीषु च ।
नखाञ्छूलेश्वरी रक्षेत्कुक्षौ रक्षेत्कुलेश्वरी ॥२८॥
स्तनौ रक्षेन्महादेवी मनः शोकविनाशिनी ।
हृदये ललिता देवी उदरे शूलधारिणी ॥२९॥
नाभौ च कामिनी रक्षेद् गुह्यं गुह्येश्वरी तथा ।
पूतना कामिका मेढ्रं गुदे महिषवाहिनी ॥३०॥
कट्यां भगवती रक्षेज्जानुनी विन्ध्यवासिनी ।

---

कौमारीले दाँतहरूको एवं चण्डिकाले कण्ठप्रदेशको रक्षा गरून् । चित्रघण्टा भगवतीले रुद्रघण्टीको एवं महामायाले तालुको रक्षा गरून् ॥२५॥

कामाक्षी देवीले चिउँडोको एवं सर्वमङ्गला देवीले मेरो बाणीको रक्षा गरून् । भद्रकालीले घाँटीको एवं धनुर्धरीले मेरुदण्डको रक्षा गरून् ॥२६॥ घाँटीको बाहिरी भागमा नीलग्रीवा र घाँटीको नलीमा नलकुबरीले रक्षा गरून् ।खड्गिनीले दुबै काँधको र वज्रधारिणीले दुबै पाखुराको रक्षा गरून् ॥२७॥ दण्डिनीले दुबै हातको एवं अम्बिकाले औँलाहरूको गरून् । शूलेश्वरीले दुबै हातका नङहरूका र कुलेश्वरीले कोखको रक्षा गरून् ॥२८॥ महादेवीले दुबै स्तनको र शोकविनाशिनी देवीले मनको रक्षा गरून् । ललिता देवीले हृदयको एवं शूलधारिणी देवीले भुँडीको रक्षा गरून् ॥२९॥ कामिनी देवीले नाभिको एवं गुह्येश्वरीले गुह्यभागको रक्षा गरून् । पूतना र कामिकाले लिङ्गको एवं महिषवाहिनीले गुदद्वारको रक्षा गरून् ॥३०॥ भगवतीले कटिभागको एवं विन्ध्यवासिनीले घुँडाको रक्षा गरून् । सम्पूर्ण कामनाहरू पूरा गर्ने महाबला

जङ्घे महाबला रक्षेत्सर्वकामप्रदायिनी ॥३१॥
गुल्फयोर्नारसिंही च पादपृष्ठे तु तैजसी ।
पादाङ्गुलीषु श्री रक्षेत्पादाधस्तलवासिनी ॥३२॥
नखान् दंष्ट्राकराली च केशांश्चैवोर्ध्वकेशिनी ।
रोमकूपेषु कौबेरी त्वचं वागीश्वरी तथा ॥३३॥
रक्तमज्जावसामांसान्यस्थिमेदांसि पार्वती ।
अन्त्राणि कालरात्रिश्च पित्तं च मुकुटेश्वरी ॥३४॥
पद्मावती पद्मकोशे कफे चूडामणिस्तथा ।
ज्वालामुखी नखज्वालामभेद्या सर्वसंधिषु ॥३५॥
शुक्रं ब्रह्माणि मे रक्षेच्छायां छत्रेश्वरी तथा ।
अहङ्कारं मनो बुद्धिं रक्षेन्मे धर्मधारिणी ॥३६॥
प्राणापानौ तथा व्यानमुदानं च समानकम् ।

---

देवीले दुबै तिघ्राको रक्षा गरून् ॥३१॥ नारसिंही भगवतीले दुबै गोलीगाँठोको एवं तैजसी देवीले दुबै पाउको पृष्ठभागको रक्षा गरून् । श्रीदेवीले खुट्टाका औंलाहरू एवं तलवासिनी देवीले दुबै पैतालाको रक्षा गरून् ॥३२॥

भयानक दाह्रा भएकी दंष्ट्राकराली देवीले खुट्टाका नङको एवं उर्ध्वकेशिनी देवीले कपालको रक्षा गरून् । रौंका छिद्रमा कौबेरी एवं छालाको वागेश्वरी देवीले रक्षा गरून् ॥३३॥ पार्वती देवीले रगत, मज्जा, बोसो, मासु, हड्डी र मासीको रक्षा गरून् । कालरात्रीले आन्द्राको एवं मुकुटेश्वरीले पित्तको रक्षा गरून् ॥३४॥ पद्मावती देवीले मूलाधारदेखि सहस्रारसम्मका कमलकोशहरूको रक्षा गरून् भने चूडामणि देवीले कफको रक्षा गरून् । ज्वालामुखीले नङको तेजको एवं अभेद्या देवीले शरीरका सम्पूर्ण जोर्नीहरूको रक्षा गरून् ॥३५॥

ब्रह्माणी देवीले मेरो वीर्यको रक्षा गरून् । छत्रेश्वरी देवीले छाँयाको तथा धर्मधारिणी देवीले अहङ्कार, मन एवं बुद्धिको रक्षा गरून् ॥३६॥ वज्रहस्ता देवीले मेरो प्राण, अपान, व्यान, उदान एवं ~~समस्त~~ समान वायुको रक्षा गरून् ।

वज्रहस्ता च मे रक्षेत्प्राणं कल्याणशोभना ॥३७॥
रसे रूपे च गन्धे च शब्दे स्पर्शे च योगिनी ।
सत्त्वं रजस्तमश्चैव रक्षेन्नारायणी सदा ॥३८॥
आयू रक्षतु वाराही धर्मं रक्षतु वैष्णवी ।
यशः कीर्तिं च लक्ष्मीं च धनं विद्यां च चक्रिणी ॥३९॥
गोत्रमिन्द्राणि मे रक्षेत्पशून्मे रक्ष चण्डिके ।
पुत्रान् रक्षेन्महालक्ष्मीर्भार्यां रक्षतु भैरवी ॥४०॥
पन्थानं सुपथा रक्षेन्मार्गं क्षेमकरी तथा ।
राजद्वारे महालक्ष्मीर्विजया सर्वतः स्थिता ॥४१॥
रक्षाहीनं तु यत्स्थानं वर्जितं कवचेन तु ।
तत्सर्वं रक्ष मे देवि जयन्ती पापनाशिनी ॥४२॥
पदमेकं न गच्छेत्तु यदीच्छेच्छुभमात्मनः ।

---

भगवती कल्याणशोभनाले मेरो प्राणको रक्षा गरून् ॥३७॥ रस, रूप, गन्ध, शब्द एवं स्पर्श यी विषयहरूको अनुभव गरिरहँदा मलाई योगिनी देवीले रक्षा गरून् तथा मेरा सत्त्वगुण, रजोगुण एवं तमोगुणको नारायणी देवीले सधैं रक्षा गरून् ॥३८॥ वाराही देवीले आयुको रक्षा गरून्, वैष्णवी देवीले धर्मको रक्षा गरून् अनि चक्रिणी देवीले यश, कीर्ति, लक्ष्मी, धन तथा विद्याको रक्षा गरून् ॥३९॥ हे इन्द्राणी ! हजुर मेरो गोत्रको रक्षा गर्नुहोस् । हे चण्डिका ! हजुरले मेरो पशुहरूको रक्षा गर्नुहोस् । महालक्ष्मीले छोराको रक्षा गरून् तथा भैरवीले पत्नीको रक्षा गरून् ॥४०॥ मेरो बाटोको सुपथाले तथा राजमार्गको क्षेमकरी देवीले रक्षा गरून् । राजाको दरबारमा महालक्ष्मीले रक्षा गरून् तथा सबैतिर व्याप्त रहने विजया देवीले सम्पूर्ण भयबाट मेरो रक्षा गरून् ॥४१॥ हे जयन्ती देवी ! हजुर पापनाशिनी हुनुहुन्छ । कवचद्वारा रक्षित नभएका स्थानहरूमा हजुरले रक्षा गर्नुहोस् ॥४२॥ जसले आफ्नो कल्याण चाहन्छ, उसले कवच पाठ गरेर नै आफ्ना सबै कार्य थालोस्, योविना एक पाइला पनि

कवचेनावृतो नित्यं यत्र यत्रैव गच्छति ॥४३॥
तत्र तत्रार्थलाभश्च विजयः सर्वकामिकः ।
यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम् ।
परमैश्वर्यमतुलं प्राप्स्यते भूतले पुमान् ॥४४॥
निर्भयो जायते मर्त्यः सङ्ग्रामेष्वपराजितः ।
त्रैलोक्ये तु भवेत्पूज्यः कवचेनावृतः पुमान् ॥४५॥
इदं तु देव्याः कवचं देवानामपि दुर्लभम् ।
यः पठेत्प्रयतो नित्यं त्रिसन्ध्यं श्रद्धयान्वितः ॥४६॥
दैवी कला भवेत्तस्य त्रैलोक्येष्वपराजितः ।
जीवेद् वर्षशतं साग्रमपमृत्युविवर्जितः ॥४७॥
नश्यन्ति व्याधयः सर्वे लूताविस्फोटकादयः ।
स्थावरं जङ्गमं चैव कृत्रिमं चापि यद्विषम् ॥४८॥

---

अघि नबढाओस् । कवचद्वारा सुरक्षित भएको मनुष्य जहाँ-जहाँ जान्छ त्यहाँ-त्यहाँ उसलाई धनप्राप्ति हुन्छ तथा उसले आफ्ना सबै इच्छाहरूलमई पूरा गर्ने विजय प्राप्त गर्दछ । त्यो जुनजुन अभीष्ट वस्तुको चिन्तन गर्दछ ती-ती वस्तुलाई निश्चय नै प्राप्त गर्दछ । त्यस व्यक्तिले यस भूमण्डलमा अतुलनीय ऐश्वर्य प्राप्त गर्दछ ॥४३-४४॥ कवचले सुरक्षित मानिस निर्भय हुन्छ । युद्धमा उसको पराजय हुँदैन तथा ऊ तीनै लोकमा पूजनीय हुन्छ ॥४५॥

भगवती देवीको यो कवच देवताहरूको लागि पनि दुर्लभ छ, जो प्रतिदिन नियमपूर्वक तीनै सन्ध्या(बिहान, दिउँसो, बेलुका)मा श्रद्धापूर्वक यसको पाठ गर्दछ, उसले दैवी शक्ति प्राप्त गर्दछ तथा त्यो तीनै लोकमा कहीं पनि पराजित हुँदैन । ऊ अकाल मृत्युले रहित भई सयभन्दा पनि धेरै वर्षसम्म जीवित रहन्छ ॥४६-४७॥ कवच पाठ गर्ने व्यक्तिका लुतो, खटिरा आदि सबै रोगहरू नष्ट हुन्छन् तथा धतूरो, सर्प आदि स्थावर-जङ्गम प्राणीहरूका विषहरू एवं विभिन्न रसायनबाट बनाइएका मनुष्यनिर्मित कृत्रिम विषहरूले पनि उसलाई बिगार गर्दैनन् ॥४८॥

अभिचाराणि सर्वाणि मन्त्रयन्त्राणि भूतले ।
भूचराः खेचराश्चैव जलजाश्चोपदेशिकाः ॥४९॥
सहजा कुलजा माला डाकिनी शाकिनी तथा ॥
अन्तरिक्षचरा घोरा डाकिन्यश्च महाबलाः ॥५०॥
ग्रहभूतपिशाचाश्च यक्षगन्धर्वराक्षसाः ॥
ब्रह्मराक्षसवेतालाः कूष्माण्डा भैरवादयः ॥५१॥
नश्यन्ति दर्शनात्तस्य कवचे हृदि संस्थिते ।
मानोन्नतिर्भवेद् राज्ञस्तेजोवृद्धिकरं परम् ॥५२॥
यशसा वर्धते सोऽपि कीर्तिमण्डितभूतले ।
जपेत्सप्तशतीं चण्डीं कृत्वा तु कवचं पुरा ॥५३॥
यावद्भूमण्डलं धत्ते सशैलवनकाननम् ।
तावत्तिष्ठति मेदिन्यां सन्ततिः पुत्रपौत्रिकी ॥५४॥

---

जो व्यक्तिले यस कवचलाई आफ्नो हृदयमा धारण गर्दछ, उसलाई देख्नेवित्तिकै मारण, मोहन आदि आभिचारिक प्रयोगहरू तथा यससम्बन्धी मन्त्र, यन्त्रहरू समेत नष्ट हुन्छन् । पृथिवीमा घुम्ने ग्रामदेवता, आकाशमा घुम्ने देवविशेष, जलमा उत्पन्न हुने गण, उपदेश मात्रले सिद्ध हुने निम्नकोटिका देवता, जन्मनासाथै प्रकट हुने देवता, कुलदेवता, माला, डाकिनी, शाकिनी, अन्तरिक्षमा घुम्ने अत्यन्त बलशाली भयानक डाकिनीहरू, ग्रह, भूत, पिशाच, यक्ष, गन्धर्व, राक्षस, ब्रह्मराक्षस, वेताल, कूष्माण्ड, भैरव आदि अनिष्टकारक देवताहरू पनि त्यस मनुष्यलाई देख्ने बित्तिकै भाग्छन् । यस्तो व्यक्तिले र ाजाबाट सम्मान पाउँछ । यो उत्तम स्तोत्रले मनुष्यहरूको तेजलाई बढाउँदछ ॥४९-५२॥ कवच पाठ गर्ने व्यक्तिको कीर्ति भूमण्डलभरी फैलन्छ र कीर्तिसँगसँगै उसको निरन्तर उन्नति भइरहन्छ । जसले कवचको पाठ गरी सप्तशतीस्तोत्र पढ्दछ भने उसको सन्ततिपरम्परा यस पृथिवीमा तबसम्म रहिरहन्छ, जबसम्म वन, उपवन र पर्वतले सहित पृथिवी रहन्छिन् ॥५३-५४॥

देहान्ते परमं स्थानं यत्सुरैरपि दुर्लभम् ।
प्राप्नोति पुरुषो नित्यं महामायाप्रसादतः ॥५५॥
लभते परमं रूपं शिवेन सह मोदते ॥५६॥

इति देव्याः कवचं सम्पूर्णम् ॥

देहान्तपछि त्यस पुरुषले महामाया भगवतीको प्रसादल देवताहरूको लागि पनि दुर्लभ परमपदलाई प्राप्त गर्दछ ॥५५॥
त्यो पुरुष दिव्यरूप धारण गरी दिव्यलोकमा शिवका साथ निरन्तर आनन्दित रहन्छ ॥५६॥ ❋

❋**सारांश–**

**कवच**को अर्थ सुरक्षाको लागि शरीरमा धारण गरिने आवरण भन्ने हुन्छ। कवच धारण गर्नाले व्यक्ति दुष्टहरूको प्रहारबाट सुरक्षित रहन सक्दछ। साधनामा प्रवेश गरेका साधकहरूको मार्गमा पनि अनेक बाधाहरू उपस्थित हुन सक्दछन् । यी बाधाहरूलाई यहाँ असुर, यक्ष, गन्धर्व आदि भनिएको छ। साधक यदि ब्रह्मस्वरूप बन्ने साधनामा लागेको छ भने त्यसमा देवताहरूले नै बाधा गर्दछन् भनिएको छ। इन्द्र, अग्नि आदि देवताहरू हाम्रा इन्द्रियका अधिष्ठाता देवता हुन्, तर ब्रह्मरूपको प्राप्तिमा तिनले पनि बाधा गर्दछन् । **एषां तन्न प्रियं यदेतन्मुनष्याः विद्युः** (बृ.उ.१/४/१०) अर्थात् मानिसहरूले तत्त्वज्ञानी हुन लागेको कुरा देवताहरूलाई पनि मन पर्दैन । त्यसैले उपनिषद्मा अज्ञानी देवताहरूलाई पनि असुरकै कोटिमा राखिएको छ। त्यसकारण साधनाको मार्गमा आफ्ना अङ्ग एवं इन्द्रियहरूलाई रक्षा गर्न र सन्मार्गमा लगाउन देवताहरूको शक्तिको मात्र भर परेर पुग्दैन, भगवतीकै शरणमा जानुपर्दछ। उहाँको शक्ति सबैभन्दा अमोघ शक्ति हो । यस शक्तिलाई सुर-असुर सबै मिलेर पनि नष्ट गर्न सक्दैनन् । यही परमशक्तिद्वारा संरक्षित हुनाका लागि दुर्गाकवचको पाठ गर्नुपर्दछ। यसमा हरेक अङ्गहरूमा भगवतीका अनेक शक्तिहरूले संरक्षित गरिरहेको भावना गर्नुपर्दछ। कवच स्तोत्रमा मेरो शिरलाई उमाले र क्षा गरून्, जिब्रोलाई सरस्वतीले रक्षा गरून्, मनलाई शोकविनाशिनी देवीले रक्षा गरून्, हृदयलाई ललिता देवीले रक्षा गरून्, अनि बुद्धि अहङ्कार आदिलाई धर्मधारिणीले रक्षा गरून् भनी आफ्ना प्रत्येक अङ्ग-अङ्गहरूको पनि रक्षा गर्ने प्रार्थना गरिएको छ। यसको नित्य प्रयोगले शारीरिक रोग र मानसिक दोष आदिबाट पनि छुट्न सकिने शास्त्रीय प्रमाण छ र रोगआदिबाट मुक्ति प्राप्त भएको उपासकहरूको अनुभव पनि छ।

॥ ॐ नमश्चामुण्डायै ॥

# अथार्गलास्तोत्रम्

ॐ अस्य श्री अर्गलास्तोत्रमन्त्रस्य विष्णुर्ऋषिः, अनुष्टुप् छन्दः, श्रीमहालक्ष्मीर्देवता, श्रीजगदम्बाप्रीतये सप्तशतीपाठाङ्गत्वेन जपे विनियोगः ॥

**ॐ नमश्चण्डिकायै ॥**

*मार्कण्डेय उवाच*

**ॐ जयन्ती मङ्गला काली भद्रकाली कपालिनी ।**
**दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥१॥**

---

**मार्कण्डेय ऋषिले भन्नुभयो–** जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा र स्वधा यी नामले प्रसिद्ध हे जगदम्बिके ! हजुरलाई मेरो नमस्कार छ ॥ १ ॥❋

---

❋ यहाँ भगवतीलाई अनेक रूपमा नमस्कार गरिएको छ । यहाँ भगवती देवीको ध्यानमा चिन्तन गर्नुपर्ने मङ्गलमय गुणहरूको प्रशंसा गरिएको हो । जयन्ती शब्दले भगवती सर्वोत्कृष्ट हुनुहुन्छ भन्ने जनाउँदछ । ***जयति सर्वोत्कर्षेण वर्तते इति जयन्ती*** अर्थात् सबैभन्दा उत्कृष्ट हुनुहुने भगवतीलाई जयन्ती भनिन्छ । कारण आफ्नो कार्यभन्दा उत्कृष्ट हुन्छ । सम्पूर्ण जगत् अनि यहाँका देवता, मानिस, पशु आदि सबै प्राणीहरू पनि भगवतीबाट नै उत्पन्न भएकाले उहाँका कार्य हुन् । कारणमा केही न केही परिवर्तन न आई त्यो कार्य रूपमा देखिदैँन, तर भगवतीचाहिँ आफ्नो स्वरूपमा अलिकति पनि न बिग्रिई अनन्त जगत्को रूपमा बन्नुभएको हो । जगत्का वस्तुहरू पनि एक आपसमा कारण हुनु सक्दछन् तर तिनीहरू विकारी कारण हुन् भने भगवती निर्विकार कारण हुनुहुन्छ । त्यसैले उहाँ परमकारणरूपा भएकाले सर्वोत्कृष्ट हुनुहुन्छ ।

**मगि गतौ** धातुबाट मङ्ग शब्द बन्दछ । मङ्ग शब्दको अर्थ बारम्बार जन्मनु र बारम्बार मर्नुरूपी संसारचक्र भन्ने हुन्छ । ***मङ्गं लाति–गृह्णाति नाशयतीति मङ्गला*** अर्थात् आफ्ना भक्तहरूको जन्ममृत्युरूप संसारलाई नष्ट गरिदिने हुनाले उहाँलाई मङ्गला भनिएको हो । ***कलयति भक्षयति प्रलये सर्वं*** अर्थात् जसले प्रलयमा सम्पूर्ण वस्तुहरूलाई आफूमा लीन गरिदिनुहुन्छ, त्यस्ती

भगवतीलाई काली भनिन्छ । *भद्रं कलयति स्वीकरोति इति भद्रकाली* अर्थात् आफ्ना भक्तहरूलाई सुख प्रदान गर्ने हुनाले भगवतीलाई भद्रकाली भनिएको हो । भनिएको पनि छ– **भद्रकाली सुखप्रदा** । कपाल शब्दको अर्थ खप्पर भन्ने हुन्छ । ब्रह्मा, इन्द्र आदि सबै देवताहरू आ-आफ्नो समय भएपछि नष्ट हुन्छन् । प्रलयकालमा ब्रह्मा आदि सबै देवताहरूलाई नष्ट गरेर उनीहरूको खप्पर लिई भयानक रूपमा विचरण गर्ने हुनाले भगवतीलाई कपालिनी भनिएको हो । सबै देवताहरूको खप्पर लिई अविनाशी रूपमा विचरण गरिरहने अर्थमा भगवतीलाई कपालिनी भनिएको हो । अर्को अर्थअनुसार चाहिँ हातमा कमल लिने भएकाले भगवतीले कपालिनी भनिएको हो । **क** शब्दको अर्थ पानी भन्ने हुन्छ । त्यसमा पालित हुने भएकाले कमललाई कपाल भनिन्छ । भगवतीको हातमा हुने यो कमल सामान्य कमल नभई प्रपञ्चरूप कमल हो । सम्पूर्ण संसार भगवतीको हातमा कमल समान अडिएको छ भन्ने अर्थ यसले दिन्छ ।

दुर्गा शब्दका दुई अर्थहरू छन् । *दुःखेन गम्यते प्राप्यते इति दुर्गा* अर्थात् अत्यन्त दुःखपूर्ण साधनाले मात्र प्राप्त गर्न सकिने भएकाले भगवतीलाई दुर्गा भनिएको हो । निष्काम कर्म, योगाभ्यास, उपासना आदि अनेक साधनाहरूको अनुष्ठानपछि मात्र भगवतीलाई प्राप्त गर्न सकिन्छ । *दुःखेन अष्टाङ्गयोगेन साक्षात्कर्तुं शक्यते इति दुर्गा* अर्थात् यम, नियम आदि अष्ट साधनाहरूले युक्त योगद्वारा मात्र साक्षात्कार गर्न सकिने हुनाले उहाँलाई दुर्गा भनिएको हो । ब्रह्मरूपिणी भगवतीको प्राप्ति यस्तै अनन्य निष्ठापूर्ण प्रयासबाट मात्र हुने देखिन्छ । दुर्गमासुरलाई मार्ने भन्ने अर्थमा पनि उहाँलाई दुर्गा भनिएको हो । यो कथा भगवती स्वयंले एघारौँ अध्यायको ४५ औँ श्लोकमा सूचित गर्नुभएको छ ।

**क्षमूष् सहने** धातुबाट क्षमा शब्द बन्दछ । **क्षमा** शब्दले शत्रुहरूको अपराध या कसैको पनि त्रुटिलाई प्रसन्नतापूर्वक सहनु भन्ने अर्थ दिन्छ । अज्ञानी जीवहरूले क्षण-क्षणमा अनेकौँ गल्ती गरिरहेका हुन्छन् तर भगवतीले भने परम दयामयी भई ती सबै गल्तीलाई क्षमा गर्नुहुन्छ । आफ्ना भक्तका

जय त्वं देवि चामुण्डे जय भूतार्तिहारिणि ।
जय सर्वगते देवि कालरात्रि नमोऽस्तु ते ॥२॥
मधुकैटभविद्राविविधातृवरदे नमः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥३॥

हे देवी चामुण्डे ! हजुरको जय होस् । सम्पूर्ण प्राणीहरूको दुःख हर्ने हे देवी ! हजुरको जय होस् । सबैमा व्याप्त रहने हे देवी ! हजुरको जय होस् । हे कालरात्री ! हजुरलाई नमस्कार छ ॥ २ ॥

मधु र कैटभलाई मार्ने तथा ब्रह्माजीलाई वरदान दिने हे देवी ! हजुरलाई नमस्कार छ । हजुर मलाई रूप(आत्मरूप ज्ञान) दिनुहोस्, जय (मोहमाथि विजय) दिनुहोस्, यश(ज्ञानको प्राप्तिरूप) दिनुहोस्, एवं काम, क्रोध आदि शत्रुहरूको नाश गर्नुहोस् ॥३॥

---

दोष या त्रुटिलाई वास्ता नगरी उनीहरूमा केवल कृपा मात्र वर्षाइरहने हुनाले भगवतीलाई क्षमा भनिएको हो । **शिवा** शब्दको अर्थ भगवती चिद्रूपिणी हुनुहुन्छ भन्ने हो । **अनुप्रविष्टा या संवित् निर्विकल्पा स्वयंप्रभा** अर्थात् सबैभित्र अनुस्यूत रहने निर्विकल्प एवं स्वयंप्रकाश संवित्लाई शिवा भनिन्छ । यदि प्राणीहरूभित्र चैतन्यरूपले भगवतीको प्रवेश भएन भने ती सबै **अशिव** अर्थात् अमङ्गलमय एवं अपवित्र हुन्छन् । त्यसैले चैतन्यरूपा भगवती शिवा हुनुहुन्छ ।

सम्पूर्ण संसारलाई धारण गर्ने हुनाले उहाँलाई **धातृ** भनिएको हो । सबै वस्तुहरूभित्र अन्तर्यामी रूपमा प्रवेश गरी उहाँलाई धारण गर्ने चैतन्यतत्त्व नै हो । संसारका सबै प्राणीहरूलाई धारण गर्ने भगवती नै हुनुहुन्छ भन्ने कुरा वेदमा यसरी बताइएको छ– **अहं मित्रा वरुणोभा बिभर्म्यहमिन्द्राग्नी अहमश्विनोभा ॥** (ऋ.वे.वागम्भृणीसू.,१) अर्थात् म नै मित्रावरुण दुबैलाई अनि इन्द्र-अग्नि र दुई अश्विनीकुमारलाई धारण गर्दछु । यसरी संसारलाई धारण गर्ने भएकाले भगवतीलाई **धात्री** भनिएको हो । देवताहरूलाई कुनै पनि वस्तु अर्पण गर्दा स्वाहा भन्नुपर्दछ । भगवतीलाई **स्वाहा** भन्नुको तात्पर्य उहाँ देवताहरूलाई पनि पोषण गर्नुहुन्छ भन्ने हो । **स्वधा** शब्दले भगवती पितृहरूलाई पनि पुष्टि गर्नुहुन्छ भन्ने बुझिन्छ । यसरी अनन्त गुणहरूले युक्त रहने भगवतीलाई यहाँ स्तुति गरिएको छ ।

महिषासुरनिर्णाशि भक्तानां सुखदे नमः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥४॥
रक्तबीजवधे देवि चण्डमुण्डविनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥५॥
शुम्भस्यैव निशुम्भस्य धूम्राक्षस्य च मर्दिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥६॥
वन्दिताङ्घ्रियुगे देवि सर्वसौभाग्यदायिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥७॥
अचिन्त्यरूपचरिते सर्वशत्रुविनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥८॥
नतेभ्यः सर्वदा भक्त्या चण्डिके दुरितापहे ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥९॥

---

महिषासुरको वध गर्ने तथा भक्तहरूलाई सुख दिने हे देवी ! हजुरलाई नमस्कार छ । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥४॥ शुम्भ एवं निशुम्भ अनि चण्ड र मुण्डको विनाश गर्ने हे देवी ! हजुरलाई नमस्कार छ । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥६॥

सबैद्वारा वन्दित जोर चरण भएकी तथा सम्पूर्ण ज्ञान प्रदान गर्ने हे देवी ! हजुरलाई नमस्कार छ । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् आदि शत्रुहरूको नाश गर्नुहोस् ॥७॥ हे देवी ! हजुरको रूप एवं चरित्र अचिन्त्य छ । हजुर समस्त शत्रुविनाशिनी हुनुहुन्छ । हे देवी ! हजुरलाई नमस्कार छ । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥८॥जसले भक्तिपूर्वक हजुरको चरणमा शिर झुकाउँछ, उसका सबै पापहरूलाई नष्ट गरिदिने हे चण्डिके ! हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥९॥

स्तुवद्भ्यो भक्तिपूर्वं त्वां चण्डिके व्याधिनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१०॥
चण्डिके सततं ये त्वामर्चयन्तीह भक्तितः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥११॥
देहि सौभाग्यमारोग्यं देहि मे परमं सुखम् ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१२॥
विधेहि द्विषतां नाशं विधेहि बलमुच्चकैः ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१३॥
विधेहि देवि कल्याणं विधेहि परमां श्रियम् ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१४॥
सुरासुरशिरोरत्ननिघृष्टचरणेऽम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१५॥

---

जो भक्तिपूर्वक हजुरको स्तुति गर्दछ, उसको रोग नष्ट गरिदिने हे चण्डिके ! हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥१०॥ हे चण्डिके ! जो भक्तिपूर्वक सधैं हजुर को पूजा गर्दछ, उसलाई हजुर रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥११॥ मलाई सौभाग्य एवं आरोग्य दिनुहोस् । परम सुख दिनुहोस् । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥ १२॥ जो मसँग द्वेष गर्दछ, उसको नाश एवं मेरो बलको वृद्धि गर्नुहोस् । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं काम, क्रोध आदि शत्रुहरूको नाश गर्नुहोस् ॥१३॥ हे देवी कल्याण गर्नुहोस् । मलाई उत्तम सम्पत्ति दिनुहोस् । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं काम, क्रोध आदि शत्रुहरूको नाश गर्नुहोस् ॥ १४॥ हे अम्बिके ! देवता र दानवहरू सबैले झुकेर आफ्नो शिरको मणिमय मुकुटलाई हजुरका चरणमा छुवाई वन्दना गर्दछन्, हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥ १५ ॥

विद्यावन्तं यशस्वन्तं लक्ष्मीवन्तं जनं कुरु ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१६॥
प्रचण्डदैत्यदर्पघ्ने चण्डिके प्रणताय मे ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१७॥
चतुर्भुजे चतुर्वक्त्रसंस्तुते परमेश्वरि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१८॥
कृष्णेन संस्तुते देवि शश्वद्भक्त्या सदाम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥१९॥
हिमाचलसुतानाथसंस्तुते परमेश्वरि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२०॥
इन्द्राणीपतिसद्भावपूजिते परमेश्वरि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२१॥

---

हजुर आफ्नो भक्तहरूलाई विद्वान्, यशस्वी एवं लक्ष्मीवान् बनाउनुहोस् र रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥१६ ॥ प्रचण्ड दैत्यका अहङ्कारको दलन गर्ने हे चण्डिके ! म चरणागतलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥ १७ ॥ चतुर्मुख ब्रह्माजीद्वारा प्रशंसित चार हात भएकी हे परमेश्वरी ! हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥ १८॥

हे देवी अम्बिके ! भगवान् विष्णु निरन्तर भक्तिपूर्वक हजुरकै स्तुति गरिरहनुहुन्छ। हजुर रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥ १९ ॥ हिमालयकी पुत्री पार्वतीका पति महादेवद्वारा प्रशंसित हे परमेश्वरी हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥ २० ॥ शचीपति इन्द्रद्वारा श्रद्धापूर्वक पूजित हे परमेश्वरी हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं काम, क्रोध आदि शत्रुहरूको नाश गर्नुहोस् ॥ २१॥

देवि प्रचण्डदोर्दण्डदैत्यदर्पविनाशिनि ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२२॥
देवि भक्तजनोद्दामदत्तानन्दोदयेऽम्बिके ।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥२३॥
पत्नीं मनोरमां देहि मनोवृत्तानुसारिणीम् ।
तारिणीं दुर्गसंसारसागरस्य कुलोद्भवाम् ॥२४॥
इदं स्तोत्रं पठित्वा तु महास्तोत्रं पठेन्नरः ।
स तु सप्तशतीसंख्यावरमाप्नोति सम्पदाम् ॥२५॥

इति देव्या अर्गलास्तोत्रं सम्पूर्णम् ।



प्रचण्ड भुजा हुनुभएकी, दैत्यका घमण्डलाई नाश गरिदिने हे देवी हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं शत्रुहरूको नाश गर्नुहोस् ॥ २२॥

हे देवी अम्बिके हजुर आफ्ना भक्तहरूलाई सदा असीम आनन्द प्रदान गरिरहनुहुन्छ । हजुर मलाई रूप दिनुहोस्, जय दिनुहोस्, यश दिनुहोस् एवं काम, क्रोध आदि शत्रुहरूको नाश गर्नुहोस् ॥ २३॥ हे भगवती मलाई मेरो इच्छाअनुसार चल्ने र दुस्तर संसारबन्धनबाट पार तारिदिन सक्ने सामर्थ्य भएकी सत्कुलमा उत्पन्न श्रेष्ठ पत्नी प्रदान गर्नुहोस् ॥२४॥ जो मनुष्य यस स्तोत्रको पाठ गरी सप्तशतीरूपी महान् स्तोत्रको पाठ गर्दछ, अनेक पटक सप्तशती पाठ गरेसमान फल पाउँछ र प्रचुर सम्पत्ति प्राप्त गर्दछ ॥ २५॥

**अर्गलाको सारांश**

अर्गला शब्दको अर्थ आग्लो भन्ने हुन्छ । यो स्तोत्रलाई किन अर्गला भनियो भन्ने विषयमा विद्वान्हरू भन्नुहुन्छ– *सिद्धिप्रतिबन्धकं पापमर्गला, तन्नाशकत्वात् स्तोत्रमपि अर्गला* अर्थात् सिद्धिमा प्रतिबन्ध गर्ने पापलाई अर्गला भनिन्छ र त्यो पाप आदि दोषलाई नष्ट गर्ने हुनाले यो स्तोत्रलाई अर्गलास्तोत्र भनिएको हो । यो स्तोत्रमा भगवतीसँग रूप, जय, यश र श्रीको बारम्बार याचना

गरिएको छ । पुत्रले आफ्नो आवश्यकताअनुसार मातासँग कुनै पनि कुराको माग गर्नु अनुचित हुँदैन । वास्तवमा अरु देवताहरूसँग समृद्धिको चाहना गर्दा त्यसबाट भक्तको अनन्यतामा हानि आउँछ र त्यो परमार्थप्राप्तिमा बाधक हुन्छ, तर आफ्नै आमासँग कुनै वस्तु माग्दा पनि त्यसले मातृप्रेममा विचलन आउँदैन । भगवतीमा पूर्णतः समर्पित भइरहेको भक्त यदि सुखी, समृद्ध र रोगरहित भयो भने त्यसबाट भगवतीकै महत्त्व बढ्दछ । परमात्मामा आश्रित भएको भक्तको भरणपोषण गर्ने जिम्मा स्वयं परमात्माकै हुन्छ भन्ने कुरा भगवद्गीतामा पनि बताइएको छ– **तेषां नित्यभियुक्तानां योगक्षेमं वहाम्यहम्** ।(श्रीम.गी.९/२२) अर्थात् ती नित्य मेरो चिन्तन गरिरहने भक्तहरूको योगक्षेम मैले नै वहन गर्दछु । फेरि अरु देवताहरूको उपासनाभन्दा भगवतीको उपासनामा के विशेष छ भने यहाँ भोग र मोक्ष दुबैको प्राप्ति सहजतापूर्वक हुन्छ । भोग भएको ठाउँमा मोक्ष हुँदैन अनि मोक्ष भएको ठाउँमा भोग हुँदैन तर **श्रीसुन्दरीसेवनतत्पराणां भोगश्च मोक्षश्च करस्थ एव** अर्थात् श्रीभगवतीको सेवा गर्नेहरूलाई दुवै हातमा लड्डु भनेझैं भोग र मोक्ष दुबै प्राप्त हुने गर्दछ । यसैले फलकै कामनाले भए पनि मानिसको बुद्धि जगदम्बा भवानीतिर फर्कनु राम्रो कुरा हो । भगवतीबाट एकपटक मागेको कुरा पाइसके पछि साधक बारम्बार भगवतीकै प्रार्थनामा लागिरहन्छ र उसको मन अन्तर्मुख हुँदै जान्छ । **जयं देहि** भन्नुको अर्थ विजय दिनुहोस् भन्ने हो । दैवी र आसुरी वृत्तिहरूको निरन्तर लडाँइ चलिरहेको हृदयमा दैवी वृत्तितर्फ साधकको साधना चलिरहेकाले उसलाई त्यसमा विजय आवश्यक हुन्छ । मलाई इन्द्रियजय र अन्तःकरणजयको अधिकारी बनाइदिनुहोस् भन्नु यस प्रार्थनाको आशय हो । **यश** भनेको अनन्त कीर्ति हो । कीर्तियुक्त मानिस अनन्त कालसम्म जीवन बँच्दछ भनी अनन्त कालसम्मको जीवनसँग कीर्तिको तुलना गरिएको छ– **कीर्तिर्यस्य स जीवति** । परमात्मज्ञानले व्यक्तिको जीवन अनन्त बन्दछ । शरीर आदिको नाश भए पनि परमात्मरूपमा उसको जीवन अनन्त रहन्छ । यही परमात्मरूपतालाई पाउनु नै उसको अनन्त जीवन र अनन्त कीर्ति हो । **द्विषः जहि** भन्नुको तात्पर्य मनभित्र रहेका काम, क्रोध आदि शत्रुहरूलाई नष्ट गरिदिनुहोस् भन्ने हो । यसरी यस प्रार्थनाको आध्यात्मिक तात्पर्य रहेको छ ।

ॐ नमश्चण्डिकायै ॥

# अथ कीलकम्

ॐ अस्य श्रीकीलकमन्त्रस्य शिव ऋषिः, अनुष्टुप् छन्दः, श्रीमहासरस्वती देवता, श्रीजगदम्बाप्रीत्यर्थं सप्तशतीपाठाङ्गत्वेन जपे विनियोगः ।

*मार्कण्डेय उवाच*

**ॐ विशुद्धज्ञानदेहाय त्रिवेदीदिव्यचक्षुषे ।**
**श्रेयःप्राप्तिनिमित्ताय नमः सोमार्धधारिणे ॥१॥**

---

**मार्कण्डेय ऋषिले भन्नुभयो–** शिरमा अर्धचन्द्र धारण गर्ने भगवान् श्रीशिवलाई नमस्कार छ, कल्याणप्राप्तिका एकमात्र कारण हुनुभएका उहाँको शरीर विशुद्ध ज्ञानरूप छ र ती वेदहरू नै उहाँका तीन आँखाहरू हुन् ।*

---

* यस श्लोकमा श्रीशिवलाई नमस्कार गरिएको छ । भगवान् शिवलाई विशुद्ध ज्ञानदेह भनिएको छ । ***विशुद्धं ज्ञानमेव देहः यस्य सः*** अर्थात् विशुद्ध ज्ञान नै शरीर हो जसको । यहाँ देह शब्दको अर्थ बाहिरी शरीर नभई वास्तविक आन्तर स्वरूप भन्ने हुन्छ । प्राणीहरूको शरीर हाड, छाला, रगत आदि भौतिक पदार्थ मिलेर बनेको हुन्छ । तर शिवको शरीर प्राणीहरूको जस्तो हुँदैन । वास्तवमा भन्ने हो भने शिवमा भौतिक शरीरको सम्बन्ध छँदैछैन । आत्माको अस्तित्त्वलाई न जान्नाको कारणले प्राणीहरूले आफूलाई पाञ्चभौतिक शरीरको रूपमा मानेका हुन्छन् तर परमात्मा त केवल ज्ञानस्वरूप हुनुहुन्छ । अखण्ड एवं निर्विकल्प ज्ञान जो सम्पूर्ण संसारको प्रकाशक हो, त्यही नै परमात्माको स्वरूप हो । यदि परमात्माले भक्तमाथि कृपा गर्न शरीर धारण गर्नुभयो भने पनि उहाँको त्यो आविर्भूत शरीर मायिक या पाञ्चभौतिक नभई चिन्मय नै हुन्छ भन्ने बुझाउन यहाँ विशुद्ध ज्ञान भन्ने पद आएको हो । परमात्माको शरीर नै छैन र जब शरीर धारण गरेकैँ गुर्नहुन्छ, तब पनि उहाँको शरीर चिन्मय हुन्छ भनेबाट परमात्माको वास्तविक स्वरूप चिद्रूप नै हो भन्ने थाहा हुन्छ । विशुद्ध ज्ञान भन्नुको तात्पर्य विषयको सम्बन्धले रहित निरपेक्ष ज्ञान भन्ने हुन्छ । ज्ञानतत्त्व अखण्ड एवं निर्विकार छ, यो चैतन्य प्राणीबाट

कहिल्यै पनि लुप्त हुँदैन । जब बाहिरका परिदृश्य बदलिन्छन्, तब यो ज्ञान तत्त्वले ती-ती बदलिएका अवस्था र विषयहरूलाई नै प्रकाशित गरिदिन्छ । त्यसैले नै व्यक्तिको अघि अनि मनभित्र पनि जे-जे भइरहेको हुन्छ, त्यो सबै यही ज्ञानशक्तिद्वारा प्रकाशित भई सिद्ध हुन्छ । जाग्रत्, स्वप्न, सुषुप्ति यी तीनै अवस्था फेरिँदा पनि यो चैतन्यले सबै अवस्थामा रही त्यसलाई प्रकाशित गरिदिएको हुन्छ । बालक, युवा र वृद्धावस्थासम्म पनि यो चैतन्य कहिल्यै पनि बदलिएको हुँदैन । यही चैतन्यकै कारण व्यक्तिले आफूलाई नित्य एक रूपमा म छु भनी बोध गर्दछ । यो ज्ञान तत्त्व कल्पौँ कल्पको परि वर्तन हुँदा पनि समान रूपले नै रहन्छ । त्यसैले आचार्यहरूले स्वयंप्रकाश ज्ञानको कहिल्यै उदय र अस्त छैन भनी बताएका छन्- **नोदेति नास्त्यमेत्येका संविदेषा स्वयंप्रभा** (पं.द.,१/७)। यसरी ज्ञान स्वरूपतः अखण्ड भए पनि अन्तःकरणवृत्तिले जुन विषयलाई ग्रहण गर्दछ, वृत्तिमा आरूढ चैतन्यले पनि त्यसै विषयलाई प्रकाशित गर्ने हुनाले ज्ञानभेदको प्रतीति भएको हो । अन्तःकरणको वृत्ति क्षणिक हुन्छ, त्यसैले घँटोलाई विषय गर्दा घटाकार ज्ञान उत्पन्न भयो भनिन्छ भने अन्तःकरण वृत्तिले घटलाई छाडी पटलाई विषय गर्दा त्यो ज्ञानलाई पनि पटाकार ज्ञान भन्दछन् । वृत्तिहरू फेरिइरहने भएकाले मात्र घटाकार ज्ञान उत्पन्न भयो, पटाकार ज्ञान नष्ट भयो भन्ने प्रतीति भएको हो । त्यसैले वृत्तिरूप ज्ञान उत्पन्न र नष्ट हुने भए तापनि त्यसको मूल आत्मरूप ज्ञान भने सबै दोषले रहित छ । वृत्तिरूप ज्ञानमा विषयको सम्बन्ध छ र यो वृत्तिसापेक्ष भएकाले अनित्य छ तर आत्मरूप ज्ञान विषयसम्बन्धले रहित भएकाले पूर्णतः विशुद्ध छ । यही विशुद्ध ज्ञान नै शिवको स्वरूप हो भनी यहाँ बताइएको छ ।

**त्रिवेदीदिव्यचक्षु** शब्दको अर्थ हुन्छ–'जुन भगवान्का तीन वेदहरू नै तीन आँखा हुन् ।' प्राणीहरूका आँखा भौतिक भएकाले निर्मल हुँदैनन् तर भगवानका आँखा शास्त्ररूप या ज्ञानरूप नै भएकाले त्यो दिव्यचक्षु हो । भगवान् **श्रेयःप्राप्तिनिमित्तः** अर्थात् मोक्षप्राप्तिको कारण पनि हुनुहुन्छ । **श्रेयः** शब्दको अर्थ मोक्ष भन्ने हुन्छ । दुःखको पूर्ण निवृत्ति र परमानन्दको प्राप्ति

सर्वमेतद्विजानीयान्मन्त्राणामभिकीलकम् ।
सोऽपि क्षेममावाप्नोति सततं जाप्यतत्परः ॥२॥
सिद्ध्यन्त्युच्चाटनादीनि वस्तूनि सकलान्यपि ।
एतेन स्तुवतां देवी स्तोत्रमात्रेण सिद्ध्यति ॥३॥
न मन्त्रो नौषधं तत्र न किञ्चिदपि विद्यते ।
विना जाप्येन सिद्ध्येत सर्वमुच्चाटनादिकम् ॥४॥
समग्राण्यपि सिद्ध्यन्ति लोकशङ्कामिमां हरः ।
कृत्वा निमन्त्रयामास सर्वमेवमिदं शुभम् ॥५॥

---

यद्यपि अन्य मन्त्रहरूको निरन्तर जप गरिरहने व्यक्तिको पनि कल्याण हुन्छ र उसलाई पनि उच्चाटन आदि प्रयोगहरू सिद्ध हुन्छन्, तर सबै मन्त्रहरूको सिद्धिमा विघ्न बन्ने कीलकको निवारण गर्न भने सप्तशतीस्तोत्र नै समर्थ भएकाले यसैलाई राम्ररी बुझी उपासना गर्नु उत्तम हुन्छ। अरु मन्त्रविना केवल यही महास्तोत्रद्वारा भगवतीको स्तुति गर्दामात्र पनि उपासकहरूका लागि सच्चिदानन्दरूपिणी भगवती सिद्ध हुनुहुन्छ ॥१-३॥

उसलाई आफ्नो कार्यको सिद्धिका लागि मन्त्र, औषधि तथा अन्य कुनै पनि साधनको उपयोगको आवश्यकता हुँदैन । मन्त्रजपविना नै उसका उच्चाटन आदि समस्त आभिचारिक कर्म सिद्ध हुन्छन् ॥ ४॥

शास्त्रोक्त अनेक साधनहरूमध्ये कुन श्रेष्ठ हो भन्ने मानिसहरूको शङ्कालाई निवारण गर्दै भगवान् शिवले पूर्ण विधिसँग पाठ गरिएको सप्तशती स्तोत्र नै सबै साधनहरूमध्ये सर्वश्रेष्ठ एवं कल्याणकारक छ भनी बताउनुभयो ॥ ५ ॥

---

भगवान् शिवको कृपाविना सम्भव छैन । परमात्माको शरणमा नगई कसैले पनि कल्याण प्राप्त गर्न सक्दैनन् । ***शं करोति*** अर्थात् मोक्षरूप परम कल्याण गर्ने भएकाले नै उहाँलाई शङ्कर भनिएको हो । फेरि उहाँ **सोमार्धधारी** अर्थात् आधा चन्द्रमालाई शिरमा आभूषणको रूपमा धारण गर्ने हुनुहुन्छ । यस्ता शिवजी सबैका लागि नमस्कारयोग्य हुनुहुन्छ ।

स्तोत्रं वै चण्डिकायास्तु तच्च गुप्तं चकार सः ।
समाप्तिर्न च पुण्यस्य तां यथावन्नियन्त्रणाम् ॥६॥
सोऽपि क्षेममवाप्नोति सर्वमेवं न संशयः ।
कृष्णायां वा चतुर्दश्यामष्टम्यां वा समाहितः ॥७॥
ददाति प्रतिगृह्णाति नान्यथैषा प्रसीदति ।
इत्थंरूपेण कीलेन महादेवेन कीलितम् ॥८॥

त्यसपछि महादेवले भगवती चण्डिकाको सप्तशती नामक स्तोत्रलाई गुप्त गरिदिनुभयो । सप्तशतीको पाठले जो पुण्य प्राप्त हुन्छ, त्यो कहिल्यै पनि समाप्त हुँदैन, किन्तु अरु मन्त्रहरूको जपबाट जन्मिएको पुण्यको समाप्ति हुन्छ । अतः भगवान् शिवले अरु मन्त्रभन्दा सप्तशतीलाई नै श्रेष्ठ बनाउनुभयो ॥६ ॥ अरु मन्त्रको जप गर्ने व्यक्तिले पनि यदि त्यससँगै सप्तशती स्तोत्रपाठ गर्दछ भने उसले तत्तत् मन्त्रको पूर्ण सिद्धि पाउनेमा सन्देह र हँदैन । कृष्णपक्षको चतुर्दशी या अष्टमीमा एकाग्रचित्त भई आफ्नो सर्वस्वलाई भगवतीमा समर्पण गरेर फेरि त्यसलाई उहाँको प्रसादको रूपमा स्वीकार गरी व्यवहार गर्ने साधकमाथि भगवती प्रसन्न बन्नुहुन्छ । सर्वस्व समर्पण गर्ने दान प्रतिग्रहरूप यो विधानविना भगवती प्रसन्न नहुन् भनी भगवान् शिवले नै सप्तशतीस्तोत्रलाई कीलित गरिदिनुभएको हो ॥७-८॥✡

✡ यस श्लोकमा सप्तशतीको उत्कीलन गर्ने विधिको सूचना दिइएको छ । **ददाति प्रतिगृह्णाति** अर्थात् दिन्छ र पुनः स्वीकार गर्दछ भनी यहाँ बताइएको छ । यसबाट देवीका उपासकहरूको व्यवहार कस्तो हुनुपर्दछ भन्ने आदर्शको पनि सङ्केत मिल्दछ । आफ्नो सर्वस्व भगवतीको शरणमा अर्पित गरिदिने अनि भगवतीको प्रसादको रूपमा त्यसलाई पुनः स्वीकार गरी आसक्तिरहित भई ती वस्तुहरूको सामान्य उपभोग मात्र गर्नुपर्ने विधान छ । सप्तशती स्तोत्रलाई महादेवले पहिले कीलित गर्नुभएको थियो । कीलन गर्नुको तात्पर्य सामान्य विधिले सप्तशती मन्त्र जप्दा त्यसको फल नमिलोस् भनी शाप दिनु हो । रहस्यतन्त्रस्थ गुरुकीलक पटलमा बताइएअनुसार जब लोकमा चण्डीपाठको प्रचार भयो, तब त्यसको तेजस्विता र सफलताले अरु

सबै कर्मविधिहरू लुप्त हुन लागे । त्यस्तो नहोस् भन्नका लागि भगवान् शिवले यो स्तोत्रलाई गुप्त राख्न शाप दिनुभयो । गुरुबाट देवीदीक्षा लिएको व्यक्तिले उत्कीलनको विधि अपनाएमा मात्र यो स्तोत्र सफल हुनेछ । नत्र अरुका लागि यो स्तोत्र निष्फल हुनेछ । यही नै उहाँको शाप हो ।

गुरुबाट दीक्षा लिइसकेपछि साधकले जति पनि सम्पत्ति कमाउँछ त्यसलाई महिनैपिच्छे देवीमा अर्पण गर्नुपर्दछ । हे देवी ! मैले हजुरको कृपाले जेजति सम्पत्ति कमाएँ त्यो सबै हजुरलाई समर्पित छ । मेरो सम्पूर्ण जीवन अनि संसारभरिका सबै पदार्थहरू केवल हजुरका नै हुन् । त्यसैले यसलाई स्वीकार गर्नुहोस् भने आन्तरिक मनले प्रार्थना गर्नुपर्दछ । दान भनेकै **स्वस्वत्वनिवृत्तिपूर्वकपरस्वत्वसम्पादनम्** अर्थात् आफ्नो वस्तुलाई अरु कसैको बनाइदिनु दान हो । जब साधकले भगवतीलाई सम्पूर्ण पदार्थको दान गर्दछ तब त्यो सम्पत्ति आदिमा उसको केही अधिकार रहँदैन । त्यो पदार्थमा आसक्ति गर्नु या त्यसको हानिलाभको विषयमा अऐ पनि चिन्तन गर्नु भनेको साधकले दान दिइसकेको वस्तुलाई आफैँ स्वीकार गर्नु हो । यो पाप हो, त्यसैले साधकले घर-परिवार, सम्पत्ति आदि सबैबाट आसक्तिरहित एवं निश्चिन्त बनी केवल भगवतीको मात्र चिन्तन गर्नपर्दछ । जबसम्म प्राणी आफूलाई परमात्माभन्दा भिन्न व्यष्टि अस्तित्त्व मानी संसारका पदार्थहरूमा ममता गरिरहन्छ तबसम्म नै ऊ बन्धनमा परिरहेको हुन्छ । शरीर मन आदिमा हुने अहङ्कार, अनि परिवार सम्पत्ति आदिमा हुने ममता नै बन्धनका मुख्य कारण हुन् । त्यसैले महाभारतमा भनिएको छ– **ममेति बध्यते जन्तुर्न ममेति विमुच्यते** अर्थात् प्राणीले **मम** अर्थात् यो मेरो हो भन्यो भने बन्धनमा पर्दछ अनि मेरो होइन परमात्माको हो भन्ने सोच्यो भने त्यसबाट मुक्त हुन्छ ।

उपनिषद्मा बताइएको छ– **एको देवः सर्वभूतेषु गूढः सर्वव्यापी सर्वभूतान्तरमात्मा (श्वेता.उ.,६/११)** अर्थात् संसारमा एउटै चेतन तत्त्व छ, सर्वव्यापक त्यही परमात्मतत्त्व नै सबै प्राणीहरू भित्र अन्तर्यामीको रूपमा लुकेर रहेको छ । यसरी विवेक दृष्टिले हेर्ने हो भने जीवहरूले आ-आफूलाई छुट्टाछुट्टै सम्झी र व्यर्थमा अनित्य वस्तुहरूको संग्रहमा जीवन बिताउनु ठूलै मूर्खता हो

**यो निष्कीलां विधायैनां नित्यं जपति संस्फुटम् ।**
**स सिद्धः स गणः सोऽपि गन्धर्वो जायते नरः ॥९॥**
**न चैवाप्यटस्तस्य भयं क्वापीह जायते ।**
**नापमृत्युवशं याति मृतो मोक्षमवाप्नुयात् ॥१०॥**

जो पूर्वोक्त रीतिले निष्कीलन गरेर यस सप्तशती स्तोत्रलाई प्रतिदिन स्पष्ट उच्चारणपूर्वक पाठ गर्दछ, त्यो मनुष्य सिद्ध हुन्छ त्यही नै देवीको पार्शद हुन्छ एवं गन्धर्व पनि हुन्छ ॥ ९ ॥ सर्वत्र घुमिरहे पनि यस संसारमा उसलाई कहीं पनि डर हुँदैन । उसको अकाल मृत्यु हुँदैन तथा देहत्यागपछि मोक्ष प्राप्त हुन्छ ॥१०॥

परमार्थ सत्यको सामने व्यवहारिक सत्यता पनि स्वप्नझैं काल्पनिक हुन्छ । त्यसैले संसारका काल्पनिक पदार्थहरूको प्राप्ति हुनुभन्दा परमार्थ सत्यको प्राप्ति नै महत्त्वपूर्ण हुन्छ । यसका लागि यहाँ भगवतीको उपासकले आफ्नो सारा सम्पत्ति र स्वयं आफूलाई पनि भगवतीमा नै समर्पित गरिदिनुपर्ने बताइएको छ । तन्त्रको विधानअनुसार जो देवी मन्त्रले दीक्षित गृहस्थ छ उसले महिनाभरी कमाएको सम्पत्ति कृष्णचतुर्दशी या अष्टमीका दिन देवीलाई समर्पण गर्नुपर्दछ । **समर्पयेन् महादेव्यै स्वार्जितं सकलं धनम्** । त्यसपछि **विभज्य पञ्चधा वित्तम्** अर्थात् सम्पत्तिलाई पाँच भागमा बाँड्नुपर्दछ । त्योमध्ये एक भाग गुरु अथवा गुरुपुत्रलाई समर्पण गर्नुपर्दछ । एक भाग देवता पितृ अथवा अतिथिहरूको सत्कारको निम्ति छुट्याउनुपर्दछ भने बाँकी तीन भाग आफ्नो जीविकाका लागि छुट्याउनुपर्दछ । आफूले भोग गर्न छुट्याएको सम्पत्तिमा पनि आसक्ति या ममता हुनुहुँदैन । यसप्रकार देवीमा सबै व्यवहार सुम्पिएको साधक नै सप्तशतीको विशेष अनुष्ठान गर्न योग्य हुन्छ र उसले भगवतीको कृपाले मोक्ष प्राप्त गर्दछ । आसक्तिरहित बन्नु नै भगवतीको मुख्य उपासना हो, संसारका वस्तुहरूलाई पाउनका लागि भगवतीको उपासना गर्नु अत्यन्त तुच्छ हो भन्ने सिद्ध हुन्छ । यस प्रसङ्गबाट सप्तशती ग्रन्थ र देवीको उपासना मुख्यतः मोक्षपरक नै भएको सिद्ध हुन्छ ।

ज्ञात्वा प्रारभ्य कुर्वीत न कुर्वाणो विनश्यति ।
ततो ज्ञात्वैव सम्पन्नमिदं प्रारभ्यते बुधैः ॥११॥
सौभाग्यादि च यत्किञ्चिद् दृश्यते ललनाजने ।
तत्सर्वं तत्प्रसादेन तेन जाप्यमिदं शुभम् ॥१२॥
शनैस्तु जप्यमानेऽस्मिन् स्तोत्रे सम्पत्तिरुच्चकैः ।
भवत्येव समग्रापि ततः प्रारभ्यमेव तत् ॥१३॥
ऐश्वर्यं यत्प्रसादेन सौभाग्यारोग्यसम्पदः ।
शत्रुहानिः परो मोक्षः स्तूयते सा न किं जनैः ॥१४॥

इति देव्याः कीलकस्तोत्रं सम्पूर्णम् ॥

---

त्यसैले कीलकलाई जानेर त्यसको परिहार गरी सप्तशतीको पाठ आरम्भ गर्नुपर्दछ। जो यस्तो गर्दैन उसको नाश हुन्छ ॥११॥ स्त्रीहरूमा रहेको सौभाग्य आदि सबै देवीकै प्रसाद हो, त्यसैले उहाँलाई प्रसन्न गराउने यो कल्यामय स्तोत्रको सधैँ पाठ गर्नुपर्दछ ॥ १२ ॥

यस स्तोत्रको मन्दस्वरमा पाठ गर्नाले थोरै फल पाइन्छ एवं उच्चस्वर मा पाठ गर्नाले पूरा फल प्राप्त हुन्छ । त्यसैले उच्चस्वरले यसको पाठ गर्नुपर्दछ। जसको प्रसादले ऐश्वर्य, सौभाग्य, आरोग्य, सम्पत्ति, शत्रुनाश तथा परमोक्षको पनि सिद्धि हुन्छ, ती कल्याणमइ जगदम्बाको स्तुति मनुष्य किन गर्दैनन् ? ॥१३-१४॥

**कीलकको रहस्य-**

कीलकस्तोत्रमा कस्तो व्यक्ति भगवतीको उपासना गर्न योग्य हुन्छ भन्ने विवेचन गरेको छ। जोसुकै व्यक्तिले जहिलेसुकै पाठ गरेर सप्तशतीको वास्तविक लाभ पाउन सक्दैन। यसका लागि सम्पूर्ण जीवन र आफ्नो सर्वस्व पनि भगवतीमा अर्पण गर्न सक्नुपर्छ। शरीर, इन्द्रिय आदि तुच्छ वस्तुहरूमा अहंभाव र शरीरसँग सम्बन्धित वस्तुहरूमा ममभाव गर्ने व्यक्तिमा भगवतीको अनन्त शक्तिको प्राकट्य कसरी हुनसक्दछ। जो व्यक्ति आफैँ भगवतीमा

समर्पित हुन्छ, उसमा नै भगवतीको पूर्णताको सम्यक् प्रकाश हुन्छ । गङ्गामा मिल्नु अघि कुनै खोल्सा अथवा नालीको पानी सीमित र सामान्य हुन्छ तर त्यसले आफ्नो व्यष्टि रूपलाई छाडी गङ्गामा मिल्नेबित्तिकै त्यो गङ्गाको रूपमा व्यापक र परम पवित्र बन्दछ । भगवतीमा आफ्नो व्यष्टि अस्तित्त्वलाई सुम्पने जीव नै भगवतीको प्रसाद रूपमा प्राप्त हुने कल्याणको अधिकारी हुन्छ । **ददाति प्रतिगृह्णाति** यहाँ साधकले भगवतीलाई कुनै पनि वस्तु अर्पण गर्दा त्यो उसैलाई प्रसादको रूपमा प्राप्त हुने जनाइएको छ । यसको दार्शनिक अर्थ यसप्रकार छ । चिद्रूपिणी भगवती सबै जीवहरूकी बिम्बरूपमा हुनुहुन्छ भने जीवहरू उहाँकै प्रतिबिम्ब हुन् । बिम्बमा अर्पण गरेका वस्तु स्वतः प्रतिबिम्बमा पनि आउने भएकाले भगवतीमा अर्पण गरिएको सर्वस्व पुनः त्यही साधकमा प्राप्त हुन्छ । प्रसादको रूपमा प्राप्त भएको वस्तु उपभोगले बन्धनमा पार्दैन । त्यसैले साधकले सबै जगत्लाई देवीकै प्रसादको रूपमा बुझ्नुपर्दछ । यस्ता उत्तम अधिकारीहरूका लागि नै सप्तशतीको साधना हो तर संसारमा आसक्त भएका व्यक्तिहरूका लागि भने सप्तशतीको पाठ पूर्णतः सफल नहोस् भन्ने महादेवको शाप रहेको छ ।

यसप्रकार कवचद्वारा साधक आफैँ सुरक्षित हुन्छ, अर्गलाद्वारा सिद्धिमा प्रतिबन्धक पाप आदि दोषहरू हट्छन् अनि कीलक स्तोत्रको विधिद्वारा सप्तशतीलाई निष्कीलित या शापमुक्त गर्न सकिन्छ । कुनै विद्वान्हरूले भने कवच, अर्गला र कीलकको क्रमशःपाठको विधानलाई लक्षित गरी यी तीन स्तोत्रले सप्तशती महास्तोत्रलाई सुरक्षित गरेको अर्थ बताएका छन् । कवच भनेको ढोकाको खापा हो । अर्गला भनेको आग्लो हो र कीलक भनेको काँटी या चुकुल हो । जसरी घरमा रहेको सम्पत्तिलाई सुरक्षित गर्न ढोकाको खापा बन्द गरिन्छ, आग्लो लगाइन्छ र चुकुल ठोकिन्छ, त्यसैगरी सप्तशतीलाई सुरक्षित एवं गुप्त राख्नका लागि कवच, अर्गला र कीलक स्तोत्र चाहिन्छ ।

# अथ वेदोक्तं रात्रिसूक्तम्

ॐ रात्रीत्यद्यष्टर्चस्य सूक्तस्य कुशिकः सौभरो रात्रिर्वा भारद्वाज ऋषिः, रात्रिर्देवता, गायत्री छन्दः, देवीमाहात्म्यपाठे विनियोगः ।

**ॐ रात्री व्यख्यदायती पुरुत्रा देव्यक्षभिः । विश्वा अधि श्रियोऽधित ॥ १॥**

**ओर्वप्रा अमर्त्यानिवतो देव्युद्वतः । ज्योतिषा बाधते तमः ॥२॥**

**निरु स्वसारमस्कृतोषसं देव्यायती । अपेदुहासते तमः ॥३॥**

**सा नो अद्य यस्या वयं नि ते यामन्नविक्ष्महि । वृक्षे न वसतिं वयः ॥४॥**

**नि ग्रामासो अविक्षत नि पद्वन्तो नि पक्षिणः । नि श्येनासश्चिदर्थिनः ॥५॥**

**यावया वृक्यं वृकं यवय स्तेनमूर्म्ये । अथा नः सुतरा भव ॥६॥**

**उप मा पेपिशत्तमः कृष्णं व्यक्तमस्थित । उष ऋणेव यातय ॥७॥**

**उप ते गा इवाकरं वृणीष्व दुहितर्दिवः । रात्रि स्तोमं न जिग्युषे ॥८॥**

---

महत्तत्त्वादिरूप इन्द्रियद्वारा सर्वत्र सम्पूर्ण वस्तुहरूलाई प्रकाशित गरिरहेकी रात्रिरूपा देवीले सांसारिक जीवका शुभाशुभ कर्मलाई हेर्नुहुन्छ र सोही अनुसार फलको व्यवस्था गर्न अनन्त शक्ति धारण गर्नुहुन्छ ॥१॥ सम्पूर्ण विश्व, लहरा, वृक्ष आदि सबैलाई ढाकेर रहनुहुने यी अमर देवी आफ्नो ज्ञानमयी ज्योतिद्वारा जीवको अज्ञानरूपी अन्धकारलाई नाश गरिदिनुहुन्छ ॥२॥ परा चित्शक्तिरूपिणी रात्रिदेवी आएर आफ्नी बहिनी ब्रह्मविद्यामयी उषादेवीलाई प्रकट गर्नुहुन्छ, जसद्वारा अविद्यारूपी अन्धकार आफैँ नष्ट हुन्छ ॥३॥ जसको उपस्थितिमा हामी आफ्नो घरमा पक्षीहरू रातमा रूखमा आफूले बनाएको गुँडमा आनन्दपूर्वक शयन गरेझैँ सुखपूर्वक सुत्दछौँ त्यस्ती रात्रीदेवी अहिले मसँग प्रसन्न हुनुहोस् ॥४॥ ती करुणामयी रात्रिदेवीको काखमा सम्पूर्ण ग्रामवासी मनुष्य, खुट्टाले हिँड्ने गाई आदि पशुहरू, चरा र पुतली आदि पक्षीहरू र यात्रा गर्ने बटुवा र वाज आदि प्राणी पनि सुखपूर्वक सुत्दछन् ॥५॥ हे रात्रीमयी चित्शक्ति ! हजुरले कृपा गरेर हाम्रा वासनामय र पापमय ब्बाँसा-ब्बाँसीहरूलाई हामीबाट अगल गरिदिनुहोस् । कामना आदि चोरहरूलाई पनि टाढा हटाउनुहोस् । त्यसपछि हाम्रा लागि सजिलै तर्न योग्य हुनुहोस् ॥६॥ हे रात्रिकी अधिष्ठात्री देवी ! सबैतिर फैलिएको यो कालो अज्ञानमय अन्धकार मेरो नजिक आइरहेको छ । आफ्नो भक्तलाई धन प्रदान गरी ऋणबाट मुक्त गरिदिएझैँ मलाई ज्ञान प्रदान गरी यस अज्ञानबाट मुक्त गरिदिनुहोस् ॥७॥ दुहुनु गाईसमानकी हे रात्रिदेवी ! नजिकैबाट स्तुति गरी म हजुरलाई आफ्नो अनुकूल बनाउँदछु । हे परम व्योमरूप परमात्माकी पुत्री ! काम आदि शत्रुहरूलाई जितिसकेको मबाट हजुरले यो स्तोमरूप हविष्यलाई पनि ग्रहण गर्नुहोस् ॥८॥

# अथ तन्त्रोक्तं रात्रिसूक्तम्[१]

ॐ विश्वेश्वरीं जगद्धात्रीं स्थितिसंहारकारिणीम् ।
निद्रां भगवतीं विष्णोरतुलां तेजसः प्रभुः ॥१॥

*ब्रह्मोवाच*

त्वं स्वाहा त्वं स्वधा त्वं हि वषट्कारः स्वरात्मिका ।
सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता ॥२॥
अर्धमात्रास्थिता नित्या यानुच्चार्या विशेषतः ।
त्वमेव सन्ध्या सावित्री त्वं देवि जननी परा ॥३॥
त्वयैतद्धार्यते विश्वं त्वयैतत्सृज्यते जगत् ।
त्वयैतत्पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा ॥४॥
विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने ।
तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये ॥५॥
महाविद्या महामाया महामेधा महास्मृतिः ।
महामोहा च भवती महादेवी महासुरी ॥६॥
प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी ।
कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा ॥७॥
त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा ।
लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेव च ॥८॥
खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ।
शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा ॥९॥
सौम्या सौम्यतराशेषसौम्येभ्यस्त्वतिसुन्दरी ।
परापराणां परमा त्वमेव परमेश्वरी ॥१०॥
यच्च किञ्चित् क्वचिद्वस्तु सदसद्वाखिलात्मिके ।
तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे तदा ॥११॥

---

१. यसको भावार्थ प्रथम अध्यायको श्लोक संख्या ७०–८७ सम्म दिइएको छ ।

यया त्वया जगत्स्रष्टा जगत्पात्यत्ति यो जगत् ।
सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः ॥१२॥
विष्णुः शरीरग्रहणमहमीशान एव च ।
कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत् ॥१३॥
सा त्वमित्थं प्रभावैः स्वैरुदारैर्देवि संस्तुता ।
मोहयैतौ दुराधर्षावसुरौ मधुकैटभौ ॥१४॥
प्रबोधं च जगत्स्वामी नीयतामच्युतो लघु ।
बोधश्च क्रियतामस्य हन्तुमेतौ महासुरौ ॥१५॥

इति रात्रिसूक्तम् ।

## अथ नवार्णप्रयोगविधिः

श्रीगणपतिर्जयति । ॐ अस्य श्रीनवार्णमन्त्रस्य ब्रह्मविष्णुरुद्रा ऋषयः, गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, ऐं बीजम्, ह्रीं शक्तिः, क्लीं कीलकम्, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीप्रीत्यर्थे जपे विनियोगः ।

### ऋष्यादिन्यासः

ब्रह्मविष्णुरुद्रऋषिभ्यो नमः–शिरसि । गायत्र्युष्णिगनुष्टुप्छन्दोभ्यो नमः– मुखे । महाकालीमहालक्ष्मीमहासरस्वतीदेवताभ्यो नमः– हृदि । ऐं बीजाय नमः– गुह्ये । ह्रीं शक्तये नमः–पादयोः । क्लीं कीलकाय नमः–नाभौ । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे –इति मूलेन करौ संशोध्य–

### अथ करन्यासः

ॐ ऐं अङ्गुष्ठाभ्यां नमः । ॐ ह्रीं तर्जनीभ्यां नमः । ॐ क्लीं मध्यमाभ्यां नमः । ॐ चामुण्डायै अनामिकाभ्यां नमः । ॐ विच्चे कनिष्ठिकाभ्यां नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे करतलकरपृष्ठाभ्यां नमः ।

## अथ हृदयादिन्यासः

ॐ ऐं हृदयाय नमः । ॐ ह्रीं शिरसे स्वाहा । ॐ क्लीं शिखायै वषट् । ॐ चामुण्डायै कवचाय हुम् । ॐ विश्वे नेत्रत्रयाय वौषट् । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विश्वे अस्त्राय फट् ।

## अथ अङ्गन्यासः

ॐ ऐं नमः–शिखायाम् । ॐ ह्रीं नमः–दक्षिणनेत्रे । ॐ क्लीं नमः–वामनेत्रे । ॐ चां नमः –दक्षिणकर्णे । ॐ मुं नमः–वामकर्णे ।
ॐ डां नमः–दक्षिणनासापुटे । ॐ यैं नमः–वामनासापुटे । ॐ विं नमः–मुखे ।
ॐ च्चें नमः–गुह्ये ।

एवं विन्यस्याष्टवारं मूलेन व्यापक[१] कुर्यात् ।

## अथ दिङ्न्यासः

ॐ ऐं प्राच्यै नमः ।ॐ ऐं आग्नेय्यै नमः ।ॐ ह्रीं दक्षिणायै नमः ।ॐ ह्रीं नैऋत्यै नमः ।ॐ क्लीं प्रतीच्यै नमः ।ॐ चामुण्डायै उदीच्यै नमः ।ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विश्वे ऊर्ध्वायै नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विश्वे भूम्यै नमः ।

## अथ ध्यानम्

खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः
शङ्खं संदधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।
नीलाश्मद्युतिमास्यपाददशकां सवे महाकालिकां
यामस्तौस्त्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥ १ ॥

अक्षस्रक्परशुं गदेषुकुलिशं पद्मं धनुष्कुण्डिकां
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ।
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननां
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥ २ ॥

घण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ।
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥ ३ ॥

---

१ व्यापक = मूलमन्त्रद्वारा दुवै हातले शिरदेखि पाउसम्मका अङ्गहरूलाई ८ पटक स्पर्श गर्नु

**ऐं ह्रीं अक्षमालिकायै नमः** इति मन्त्रेण मालां सम्पूज्य प्रार्थयेत्–

ॐ मां माले महामाये सर्वशक्तिस्वरूपिणि ।
चतुर्वर्गस्त्वयि न्यस्तस्तस्मान्मे सिद्धिदा भव ॥
अविघ्नं कुरु माले त्वं प्रतिगृह्णामि दक्षिणे करे ।
जपकाले च सिद्ध्यर्थं प्रसीद मम सिद्धये ॥

**ॐ अक्षमालाधिपतये सुसिद्धिं देहि देहि सर्वमन्त्रार्थसाधिनि साधय साधय सर्वसिद्धिं परिकल्पय परिकल्पय मे स्वाहा ।**

तदनन्तरम्–

**ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे** इति मन्त्रस्याष्टोत्तरशत(१०८)जपं कृत्वा–

गुह्यातिगुह्यगोप्त्री त्वं गृहाणास्मत्कृतं जपम् ।
सिद्धिर्भवतु मे देवि त्वत्प्रसादान्महेश्वरि ॥

इति मन्त्रं पठित्वा देव्या वामहस्ते जपं निवेदयत् ।

## अथ सप्तशतीन्यासः

प्रथममध्यमोत्तरचरित्राणां ब्रह्मविष्णुरुद्रा ऋषयः, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि, नन्दाशाकम्भरीभीमाः शक्तयः, रक्तदन्तिकादुर्गाभ्रामर्यो बीजानि, अग्निवायुसूर्यास्तत्त्वानि, ऋग्यजुःसामवेदा ध्यानानि, सकलकामनासिद्धये श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीदेवताप्रीत्यर्थे जपे विनियोगः ।

ॐ खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ।
शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा ॥ **अङ्गुष्ठाभ्यां नमः** ॥

ॐ शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिःस्वनेन च ॥ **तर्जनीभ्यां नमः** ।

ॐप्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ॥ **मध्यमाभ्यां नमः** ।

ॐ सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते ।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम् ॥ **अनामिकाभ्यां नमः** ।

ॐ खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके ।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥ **कनिष्ठिकाभ्यां नमः** ।

ॐ सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते । **करतलकरपृष्ठाभ्यां नमः ।**

ॐ खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ।
शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा ॥ **हृदयाय नमः ॥**

ॐ शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिःस्वनेन च ॥ **शिरसे स्वाहा ।**

ॐ प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ॥ **शिखायै वषट् ।**

ॐ सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते ।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम् ॥ **कवचाय हुम् ।**

ॐ खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके ।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥ **नेत्रत्रयाय वौषट् ।**

ॐ सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते । **अस्त्राय फट् ।**

## अथ ध्यानम्

विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणां
कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम् ।
हस्तैश्चक्रदासिखेटविशिखांश्चापं गुणं तर्जनीं
बिभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे ॥

॥ॐ दुर्गायै नमः॥

# अथ श्रीदुर्गासप्तशती

## प्रथमोऽध्यायः

### मधु-कैटभ-वधको प्रसङ्ग

*विनियोगः*

ॐ प्रथमचरित्रस्य ब्रह्मा ऋषिः, महाकाली देवता, गायत्री छन्दः, नन्दा शक्तिः, रक्तदन्तिका बीजम्, अग्निस्तत्त्वम्, ऋग्वेदः स्वरूपम्, श्रीमहाकालीप्रीत्यर्थे प्रथमचरित्रजपे विनियोगः ।

**ध्यानम्**

**ॐ खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः**
**शङ्खं सन्दधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।**
**नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकां**
**यामस्तौत्स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥**

**पदार्थ–**

हरौ = भगवान् विष्णु, **स्वपिते** = सुतिसकेपछि, **मधुं** = मधु, **कैटभम्** =कैटभलाई, **हन्तुं** = मार्न, **कमलजः** = कमलबाट उत्पन्न भएका (ब्रह्माजी)ले, **याम्** = जसलाई, **अस्तौत्** = स्तुति गरे; **करैः** = दश हातमा, **खड्गं** =खड्ग, **चक्रगदेषुचापपरिघान्** = चक्र, गदा, बाण, धनुष र भाला, **शूलं** =शूल, **भुशुण्डीं** = भुशुण्डि, **शिरः** = खप्पर, **शङ्खं** = शङ्ख, **दधतीं** = धारण गरेकी, **त्रिनयनां** = तीन आँखा भएकी, **सर्वाङ्गभूषावृताम्** = दिव्य आभूषणले सबै अङ्ग विभूषित भएकी, **नीलाश्मद्युतिम्** = नीलमणिझैं कान्ति भएकी, **आस्यपाददशकां** = दश मुख एवं दश पाउ भएकी, **महाकालिकां** = भगवती महाकालीलाई, **सेवे** = सेवा गर्दछु ।

**भावार्थ–**

म प्रलयकालमा भगवान् विष्णु क्षीरसागरमा सुतिरहँदा आफूलाई मार्न आउने मधु र कैटभको नाश गर्नको लागि कमलजन्मा ब्रह्माजीद्वारा

स्तुति गरिएकी महाकालीको सेवा गर्दछु। तीन नेत्र भएकी उहाँले आफ्ना दश हातमा खड्ग, चक्र, गदा, बाण, धनु, भाला, शूल, भुशुण्डि, खप्पर एवं शङ्ख धारण गर्नुभएको छ। उहाँका सम्पूर्ण अङ्गहरू दिव्य आभूषणले विभूषित छन् र शरीरको कान्ति नीलमणिजस्तै छ।

**ॐ नमश्चण्डिकायै**

*ॐ ऐं मार्कण्डेय उवाच ॥१॥ मार्कण्डेयले भने।*

**सावर्णिः सूर्यतनयो यो मनुः कथ्यतेऽष्टमः ।**
**निशामय तदुत्पत्तिं विस्तराद् गदतो मम ॥२॥**

**पदार्थ–**

**सूर्यतनयः** = सूर्यका छोरा, **सावर्णिः** = सावर्णि, **यः** = जो, **अष्टमः** = आठौं, **मनुः** = मनु, **कथ्यते** = भनिन्छन्, **तदुत्पत्तिं** = तिनको उत्पत्तिका सम्बन्धमा, **विस्तराद्** = विस्तारपूर्वक, **गदतः** = भन्दै गरेको, **मम** = मबाट, **निशामय** = सुन ॥

**भावार्थ–**

सूर्यका पुत्र सावर्णि आठौं मनु हुन्। उनको उत्पत्तिको कथा विस्तार पूर्वक भन्दछु, सुन ॥

**महामायानुभावेन यथा मन्वन्तराधिपः ।**
**स बभूव महाभागः सावर्णिस्तनयो रवेः ॥३॥**

**पदार्थ–**

**रवेः** = सूर्यका, **तनयः** = छोरा, **सः** = ती, **महाभागः** = महाभाग्यमानी, **सावर्णिः** = सावर्णि मनु, **महामायानुभावेन** = भगवती देवीको अनुकम्पाबाट, **यथा** = जसरी, **मन्वन्तराधिपः** = मन्वन्तरका स्वामी, **बभूव** = भए ॥

**भावार्थ–**

सूर्यपुत्र महाभाग्यमानी सावर्णि भगवती महामायाको अनुकम्पाले मन्वन्तरका स्वामी भएका थिए। (त्यो प्रसङ्ग म तिमीलाई सुनाउँछु) ॥३॥

**स्वारोचिषेऽन्तरे पूर्वं चैत्रवंशसमुद्भवः ।**
**सुरथो नाम राजाभूत् समस्ते क्षितिमण्डले ॥४॥**

**पदार्थ–**

**पूर्वं** = परापूर्वकालमा, **स्वारोचिषे** = स्वारोचिष, **अन्तरे** = मन्वन्तरमा, **समस्ते** = सम्पूर्ण, **क्षितिमण्डले** = भूमण्डलमा, **चैत्रवंशसमुद्भवः** = चैत्रवंशमा उत्पन्न भएका, **सुरथः** = सुरथ, **नाम** = नाम गरेका, **राजा** = राजा, **अभूत्** = भए ॥

**भावार्थ–**

पहिले स्वारोचिष नामक मन्वन्तरमा चैत्रवंशमा उत्पन्न भएका सुरथ नामका राजा सम्पूर्ण पृथिवीका मालिक थिए ॥

**तस्य पालयतः सम्यक् प्रजाः पुत्रानिवौरसान् ।**
**बभूवुः शत्रवो भूपाः कोलाविध्वंसिनस्तदा ॥५॥**

**पदार्थ–**

**प्रजाः** = प्रजाहरूलाई, **औरसान्** = आफैंबाट उत्पन्न भएका, **पुत्रान् इव** = छोराहरू झैं, **सम्यक्** = राम्ररी, **पालयतः** = पालन गरेका, **तस्य** = तिनको, **तदा** = त्यसै समयमा, **कोलाविध्वंसिनः** = कोलापुरलाई ध्वंस गरेका, **भूपाः** = राजाहरू, **शत्रवः** = शत्रु, **बभूवुः** = भए ॥

**भावार्थ–**

ती राजा प्रजाहरूलाई आफ्नै छोरासमान धर्मपूर्वक पालन गर्दथे, त्यही बीचमा कोलाविध्वंसी नामका क्षत्रियहरू उनका शत्रु भए ॥

**तस्य तैरभवद् युद्धमतिप्रबलदण्डिनः ।**
**न्यूनैरपि स तैर्युद्धे कोलाविध्वंसिभिर्जितः ॥६॥**

**पदार्थ–**

**अतिप्रबलदण्डिनः** = दण्डनीति प्रभावशाली भएका, **तस्य** = तिनको, **तैः** = तिनीहरूसँग, **युद्धं** = युद्ध, **अभवत्** = भयो, **न्यूनैः अपि** = थोरै भए तापनि, **तैः** = ती, **कोलाविध्वंसिभिः** = कोलापुरलाई ध्वंस गरेका शत्रुहरूबाट, **सः** = ती सुरथ राजा, **युद्धे** = युद्धमा, **जितः** = पराजित भए ॥

**भावार्थ–**

राजा अति पराक्रमी थिए र उनका शत्रुहरू कमै थिए, तापनि कोलाविध्वंसीहरूसँगको युद्धमा सुरथ राजाले हारे ॥

**ततः स्वपुरमायातो निजदेशाधिपोऽभवत् ।**
**आक्रान्तः स महाभागस्तैस्तदा प्रबलारिभिः ॥७॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **स्वपुरं** = आफ्नो नगरमा, **आयातः** = आएका ती राजा, **निजदेशाधिपः** = आफ्नो देशकोमात्र राजा, **अभवत्** = भए, **तदा** = त्यसै समयमा, **महाभागः** = महाभाग्यशाली, **सः** = ती राजा, **तैः** = ती, **प्रबलारिभिः** = बलशाली शत्रुहरूद्वारा, **आक्रान्तः** = आक्रमण गरिए ॥

**भावार्थ–**

सम्पूर्ण पृथिवीको राज्य हारेपछि ती राजा आफ्नो राजधानीमा फर्किएर केवल आफ्नो देशको मात्र राजा भए, तर त्यहाँ पनि उनका बलशाली शत्रुहरूले उनीमाथि आक्रमण गरे ॥

**अमात्यैर्बलिभिर्दुष्टैर्दुर्बलस्य दुरात्मभिः ।**
**कोशो बलं चापहृतं तत्रापि स्वपुरे ततः ॥८॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **तत्र** = त्यहाँ, **स्वपुरे** = आफ्नो नगरमा, **अपि** = पनि, **बलिभिः** = बलशाली, **दुष्टैः** = दुष्ट, **दुरात्मभिः** = दुरात्मा, **अमात्यैः** = मन्त्रीहरूले, **दुर्बलस्य** = बलहीन तिनका, **कोशः** = कोश, **बलं च** = हात्ती सेना आदि बल पनि, **अपहृतम्** = चोरे ॥

**भावार्थ–**

थोरै सामर्थ्य भएका ती राजालाई अपदस्थ गरी उनका दुष्ट मन्त्रीहरूले राजकोष एवं सेनाहरू पनि हत्याए ॥

**ततो मृगयाव्याजेन हृतस्वाम्यः स भूपतिः ।**
**एकाकी हयमारुह्य जगाम गहनं वनम् ॥९॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **हृतस्वाम्यः** = आफ्नो स्वामीत्व नष्ट भएका, **भूपतिः** = राजा, **सः** = ती सुरथ, **मृगयाव्याजेन** = शिकार खेल्ने निहुले, **एकाकी** = एक्लै, **हयं** = घोडा, **आरुह्य** = चढेर, **गहनं** = घना, **वनम्** = जंगलमा, **जगाम** = गए ॥

**भावार्थ–**

त्यसपछि आफ्नो स्वामित्व गुमाएका राजा एक्लै घोडा चढेर शिकार खेल्ने वहानाले घोर वनतर्फ लागे ॥९॥

**स तत्राश्रममद्राक्षीद् द्विजवर्यस्य मेधसः ।**
**प्रशान्तश्वापदाकीर्णं मुनिशिष्योपशोभितम् ॥१०॥**

**पदार्थ–**

**सः** = राजाले, **तत्र** = त्यस जंगलमा, **द्विजवर्यस्य** = ब्राह्मणश्रेष्ठ, **मेधसः** = मेधाऋषिको, **प्रशान्तश्वापदाकीर्णं** = अत्यन्त हिंसक जीवहरू पनि हिंसावृत्ति छोडी शान्तभावले रहेको, **मुनिशिष्योपशोभितम्** = मुनि र शिष्यले शोभित भएको, **आश्रमं** = आश्रम, **अद्राक्षीत्** = देखे ॥

**भावार्थ–**

त्यस वनमा राजाले ब्राह्मणश्रेष्ठ मेधा ऋषिको आश्रम देखे, अनेकौं शिष्यहरूले युक्त भएको त्यो आश्रममा हिंस्रक जीव पनि शान्त भएर घुमिरहेका थिए ॥

**तस्थौ कञ्चित् स कालं च मुनिना तेन सत्कृतः ।**
**इतश्चेतश्च विचरँस्तस्मिन्मुनिवराश्रमे ॥११॥**

**पदार्थ–**

**तेन** = ती, **मुनिना** = मुनिद्वारा, **सत्कृतः** = सत्कार प्राप्त गरेका, **स च** = ती राजा, **तस्मिन्** = त्यो, **मुनिवराश्रमे** = मुनिवरका आश्रममा, **इतश्च इतश्च** = यताउता, **विचरन्** = घुम्दै, **कञ्चित्** = केही, **कालं** = समय, **तस्थौ** = बसे ॥

**भावार्थ–**

आश्रममा गएपछि ऋषिले राजाको सत्कार गरे । त्यसपछि राजा उनै ऋषिश्रेष्ठको आश्रममा यता-उता घुम्दै केही समय त्यहीं रहे ॥

**सोऽचिन्तयत् तदा तत्र ममत्वाकृष्टचेतनः ।**
**मत्पूर्वैः पालितं पूर्वं मया हीनं पुरं हि तत् ॥१२॥**
**मद्भृत्यैस्तैरसद्वृत्तैर्धर्मतः पाल्यते न वा ।**

**पदार्थ–**

**ममत्वाकृष्टचेतनः** = ममताले चित्त खिचिएका, **सः** = ती राजा, **तदा** = त्यसै समय, **तत्र** = त्यहाँ, **अचिन्तयत्** = चिन्ता गर्न थाले । **हि** = निश्चय नै, **पूर्वं** = परापूर्वकालमा, **मत्पूर्वैः** = मेरा पूर्वजहरूद्वारा, **पालितं** = पालन गरिएको, **तत्** = त्यो, **पुरं** = नगर, **मया** = मद्वारा, **हीनं** = गुमाइयो । **तैः** = ती, **असद्वृत्तैः** = खराब आचरण भएका, **मद्भृत्यैः** = मेरा नोकरहरूद्वारा, **धर्मतः** = धर्मपूर्वक, **पाल्यते न वा** = रक्षा गरिन्छ या गरिँदैन ॥

**भावार्थ–**

केही समयपछि ममताका कारण राजाको चित्त घरबारतिर तानियो र उनले त्यससम्बन्धी चिन्ता गर्न थाले । पहिलेदेखि मेरा पूर्वजहरूले जोगाएको राज्यलाई आज मेरो अभावमा दुराचारी अमात्यहरूले धर्मपूर्वक रक्षा गरेका होलान् या नहोलान् ॥

**न जाने स प्रधानो मे शूरहस्ती सदामदः ॥१३॥**
**मम वैरिवशं यातः कान् भोगानुपलप्स्यते ।**

**पदार्थ–**

**सदामदः** = सधैँ मदले उन्मत्त भएको, **मे** = मेरो, **प्रधानः** = प्रमुख, **सः** = त्यो, **शूरहस्ती** = बलवान् हात्तीले, **मम** = मेरो, **वैरिवशं** = शत्रुको वशमा, **यातः** = गएको हुनाले, **कान् भोगान्** = कुन भोग, **उपलप्स्यते** = भोग्ला; **न जाने** = जान्दिन ॥

**भावार्थ–**

सधैँ मदले मत्त भइरहने अत्यन्त शूरवीर मेरो प्रधान हात्तीले शत्रुहरूको अधीनमा रहँदा कस्तो भोग भोगिरहेको होला, थाहा छैन ।

**ये ममानुगता नित्यं प्रसादधनभोजनैः ॥१४॥**
**अनुवृत्तिं ध्रुवं तेऽद्य कुर्वन्त्यन्यमहीभृताम् ।**

**पदार्थ–**

**ये** = जो, **नित्यं** = सधैँ, **मम** = मेरो, **प्रसादधनभोजनैः** = प्रसन्नता, धन एवं भोजनद्वारा, **अनुगताः** = पछि पछि हिँड्दथे । **ध्रुवं** = निश्चय नै, **ते** = तिनीहरू, **अद्य** = आज, **अन्यमहीभृताम्** = अरु राजाहरूको, **अनुवृत्तिं** = अनुगमन, **कुर्वन्ति** = गर्छन् ॥

**भावार्थ–**

जो मानिस मेरो प्रसन्नता (कृपा) धन एवं अन्नपानीले उपकृत भई मेरा अधिपछि हिँड्दथे ती अहिले अन्य राजाहरूको अनुसरण गर्छन् होला ॥

**असम्यग्व्ययशीलैस्तैः कुर्वद्भिः सततं व्ययम् ॥१५॥**
**सञ्चितः सोऽतिदुःखेन क्षयं कोशो गमिष्यति ।**
**एतच्चान्यच्च सततं चिन्तयामास पार्थिवः ॥१६॥**

**पदार्थ–**

**सततं** = निरन्तर, **व्ययं** = खर्च, **कुर्वद्भिः** = गर्ने, **असम्यक्** = नराम्ररी, **व्ययशीलैः** = अपव्ययी, **तैः** = तिनीहरूबाट, **अतिदुःखेन** = ज्यादै दुःख गरेर, **सञ्चितः** = जम्मा गरेको, **सः** = त्यो, **कोशः** = खजाना, **क्षयं** = खाली, **गमिष्यति** = हुनेछ, **पार्थिवः** = राजा सुरथ, **एतत् च** = यी कुराहरू र, **अन्यत् च** = अन्य कुराहरू पनि, **सततं** = निरन्तर, **चिन्तयामास** = सोच्न थाले ॥

**भावार्थ–**

ती दुष्ट अपव्ययीहरूले यसरी नै निरन्तर खर्च गर्ने हो भने त मैले अत्यन्त कष्टपूर्वक जम्मा गरेको राजकोष चाडैँ नै खाली हुनेछ । यसप्रकार राजा अनेकथरी चिन्ता गरिरहन्थे ॥

**विवरण–**

यस प्रसङ्गमा सुरथ राजाको चिन्ताका माध्यमले प्राणीहरूमा स्वार्थीभाव र संसारबाट कहिल्यै नहट्ने ममताको बन्धन कस्तो हुन्छ भनी देखाइएको छ । पहिला सुरथ सम्पूर्ण पृथिवीभरका सम्राट् थिए र उनले प्रजाहरूलाई औरस अर्थात् आफ्नै अङ्गबाट उत्पन्न भएका सन्तानसमान प्रेमपूर्वक पालन गरिरहेका थिए । तर विधिवशात् कोलाविध्वंसी आक्रामकहरूले उनको राज्यमाथि आक्रमण गर्दछन् र उनीहरूसँग भएको युद्धमा सुरथ पराजित हुन्छन् । यता आफ्नो मूल राजधानीमा मात्र सीमित बन्न पुगेका राजा सुरथलाई उनका मन्त्रीहरूले धोका दिए र उनबाट सैन्यबल, धनबल आदि सबै खोसी आफैँले स्वीकार गरे । यहाँ ऋषिले बताएअनुसार **न्यूनैः** अर्थात् थोरै शत्रुहरूले पनि सम्राट् सुरथलाई जित्नु, अनि त्यहाँबाट भागी उनी आफ्नो मूल राजधानीमा आउनेबित्तिकै आफ्नै मन्त्रीहरूले राज्य खोसिदिनु जस्ता क्रमिक घटनाहरूलाई

नियाल्दा यो सबै मिलोमतोको षड्यन्त्र थियोभन्ने प्रतीत हुन्छ । यदि राजाको सम्पूर्ण सैन्यबल र मन्त्रीबल उनको पक्षमा नै रहेका भए ती विद्रोहीहरू जो थोरै थिए, तिनले सम्राट्लाई जित्न सम्भव हुँदैन थियो । राजाको शासनमा कुनै त्रुटि या अनियमितता थिएन भन्ने कुरा उनले प्रजाहरूलाई पुत्रवत् व्यवहार गर्दथे भन्नेबाट पनि स्पष्ट हुन्छ । यसको मतलब ती मन्त्रीहरूले सोचा राजालाई छक्याई आफैँ शासक बन्ने दुर्भावका कारण शत्रु राजाहरूले विद्रोह गर्दा आफूले साथ नदिई राजालाई हराएको तथा यसबाट राजालाई असक्षम सिद्ध गरी उनको राज्य आफैँ लिएको थाहा हुन्छ । यसबाट मानिसमा कति स्वार्थी प्रवृत्ति हुन्छ भन्ने थाहा हुन्छ । जबसम्म मानिससँग सम्पत्ति र बल रहन्छ तबसम्म सबै उसका साथी सहयोगी हुन्छन् । जब व्यक्ति निर्बल, निर्धन बन्दै जान्छ तब बिस्तारै सबैले उसलाई छाडिदिन्छन् । संसारमा आफ्नो स्वार्थ पूरा नहुने भएपछि कसैले पनि कसैको मद्दत गर्दैन, त्यसैले शास्त्रहरूले मानिसलाई बारम्बार कृतज्ञता अनि सहानुभूतिको शिक्षा दिँदै आएका छन् । सात पाइला पनि कसैसँग साथ हिँडियो भने ऊ आफ्नो मित्र हुन्छ र सकेसम्म सम्पूर्ण परिश्रमले उसको हित गर्नुपर्दछ, थोरै सहयोग गर्नेप्रति पनि कृतज्ञ र हनुपर्दछ भनी शास्त्रहरूले शिक्षा दिन्छन्, तर मानिसले ती सदुपदेश भन्दा आफ्ना स्वार्थी भाव तथा दुर्वासनाहरूको पूर्तिलाई नैमहत्त्व दिँदै आएको छ । स्वार्थ र धोकाले कसैलाई पनि सुखमा पुऱ्याउँदैन, किनकि यो सबैभित्र रहेका अन्तर्यामी आत्मालाई कष्ट दिने तरिका हो । आफूभित्र पनि उही अन्तर्यामी भएकाले व्यक्ति अरुलाई दुःख दिएर आफू कदापि सुखी हुन सक्दैन । तर दुष्ट व्यक्तिहरू आफ्नै संरक्षण गर्ने शासकसँग विद्रोह गरी आफ्नै देशमा अशान्ति निम्त्याएर भए पनि आफ्नो दुर्वासना पूर्ति गर्दछन् । यसरी ती मन्त्रीहरूको उदाहरणबाट मानवीय स्वार्थी भाव र धोकाको अभिव्यक्ति भएको छ ।

उता राजा भने राज्यको मोहबाट अझै छुट्न सकेका छैनन् । ऋषिले उनको चिन्तालाई अनुचित हो भन्ने जनाउन– **ममत्वाकृष्टमानसः** भन्ने पदको प्रयोग गर्नुभएको छ । ममताको कारण चित्त आकृष्ट भएको या हरिएकाले राजाले शत्रुहरूको हातमा गइसकेको राज्यको व्यर्थमा नै चिन्तन गरेका छन् । राजाले राज्य गरुञ्जेल ममता गर्नु त सामान्य व्यवहार हो । तर शत्रुहरूको

हातमा गइसकेको राज्यमा पनि ममता गर्नुचाहिँ उनको अविवेकीपना हो । संसारबाट धोका पाएर पनि त्यसकै चिन्तनमा लागिरहने व्यक्तिहरू अविवेकी हुन् । यतिमात्र नभएर राजाले आफूले चढेर हिँड्ने हात्ती शत्रुहरूको वशमा परेकाले उसले ठीक समयमा दानापानी पाउँछ कि पाउँदैन भन्ने विषयमा समेत चिन्ता गरेका छन् । अज्ञानीहरू संसारका पदार्थहरूले छोडिदिँदा पनि मनभित्र त्यसलाई खेलाई व्यर्थमा दुःख पाउँछन् । राजाले जति चिन्तन गरे पनि न त्यो हात्तीको न त राज्यको नै पोषण हुन्छ, तर उनले यो सबैको चिन्तन गरेर एउटा विषयासक्त व्यक्तिको ममता कति बलवान् हुन्छ भन्ने दृष्टान्त प्रस्तुत गरेका छन् ।

**तत्र विप्राश्रमाभ्याशे वैश्यमेकं ददर्श सः ।**
**स पृष्टस्तेन कस्त्वं भो हेतुश्चागमनेऽत्र कः ॥१७॥**

**पदार्थ–**

**सः** = ती राजाले, **तत्र** = त्यहाँ, **विप्राश्रमाभ्याशे** = मेधा ऋषिको आश्रम नजिकै, **एकं** = एक, **वैश्यम्** = वैश्यलाई **ददर्श** = देखे । **तेन** = ती राजाले, **सः** = ती वैश्यलाई, **पृष्टः** = सोधे, **भो** = हे, **त्वं** = तपाइँ, **कः** = को हुनुहुन्छ, **अत्र** = यहाँ, **आगमने** = आउनाको, **हेतुः च** = कारण, **कः** = के हो ? ॥

**भावार्थ–**

ती राजाले मेधा ऋषिको आश्रम नजिकै एक वैश्यलाई देखे अनि तपाइँ को हुनुहुन्छ ? के कारणले यहाँ आउनुभयो ? भनी सोधे ॥

**सशोक इव कस्मात्त्वं दुर्मना इव लक्ष्यसे ।**
**इत्याकर्ण्य वचस्तस्य भूपतेः प्रणयोदितम् ॥१८॥**
**प्रत्युवाच स तं वैश्यः प्रश्रयावनतो नृपम् ॥१९॥**

**पदार्थ–**

**त्वं** = तपाइँ, **कस्मात्** = के कारणले, **सशोकः इव** = शोकग्रस्त झैँ, **दुर्मनाः इव** = चिन्तित झैँ, **लक्ष्यसे** = लाग्नुहुन्छ ? **इति** = एवं प्रकारले, **तस्य** = ती, **भूपतेः** = राजा सुरथको, **प्रणयोदितं** = प्रेमपूर्ण, **वचः** = वचन, **आकर्ण्य** = सुनेर, **प्रश्रयावनतः** = विनयले नम्र भएका, **सः** = ती, **वैश्यः** = वैश्यले, **तं** = ती, **नृपम्** = राजालाई, **प्रत्युवाच** = भने ॥

**भावार्थ–**

तपाइँ के कारणले गर्दा शोकाकुल एवं चिन्ताग्रस्तहुँ देखिनुहुन्छ ? राजा सुरथको यस्तो करुणापूर्ण वचन सुनेर विनयले नम्र भएका वैश्यले उनलाई भने ।

*वैश्य उवाच ॥२०॥ वैश्यले भने ॥*

**समाधिर्नाम वैश्योऽहमुत्पन्नो धनिनां कुले ॥२१॥**

**पदार्थ–**

**अहम्** = म, **धनिनां** = धनीहरूको, **कुले** = कुलमा, **उत्पन्नः** = जन्मेको, **समाधिः** = समाधि, **नाम**= नाम गरेको, **वैश्यः** = वैश्य हुँ ॥

**भावार्थ–**

हे राजन् ! म धनी कुलमा जन्मेको समाधि नाम गरेको वैश्य हुँ ॥

**पुत्रदारैर्निरस्तश्च धनलोभादसाधुभिः ।**
**विहीनश्च धनैर्दारैः पुत्रैरादाय मे धनम् ॥२२॥**
**वनमभ्यागतो दुःखी निरस्तश्चाप्तबन्धुभिः ।**
**सोऽहं न वेद्मि पुत्राणां कुशलाकुशलात्मिकाम् ॥२३॥**
**प्रवृत्तिं स्वजनानां च दाराणां चात्र संस्थितः ।**
**किं नु तेषां गृहे क्षेममक्षेमं किं नु साम्प्रतम् ॥२४॥**
**कथं ते किं नु सद्वृत्ता दुर्वृत्ताः किं नु मे सुताः ॥२५॥**

**पदार्थ–**

**धनलोभात्** = धनको लोभको कारण, **असाधुभिः** = अशिष्ट आचरण भएका, **पुत्रदारैः च** = छोरा र श्रीमतीबाट पनि, **मे** = मेरो, **धनं** = धन, **आदाय** = लिएर, **निरस्तः** = निकालिएँ, **धनैः** = धनबाट, **दारैः** = श्रीमतीबाट, **पुत्रैः च** = छोराबाट पनि, **विहीनः** = वञ्चित भएँ, **आप्तबन्धुभिः च** = आफन्तहरूद्वारा पनि, **निरस्तः** =तिरस्कृत, **दुःखी** = दुःखी म, **वनम्** = यस वनमा, **अभ्यागतः** = आएँ, **सः** = त्यही, **अहं** = म, **अत्र** = यहाँ, **संस्थितः** = रहँदा, **स्वजनानां** = आफन्तहरूको, **दाराणां** = श्रीमतीको, **पुत्राणां च** = छोराहरूको पनि, **कुशलाकुशलात्मिकाम्** = सञ्चो विसञ्चोको, **प्रवृत्तिं** = खबर, **न वेद्मि** = जान्दिन, **साम्प्रतम्** = अहिले, **तेषां** = तिनीहरूको, **गृहे** = घरमा, **किं नु** = के,

**क्षेमम्** = सञ्चो छ ? **किं नु** = के, **अक्षेमम्** = बिसञ्चो छ ? **मे** = मेरा, **सुताः** = छोराहरू, **कथं** = कस्तो होलान् ? **ते** = तिनीहरू, **सद्वृत्ताः** = सदाचारी होलान् ?, **किं नु** = अथवा, **दुर्वृत्ताः** = दुराचारी भए ? ॥

**भावार्थ–**

मेरा दुष्ट छोरा एवं श्रीमतीले धनको लोभका कारण मलाई घरबाट निकालिदिए । सम्पत्ति, छोरा र श्रीमतीबाट वञ्चित एवम् आफ्नै आफन्तबाट ठगिएको म दुःखी भएर यस वनमा आएँ । यहाँ आएपछि मैले आफन्त, श्रीमती एवं छोराको बारेमा सञ्चो विसञ्चोको केही खबर पाएको छैन । अहिले तिनीहरू सञ्चै होलान् कि नहोलान् ? मेरा छोराहरू सदाचारी छन् कि दुराचारी ? ॥

*राजोवाच ॥२६॥ राजाले भने ॥*

**यैर्निरस्तो भवाँल्लुब्धैः पुत्रदारादिभिर्धनैः ॥२७॥**
**तेषु किं भवतः स्नेहमनुबध्नाति मानसम् ॥२८॥**

**पदार्थ–**

**यैः** = जुन, **लुब्धैः** = लोभी, **पुत्रदारादिभिः** = छोरा एवं श्रीमती आदिले, **धनैः** = धनको कारणले, **भवान्** = तपाईंलाई, **निरस्तः** = निकालिदिए, **तेषु** = तिनीहरू प्रति, **भवतः** = तपाईंको, **मानसम्** = मन, **स्नेहम्** = (यति धेरै)स्नेह, **किं अनुबध्नाति** = किन गाँठो पार्दछ ? ॥

**भावार्थ–**

जुन लोभी स्त्रीपुत्रादिले धनको लोभले तपाईंलाई निकालिदिए, तिनैप्रति स्नेहको यति धेरै गाँठो किन ? ॥

*वैश्य उवाच ॥२९॥ वैश्यल भने ॥*

**एवमेतद्यथा प्राह भवानस्मद्गतं वचः ॥३०॥**
**किं करोमि न बध्नाति मम निष्ठुरतां मनः ।**
**यैः सन्त्यज्य पितृस्नेहं धनलुब्धैर्निराकृतः ॥३१॥**
**पतिस्वजनहार्दं च हार्दि तेष्वेव मे मनः ।**
**किमेतन्नाभिजानामि जानन्नपि महामते ॥३२॥**

यत्प्रेमप्रवणं चित्तं विगुणेष्वपि बन्धुषु ।
तेषां कृते मे निःश्वासो दौर्मनस्यं च जायते ॥३३॥
करोमि किं यन्न मनस्तेष्वप्रीतिषु निष्ठुरम् ॥३४॥

**पदार्थ–**

**भवान्** = हजुरले, **अस्मद्गतं** = मेरो मनभित्रको, **वचः** = कुराहरू, **यथा** = जसरी, **प्राह** = भन्नुभयो, **एतत्** = यो, **एवम्** = सत्य हो, **किं करोमि** = म के गरूँ ?, **मम** = मेरो, **मनः** = मन, **निष्ठुरतां** = निष्ठुरतालाई, **न बध्नाति** = धारण गर्दैन, **यैः** = जसले, **धनलुब्धैः** = धनका लोभका कारण, **पितृस्नेहं** = बाबुप्रतिको स्नेह, **पतिस्वजनहार्दं च**= पति र आत्मीयजनप्रतिको स्नेहलाई पनि, **संत्यज्य** = त्यागेर, **निराकृतः** = (मलाई)निकालिदिए । **तेषु** = तिनीहरूप्रति, **एव** = नै **मे** = मेरो, **मनः** = मन, **हार्दि** = स्नेहयुक्त छ, **महामते !** = हे महामते !, **विगुणेषु** = वैगुनी, **बन्धुषु** = बान्धवहरूप्रति, **अपि** = पनि, **यत्** = जो, **प्रेमप्रवणं** = प्रेमपूर्ण, **चित्तम्(अस्ति)** = चित्त छ, **एतत्** = यो, **किम्** = के हो ?, **जानन् अपि** = जानेर पनि, **न अभिजानामि** = जानिरहेको छैन, **तेषां** = तिनीहरूको, **कृते** = लागि, **मे** = मेरो, **निःश्वासः** = लामो सास, **दौर्मनस्यं च** = चिन्ता पनि, **जायते** = भएको छ, **अप्रीतिषु** = प्रेमहीन, **तेषु** = तिनीहरूप्रति, **यत् मनः** = जो मेरो मन, **न निष्ठुरम्** = निष्ठुर हुँदैन, **किं करोमि ?** = के गरूँ ? ॥

**भावार्थ–**

हजुरले मेरो विषयमा जे कुरा भन्नुभयो, यो सबै सत्य हो । तर म के गरूँ? मेरो मन तिनीहरूप्रति निष्ठुर हुँदैन । जसले लोभवश बाबुप्रतिको स्नेह, पतिप्रतिको प्रेम एवं आत्मीयजनप्रतिको अनुरागलाई लत्याई घरबाट निकालिदिए, तिनैप्रति मेरो यत्रो प्रेम छ । हे महामते ! यो सब जान्दाजान्दै पनि वैगुनी आफन्तजनप्रति पनि मेरो मन किन आसक्त भइरहेको छ ? तिनैलाई सम्झी दुःखी हृदय भएको म लामो सास लिइरहेको छु । प्रेमहीन ती वैगुनीहरूप्रति पनि मेरो मन निष्ठुर हुँदैन, मैले के गरूँ ? ॥

**विवरण–**

यहाँ समाधि वैश्यको प्रसङ्गबाट प्राणीहरूमा आफ्नो परिवारप्रति कति

भयानक मोह हुन्छ भन्ने सूचित भएको छ । परिवारका सदस्यहरू एक अर्काको सहयोग गर्नकै लागि हुन्छन् । संसारमा परिवार एवं इष्टमित्र आदिको आवश्यकता भनेकै दुःख परेको बेलामा त्यसबाट बँचाउनका लागि हुने गर्दछ। तर परिवारका सदस्यहरू नै आफ्ना घरमूलीलाई निकाल्दछन् भने त्योभन्दा स्वार्थको पराकाष्ठा के हुन सक्छ ? पत्नी र पुत्रहरूले मिली समाधि वैश्यलाई घरबाट निकिालिदिएका छन्, तर पनि उनमा तिनीहरूप्रतिको आसक्ति कम भएको छैन । शास्त्रहरूमा बताइएको छ– राग र द्वेषको मूल कारण भनेको **शोभनाशोभनाध्यास** अर्थात् राम्रो र नराम्रो भन्ने भ्रमबुद्धि नै हो । वस्तु राम्रो भए पनि त्यसमा **अशोभनाध्यास** अर्थात् नराम्रा हुन् भन्ने भ्रम हुँदा त्यसमा द्वेष हुन थाल्दछ, जस्तै- दुराग्रहका कारण कहिले कहीं सन्ततिहरूले आफ्नै मातापिता र गुरुमाथि पनि द्वेष गर्दछन् । यसैगरी शरीर मलमूत्रको थैलो भए-पनि त्यसमा राम्रो हो भन्ने **शोभनाध्यास** भएकाले व्यक्तिहरू त्यसमा धेरै राग गर्दछन् । कुनै पनि वस्तुलाई राम्रो भन्ने सोचियो भने त्यसमा राग हुन्छ, अनि कुनै वस्तु नराम्रो हो भन्ने सोचियो भने त्यसमा द्वेष हुन्छ । वैश्यले आफ्नी पत्नी र छोरामा राग गरेबाट उनीहरूप्रति उनको अझै पनि शोभनाध्यास अर्थात् ती राम्रा हुन् भन्ने बुद्धि नहटेको देखिन्छ । घरबाट आफ्नै पति र पितालाई निकालिदिने ती दुष्टहरूमा के कुनै पनि राम्रो गुण रहन सक्दछ ? समाधिले मोहका कारण तिनमा पनि अझै केही गुणहरू देखिरहेका छन्, किनकि असाध्यै संसारी व्यक्तिहरू मोहबाट यति अन्धा भएका हुन्छन् कि उनीहरूलाई आफ्ना दुष्ट परिवारका दुर्व्यवहारहरू पनि राम्रा लाग्न थाल्दछन् । छोराहरूले घरबाट निकालिदिँदा अनि उनीहरूप्रति स्नेह गरेका समाधिको चरित्रबाट पनि के अनुमान हुन्छ भने उनलाई यस्ता अपमान पचिसकेका थिए र उनले यी सबैलाई अपमानको रूपमा लिदैँनथे । पुत्रमोहमा अन्धा भएका उनले आफ्ना पुत्रहरूलाई माता-पिताको आदर गर्नु पुत्रहरूको परम दायित्व हो भन्ने शिक्षा दिनसमेत भुलेको अनुमान हुन्छ ।

समाधिले आफ्नो दुःख बताइरहँदा राजाले उनीसँग गरेको प्रश्नबाट पनि एउटा शिक्षा मिल्छ । जसले तपाइँलाई निकाले तिनीहरूप्रति किन सद्भाव राख्नुभयो ? भनी राजाले वैश्यसँग जिज्ञासा राखेका छन् । मानिसहरू

आफ्नो आसक्तिको कमजोरी देख्दैनन्, तर अरुका कमजोरी भने सजिलै चिन्दछन् । राज्यबाट निकालिए पनि त्यहाँका हात्ती, नोकर आदिको विषयमा व्यर्थ चिन्तन गरिरहेका राजाले समाधिको मोहलाई मात्र अनुपयुक्त भन्न सुहाउँछ ? सायद राजाले आफ्नो राज्यासक्तिलाई उपयुक्त अनि समाधिको परिवारप्रतिको आसक्तिलाई चाहिँ अनुपयुक्त सम्झिएका छन् । यसरी यस प्रसङ्गमा राजाका मन्त्री र समाधिका परिवारको व्यवहार हेर्दा संसारी व्यक्तिहरूमा कति बढी स्वार्थी र कुटिल भावना हुन्छ भन्ने स्पष्ट भएको छ भने जति धोका पाउँदा पनि आफ्नो राज्य एवं परिवारमा आसक्ति नछोड्ने राजा र वैश्यको चरित्रबाट संसारका व्यक्तिहरूमा कतिसम्म मोहान्धता एवं अविवेक हुन्छ भन्ने कुरा स्पष्ट भएको छ ॥

*मार्कण्डेय उवाच ॥३५॥ मार्कण्डेयले भने ॥*

**ततस्तौ सहितौ विप्र तं मुनिं समुपस्थितौ ॥३६॥**
**समाधिर्नाम वैश्योऽसौ स च पार्थिवसत्तमः ।**
**कृत्वा तु तौ यथान्यायं यथार्हं तेन संविदम् ॥३७॥**
**उपविष्टौ कथाः काश्चिच्चक्रतुर्वैश्यपार्थिवौ ॥३८॥**

**पदार्थ–**

**विप्र** = हे ब्रह्मन्, **ततः** = त्यसपछि, **पार्थिवसत्तमः** = राजाहरूमा श्रेष्ठ, **सः** = ती सुरथ, **असौ** = यी, **समाधिः** = समाधि, **नाम** = नाम गरेको, **वैश्यः च** = वैश्य पनि, **तौ** = ती दुई, **सहितौ** = सँगै मिलेर, **तं मुनिं** = ती मेधा ऋषिको (सेवामा), **समुपस्थितौ** = उपस्थित भए । **तौ** = ती सुरथ र समाधि वैश्य, **तेन** = ती ऋषिसँग, **यथार्हं** = यथायोग्य, **यथान्यायं** = विनयपूर्वक, **संविदम्** = वार्तालाप, **कृत्वा** = गरेर, **उपविष्टौ** = बसे, **वैश्यपार्थिवौ** = वैश्य र राजाले **काश्चित्** = केही, **कथाः** = वार्तालाप, **चक्रतुः** = गरे ॥

**भावार्थ–**

हे ब्रह्मन् ! त्यसपछि राजाहरूमा श्रेष्ठ सुरथ र समाधि नामका वैश्य ती दुबै सगैं मिलेर मेधा ऋषिको सेवामा उपस्थित भए । ती दुबैले मेधा ऋषिसँग विनयपूर्वक यथायोग्य कुशलक्षेमको प्रश्न गरे र त्यसपछि उनीहरूले केही वार्तालाप सुरु गरे ॥

*राजोवाच ॥३९॥ राजाले भने ॥*

**भगवँस्त्वामहं प्रष्टुमिच्छाम्येकं वदस्व तत् ॥४०॥**

**पदार्थ–**

**भगवन्** = हे ऐश्वर्यशाली, **अहम्** = म, **त्वां** = तपाईंसँग, **एकं** = एक प्रश्न, **प्रष्टुम्** = सोध्न, **इच्छामि** = चाहन्छु, **तत्** = त्यो कुरा **वदस्व** = बताउनुहोस् ॥

**भावार्थ–**

हे भगवन् ! म हजुरसँग एउटा कुरा सोध्न चाहन्छु, त्यो मलाई बताउनुहोस् ॥

**दुःखाय यन्मे मनसः स्वचित्तायत्ततां विना ।**
**ममत्वं गतराज्यस्य राज्याङ्गेष्वखिलेष्वपि ॥४१॥**

**पदार्थ–**

**स्वचित्तायत्ततां विना** = चित्त आफ्नो अधीनमा नभएको कारण, **यत्** = जुन कुरा, **मे** = मेरो, **मनः** = मनको, **दुःखाय** = दुःखको कारण भएको छ **गतराज्यस्य** = गुमेको राज्यमा, **अखिलेषु** = सम्पूर्ण, **राज्याङ्गेषु** = राज्यका अङ्गहरूमा, **अपि** = पनि, **ममत्वम्** = ममता (**अस्ति** = छ) ॥

**भावार्थ–**

राज्यबाट च्युत भएको मेरो आफ्नो राज्य र त्यसका अङ्गहरूमा ममता भइरहेको छ। यसका कारण चित्त आफ्नो अधीनमा नहुनाले मेरो मन अत्यन्त दुःखी भइरहेको छ ॥

**जानतोऽपि यथाज्ञस्य किमेतन्मुनिसत्तम ।**
**अयं च निकृतः पुत्रैर्दारैर्भृत्यैस्तथोज्झितः ॥४२॥**

**पदार्थ–**

**मुनिसत्तम** = मुनिश्रेष्ठ, **जानतः अपि**= जान्दाजान्दै पनि, **अज्ञस्य** = अज्ञानी झैं, **एतत्** = यो, **किम्** = के भइरहेको छ ? **अयं च** = यी वैश्य पनि, **निकृतः** = अपमानित भएका छन्, **पुत्रैः दारैः** = छोरा र पत्नीद्वारा, **तथा** = त्यसैगरी **भृत्यैः** = सेवकहरूद्वारा, **उज्झितः** = निकालिएका छन् ॥

**भावार्थ-**

हे मुनिश्रेष्ठ ! यी मेरा होइनन् भनेर जान्दाजान्दै पनि मलाई अज्ञानीझैं किन कष्ट भइरहेछ ? साथै यी वैश्य पनि घरमा अपमानित र स्त्रीपुत्रादि परिवारबाट निकालिएर यहाँ आएका छन् ॥

**स्वजनेन च संत्यक्तस्तेषु हार्दी तथाप्यति ।**
**एवमेष तथाहं च द्वावप्यत्यन्तदुःखितौ ॥४३॥**

**पदार्थ-**

**स्वजनेन च**= प्रियजनबाट पनि, **सन्त्यक्तः** = परित्यक्त भएका यी वैश्य, **तथा अपि** = तापनि, **तेषु** = तिनीहरूमा, **अति** = अत्यन्त, **हार्दी** = हार्दिक स्नेह राख्दछन्, **एवम्** = यसप्रकार, **एषः** = यी, **तथा** = यस्तै, **अहं च** = म पनि, **द्वौ अपि** = दुबैजना पनि, **अत्यन्तदुःखितौ** = अत्यन्त दुःखी छौं ॥

**भावार्थ-**

आफ्ना प्रियजनहरूले छाडे तापनि यी वैश्यको तिनीहरूप्रति नै स्नेह छ। यस्ता यी र म दुवैजना अत्यन्त दुःखी छौं ॥

**दृष्टदोषेऽपि विषये ममत्वाकृष्टमानसौ ।**
**तत्किमेतन्महाभाग यन्मोहो ज्ञानिनोरपि ॥४४॥**
**ममास्य च भवत्येषा विवेकान्धस्य मूढता ॥४५॥**

**पदार्थ-**

**दृष्टदोषे अपि** = प्रत्यक्षरूपमा दोष देख्दा पनि, **विषये** = त्यस विषयमा, **ममत्वाकृष्टमानसौ** = हाम्रो मन ममताले आकृष्ट भइरहेको छ, **महाभाग** = हे महाभाग्यशाली ऋषि, **ज्ञानिनोः अपि** = हामी दुबै ज्ञानी भए तापनि, **यत् मोहः** = जो मोह छ, **तत्** = त्यो वैश्यको, **एतत्** = यो मेरो, **किम्** = के हो ? **विवेकान्धस्य** = विवेकहीन पुरुषको झैं, **अस्य** = यी वैश्यको, **मम** = मेरो, **च** = पनि, **एषा** = यो, **मूढता** = मूर्खता, **भवति** = प्रत्यक्ष देखिरहेको छ ॥

**भावार्थ-**

हे महाभाग्यशाली ऋषि ! विषयहरू स्पष्टतः दोषयुक्त भए तापनि हाम्रो मन तिनैमा आकृष्ट भइरहेको छ। हामी दुई ज्ञानी भए तापनि विवेकहीन पुरुषझैं मूढतामा फसेका छौं, यो मोह किन भइरहेको छ ? ॥

*ऋषिरुवाच ॥४६॥ ऋषिले भन्नुभयो ॥*

**ज्ञानमस्ति समस्तस्य जन्तोर्विषयगोचरे ॥४७॥**
**विषयश्च महाभाग याति चैव पृथक् पृथक् ।**
**दिवान्धाः प्राणिनः केचिद्रात्रावन्धास्तथापरे ॥४८॥**
**केचिद्दिवा तथा रात्रौ प्राणिनस्तुल्यदृष्टयः ।**
**ज्ञानिनो मनुजाः सत्यं किं तु ते न हि केवलम् ॥४९॥**

**पदार्थ–**

**महाभाग** = हे महाभाग्यशाली, **समस्तस्य** = सम्पूर्ण, **जन्तोः** = प्राणीमा, **विषयगोचरे** = विषयको सम्बन्धमा, **ज्ञानम्** = ज्ञान, **अस्ति** = छ **विषयः च** = विषय पनि, **पृथक्-पृथक्** = भिन्न-भिन्न, **याति** = हुन्छन्, **केचित्** = केही, **प्राणिनः** = प्राणीहरू, **दिवान्धाः** = दिउँसो देख्दैनन् । **तथा** = त्यस्तै, **अपरे** =अरु, **केचित्** = केही, **रात्रौ** = रातमा, **अन्धाः** = देख्दैनन्, **तथा** = त्यस्तै, **केचित्** = केही, **प्राणिनः** = प्राणीहरू, **रात्रौ** = राति, **दिवा** = दिउँसो, **तुल्यदृष्टयः** = बराबर देख्दछन्, **मनुजाः** = मानिसहरू, **सत्यम्** = साँच्चै, **ज्ञानिनः** = बुद्धिमान् हुन्छन्, **किं तु** = किन्तु, **केवलम्** = केवल, **ते हि** = तिनीहरू नै, **न** = यस्ता हुँदैनन् ॥

**भावार्थ–**

हे सुरथ ! विषयसम्बन्धी ज्ञान सम्पूर्ण प्राणीहरूलाई हुन्छ र ती विषयहरू अनेकप्रकारका छन् । केही प्राणी दिनमा देख्छन् त केही रातमा, केही प्राणीहरू दिउँसो र राति बराबर देख्छन् । मानिस विवेकशील प्राणी हो तर केवल उनीहरूमात्रै विवेकी हुँदैनन् ॥

**विवरण–**

यस प्रसङ्गमा कस्तो ज्ञानले मोहलाई नष्ट गर्न सक्दछ भन्ने विषयमा चर्चा भएको छ । राजाले आफूलाई र समाधि वैश्यलाई पनि ज्ञानी भनेका छन् । सामान्य दृष्टिले हेर्दा राजाको धारणा उचित नै लाग्दछ । राजाले वेदवेदाङ्गको अध्ययन गरेका छन् र समाधिले पनि त्रैवर्णिक भएकाले शास्त्रको अध्ययन गरेकै हुनुपर्दछ । व्यावहारिक ज्ञान र विवेक त उनीहरूमा छँदैछ । राजा राज्य सञ्चालनसम्बन्धी ज्ञानले युक्त थिए भन्ने र समाधि पनि

सम्पत्तिको आय-व्यय आदिको विषयका पूर्ण ज्ञाता थिए भन्ने कुरा व्यवहारतः सिद्ध छ। राजा भन्दछन्- हामीमा शास्त्रको अनि व्यवहारको पनि पूर्ण ज्ञान छ र मोह गर्नुहुँदैन भन्ने पनि थाहा छ, तर **यन्मोहो ज्ञानिनोरपि** अर्थात् हामी दुबै ज्ञानीहरूलाई पनि मोहले सताइरहेको छ। मोह भनेको अविवेक हो र यो अज्ञानको परिधिभित्र आउँछ। ज्ञान र अज्ञान एकै ठाँउमा बस्न सक्दैनन् भने हामीमा यो मोह किन रहेको छ ? भन्ने राजाको जिज्ञासा हो। यसको उत्तरमा मेधा ऋषिले ज्ञान त पशु आदि प्राणीहरूमा पनि भइहाल्छ नि ? भनी सम्झाउनुभएको छ। यसबाट ज्ञानको भेद र स्वरूपको विषयमा बुझ्न आवश्यक भएको छ।

सामान्यतया ज्ञान तीन प्रकारका हुन्छन्- विषयको ज्ञान, ब्रह्मको ज्ञान अनि ब्रह्मरूप ज्ञान। विषयको ज्ञान भनेको घटज्ञान, पटज्ञान आदि संसारका सबै थरी ज्ञानहरू हुन्। आँखा, जिब्रो, कान आदि इन्द्रियको माध्यमले रूप, रस, शब्द आदिको ग्रहण गर्न जब अन्तःकरणको वृत्ति बाहिर निस्कन्छ त्यो वृत्तिमा सर्वव्यापक आत्मचैतन्यको प्रतिबिम्ब पर्दछ। आत्म प्रतिबिम्बले युक्त भएको त्यो वृत्ति विषयप्रदेशमा जान्छ र त्यसको अज्ञानलाई नष्ट गरिदिन्छ अनि त्यहाँ रहेको चैतन्यले चाहिँ विषयलाई प्रकाशित गरिदिन्छ। अन्तःकरण जड भएकाले यसले कसैको पनि ज्ञान गराउन सक्दैन, त्यसैले अन्तःकरणको वृत्तिले अज्ञानलाई नष्ट गरेपछि आत्मचैतन्यले नै संसारका विषयलाई प्रकाशित गर्ने हो। वृत्तिको माध्यमले हुने ज्ञान भएकाले यसलाई वृत्तिरूप ज्ञान भनिन्छ। वृत्तिरूप ज्ञानमा अन्तःकरणको वृत्ति अनि आत्मचैतन्य दुबै मिलेका हुन्छन्। जसरी लामो लट्ठीमा तीखो फलाम जोडेपछि त्यसको नाम भाला हुन्छ, त्यसै-गरी अन्तःकरणको वृत्ति आत्मचैतन्यको आभासले युक्त भएपछि नै त्यसलाई ज्ञान भन्दछन्। यो संसारसम्बन्धी ज्ञान हो। अर्को ज्ञान हो ब्रह्मको ज्ञान। गुरुमुखबाट उपनिषद् शास्त्रको श्रवण गरेर अन्तःकरणको वृत्तिलाई आत्माकार बनाउनु अनि अज्ञानलाई नष्ट गरी ब्रह्मस्वरूपको अनुभव हुनु यही नै ब्रह्मज्ञान हो। विषयहरूको ज्ञानले ती-ती विषयको अज्ञानलाई मात्र नष्ट गरेजस्तै यो ब्रह्मज्ञानले चाहिँ ब्रह्मस्वरूपको अज्ञानलाई नै नष्ट गरिदिन्छ। ब्रह्मलाई न जान्नु मुख्य अज्ञान हो र त्यसको विनाश यही ज्ञानले

मात्र हुन सक्दछ, विषयको ज्ञानले होइन । त्यसकारणले ब्रह्मको ज्ञान नै मोक्षको कारण हुनसक्दछ ।

स्वरूपभूत ज्ञान भनेको चाहिँ स्वयं बह्म नै हो । **सत्यं ज्ञानमनन्तं ब्रह्म** (तै.उ.२/१/१) अर्थात् ब्रह्म सत्स्वरूप, ज्ञानस्वरूप र अनन्त छ भनी उपनिषद्मा यही ज्ञान बताइएको हो । यो ज्ञान अनादि अनन्त छ र यसले संसारभरका सम्पूर्ण पदार्थहरूलाई हरक्षण प्रकाशित गरिरहेको छ । मैले यो जानेको छु र मैले यो जानेको छैन भन्दा व्यक्तिले आफ्नो ज्ञान र अज्ञान दुबैलाई जानिरहेको हुन्छ । यही स्वरूपभूत ज्ञानद्वारा नै मैले यो जानेको छैन भन्ने अज्ञान समेत प्रकाशित हुन्छ । संसारको सृष्टि र प्रलय हुँदा पनि यो ज्ञान तत्त्वमा कुनै परिवर्तन आउँदैन । अन्तःकरणका वृत्तिपिच्छे नै प्रकट भई घटज्ञान, पटज्ञान आदि विभिन्न रूपमा प्रतिभासित हुने पनि यही अखण्ड ज्ञान नै हो, तर स्वाभाविक रूपमा भने यो ज्ञानमा भेद छैन । रूपज्ञान, रसज्ञान, शब्दज्ञान आदिको रूपमा ज्ञानमा भेद भए तापनि जुन ज्ञान तत्त्वले रूप, रस आदि सबैलाई प्रकाशित गरिरहेको छ, त्यसमा भेद छैन र त्यसको उत्पत्ति वा नाश छैन । जसरी एउटै आकाश घैंटोभित्र घटाकाश र मठभित्र मठाकाश बन्दछ, तर आकाश वास्तवमा एउटै हो, त्यसैगरी ती ती विषयको आकारमा आकारित वृत्ति भिन्न-भिन्न भए तापनि सबैभित्र अनुगत रहने आत्मचैतन्य एउटै हो ।

यसरी तीन प्रकारका ज्ञानमध्ये वास्तविक ज्ञान भनेको ब्रह्मज्ञान नै हो । किनभने यही ज्ञानबाट मात्र अज्ञान, मोह आदि नष्ट हुन सक्दछ । यहाँ राजाको प्रश्नमा भने विषयको ज्ञानले पनि मोह नष्ट हुनुपर्ने हो नि ? भन्ने भाव रहेको छ । जसरी प्रकाश बसेको ठाउँमा अन्धकार रहन सक्दैन त्यसैगरी ज्ञान रहेको ठाउँमा अज्ञान कसरी रहन सक्दछ र ? भन्ने राजाको प्रश्न हो । त्यसको उत्तरमा ऋषिले विषयको ज्ञानले मोह नष्ट नहुने उत्तर दिनुभएको छ । राजाले विषयको ज्ञानलाई नै पूर्ण ज्ञान सम्झेका छन्, तर उनलाई ब्रह्मज्ञानको पत्तो नै छैन । विषयको ज्ञानसँग त मोहको विरोध नै छैन किनकि यी दुबै सजातीय हुन् । सजातीय भन्नुको अर्थ यी दुबै अज्ञानका नै कार्य हुन् भन्ने हो । जसरी मोह अज्ञानको कार्य हो, त्यसैगरी विषयको ज्ञान पनि । किनकि

आत्मालाई नजान्नाले नै संसारका अनेक विषयहरू र अन्तःकरण आदिको कल्पना भएको हो र यिनकै माध्यमले विषयको ज्ञान हुने गर्दछ । त्यसैले मोह र विषयको ज्ञान यी दुबैको बीचमा विरोध छैन । बरु जति विषयको ज्ञान या भोग आदि गर्दै गयो त्यति मोह बढ्दै जान्छ । यही मोहात्मक ज्ञान त **समस्तस्य** अर्थात् पशुपक्षी आदि सबै प्राणीहरूमा पनि छँदैछ भनी ऋषिले बताउनुभएको छ । यो राजाको भ्रमधारणलाई नष्ट गर्ने दृष्टान्तसहितको उत्तर हो । राजाले सोचेअनुसार यदि कुनै पनि ज्ञान रहेको हृदयमा अज्ञान रहनै सक्दैन भनी मान्ने हो भने राति आँखा देख्ने लाटोकोसेरोले बिहान पनि देख्नुपर्ने हो, अनि दिउँसो आँखा देख्ने अरु प्राणीहरूभित्र रातमा पनि अज्ञान न रहनुपर्ने हो । अरु बिरालोजस्ता दिनरात आँखा देख्ने प्राणीहरू त पूर्णरूपले अज्ञान नष्ट भई सबभन्दा पहिले नै मुक्त हुनुपर्ने हो तर त्यस्तो त हुन्न । त्यसैले जुन हृदयमा विषयको ज्ञान छ, त्यही हृदयमा अज्ञान पनि बस्न सक्दछ भन्ने सिद्ध हुन्छ । संसारमा हुने मोहात्मक अज्ञान विषयलाई जानेर नष्ट हुँदैन । ब्रह्मलाई जानेर मात्रै नष्ट हुन्छ, त्यसैले मोह नाश गर्नका लागि ब्रह्मज्ञानमै प्रयास गर्नुपर्दछ भन्ने ऋषिको अभिप्राय हो ॥४८॥

**यतो हि ज्ञानिनः सर्वे पशुपक्षिमृगादयः ।**
**ज्ञानं च तन्मनुष्याणां यत्तेषां मृगपक्षिणाम् ॥५०॥**

**पदार्थ–**

**यतः हि** = किनभने, **सर्वे** = सम्पूर्ण, **पशुपक्षिमृगादयः** = पशु, पक्षी, मृग आदि प्राणीहरू, **ज्ञानिनः** = ज्ञानी हुन्छन् । **तेषां** = ती, **मृगपक्षिणां** = मृग एवं पक्षीहरूको, **यद्** = जस्तो, **ज्ञानम्** = ज्ञान हुन्छ, **मनुष्याणां** = मानिसको, **च** = पनि, **तत्** = त्यस्तै ज्ञान हुन्छ ॥

**भावार्थ–**

सम्पूर्ण पशु, पक्षी, मृग आदि प्राणीहरूलाई पनि व्यवहारसम्बन्धी ज्ञान हुन्छन् । पशुपंक्षी आदि प्राणीहरूको जस्तो ज्ञान हुन्छ, मानिसहरूमा पनि त्यस्तै ज्ञान हुन्छ ॥

**मनुष्याणां च यत्तेषां तुल्यमन्यत्तथोभयोः ।**
**ज्ञानेऽपि सति पश्यैतान् पतङ्गाञ्छावचञ्चुषु ॥५१॥**

कणमोक्षादृतान्मोहात्पीड्यमानानपि क्षुधा ।
मानुषा मनुजव्याघ्र साभिलाषाः सुतान् प्रति ॥५२॥
लोभात्प्रत्युपकाराय नन्वेतान् किं न पश्यसि ।
तथापि ममतावर्त्ते मोहगर्ते निपातिताः ॥५३॥
महामायाप्रभावेण संसारस्थितिकारिणा ।
तन्नात्र विस्मयः कार्यो योगनिद्रा जगत्पतेः ॥५४॥

**पदार्थ–**

**तथा** = जसरी, **मनुष्याणां** = मनुष्यहरूको, **यत्** = जस्तो ज्ञान हुन्छ, **तेषां** = पशुपंक्षी आदिको, **च** = पनि हुन्छ । **अन्यत्** = अरु, **उभयोः** = दुबैको, **तुल्यम्** = बराबर हुन्छ । **ज्ञाने** = ज्ञानमा, **सति अपि** = भएपछि पनि, **क्षुधा** = भोकले, **पीडयमानान् अपि** = पीडित भएता पनि, **मोहात्** = मोहबाट, **शावचञ्चुषु** = आफ्नो बच्चाको मुखमा, **कणमोक्षादृतान्** = अन्नका दाना हालिरहेका, **एतान्** = यी, **पतङ्गान्** = चराहरूलाई, **पश्य** = हेर । **मनुजवयाघ्र !** = हे नरश्रेष्ठ, **मानुषाः** = मानिसहरू, **लोभात्** = लोभको कारण, **प्रत्युपकाराय** = आफूले गरेको उपकारको बदला पाउनको लागि, **सुतान् प्रति** = छोराहरूप्रति पनि, **साभिलाषाः** = अभिलाष राख्दछन्, **ननु किं** = के, **एतान्** = यिनीहरूलाई, **न पश्यसि** = देख्दैनौ ? **तथा अपि** = तर पनि, **संसारस्थितिकारिणा** = संसारको स्थिति बनाइराख्ने, **महामायाप्रभावेण** = महामायाको प्रभावले, **ममतावर्ते** = ममतारूपी भुमरी, **मोहगर्ते** = मोहरूपी गहिरो खाडलमा, **निपातिताः** = फसाइएका छन् । **तत्** = त्यसैले, **अत्र** = यसमा, **विस्मयः** = आश्चर्य, **न कार्यः** = मान्नुपर्दैन ॥

**भावार्थ–**

पशुपंक्षी आदिको ज्ञान पनि मान्छेको जस्तो नै हुन्छ । तथा अन्य व्यवहारहरू पनि प्रायः समान नै हुन्छन् । हेर राजन् ज्ञान भएता पनि यी चराहरू मोहग्रस्त छन् र पुत्रमोहका कारण स्वयं भोकले पीडित हुँदा पनि आफ्ना बचेरालाई चारा खुवाइरहेका छन् । हे नरश्रेष्ठ ! मानिस ज्ञानी भएर पनि यसकारण पुत्रको इच्छा गर्दछन् कि आफूले गरेको उपकारको बदला पाइयोस्, के हजुर यो सब देख्दैनौ ? यद्यपि सबै मानिसमा ज्ञानको कमी छैन,

तथापि संसारको जन्ममरणचक्रलाई चलाउने भगवती मायाको प्रभावद्वारा तिनीहरू ममतारूपी भुमरी र मोहरूपी खाडलमा फसिरहेका छन् । त्यसैले यसमा आश्चर्य मान्नुपर्दैन किनकि यिनी जगदीश्वर भगवान् विष्णुकी योगनिद्रा हुन् ॥

**विवरण–**

प्राणीहरूलाई मोह र ममताले निरन्तर सताइरहन्छ । संसारका वस्तुहरूको ज्ञान आर्जन गरेर जतिसुकै ठूलो विद्वान् भएता पनि यो मोह र ममता हट्दैन । ममता र मोह ठूला खाडल वा भुमरीजस्ता हुन् । यिनले सबैलाई आफूभित्र लीन गराउँदछन् । ममता भनेको शरीरसँग सम्बन्धित पदार्थ र प्राणीहरूमा हुने आसक्ति हो । शरीरमा आत्मबुद्धि या म हुँ भन्ने बोध भएपछि नै ममता उत्पन्न हुन्छ । अहं नभई मम भन्ने भाव हुँदैन । त्यसैले अहंभाव कारण हो भने ममभाव कार्य हो । जहाँ ममता हुन्छ त्यहाँ अवश्य पनि अहंता रहेकै हुन्छ, अनि अहंता नभएको ठाउँमा ममता पनि रहँदैन । जाग्रत् र स्वप्न अवस्थामा पदार्थहरूप्रति ममता हुन्छ, त्यहाँ शरीरमा आत्मबुद्धि पनि छ । सषुप्ति अवस्थामा शरीर आदिमा अहंभाव नै नभएकाले पदार्थहरूमा ममभाव पनि छैन अनि कुनै दुःख पनि छैन । ममता यौटा अदृश्य भुमरी हो । ममताले जीवलाई कुनै पनि वस्तुको वरिपरि जीवनभर घुमाइदिन्छ, त्यसैले यसलाई आवर्त भनिएको हो । मोह भनेको विवेकको अभाव हो । यो एउटा त्यस्तो अदृश्य खाडल हो जहाँ संसारका सबै मान्छे गाडिएका छन् । बाहिरी खाडलमा परेको व्यक्तिलाई त म खाडलमा छु भन्ने बोध हुन्छ र ऊ त्यसबाट निस्कन प्रयास गर्दछ । यो संसारको मोहमा परेको व्यक्ति त आफूलाई मोहमा परेको खाडलमा छु भन्ने थाहा पाउँदैन र यही थाहा नपाउनुलाई आफ्नो ठूलो पुरुषार्थ सम्झन्छ । आफू मोहमा परको थाहा नपाउनु नै सबैभन्दा ठूलो मोह हो तर प्राणीहरूले अनादिकालदेखि आफू मोहमा परेको भन्ने थाहा नै पाएका छैनन्, त्यहाँबाट जोगिने त के कुरा ! यो श्लोकमा मोह र ममतालाई भगवतीकै प्रेरणाअनुसार हुने भनिएको छ । **संसारस्थिति** अर्थात् जगत्को स्थिरताका लागि यहाँका प्राणीहरूले एक अर्कामा मोह गर्नु आवश्यक हुन्छ । मातापिताले साना सन्ततिमाथि मोह ममता नगर्ने हो भने तिनीहरू कसरी

बाँच्न सक्छन् ? त्यसैले संसारलाई चलाउन भगवतीले मोह, ममताको सृष्टि गर्नुभएको हो । यसको नाश गर्न पनि उहाँकै शरणमा जानुपर्छ ।

**महामाया हरेश्चैषा तया सम्मोह्यते जगत् ।**
**ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ॥५५॥**
**बलादाकृष्य मोहाय महामाया प्रयच्छति ।**
**तया विसृज्यते विश्वं जगदेतच्चराचरम् ॥५६॥**
**सैषा प्रसन्ना वरदा नृणां भवति मुक्तये ।**
**सा विद्या परमा मुक्तेर्हेतुभूता सनातनी ॥५७॥**
**संसारबन्धहेतुश्च सैव सर्वेश्वरेश्वरी ॥५८॥**

**पदार्थ–**

**एषा च** = यी, **हरेः** = भगवान् विष्णुको, **योगनिद्रा** = योगनिद्रारूप, **महामाया** = महामाया हुन्, **तया** = त्यही मायाद्वारा, **जगत्** = यो सम्पूर्ण संसार, **सम्मोह्यते** = मोहित भएको छ । **हि** = निश्चय नै, **सा** = तिनै, **महामाया** = महामाया, **भगवती** = भगवती, **देवी** = देवी, **ज्ञानिनां** = ज्ञानीहरूको, , **चेतांसि अपि** = चित्तलाई पनि, **बलात्** = बलपूर्वक, **आकृष्य** = खिचेर, **मोहाय** = मोहमा, **प्रयच्छति** = हाल्नुहुन्छ । **तया** = ती महामायाद्वारा, **एतत्** = यो, **विश्वं** = सम्पूर्ण, **चराचरम्** = चराचर, **जगत्** = संसार, **विसृज्यते** = सृष्टि हुन्छ । **सनातनी** = सत्य(तथा), **सा** = उहाँ नै, **मुक्तेः** = मुक्तिको, **हेतुभूता** = कारण भएकी, **परमा** = परम, **विद्या** = विद्या, **सर्वेश्वरेश्वरी** = सम्पूर्ण ईश्वरका पनि अधीश्वरी हुनुहुन्छ, **सा एव** = उहाँ नै, **संसारबन्धहेतुः च** = संसारबन्धनको कारण पनि हुनुहुन्छ ।

**भावार्थ–**

हरि भगवान्को यो मायाबाट नै सम्पूर्ण जगत् मोहित भएको छ । ती महामाया भगवती ज्ञानीहरूको चित्तलाई पनि बलपूर्वक खिची मोहमा पारिदिनुहुन्छ । भगवती मायाबाट नै यो संसार मोहित भएको छ । ती भगवती माया ज्ञानीहरूको पनि चित्तलाई बलपूर्वक तानेर मोहमा हालिदिनुहुन्छ । उहाँ नै यस चराचर जगत्को सृष्टि गर्नुहुन्छ तथा उहाँ प्रसन्न भएपछि यो संसारचक्रबाट मनुष्यलाई मुक्तिको वर दिनुहुन्छ । यी सनातनी देवी नै परा-विद्यारूपिणी भई मुक्तिको कारण बन्नुहुन्छ र जगदीश्वरहरूलाई पनि नियन्त्रित

गर्ने उहाँ नै अविद्यारूपिणी भई संसारबन्धनको हेतु पनि हुनुहुन्छ ॥

**विवरण–**

यस प्रसङ्गमा भगवतीले ज्ञानीहरूलाई पनि मोहित गर्ने बताइएको छ । विद्यारूपले प्रकट भई जीवहरूलाई मुक्त गराउने र अविद्या या मोहको रूपमा जीवहरूलाई बन्धनमा पारिदिने एकमात्र भगवती नै हुनुहुन्छ । यहाँ मोहित गर्ने अर्थमा भगवतीलाई महामाया भने पनि वास्तवमा उहाँ ब्रह्मरूपिणी नै हुनुहुन्छ भन्ने बुझ्नुपर्दछ । माया शब्द सामान्यतः दुई अर्थमा प्रचलित छ । एउटा दृष्टिमा माया भनेको अज्ञान हो । यसमा ब्रह्मलाई नजान्नु नै अविद्या या माया हो अनि यसकै कारणले सम्पूर्ण जगत्भ्रम खडा भएको हो भन्ने मानिन्छ । अर्को दृष्टिअनुसारचाहिँ जीवमा रहने अज्ञान अविद्या हो भने ब्रह्ममा रहने स्वरूपभूत शक्तिचाहिँ माया हो भनिन्छ । ईश्वरमा रहेको ज्योतिर्मय शक्तिको कारणले नै जीवले आफ्नो सामान्य ज्ञानको भरमा परमात्मतत्त्वलाई जान्न नसकेको हो । यो तेज ईश्वरको स्वरूपभूत शक्ति हो तर यसैले अल्पज्ञ जीवको ज्ञानशक्ति प्रतिहत बन्ने हुनाले स्वरूपभूत शक्तिमा पनि माया शब्दको प्रयोग गरिएको हो । जबसम्म परमात्मा आफ्नो अनन्त ज्योतिर्मय शक्तिद्वारा ढाकिएर बस्नुहुन्छ तबसम्म अल्पसामर्थ्यवान् जीवले उहाँलाई पाउन सक्दैन । यसैले उपासकले उपास्यसँग अनन्त ज्योतिलाई हटाई सामान्यरूपमा प्रकट हुन प्रार्थना गरेको प्रसङ्ग उपनिषद्मा आउँछ– **हिरण्मयेन पात्रेण सत्यस्यापिहितं मुखम्, तत् त्वं पूषन्नपावृणु सत्यधर्माय दृष्टये** (ईशा.उ.१५) अर्थात् हे सूर्यमण्डलाभिमानी समष्टि हिरण्यगर्भ ! हजुरको सुनौलो तेजोमण्डलले सत्स्वरूप परमात्माको मुख(वास्तविक रूप) ढाकिएको छ । म सत्य दृष्टिलाई चाहने हजुरको उपासक भएकाले मेरो लागि त्यसलाई हटाइदिनुहोस् । यसरी भगवान्भन्दा अभिन्न उहाँको स्वरूपभूत शक्तिलाई नै माया भनिन्छ र यसलाई जित्नका लागि जीवले ब्रह्मस्वरूपिणी भगवतीको कृपा प्राप्त गर्नैपर्दछ ।

शक्ति शक्तिमान्मा आश्रित रहन्छ र त्यहाँ शक्तिमान् नै मुख्य हुन्छ । यहाँ भगवतीको महत्त्व बताउँदा उहाँलाई परमात्माको मायाशक्ति भनी बताउनु उपयुक्त होइन कि ? भन्ने शङ्का पनि उब्जन सक्दछ । यसको

उत्तर के हो भने– भगवती ब्रह्मरूपिणी हुँदाहुँदै उहाँलाई मायाशक्तिको रूपमा पनि बताउनु उहाँको सर्वरूपताको वर्णन भएकाले यहाँ उक्त शङ्का गर्नुपर्दैन । भगवतीले आफूलाई स्वयं ब्रह्म भनेर नै बताउनुभएको छ । उहाँ आफैँ लीलाविलास गर्नकै लागि पछि माया अनि यसको कार्य संसारको रूपमा पनि अभिव्यक्त हुनुभएको हो । भगवती भन्नुहुन्छ– **अहं ब्रह्मस्वरुपिणी मत्तः प्रकृतिपुरुषात्मकं जगत्** (**देव्यथर्व.म.** ) अर्थात् म ब्रह्मरूपिणी हुँ र मबाट नै प्रकृति-पुरुषमय जगत् उत्पन्न भएको हो । यसबाट मूलप्रकृति माया पनि भगवतीबाट नै उत्पन्न भएको हो भन्ने सिद्ध हुन्छ । यसरी भगवतीले माया एवं जगत्को रूपमा बन्नु औपाधिक हो, त्यसैले जहाँ परमात्माको शक्तिको रूपमा भगवतीको स्तुति गरिन्छ, त्यो उहाँको औपाधिक रूपको स्तुति हो । सामान्य नियमअनुसार शक्ति र शक्तिमान् मध्ये शक्तिमान् नै प्रमुख हुन्छ, तर जहाँ मायाशक्तिको रूपमा भगवतीको स्तुति हुन्छ, त्यहाँ उहाँलाई शक्तिमान् परमात्मालाई पनि मोहित गर्ने या उहाँमाथि आरूढ हुने सर्वोत्कृष्ट शक्तिको रूपमा बताइएको पाइन्छ । महाकाली शवझैँ निश्चेष्ट लड्नुभएका महेश्वरको छातीमाथि चढ्नुहुन्छ भने प्रलयकालमा योगनिद्रारूपिणी यी महाशक्तिले भगवान् विष्णुलाई पनि निद्राग्रस्त बनाइदिनुहुन्छ । त्यसैले मधुकैटभदेखि डराउनुभएका ब्रह्माजीले विष्णुलाई मोहबाट छुटाइदिन भनेर यिनै महामायासँग प्रार्थना गर्नुभएको छ । वस्तुतः चिद्ब्रह्मरूपिणी भगवती आफ्नो वास्तविक स्वरूपमा त सर्वश्रेष्ठ हुनुहुन्छ नै, तर जगत्को व्यवहारका लागि मायाशक्तिको औपाधिक रूप लिँदा पनि उहाँ यति श्रेष्ठ हुनुहुन्छ कि स्वयं ईश्वरलाई समेत शववत् निश्चेष्ट र निद्रित बनाइदिनुहुन्छ । यहीँ आएर यो रहस्य पनि खुल्दछ मायालाई जित्न भगवान्को भन्दा भगवती माताको भक्ति गर्नु नै उत्तम हुन्छ । जुन मायारूपिणी भगवतीद्वारा स्वयं भगवान् त मोहित हुनुहुन्छ भने त्यही महामायाको शरणमा नगई मायाबाट कसरी छुट्न सकिन्छ ? यस्ती सर्वसमर्थ भगवतीले ज्ञानीहरूको चित्तलाई पनि मोहित गरिदिन सक्नुहुन्छ । यो बद्धलाई मुक्त बनाइदिन सक्ने अनि मुक्तलाई पनि बद्ध बनाइदिन सक्ने उहाँको अकुण्ठित नित्य ऐश्वर्यको परिचय हो । ऋषभदेवका पुत्र परम विरक्त भरतलाई पनि मृगमा आसक्त गराइदिने सामर्थ्य

भगवतीबाहेकअरुकसमाछ? अनिमहाभारतमाबताइएअनुसारराक्षसलेआफ्नासय छोरालाई खाइदिको सुनी परमज्ञानी वशिष्ठ पनि मोहवश नदीमा हामफाल्न किन खोज्नुभयो ? यहाँ कसको मोहशक्तिले काम गरेको छ ? त्यसैले माया जित्न खोज्ने साधकले भगवतीकै आश्रय लिनुपर्दछ भन्ने भाव यहाँ झल्कन्छ ।

*राजोवाच ॥५९॥ राजाले भने ॥*

**भगवन् का हि सा देवी महामायेति यां भवान् ॥६०॥**
**ब्रवीति कथमुत्पन्ना सा कर्मास्याश्च किं द्विज ।**
**यत्प्रभावा च सा देवी यत्स्वरूपा यदुद्भवा ॥६१॥**
**तत्सर्वं श्रोतुमिच्छामि त्वत्तो ब्रह्मविदां वर ॥६२॥**

**पदार्थ–**

**भगवन्** = हे भगवन् ! **यां** = जसलाई, **भवान्** = तपाईं, **महामाया इति** = महामाया भनेर, **ब्रवीति** = भन्नुहुन्छ, **हि** = निश्चय नै, **सा देवी** = ती भगवती, **का** = को हुन्, **द्विज** = हे बाह्मणदेव, **सा** = ती देवी, **कथम्** = कसरी, **उत्पन्ना** = उत्पन्न हुनुभयो, **अस्याः** = यिनको, **कर्म** = कर्म, **किं** = के हो ? **ब्रह्मविदां वर** = हे ब्राह्मणवेत्ताहरूमा श्रेष्ठ, **सा** = ती, **देवी** = भगवती, **यत्प्रभावा** = जस्तो प्रभाववाली हुनुहुन्छ, **यत्स्वरूपा** = जस्तो स्वरूपकी हुनुहुन्छ, **यदुद्भवा** = जसरी प्रादुर्भाव हुनुभयो, **तत् सर्वं** = ती सम्पूर्ण, **त्वत्तः** = हजुरबाट, **श्रोतुम् इच्छामि** = सुन्न चाहन्छु ॥

**भावार्थ–**

हे भगवन् ! हजुरले महामाया भनेर बताइएकी देवी को हुन् ? उहाँको आविर्भाव कसरी भयो ? र के-के चरित्रहरू छन् ? हे ब्रह्मवेत्ताहरूमध्ये श्रेष्ठ ऋषि ! उहाँको स्वरूप एवं प्रभाव जस्तो छ अनि उहाँ जसरी प्रकट हुनुभयो, त्यो सबै म हजुरबाट सुन्न चाहन्छु ॥

*ऋषिरुवाच ॥६३॥ ऋषिले भन्नुभयो ॥*

**नित्यैव सा जगन्मूर्तिस्तया सर्वमिदं ततम् ॥६४॥**
**तथापि तत्समुत्पत्तिर्बहुधा श्रूयतां मम ।**
**देवानां कार्यसिद्ध्यर्थमाविर्भवति सा यदा ॥६५॥**
**उत्पन्नेति तदा लोके सा नित्याप्यभिधीयते ।**

**पदार्थ–**

**सा** = ती, **जगन्मूर्तिः** = जगद्रूपिणी भगवती, **नित्या एव** = नित्य हुनुहुन्छ, **तया** = ती भगवतीबाट, **इदम्** = यो, **सर्वम्** = सम्पूर्ण जगत्, **ततम्** = व्याप्त छ, **तथा अपि** = त्यही हुदाँहुदैं पनि, **तत्समुत्पत्तिः** = उहाँको उत्पत्ति, **बहुधा** = अनेक प्रकारका छन्, **मम** = मबाट **श्रूयताम्** = सुन, **नित्या अपि** = नित्य भए तापनि, **सा** = ती भगवती, **यदा** = जब, **देवानां** = देवताहरूको, **कार्यसिद्धयर्थम्** = कार्य सिद्ध गर्नका लागि, **आविर्भवति** = उत्पन्न हुनुहुन्छ, **तदा** = तब, **लोके** = संसारमा, **सा** = ती, **उत्पन्ना इति** = उत्पन्न हुनुभयो भनेर, **अभिधीयते** = भनिन्छ ॥

**भावार्थ–**

हे राजन् ! वास्तवमा सम्पूर्ण जगत्को रूपमा प्रकट हुने भगवती नित्य हुनुहुन्छ । सम्पूर्ण जगत्मा उहाँ नै व्याप्त हुनुहुन्छ । तथापि उहाँको प्राकट्य अनेक प्रकारले भएको छ । त्यो कुरा मबाट सुन्नुहोस् । नित्य भएता पनि देवताहरूको कार्य सिद्धि गर्नका लागि जब उहाँ प्रकट हुनुहुन्छ, त्यही समयमा भगवती उत्पन्न हुनुभयो भनेर बताइन्छ ॥

**विवरण–**

यस प्रसङ्गमा राजाले महामाया भगवतीको विषयमा जिज्ञासा र खेपछि मेधा ऋषिले त्यसको उत्तर दिनुभएको छ । बन्धन र मोक्ष दुबैको कारण महामाया भगवती नै हुनुहुन्छ भन्ने सुनेपछि राजालाई भगवतीको वास्तविक रूप के हो ? भनी जान्ने इच्छा भयो र उनले यो प्रश्न गरेका हुन् । **सा देवी का** अर्थात् ती देवी को हुन् भन्ने पहिलो प्रश्न हो । **कथम् उत्पन्ना** अर्थात् कसरी उत्पन्न भइन् भन्ने दोस्रो प्रश्न हो । **अस्याः कर्म किम्** अर्थात् उनको कर्म के हो ? यो तेस्रो प्रश्न हो । **यत्स्वभावा** शब्दको अर्थ हुन्छ– ***यः स्वभावो लक्षणं यस्याः सा*** अर्थात् उनको स्वरूप कस्तो छ भन्ने यो पाचौँ प्रश्न हो । **यदुवा** शब्दको अर्थ हुन्छ– ***य उुवो यस्याः सा*** अर्थात् उनको उत्पत्ति कहाँबाट भएको हो । यो छैठौँ प्रश्न हो । यहाँ ऋषिलाई **ब्रह्मविदां वर** अर्थात् ब्रह्मज्ञानीहरूमध्ये श्रेष्ठ भनिएको छ । जो स्वयं ब्रह्मज्ञ छ उसले मात्र ब्रह्मरूपिणी देवीको स्वरूपको विषयमा उपदेश गर्न सक्दछ । शास्त्रज्ञानको

आधारमा मात्र गरिएको उपदेश निर्जीव उपदेश हुन्छ । अनुभवको आधारमा दिइएको ज्ञान नै प्रामाणिक र हृदयस्पर्शी हुन्छ । त्यसैले गुरु कस्तो चाहिन्छ भन्ने प्रश्नमा शास्त्रहरूले श्रोत्रिय र ब्रह्मनिष्ठ गुरु चाहिने बताएका छन् । श्रोत्रिय भनेको वेद-वेदाङ्गको अध्ययन गरेको अनि ब्रह्मनिष्ठ भनेको ज्ञानद्वारा ब्रह्मस्वरूमै अवस्थित भएको भन्ने हो । यसैले यहाँ श्रेष्ठ ब्रह्मज्ञानी भएकाले मेधा ऋषिसँग राजाले ब्रह्मस्वरूपिणी भगवतीको विषयमा जिज्ञासा राखेका छन् ।

ऋषि भन्नुहुन्छ- यी भगवती नित्य छिन् र **जगन्मूर्ति** अर्थात् जगत्को मूर्त रूपमा प्रकट भएकी यिनी जतातत्तै व्याप्त छिन् । सामान्यतया मानिसहरू के सम्झिन्छन् भने भगवान् या भगवतीको कुनै विशेष आकार र उपलब्धिस्थान होला । मानिस भनेपछि उसको शरीर अनि ऊ बस्ने निवासस्थानको पनि झलक आएझैं भगवती भन्दा पनि उहाँको कुनै विशिष्ट शरीर होला अनि उहाँ कुनै ठाँउमा बस्नुहोला भन्ने कल्पना भइहाल्छ ,तर परमसत्ता कहिल्यै पनि शरीर वा स्थान आदि उपाधिमा सीमित हुँदैन । यो त अखण्ड नित्य र परिपूर्ण हुन्छ । भगवती कुनै एक ठाउँविशेषमा मात्र रहने भएदेखि उहाँको व्यापकतामा हानि आइहाल्थ्यो नि ? त्यसैले यहाँ भगवतीलाई नित्य र सर्वव्यापक भनिएको छ । यद्यपि पुराणहरूमा भगवान्का अनेक विशिष्ट लोकलोकान्तरहरू रहेको बताइएको छ तर ती सबै प्रतिपादनहरू औपाधिक रूपलाई लिएर गरिएका हुन् ? परमतत्त्व सम्पूर्ण जगत्रूप नै हो अनि ऊभन्दा भिन्न अरु वस्तु नै छैन । सर्वव्यापक वस्तु कुनै स्थानविशेषमा सीमित हुन सक्दैन । त्यसैले शास्त्रमा प्रतिमा आदि विशेषरूपमा मात्र देवताको दर्शन गर्ने व्यक्तिहरू साधारण बुद्धिवाला हुन् अनि सबैतिर सबै रूपमा परमात्मदर्शन गर्नेहरू चाहिँ आत्मज्ञानीहरू हुन् भनी बताइएको छ– **प्रतिमा स्वल्पबुद्धीनां सर्वत्र विदितात्मनाम्** । यहाँ राजाले भगवतीलाई सीमित आकार-प्रकारको स्वरूपमा जान्न चाहेका छन् तर उनको त्यो बुझाइ ठीक नभएकाले ऋषिले त्यसको उत्तरमा भगवतीलाई नित्य र सर्वव्यापकरूपमा बताउनुभएको छ । राजाले गरेका प्रश्नहरूमध्ये भगवतीको उत्पत्ति कहाँबाट भयो ? किन भयो ? उनि उहाँको लक्षण आकार प्रकार कस्तो छ ? इत्यादि सबै प्रश्नहरू अनुपयुक्त

छन् किनभने भगवतीको उत्पत्ति कहींबाट पनि हुँदैन र उहाँ कुनै आकार-प्रकारमा मात्र सीमित हुनुहुन्न । **त्वं स्त्री त्वं पुमानसि त्वं कुमार उत वा कुमारी** (**श्वेता. उ.,४/३**) अर्थात् सम्पूर्ण जगत् नै उनको मूर्ति या स्वरूप हो । जगत्रूप हुँदा त उहाँमा परिच्छिन्नताको दोष आयो नि ? भन्ने प्रश्नको उत्तर-मा भनिन्छ– **तया सर्वमिदं ततम्** अर्थात् परिच्छिन्न जगत्मा पनि पूर्ण रूपले अनुगत रहने उहाँ नै हुनुहुन्छ । त्यसकारण सम्पूर्ण जगत् उहाँमा अडिए तापनि उहाँलाई जगत्को दोषले छोएको हुँदैन । यसबाट भगवती जगत्को रूपमा हुँदा पनि उहाँले आफ्नो पूर्ण एवं शुद्ध स्वरूपलाई छाड्नुभएको छैन भन्ने सिद्ध हुन्छ । जसरी माटोले आफ्नो रूपलाई नछाडी घैंटोको रूपमा बन्दछ त्यसैगरी भगवती पनि आफ्नो नित्यता एवं व्यापकतालाई नछाडी जगत्को रूपमा देखिनुहुन्छ । अज्ञानीहरूलाई जगत् भगवतीभन्दा भिन्नरूपमा प्रतीत हुन्छ । तर तत्त्वदर्शी ज्ञानीहरूका लागि त सम्पूर्ण जगत् भगवन्मय लाग्छ ।

राजाले देवी को हुन् ? भनी प्रश्न गरेका थिए, त्यसको उत्तरमा उनी नित्य ब्रह्मरूपिणी हुन् भन्ने उत्तर दिइएको छ । उनको स्वरूप के हो? भन्ने प्रश्नको उत्तरमा जगत् नै उनको दृश्य स्वरूप हो भनिएको छ । यसबाट उहाँको वास्तविक स्वरूपलाई शब्दबाट निर्दिष्ट गरेर बताउन नसकिने स्पष्ट भएको छ । उनको स्वभाव के हो ? भन्ने प्रश्नको उत्तरमा नित्य चैतन्यरूपले सम्पूर्ण जगत्लई व्याप्त गरी त्यसलाई सिद्ध गराउनु नै उनको स्वभाव हो भनिएको छ । उनको कर्म के हो ? भन्ने प्रश्नको उत्तर दिदैं देवताहरूको कार्यसिद्धि गर्नु नै उनको कर्म भन्ने हो भनिएको छ । भगवतीको उत्पत्ति कहाँबाट र किन भएको हो भन्ने राजाको प्रश्नको भने उत्तर दिन सम्भव छैन । त्यसैले ऋषिले भगवतीको उत्पत्ति नभए पनि कहिलेकहीं उत्पत्ति भएझैं हुन्छ भन्नुभएको छ । गीतामा भगवान्ले परमात्मतत्त्व अजन्मा र अविनाशी भए पनि आफ्नो मायाद्वारा उहाँको उत्पत्ति भएझैं हुन्छ भन्नुभएको छ– **प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यत्ममायया** (**श्रीमु.गी.४/६** ) अर्थात् म आफ्नी प्रकृतिलाई वशमा राखी मायाद्वारा जन्मिन्छु । मायाद्वारा जन्मनु भनेको वास्तवमा नजन्मनु नै हो । त्यसैले गीताको उपोद्घातभाष्यमा श्रीशङ्कराचार्यले **स्वमायया देहवान् इव जात इव च लक्ष्यते** अर्थात् भगवान् आफ्नो मायाले शरीरधारी भएझैं अनि

जन्मिएकैं देखिनुहुन्छ भन्नुभएको छ । यहाँ पनि देवताहरूको कार्य सिद्ध गर्न भगवती बारम्बार अनेक रूपमा प्रकट भए पनि वास्तवमा उहाँ उत्पत्ति र नाशले रहित नित्यतत्त्व हुनुहुन्छ भनी बताइएको छ । राजाले भगवतीलाई महामाया भनेकाले उनले उहाँलाई माया भनी सम्झेका हुनसक्छन् अनि त्यो ब्रह्मबाट अभिव्यक्त हुन्छ भन्ने धारणाले यस्तो प्रश्न गरेका हुन् तर भगवती परब्रह्मरूपिणी हुनुहुन्छ र उहाँको अरु कुनै कारणबाट उत्पत्ति हुँदैन भन्ने कुरा ऋषिको उत्तरबाट स्पष्ट भएको छ ॥

**योगनिद्रां यदा विष्णुर्जगत्येकार्णवीकृते ॥६६॥**
**आस्तीर्य शेषमभजत्कल्पान्ते भगवान् प्रभुः ।**
**तदा द्वावसुरौ घोरौ विख्यातौ मधुकैटभौ ॥६७॥**
**विष्णुकर्णमलोद्भूतौ हन्तुं ब्रह्माणमुद्यतौ ।**
**स नाभिकमले विष्णोः स्थितो ब्रह्मा प्रजापतिः ॥६८॥**
**दृष्ट्वा तावसुरौ चोग्रौ प्रसुप्तं च जनार्दनम् ।**
**तुष्टाव योगनिद्रां तामेकाग्रहृदयस्थितः ॥६९॥**
**विबोधनार्थाय हरेर्हरिनेत्रकृतालयाम् ।**
**विश्वेश्वरीं जगद्धात्रीं स्थितिसंहारकारिणीम् ॥७०॥**
**निद्रां भगवतीं विष्णोरतुलां तेजसः प्रभुः ॥७१॥**

**पदार्थ–**

**कल्पान्ते** = कल्पको अन्तमा, **यदा** = जब, **जगति** = सम्पूर्ण संसार, **एकार्णवीकृते** = प्रलयकालिक समुद्रमा निमग्न भइसके पछि, **प्रभुः** = सबका स्वामी, **भगवान् विष्णुः** = भगवान् नारायण, **शेषं** = शेषनागलाई, **आस्तीर्य** = शय्या बनाएर, **योगनिद्रां** = योगनिद्राको, **अभजत्** = आश्रय लिए, **तदा** = तब, **विष्णुकर्णमलोद्भूतौ** = विष्णुको कानेगुजीबाट उत्पन्न भएका, **घोरौ** = भयानक, **मधुकैटभौ** = मधु र कैटभ, **विख्यातौ** = नामले विख्यात भएका, **द्वौ** = दुई, **असुरौ** = राक्षसहरू, **ब्रह्माणं** = ब्रह्माजीलाई, **हन्तुं** = मार्न, **उद्यतौ**= तयार भए । **विष्णोः** = भगवान् नारायणको, **नाभिकमले** = नाभिकमलमा, **स्थितः** = रहेका, **सः** = ती, **प्रजापतिः** = प्रजाका मालिक, **ब्रह्मा च** = ब्रह्मा, **तौ** = ती,

**उग्रौ** = भयानक, **असुरौ** = दैत्य, **प्रसुप्तं** = सुतिरहेका, **जनार्दनं** = नारायणलाई, **च** = पनि, **दृष्ट्वा** = देखेर, **एकाग्रहृदयस्थितः** = एकाग्रचित्त भई, **हरेः** = नारायणको, **विबोधनार्थाय** = जगाउनको लागि, **ताम्** = ती, **हरिनेत्रकृतालयाम्** = नारायणको नेत्रमा निवास गर्ने, **योगनिद्रां** = योगनिद्रा भगवतीलाई, **तुष्टाव** = स्तुति गर्नुभयो । **प्रभुः** = ब्रह्माजीले, **विश्वेश्वरीं** = विश्वका अधीश्वरी, **जगद्धात्रीं** = जगत्लाई धारण गर्ने, **स्थितिसंहारकारिणीम्** = संसारको पालन एवं संहार गर्ने, **तेजसः** = तेजस्वरूप, **विष्णोः** = भगवान् नारायणको, **भगवतीं** = भगवती, **निद्रां** = निद्रादेवीलाई(**तुष्टाव** = स्तुति गर्नुभयो) ॥

**भावार्थ–**

कल्पको अन्त्यमा सम्पूर्ण जगत् एकार्णव प्रलयजलमा निमग्न भएपछि भगवान् विष्णु शेषशैय्यामा योगनिद्रालाई स्वीकार गरी सुत्नुभएको थियो, त्यही समयमा भगवान् विष्णुका कानेकुजीबाट मधु र कैटभ नामले प्रख्यात भयानक दुई असुरहरू उत्पन्न भए र ती दुबैले विष्णुको नाभिकमलबाट उत्पन्न हुनुभएका ब्रह्माजीलाई देखी मार्न तत्पर भए । घोर असुरहरू आफूतिर आइरहेको र जनार्दन भगवान्लाई सुतिरहेको देखेर ब्रह्माजीले भगवान्लाई जगाउनका लागि एकाग्रहृदयले उनै योगनिद्रा भगवतीको स्तुति गर्नुभयो । उहाँले हरि भगवान्को नेत्रमा रही उहाँलाई निद्रित बनाइदिने सम्पूर्ण संसारको स्थिति र संहार गर्न सक्ने ती विश्वेश्वरी एवं जगद्धात्री योगनिद्रा भगवतीसँग भगवान्लाई जगाइदिन प्रार्थना गर्नुभयो ॥

**विवरण–**

यहाँ मधु र कैटभबाट डराएका ब्रह्माजीले भगवतीको स्तुति गर्न थाल्नुभएको छ । जगत्को प्रलय हुँदा शेषशय्यामा सुतिरहनुभएका विष्णुको कानबाट महामायाले कानेगुजी निकाल्दा त्यसबाट दुई दैत्य उत्पन्न भए भन्ने कथा कालिकापुराणमा पाइन्छ । तीमध्ये एउटा दैत्यले उत्पन्न हुनेबित्तिकै मधु खान खोज्यो त्यसैले भगवतीले त्यसको नाम नै मधु राखिदिनुभयो भने अर्को दैत्यचाहिँ ***कीटवत् भाति*** अर्थात् कीरा जस्तै देखिएको हुनाले त्यसको नाम कैटभ राखियो । ती दुबै दैत्यहरूले ब्रह्माजीलाई नै मार्न खोजे । यो उपाख्यानले आध्यात्मिक अर्थतर्फ पनि सङ्केत गरेको छ । अत्यन्त मीठो

वस्तुलाई मधु भन्दछन् । मानिसहरूलाई राग गरिएको वस्तु अत्यन्त मीठो लाग्छ । रागकै कारण प्राणीहरूले भौतिक सुखका साधनहरूलाई जम्मा गरिरहेका छन् । त्यसैले मधु दैत्य रागको प्रतीक हो । कुनै व्यक्तिसँग द्वेष भयो भने त्यसले मनलाई भित्रभित्रैबाट बारम्बार पीडित गरिरहन्छ । कीराले डसेझैँ मनलाई डसिरहने हुनाले कैटभलाई द्वेषको प्रतीक मान्न सकिन्छ । यसप्रकार मधु र कैटभ राग र द्वेषका प्रतिनिधि हुन् । यी दुबैले ब्रह्माजीलाई मार्न खोजेका छन् । ब्रह्माचाहिँ समष्टि जीव हिरण्यगर्भ हुन् । त्यसैले यो प्रसङ्गमा उनलाई व्यष्टि जीवको प्रतीक मान्न सकिन्छ । राग र द्वेषका वृत्तिले जीवलाई अत्यन्त पीडित गरिरहन्छन् भन्नु यसको आशय हो । अज्ञानी जीवको दृष्टि अत्यन्त मलिन भएकाले यसले कुनै पनि वस्तुमा राग तथा द्वेष नगरी रहन सक्दैन । ज्ञानी पुरुषहरू संसारलाई जस्तो छ त्यस्तै रूपमा उदासीन भावले हेर्दछन्, तर अज्ञानीहरू भने हरेक वस्तुमा आफ्नो तर्फबाट राग वा द्वेष थपिदिन्छन् । जब राग या द्वेष थपिन्छ तब त्यो वस्तु आफ्नो स्वाभाविक रूपभन्दा भिन्नझैँ बन्न पुग्दछ । सबै प्राणीहरूभित्र रहेका परमात्मालाई नचिनी व्यक्तिले त्यही सङ्कुचित वृत्तिका कारण संसारमा आफ्ना केही मित्र अनि केही शत्रुहरूको कल्पना गर्दछ । तिनीहरूसँग राग, द्वेष गरेर पूरा जीवन बिताइदिन्छ । संसार का पदार्थहरू नभई यी वृत्ति नै बन्धनका कारण हुन् । त्यसैले गीतामा राग द्वेषले रहित भई इन्द्रियद्वारा विषयको ग्रहण गर्ने हो भने त्यसबाट शान्ति प्राप्त हुने जनाइएको छ– **रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन्** (श्रीम.गी.२/६४) जीवलाई जन्म–मृत्युको चक्करमा घुमाइदिने यी वृत्ति नै जीवका प्रमुख शत्रु हुन्, यिनलाई नष्ट नगरेसम्म जीवलाई सुख प्राप्त हुँदैन । यही नै मधुकैटभले ब्रह्माजीलाई मार्न खोज्नुको तात्पर्य हो ॥६९॥

*ब्रह्मोवाच ॥७२॥ ब्रह्माजीले भन्नुभयो ॥*

**त्वं स्वाहा त्वं स्वधा त्वं हि वषट्कारः स्वरात्मिका ॥७३॥**
**सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता ।**
**अर्धमात्रास्थिता नित्या यानुच्चार्या विशेषतः ॥७४॥**

**पदार्थ–**

**हि** = निश्चय नै, **त्वं** = हजुर, **स्वाहा** = स्वाहा, **त्वम्** = हजुर नै,

**स्वधा** = स्वधा, **त्वं** = हजुर नै, **वषट्कारः** = वषट्कार, **स्वरात्मिका** = स्वर पनि हजुरकै स्वरूप हो, **सुधा** = जीवनदायिनी अमृत रूपिणी, **त्वं** = हजुर, **नित्ये** = नित्य, **अक्षरे** = ॐकाररूप अक्षरमा, **त्रिधा** = तीन प्रकार को, **मात्रात्मिका** = अ, उ, मको रूपमा, **स्थिता** = रहनुभएको छ , **नित्या** = नित्य, **अर्धमात्रास्थिता** = अर्धमात्रा विन्दुरूपले रहेकी, **या** = जो, **विशेषतः** = विशेषरूपले, **अनुच्चार्या** = उच्चारण गर्न नसकिने (हुनुहुन्छ ।)

**भावार्थ–**

हे देवी ! हजुर नै स्वाहा, स्वधा एवं वषट्कार हुनुहुन्छ । स्वर पनि हजुरकै स्वरूप हो । हजुर नै अमृतरूपिणी हुनुहुन्छ र नित्य प्रणवात्मक अक्षरमा अकार, उकार, मकार यी तीन मात्राको रूपमा पनि हजुर नै स्थित हुनुहुन्छ । तीन मात्राभन्दा अतिरिक्त विशेषरूपले उच्चारण गर्न नसकिने बिन्दुरूप अर्धमात्राको रूपमा पनि हजुर नै हुनुहुन्छ ॥

**विवरण–**

यहाँ ब्रह्माजीले भगवतीको अनेकरूपमा स्तुति गर्नुभएको छ । भगवतीलाई स्वाहा, स्वधा र वषट्काररूप भनिएको छ । देवताहरूका लागि अनिग्नमा आहुति दिँदा स्वाहा भनेर दिनुपर्दछ । स्वाहालाई अग्निकी पत्नी भनिन्छ, त्यसैले स्वाहा भनेर दिएको आहुति अग्निमा पुग्छ र अग्नि देवताहरूका दूत भएकाले उनको माध्यमले त्यो आहुति ती-ती देवताहरूसम्म पुग्दछ । यसरी स्वाहाका रूपमा भगवती नै देवताहरूको पोषण गर्नुहुन्छ भन्ने सिद्ध हुन्छ । स्वाहा शब्दले सम्पूर्ण देवकर्मको उपलक्षण गरिएको छ । यसबाट सबै कर्मको रूपमा समेत भगवती नै हुनुहुन्छ भन्ने सिद्ध हुन्छ । यसैगरी पितृकर्ममा स्वधा शब्दको उच्चारण गरिन्छ । स्वधाको उच्चारण गरी तर्पण आदि गर्दा नै पितृहरूलाई तृप्ति मिल्ने हुनाले स्वधारूपिणी भगवती पितृहरूको पनि पोषक हुनुहुन्छ भन्ने सिद्ध हुन्छ । वषट्कार शब्द मन्त्रहरूको पछि प्रयुक्त हुन्छ । यसबाट भगवती सर्वमन्त्ररूपिणी हुनुहुन्छ भन्ने सिद्ध हुन्छ । स्वरात्मिका शब्दले भगवती उदात्त आदि स्वरको रूपमा पनि हुनुहुन्छ भन्ने बताइएको छ । वेदका मन्त्रहरूको उच्चारण गर्दा उदात्त, अनुदात्त र स्वरित गरी तीन स्वरहरू हुन्छन् । यहाँ स्वर भनेर बाणीका भेदहरूलाई पनि लिन सकिन्छ ।

परा, पश्यन्ती, मध्यमा र वैखरी गरी बाणीका चार भेद छन् । वैखरी भनेको मुखबाट उच्चारण गरिने शब्द हो, मध्यमा भनेको मनमा विचार गरिने शब्द हो । पश्यन्ती भनेको योगीहरूले ध्यानमा साक्षात्कार गर्ने शब्दको रूप हो । परा शब्दचाहिँ स्वयं आत्मचैतन्यरूप हो भनिन्छ । यसरी व्यक्त-अवयक्त शब्दको रूप धारण गर्ने पनि भगवती नै हुनुहुन्छ ।

**सुधा** भनेको अमृत हो । ***सुष्ठु दधाति पुष्णाति शरीरं इति सुधा*** अर्थात् जसले शरीरलाई राम्रोसँग पोषण गर्दछ त्यही नै सुधा हो । यजमानले इन्द्र आदि देवतालाई लक्षित गरी दिएको आहुति नै ती-ती देवताहरूको पोषक भएकाले यही नै देवताहरूको लागि सुधा हो, त्यसैले शास्त्रहरूमा श्रद्धापूर्वक दिइएको यज्ञीय आहुति नै देवताहरूका लागि अमृत हो भनिएको छ । अमृत भनेर कर्मको फललाई बुझिन्छ । यजमानले सत्कर्म गर्दा त्यसको जुन फल पाउँछ त्यो नै उसका लागि अमृत हो । यसरी अनेक कर्मका रूपमा पनि भगवती नै हुनुहुन्छ भन्ने सिद्ध हुन्छ । अक्षर शब्दको अनेक अर्थहरू गरिएका छन्– ***अश्नाति त्रीन् लोकान् भुङ्क्ते भूतरूपेण इति अक्षरा*** अर्थात् तीनै लोकलाई खाइदिने या ती ती प्राणीहरूको रूपमा ती ती लौकिक पदार्थहरूलाई भोग गर्ने हुनाले भगवतीलाई अक्षरा भनिएको हो । ***अश्नुते व्याप्नोति जगत् इति अक्षरा*** अर्थात् नाशवान् सम्पूर्ण जगत्लाई अविनाशी सत्ता एवं चैतन्यरूपले व्याप्त गर्ने पनि भगवती नै अक्षरा हुनुहुन्छ । ***न क्षरतीति अक्षरः*** भन्ने व्युत्पत्तिबाट पनि अक्षर शब्द सिद्ध हुन्छ । सम्पूर्ण जगत् क्षरणशील नाशवान् छ । तर भगवती चाहिँ सम्पूर्ण जगत् नष्ट हुँदा पनि अविनाशी रूपले रहने तत्त्व हुनुहुन्छ ।

यहाँ भगवतीलाई त्रिमात्रा र अर्धमात्राको रूपमा स्तुति गरिएको छ । यस स्तुतिमा भगवतीलाई ॐकारको रूपमा वर्णन गरिएको छ । ॐ कारलाई शब्दब्रह्म भनिन्छ । **तस्य वाचकः प्रणवः** अर्थात् यो स्वयं परमात्माको वाचक शब्द हो । उपनिषद्मा ठाउँ-ठाउँमा ॐकारको उपासना बताइएको छ । यमराजले नचिकेतालाई सबै वेदको परमतात्पर्य अनि तपस्या ब्रह्मचर्य आदि साधनहरूको पनि परम लक्ष्य ॐकार नै हो भन्नुभएको छ– **तत्ते पदं सङ्ग्रहेण ब्रवीम्योमित्येतत् (कठ.उ.१/२/१५)** । परब्रह्मको चिन्तन गर्ने सूक्ष्म अवस्थालाई

प्राप्त नगरेका साधकहरूले अपरब्रह्म ओङ्कारको उपासना गरी ब्रह्मलोकलाई प्राप्त गर्दछन् । परब्रह्मको चिन्तन पनि ॐकारद्वारा नै हुन्छ र यसबाट ब्राह्मी स्थिति या मोक्षलाई प्राप्त गर्न सकिन्छ। त्यसैले ॐकार क्रममुक्ति र सद्योमुक्ति दुबैको साधन हो । अक्षरब्रह्म र परब्रह्म ॐकार नै हो– **एतद्धचेवाक्षरं ब्रह्म एतद्धचेवाक्षरं पदम्** (कठ.उ.१/२/१६) । ॐकारमा रहेका तीन मात्रा अ, उ र मभित्र सम्पूर्ण सृष्टि अनि सृष्टिका अभिमानी व्यष्टि समष्टि सबै चेतनहरूको अन्तर्भाव हुन्छ भने चौँथो अर्धमात्रचाहिँ स्वयं परमात्मरूप हो । यसरी ॐकार विश्वरूप र विश्वातीत पनि हो । अकारले जाग्रत् अवस्था, उकारले स्वप्नावस्था र मकारले सुषुप्ति अवस्थालाई बुझाउँछ । हरेक व्यक्तिपिच्छेका व्यष्टि जाग्रदादि अवस्थाका अभिमानीहरू क्रमशः विश्व, तैजस र प्राज्ञ हुन् भने सम्पूर्ण जीवका समष्टि अवस्थाहरूका समष्टि अभिमानीहरू चाहिँ विराट्, हिरण्यगर्भ र ईश्वर हुन् । यिनलाई पनि प्रणवले नै बुझाउँछ । ॐकारका तीन मात्राले भू, भुवः र स्व यी तीन लोकहरूलाई, ऋग्, यजु र साम यी तीन वेदहरूलाई, ब्रह्मा, विष्णु र महेश्वरलाई पनि बुझाउँदछन् । यसरी ॐकारका तीन रूपले संसारभरका सबै वस्तुहरूलाई बताउने देखिन्छ । त्यसैले पुष्पदन्ताचार्य भन्नुहुन्छ–

**त्रयीं तिस्रो वृत्तीस्त्रिभुवनमथो त्रीनपि सुरा-**
**नकाराद्यैर्वर्णैस्त्रिभिरभिदधत्तीर्णविकृति ।**
**तुरीयं ते धाम ध्वनिभिरवरुन्धानमणुभिः**
**समस्तं व्यस्तं वा शरणद गृणात्योमिति पदम् ॥**

ॐकारमा रहेका तीन मात्राहरूभन्दा अर्को चौँथो अर्धमात्रा पनि छ, जो दीर्घ नादको रूपमा अभिव्यक्त हुन्छ । यही नाद नै ॐको वास्तविक तुरीय रूप हो । उपनिषद्मा यसलाई अमात्रा भनिएको छ । यसको अर्थ यो अरु तीन मात्राहरूजस्तो उच्चार्य होइन भन्ने हुन्छ । नादरूप ॐकारलाई हृदयमा अनुभव गरिन्छ । यो सृष्टिका अणु परमाणुबाट निस्कने नित्य ध्वनि भएकाले यसका लागि जिब्रो तालु आदि अङ्गहरूलाई आहत गर्ने या स्पन्दित गर्ने आवश्यकता रहँदैन । यसैले श्लोकमा यसलाई **अनुच्चार्या** अर्थात् कण्ठ तालु आदि स्थानहरूबाट उच्चारण गर्न नसकिने भनिएको छ । यो अनाहत नाद हो । यो स्वयं ब्रह्मरूप हो भनी उपनिषद्मा बताइएको

छ– **अमात्रश्चतुर्थस्तुर्योऽव्यवहार्यः** (मा.उ.,१२) अर्थात् यो चौथो अर्धमात्रारूप नाद वास्तवमा नाद रहित छ। यो तुरीय तत्त्व हो र अवयवहार्य छ। तुरीय आत्मतत्त्वलाई उपनिषद्मा शान्त, शिव र अद्वैत भनी बताइएको छ। यसप्रकार भगवती नै सम्पूर्ण कर्म, सम्पूर्ण मन्त्र अनि ॐकारको रूपमा विश्वरूपिणी अनि विश्वातीता पनि हुनुहुन्छ भन्ने कुरा सिद्ध हुन्छ ॥

**त्वमेव संध्या सावित्री त्वं देवि जननी परा ।**
**त्वयैतद्धार्यते विश्वं त्वयैतत्सृज्यते जगत् ॥७५॥**
**त्वयैतत्पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा ।**
**विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने ॥७६॥**
**तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये ।**

**पदार्थ–**

**देवि** = हे भगवती, **त्वं** = हजुर नै, **सन्ध्या** = सन्ध्या हुनुहुन्छ। **त्वं** = हजुर नै, **सावित्री** = सावित्री, **परा** = परम्, **जननी** = माता(**असि**), **त्वया** = हजुर नै, **एतत्** = यो, **विश्वं** = संसार, **धार्यते** = धारण गर्नुहुन्छ, **देवि** = हे भगवती, **त्वया** = हजुरले नै, **एतत्** = यो संसारको, **पाल्यते** = पालन गर्नुभएको छ, **सर्वदा** = सधैं, **अन्ते** = कल्पान्तमा, **अत्सि** = खानुहुन्छ, **जगन्मये** = हे जगन्मयी भगवती, **त्वम्** = हजुर, **विसृष्टौ** = जगत्सृष्टिको समयमा, **सृष्टिरूपा** = सृष्टिरूपा हुनुहुन्छ, **पालने** = पालनकालमा, **च** = पनि, **स्थितिरूपा** = स्थितिरूपा हुनुहुन्छ, **तथा** = त्यस्तै, **अन्ते** = कल्पान्तमा, **अस्य** = यो, **जगतः** = संसारको, **संहृतिरूपा** = संहाररूप धारण गर्नुहुन्छ।

**भावार्थ–**

हजुर नै सन्ध्या, सावित्री तथा सम्पूर्ण जगत्की जननी हुनुहुन्छ। हजुर द्वारा नै यो जगत्को सृष्टि, स्थिति र संहार हुन्छ, यसरी सबै अवस्थामा यो जगत्लाई हजुरले नै धारण गर्नुभएको छ। यतिमात्र नभई सृष्टिको समयमा स्वयं सृष्टिको स्वरूपमा पनि हजुर नै हुनुहुन्छ र जगत्को स्थितिको रूपमा पनि हजुर नै रहनुभएको छ। प्रलयकालमा प्रलयको रूपमा पनि स्वयं हजुर नै प्रकट हुनुहुन्छ।

**विवरण–**

यस प्रसङ्गमा भगवती माताले नै जगत्को सृष्टि, स्थिति र संहार गर्ने

अनि सृष्टि स्थिति र लयको रूपमा पनि स्वयं उहाँ नै हुनुहुन्छ भनी स्तुति गरिएको छ । ब्रह्मरूपिणी भगवती नै ब्रह्मा, विष्णु र रुद्रको रूपमा तीनथरी भेदमा प्रकट हुनुभएको हो । यो उहाँको मायिक स्वरूप अर्थात् मायाका तीन गुणहरूलाई लिँदा भएको भेद हो । मायाका रजोगुणका नियन्त्रक ब्रह्माको कार्य सृष्टि गर्नु हो, मायाका सत्त्वगुणका नियन्त्रक विष्णुको कार्य जगत्को स्थिति गर्नु हो भने, मायाको तमोगुणका नियन्त्रक रुद्रको कार्य सृष्टिको प्रलय गर्नु हो । यसरी तीन देवताहरूमा परस्पर विरोधी कार्य देखिन्छ । एउटै भगवती तीनवटै देवताको रूपमा प्रकट नहुनुभएको भए एउटाको सृष्टिमा अर्कोले प्रलय प्रलय गरिदिँदा यी देवताहरूबीच परस्पर विवाद हुनुपर्ने ! तर ब्रह्मा, विष्णु र महेश्वर एउटै भगवतीको अनेकरूप भएकाले यस्तो आपत्ति भएको छैन । त्यसैले भनिन्छ– **सैषा ब्रह्मविष्णुरुद्ररूपिणी**(देव्यथर्व.१७) अर्थात् भगवती नै ब्रह्मा, विष्णु र रुद्ररूपिणी हुन् । ब्रह्मा, विष्णु र रुद्रमा सृष्टि आदिको जुन शक्ति छ ती भगवती नै हुन्, ब्रह्मामा ब्राह्मी शक्ति, विष्णुमा वैष्णवी शक्ति र महेश्वरमा माहेश्वरी शक्ति नभए तिनीहरूले जगत्को सृष्टि आदि गर्न कसरी सक्दथे ? त्यसैले ती-ती शक्तिको रूपमा ती ती देवताहरूलाई शक्तिमान् बनाई भगवतीले नै जगत्को क्रीडा सञ्चालन गर्नुहुन्छ ।

सृष्टि गर्ने मात्र नभई भगवती स्वयं सृष्टिरूपा पनि हुनुहुन्छ । भगवतीले जगत्को सृष्टि गर्नुहुन्छ भनेर बताउँदा जगत्प्रति भगवती निमित्तकारण हुनुहुन्छ भन्ने सिद्ध हुन्छ । कुमालले घैँटो बनाउँदा ऊ चेतन भएकाले घैँटोको प्रति निमित्तकारणमात्र बन्दछ, जुन द्रव्यबाट घैँटो बन्दछ त्यो माटोचाहिँ घैँटाको लागि उपादानकारण हुन्छ । यसप्रकार कुमालेले माटो उपादानलाई लिएर मात्र घैँटो बनाउन सक्ने देखिन्छ । भगवतीले चाहिँ अरु कुनै द्रव्यको सहायताविना आफूले नै जगत्को उत्पत्ति गर्नुभएको हो । त्यसैले सृष्टिको रूपमा उहाँ स्वयं देखिनुहुन्छ । अतः भगवती जगत्का लागि निमित्तकारण एवं उपादानकारण दुबै हुनुहुन्छ । भगवती स्रष्टा र सृष्टि दुबै हुनुहुन्छ भन्नुको तात्पर्य यही हो ॥

**महाविद्या महामाया महामेधा महास्मृतिः ॥७७॥**
**महामोहा च भवती महादेवी महासुरी ।**

**पदार्थ–**

**भवती** = हजुर नै, **महाविद्या** = महाविद्या, **महामाया** = महामाया, **महामेधा** = बुद्धिवाली, **महास्मृतिः** = महास्मृतिरूपिणी, **महामोहा** = महामोहरूपिणी, **महादेवी** = महादेवी र, **महासुरी च** = महासुरी पनि हुनुहुन्छ।

**भावार्थ**

महाविद्या, महामाया, महामेधा, महास्मृति आदि नामले पुकारिने हे जगद्रूपिणी भगवती ! महामोहरूपिणी हजुर नै देवताहरूमा महादेवी र असुर-हरूमा महासुरी हुनुहुन्छ।

**विवरण–**

यस श्लोकमा भगवतीलाई विद्या अविद्या आदि सबै रूपमा स्तुति गरिएको छ। यो उहाँको सर्वरूपताको स्तुति हो। यद्यपि स्तुति भनेको गुणको वर्णन गर्नु हो। मोह अज्ञान आदि नराम्रा वस्तुहरूको रूपमा बताउनु स्तुति हुन सक्दैन तर यो सामान्य स्तरको दृष्टि मात्रै हो। असली रूपमा भन्दा त संसारमा भगवतीभन्दा भिन्न अरु कुनै वस्तु छदैंछैन। यदि जगत्मा केवल एउटै तत्त्व छ भने त्यही तत्त्व यहाँका राम्रा-नराम्रा सबै पदार्थको रूपमा देखिएको हुनुपर्दछ। जगत्मा रहेका दुर्भाव, मोह, पाप आदि सबै वस्तुहरूको अरु कुनै कारण बताउनेबित्तिकै परमात्माभन्दा दोस्रो वस्तुको अस्तित्त्व सिद्ध हुनजान्छ र यसले परमात्माको अद्वितीयतामा हानि गर्दछ। यसैले जगत्का राम्रा-नराम्रा सबै वस्तुहरूको कारण एउटै परमसत्ता हो र यो सर्वरूप हो भन्ने सिद्ध हुन्छ। भगवती भन्नुहुन्छ– **अहमखिलं जगत्** अर्थात् राम्रो-नराम्रो सबैथरी जगत् केवल म मात्र हुँ। यसैले भगवतीलाई मोहरूप अनि असुररूप भनेर बताउँदा पनि उहाँको सर्वरूपताको स्तुति नै हुन्छ।

महाविद्या शब्दको अर्थ हुन्छ सर्वश्रेष्ठ विद्या – ***महती च असौ विद्या***। उपनिषद्मा विद्याको भेद बताउने क्रममा दुई प्रकारका विद्या बताइएका छन्– **परा र अपरा**। अपरा विद्या भनेको वेद, वेदाङ्ग आदि सबै शास्त्रहरूको ज्ञान प्राप्त गर्नु हो भने परा विद्या भनेको चाहिँ परमात्मतत्त्वलाई यथार्थ रूपले जान्नु हो– **अथ परा यया तदक्षरमधिगम्यते** (मु.उ.१/५) अर्थात् जसद्वारा अक्षर तत्त्वको ज्ञान हुन्छ त्यही नै परा विद्या हो। यो विद्याले संसारको

बन्धनलाई हटाउन सक्दछ त्यसकारण भगवती सर्वश्रेष्ठ महाविद्यारूपिणी हुनुहुन्छ । यसैगरी तन्त्रशास्त्रमा पनि दश महाविद्याको चर्चा आउँछ । एउटै भगवतीले लिनुभएका दश थरी स्वरूपलाई त्यहाँ दश महाविद्या भनिएको हो । काली, तारा, षोडशी, त्रिपुरभैरवी, बगलामुखी, कमला, मातङ्गी, भुवनेश्वरी, धूमावती र छिन्नमस्ता यी दश महाविद्या हुन् । प्रसिद्ध कथाअनुसार जब प्रचण्ड रिसाएकी शिवासँग डराएर भगवान् शङ्कर भाग्नुभयो त्यो बेलामा शिव दश दिशामा जाँदा दश दिशामै भगवतीका अनेक रूपहरूले उहाँलाई छेके । यसरी शिवलाई रोक्नका लागि भगवतीले धारण गर्नुभएका दश रूपहरू नै दश महाविद्या हुन् । यहाँ यी सबैको रूपमा भगवतीको स्तुति गरिएको हो ।

**महामाया** शब्दको अर्थ भगवती सबैभन्दा शक्तिशाली मायारूपिणी हुनुहुन्छ भन्ने हो । ठुला विवेकीहरूलाई पनि मोहमा पारिदिने महाशक्ति भएकीले भगवतीलाई महामाया भनिएको हो । **महामेधा** शब्दको अर्थ सर्वश्रेष्ठ बुद्धिरूपा भन्ने हुन्छ । ज्ञानीहरूमा अनि मुमुक्षुहरूमा परमात्माप्रति जुन निश्चयात्मिका बुद्धि हुन्छ, त्यो रूपमा पनि भगवती नै हुनुहुन्छ । **महास्मृतिः** अर्थात् प्रलयको धेरै लामो कालखण्ड समाप्त भएपछि ब्रह्माजीलाई पूर्वकल्पका वेद अनि सृष्टिरचनाको विषयमा जुन स्मृति हुन्छ, त्यो स्मृतिको रूपमा पनि भगवती नै हुनुहुन्छ भन्ने हो । **महामोहा** शब्दको अर्थ भगवती अविद्यारूप हुनुहुन्छ भन्ने हो । अविद्याका पाँच प्रकार छन् । जसलाई **पञ्चपर्वा अविद्या** भनिन्छ । तम, मोह, महामोह, अन्धतामिस्र र तामिस्र गरी अविद्याका पाँच भेद छन् । **तम** भनेको आत्मा र अनात्मालाई छुट्याउन नसक्ने अविवेक हो । **मोह** भनेको अन्तःकरणको विभ्रम अर्थात् सिपीमा चाँदी देख्नु आदि भ्रम हो । **महामोह** भनेको संसारी भोगहरूबाट सुख पाउने इच्छा हो । **अन्धतामिस्र** भनेको मृत्यु हो भने **तामिस्र** भनेको क्रोध हो । यसरी पाँच प्रकारका अविद्याको रूपमा पनि भगवती नै हुनुहुन्छ । भगवतीलाई महादेवी र महासुरी भनिएको छ । श्रेष्ठ देवताहरूमा हुने दैवी शक्ति अनि दुष्ट राक्षस-असुर आदिमा हुने आसुरी शक्तिको रूपमा पनि भगवती नै हुनुहुन्छ । इन्द्र आदि देवताभित्र रहने दैवी शक्ति अनि हिरण्यकशिपु, रावण आदिभित्र रहने आसुरीशक्ति एउटै महादेवीको शक्ति हो । त्योविना न देवता न दानव सिद्ध हुन्छन् । यसरी यहाँ सर्वरूपधारिणी

भगवतीको स्तुति गरिएको छ ।

**प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी ॥७८॥**
**कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा ।**

**पदार्थ–**

**त्वं** = हजुर, **गुणत्रयविभाविनी** = तीन गुणलाई उत्पन्न गर्ने, **सर्वस्य** = सबैको, **प्रकृतिः** = प्रकृतिस्वरूप हुनुहुन्छ, **दारुणा** = भयङ्कर, **कालरात्रिः** = कालरात्री, **महारात्रिः** = महारात्री, **मोहरात्रिः च** = मोहरात्री पनि हुनुहुन्छ ।

**भावार्थ–**

सत्त्व आदि तीन गुणलाई उत्पन्न गर्ने मूल प्रकृति पनि हजुर नै हुनुहुन्छ । भयङ्कर कालरात्री, महारात्री र मोहरात्री पनि हजुर नै हुनुहुन्छ ।

**विवरण–**

यहाँ सबैको कारण रूपमा अनि अनेक रात्रिहरूको रूपमा पनि भगवती नै हुनुहुन्छ भनी बताइएको छ । भगवती माता सम्पूर्ण संसारकी **प्रकृति** अर्थात् मूल कारण हुनुहुन्छ । भगवती नै त्रिगुणात्मिका प्रकृतिको रूपमा बन्नुहुन्छ अनि महत्तत्त्व अहङ्कार आदि कार्यवर्गलाई उत्पन्न गर्नुहुन्छ । गुणत्रयविभाविनी शब्दको अर्थ हुन्छ– ***स्वकीयकार्येषु गुणत्रयं विभावयितुं अनुवर्तयितुं शीलं अस्याः इति*** अर्थात् महत् आदि कार्यहरूमा पनि सत्त्व, रज र तमोरूपी त्रिगुणात्मकताको सञ्चार भगवतीले नै गरिदिनुहुन्छ । **कारणगुणाः कार्यगुणान् आरभन्ते** अर्थात् उपादानकारणमा जुन गुणहरू हुन्छन्, त्यसको कार्यमा पनि तिनै गुणहरू रहन्छन् । त्रिगुणात्मक प्रकृतिबाट उत्पन्न सम्पूर्ण जगत् त्रिगुणात्मक रहेको छ । प्रकृतिरूपा भगवतीबाट नै संसारका हरेक पदार्थमा सत्त्व, रज र तमोगुणको सञ्चार भइरहेको छ ।

भगवती नै कालरात्रि, महारात्रि, मोहरात्रिरूपा पनि हुनुहुन्छ । काल भनेको मृत्यु हो, मृत्युले उपलक्षित रात्रिलाई कालरात्रि भनिन्छ । मानिसको मृत्यु भएको रात्रिलाई कालरात्रि भनिन्छ, त्यसैगरी काल भनेका भगवान् शिव पनि हुनुहुन्छ । भगवान् शिवसँग सम्बन्धित रात्रिलाई पनि कालरात्रि भन्दा महाशिवरात्रिलाई पनि यसले सङ्केत गरेको छ । महारात्रि शब्दको अर्थ यसरी गरिएको छ– ***महतः ईश्वरस्य रात्रि*** अर्थात् सृष्टिकर्ता ब्रह्माको समय सकिई उहाँ मुक्त भएको रात्रि या प्रलयरात्रिलाई महारात्रि भनिन्छ । महः शब्दको

अर्थ उत्सव या तेज पनि हुने भएकाले दीपावली आदि उत्सवमय रात्रिलाई पनि महारात्रि भन्न सकिन्छ। मोहरात्रि भनेर श्रीकृष्णजन्माष्टमीको रात्रि या बुद्धिलाई मोहित गराइदिने अविद्यारूप रात्रिलाई पनि लिन सकिन्छ।

प्रसिद्धिअनुसार चाहिँ रात्रि चारप्रकारका छन् र तीमध्ये कालरात्रि भनेर शारदीय नवरात्रको महाअष्टमीको रात्रि र त्यसकी अधिष्ठात्री देवीलाई लिइन्छ। महारात्रि भनेर महाशिवरात्रिलाई लिइन्छ भने मोहरात्रि भनेर श्रीकृष्ण जन्मको रात्रिलाई लिइन्छ। दीपावलीको रात्रिलाई चाहिँ सुखरात्रि भन्दछन्, यसप्रकार प्रसिद्ध रात्रिहरू अनि तिनका अधिष्ठातृ देवताहरू पनि भगवतीरूप हुन् भन्ने सिद्ध हुन्छ।

**त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा ॥७९॥**
**लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेव च।**
**खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ॥८०॥**
**शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा ।**

**पदार्थ–**

**त्वं** = हजुर, **श्रीः** = श्री, **त्वं** = हजुर, **ईश्वरी** = ईश्वरी, **त्वं** = हजुर, **ह्रीः** = ह्री, **त्वं** = हजुर, **बोधलक्षणा** = बोधस्वरूपा, **बुद्धिः** = बुद्धि, **लज्जा** = लज्जा, **पुष्टिः** = पुष्टि, **तथा** = त्यस्तै, **तुष्टिः** = तुष्टिस्वरूप हुनुहुन्छ, **त्वं** = हजुर, **शान्तिः** = शान्ति, **क्षान्तिः एव** = क्षान्ति, **च** = पनि हुनुहुन्छ, **खड्गिनी** = खड्ग धारण गर्ने, **शूलिनी** = शूलधारिणी, **घोरा** = घोररूपा, **गदिनी** = गदाधारिणी, **चक्रिणी** = चक्र धारण गर्नुहुने, **शङ्खिनी** = शङ्खधारिणी, **तथा** = त्यस्तै, **चापिनी** = धनुष लिने, **बाणभुशुण्डीपरिघायुधा** = बाण, भुशुण्डि, परिघ आदि अस्त्र धारण गर्नुहुन्छ।

**भावार्थ–**

हजुर नै श्री, ईश्वरी, ह्री, चैतन्यरूपा बुद्धि, लज्जा, पुष्टि, तुष्टि, शान्ति तथा क्षान्ति हुनुहुन्छ। घोररूपा हजुर नै खड्ग, त्रिशूल, गदा, चक्र, शङ्ख, धनुष, बाण, भुशुण्डी, परिघ यी अस्त्रहरूलाई धारण गर्नुहुन्छ॥

**विवरण–**

यहाँ लज्जा, बुद्धि, शान्ति आदि पनि भगवती नै हुनुहुन्छ भनी

बताइएको छ।लज्जा आदि सबै भावहरू मनका नै अवस्था विशेष हुन्। त्यसैले उपनिषद्मा भनिन्छ– **कामःसङ्कल्पो विचिकित्सा, श्रद्धा, अश्रद्धा धृतिरधृतिः ह्रीःधीःभीः इत्येतत् सर्वं मन एव** (बृ.उ.,१/४/३) अर्थात् कामना, सङ्कल्प, सन्देह, श्रद्धा, अश्रद्धा, धैर्य, लज्जा, बुद्धि र भय यी सबै मन हुन्। यी सम्पूर्ण मनोभावहरूको रूपमा पनि भगवती नै हुनुहुन्छ। **श्री** शब्दका दुई व्युत्पत्तिहरू छन्। ***श्रयति हरिम्*** अर्थात् हरि भगवान्मा आश्रित रहने वा उहाँको सेवा गर्ने भन्ने अर्थमा श्री शब्द बन्दछ। यसले भगवती लक्ष्मीलाई बुझाउँदछ। ***श्रीयते आश्रीयते सर्वैः*** अर्थात् सबैले जसको आश्रय लिन्छन् भन्ने व्युत्पत्ति गर्दा यसले सम्पत्तिलाई बुझाउँछ किनभने सम्पूर्ण प्राणीहरूले सम्पत्तिलाई चाहन्छन् र त्यसकै आश्रयमा बाँच्दछन्। यो व्युत्पत्तिले आद्या जगदम्बा भगवती श्री देवीलाई पनि बुझाउँछ। ब्रह्मरूपिणी देवीमा नै सम्पूर्ण संसार अडिएको छ। आद्या जगदम्बा भगवती ब्रह्मा, विष्णु र महेश्वरले बोकेको रत्नमय पीठमा आसीन हुनुभएको छ र श्रीयन्त्रमा श्रीविद्यारूपिणी यिनै देवीलाई उपासना गर्ने विधान तन्त्रमा रहेको छ। यसरी भगवती श्रीविद्यारूपिणी र लक्ष्मीरूपिणी पनि हुनुहुन्छ भन्ने सिद्ध हुन्छ।

यहाँ ईश्वरी शब्दले ईश्वरको मायाशक्तिलाई नलिई ईश्वरलाई पनि ईश्वर बनाउने स्वयं ब्रह्मरूपा चित्शक्ति भगवतीलाई लिनुपर्दछ। यही शक्तिका कारण निर्गुण-निष्क्रिय परब्रह्म सर्वगुणसम्पन्न र सर्वसमर्थ बन्नुहुन्छ। ब्रह्मा, विष्णु र शिव यी त्रिदेवमा पनि भगवतीका पृथक्-पृथक् अंशभूत शक्तिहरू रहन्छन् र उहाँलाई शक्तियुक्त बनाउँदछन्। ब्रह्मामा वाग्देवी सरस्वती, हरिमा लक्ष्मी र शिवमा पार्वतीको रूपमा रहने शक्ति भगवतीकै शक्ति हो तर भगवती स्वयं चाहिँ ती सबैभन्दा अतीत साक्षात् परब्रह्मस्वरूपिणी एवं ब्रह्माभिन्न शक्तिरूपा हुनुहुन्छ। त्यसैले श्रीशङ्कराचार्य लेख्नुहुन्छ– **तुरीया कापि त्वं दुरधिगमनिस्सीममहिमा महामाया विश्वं भ्रमयसि परब्रह्ममहिषी (सौन्दर्यलहरी श्लो.९७)** अर्थात् हजुरलाई सामान्य मानिसले त्रिदेवका शक्तिको रूपमा मात्र बताइरहून् तर आफ्नो इच्छाले नै विश्वलाई घुमाउने अनन्त महिमाले युक्त हजुर त साक्षात् ब्रह्मशक्ति हुनुहुन्छ र ती तीन शक्तिभन्दा माथि तुरीय चैतन्यशक्ति हुनुहुन्छ। यसरी ईश्वरी शब्दले परब्रह्ममा रहने ब्रह्माभिन्न शक्तिको रूपमा भगवतीलाई बताएको छ।

ह्री शब्दले अशास्त्रीय एवं निन्दनीय कर्म गर्नबाट डराउने लज्जा वृत्तिलाई जनाउँदछ भने लज्जा शब्दले चाहिँ असत् कर्म गरिसकेपछि त्यसबाट लज्जित हुने मानसिक भावलाई बुझाउँछ। **बोधलक्षणा** अर्थात् निश्चयात्मिका जुन बुद्धि हो, त्यसरूपमा पनि भगवती नै हुनुहुन्छ। **तुष्टि** भनेको तृप्तिको बोध हो र **शान्ति** भनेको **उपशम** अर्थात् विषयहरूबाट चित्त निवृत्त भई सर्वदा आनन्दपूर्वक रहनु हो। क्षान्ति शब्दको अर्थ हो **अपराधसहिष्णुता** अर्थात् अरुले गरेको अपकार आदिलाई सहन गर्ने भाव। आफूले दण्ड दिन या प्रतिशोध गर्न सक्ने हुँदाहुँदै पनि त्यो अपकारलाई सहजतापूर्वक सहिदिनु नै क्षमा या क्षान्ति हो। यसरी मनका अनेक वृत्ति र ईश्वरीय शक्ति आदिको रूपमा पनि भगवती नै हुनुहुन्छ ॥८०॥

**सौम्या सौम्यतराशेषसौम्येभ्यस्त्वतिसुन्दरी ॥८१॥**
**परापराणां परमा त्वमेव परमेश्वरी ।**

**पदार्थ–**

**सौम्या** = सौम्य, **सौम्यतरा** = अत्यन्त सौम्य, **अशेषसौम्येभ्यःतु** = सबैथरी सौम्य, **अतिसुन्दरी** = सौम्या एवं सुन्दरी हुनुहुन्छ, **परापराणां** = पर र अपरभन्दा, **परमा** = पर रहने, **परमेश्वरी** = परमेश्वरी, **त्वम् एव** = हजुर नै हुनुहुन्छ।

**भावार्थ–**

सौम्यरूपमा हजुर संसारभरका सर्वश्रेष्ठ सुन्दर पदार्थहरूमध्ये पनि अत्यन्त सुन्दर हुनुहुन्छ। परमेश्वरी हजुर नै पर र अपर सबै पदार्थहरूभन्दा परमश्रेष्ठ हुनुहुन्छ।

**विवरण–**

यहाँ भगवती सबैभन्दा सुन्दरी र सर्वश्रेष्ठ हुनुहुन्छ भनी उहाँको स्तुति गरिएको छ। **सौम्य** शब्दको अर्थ पूर्ण रूपमा शान्त भन्ने हुन्छ। अथवा सोम अर्थात् चन्द्रमा जसरी आल्हादकारी हुन्छ, त्यसैगरी सबैलाई आल्हादित आनन्दित पार्ने भन्ने अर्थमा पनि भगवतीलाई सौम्या भनिएको हो। **सौम्यतरा** शब्दको अर्थ उहाँ जत्तिको सौम्य अरु कोही पनि छैन भन्ने हुन्छ। अथवा **सौम्या** र **असौम्यतरा** भनी यी दुई पदको व्याख्या गर्न पनि सकिन्छ। आफ्ना भक्तहरूका लागि सौम्या अर्थात् आनन्द दिने अनि दुष्टहरूका लागि चाहिँ असौम्यतरा अर्थात् क्रूर मूर्ति भगवती हुनुहुन्छ। **अशेषसौम्येभ्यः** अर्थात् सम्पूर्ण

आल्हादकहरूभन्दा बढी आल्हादिका भगवती नै हुनुहुन्छ। परम आनन्दरूप मोक्ष दिएर उहाँ नै प्राणीहरूलाई सर्वाधिक आल्हाद प्रदान गर्नुहुन्छ। सुन्दरी शब्दको अर्थ हुन्छ– *सुष्ठु नन्दयति इति* अर्थात् राम्ररी आनन्दित गरिदिने। तीनै लोकमा भगवतीभन्दा सुन्दरी अर्को कोही पनि छैन। सबैभन्दा बढी ललित अर्थात् रमणीय भएकाले उहाँको नाम नै ललिता भएको हो भनी पुराणहरूमा बताइएको छ।

**पृ पालनपूरणयोः** भन्ने धातुबाट पालन गर्ने अर्थमा **परा** शब्द बन्दछ। सबै जगत्की पालयित्री भगवती नै हुनुहुन्छ भन्ने यसको अर्थ हो। जगत्को पालन आदि त ब्रह्मा, विष्णु आदिले गर्दछन् नि भन्ने शङ्कामा भनिन्छ– **पराणां परमा** अर्थात् जगत्मा श्रेष्ठ भनिने ती ब्रह्मा आदि भन्दा पनि भगवती नै सर्वश्रेष्ठ हुनुहुन्छ। ब्रह्मा आदिलाई ती ती अधिकार प्रदान गर्ने भगवती नै हुनुहुन्छ। त्यसैले भनिन्छ– **यं कामये तं तमुग्रं कृणोमि, तं ब्रह्माणं तमृषिं तं सुमेधाम्** (वागाम्भृणीसूक्त) अर्थात् जसले जे चाहन्छ त्यसलाई म त्यही ब्रह्मा, विष्णु ऋषि या महाबुद्धिशाली बनाइदिन्छु भन्ने भगवतीको प्रतिज्ञा छ। त्यसैले ब्रह्मा आदि भन्दा पनि उहाँलाई ती-ती अधिकार दिने भगवती नै परमा अर्थात् श्रेष्ठ हुनुहुन्छ। यसरी भगवती सबैभन्दा आनन्ददायिनी अनि परमश्रेष्ठ हुनुहुन्छ ॥

**यच्च किञ्चित्क्वचिद्वस्तु सदसद्वाखिलात्मिके ॥८२॥**
**तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे तदा।**
**यया त्वया जगत्स्रष्टा जगत्पात्यत्ति यो जगत् ॥८३॥**
**सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः।**
**विष्णुः शरीरग्रहणमहमीशान एव च ॥८४॥**
**कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत्।**

**पदार्थ–**

**अखिलात्मिके** = सर्वस्वरूपा देवी, **क्वचित् च** = कहीं पनि, **यत्** = जुन, **किञ्चित् च** = कुनै पनि, **वस्तु** = वस्तु छ, **तस्य सर्वस्य** = ती सबैको, **या** = जो, **शक्तिः** = शक्ति छ, **सा** = त्यो, **त्वं** = हजुर नै हुनुहुन्छ, **तदा** = त्यस्तो समयमा, **किं स्तूयसे ?** = हजुरको स्तुति के हुनसक्छ र ? **यः** = जो, **जगत्स्रष्टा** = संसारको सृष्टि गर्नुहुन्छ, **जगत्** = संसारको, **पाति** = रक्षा

गर्नुहुन्छ, **अत्ति** = संहार गर्नुहुन्छ, **सः अपि** = ती नारायण पनि, **यया** = जुन, **त्वया** = हजुरले नै, **निद्रावशं** = निद्राको अधीन, **नीतः** = गरिदिनुभयो, **त्वां** = हजुरको, **स्तोतुम्** = स्तुति गर्न, **कः** = को, **ईश्वरः** = समर्थ होला **यतः** = किनभने, **ते** = हजुरद्वारा, **अहम्** = म, **ईशानः** = भगवान् शङ्कर, **विष्णुः** = भगवान नारायण, **एव च** = पनि, **शरीरग्रहणम्** = शरीर धारण, **कारिताः** = गराइए, **अतः** = त्यसकारण, **स्तोतुम्** = स्तुति गर्न, **कः** = को, **शक्तिमान्** = शक्तिवाला, **भवेत्** = होला ?

**भावार्थ–**

हे सर्वरूपिणी देवी ! संसारभर जहाकहीं सत् या असत्रूप जुनसुकै वस्तुहरू छन्, ती सबैको मूल शक्ति हजुर नै हुनुहुन्छ। यस्तो अवस्थामा हजुर को के नै स्तुति हुनसक्छ र ? जगत्को सृष्टि, स्थिति र संहार गर्ने भगवान्लाई पनि योगनिद्रारूपले आफ्नो अधीन बनाइदिने हजुरको स्तुति कसले गर्नसक्दछ र ? म, भगवान् विष्णु र भगवान् शिवलाई समेत शरीरधारी बनाइदिनसक्ने हजुरको स्तुति गर्ने शक्ति कसमा छ र ?

**सा त्वमित्थं प्रभावैः स्वैरुदारैर्देवि संस्तुता ॥८५॥**
**मोहयैतौ दुराधर्षावसुरौ मधुकैटभौ ।**
**प्रबोधं च जगत्स्वामी नीयतामच्युतो लघु ॥८६॥**
**बोधश्च क्रियतामस्य हन्तुमेतौ महासुरौ ॥८७॥**

**पदार्थ–**

**देवि** = हे भगवती, **इत्थं** = यस्तो, **स्वैः** = आफ्नो, **उदारैः** = उदार, **प्रभावैः** = प्रभावहरूद्वारा, **संस्तुता** = प्रशंसित हुनुहुन्छ, **सा** = त्यस्ती, **त्वं** = हजुर, **एतौ** = यी दुई, **दुराधर्षौ** = महाबलशाली, **असुरौ** = दैत्य, **मधुकैटभौ** = मधु र कैटभलाई, **मोहय** = मोहमा पारिदिनुहोस्, **जगत्स्वामी** = संसारका मालिक, **अच्युतः च** = नारायणलाई, **लघु** = छिट्टै, **प्रबोधं** = जागा, **नीयताम्** = गराइदिनुहोस्, **एतौ** = यी दुई, **महासुरौ** = राक्षसलाई, **हन्तुं** = मार्नलाई, **बोधः च** = बुद्धि पनि , **क्रियताम्** = गरिदिनुहोस् ॥

**भावार्थ–**

हे भगवती ! यसप्रकार हजुरका प्रभावहरू सर्वश्रेष्ठ र अनन्त छन्,

तिनै आफ्ना प्रभावबाट नित्य प्रशंसित भएकी हजुरले यी दुई भयानक असुर-हरूलाई मोहित गराइदिनुहोस् र जगत्पति भगवान् विष्णलाई जगाइदिनुहोस् । हजुरले भगवान् विष्णुमा यी मधु र कैटभ दुबै असुरहरूलाई मार्ने प्रेरणा पनि उत्पन्न गरिदिनुहोस् ॥

*ऋषिरुवाच ॥८८॥ ऋषिले भन्नुभयो ॥*

**एवं स्तुता तदा देवी तामसी तत्र वेधसा ॥८९॥**
**विष्णोः प्रबोधनार्थाय निहन्तुं मधुकैटभौ ।**
**नेत्रास्यनासिकाबाहुहृदयेभ्यस्तथोरसः ॥९०॥**
**निर्गम्य दर्शने तस्थौ ब्रह्मणोऽव्यक्तजन्मनः ।**

**पदार्थ–**

**वेधसा** = ब्रह्माजद्वारा, **तत्र** = त्यहाँ, **मधुकैटभौ** = मधु र कैटभलाई, **निहन्तुम्** = मार्नका उद्देश्यले, **विष्णोः** = विष्णुको, **प्रबोधनार्थाय** = निद्रा जगाउनका लागि, **एवं स्तुता**= यसरी स्तुति गरिएकी, **तामसी** = तमोगुणकी अधिष्ठात्री, **देवी** = भगवती योगनिद्रा, **तदा** = त्यस समयमा, **नेत्रास्यनासिकाबाहुहृदयेभ्यः** = भगवान्को आँखा, मुख, नाक, हात र हृदयबाट, **तथा** = अनि, **उरसः** = वक्षःस्थलबाट, **निर्गम्य** = निस्केर, **अवयक्तजन्मनः** = अवयक्तजन्मा, **ब्रह्मणः** = ब्रह्माजीको, **दर्शने** = आँखा अगाडि, **तस्थौ** = प्रकट हुनुभयो ॥

**भावार्थ–**

हे राजन् ! यसप्रकार मधु र कैटभलाई मार्न र भगवान् विष्णुलाई जगाउनका लागि ब्रह्माजीले तमोगुणकी अधिष्ठात्री ती महामायाको स्तुति गरिसकेपछि उहाँ विष्णुका आँखा, मुख, नाक, बाहु, हृदय र वक्षस्थलबाट प्रकट भई ब्रह्माजीको अगाडि देखिनुभयो ।

**उत्तस्थौ च जगन्नाथस्तया मुक्तो जनार्दनः ॥९१॥**
**एकार्णवेऽहिशयनात्ततः स ददृशे च तौ ।**
**मधुकैटभौ दुरात्मानावतिवीर्यपराक्रमौ ॥९२॥**
**क्रोधरक्तेक्षणावत्तुं ब्रह्माणं जनितोद्यमौ ।**
**समुत्थाय ततस्ताभ्यां युयुधे भगवान् हरिः ॥९३॥**

**पञ्चवर्षसहस्राणि बाहुप्रहरणो विभुः ।**

**पदार्थ–**

**तया** = योगनिद्राबाट, **मुक्तः** = मुक्त भएका, **जगन्नाथः** = संसारका मालिक, **जनार्दनः च** = भगवान् नारायण, **एकार्णवे** = एकार्णव(प्रलयकालीन समुद्र)को जलमा, **अहिशयनात्** = शेषशय्याबाट, **उतस्थौ** = उठ्नुभयो । **ततः**=त्यसपछि, **सः**=उहाँले, **क्रोधरक्तेक्षणौ** = क्रोधले राता राता आँखा भएका, **अतिवीर्यपराक्रमौ** = अत्यन्तबलशाली, **ब्रह्माणं** = ब्रह्माजीलाई, **अत्तुं** = खानलाई, **जनितोद्यमौ** = लागिपरेका, **दुरात्मानौ** = दुष्ट, **मधुकैटभौ च** = मधु र कैटभलाई पनि, **ददृशे** = देख्नुभयो, **ततः** = त्यहाँबाट, **समुत्थाय** = उठेपछि, **विभुः** = सर्वव्यापक, **भगवान् हरिः** = भगवान् विष्णुले, **बाहुप्रहरणः** = बाहुयुद्ध गरेर, **ताभ्यां** = तिनीहरूसँग, **पञ्चवर्षसहस्राणि** = पाँचहजार वर्षसम्म, **युयुधे** = युद्ध गर्नुभयो ।

**भावार्थ–**

योगनिद्राले छोडेपछि जगत्पति भगवान् विष्णु पनि एकार्णव प्रलयजलको शेषशैय्याबाट जाग्नुभयो र अनन्त बल एवं पराक्रभ भएका ती दुबै मधु र कैटभ दुरात्मा दैत्यहरूलाई देख्नुभयो । रिसका कारण राता आँखा भएका ती दुबै ब्रह्माजीलाई खान खोजिरहेका थिए । भगवान् विष्णु योगशय्याबाट उठेपछि ती दुईसँग युद्ध गर्न थाल्नुभयो र बाहुयुद्ध गर्दागर्दै पाँचहजार वर्षसम्मको समय बित्यो ॥

**तावप्यतिबलोन्मत्तौ महामायाविमोहितौ ॥९४॥**
**उक्तवन्तौ वरोऽस्मत्तो व्रियतामिति केशवम् ॥९५॥**

**पदार्थ–**

**अतिबलोन्मत्तौ** = अत्यन्त बलका कारण उन्मत्त भएका, **महामायाविमोहितौ** = महामायाद्वारा मोहित भएका, **तौ अपि** = मधु र कैटभले, **अस्मत्तः** = हामीबाट, **वरः** = वर, **व्रियताम् इति**= वर माग भनी, **केशवम्** = नारायणलाई, **उक्तवन्तौ** = भने ॥

**भावार्थ–**

महामायाबाट मोहित र आफ्नो अनन्त बलबाट उन्मत्त भएका ती

दुईले भगवान् विष्णुलाई आफूहरूसँग वर माग्न भने ॥

*श्रीभगवानुवाच ॥९६॥ भगवान्ले भन्नुभयो ॥*

**भवेतामद्य मे तुष्टौ मम वध्यावुभावपि ॥९७॥**
**किमन्येन वरेणात्र एतावद्धि वृतं मम ॥९८॥**

**पदार्थ-**

**अद्य** = आज, **मे** = मबाट, **तुष्टौ** = सन्तुष्ट छौ भने, **मम** = मेरो हातबाट, **उभौ अपि** = दुबै जना, **वध्यौ** = मार्न योग्य, **भवेताम्** = बन, **हि** = निश्चय नै, **एतावत्** = यही, **मम** = मेरो, **वृतं** = वर हो, **अत्र** = यहाँ, **अन्येन** = अर्को, **वरेण** = वरले, **किम्** = के गर्नु ? ॥

**भावार्थ-**

यदि तिमीहरू मदेखि प्रसन्न भएका छौ भने तिमीहरू मेरो हातबाट मर । अहिले अरु कुनै वरको आवश्यकता नभएकाले मैले तिमीहरूसँग यति नै वर मागें ॥

*ऋषिरुवाच ॥९९॥ ऋषिले भन्नुभयो ॥*

**वञ्चिताभ्यामिति तदा सर्वमापोमयं जगत् ॥१००॥**
**विलोक्य ताभ्यां गदितो भगवान् कमलेक्षणः ।**
**आवां जहि न यत्रोर्वी सलिलेन परिप्लुता ॥१०१॥**

**पदार्थ-**

**इति** = यसरी, **वञ्चिताभ्याम्** = धोका पाइसकेपछि, **तदा** = जब, **सर्वं** = सम्पूर्ण, **जगत्** = संसार, **आपोमयं** = पानी पानी युक्त, **विलोक्य** = देखेर, **ताभ्यां** = ती दुईले, **भगवान्** = भगवान्, **कमलेक्षणः** = श्रीहरिलाई, **गदितः** = भने, **आवां** = हामी दुईलाई, **यत्र** = जहाँ, **सलिलेन** = पानीले, **न परिप्लुता** = नभिजेको सुख्खा, **उर्वी** = पृथ्वी छ, **जहि** = त्यहीं मार ॥

**भावार्थ-**

आफूहरूले धोका पाएको थाहा पाएपछि ती दुबै दैत्यले विचार गरी हेर्दा सम्पूर्ण जगत्लाई जलमय भएको देखे र उनीहरूले कमलनयन भगवान्सँग आफूहरूलाई पानी नभएको भुईंमा मार्नुपर्छ भन्ने सर्त राखे ॥

*ऋषिरुवाच ॥१०२॥ ऋषिले भन्नुभयो ॥*

**तथेत्युक्त्वा भगवता शङ्खचक्रगदाभृता ।**
**कृत्वा चक्रेण वैच्छिन्ने जघने शिरसी तयोः ॥१०३॥**

**पदार्थ–**

**तथा** = तथास्तु, **इति** = यसो, **उक्त्वा** = भनेर, **शङ्खचक्रगदाभृता** = शङ्ख, चक्र र गदा धारण गरेका, **भगवता** = श्रीहरिले, **तयोः** = ती दुईको, **शिरसी** = शिर, **जघने** = जाँघमा(तिघ्रा), **कृत्वा** = राखेर, **चक्रेण** = चक्रले, **वै** = निश्चय नै, **छिन्ने** = काट्नुभयो ॥

**भावार्थ–**

त्यसपछि शङ्ख, चक्र र गदा धारण गर्नुभएका भगवान् नारायणले ती दुवैलाई आफ्नो तिघ्रामा राखी सुदर्शन चक्रद्वारा दुवैको शिर छेदन गरिदिनुभयो ॥

**एवमेषा समुत्पन्ना ब्रह्मणा संस्तुता स्वयम् ।**
**प्रभावमस्या देव्यास्तु भूयः शृणु वदामि ते ॥ ऐँ ॐ ॥१०४॥**

**पदार्थ–**

**एवम्** = यसप्रकार, **एषा** = यी भगवती, **ब्रह्मणा** = ब्रह्माद्वारा, **संस्तुता** = स्तुति गरिएकाले, **स्वयम्** = आफैँ, **उत्पन्ना** = प्रकट हुनुभयो । **भूयः** = फेरि, **ते** = तिमीलाई, **अस्याः** = यी, **देव्याः** = भगवतीदेवीको, **प्रभावम्** = प्रभाव, **वदामि** = वर्णन गर्दछु, **शृणु** = सुन ॥

**भावार्थ–**

यसप्रकार ब्रह्माजीले सङ्कटको समयमा भगवतीको स्तुति गर्दा उहाँ योगनिद्राको रूपमा प्रकट हुनुभएको थियो, उनै भगवतीका अरु प्रभावहरूको विषयमा पनि म तिमीलाई बताउँछु, सुन ॥

॥ इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे
देवीमाहात्म्ये मधुकैटभवधो नाम प्रथमोऽध्यायः ॥१॥
उवाच १४, अर्धश्लोकाः २४, श्लोकाः ६६ ॥ एवमादितः ॥१०४॥

# अथ द्वितीयोऽध्यायः

## देवीको प्रादुर्भाव र महिषासुरसैन्यको वध

*विनियोगः*

ॐ मध्यचरित्रस्य विष्णुर्ऋषिः, महालक्ष्मीर्देवता, उष्णिक् छन्दः, शाकम्भरी शक्तिः, दुर्गा बीजम्, वायुस्तत्त्वम्, यजुर्वेदः स्वरूपम्, श्रीमहालक्ष्मीप्रीत्यर्थं मध्यमचरित्रजपे विनियोगः ।

*अथ ध्यानम्*

**ॐ अक्षस्रक्परशुं गदेषुकुलिशं पद्मं धनुष्कुण्डिकां**
**दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ।**
**शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननां**
**सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥१॥**

**पदार्थ–**

**हस्तैः** = हातहरूमा, **अक्षस्रक्परशुं** = अक्षमाला र वज्चरो, **गदेषुकुलिशं** = गदा, बाण र वज्र, **पद्मं** = कमलको फूल, **धनुष्कुण्डिकां** = धनुष र कुण्डिका, **दण्डं** = दण्ड, **शक्तिम्** = शक्ति, **असिम्** = खड्ग, **चर्म** = ढाल, **जलजं** = शङ्ख, **घण्टां** = घण्ट, **सुराभाजनम्** = मधु(सुरा)पिउने भाँडा, **शूलम्** = शूल, **पाशसुदर्शने** = पाश र सुदर्शन चक्र, **च** = पनि, **दधतीं** = धारण गरेकी, **सरोजस्थितां** = कमलको फूलमा बसेकी, **प्रसन्नाननाम्** = प्रसन्न मुख भएकी, **सैरिभमर्दिनीम्** = महिषासुरमर्दिनी, **महालक्ष्मीं** = भगवती महालक्ष्मीलाई, **सेवे** = भजन गर्दछु ।

**भावार्थ–**

म कमलमाथि बस्नुहुने महिषासुरमर्दिनी भगवती महालक्ष्मीको सेवा गर्दछु । उहाँको अनुहार तेजोयुक्त र प्रसन्न छ तथा उहाँले हातहरूमा अक्षमाला, बज्चरो, गदा, बाण, वज्र, कमलको फूल, धनु, कुण्डिका, दण्ड, शक्ति, खड्ग, ढाल, शङ्ख, घण्ट, मदिरापात्र, त्रिशूल, पाश र सुदर्शनचक्र धारण गर्नुभएको छ ॥

*ॐ ह्रीं ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**देवासुरमभूद्युद्धं पूर्णमब्दशतं पुरा ।**
**महिषेऽसुराणामधिपे देवानां च पुरन्दरे ॥२॥**
**तत्रासुरैर्महावीर्यैर्देवसैन्यं पराजितम् ।**
**जित्वा स सकलान् देवानिन्द्रोऽभून्महिषासुरः ॥३॥**

**पदार्थ–**

**पुरा** = पूर्वकालमा, **असुराणां** = दैत्यहरूको, **महिषे** = महिषासुर, **अधिपे** = स्वामी, **देवानां च**= देवताहरूको चाहिँ, **पुरन्दरे** = पुरन्दर इन्द्र हुँदा, **पूर्णम्** = पूरै, **अब्दशतम्** = सयवर्ष, **देवासुरम्** = देवता र असुरहरूको, **युद्धम्** = युद्ध, **अभूत्** = भयो **तत्र** = त्यस युद्धमा, **महावीर्यैः** = अत्यन्त बलशाली, **असुरैः** = दैत्यहरूले, **देवसैन्यं** = देवताको सेनालाई, **पराजितम्** = परास्त गरे । **सकलान्** = सम्पूर्ण, **देवान्** = देवताहरूलाई, **जित्वा** = जितेर, **च** = पनि, **महिषासुरः** = दैत्यस्वामी महिषासुर, **इन्द्रः** = इन्द्र, **अभूत्** = भयो ॥

**भावार्थ–**

पहिले असुरहरूको राजा महिषासुर र देवताहरूको राजा पुरन्दर नामका इन्द्र थिए । त्यही समयमा देवता र असुरहरूबीच सय वर्षसम्म युद्ध भएको थियो । प्रबल पराक्रमी असुरहरूद्वारा देवताहरूको सेना पराजित भएपछि अरु सम्पूर्ण देवताहरूलाई पनि जिती महिषासुर नै इन्द्र भयो ॥

**ततः पराजिता देवाः पद्मयोनिं प्रजापतिम् ।**
**पुरस्कृत्य गतास्तत्र यत्रेशगरुडध्वजौ ॥४॥**
**यथावृत्तं तयोस्तद्वन्महिषासुरचेष्टितम् ।**
**त्रिदशाः कथयामासुर्देवाभिभवविस्तरम् ॥५॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **पराजिताः** = पराजित भएका, **देवाः** = देवताहरू, **पद्मयोनिम्** = कमलबाट उत्पन्न भएका, **प्रजापतिम्** = ब्रह्माजीलाई, **पुरस्कृत्य** = अगाडि लगाएर, **यत्र** = जहाँ, **ईशगरुडध्वजौ** = भगवान् शङ्कर र विष्णु हुनुहुन्थ्यो, **तत्र** = त्यहाँ, **गताः** = गए, **त्रिदशाः** = देवताहरूले, **तयोः** = शिव

र विष्णु भगवानको अगाडि, **महिषासुरचेष्टितम्** = महिषासुरको पराक्रमको बारे, **तद्वद्** = त्यस्तै, **देवाभिभवविस्तरम्** = देवाताहरूको पराजयबारे, **यथावृत्तं** = पूर्ण वृत्तान्त, **कथयामासुः** = बताए ।

**भावार्थ–**

असुरहरूबाट पराजित भएका देवताहरू कमलजन्मा ब्रह्माजीलाई अघि लगाई भगवान् विष्णु र भगवान् शिव भएको ठाउँमा गए र उनीहरूले महिषासुरको जस्तो पराक्रम थियो र उसले आफूहरूलाई जसरी पराजित गऱ्यो, त्यो सबै कुरा जस्ताको तस्तै सुनाए ॥

**सूर्येन्द्राग्न्यनिलेन्दूनां यमस्य वरुणस्य च ।**
**अन्येषां चाधिकारान् स स्वयमेवाधितिष्ठति ॥६॥**

**पदार्थ–**

**सः** = त्यो महिषासुर, **सूर्येन्द्राग्न्यनिलेन्दूनां** = सूर्य, इन्द्र, अग्नि, वायु र चन्द्रमाको, **यमस्य** = यमको, **वरुणस्य च** = वरुणको, **अन्येषां** = अरुको, **च** = पनि, **अधिकारान्** = अधिकारहरूमा, **स्वयं एव** = आफैँ, **अधितिष्ठति** = बसेको छ ॥

**भावार्थ–**

हे भगवन् ! सूर्य, इन्द्र, अग्नि, वायु, चन्द्रमा, यम, वरुण र अन्य देवताहरूका अधिकारहरूलाई पनि महिषासुरले आफैँ हडपेको छ ॥

**स्वर्गान्निराकृताः सर्वे तेन देवगणा भुवि ।**
**विचरन्ति यथा मर्त्या महिषेण दुरात्मना ॥७॥**

**पदार्थ–**

**तेन** = त्यो, **दुरात्मना** = दुष्ट(दुरात्मा), **महिषेण** = महिषासुरले, **स्वर्गात्** = स्वर्गबाट, **निराकृताः** = निकालिएका, **सर्वे** = सम्पूर्ण, **देवगणाः** = देवगणहरू, **मर्त्याः** = मनुष्यहरू, **यथा** = झैँ, **भुवि** = पृथ्वीमा, **विचरन्ति** = घुम्दछन् ।

**भावार्थ–**

उसले स्वर्गबाट निकालिदिएका देवताहरू सामान्य मानिसहरूझैँ मर्त्यलोकमा घुमिरहेका छन् ।

**एतद्वः कथितं सर्वममरारिविचेष्टितम् ।**
**शरणं वः प्रपन्नाः स्मो वधस्तस्य विचिन्त्यताम् ॥८॥**

**पदार्थ–**

**एतत्** = यो, **सर्वम्** = सम्पूर्ण, **अमरारिविचेष्टितम्** = दैत्यका सम्पूर्ण कृत्य, **वः** = हजुरहरूलाई, **कथितम्** = भन्यौं, **वः** = हजुरहरूको, **शरणम्** = शरणमा, **प्रपन्नाः** = आएका, **स्मः** = छौं, **तस्य** = उसको, **वधः** = वधको बारेमा, **विचिन्त्यताम्** = विचार गर्नुहोस् ।

**भावार्थ–**

हामीहरूले हजुर दुवैलाई असुरहरूको दुराचार बतायौं । अव हामी हजुरहरूको शरणमा आएका छौं, त्यसैले त्यस दुरात्मा महिषासुरको वध गर्ने कुनै उपाय विचार गर्नुहोस् ॥

**इत्थं निशम्य देवानां वचांसि मधुसूदनः ।**
**चकार कोपं शम्भुश्च भ्रुकुटीकुटिलाननौ ॥९॥**

**पदार्थ–**

**इत्थं** = यसप्रकार, **देवानां** = देवताहरूको, **वचांसि** = वचन, **निशम्य** = सुनेर, **मधुसूदनः** = भगवान् नारायण, **शम्भुः** = शिवले, **च** = पनि, **कोपं** = क्रोध, **चकार** = गर्नुभयो, **भ्रुकुटीकुटिलाननौ** = उहाँहरूको आँखीभौं र मुख बाङ्गो भएको थियो ।

**भावार्थ–**

यसप्रकार देवताहरूका बिलौना सुनी भगवान् विष्णु र शिव दुवैले अत्यन्त क्रोध गर्नुभयो र यसबाट उहाँहरूको आँखीभौं टेडो भयो ॥

**ततोऽतिकोपपूर्णस्य चक्रिणो वदनात्ततः ।**
**निश्चक्राम महत्तेजो ब्रह्मणः शङ्करस्य च ॥१०॥**
**अन्येषां चैव देवानां शक्रादीनां शरीरतः ।**
**निर्गतं सुमहत्तेजस्तैच्चैक्यं समगच्छत ॥११॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **अतिकोपपूर्णस्य** = अत्यन्त रिसाएका, **चक्रिणः** = चक्रधारी नारायणको, **ततः** = त्यसैगरी, **ब्रह्मणः** = ब्रह्माजीको, **शङ्करस्य** =

शिवजीको, **च** = पनि, **वदनात्** = मुखबाट, **महत्तेजः** = महान् तेज, **निश्चक्राम** = निस्कियो । **अन्येषां** = अरु अन्यको, **शक्रादीनां** = इन्द्रादिको, **च** = पनि, **एव** = निश्चय नै, **शरीरतः** = शरीरबाट, **निर्गतं** = निक्लिएको, **तत्** = त्यो, **सुमहत्तेजः** = महान् तेज, **च** = पनि, **ऐक्यं** = एक, **समगच्छत** = भयो ।

**भावार्थ-**

यसपछि अत्यन्त रिसाउनुभएका भगवान् विष्णुको मुहारबाट महान् तेजराशि प्रकट भयो । त्यसैगरी ब्रह्माजी, भगवान् शिव र इन्द्र आदि अन्य देवताहरूको शरीरबाट छुट्टाछुट्टै तेजराशि निस्कियो र त्यो सबै मिलेर एउटै तेज पुञ्ज बन्यो ॥

**अतीव तेजसः कूटं ज्वलन्तमिव पर्वतम् ।**
**ददृशुस्ते सुरास्तत्र ज्वालाव्याप्तदिगन्तरम् ॥१२॥**

**पदार्थ-**

**ते** = ती, **सुराः** = देवताहरूले, **तत्र** = त्यहाँ, **ज्वालाव्याप्तदिगन्तरम्** = सम्पूर्ण दिशामा ज्वाला फैलिएको, **अतीव** = अति ठुलो, **तेजसः कूटं** = तेजोराशिलाई, **ज्वलन्तम्** = जाज्वल्यमान, **पर्वतम् इव** = पर्वतझैं, **ददृशुः** = देखे ।

**भावार्थ-**

देवताहरूले त्यो तेजःपुञ्जलाई जलिरहेको पर्वतसमान देखे । त्यसका ज्वालाहरूले सारा दिशा-विदिशालाई ढाकेको थियो ॥

**अतुलं तत्र तत्तेजः सर्वदेवशरीरजम् ।**
**एकस्थं तदभून्नारी व्याप्तलोकत्रयं त्विषा ॥१३॥**

**पदार्थ-**

**तत्र** = त्यहाँ, **सर्वदेवशरीरजम्** = सम्पूर्ण देवताहरूको शरीरबाट निस्केको, **तत्तेजः** = त्यो तेज, **अतुलम्** = अनुपम(अतुलनीय)थियो । **त्विषा** = त्यसको प्रकाशले, **व्याप्तलोकत्रयम्** = तीनै लोकलाई व्याप्त गर्ने, **तत्** = त्यो तेज, **एकस्थं** = एकत्रित हुँदा, **नारी** = नारी, **अभूत्** = भयो ।

**भावार्थ-**

सबै देवताहरूको शरीरबाट उत्पन्न भएको त्यो अतुलनीय एवं तीनै

लोकमा प्रकाशित भएको तेजराशि अचानक एउटी नारीको रूपमा मूर्तिमान् भयो ॥

**यदभूच्छाम्भवं तेजस्तेनाजायत तन्मुखम् ।**
**याम्येन चाभवन् केशा बाहवो विष्णुतेजसा ॥१४॥**

**पदार्थ–**

**शाम्भवं** = भगवान् शिवको, **यत्** = जो, **तेजः** = तेज, **अभूत्** = थियो, **तेन** = त्यसबाट, **तन्मुखम्** = ती भगवतीको मुख, **अजायत** = प्रकट भयो, **याम्येन च** = यमराजको तेजबाट, **केशाः** = शिरको कपाल, **अभवन्** = प्रकट भए, **विष्णुतेजसा** = भगवान् विष्णुको तेजबाट, **बाहवः** = हातहरू प्रकट भए ।

**भावार्थ–**

भगवान् शिवको तेजबाट उनको मुख बन्यो । यमराजको तेजबाट शिरका कपाल एवं भगवान् विष्णुको तेजबाट भुजाहरू बने ॥

**सौम्येन स्तनयोर्युग्मं मध्यं चैन्द्रेण चाभवत् ।**
**वारुणेन च जङ्घोरू नितम्बस्तेजसा भुवः ॥१५॥**

**पदार्थ–**

**सौम्येन** = चन्द्रमाको तेजबाट, **स्तनयोः** = स्तनको, **युग्मं** = जोडी र, **ऐन्द्रेण च** = इन्द्रको तेजबाट, **मध्यं** = मध्यभाग, **अभवत्** = उत्पन्न भयो **वारुणेन च** = वरुणको तेजबाट, **जङ्घोरू** = जँघा एवं पिँडुला, **भुवः** = पृथ्वीको **तेजसा** = तेजबाट, **नितम्बः** = नितम्बभाग प्रकट भयो ।

**भावार्थ–**

चन्द्रमाको तेजबाट उनका दुबै स्तन र इन्द्रको तेजबाट कम्मर बन्यो । वरुणको तेजबाट तिघ्रा र पिडुँला एवं पृथिवीको तेजबाट नितम्बभाग प्रकट भयो ॥

**ब्रह्मणस्तेजसा पादौ तदङ्गुल्योऽर्कतेजसा ।**
**वसूनां च कराङ्गुल्यः कौबेरेण च नासिका ॥१६॥**

**पदार्थ–**

**ब्रह्मणः** = ब्रह्माजीको, **तेजसा** = तेजबाट, **पादौ** = दुई चरण, **अर्कतेजसा** = सूर्यको तेजबाट, **तदङ्गुल्यः** = ती भगवती देवीको औँलाहरू, **वसूनां च** = अष्टवसुको तेजबाट पनि, **कराङ्गुल्यः** = हातका औँलाहरू,

**कौबेरेण च** = कुबरको तेजबाट, **नासिका** = नाक प्रकट भयो ।

**भावार्थ-**

ब्रह्माको तेजबाट पाउहरू बने भने सूर्यको तेजबाट चरणका औँलाहरू बने । वसुहरूको तेजबाट हातका औँला र कुबेरको तेजबाट सुन्दर नासिका उत्पन्न भयो ॥

**तस्यास्तु दन्ताः सम्भूताः प्राजापत्येन तेजसा ।**
**नयनत्रितयं जज्ञे तथा पावकतेजसा ॥१७॥**

**पदार्थ-**

**प्राजापत्येन** = प्रजापतिको, **तेजसा तु** = तेजबाट चाहिँ, **तस्याः** = ती देवीको, **दन्ताः** = दाँतहरू, **सम्भूताः** = प्रकट भए, **तथा** = त्यस्तै, **पावकतेजसा** =अग्निको तेजबाट, **नयनत्रितयं** = तीन नेत्र(आँखा) **जज्ञे** = प्रकट भए ।

**भावार्थ-**

प्रजापतिको तेजबाट उनका दाँतहरू उत्पन्न भए र अग्निको तेजबाट उनका तीनै नेत्रहरू बने ॥

**भ्रुवौ च संध्ययोस्तेजः श्रवणावनिलस्य च ।**
**अन्येषां चैव देवानां सम्भवस्तेजसां शिवा ॥१८॥**

**पदार्थ-**

**संध्ययोः** = सन्ध्याको, **तेजः** = तेजबाट, **च** = पनि, **भ्रुवौ** = आँखीभौँ उत्पन्न भए, **अनिलस्य च** = वायुको तेजबाट पनि, **श्रवणौ** = कानहरू उत्पन्न भए । **अन्येषां** = अन्य, **देवानां** = देवताहरूको, **च एव** = पनि, **तेजसाम्** = तेजबाट, **शिवा** = ती कल्याणमयी भगवतीको, **सम्भवः** = अविर्भाव भयो ।

**भावार्थ-**

त्यसैगरी सन्ध्याको तेजबाट उनका आँखीभौँ र वायुको तेजबाट उनका दुबै कान उत्पन्न भए । यसप्रकार अन्य-अन्य देवताहरूको तेजराशिबाट पनि ती परमकल्याणमयी शिवा भगवतीको प्रादुर्भाव भयो ॥

**ततः समस्तदेवानां तेजोराशिसमुद्भवाम् ।**
**तां विलोक्य मुदं प्रापुरमरा महिषार्दिताः ॥१९॥**

**पदार्थ–**

**ततं** = त्यसपछि, **समस्तदेवानां** = सम्पूर्ण देवताहरूको, **तेजोराशिसमुद्भवाम्** = तेजपुञ्जबाट प्रकट भएकी, **तां** = ती भगवती देवीलाई, **विलोक्य** = देखेर, **महिषार्दिताः** = महिषासुरले सताएका, **अमराः** = देवताहरू, **मुदं** = प्रसन्न, **प्रापुः** = भए ।

**भावार्थ–**

महिषासुरबाट असाध्यै सताइएका ती देवताहरूले सम्पूर्ण देवताहरूको तेजोराशिबाट उत्पन्न भएकी देवीलाई देखी अत्यन्त प्रसन्न भए ॥

**शूलं शूलाद्विनिष्कृष्य ददौ तस्यै पिनाकधृक् ।**
**चक्रं च दत्तवान् कृष्णः समुत्पाद्य स्वचक्रतः ॥२०॥**

**पदार्थ–**

**पिनाकधृक्** = पिनाकधारी भगवान् शिवले, **शूलात्** = आफ्नो शूलबाट, **विनिष्कृष्य** = निकालेर, **तस्यै** = ती देवीलाई, **शूलं** = शूल, **ददौ** = दिनुभयो । **कृष्णः च** = भगवान् विष्णुले, **स्वचक्रतः** = आफ्नो चक्रबाट, **समुत्पाद्य** = निकालेर, **चक्रं** = चक्र, **दत्तवान्** = दिनुभयो ।

**भावार्थ–**

भगवान् शिवले आफ्नो त्रिशूलबाट अर्को तेजोमय त्रिशूल निकाली ती भगवतीलाई दिनुभयो, त्यसैगरी विष्णुले पनि आफ्नो चक्रबाट अर्को चक्र उत्पन्न गरी उहाँलाई अर्पण गर्नुभयो ॥

**शङ्खं च वरुणः शक्तिं ददौ तस्यै हुताशनः ।**
**मारुतो दत्तवांश्चापं बाणपूर्णे तथेषुधी ॥२१॥**

**पदार्थ–**

**वरुणः** = वरुणले, **शङ्खं** = शङ्ख, **हुताशनः च** = अग्निले, **तस्यै** =ती देवीलाई, **शक्तिं** = शक्ति, **ददौ** = दिए । **मारुतः** = वायुले, **चापं** =धनुष, **तथा** = तथा, **बाणपूर्णे** = बाणले भरिएको, **ईषुधी** = दुई ठोक्रो (बाण राख्ने भाँडो), **दत्तवान्** = दिए ।

**भावार्थ–**

वरुणले शङ्ख र अग्निले शक्ति अर्पण गरे भने वायुले धुनष र सधैं

बाण भरिइरहने दुई टोड्का अर्पण गरे ॥

**वज्रमिन्द्रः समुत्पाद्य कुलिशादमराधिपः ।**
**ददौ तस्यै सहस्राक्षो घण्टामैरावताद् गजात् ॥२२॥**

**पदार्थ–**

**सहस्राक्षः** = हजार आँखा भएका, **अमराधिपः** = देवराज, **इन्द्रः** = इन्द्रले, **कुलिशात्** = आफ्नो वज्रबाट, **वज्रम्** = वज्र, **समुत्पाद्य** = निकालेर, **ऐरावताद्** = ऐरावत, **गजात्** = हात्तीबाट निकालेर, **घण्टां** = घण्ट, **तस्यै** = ती भगवतीलाई, **ददौ** = दिए ।

**भावार्थ–**

देवराज इन्द्रले आफ्नो वज्रबाट अर्को तेजोमय वज्र निकालेर दिए र ऐरावत हात्तीबाट निकालिएको ठूलो घण्टसमेत भगवतीलाई चढाए ॥

**कालदण्डाद्यमो दण्डं पाशं चाम्बुपतिर्ददौ ।**
**प्रजापतिश्चाक्षमालां ददौ ब्रह्मा कमण्डलुम् ॥२३॥**

**पदार्थ–**

**यमः** = यमराजले, **कालदण्डात्** = कालदण्डबाट, **दण्डं** = दण्ड, **अम्बुपतिः** = वरुणले, **पाशं** = पाश, **च** = पनि, **ददौ** = दिए । **प्रजापतिः** = प्रजापतिले, **अक्षमालां** = अक्षमाला, **ब्रह्मा च** = ब्रह्माजीले, **कमण्डलुं** = कमण्डलु, **ददौ** = दिए ।

**भावार्थ–**

यमराजले कालदण्डबाट निकाली दण्ड प्रदान गरे भने वरुणले पाश प्रदान गरे । त्यसैगरी ब्रह्माले कमण्डलु र प्रजापतिले अक्षमाला समर्पण गरे ॥

**समस्तरोमकूपेषु निजरश्मीन् दिवाकरः ।**
**कालश्च दत्तवान् खड्गं तस्याश्चर्म च निर्मलम् ॥२४॥**

**पदार्थ–**

**दिवाकरः** = सूर्यले, **समस्तरोमकूपेषु** = सम्पूर्ण रोमकूप(रौँ-रौँमा), **निजरश्मीन्** = आफ्ना किरणहरूका तेज भरिदिए । **कालः च** = कालले, **तस्याः** = ती भगवती देवीलाई, **खड्गं** = तरबार र, **निर्मलम्** = चम्किलो, **चर्म** = ढाल, **दत्तवान्** = दिए ।

**भावार्थ–**

सूर्यले भगवतीका प्रत्येक रोमकूपलाई आफ्ना किरणहरूद्वारा परिपूर्ण गरी अनन्त उज्ज्वलता प्रदान गरे । त्यसैगरी काललेउहाँलाई खड्ग र चम्किलो ढाल प्रदान गरे ।

**क्षीरोदश्चामलं हारमजरे च तथाम्बरे ।**
**चूडामणिं तथा दिव्यं कुण्डले कटकानि च ॥२५॥**
**अर्धचन्द्रं तथा शुभ्रं केयूरान् सर्वबाहुषु ।**
**नूपुरौ विमलौ तद्वद् ग्रैवेयकमनुत्तमम् ॥२६॥**
**अङ्गुलीयकरत्नानि समस्तास्वङ्गुलीषु च ।**

**पदार्थ–**

**क्षीरोदः** = क्षीरसागरले, **अमलं** = उज्वल, **हारम्** = हार, **तथा च** = त्यस्तै, **अजरे** = कहिल्यै पनि पुरानो नहुने, **अम्बरे** = दुई दिव्य वस्त्र, **दिव्यम्** = दिव्य, **चूडामणिं** = चूडामणि, **कुण्डले** = दुई कुण्डल, **तथा** = त्यस्तै, **कटकानि** = बालाहरू, **च** = पनि, **तथा** = त्यसैगरी, **शुभ्रं** = उज्ज्वल, **अर्धचन्द्रं** = अर्धचन्द्र, **सर्वबाहुषु** = सम्पूर्ण हातहरूको लागि, **केयूरान्** = बाला, **विमलौ** = निर्मल, **नूपुरौ** = पाउजु, **तद्वद्** = त्यस्तै, **अनुत्तमम्** = अत्यन्त श्रेष्ठ, **ग्रैवयकम्** = गलामा लगाउने आभूषण, **समस्तासु** = सम्पूर्ण, **अङ्गुलीषु** = औंलोहरूमा, **अङ्गुलीयकरत्नानि** = रत्नहरूबाट बनेका औंठीहरू, **च** = पनि दिए ।

**भावार्थ–**

क्षीरसमुद्रले भगवतीलाई उज्ज्वल हार र कहिल्यै जीर्ण नहुने दुई दिव्य वस्त्र प्रदान गरे । त्यसैगरी उनले मुकुटमा धारण गर्ने चूडामणि, कुण्डल, बाला, उज्ज्वल अर्धचन्द्र, हरेक हातमा धारण गर्ने चुराहरू अनि दुबै पाउमा धारण गर्ने निर्मल पाउजु र रत्ननिर्मित औंठीहरू प्रदान गरे ।

**विश्वकर्मा ददौ तस्यै परशुं चातिनिर्मलम् ॥२७॥**
**अस्त्राण्यनेकरूपाणि तथाभेद्यं च दंशनम् ।**
**अम्लानपङ्कजां मालां शिस्युरसि चापराम् ॥२८॥**

**पदार्थ-**

**विश्वकर्मा च** = विश्वकर्माले, **तस्यै** = ती देवीलाई, **अतिनिर्मलम्** = अत्यन्त निर्मल, **परशुं** = बञ्चरो, **ददौ** = दिए , **तथा च** = त्यस्तै, **अनेकरूपाणि** = अनेक रूप भएका, **अस्त्राणि** = अस्त्रहरू, **अभेद्यं** = अभेद्य, **दंशनम्** = कवच, **अपरां च** = योबाहेक अर्को पनि, **शिरसि** = शिरमा र, **उरसि** = वक्षःस्थलमा धारण गर्नको लागि, **अम्लानपङ्कजां** = कहिल्यै नवैलिने कमलको, **मालां** = माला दिए ।

**भावार्थ-**

विश्वकर्माले भगवतीलाई अत्यन्त चम्किलो बञ्चरो, अनेक प्रकारका अस्त्रहरू, अभेद्य कवच र कहिल्यै नवैलिने कमलपुष्पका मालाहरू प्रदान गरे ॥

**अददज्जलधिस्तस्यै पङ्कजं चातिशोभनम् ।**
**हिमवान् वाहनं सिंहं रत्नानि विविधानि च ॥२९॥**

**पदार्थ-**

**जलधिः** = समुद्रले, **तस्यै** = ती देवीलाई, **अतिशोभनम्** = अत्यन्त राम्रो, **पङ्कजं** = कमलको फूल, **अददत्** = दिए, **हिमवान्** = हिमालयले, **वाहनं** = सवारीको लागि, **सिंह** = सिंह, **विविधानि** = विभिन्न प्रकारका, **रत्नानि** = रत्नहरू, **च** = पनि दिए ।

**भावार्थ-**

समुद्रले उहाँलाई अत्यन्त सुन्दर कमलको फूल प्रदान गरे भने हिमालयले उहाँलाई वाहनका लागि सिंह र अनेकप्रकारका रत्नहरू पनि प्रदान गरे ॥

**ददावशून्यं सुरया पानपात्रं धनाधिपः ।**
**शेषश्च सर्वनागेशो महामणिविभूषितम् ॥३०॥**
**नागहारं ददौ तस्यै धत्ते यः पृथिवीमिमाम् ।**

**पदार्थ-**

**धनाधिपः** = धनपति कुबेरले, **सुरया** = मधु, **अशून्यं** = पूर्ण, **पानपात्रम्** = पिउने भाँडो, **ददौ** = दिए, **यः** = जो, **इमाम्** = यो, **पृथिवीम्** = पृथिवीलाई, **धत्ते** = धारण गर्दछ, **सर्वनागेशः** = त्यस्तो सम्पूर्ण नागका राजा, **शेषः** = शेषले, **च** = पनि, **तस्यै** = ती भगवतीलाई, **महामणिविभूषितम्** = बहुमूल्य

मणिले विभूषित, **नागहारम्** = नागहार, **ददौ** = दिए ।

**भावार्थ–**

कुबेरले भगवतीलाई सोमरसले भरिएको पानपात्र प्रदान गरे र नागराज शेषले अमूल्य मणिहरूले युक्त नागहार अर्पण गरे ।

**अन्यैरपि सुरैर्देवी भूषणैरायुधैस्तथा ॥३१॥**
**सम्मानिता ननादोच्चैः साट्टहासं मुहुर्मुहुः ।**
**तस्या नादेन घोरेण कृत्स्नमापूरितं नभः ॥३२॥**

**पदार्थ–**

**तथा** = त्यस्तै, **अन्यैः** = अन्य, **सुरैः अपि** = देवताहरूद्वारा पनि, **भूषणैः** = आभूषण, **आयुधैः** = अस्त्र,-शस्त्रद्वारा, **सम्मानिता** = सम्मानित भएकी, **देवी** = भगवतीले, **मुहुः मुहुः** = बारम्बार, **साट्टहासं** = अट्टहासपूर्वक, **उच्चैः** = उच्चस्वरले, **ननाद** = गर्जना गर्नुभयो, **तस्याः** = ती देवीको, **घोरेण** = भयंङ्कर, **नादेन** = नादले अट्टहासले, **कृत्स्नम्** = सम्पूर्ण, **नभः** = आकाश, **आपूरितम्** = गुञ्जायमान भयो ।

**भावार्थ–**

यसरी सबै देवताहरूद्वारा विभिन्न आभूषण र अनेक अस्त्र-शस्त्रहरू प्रदान गरी सम्मान गरिएकी ती भगवती प्रबल अट्टहाससहित बारम्बार गर्जना गर्न लाग्नुभयो । उहाँको भयङ्कर गर्जनाद्वारा सम्पूर्ण आकाश गुञ्जियो ॥

**विवरण–**

यस प्रसङ्गमा महिषासुरलाई मार्न भगवती महालक्ष्मीको उत्पत्ति भएको प्रसङ्ग बताइएको छ । महिषासुर रम्भासुरको पुत्र थियो र रुद्रकै अंशावतार थियो । भगवान् शिवको तपस्या गरी तीन पटकसम्म आफ्नो पुत्र बनी जा( न्मन प्रार्थना गरेकाले रम्भासुरबाट महिषीको गर्भमा रुद्रको तेजोंश महिषासुर को रूपमा उत्पन्न भयो । उहाँले भगवतीको वाहन हुने गरी राँगोको रूपमा जन्म लिनु भएको हो । महिषासुरलाई आफ्नो पाउले आक्रान्त गरी भगवतीले उसमाथि त्रिशूल प्रहार गर्नुभएको रूपमा महिषमर्दिनी दुर्गाको ध्यान गर्ने गरिन्छ । यसरी महिषासुर दुर्गाको वाहनको रूपमा पूजित भएको पाइन्छ ।

कालिका पुराणको कथाअनुसार भगवतीले महिषासुरलाई तीनपटक

मार्नुभएको छ । पहिलो कल्पमा भगवतीले महिषासुरलाई उग्रचण्डारूपले विनाश गर्नुभयो, दोस्रो सृष्टिमा उहाँले भद्रकाली स्वरूपले महिषासुरको वध गर्नुभयो । तेस्रोपटक चाहिँ दुर्गारूपले उसको वध गर्नुभयो । सप्तशतीको यस प्रसङ्गमा चाहिँ महिषासुरको यही तेस्रो पटकको वधको चर्चा भएको छ ।

रुद्रांश भएकाले अत्यन्त बलशाली महिषासुरले आसुरी स्वभाववशात् देवता र मनुष्यहरूलाई दुःख दिन थाल्यो । कात्यायन ऋषिको आश्रममा उत्पात मच्चाइरहेको त्यसलाई ऋषि कात्यायनले स्त्रीको हातबाट मर्ने शाप दिनुभयो । यता स्वर्गका राजा पुरन्दर इन्द्र तथा अरु देवताहरूलाई पनि जिती महिषासुर आफैँ त्यहाँको राजा भएको थियो । देवताहरूले दुःख पोखेअनुसार सम्पूर्ण दैवी अधिकारहरूलाई उसले आफ्नो नियन्त्रणमा लिएको थियो । इन्द्र, अग्नि, वायु आदिका फरक-फरक अधिकार तथा यज्ञभागलाई पनि एक्लै लिएर त्यो महाबलिष्ठ भएको थियो र देवताहरू चाहिँ पदच्युत तथा भोजनर हित बन्नुपर्दा अत्यन्त दुःखी एवं दुर्बल थिए । उनीहरू सामान्य मानिस झैँ पृथिवीमा लुकिछिपी हिँड्थे । देवताहरूले ब्रह्माजीलाई साथ लिई कात्यायन ऋषिको आश्रममा भगवान् शिव र विष्णुको अघि आफ्नो दुःख बताए । महिषासुरको अत्याचारप्रति ब्रह्मा, विष्णु र शिव तीनै देवता अत्यन्त रिसाउँदा उहाँहरूको अनुहारबाट प्रचण्ड तेजधारा निस्कियो र एकत्रित भयो । उता देवताहरूको शरीरबाट पनि आ-आफ्ना तेजहरू निस्किए र ती सबै तेज एकै ठाउँमा जम्मा हुँदा जलिरहेको पहाडसमान तेजोराशि देखियो र एकछिनपछि त्यो तेजोराशि त सारा संसारलाई आफ्नो तेजले ढाकिदिने सुन्दरी नारीको रूपमा परिणत भयो ।

देवताहरूको शरीरबाट तेजपुञ्जको रूपमा महालक्ष्मी उत्पन्न भइन् भन्ने कथाको विशेष अर्थ र रहस्य रहेको छ । सबै देवताहरू जसबाट उत्पन्न हुन्छन् र जो भगवती सृष्टिको मूल ब्रह्मरूपिणी हुनुहुन्छ, उहाँ स्वयं अरुको शरीरबाट उत्पन्न हुन कसरी सम्भव छ र ? अतः सबै देवताहरूभित्र रहने शक्ति स्वयं महालक्ष्मी भएको र यी आद्या देवी सर्वदेवमय भएको जनाउन मात्र यो कुरा बताइएको हो । वैकृतिक रहस्यमा सबै देवताका तेजःपुञ्जबाट प्रकट भएकी यी देवी नै आद्या महालक्ष्मी हुन् भनी बताइएको छ । अनि

प्राधानिक रहस्यमा महालक्ष्मीबाट नै ब्रह्मा, विष्णु, महेश्वर अनि काली, लक्ष्मी र सरस्वतीको उत्पत्ति हुने देखाइएको छ। अष्टादशभुजा यी भगवती अनेक देवताहरूमा रहेको आफ्नै तेज अनि ती-ती देवताहरूमा रहेको आफ्नै आयुधहरूलाई पुनः स्वीकार गरी अव्यक्तबाट व्यक्तरूपमा प्रकट हुनुभयो। इन्द्र आदि देवताहरूमा एउटाको शक्ति अर्कोमा छैन, तर सम्पूर्ण देवताहरूको शक्ति भगवतीमा केन्द्रीकृत भएको छ। यसैले भगवती महालक्ष्मी सबैभन्दा बढी शक्तिशालिनी हुनुभएको हो।

भगवान् शिवको तेज नै उहाँको मुख हो, विष्णुको तेज उहाँका हातहरू हुन्, यमराजको तेज उहाँका केशहरू हुन्, चन्द्रको तेज उहाँका स्तन हुन्, कटिप्रदेश इन्द्रको तेज हो, वरुणको तेज भनको तिघ्रा, घुँडा हुन् भने ब्रह्माजीको तेज यी सर्वरूपिणी देवीको पाउ हो। सूर्यको प्रचण्ड तेज उहाँका पाउका औँलाहरू हुन्, वसुहरूको तेज उहाँका हातका औँला हुन्, कुबेरको तेज उहाँको नाक हो, अनि प्रजापतिको तेज उहाँको दाँत हुन्। यसैगरी अग्नि, सन्ध्या र वायुको तेज क्रमशः उहाँका तीन नेत्र, आँखीभौँ र कान हुन्। यसरी अनन्त देवताहरूका तेजहरू उहाँका प्रत्येक अङ्ग हुन्। यसको तात्पर्य सर्वरूपिणी यी भगवती कुनै एउटा देवताको शक्ति नभई सबै देवताहरूमा रहने परशक्तिरूपा हुनुहुन्छ भन्ने हो। देव्यथर्वशीर्षमा ब्रह्मरूपिणी भगवतीको सर्वरूपता बताउँदै भनिएको छ– **सैषा ब्रह्मविष्णुरुद्ररूपिणी सैषा प्रजापतीन्द्रमनवः** (देव्यथर्व.मं.१७) अर्थात् यी भगवती नै ब्रह्मा, विष्णु र रुद्ररूपिणी हुनुहुन्छ अनि यी नै प्रजापति, इन्द्र र मनुरूपा हुनुहुन्छ। भगवतीको यही सर्वरूपता यो प्रसङ्गबाट प्रकट भएको छ।

यहाँ सम्पूर्ण देवताहरूको हातमा रहने शक्ति या आयुधविशेष पनि वास्तवमा भगवतीकै भएको जनाउन देवताहरू हरेक अस्त्रहरू उहाँले स्वीकार गर्नुभएको कथा बताइएको छ। भगवान् शिवबाट त्रिशूल, विष्णुबाट चक्र, वरुणबाट शङ्ख, अग्निबाट शक्ति, इन्द्रबाट वज्र, यमराजबाट कालदण्ड, ब्रह्माबाट कमण्डलु, विश्वकर्माबाट बञ्चरो, समुद्रबाट माला र कमलको फूल अनि हिमालबाट सिंहलाई स्वीकार गरी यी भगवती प्रचण्ड शक्तियुक्त बन्नुभयो। रुद्रांश भएकाले त्यो महिषासुर सबै असुर एवं देवताहरूभन्दा प्रचण्ड पराक्रमी

थियो, त्यसैले उसलाई मार्नका लागि अरु देवीहरू नभई साक्षात् आद्या शक्ति जगदम्बाको नै आश्यकता परेको बुझिन्छ । यसरी मूलप्रकृतिरूपा भगवतीको चरित्र भएकाले नै यो द्वितीय चरित्रलाई सप्तशतीको तीनै चरित्रमध्ये उत्कृष्ट मानिन्छ र वैकृतिक रहस्यमा यो बताइएको छ कि यौटै चरित्रले भगवतीको स्तुति गर्नु छ भने यही मध्यम चरित्रले नै भगवतीको स्तुति गर्नुपर्दछ, अरुले होइन । यसरी महालक्ष्मीको उत्पत्ति एवं उहाँको पराक्रम विशेष रहस्ययुक्त भएको थाहा पाइन्छ ॥३१॥

**अमायतातिमहता प्रतिशब्दो महानभूत् ।**
**चुक्षुभुः सकला लोकाः समुद्राश्च चकम्पिरे ॥३३॥**

**पदार्थ-**

**अमायतातिमहता** = अपरिमित भएको भयङ्कर अट्टहासद्वारा, **महान्** = अत्यन्त भयानक, **प्रतिशब्दः** = प्रतिध्वनि, **अभूत्** = भयो, **सकलाः** = सम्पूर्ण, **लोकाः** = लोकहरूमा, **चक्षुभुः** = हलचल भयो, **समुद्राः च** = समुद्रहरू पनि **चकम्पिरे** = काँप्न थाले ॥

**भावार्थ-**

देवीको यो महान् सिंहनाद आकाशभरी पनि अटाएन । यसबाट भयङ्कर प्रतिध्वनि पनि उत्पन्न भयो, जसका कारण सम्पूर्ण संसार क्षुब्ध भयो र समुद्रहरू काँप्न थाले ॥

**चचाल वसुधा चेलुः सकलाश्च महीधराः ।**
**जयेति देवाश्च मुदा तामूचुः सिंहवाहिनीम् ॥३४॥**
**तुष्टुवुर्मुनयश्चैनां भक्तिनम्रात्ममूर्तयः ।**

**पदार्थ-**

**वसुधा** = पृथिवी, **चचाल** = हल्लन लाग्यो, **सकलाः** = सम्पूर्ण, **महीधराः** = पर्वतहरू, **च** = पनि, **चेलुः** = हल्लिए । **मुदा** = प्रसन्न भएका, **देवाः च** = देवताहरूले, **तां** = ती, **सिंहवाहिनीं** = सिंहमा चढेकी देवीलाई, **जया इति** = जय जय होस्, **ऊचुः** = भने, **भक्तिनम्रात्ममूर्तयः** = भक्तिभावले नम्र भएका, **मुनयः च** = ऋषिहरूले, **एनां** = यी भगवती देवीलाई, **तुष्टुवुः** = स्तुति गरे ।

**भावार्थ–**

पृथिवी हल्लिन थालिन्, पर्वतहरू चलमलाउन थाले । त्यसपछि देवताहरूले ती सिंहवाहिनी भगवतीको उच्चस्वरमा जयकार गरे र मुनिहरूले पनि भक्तिले विनम्र भई भगवतीको स्तुति गरे ॥

**दृष्ट्वा समस्तं संक्षुब्धं त्रैलोक्यममरारयः ॥३५॥**
**सन्नद्धाखिलसैन्यास्ते समुत्तस्थुरुदायुधाः ।**
**आः किमेतदिति क्रोधादाभाष्य महिषासुरः ॥३६॥**
**अभ्यधावत तं शब्दमशेषैरसुरैर्वृतः ।**
**स ददर्श ततो देवीं व्याप्तलोकत्रयां त्विषा ॥३७॥**

**पदार्थ–**

**समस्तं** = सम्पूर्ण, **त्रैलोक्यं** = तीनै लोक, **संक्षुब्धं** = क्षोभग्रस्त, **दृष्ट्वा** = देखेर, **सन्नद्धाखिलसैन्याः** = आफ्ना समस्त सेना आदि सुसज्जित पारेका, **उदायुधाः** = हतियार उजाएका, **ते** = ती, **अमरारयः** = दैत्यहरू, **समत्तस्थुः** = जुरुक्क बढे **महिषासुरः** = महिषासुर, **आः** = आ, **एतद्** = यो, **किं** = के हो ? **इति** = यस्तो, **क्रोधात्** = क्रुद्ध भएर, **आभाष्य** = भनेर, **अशेषैः** = सम्पूर्ण, **असुरैः** = दैत्यहरूद्वारा, **वृतः** = घेरिएर, **तं** = त्यो, **शब्दं** = भयानक शब्द आएतिर, **अभ्यधावत** = दौडियो **ततः** = त्यसपछि, **सः** = त्यसले, **त्विषा** = आफ्ना कान्तिले, **व्याप्तलोकत्रयां** = तीनै लोक प्रकाशित गरेकी, **देवीं** = देवी भगवतीलाई, **ददर्श** = देख्यो ।

**भावार्थ–**

उता असुरहरूले पनि सम्पूर्ण जगत्मा अचानक हलचल मच्चिएको देखे र आफ्ना अस्त्रशस्त्रहरूलाई, सम्पूर्ण सेनालाई युद्धमा तत्पर गराए । महिषासुरले अत्यन्त क्रोधपूर्वक यो के भइरहेको छ ? भन्दै आफ्ना सारा असुरसैन्यलाई साथमा लिई त्यो भयानक शब्द आएतिर दौडियो । उसले त्यहाँ आफ्नो अङ्गकान्तिद्वारा तीनै लोकलाई व्याप्त गरिरहनुभएकी देवीलाई देख्यो ॥

**पादाक्रान्त्या नतभुवं किरीटोल्लिखिताम्बराम् ।**
**क्षोभिताशेषपातालां धनुर्ज्यानिःस्वनेन ताम् ॥३८॥**
**दिशो भुजसहस्रेण समन्ताद् व्याप्य संस्थिताम् ।**

**ततः प्रववृते युद्धं तया देव्या सुरद्विषाम् ॥३९॥**
**शस्त्रास्त्रैर्बहुधा मुक्तैरादीपितदिगन्तरम् ।**

**पदार्थ–**

**पादाक्रान्त्या** = आफ्नो पाउको चापद्वारा, **नतभुवं** = भूमिलाई झुकाएकी, **किरीटोल्लिखिताम्बराम्** = आफ्नो मुकुटद्वारा आकाशमा रेखा खिचिरहेकी, **धनुर्ज्यानिःस्वनेन** = धनुको ताँदोको आवाजद्वारा, **क्षोभिताशेषपातालां** = सम्पूर्ण सात पाताललाई क्षुब्ध बनाएकी, **भुजसहस्रेण** = आफ्ना हजार हातद्वारा, **समस्ताद्** = चारैतिरका, **दिशः** = दिशाहरू, **व्याप्य** = ढाकेर, **संस्थितां** = बसेकी, **तां** = ती भगवती देवीलाई, (**ददर्श** = देख्यो) । **ततः** = त्यसपछि, **सुरद्विषाम्** = दैत्यहरूको, **तया** = ती, **देव्या** = देवीसँग, **बहुधा** = अनेक प्रकारले, **मुक्तैः** = प्रहार गरिएका, **शस्त्रास्त्रैः** = शस्त्र एवं अस्त्रहरूद्वारा, **आदीपितदिगन्तरम्** = सम्पूर्ण दिशाहरू जाज्वल्यमान पार्ने, **युद्धं** = युद्ध, **प्रववृते** = चल्यो ।

**भावार्थ–**

देवीको चरणबाट थिचिनाले पृथिवी ढल्किएकी थिइन् भने उहाँको उज्ज्वल मुकुटबाट आकाशमा रेखाहरूँ खिचिएको थियो । आफ्नो धनुषको टङ्कारबाट अतल, वितल आदि सातै लोकलाई क्षुब्ध गराइरहनुभएकी ती भगवतीका हजारौँ हातद्वारा सारा दिशा-विदिशा ढाकिएका थिए । त्यसपछि ती देवीसँग असुरहरूको युद्ध प्रारम्भ भयो । त्यस युद्धमा एक आपसमा प्रहार गरिएका शस्त्र-अस्त्रहरूबाट सारा दिशाहरू उद्दीप्त भए ।

**महिषासुरसेनानीश्चिक्षुराख्यो महासुरः ॥४०॥**
**युयुधे चामरश्चान्यैश्चतुरङ्गबलान्वितः ।**
**रथानामयुतैः षड्भिरुदग्राख्यो महासुरः ॥४१॥**

**पदार्थ–**

**महासुरः** = महान् असुर, **चिक्षुराख्यः** = चिक्षुर नाम गरेको, **महिषासुरसेनानीः** = महिषासुरको सेनापति थियो, **अन्यैः** = अन्य विविध दैत्यहरूको, **चतुरङ्गबलान्वितः** = चतुरङ्गिणी सेनाले युक्त, **चामरः** = चामर नाम गरेको राक्षस, **षड्भिः अयुतैः** = साठीहजार, **रथानाम्** = रथीहरूका साथ आएर, **उदग्राख्यः** = उदग्रनामक, **महासुरः च** = महान् दैत्य, **युयुधे** = युद्ध गर्न लाग्यो ॥

**भावार्थ–**

यस युद्धमा महिषासुरको सेनानायक चिक्षुर नामक असुर र चतुरङ्गिणी सेनाले सहित चामरले अनि साठी हजार रथीहरूको साथमा आएको उदग्रनामक दैत्यले पनि घोर पराक्रम देखाए ॥

**अयुध्यतायुतानां च सहस्रेण महाहनुः ।**
**पञ्चाशद्भिश्च नियुतैरसिलोमा महासुरः ॥४२॥**

**पदार्थ–**

**अयुतानां** = दशहजारको, **सहस्रेण** = हजार(एक करोड)रथीहरू साथ, **महाहनुः च** = महाहनु नामक दैत्य, **पञ्चाशद्भिः** = पचासको, **नियुतैः** = दश लाख(पाँच करोड)रथीहरू साथ लिएर, **महासुरः** = महान् असुर, **असिलोमा** = असिलोमा, **च** = पनि, **अयुद्धयत** = युद्ध गर्न लाग्यो ॥

**भावार्थ–**

महाहनु नामक दैत्य एक करोड रथीहरूको साथमा युद्ध गर्न थाल्यो भने तरबारसमान तीखा रौँ भएको असिलोमा नामक महादैत्य पाँच करोड रथीहरूसहित युद्धमा तत्पर भयो ॥

**अयुतानां शतैः षड्भिर्बाष्कलो युयुधे रणे ।**
**गजवाजिसहस्रौघैरनेकैः परिवारितः ॥४३॥**
**वृतो रथानां कोट्या च युद्धे तस्मिन्नयुध्यत ।**
**विडालाख्योऽयुतानां च पञ्चाशद्भिरथायुतैः ॥४४॥**
**युयुधे संयुगे तत्र रथानां परिवारितः ।**
**अन्ये च तत्रायुतशो रथनागहयैर्वृताः ॥४५॥**
**युयुधुः संयुगे देव्या सह तत्र महासुराः ।**

**पदार्थ–**

**अयुतानां** = दशहजारको, **शतैः षड्भिः** = छ सय गुणा रथीहरूले युक्त(साठी लाख), **वाष्कलः** = बाष्कलनामक दैत्य, **रणे** = युद्धमैदानमा, **युयुधे** = युद्ध गर्न लाग्यो, **परिवारितः** = परिवारित नामक दैत्य, **अनेकैः** = अनेक, **गजवाजिसहस्रौघैः** = हात्तीसवार एवं घोडासवार हजारौँ समूह, **रथानां** = रथहरूको, **कोटचा च** = करोड संख्या लिएर, **तस्मिन्** = त्यो, **युद्धे** = युद्धमा,

**अयुद्धयत** = युद्ध गर्नलाग्यो । **अथ** = त्यसपछि, **बिडालाख्यः** = बिडाल नाम गरेको दैत्य, **रथानां** = रथीहरूको, **अयुतानाम्** = दशहजारको, **पञ्चाशद्भिः** = पचास गुणा, **अयुतैः** = दशहजार सङ्ख्याले, **परिवारितः** = घेरिएर, **तत्र** = त्यहाँ, **संयुगे** = संग्राममा, **च** = पनि, **युयुधे** = भगवतीसँग युद्ध गर्न लाग्यो **रथनागहयैः** = रथ, हात्ती र घोडाहरूद्वारा, **वृताः** = घेरिएका, **अयुतशः** = दसौं हजार, **अन्ये** = अरु, **महासुराः च** = असुरहरू पनि, **संयुगे** = रणभूमिमा, **तत्र तत्र** = ती-ती मोर्चामा, **देव्या सह** = भगवती देवीसँग, **युयुधुः** = लडे ।

**भावार्थ-**

वाश्कल नामक दैत्य साठी लाख रथीहरूले र परिवारित नामक दैत्यचाहिँ एक करोड रथी र हात्ती, घोडा आदिमा सवार भएका हजारौं सैनिकहरूको दलले सहित भई युद्ध गर्न थाल्यो । बिडाल नाम गरेको दैत्य पाँच अरब रथीहरूले युक्त भई भगवतीसँग युद्ध गर्न थाल्यो । यसैगरी त्यो महायुद्धमा अरु हजारौं महादैत्यहरू रथ, हात्ती र घोडाको सेनाले युक्त भई भगवतीसँग आ-आफ्नो मोर्चाबाट लडाँइ गरिरहेका थिए ॥

**कोटिकोटिसहस्रैस्तु रथानां दन्तिनां तथा ॥४६॥**
**हयानां च वृतो युद्धे तत्राभून्महिषासुरः ।**
**तोमरैर्भिन्दिपालैश्च शक्तिभिर्मुसलैस्तथा ॥४७॥**
**युयुधुः संयुगे देव्या खड्गैः परशुपट्टिशैः ।**
**केचिच्च चिक्षिपुः शक्तीः केचित्पाशांस्तथापरे ॥४८॥**

**पदार्थ-**

**तत्र** = त्यहाँ, **रथानाम्** = रथीहरूले, **दन्तिनाम्** = हात्तीहरूले, **तथा** = तथा, **हयानाम्** = घोडाहरूले, **च** = पनि, **कोटिकोटिसहस्रैः तु** = कराडौं करोड हजारले, **वृतः** = घेरिएको, **महिषासुरः** = महिषासुर, **च** = पनि, **अभूत्** = थियो **तोमरैः** = तोमरहरू, **भिन्दिपालैः** = भिन्दिपाल, **शक्तिभिः** = शक्तिहरू, **मुसलैः** = मुसलहरू, **तथा** = तथा, **खड्गैः** = खड्गहरू, **परशुपट्टिशैः च** = बञ्चरो एवं पट्टिशहरूद्वारा, **देव्या** = भगवती देवीसँग, **संयुगे** = युद्धभूमिमा, **युयुधुः** = युद्ध गर्न लागे । **केचित् च** = कोही दैत्यहरू, **शक्तीः** = शक्ति, **चिक्षिपुः** = फ्याँक्न थाले । **तथा** = त्यसैगरी, **अपरे** = अरु, **केचित्** = कोही, **पाशान्** = पाश फ्याँक्न थाले ॥

**भावार्थ–**

ती भयानक असुरहरूले एकैसाथ भगवतीसँग युद्ध गर्न थाले। यसप्रकार महिषासुर करोडौँ रथ, हात्ती र घोडाहरूको सेनाले घेरिई युद्ध गरिरहेको थियो। ती दैत्यहरू देवीसामु तोमर, भिन्दिपाल, शक्ति, मुसल, खड्ग, बञ्चरो, पट्टिश आदि अनेकौँ शस्त्र-अस्त्रहरू प्रहार गरी युद्ध गरिरहेका थिए। उनीहरूमध्ये कसैले देवीमाथि आ-आफ्ना शक्ति अस्त्रको प्रहार गरिरहेका थिए भने कोहीचाहिँ देवीलाई बाँध्न पाश फ्याँकिरहेका थिए॥

**देवीं खड्गप्रहारैस्तु ते तां हन्तुं प्रचक्रमुः ।**
**सापि देवी ततस्तानि शस्त्राण्यस्त्राणि चण्डिका ॥४९॥**
**लीलयैव प्रचिच्छेद निजशस्त्रास्त्रवर्षिणी ।**
**अनायस्तानना देवी स्तूयमाना सुरर्षिभिः ॥५०॥**

**पदार्थ–**

**ते** = ती, **खड्गप्रहारैः तु** = खड्गप्रहारबाट पनि, **ताम्** = ती, **देवीम्** = देवीलाई, **हन्तुं** = मार्न, **प्रचक्रमुः** = उद्यत भए। **ततः** = त्यसपछि, **निजशस्त्रास्त्रवर्षिणी** = आफ्ना शस्त्र र अस्त्रहरू बर्साएकी, **सा** = तिनी, **चण्डिका** = चण्डिका, **देवी अपि** = भगवती, **तानि** = ती, **शस्त्राणि** = शस्त्रहरू, **अस्त्राणि** = अस्त्रहरूलाई, **लीलया एव** = आफ्नो लीलाद्वारा नै, **प्रचिच्छेद** = काटिदिनुभयो, **अनायस्तानना** = मुख विकृत नभएकी, **देवी** = भगवती, **सुरर्षिभिः** = देवता र ऋषिहरूले, **स्तूयमाना** = स्तुति गरिएकी हुनुहुन्थ्यो।

**भावार्थ–**

तिनीहरूले खड्ग प्रहार गरी देवीलाई मार्न खोजे। चण्डिका भगवतीले पनि अत्यन्त क्रोधित भई आफ्ना शस्त्र-अस्त्रको वर्षाले असुरहरूका ती सबै शस्त्र-अस्त्रहरूलाई ख्यालख्यालमै टुक्रा-टुक्रा पारिदिनुभयो। त्यो समयमा भगवतीको अनुहार अलिकति पनि थाकेको थिएन र देवता तथा ऋषिहरू उहाँको स्तुति गरिरहेका थिए॥

**मुमोचासुरदेहेषु शस्त्राण्यस्त्राणि चेश्वरी ।**
**सोऽपि क्रुद्धो धुतसटो देव्या वाहनकेसरी ॥५१॥**
**चचारासुरसैन्येषु वनेष्विव हुताशनः ।**

निःश्वासान् मुमुचे यांश्च युध्यमाना रणेऽम्बिका ॥५२॥
त एव सद्यः सम्भूता गणाः शतसहस्रशः ।
युयुधुस्ते परशुभिर्भिन्दिपालासिपट्टिशैः ॥५३॥
नाशयन्तोऽसुरगणान् देवीशक्त्युपबृंहिताः ।

**पदार्थ-**

**ईश्वरी** = अम्बिका, **असुरदेहेषु** = दैत्यका शरीरमा, **शस्त्राणि** = शस्त्रहरू, **अस्त्राणि च** = अस्त्रहरू पनि, **मुमोच** = बर्साउनुभयो । **क्रुद्धः** = अत्यन्त रिसाएको, **धुतसटः** = गर्दनको रौं (जगर) हल्लाइरहेको, **सः** = त्यो, **देव्याः** = देवीको, **वाहनकेसरी** = वाहन सिंह पनि, **वनेषु** = वनको, **हुताशनः इव** = डँडेलो सल्किएझैं, **असुरसैन्येषु** = दैत्यसेनामा, **चचार** = घुम्न लाग्यो । **रणे** = युद्धभूमिमा, **युद्धयमाना** = युद्ध गर्दै, **अम्बिका च** = भगवती देवी, **यान्** = जो, **निःश्वासान्** = आफ्ना सास, **मुमुचे** = त्याग्नुभयो, **सद्यः** = तत्कालै, **ते एव** = ती निःश्वास नै, **शतसहस्रशः** = सयौं हजार, **गणाः** = गणहरूको रूपमा, **सम्भूताः** = उत्पन्न भए । **देवीशक्त्युपबृंहिताः** = देवीको सामर्थ्यबाट बढेका, **ते** = ती गणहरू, **असुरगणान्** = दैत्यसमूहलाई, **नाशयन्तः** = नाश गर्दै, **परशुभिः** = बञ्चरोहरूद्वारा, **भिन्दिपालासिपट्टिशैः** = भिन्दिपाल, खड्ग र पट्टिशहरूद्वारा, **युयुधुः** = युद्ध गर्न लागे ।

**भावार्थ-**

सर्वेश्वरी भगवतीले असुरहरूमाथि शस्त्र-अस्त्रको वर्षा सुरु गर्नुभयो । त्यससँगसँगै अत्यन्त क्रोधित भएको भगवतीको वाहन सिंह पनि जगर हल्लाउँदै वनमा डढेंलो सल्किएझैं असुरसैन्यमाथि जाइलाग्यो । युद्धको समयमा जगदम्बिका भगवतीले छोडेका हरेक निश्वासपिच्छे उहाँका हजारौं गणहरू उत्पन्न भए र भगवतीको शक्तिबाट संवर्द्धित भएका तिनीहरूले असुरसैन्यलाई विनष्ट गर्दै बञ्चरो, भिन्दिपाल, खड्ग र पट्टिश आदि अस्त्रद्वारा युद्ध गर्न लागे ॥

अवादयन्त पटहान् गणाः शङ्खाँस्तथापरे ॥५४॥
मृदङ्गाँश्च तथैवान्ये तस्मिन् युद्धमहोत्सवे ।
ततो देवी त्रिशूलेन गदया शक्तिवृष्टिभिः ॥५५॥
खड्गादिभिश्च शतशो निजघान महासुरान् ।

**पातयामास चैवान्यान् घण्टास्वनविमोहितान् ॥५६॥**

**पदार्थ–**

**तस्मिन्** = त्यो, **युद्धमहोत्सवे** = युद्धमहोत्सवमा, **गणाः** = देवीगणहरूले, **पटहान्** = ढोलहरू, **अवादयन्तः** = बजाए, **तथा** = त्यस्तै, **अपरे** = अरु, **शङ्खान्** = शङ्खहरू, **तथा एव** = त्यस्तै, **अन्ये च** = अरु, **मृदङ्गान्** = मादल बजाउन थाले । **ततः** = त्यसपछि, **देवी** = भगवती, **त्रिशूलेन** = त्रिशूलद्वारा, **गदया** = गदाद्वारा, **शक्तिवृष्टिभिः** = शक्तिको वर्षद्वारा, **खड्गादिभिः च** = खड्गहरूद्वारा पनि, **शतशः** = सयौं, , **महासुरान्** = महादैत्यहरूलाई, **निजघान** = मार्नुभयो । **घण्टास्वनविमोहितान्** = घण्टको आवाजले अचेत भएका, **अन्यान्** = अरु दैत्यहरूलाई पनि, **एव** = नै, **पातयामास एव** = लडाइदिनुभयो ।

**भावार्थ–**

ती सबै गणहरूले नगरा, शङ्ख तथा मृदङ्ग आदि बाजा बजाएर युद्धमहोत्सव मनाए। देवीले पनि त्रिशूल, गदा र शक्ति आदि अस्त्रहरूको वर्षा गरी एवं खड्ग आदिको प्रहारबाटसमेत हजारौं भयानक असुरहरूलाई मार्नुभयो र अरु धेरै दैत्यहरूलाई केवल भयङ्कर घण्टानादबाट नै मूर्च्छित गराई ढालिदिनुभयो ॥

**असुरान् भुवि पाशेन बद्ध्वा चान्यानकर्षयत् ।**
**केचिद् द्विधा कृतास्तीक्ष्णैः खड्गपातैस्तथापरे ॥५७॥**

**पदार्थ–**

**अन्यान् असुरान् च** = अरु असुरहरूलाई पनि, **पाशेन** = पाशले, **बद्ध्वा** = बाँधेर, **भुवि** = भुइँमा, **अकर्षयत्** = घिसार्नुभयो, **तथा** = त्यसैगरी, **अपरे** = अरु, **केचित्** = कोहीचाहिँ, **तीक्ष्णैः** तीक्ष्ण, **खड्गपातैः** = खड्गप्रहार द्वारा, **द्विधा** = दुई टुक्रा, **कृताः** = बने ।

**भावार्थ–**

उहाँले केही दैत्यहरूलाई पाशले बाँधी भुईंमा घिसार्नुभयो र धेरै दैत्यहरू त उहाँको तीक्ष्ण खड्ग प्रहारबाट टुक्रा-टुक्रा भए ॥

**विपोथिता निपातेन गदया भुवि शेरते ।**
**वेमुश्च केचिद्रुधिरं मुसलेन भृशं हताः ॥५८॥**
**केचिन्निपतिता भूमौ भिन्नाः शूलेन वक्षसि ।**

**निरन्तराः शरौघेण कृताः केचिद्रणाजिरे ॥५९॥**
**श्येनानुकारिणः प्राणान् मुमुचुस्त्रिदशार्दनाः ।**

**पदार्थ-**

**गदया** = गदाको, **निपातेन** = प्रहारले, **विपोथिताः** = थाङथिलो भएका कोही, **भुवि** = पृथिवीमा, **शेरते** = सुते । **मुसलेन** = देवीको मुसल प्रहारले, **भृशं** = अत्यन्त, **हताः** = आहत भएका, **केचित्** = कसैले, **रुधिरं** = रगत, **वेमुः** = छादे, **च** = पनि, **केचित्** = कोही, **शूलेन** = भगवती देवीको शूलद्वारा, **वक्षसि** = छातीमा, **भिन्नाः** = घोचिएर, **भूमौ** = भुईंमा, **निपतिताः** = पछारिए **शरौघेण** = बाणवृष्टिद्वारा, **निरन्तराः** = अन्तरहीन, **कृताः** = गरिएको, **केचित्** = कोही, **श्येनानुकारिणः** = बाजले जसरी झम्टिने, **त्रिदशार्दनाः** = देवपीडक दैत्यहरू, **रणाजिरे** = रणभूमिमा, **प्राणान्** = प्राण, **मुमुचुः** = छोडे ।

**भावार्थ-**

भगवतीको गदा प्रहारबाट घायल भएका धेरै दैत्य सधैँका लागि भुईंमै सुते । कोहीचाहिँ मुसल प्रहारका कारण रगत वमन गर्न थाले । त्रिशूलबाट वक्षस्थल विदीर्ण भएका कुनै दैत्य भुईंमा खसे र अरु कतिपय दैत्यहरू चाहिँ निरन्तरका बाणवर्षाबाट शरीरमा घाउ लाग्ने ठाउँ नै नरही पछारिए । वाजपक्षी समान झम्टिई देवताहरूलाई पीडा दिने दैत्यहरू यसैगरी प्राणहीन हुँदै गए ॥

**केषाञ्चिद् बाहवश्छिन्नाश्छिन्नग्रीवास्तथापरे ॥६०॥**
**शिरांसि पेतुरन्येषामन्ये मध्ये विदारिताः ।**
**विच्छिन्नजङ्घास्त्वपरे पेतुरुर्व्यां महासुराः ॥६१॥**

**पदार्थ-**

**केषाञ्चिद्** = केही राक्षसहरूका, **बाहवः** = हातहरू, **छिन्नाः** = काटिए, **तथा** = त्यस्तै, **अपरे** = अरु दैत्यहरू, **छिन्नग्रीवाः** = घाँटी काटिएका, **अन्येषां** = कोही दैत्यका, **शिरांसि** = टाउकाहरू, **पेतुः** = खसे । **अन्ये** = अरु, **मध्ये** = बीचमा, **विदारिताः** = विदीर्ण भए । **अपरे** = अरु **महासुराः तु** = महासुरहरू त, **विच्छिन्नजङ्घाः** = तिघ्रा कटिएर, **उर्व्यां** = पृथिवीमा, **पेतुः** = लडे ॥

**भावार्थ-**

तिनीहरूमध्ये कसैका हातहरू काटिए, कसैका गर्दन छिनिए, कसैका

शिरहरू काटिएर झरे भने अन्य कतिपय दैत्यहरूको शरीर बीचमै विदीर्ण भयो । अरु केही दैत्यहरूचाहिँ तिघ्रा काटिएकाले पृथिवीमा ढले ॥

**एकबाह्वक्षिचरणाः केचिद्देव्या द्विधा कृताः ।**
**छिन्नेऽपि चान्ये शिरसि पतिताः पुनरुत्थिताः ॥६२॥**
**कबन्धा युयुधुर्देव्या गृहीतपरमायुधाः ।**
**ननृतुश्चापरे तत्र युद्धे तूर्यलयाश्रिताः ॥६३॥**

**पदार्थ–**

**केचित्** = कोही, **देव्या** = भगवती देवीद्वारा, **एकबाह्वक्षिचरणाः** = एक हात, एक आँखा र एक खुट्टा भएका, **द्विधा** = दुई टुक्रा, **कृताः** = गरिएका, **अन्ये च** = अरु, **शिरसि** = शिर, **छिन्ने** = छिनेर , **पतिताः अपि** = भुइँमा लडे तापनि, **पुनः** = फेरि, **उत्थिताः** = उठेका, **कबन्धाः** = धडहरू, **गृहीतपर मायुधाः** = उत्कृष्ट शस्त्रास्त्र लिई, **देव्या** = भगवती देवीसँग, **युयुधुः** = युद्ध गर्न थाले । **तत्र** = त्यहाँ, **युद्धे** = युद्धमा, **अपरे च** = अरु, **तूर्यलयाश्रिताः** = बाजाहरूको लयमा आश्रित भएर, **ननृतुः** = नाच्न थाले ।

**भावार्थ–**

कतिपय दैत्यहरूलाई भगवतीले बीचबाट चिरेर एक हात, आँखा र खुट्टा भएको दुई फ्याक बनाइदिनुभयो । कोही असुरहरू शिर काटिइसक्दा पनि फेरि उठेर केवल धडले मात्रै भयानक अस्त्रहरू हातमा लिई युद्ध गर्थे भने कोहीचाहिँ बाजाहरूको तालमा नाच्थे ॥

**कबन्धाश्छिन्नशिरसः खड्गशक्त्यृष्टिपाणयः ।**
**तिष्ठ तिष्ठेति भाषन्तो देवीमन्ये महासुराः ॥६४॥**

**पदार्थ–**

**खड्गशक्त्यृष्टिपाणयः** = खड्ग, शक्ति र ऋष्टि लिएका, **छिन्नशिरसः** = शिर काटिएका, **कबन्धाः** = गींडहरू, **अन्ये महासुराः** = अरु ठूला दैत्यहरू, **देवीम्** = भगवती देवीलाई, **तिष्ठ तिष्ठ** = पख पख, **इति भाषन्तः** = यसो भन्दैथिए।

**भावार्थ–**

शिर काटिएका कतिपय धडहरू खड्ग, शक्ति र ऋष्टि हातमा लिई युद्ध गर्न दौडिन्थे भने अन्य कतिपय महादैत्यहरू भगवतीलाई पख्! पख्! भन्दै ललकार गर्थे॥

**पातितै रथनागाश्वैरसुरैश्च वसुन्धरा ।**
**अगम्या साभवत्तत्र यत्राभूत्स महारणः ॥६५॥**

**पदार्थ–**

**यत्र** = जहाँ, **सः** = त्यो, **महारणः** = महासंग्राम, **अभूत्** = भएको थियो, **तत्र** = त्यहाँ, **पातितैः** = युद्धमा मारिएका, **रथनागाश्वैः** = रथ, हात्ती र घोडा, **असुरैःच** = असुरहरूद्वारा, **सा** = ती, **वसुन्धरा** = पृथिवी, **अगम्या** = जान नसकिने, **अभवत्** = भयो ।

**भावार्थ–**

जहाँ त्यो महायुद्ध भइरहेको थियो, त्यो रणभूमि भगवतीद्वारा मारिएका अनेकौं असुर एवं अनेक रथ, हात्ती, घोडा आदिबाट भरिनाले हिँडडुल गर्न नसकिने भएको थियो ॥

**शोणितौघा महानद्यः सद्यस्तत्र प्रसुस्रुवुः ।**
**मध्ये चासुरसैन्यस्य वारणासुरवाजिनाम् ॥६६॥**

**पदार्थ–**

**तत्र** = त्यहाँ, **असुरसैन्यस्य** = असुरसेनाहरूको, **मध्ये च** = बीचमा, **सद्यः** = त्यसै समय, **वारणासुरवाजिनाम्** = हात्ती, असुर एवं घोडाहरूको, **शोणितौघाः** = रगत भरिएका, **महानद्यः** = ठूला नदीहरू, **प्रसुस्रुवुः** = बग्न थाले ॥

**भावार्थ–**

दैत्यहरूको सेनामा अनेक हात्ती, घोडा र असुरहरूबाट निक्लेको र गतको धाराले अनेकौं रक्तनदीहरू बग्न थाले ॥

**क्षणेन तन्महासैन्यमसुराणां तथाम्बिका ।**
**निन्ये क्षयं यथा वह्निस्तृणदारुमहाचयम् ॥६७॥**

**पदार्थ–**

**यथा** = जसरी, **वह्निः** = आगोले, **तृणदारुमहाचयम्** = घाँस र दाउराको थुप्रोलाई डढाउँछ, **तथा** = त्यसैगरी, **अम्बिका** = अम्बिकाले, **क्षणेन** = क्षणभर मा नै, **असुराणां** = दैत्यहरूको, **तत् महासैन्यम्** = त्यो ठूलो सेनासमूहलाई, **क्षयम्** = नाश, **निन्ये** = गर्नुभयो ।

**भावार्थ–**

जसरी आगोले घाँस र काठको ठूलो चाङलाई पनि एकैछिनमा भस्म

गराइदिन्छ, त्यसैगरी जगदम्बा भगवतीले पनि असुरहरूको त्यो महासैन्यलाई केही क्षणमा नै नष्ट गरिदिनुभयो ॥

**स च सिंहो महानादमुत्सृजन्धुतकेसरः ।**
**शरीरेभ्योऽमरारीणामसूनिव विचिन्वति ॥६८॥**

**पदार्थ–**

**धुतकेसरः** = गर्दनको रौं हल्लाउँदै, **सः** = त्यो, **सिंहः च** = भगवती देवीको वाहन सिंहले, **नादं** = गर्जन, **उत्सृजन्** = निकाल्दै, **अमरारीणाम्** = देवताका शत्रु दैत्यहरूको, **शरीरेभ्यः** = शरीरबाट, **असून्** = प्राणहरूलाई , **विचिन्वति इव** = खोज्न थाल्यो ॥

**भावार्थ–**

सिंहले पनि आफ्नो गर्दनको रौं हल्लाउँदै भयङ्कर गर्जना गरेर दैत्यहरूको शरीरबाट बँचे-खुचेको प्राणलाई पनि तानेझैं गर्दथ्यो ॥

**देव्या गणैश्च तैस्तत्र कृतं युद्धं महासुरैः ।**
**यथैषां तुतुषुर्देवाः पुष्पवृष्टिमुचो दिवि ॥६९॥**

**पदार्थ–**

**यथा** = जसरी, **एषां** = यिनीहरूमाथि, **दिवि** = आकाशमा, **पुष्पवृष्टिमुचः** = पुष्प बर्साइरहेका, **देवाः** = देवताहरू, **तुतुषुः** = प्रसन्न हुन्, **तत्र** = त्यो युद्धभूमिमा, **तैः** = ती, **देव्याः** = देवीको, **गणैः** = गणहरूद्वारा, महासुरैः च = महासुरहरूसँग, **युद्धं** = युद्ध, **कृतम्** = गरियो ।

**भावार्थ–**

देवीको निःश्वासबाट उत्पन्न भएका अनेक गणहरूले महादैत्यहरूसँग भयानक युद्ध गरे र यसबाट प्रसन्न भएका देवताहरूले उनीहरूमाथि आकाशबाट पुष्पवृष्टि गर्न थाले ॥

॥ इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे
देवीमाहात्म्ये महिषासुरसैन्यवधो नाम द्वितीयोऽध्यायः ॥
उवाच १, श्लोकाः ६८, एवम् ६९ ॥ एवमादितः १७३॥

# अथ तृतीयोऽध्यायः

## महिषासुर वध

*ध्यानम्*

**ॐ उद्यद्भानुसहस्रकान्तिमरुणक्षौमां शिरोमालिकां**
**रक्तालिप्तपयोधरां जपवटीं विद्यामभीतिं वरम् ।**
**हस्ताब्जैर्दधतीं त्रिनेत्रविलसद्वक्त्रारविन्दश्रियं**
**देवीं बद्धहिमांशुरत्नमुकुटां वन्देऽरविन्दस्थिताम्॥**

**पदार्थ–**

**उद्यद्भानुसहस्रकान्तिम्** = हजारौं उदाउँदा सूर्यसमान कान्ति हुनुभएकी, **अरुणक्षौमाम्** = रातो वर्णको रेशमी वस्त्र धारण गर्नुभएकी, **शिरोमालिकाम्** = मुण्डमालाधारिणी, **रक्तालिप्तपयोधराम्** = दुबै स्तनमा रक्तचन्दन लगाउनुभएकी, **हस्ताब्जैः** = करकमलहरूद्वारा, **जपवटीम्** = जपमालिका, **विद्याम्** = विद्या, **अभीतिम्** = अभय, **वरम्** = वर यी मुद्राहरू, **दधतीम्** = धारण गरिरहनुएकी, **त्रिनेत्रविलसद्वक्त्रारविन्दश्रियम्** = तीन नेत्रद्वारा मुखकमल सुशोभित हुनुभएकी, **बद्धहिमांशुरत्नमुकुटाम्** = रत्नमय मुकुटमा चन्द्रमालाई पनि धारण गर्नुहुने, **अरविन्दस्थिताम्** = कमलमाथि आसीन, **देवीम्** = भगवतीलाई, **वन्दे** = प्रणाम गर्दछु ।

**भावार्थ–**

म सम्पूर्ण अङ्ग-प्रत्यङ्गको कान्ति उदयकालीन सूर्यसमान अरुण वर्णकी भएकी मस्तकमा रत्नमय मुकुट र चन्द्रमा धारण गर्ने, कमलको आसनमा विराजमान जगदम्बा भगवतीको वन्दना गर्दछु । शरीरमा रातो रेशमी सारी, गलामा मुण्डमाला र दुवै स्तनमा रक्तचन्दनको लेप लगाउनुभएकी उहाँले आफ्ना हातहरूमा जपमाला, विद्या, अभय तथा वरमुद्रा धारण गर्नुभएको छ । तीन नेत्रले युक्त उहाँको मुखारविन्द अत्यन्त उज्ज्वल देखिन्छ ।

*ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**निहन्यमानं तत्सैन्यमवलोक्य महासुरः ।**
**सेनानीश्चिक्षुरः कोपाद्ययौ योद्धुमथाम्बिकाम् ॥२॥**

**पदार्थ–**

**महासुरः** = महादैत्य, **सेनानीः** = महिषासुर सेनापति, **चिक्षुरः** = चिक्षुर नामक दैत्य, **तत्** = त्यो, **सैन्यम्** = महिषासुरसेनालाई, **निहन्यमानं** = मारिँदै गरेको, **अवलोक्य** = देखेर, **कोपात्** = रिसाएर, **अम्बिकां** = भगवती देवीलाई, **योद्धुं** = युद्ध गर्न, **ययौ** = गयो ॥

**भावार्थ–**

आफ्नो सेनालाई तहसनहस भएको देखेर महिषासुरको सेनापति चिक्षुर नामको महादैत्य अत्यन्त रिसाई भगवतीसँग युद्ध गर्न अघि बढ्यो ॥

**स देवीं शरवर्षेण ववर्ष समरेऽसुरः ।**
**यथा मेरुगिरेः शृङ्गं तोयवर्षेण तोयदः ॥३॥**

**पदार्थ–**

**सः** = चिक्षुर नाम गरेको, **असुरः** = दैत्य, **समरे** = युद्धमा, **शरवर्षेण** = बाणवृष्टिद्वारा, **देवीम्** = भगवती देवीमाथि, **यथा** = जसरी, **मेरुगिरेः** = सुमेरु पर्वतको, **शृङ्गं** = शिखरमा, **तोयदः** = मेघले, **तोयवर्षेण** = पानीको वृष्टिले झैँ, **ववर्ष** = वर्षायो ॥

**भावार्थ–**

बादलले मेरु पर्वतमाथि पानीको धारा बर्साएझैँ उसले भगवतीमाथि बाणको वर्षा गऱ्यो ॥

**तस्यच्छित्त्वा ततो देवी लीलयैव शरोत्करान् ।**
**जघान तुरगान् बाणैर्यन्तारं चैव वाजिनाम् ॥४॥**

**पदार्थ–**

**ततः एव** = त्यसपछि, **देवी** = भगवती देवीले, **लीलया एव** = ख्याल ख्यालमै, **तस्य** = त्यो राक्षसको, **शरोत्करान्** = बाणको समूहहरूलाई, **छित्त्वा** = काटेर, **तुरगान्** = घोडाहरूलाई, **वाजिनाम्** = घोडाहरूको, **यन्तारं च**= सारथिलाई समेत, **जघान** = मारिदिनुभयो ॥

**भावार्थ–**

भगवतीले आफ्नो बाणले उसका सबै बाणहरूलाई काटिदिनुभयो र उसको रथको सारथी र घोडाहरूलाई पनि मारिदिनुभयो ॥

**चिच्छेद च धनुः सद्यो ध्वजं चातिसमुच्छ्रितम् ।**
**विव्याध चैव गात्रेषु छिन्नधन्वानमाशुगैः ॥५॥**

**पदार्थ–**

**सद्यः** = त्यसै समय, **आशुगैः** = बाणहरूद्वारा, **धनुः** = धनु र, **अतिसमुच्छ्रितम्** = अत्यन्त अग्लो, **ध्वजम्** = ध्वजा, **च** = पनि, **चिच्छेद** = काटिदिनुभयो । **छिन्नधन्वानम्** = धनु काटिएको दैत्यलाई, **च एव** = पनि, **गात्रेषु** = शरीरमा, **विव्याध** = हान्नुभयो ॥

**भावार्थ–**

यसपछि भगवतीले उसको धनु काटी उसको उँचो ध्वजालाई पनि आफ्ना बाणद्वारा टुक्राइदिनुभयो र दैत्यको शरीरमाथि बाण प्रहार गर्न थाल्नुभयो ॥

**सच्छिन्नधन्वा विरथो हताश्वो हतसारथिः ।**
**अभ्यधावत तां देवीं खड्गचर्मधरोऽसुरः ॥६॥**
**सिंहमाहत्य खड्गेन तीक्ष्णधारेण मूर्धनि ।**
**आजघान भुजे सव्ये देवीमप्यतिवेगवान् ॥७॥**

**पदार्थ–**

**छिन्नधन्वा** = धनु काटिएको, **विरथः** = रथ गुमाएको, **हताश्वः** = घोडा मरेको, **हतसारथिः** = सारथि गुमाएको, **खड्गचर्मधरः** = ढाल र तर बार लिएको, **सः** = त्यो, **असुरः** = दैत्य, **तां** = ती, **देवीम्** = देवी भएतिर, **अभ्यधावत** = दौडियो । **अतिवेगवान्** = अत्यन्त वेगले युक्त भएको दैत्य, **तीक्ष्णधारेण** = तीखो धार भएको, **खड्गेन** = खड्गले, **सिंहं** = सिंहको, **मूर्धनि** = टाउकोमा, **आहत्य** = हानेर, **सव्ये** = देब्रे, **भुजे** = हातमा, **देवीम् अपि** = देवीलाई पनि, **आजघान** = हान्यो ॥

**भावार्थ–**

धनुष छिनेको, रथ, सारथी र घोडा सबैले विहीन भएको त्यो असुर हातमा खड्ग र ढाल लिई देवीलाई मार्न दौडियो । उसले तीखो धार भएको खड्गद्वारा सिंहको शिरमा हान्यो र भगवतीको देब्रे हातमा पनि प्रहार गऱ्यो ॥

**तस्याः खड्गो भुजं प्राप्य पफाल नृपनन्दन ।**
**ततो जग्राह शूलं स कोपादरुणलोचनः ॥८॥**

**पदार्थ–**

**नृपनन्दन** = हे राजन्, **तस्याः** = ती देवीको, **भुजं प्राप्य** = हातमा पुगेर, **खड्गः** = खडग, **पफाल** = खस्यो । **ततः** = त्यसपछि, **कोपात्** = रिसका कारण, **अरुणलोचनः** = रातारातो आँखा भएको, **सः** = दैत्यले, **शूलम्** = शूल, **जग्राह** = लियो ॥

**भावार्थ–**

भगवतीको हात नजिकै पुग्नेवित्तिकै उसको खड्ग टुक्रा-टुक्रा भयो, त्यसपछि रीसले आँखा रातो पारी त्यो दैत्यले हातमा त्रिशूल उठायो ॥

**चिक्षेप च ततस्तत्तु भद्रकाल्यां महासुरः ।**
**जाज्वल्यमानं तेजोभी रविबिम्बमिवाम्बरात् ॥९॥**

**पदार्थ–**

**ततः तु** = त्यसपछि, **महासुरः** = महादैत्य चिक्षुरले त, **तेजोभिः** = प्रकाशद्वारा, **अम्बरात्** = आकाशबाट, **रविबिम्बमिव** = सूर्यमण्डलझैं, **जाज्वल्यमानम्** = अत्यन्त उज्ज्वल, **तत्** = त्यो शूल, **च** = पनि, **भद्रकाल्यां** = भगवती देवीमाथि, **चिक्षेप** =फ्याँक्यो ॥

**भावार्थ–**

त्यो महादैत्यले आकाशबाट शरिरहेको सूर्यमण्डल समानको अत्यन्त तेजिलो त्यो त्रिशूल भगवती भद्रकालीमाथि चलायो ॥

**दृष्ट्वा तदापतच्छूलं देवी शूलममुञ्चत ।**
**तच्छूलं शतधा तेन नीतं स च महासुरः ॥१०॥**

**पदार्थ–**

**तत्** = त्यो, **आपतत्** = आउँदै गरेको,**शूलं** = शूललाई, **दृष्ट्वा** = देखेर, **देवी** = भगवती देवीले, **तदा** = त्यसै समय, **शूलम्** = आफ्नो शूल, **अमुञ्चत** = फ्याँक्नुभयो, **तेन** = भगवतीको शूलद्वारा, **तत्** = त्यो, **शूलं** = दैत्यले फ्याँकेको शूल, **शतधा** = सय टुक्रा, **नीतम्** = भयो, **सः** = त्यो, **महासुरः** = महादैत्य चिक्षुर, **च** = पनि टुक्रा-टुक्रा भयो ॥

**भावार्थ–**

भगवतीले आफूतिर त्रिशूल आइरहेको देखी त्यसलाई आफ्नो

त्रिशूलको प्रहारले सयौँ टुक्रा बनाइदिनुभयो र त्यसैबाट त्यो महादैत्यको पनि प्राणको अन्त्य भयो ॥

**हते तस्मिन्महावीर्ये महिषस्य चमूपतौ ।**
**आजगाम गजारूढश्चामरस्त्रिदशार्दनः ॥११॥**

**पदार्थ–**

**महावीर्ये** = अत्यन्त पराक्रमी, **महिषस्य** = महिषासुरको, **चमूपतौ** = सेनापति, **तस्मिन्** = त्यो, **हते** = मरिसकेपछि, **त्रिदशार्दनः** = देवपीडक, **गजारूढः** = हात्तीमाथि चढेको, **चामरः** = चामर नाम गरेको दैत्य, **आजगाम** = आयो ॥

**भावार्थ–**

महाबलशाली चिक्षुर दैत्य मारिएपछि देवताहरूलाई अत्यन्त पीडा दिने चामर नामको दैत्य हात्तीमाथि चढी भगवतीको नजिक आयो ॥

**सोऽपि शक्तिं मुमोचाथ देव्यास्तामम्बिका द्रुतम् ।**
**हुङ्काराभिहतां भूमौ पातयामास निष्प्रभाम् ॥१२॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **सः अपि** = त्यो चामरले पनि, **देव्याः** = भगवती माथि, **शक्तिं** = शक्तिनामक अस्त्र, **मुमोच** = हान्यो, **अम्बिका** = जगन्माता, **द्रुतम्** = शीघ्र, **हुङ्काराभिहतां** = हुङ्कारले, **तां** = त्यो शक्तिलाई, **निष्प्रभाम्** = कान्तिरहित बनाएर, **भूमौ** = पृथिवीमा, **पातयामास** = खसालिदिनुभयो ॥

**भावार्थ–**

त्यसपछि उसले भगवतीमाथि शक्तिको प्रहार गऱ्यो र जगदम्बाले पनि तत्काल नै आफ्नो हुङ्कारद्वारा उसको शक्तिलाई तेजहीन बनाई भुइँमा खसालिदिनुभयो ॥

**भग्नां शक्तिं निपतितां दृष्ट्वा क्रोधसमन्वितः ।**
**चिक्षेप चामरः शूलं बाणैस्तदपि साच्छिनत् ॥१३॥**

**पदार्थ–**

**भग्नां** = चूर्ण भएको, **निपतितां** = खसेको, **शक्तिं** = शक्तिनामक अस्त्रलाई, **दृष्ट्वा** = देखेर, **क्रोधसमन्वितः** = क्रोधले युक्त भएको, **चामरः** =

चामरनामक दैत्य, **शूलम्** = शूल, **चिक्षेप** = छोड्यो, **सा** = भगवती देवीले, **तत् अपि** = त्यो शूललाई पनि, **बाणैः** = बाणहरूद्वारा, **अच्छिनत्** = काटिदिनुभयो ॥

**भावार्थ–**

आफ्नो शक्ति विदीर्ण भई भुइँमा खसेको देखेर अत्यन्त रिसाएको चामरले देवीमाथि त्रिशूल प्रहार गऱ्यो, त्यसलाई पनि भगवतीले आफ्नो बाणद्वारा छिनाइदिनुभयो ॥

**ततः सिंहः समुत्पत्य गजकुम्भान्तरे स्थितः ।**
**बाहुयुद्धेन युयुधे तेनोच्चैस्त्रिदशारिणा ॥१४॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **सिंहः** = देवीवाहन सिंह, **उच्चैः** = वेगसँग, **समुत्पत्य** = उफ्रिएर, **गजकुम्भान्तरे** = हात्तीको टाउकोमा चढेर, **स्थितः** = बस्यो । **तेन** = त्यो, **त्रिदशारिणा** = देवपीडक दानव चामरसँग, **बाहुयुद्धेन** = बाहुयुद्धद्वारा, **युयुधे** = युद्ध गर्न लाग्यो ॥

**भावार्थ–**

त्यसपछि भगवतीको वाहन सिंह उफ्रेर चामर चढेको हात्तीमाथि पुग्यो र त्यो असुरसँग घोर बाहुयुद्ध गर्न थाल्यो ॥

**युद्ध्यमानौ ततस्तौ तु तस्मान्नागान्महीं गतौ ।**
**युयुधातेऽतिसंरब्धौ प्रहारैरतिदारुणैः ॥१५॥**

**पदार्थ–**

**ततः तु** = त्यसपछि, **तौ** = ती दुई, **युद्ध्यमानौ** = युद्ध गरिरहेका सिंह र चामर, **तस्मात्** = त्यो, **नागात्** = हात्तीबाट, **महीं** = पृथिवीमा, **गतौ** = ओर्लिए । **अतिसंरब्धौ** = अत्यन्त क्रोधित भएका, **अतिदारुणैः** = अत्यन्त भीषण, **प्रहारैः** = प्रहारहरूद्वारा, **युयुधाते** = युद्ध गर्न लागे ॥

**भावार्थ–**

युद्ध गर्दागर्दै सिंह र चामर यी दुवै हात्तीबाट भुइँमा ओर्ले र अत्यन्त क्रोधित भई एक आपसमा भयानक प्रहारका साथ लड्न थाले ॥

**ततो वेगात् खमुत्पत्य निपत्य च मृगारिणा ।**
**करप्रहारेण शिरश्चामरस्य पृथक्कृतम् ॥१६॥**

**पदार्थ-**

**ततः** = त्यसपछि, **वेगात्** = वेगले, **खं** = आकाशमा, **उत्पत्य** = उफ्रिएर, **निपत्य च** = फेरि झरेर, **मृगारिणा** = देवीवाहन सिंहले, **करप्रहारेण** = पञ्जाको प्रहारले, **चामरस्य** = चामरनामक दैत्यको, **शिरः** = टाउको, **पृथक्कृतम्** = छुट्टै गरिदियो ॥

**भावार्थ-**

त्यसपछि देवीको वाहन सिंह वेगपूर्वक आकाशमा उफ्रियो र झम्टेर उसले आफ्नो नङ्ग्राको प्रहारले चामरको शिर छिनाइदियो ॥

**उदग्रश्च रणे देव्या शिलावृक्षादिभिर्हतः ।**
**दन्तमुष्टितलैश्चैव करालश्च निपातितः ॥१७॥**

**पदार्थ-**

**रणे** = युद्धमा, **देव्या** = भगवतीद्वारा, **शिलावृक्षादिभिः** = ढुङ्गा, रुख आदिद्वारा, **उदग्रः च** = उदग्रनामक दैत्य पनि, **हतः** = मारियो । **करालः** = करालनामक दैत्य पनि, **दन्तमुष्टितलैः च** = दाँत, मुड्की, थप्पडप्रहारले, **च एव** =नै, **निपातितः** = ढालियो ॥

**भावार्थ-**

भगवतीले उदग्र नामको दैत्यलाई युद्धभूमिमा ढुङ्गा, रुख आदिको प्रहारबाट मारिदिनुभयो र कराल नामक दैत्यलाई पनि दाँत, मुक्का र झापडको प्रहारबाट मारिदिनुभयो ॥

**देवी क्रुद्धा गदापातैश्चूर्णयामास चोद्धतम् ।**
**वाष्कलं भिन्दिपालेन बाणैस्ताम्रं तथान्धकम् ॥१८॥**

**पदार्थ-**

**क्रुद्धा** = रिसाएकी, **देवी** = भगवती देवीले, **गदापातैः** = गदाको प्रहार द्वारा, **उद्धतं च** = उद्धतनामक दैत्यलाई पनि, **तथा** = त्यस्तै, **भिन्दिपालेन** = भिन्दिपाल अस्त्रद्वारा, **वाष्कलम्** = वाष्कलनामक दैत्यलाई, **बाणैः** = बाणहरूद्वारा, **ताम्रं** = ताम्रनामक दैत्यलाई र **अन्धकं** = अन्धकनामक दैत्यलाई पनि, **चूर्णयामास** = धूलो पार्नुभयो ॥

**भावार्थ–**

रिसाउनुभएकी देवीले गदाको प्रहारद्वारा उद्धत नामक दैत्यलाई चूर्ण-चूर्ण गरिदिनुभयो । भिन्दिपालद्वारा वाष्कललाई अनि बाण प्रहारद्वारा ताम्र र अन्धकलाई धराशायी गरिदिनुभयो ॥

**उग्रास्यमुग्रवीर्यं च तथैव च महाहनुम् ।**
**त्रिनेत्रा च त्रिशूलेन जघान परमेश्वरी ॥१९॥**

**पदार्थ–**

**तथा एव** = त्यसैगरी, **उग्रास्यं** = उग्रास्यनामक दैत्य, **च** = फेरि, **उग्रवीर्यं** = उग्रवीर्यनामक असुरलाई, **महाहनुं च** = महाहनुनामक दैत्यलाई, **त्रिनेत्रा** = तीन आँखा भएकी, **परमेश्वरी** = भगवती देवीले, **त्रिशूलेन च** = आफ्नो त्रिशूलद्वारा, **जघान** = मार्नुभयो ॥

**भावार्थ–**

तीन नेत्र हुनुभएकी परमेश्वरी भगवतीले आफ्नो त्रिशूलद्वारा उग्रास्य, उग्रवीर्य र महाहनु नामका दैत्यहरूलाई मारिदिनुभयो ॥

**विडालस्यासिना कायात्पातयामास वै शिरः ।**
**दुर्धरं दुर्मुखं चोभौ शरैर्निन्ये यमक्षयम् ॥२०॥**

**पदार्थ–**

**बिडालस्य** = बिडालनामक दैत्यको, **शिरः** = टाउको, **कायात्** = शरीरबाट, **वै** = निश्चय नै, **असिना** = खड्गद्वारा, **पातयामास** = खसाल्नुभयो, **दुर्धरं** = दुर्धर नामक, **दुर्मुखं च** = दुर्मुखनामक, **उभौ** = दुबै दैत्यलाई, **शरैः** = आफ्ना बाणहरूद्वारा, **यमक्षयम्** = यमलोक, **निन्ये** = पुऱ्याइदिनुभयो ॥

**भावार्थ–**

उहाँले तरबारद्वारा विडाल नामक दैत्यको शरीरबाट शिर छुट्याइदिनुभयो र बाणवर्षाद्वारा दुर्धर र दुर्मुख यी दुवै दैत्यलाई यमलोक पठाइदिनुभयो ॥

**एवं संक्षीयमाणे तु स्वसैन्ये महिषासुरः ।**
**माहिषेण स्वरूपेण त्रासयामास तान् गणान् ॥२१॥**

**पदार्थ–**

**एवं** = यसप्रकार, **स्वसैन्ये** = आफ्ना सेना, **संक्षीयमाणे तु** = क्षीण भइसकेपछि, **महिषासुरः** = दानवराज महिषासुर, **माहिषेण** = राँगाको, **स्वरूपेण** = स्वरूपले, **तान्** = ती देवीको श्वासबाट उत्पन्न भएका, **गणान्** = गणहरूलाई, **त्रासयामास** = तर्साउन थाल्यो ॥

**भावार्थ–**

यसप्रकार आफ्नो सम्पूर्ण सेना क्षीण भएको देखेर महिषासुरले राँगोको रूप धारण गरी भगवतीका गणहरूलाई सन्त्रस्त पार्न थाल्यो ॥

**कांश्चित्तुण्डप्रहारेण खुरक्षेपैस्तथापरान् ।**
**लाङ्गूलताडिताँश्चान्याञ्छृङ्गाभ्यां च विदारितान् ॥२२॥**
**वेगेन कांश्चिदपरान्नादेन भ्रमणेन च ।**
**निःश्वासपवनेनान्यान् पातयामास भूतले ॥२३॥**

**पदार्थ–**

**कांश्चित्** = कसैलाई, **तुण्डप्रहारेण** = मुखप्रहारले, **तथा** = त्यस्तै, **अपरान्** = अरुलाई, **खुरक्षेपैः** = खुरको प्रहारले, **अन्यान् च** = अन्य गणलाई पनि, **लाङ्गूलताडितान्** = पुच्छरको प्रहारले, **शृङ्गाभ्यां** = सिङ्गले हानेर, **च** = पनि, **विदारितान्** = छिन्नभिन्न बनाएर, **काँश्चित्** = कसैलाई, **वेगेन** = वेगपूर्वक, **अपरान्** = अन्यगणलाई, **नादेन** = गर्जनले, **भ्रमणेन च** = घुमेर, **अन्यान्** = अरु गणहरूलाई, **निःश्वासपवनेन** = सासको हावाले, **भूतले** = भूमिमा, **पातयामास** = लडायो ॥

**भावार्थ–**

उसले कसैलाई थुतुनोले हानेर, कसैलाई खुरको प्रहारद्वारा, कसैलाई पुच्छरले हिर्काई, कसैलाई शिरले विदीर्ण गरी, कतिपय देवीगणलाई दौडाइको वेगले, अन्य कतिपयलाई भयानक गर्जना र चक्कर काटेर त अरु कतिपय गणहरूलाई हुङ्कारको सासको शोक्काले नै भुइँमा पछारिदियो ॥

**निपात्य प्रमथानीकमभ्यधावत सोऽसुरः ।**
**सिंहं हन्तुं महादेव्याः कोपं चक्रे ततोऽम्बिका ॥२४॥**

**पदार्थ–**

**सः** = त्यो, **असुरः** = दैत्य, **प्रमथानीकम्** = देवीका गणहरूलाई, **निपात्य** = लडाएर, **महादेव्याः** = भगवती देवीको, **सिंहं** = वाहन सिंहलाई, **हन्तुं** = मार्न, **अभ्यधावत** = दौडियो, **ततः** = त्यसपछि, **अम्बिका** = भगवतीले, **कोपं** = क्रोध, **चक्रे** = गर्नुभयो ॥

**भावार्थ–**

यसप्रकार प्रमथ नामक गणका सेनालाई धराशायी गरी त्यो असुर भगवतीको वाहन सिंहलाई नै मार्न तत्पर भयो, त्यसपछि जगदम्बिका भगवती अत्यन्त क्रोधित हुनुभयो ॥

**सोऽपि कोपान्महावीर्यः खुरक्षुण्णमहीतलः ।**
**शृङ्गाभ्यां पर्वतानुच्चांश्चिक्षेप च ननाद च ॥२५॥**

**पदार्थ–**

**महावीर्यः** = महापराक्रमी, **सः अपि** = त्यो महिषासुर पनि, **कोपात्** = क्रोधले, **खुरक्षुण्णमहीतलः** = आफ्ना खुरले पृथिवी कम्पाउँदै, **शृङ्गाभ्यां** = आफ्नो सिङ्गले, **उच्चान्** = अग्लो, **पर्वतान्** = पर्वतलाई, **चिक्षेप च** = देवी भएतिर फ्याँक्यो र, **ननाद च** = गर्जियो पनि ॥

**भावार्थ–**

महाबलशाली महिषासुरले पनि अत्यन्त रिसले युक्त भई आफ्नो खुरले धर्तीलाई खोस्रिदैं विशाल सिङ्गद्वारा ठूला पर्वतहरूलाई उदिनेर फाल्दै भयानक गर्जना गऱ्यो ॥

**वेगभ्रमणविक्षुण्णा मही तस्य व्यशीर्यत ।**
**लाङ्गूलेनाहतश्चाब्धिः प्लावयामास सर्वतः ॥२६॥**

**पदार्थ–**

**तस्य** = त्यो महिषासुरको, **वेगभ्रमणविक्षुण्णा** = वेगपूर्वक चक्कर लगाउनाले क्षुब्ध भएको, **मही** = पृथिवी, **व्यशीर्यत** = फाट्न लाग्यो, **लाङ्गूलेन** = पुच्छरद्वारा, **आहतः** = चुटिएको, **अब्धिः च** = समुद्रले पनि, **सर्वतः** = सबैतिर, **प्लावयामास** = पृथिवी डुबाउन थाल्यो ॥

**भावार्थ-**

त्यो दैत्यले प्रबल वेगसँगै चक्कर काट्दा पृथिवी क्षुब्ध भई फाट्न थालिन् र उसले आफ्नो पुच्छरको प्रहारद्वारा सम्पूर्ण समुद्रलाई तहसनहस गरी पृथिवीलाई जलमय बनाइदियो ॥

**धुतशृङ्गविभिन्नाश्च खण्डं खण्डं ययुर्घनाः ।**
**श्वासानिलास्ताः शतशो निपेतुर्नभसोऽचलाः ॥२७॥**

**पदार्थ-**

**घनाः** = मेघहरू, **धुतशृङ्गविभिन्नाः** = हल्लिएको सिङ्गको आघातले छिन्नभिन्न भएर, **खण्डं खण्डं** = टुक्रा-टुक्रा, **ययुः** = भए । **श्वासनिलास्ताः** = सासको प्रचण्ड वायुद्वारा उडेका, **शतशः** = सयौं, **अचलाः** = पर्वतहरू, **नभसः** = आकाशबाट, **निपेतुः** = खसे ॥

**भावार्थ-**

हल्लिरहेका उसका विशाल सिङ्गद्वारा बादल विदीर्ण भई टुक्रिन थाले र उसको निःश्वासको प्रचण्ड झोक्काले अनेकौं पहाडहरू आकाशमा उडी खस्न थाले ॥

**इति क्रोधसमाध्मातमापतन्तं महासुरम् ।**
**दृष्ट्वा सा चण्डिका कोपं तद्वधाय तदाकरोत् ॥२८॥**

**पदार्थ-**

**इति** = यसप्रकार, **क्रोधसमाध्मातम्** = क्रोधले चिच्याउँदै, **आपतन्तं** = आउँदै गरेको, **महासुरम्** = महिषासुरलाई, **दृष्ट्वा** = देखेर, **सा** = ती, **चण्डिका** = रिसाएकी देवीले, **तदा** = त्यस समयमा, **तद्वधाय** = महिषासुरलाई मार्नका निम्ति, **कोपं** = क्रोध, **अकरोत्** = गर्नुभयो ॥

**भावार्थ-**

यसप्रकार रिसले चिच्याउँदै त्यो महादैत्यले आफैँलाई झम्टिन खोजेको देखेपछि चण्डिका देवी त्यसलाई मार्नका लागि क्रोधित हुनुभयो ॥

**सा क्षिप्त्वा तस्य वै पाशं तं बबन्ध महासुरम् ।**
**तत्याज माहिषं रूपं सोऽपि बद्धो महामृधे ॥२९॥**

**पदार्थ–**

**सा** = ती देवीले, **वै** = निश्चय नै, **तस्य** = त्यो महिषासुरमाथि, **पाशं** = पाश, **क्षिप्त्वा** = फ्याँकेर, **तं** = ती, **महासुरम्** = महादैत्यलाई, **बबन्ध** = बाँध्नुभयो । **सः अपि** = त्यसले पनि बाँधिए पछि, **महामृधे** = महायुद्धमा, **माहिषं** = राँगोको, **रूपं** = रूप, **तत्याज** = छोड्यो ॥

**भावार्थ–**

उहाँले आफ्नो पाश प्रहार गरी त्यो महादैत्यलाई बाँध्नुभयो र युद्धभूमिमा बाँधिएपछि दैत्यले पनि राँगोको रूपलाई छोडिदियो ॥

**ततः सिंहोऽभवत्सद्यो यावत्तस्याम्बिका शिरः ।**
**छिनत्ति तावत्पुरुषः खड्गपाणिरदृश्यत ॥३०॥**

**पदार्थ–**

**ततः** = महिषरूप त्याग गरिसकेपछि, **सद्यः** = तत्कालै, **सिंहः** = सिंह, **अभवत्** = भयो । **अम्बिका** = दुर्गाले, **यावत्** = जहिले, **तस्य** = त्यसको, **शिरः** = शिर, **छिनत्ति** = काटिन्, **तावत्** = त्यसै समय, **खड्गपाणिः** = खड्ग हातमा लिएको, **पुरुषः** = पुरुष, **अदृश्यत** = भयो ॥

**भावार्थ–**

त्यसपछि ऊ तत्काल नै सिंह बन्यो र त्यतिबेलै भगवतीले त्यसको शिर काटिदिनुभयो । त्यही बेलामा त्यो दैत्य फेरि खड्गधारी पुरुषको रूपमा देखा पऱ्यो ॥

**तत एवाशु पुरुषं देवी चिच्छेद सायकैः ।**
**तं खड्गचर्मणा सार्धं ततः सोऽभून्महागजः ॥३१॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **देवी** = भगवती देवीले, **आशु एव** = चाडैं नै, **सायकैः** = आफ्ना बाणहरूद्वारा, **खड्गचर्मणा** = ढाल र तरबारले, **सार्धं** = सहित, **तं** = त्यो, **पुरुष** = पुरुषलाई, **चिच्छेद** = काट्नुभयो । **ततः** = त्यसपछि, **सः** = त्यो, **महागजः** = ठूलो हात्ती, **अभूत्** = भयो ॥

**भावार्थ–**

त्यसपछि भगवतीले बाणहरू बर्साई पुरुषरूपी त्यो दैत्यलाई उसको

ढाल र तरबारसँगै काटिदिनुभयो । यही बेला त्यो दैत्य पनि भयानक हात्तीको रूपमा परिणत भयो ॥

**करेण च महासिंहं तं चकर्ष जगर्ज च ।**
**कर्षतस्तु करं देवी खड्गेन निरकृन्तत ॥३२॥**

**पदार्थ–**

**करेण च** = सूँडले, **तं** = त्यो, **महासिंहं** = देवीको वाहन सिंहलाई, **चकर्ष** = तान्न लाग्यो, **जगर्ज च** = गर्जियो । **कर्षतः तु** = तानिरहेको त्यो हात्तीको, **करं** = सुँडलाई, **देवी** = भगवती देवीले, **खड्गेन** = खड्गद्वारा, **निरकृन्तत** = काटिदिनुभयो ॥

**भावार्थ–**

हात्तीको रूप धारण गरी उसले सुँडद्वारा भगवतीको वाहन त्यो विशाल सिंहलाई खिच्दै गर्जना गर्नथाल्यो । भगवतीले पनि त्यही समयमा आफ्नो खड्गद्वारा उसको सुँड काटिदिनुभयो ॥

**ततो महासुरो भूयो माहिषं वपुरास्थितः ।**
**तथैव क्षोभयामास त्रैलोक्यं सचराचरम् ॥३३॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **महासुरः** = महादैत्यले, **भूयः** = फेरि, **माहिषं** = भैंसीको, **वपुः** = शरीर, **आस्थितः** = धारण गऱ्यो । **तथा एव** = पूर्ववत्, **सचराचरम्** = चराचर प्राणीसहित, **त्रैलोक्यं** = तीनै लोक, **क्षोभयामास** = आकुलव्याकुल गराउन लाग्यो ॥

**भावार्थ–**

त्यसपछि त्यो महादैत्यले फेरि राँगोकै रूप धारण गऱ्यो र चर-अचर प्राणीहरूले सहित तीनै लोकलाई पहिलेजस्तै तहसनहस बनाउन लाग्यो ॥

**विवरण–**

यस प्रसङ्गमा महिषासुरको अतुलनीय पराक्रमको वर्णन गरिएको छ । रम्भासुरको पुत्र महिषासुर रुद्रको अंश भएकाले प्रचण्ड पराक्रमी भएको कथाप्रसङ्ग पहिले नै बताइसकियो । रुद्रलाई महिषासुरको रूपमा किन जन्मन पऱ्यो ? भन्ने कुरा कालिका पुराणमा बताइएको छ । भगवान् श्रीहरि

सिंहको रूपमा भगवतीलाई सधैँ बोक्नुहुन्छ । यो देखिरहँदा दयावश भगवान् शिवले भगवतीको अर्को वाहन खोज्ने विचार गर्नुभयो । यही बीचमा र म्भासुरले तपस्या गरी आफ्नो छोरा भई जन्मिन प्रार्थना गरेकाले भगवान् शिव भगवतीको वाहन पनि हुन मिल्ने गरी आफ्नो अंशले महिषबाट महिषासुरको रूपमा उत्पन्न हुनुभएको हो । आसुरी उपद्रवका कारण कात्यायन ऋषिले स्त्रीको हातबाट मर्ने शाप दिएको यो दानव तीन जन्मसम्म नै भगवीको हातबाट मरेको कथा कालिका पुराणमा पाइन्छ । पहिलो जन्ममा उग्रचण्डाले अनि दोस्रो जन्ममा भद्रकाली देवीले यसलाई मार्दछन् । तेस्रो जन्ममा उसले एक दिन भद्रकाली देवीले आफ्नो शिरछेदन गरी रगतको धारा पिएको स्वप्न देख्छ र यसबाट अत्यन्त डराएको त्यसले राज्य त्यागी तिनै भद्रकालीकै तपस्या गर्दछ र उनलाई प्रत्यक्ष गर्दछ । आफ्नो स्वप्न बताउँदै उसले आफ्नो नियतिको विषयमा दुःख मनाउ गरिरहँदा भद्रकालीले उसलाई आफूले यो भन्दा अघिल्ला दुई जन्ममा पनि मारिसकेको घोषणा गर्दछिन् । महिषासुरले ती रूपहरू देखाउन प्रार्थना गर्दा भगवतीले षोडशभुजा उग्रचण्डास्वरूप अनि अष्टादशभुजा भद्रकालीस्वरूप देखाइदिनुहुन्छ र महिषासुरले त्यहाँ भगवतीसँगै टाउको काटिएको र त्रिशूल रोपिएको राँगोको रूपमा आफूलाई पनि देख्दछ र अत्यन्त खिन्न हुन्छ । यता भगवतीलाई केही दया आएपछि वर माग्न भन्नुहुन्छ र महिषासुरले यो जन्मभन्दा पछि आफूले कहिल्यै मर्न न परोस्, अनि आफूलाई यज्ञमा भाग मिलोस् भन्ने प्रार्थना गर्दछ । भद्रकाली देवीले महिषासुरलाई उसको जन्मको रहस्य अनि आफूसँगको सम्बन्धको विषयमा बताउँदै भन्नुहुन्छ – हे महिषासुर ! तँ शिवको अंश होस् अनि मेरो वाहन हुनका लागि सृष्टि गरिएको होस् । कात्यायनको शापका कारण तँलाई अवश्य नै मार्नुपर्दछ, तर शिरछेदन गरे तापनि मेरो कृपाले तेरो मृत्यु हुनेछैन । जहाँ मेरो आवाहन हुनेछ त्यहाँ मेरो पाउले तेरो शरीरलाई आक्रान्त गरी त्यसमाथि त्रिशूल प्रहार गरिरहेको रूपमा मेरो ध्यान हुन्छ । यसरी त्यस अवस्थामा तँ मेरो वाहन बन्नेछस् र मलाई चढाएका बलि आदिलाई नै खाई तेरो शरीर पुष्ट रहिरहनेछ । यो बताई भद्रकाली अन्तर्हित भएपछि महिषासुरले आसुरी स्वभाववशात् फेरि प्राणीलाई दुःख दिने काम गरिरहन्छ र देवताहरूको

सामूहिक तेजबाट उसलाई मार्न महालक्ष्मीको प्राकट्य हुन्छ । यी आद्या मूलशक्तिबाहेक महिषासुरलाई मार्ने अरु कुनै देवशक्ति देखिँदैन, किनकि त्यो स्वयं शिवकै अंश हो । यसरी असुरहरूमध्ये सबैभन्दा पराक्रमी महिषासुर लाई मार्न देवशक्तिहरूमध्ये सबैभन्दा माथिल्लो शक्ति आद्या जगदम्बाको नै प्राकट्य भएको छ ।

देवीका गणहरूले आफ्नो बललाई नष्ट गरिरहेको देखेपछि महिषासुर अत्यन्त क्रोधित भयो र उसले राँगोको रूप लिई ती सबैलाई हायलकायल पारिदियो । त्यो कुनै सामान्य राँगो थिएन, यति विशाल र भयानक थियो कि आफ्नो सिङले उधिनेर ठूला पहाडहरूलाई उचाली प्रहार गर्दथ्यो । उसले ती सारा देवीका गणलाई कसैलाई सिङले कसैले खुरले त कसैलाई पुच्छर घुमाएर नै तहसनहस बनाइदियो । ऊ वेगपूर्व यताउति घुम्दा त्यसको बलले सारा पृथिवी नै कामिरहेकी थिइन् अनि उसको पुच्छर प्रहार गर्दा समुद्रको जल अनन्त ज्वारभाटाको रूपमा निस्की सारा पृथिवीलाई नै जलपूर्ण बनाइरहेको थियो भनिएको छ । यो दैत्यले यस्तो आकाशव्यापी रूप धारण गरेको थियो कि उसले वेगपूर्वक सास फेर्दा नै पहाडहरू उछिट्टिई आकाशमा पुगेर खस्थे । **श्वासानिलास्ताः** शब्दको अर्थ हुन्छ– ***श्वासा एव अनिलाः श्वासानिलास्तैः आस्ता आक्षिप्ताः*** अर्थात् श्वासरूपी वायुले प्रहार गरिएका या फ्याँकिएका पर्वतहरू ।

यसरी दुई प्रचण्ड शक्तिहरूको टक्कर यहाँ देखाइएको छ । महिषासुर-लाई मार्न भगवतीले पनि युद्धको बीचमा मधुपान गर्नुपरेको छ । युद्धको आर-म्भमा या बीचमा आफ्नो शक्ति,उत्साहलाई अक्षुण्ण बनाइराख्नका लागि वीर-हरूले गर्ने यो मधुपानलाई वीरपान भनी कोशहरूमा बताइएको छ । शत्रुप्रति क्रोधको ज्वालालाई प्रचण्ड रूपमा बढाउनका लागि पनि यसको उपयोग गरिन्छ । यसरी पराक्रमी असुरलाई भगवतीले पनि विशिष्ट पराक्रमपूर्वक मार्नुभएको छ ।

**ततः क्रुद्धा जगन्माता चण्डिका पानमुत्तमम् ।**
**पपौ पुनः पुनश्चैव जहासारुणलोचना ॥३४॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **क्रुद्धा** = रिसाएकी, **जगन्माता** = जगज्जननी,

**अरुणलोचना** = रातो रातो आँखा भएकी, **चण्डिका** = भगवती देवीले, **उत्तमम्** = उत्कृष्ट, **पानं** = मधु, **पुनःपुनः** = बारम्बार, **पपौ** = पान गर्नुभयो, **जहास च** = र हाँस्नुभयो ॥

**भावार्थ–**

यसपछि जगदम्बिका चण्डिका भगवती पनि अत्यन्त रिसाई बारम्बार मधुपान गर्न थाल्नुभयो र राता आँखा बनाई विकट अट्टहास गर्न थाल्नुभयो ॥

**ननर्द चासुरः सोऽपि बलवीर्यमदोद्धतः ।**
**विषाणाभ्यां च चिक्षेप चण्डिकां प्रति भूधरान् ॥३५॥**

**पदार्थ–**

**बलवीर्यमदोद्धतः** = बल र पराक्रको मदले उन्मत्त भएको, **सः** = त्यो, **असुरः अपि** = दैत्य पनि, **ननर्द च** = कराउन लाग्यो, **विषाणाभ्यां** = सिङ्गद्वारा, **चण्डिकां प्रति** = भगवती देवीमाथि, **भूधरान् च** = पर्वतहरू, **चिक्षेप** = फ्याँक्न थाल्यो ॥

**भावार्थ–**

यहीबीच आफ्नो बल र पराक्रमको मदले उन्मत्त भएको त्यो दैत्यले पनि भयानक गर्जना गर्दै आफ्ना तीखा सिङ्गद्वारा पहाडहरू उधिन्दै भगवती चण्डिकामाथि प्रहार गर्न थाल्यो ॥

**सा च तान् प्रहिताँस्तेन चूर्णयन्ती शरोत्करैः ।**
**उवाच तं मदोद्धूतमुखरागाकुलाक्षरम् ॥३६॥**

**पदार्थ–**

**सा च** = चण्डिकाले पनि, **तेन** = त्यो महिषासुरले, **प्रहितान्** = फ्याँकेको, **तान्** = ती पर्वतहरूलाई, **शरोत्करैः** = बाणका समूहहरूले, **चूर्णयन्ती** = चूर्ण-चूर्ण गराउँदै, **मदोद्धूतमुखरागा** = मधुपानद्वारा रातो मुख भएकी देवीले, **आकुलाक्षरम्** = अस्पष्ट बाणीका साथ, **तं** = त्यो दैत्यलाई, **उवाच** = भन्नुभयो ॥

**भावार्थ–**

भगवतीले पनि आफ्ना बाणहरूद्वारा त्यसले फ्याँकेका पहाडहरूलाई चूर्ण गर्नुभयो र मधुपानको मदद्वारा रातो भएको अनुहार र लडबडाएको बाणीले यसो भन्नुभयो ॥

*देव्युवाच ॥३७॥ देवीले भन्नुभयो ॥*

**गर्ज गर्ज क्षणं मूढ मधु यावत्पिबाम्यहम् ।**
**मया त्वयि हतेऽत्रैव गर्जिष्यन्त्याशु देवताः ॥३८॥**

**पदार्थ-**

**मूढ** = हे मूर्ख, **यावत्** = जुन समयसम्म, **अहं** = म, **मधु** = मधु, **पिबामि** = पिउँछु, **क्षणं** = त्यही क्षणभरको लागि, **गर्ज गर्ज** = कराइराख् कराइराख् **अत्रैव** = यहाँ नै, **मया** = मैले, **त्वयि** = तँलाई, **आशु** = चाडैं नै, **हते** = मारिसकेपछि, **देवताः** = देउताहरू, **गर्जिष्यन्ति** = गर्जना गर्नेछन् ॥

**भावार्थ-**

ए मूर्ख ! जबसम्म म मधुपान गर्न छाड्दिन तबसम्म केही छिनको लागि तँ खुब गर्जना गर् । एकछिनपछि यही रणभूमिमा जब म तँलाई मारिदिन्छु त्यसपछि यसैगरी देवताहरूले पनि गर्जना गर्नेछन् ॥

*ऋषिरुवाच ॥३९॥ ऋषिले भन्नुभयो ॥*

**एवमुक्त्वा समुत्पत्य साऽऽरूढा तं महासुरम् ।**
**पादेनाक्रम्य कण्ठे च शूलेनैनमताडयत् ॥४०॥**

**पदार्थ-**

**एवम्** = यसप्रकार, **उक्त्वा** = भनेर, **सा** = भगवती, **समुत्पत्य** = उफ्रेर, **तं** = त्यो, **महासुरम्** = महिषासुरमाथि, **आरूढा** = चढेर, **पादेन** = पाउले, **आक्रम्य च** = दबाएर, **शूलेन** = त्रिशूलले, **कण्ठे** = घाँटीमा, **एनं** = यो दैत्यलाई, **अताडयत्** = हान्नुभयो ॥

**भावार्थ-**

यसो भनी देवी उफ्रिई त्यही राँगोमाथि चढ्नुभयो र त्यो महादैत्यको शिरलाई आफ्नो पाउले दबाई त्रिशूलद्वारा त्यसको घाँटीमा प्रहार गर्नुभयो ॥

**ततः सोऽपि पदाऽऽक्रान्तस्तया निजमुखात्ततः ।**
**अर्धनिष्क्रान्त एवासीद् देव्या वीर्येण संवृतः ॥४१॥**

**पदार्थ-**

**ततः** = त्यसपछि, **तया** = भगवती देवीको, **पदाक्रान्तः** = पाउपीडाद्वारा आक्रान्त, **सः** = त्यो राक्षस, **अपि** = भएता पनि, **निजमुखात्** = आफ्नो

मुखबाट, **अर्धनिष्क्रान्तः एव** = आधा निस्किएको, **आसीत्** = थियो । **देव्याः** = भगवतीको, **वीर्येण** = सामर्थ्यले, **संवृतः** = रोकिदियो ॥

**भावार्थ–**

भगवतीको चरणबाट आक्रान्त हुँदाहुँदै पनि त्यो महादैत्य आफ्नो मुखबाट अर्को रूपमा बाहिर निक्लन थाल्यो तर त्यहीबेला भगवतीले आफ्नो शक्तिद्वारा त्यसलाई बीचैमा रोकिदिनुभयो ॥

**अर्धनिष्क्रान्त एवासौ युध्यमानो महासुरः ।**
**तया महासिना देव्या शिरश्छित्त्वा निपातितः ॥४२॥**

**पदार्थ–**

**असौ** = यो, **महासुरः** = राक्षस, **अर्धनिष्क्रान्तः एव** = भैंसीको मुखबाट आदि निक्लिएर, **युध्यमानः** = युद्ध गर्न लाग्यो, **तया** = ती, **देव्या** = भगवतीद्वारा, **महासिना** = महाखड्गले, **शिरः** = टाउको, **छित्त्वा** = काटेर, **निपातितः** = लडाइयो ॥

**भावार्थ–**

राँगोको मुखबाट आधा शरीरमात्र निस्किएको त्यो महादैत्यले त्यही अवस्थामा पनि भयानक युद्ध गऱ्यो । त्यसपछि भगवतीले आफ्नो तरबारद्वारा त्यसको शिर काट्नुभयो ॥

**ततो हाहाकृतं सर्वं दैत्यसैन्यं ननाश तत् ।**
**प्रहर्षं च परं जग्मुः सकला देवतागणाः ॥४३॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **तत्** = ती, **सर्वं** = सम्पूर्ण, **दैत्यसैन्यम्** = दैत्यका सेनाहरू, **हाहाकृतं** = हाहाकार गर्दै, **ननाश** = नष्ट भयो । **सकलाः** = सम्पूर्ण, **देवगणाः** = देवगणहरू, **च** = पनि, **परं** = उत्कृष्ट, **प्रहर्षं** = हर्ष, **जग्मुः** = पाए ॥

**भावार्थ–**

त्यसपछि सम्पूर्ण दैत्यसेनामा हाहाकार मच्चियो र त्यो सम्पूर्ण सेनागण छिन्नभिन्न भयो । यसप्रकार सम्पूर्ण देवगणहरू अत्यन्त प्रसन्न भए ॥

**तुष्टुवुस्तां सुरा देवीं सह दिव्यैर्महर्षिभिः ।**
**जगुर्गन्धर्वपतयो ननृतुश्चाप्सरोगणाः ॥४४॥**

**पदार्थ–**

**सुराः** = देवताहरू, **दिव्यैः** = दिव्य, **महर्षिभिः सह** = महर्षिहरूका साथ, **तां** = ती, **देवीं** = भगवती देवीको, **तुष्टुवुः** = स्तुति गर्न थाले, **गन्धर्वपतयः** = गन्धर्वराजहरू, **जगुः** = गाउन लागे, **अप्सरोगणाः च** = अप्सरागणहरू पनि, **ननृतुः** = नृत्य गर्न लागे ॥

**भावार्थ–**

ती देवताहरूले दिव्य महर्षिहरूका साथ जगदम्बिका भगवतीको स्तुति गरे । त्यस समयमा स्वर्गका अप्सराहरू नाच्न र श्रेष्ठ गन्धर्वहरू गीत गाउन थाले ॥

**तेस्रो अध्याय सारांश**

यस अध्यायमा भगवतीले देवताहरूको शत्रु महिषासुरलाई मार्नुभएको प्रसङ्ग बताइएको छ । सृष्टिमा देवता र दानवहरूबीचको सङ्घर्ष अनादि कालदेखि चलिरहेको छ । यो सङ्घर्ष बाहिरी-भित्री अनेक रूपको छ । देवता र दानवबीच बाहिर नै व्यक्त हुने सङ्घर्ष युगौँ पुरानो हो र त्यसलाई पुराणहरूमा कथाको रूपमा बताइएको छ । तर आध्यात्मिक दृष्टिमा आएर यो सङ्घर्ष मानव जातिको मनभित्र पनि पसेको देखिन्छ । यो आध्यात्मिक सङ्घर्ष अनादि अनन्त सङ्घर्ष हो । त्यसैले उपनिषद्मा बताइएको छ– **द्वया ह प्राजापत्या देवाश्चासुराश्च कनीयांस इव हि देवा ज्यायांसा असुराः** (बृ.उ.१/२ /१) अर्थात् प्रजापतिका दुई थरी सन्तानहरू छन् देवता र असुर । तीमध्ये देवताहरू थोरै छन् अनि असुरहरू चाहिँ बलिया र धेरै छन् । यहाँ देवता र असुर भनेर भाष्यकार श्रीशङ्कराचार्यले दैवी वृत्ति र आसुरी वृत्तिलाई लिनुभएको छ । **शास्त्रजनितप्रवृत्तेरल्पत्वाद् देवानां कनीयस्त्वम्** अर्थात् मानिसहरूमा शास्त्रीय प्रवृत्ति अलि कम नै हुन्छ । अनि भोजन, शयन, विहार आदि साधारण स्वार्थी वृत्तिहरू बढी हुन्छन्, यही नै देवताहरू कम हुनु र असुरहरू बढी हुनु हो । दया, त्याग, स्नेह, श्रद्धा आदि जस्ता वृत्तिहरू सद्वृत्ति हुन्, भने आफूमात्र भोग गर्न खोज्ने इर्ष्या, क्रोध, लोभ, हिंसा आदि वृत्तिहरू असद्वृत्तिहरू हुन् । त्यस्तै आध्यात्मिक अर्थमा देवता भनेर इन्द्रियहरूलाई पनि लिइन्छ । **द्योतनाद् देवाः, इन्द्रियाणि** अर्थात् इन्द्रियहरूले पनि विषयहरूको प्रकाश गर्ने हुनाले ती देवता

हुन् । महिषासुर आदि दैत्यहरू आसुरी वृत्ति हुन् । यिनको आक्रमणका कारण देवताहरू आफ्नो स्थानबाट च्युत भएका छन् । देवताहरूको स्थान स्वर्ग हो । स्वर्ग भनेको आनन्दको पर्याय हो । मीमांसाशास्त्रमा–

**यत्र दुःखेन सम्भिन्नं न च ग्रस्तमनन्तरम् ।**

**अभिलाषोपनीतं च तत् सुखं स्वःपदास्पदम्** अर्थात् दुःखको सम्पर्कले शून्य भएको सबैले चाहने सुख नै स्वर्ग हो भनिन्छ । असुरहरूको आक्रमणका कारणले देवताहरू यो स्वर्गसुखलाई छोडी मर्त्यलोकमा घुम्न बाध्य भएका छन् । इन्द्रियहरू जबसम्म अन्तर्मुख हुन्छन्, तबसम्म तिनीहरू शान्त अनि सुखी हुन्छन् । जब लोभ, ईर्ष्या, घृणा, क्रोधजस्ता असुरहरूको मनोराज्यमा प्रवेश हुन्छ तब त्यो शान्तिको राज्यबाट निकालिएका देवताहरू **मर्त्यलोक** अर्थात् नाशवान् विषयहरूको प्रवेशमा चक्कर लगाउँदछन् । आत्मसुखलाई बिर्सी बाहिरी विषयहरूबाट सुख पाइन्छ कि भन्ने अभिलाषमा इन्द्रियहरू बाहिर भड्किनु नै देवताहरू मर्त्यलोकमा भड्किनु हो । भगवती आफ्नो स्वरूपमा प्रकट भई सबै असुरहरूको नाश गर्नुहुन्छ । त्यसैगरी आत्मचैतन्यरूपा देवी आसुरी वृत्तिहरूको नाश गर्न हृदयक्षेत्रमा आफैँ प्रकट हुनुपर्दछ । महिषासुर अभिमानको प्रतीक हो भने भगवती-चाहिँ ब्रह्माकार वृत्तिमा चढेको ब्रह्मको प्रतिबिम्बरूपा हुनुहुन्छ । महिषमर्दिनी भगवतीलाई सिंहवाहिनी भनिन्छ । उहाँ सिंहमाथि चढ्नुभएको छ भन्ने यसको अर्थ हो । **सिंह** शब्द **हिंसार्थक हिसि** धातुबाट बन्दछ । प्राणीहरूलाई मार्ने भन्ने यसको अर्थ हो । आध्यात्मिक अर्थमा पनि ब्रह्माकार अन्तःकरणको वृत्तिले मात्र अज्ञानलाई नष्ट गर्न या मार्न सक्दछ । ब्रह्मचैतन्यले अनादि कालदेखि संसार का सारा राम्रा-नराम्रा भाव एवं वस्तुहरूलाई प्रकाशित गर्दै रहेकै हुन्छ । तर त्यसबाट अज्ञान, मोह, दुर्वासना आदिको नाश भएको छैन । अपि तु तिनको सिद्धि पनि त्यही चैतन्यद्वारा भएको हुन्छ । भगवती नित्य ब्रह्मरूपिणी हुनुहुन्छ तर त्यसबाट देवताहरूको दुःख नष्ट भएको छैन । जब उहाँ सिंहवाहिनी रूपमा प्रकट हुनुहुन्छ तबमात्र दुःखको नाश हुन्छ । त्यसैगरी जब आत्मचैतन्य ब्रह्माकार वृत्तिमा आरूढ हुन्छ या त्यसमा अभिव्यक्त हुन्छ यसबाट मात्र आसुरी वृत्तिहरूको नाश सम्भव छ । यसैले ब्रह्माकार वृत्तिमा आरूढ ब्रह्मचैतन्य

नै सिंहारूढा भगवतीको आन्तरिक स्वरूप हो । यसद्वारा मात्र देवताहरूको मनोरथ सफल हुन सक्दछ । भगवतीको यो अमोघ कृपालाई कुर्दै युगौं अघिदेखि बसिरहेका देवताहरू भगवतीको साक्षात्कारबाट परम सन्तुष्ट हुन्छन् । देवताहरू खुसी भएपछि त्यहाँ नाच-गान आदि हुन्छ, वसानाक्षय भएको ज्ञानीका इन्द्रियहरूमा पनि परमशान्ति र परमानन्दको अनुभूति भइर हन्छ । आचार्य भन्दछन्– **यस्य ब्रह्मणि रमते चित्तं नन्दति नन्दति नन्दत्येव** अर्थात् जसको चित्त ब्रह्ममा लागेको छ, त्यो व्यक्ति हरबखत रमाइरहन्छ । जीवात्मालाई परमानन्द दिनु नै भगवतीको परमकृपा हो र यसकै लागि भगवतीको प्रादुर्भाव हुने स्पष्ट हुन्छ । त्यसैले आध्यात्मिक साधकहरूले यो चरित्र पाठ गर्दा आफ्नो आफ्नो अज्ञान, अहङ्कारलाई मारिदिने भगवतीको चिन्तन गर्नु परम कल्याणकारक हुन्छ ।

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये महिषासुरवधो नाम तृतीयोऽध्यायः ॥

उवाच ३, श्लोकाः ४१, एवम् ४४ ॥ एवमादितः २१७ ॥

# अथ चतुर्थोऽध्यायः

## देवताहरूद्वारा देवीको स्तुति

*ध्यानम्*

ॐ कालाभ्राभां कटाक्षैररिकुलभयदां मौलिबद्धेन्दुरेखां
शङ्खं चक्रं कृपाणं त्रिशिखमपि करैरुद्वहन्तीं त्रिनेत्राम् ।
सिंहस्कन्धाधिरूढां त्रिभुवनमखिलं तेजसा पूरयन्तीं
ध्यायेद्दुर्गां जयाख्यां त्रिदशपरिवृतां सेवितां सिद्धिकामैः ॥

**पदार्थ–**

**कालाभ्राभाम्**=कालो मेघमण्डलझैँ कान्ति हुनुभएकी, **मौलिबद्धेन्दुरेखाम्** = मस्तकमा चन्द्ररेखाको आभूषण धारण गर्नुभएकी, **त्रिनेत्राम्** = तीन नेत्र हुनुभएकी, **कटाक्षैः** = आफ्ना टेंडा नजरद्वारा, **अरिकुलभयदाम्** = शत्रुहरूका समूहलाई भयभीत गरिदिने, **अखिलम्** = सम्पूर्ण, **त्रिभुवनम्** = तीन लोकलाई, **तेजसा** = आफ्नो तेजद्वारा, **पूरयन्तीम्** = पूर्ण गरिरहनुभएकी, **सिद्धिकामैः** = सिद्धि चाहनेहरूद्वारा, **सेविताम्** = सेवित, **त्रिदशपरिवृताम्** = देवताहरूद्वारा घेरिनुभएकी, **करैः** = आफ्ना हातहरूद्वारा, **शङ्खम्** = शङ्ख, **चक्रम्** = चक्र, **कृपाणम्** = तरबार, **त्रिशिखम् अपि** = त्रिशूलसमेत, **उद्वहन्तीम्** = धारण गरिरहनुभएकी, **सिंहस्कन्धाधिरूढाम्** = सिंहको काँधमाथि आसीन, **जयाख्याम्** = जया नामकी, **दुर्गाम्** = दुर्गा देवीलाई, **ध्यायेत्** = ध्यान गर्नुपर्दछ ॥

**भावार्थ–**

श्रेष्ठ सिद्धिहरूलाई चाहने उपासकहरूद्वारा सेवा गरिएकी, चारैतर्फ देवगणद्वारा घेरिनुभएकी जया नामकी दुर्गादेवीको ध्यान गर्नुपर्दछ । उहाँको अङ्ग-प्रत्यङ्गको आभा कालो मेघमण्डलसमान छ र तीन नेत्र भएकी यी भगवती आफ्नो टेढो नजरद्वारा शत्रुसमूहलाई भयभीत गरिरहनुभएको छ । मस्तकमा चन्द्रमाको आभा सुशोभित भएकी भगवती सिंहको काँधमाथि चढ्नुभएको छ र आफ्ना हातमा शङ्ख, चक्र र त्रिशूल धारण गर्नुहुन्छ । उहाँको तेजद्वारा तीनै लोक व्याप्त भइरहेको छ ।

ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥

शक्रादयः सुरगणा निहतेऽतिवीर्ये
तस्मिन्दुरात्मनि सुरारिबले च देव्या ।
तां तुष्टुवुः प्रणतिनम्रशिरोधरांसा
वाग्भिः प्रहर्षपुलकोद्गमचारुदेहाः ॥२॥

**पदार्थ–**

**दुरात्मनि** = दुरात्मा, **अतिवीर्ये** = अत्यन्त बलशाली, **तस्मिन्** = त्यो महिषासुर, **सुरारिबले च** = दैत्यसेना, **निहते** = मारि इसकेपछि, **प्रणतिनम्रशिरोधरांशाः** = प्रणामको लागि शिर झुकाएका, **प्रहर्षपुलकोद्गमचारुदेहाः** = अत्यन्त हर्षका कारण रोमाञ्चित शरीर भएका, **शक्रादयः** = इन्द्रादि, **सुरगणाः** = देवगणहरू, **वाग्भिः** = आफ्ना बाणीहरूद्वारा, **तां** = भगवती देवीको, **तुष्टुवुः** = स्तुति गर्न थाले ॥

**भावार्थ–**

भगवती देवीले अत्यन्त पराक्रमी दुष्ट महिषासुरलाई र सम्पूर्ण दैत्यसेनालाई समाप्त गरिदिएपछि इन्द्र आदि सबै देवताहरूले विनयपूर्वक गर्दन तथा काँध झुकाई भगवतीको स्तुति गर्न थाले । उनीहरूका अङ्ग-प्रत्यङ्ग हर्षको वेगबाट रोमाञ्चित हुँदा उनीहरूको शरीर सुन्दर देखिएको थियो ॥

**विवरण–**

यस अध्यायमा देवताहरूले महिषमर्दिनी भगवतीको स्तुति गरेका छन् । यो स्तुति देवताहरूको कृतज्ञताप्रदर्शन हो । भगवती जगत्की माता हुनुहुन्छ । आफ्ना पुत्रहरूको दुःखबाट द्रवित हुनुभएकी पुत्रवत्सला देवी चण्डीरूपमा प्रकट हुनुभएको छ । भगवतीको यो चण्डीस्वरूप दुष्टहरूलाई दमन गर्नका लागि हो किनभने जब आफ्ना सन्तानमाथि आपत्ति आइपर्दछ तब करुणाकी प्रतिमूर्ति कोमल हृदयकी मातामा पनि अनन्त कठोरता र क्रोध एकैसाथ प्रकट हुन्छ । आफ्नो बाच्छोलाई प्रेमपूर्वक चाटिरहेका गाईहरू वरिपरि अरु प्राणी जानेबित्तिकै तत्कालै रिसले जागी आफ्नो अर्को रूपलाई प्रकट गर्दछन् अनि साना बचेरासँग खेलिरहेका चराचुरुङ्गीहरू पनि आफ्नो सन्ततिमाथि आक्रमण हुनलाग्दा आफ्नो भएभरको शक्तिले त्यसलाई ठुङ्न र

लखेट्न खोज्दछन् । सन्ततिहरूमा आफ्नो रक्षा गर्ने सामर्थ्य पनि हुँदैन, अनि तिनीहरू मातामा नै पूर्ण रूपले आश्रित हुन्छन् । उनीहरू आपत्ति आएपछि आमालाई सम्झी रुनबाहेक अरु केही पनि उद्योग गर्न सक्दैनन् ? देवताहरूले पनि आपत्तिकालमा जगदम्बा भगवतीलाई सम्झे र उनीहरूको दुःख हटाउन करुणामयी आमाले रौद्ररूप निकाल्नुभयो । प्राणीहरूले पनि यस्तै आर्द्रभावले आफ्नी वास्तविक माता जगदम्बालाई सम्झिए भने उनीहरूको दुःख नष्ट हुनेछ भन्ने कुराको यो शाश्वत दृष्टान्त हो ।

असुरको विनाश भइसकेपछि सबै देवताहरूले जगदम्बा भगवतीलाई **वाग्भिः तुष्टुवुः** अर्थात् बाणीले स्तुति गरे भनी यहाँ बताइएको छ । स्तुति गर्नु भनेकै बाणीको काम हो । फेरि यहाँ बाणीहरूले स्तुति गरे भनी किन थप शब्दको प्रयोग गर्नुपर्‍यो भन्ने जिज्ञासा हुन्छ । यसका अनेक तात्पर्यहरू छन् । **वाग्भिरिति पृथक् कथनं जात्यादिभेदचतुष्टयपरिज्ञानार्था** अर्थात् **वाग्भिः** भनी पृथक् उच्चारण गर्नु जाति आदि चारथरी शब्दप्रयोगलाई लिएर भएको हो । कुनै पनि द्रव्य या वस्तुलाई बताउँदा जाति, गुण, क्रिया र सम्बन्ध यी चार प्रकारले बुझाउन सकिन्छ । घटत्वजातिले घटको बोध गराउनु जातिवाचक शब्दद्वारा बुझाउनु हो । त्यो कालो कृष्ण हो भन्दा कृष्णलाई बुझाउने गुणवाचक शब्दको प्रयोग गरिएको छ । त्यो हिँडिरहेको व्यक्ति श्याम हो भन्दा क्रियाले श्यामलाई बुझाएको छ । उहाँ मेरा ज्वाईं हुनुहुन्छ भन्दा सम्बन्धवाचक शब्दले वस्तुको परिचय दिइएको छ । भगवतीको वर्णनमा पनि यस्ता अनेकप्रकारले शब्दको प्रयोग भएको जनाउन यहाँ **वाग्भिः** भन्ने बहुवचन शब्दको प्रयोग भएको हो । त्यसैगरी **वाग्भिः तुष्टुवुः** भन्ने शब्द सन्ततिहरूले जगन्माताको कृपालाई बाणीले मात्र प्रशंसा गर्न सक्दछन् । अरु उपहार चढाएर ऋण चुकाउन सक्दैनन् भन्ने कुरा पनि सूचित भएको छ ।

सामान्य मानिसहरू त कसैले आफ्नो काम गरिदियो भने त्यसको बदलामा आफ्नो सहयोगीलाई उत्तम उपहार दिन्छन्, तर सानो बच्चा जो आफैँ हिँड्न डुल्न असमर्थ छ उसले आमालाई के नै उपहार देला ? सबै प्राणीहरू भगवतीका स-साना बच्चा हुन् । यिनीहरूले सरल हृदयले भगवतीको अघि गई हे आमा ! हजुरले हाम्रो दुःखलाई नष्ट गरी आफ्नो करुणामय स्वभाव

फेरि देखाउनुभयो भनी कृतज्ञतापूर्वक प्रार्थना गर्नभन्दा अरु केही गर्न सक्दैनन् । यद्यपि आमालाई आफूले गरेका उपकारहरूको विषयमा सन्तानहरूले कृतज्ञता अर्पण गरून् भन्ने इच्छा कदापि हुँदैन, उनी त आफ्ना समस्त सन्ततिहरूलाई युगौंयुगसम्म परमकरुणा बर्साइरहन्छिन् । फेरि भगवतीले अनन्त जीवनमा कहिले के उपकार गर्नुभयो भन्ने पनि त यी सन्ततिहरूलाई थाहा हुँदैन । तर पनि यदि कोही पुत्रले जगन्माताप्रति कृतज्ञ हुँदै हे आमा ! मेरो कष्ट हटाई ममाथि कृपा गर्नुभयो, हजुरभन्दा मेरो अर्को रक्षक यो संसारमा को छ र ? भनी पुकारा गऱ्यो भने पुत्रवत्सला भगवतीको मातृहृदय तत्काल स्नेहले भरिन्छ र उहाँले त्यसमाथि आफ्नो सम्पूर्ण आशीर्वाद बर्साइदिनुहुन्छ । यस कारण जीवहरूले आफ्नी माताको अघि उनलाई कृतज्ञता अर्पण गर्नु आवश्यक छ । यही कृतज्ञता अर्पण गर्नु नै भक्ति हो । माताको सबैभन्दा ठूलो उपासना पनि यही सरल हृदयले गरिने प्रार्थना हो ।

स्तुति गर्दा देवताहरूका अङ्ग-प्रत्यङ्ग रोमाञ्चित भइरहेका थिए । देवताहरूलाई **चारुदेहाः** अर्थात् सुन्दर शरीरवाला भनिएको छ । जुन सन्ततिको शरीर जगदम्बाको स्तुति गर्दा आनन्दले युक्त भई रोमाञ्चित हुन्छ त्यो व्यक्तिको नै शरीर हुनुको सार्थकता छ । जगत्का सौन्दर्यप्रसाधनले शरीर सुन्दर हुँदैन, अपि तु जगदम्बाको प्रेमले भरिँदा नै सुन्दर हुन्छ । जब व्यक्ति आन्तरिक प्रसन्नताले भरिन्छ तब उसको शरीरमा पनि खुसीका लक्षणहरू प्रकट हुन थाल्दछन् । परमात्माको असीम प्रेममा मग्न भएका भक्तहरूमा रोमाञ्च, अश्रुपातजस्ता अनेक सात्त्विक भावहरू प्रकट हुन्छन् । भित्रको आनन्द सम्हाल्न नसक्ने गरी बढेपछि त्यसको बाहिर हुने अभिव्यक्तिहरू नै सात्त्विक भाव हुन् । यहाँ देवताहरूलाई भगवतीको प्रेममा रोमाञ्च भएको छ । देवताहरूले घाँटी, काँध आदि अङ्ग झुकाएर प्रार्थना गरे भनिएको छ । यो नम्रताको सूचना हो । सम्पूर्ण संसार नै जगदम्बा भएकाले यहाँ प्राणीहरूले आफूलाई ठूलो सिद्ध गर्न खोज्नु अत्यन्त लज्जाको विषय हो भन्ने जानेपछि व्यक्ति स्वभावतः नै नम्र बन्दछ । यस्ता सरल हृदय भएका व्यक्तिहरू भगवतीको स्तुति, वन्दना गर्दा पनि लजाउँछन् । भगवतीले नै दिएको शरीर, मन, इन्द्रिय र संसारका पदार्थहरू भगवतीलाई नै चढाउनु, अनि त्यसो गर्दा उसले भगवतीलाई सर्वस्व चढाएको

भनिनु लज्जाकै त विषय हो । सामान्य मानिसहरू चाहिँ भगवान्‌लाई वस्तु अर्पण गर्दा सबैले थाहा पाउने किसिमले गर्न र यसबाट आफ्नो अभिमान तुष्ट गर्न खोज्छन् तर भक्तहरू चाहिँ आफूले सर्वस्व अर्पण गर्दा पनि त्यो वास्तवमा भगवतीकै भएको सम्झन्छन् र अहिलेसम्म आफूले भ्रमवश व्यर्थमा नै त्यसलाई आफ्नो ठानेको सम्झेर लजाउँछन् । भगवतीलाई स्तुति गर्ने बाणी पनि त भगवतीकै हो । श्रीशङ्कराचार्य भन्नुहुन्छ–

**प्रदीपज्वालाभिर्दिवसकरनीराजनविधिः ।**

**त्वदीयाभिर्वाग्भिस्तव जननि वाचां स्तुतिरियम् ॥ (सौन्दर्यलहरी, श्लो.१००)**

अर्थात् हे जगज्जननी माता ! जसरी आफ्ना सारा किरणले सारा विश्वलाई प्रकाशित गर्ने सूर्यलाई दियोको ज्वालाले नीराजन गरिन्छ त्यसैगरी तिम्रै बाणीहरूले गरिएको तिम्रै स्तुति हो । यो भावमय अवस्थामा पुग्नु नै जगदम्बाका सन्ततिहरूको परम कर्तव्य हो । यसप्रकार प्रस्तुत श्लोकमा सम्पूर्ण जीवहरूले जगज्जननी भगवतीको कसरी स्तुति गर्नुपर्दछ भन्ने देवताहरूको स्तुतिको माध्यमले प्रकट भएको छ ।

**देव्या यया ततमिदं जगदात्मशक्त्या**
**निश्शेषदेवगणशक्तिसमूहमूर्त्या ।**
**तामम्बिकामखिलदेवमहर्षिपूज्यां**
**भक्त्या नताः स्म विदधातु शुभानि सा नः ॥३॥**

**पदार्थ–**

**निश्शेषदेवगणशक्तिसमूहमूर्त्या** = सम्पूर्ण देवताहरूको शक्तिको समुदाय नै शरीर भएकी, **यया** = जो, **देव्या** = देवीबाट, **इदं** = यो, **जगत्** = संसार, **आत्मशक्त्या** = आफ्नो अनुपम शक्तिद्वारा, **ततम्** = व्याप्त छ, **अखिलदेवमहर्षिपूज्यां** = सम्पूर्ण देवता अनि महर्षिद्वारा पूजिएकी, **तां** = ती, **अम्बिकां** = अम्बिका देवीलाई, **भक्त्या** = भक्तिद्वारा, **नताः स्मः** = नमस्कार गर्दछौं, **सा** = त्यस्ती भगवती देवीले, **नः** = हामीहरूलाई, **शुभानि** = कल्याण, **विदधातु** = प्रदान गरून् ॥

**भावार्थ–**

सम्पूर्ण देवगणको शक्तिहरूको समूहबाट प्रकट हुनुभएकी र आफ्नो

आत्मशक्तिबाट सम्पूर्ण जगत्लाई व्याप्त गर्ने भगवती देवी अनेक देवता तथा महर्षिहरूद्वारा पूज्य हुनुहुन्छ, ती जगदम्बिकालाई हामी भक्तिपूर्वक प्रणाम गर्दछौँ, उहाँले हाम्रो कल्याण गर्नुहोस् ॥

**विवरण**

यस श्लोकमा भगवती सर्वात्मिक हुनुहुन्छ भनी उहाँको स्तुति गरिएको छ । **अम्बिका** अर्थात् जगदम्बा भगवतीलाई हामीहरू **भक्त्या** अर्थात् भक्तिपूर्वक प्रणाम गदैछौँ भनी देवताहरूले स्तुति गरेका छन् । भक्ति भनेकै सेव्यसेवक भाव हो । आफ्नो उपास्य परमात्मालाई आफूले तन, मन, वचनले सेवा गर्नु नै भक्ति हो । यद्यपि परमचैतन्य तत्त्व अद्वितीय भएकाले त्यसमा उपास्य र उपासकको भेद हुन सक्दैन तर पनि एउटै परमतत्त्व मायाद्वारा अनेकरूपमा आएर उपास्य-उपासकको रूपमा प्रकट हुन सक्दछ । अद्वैतमा भक्ति या श्रद्धा गर्न सकिन्न । त्यसैले भक्ति गर्नका लागि द्वैतको कल्पना गर्नुपर्दछ । विद्वानहरू भन्दछन्– ज्ञान हुनुभन्दा पहिलेको द्वैतप्रतीतिमात्र बन्धनको कारण हो । ज्ञानपछि प्रतीति हुने द्वैत बन्धनको कारण हुँदैन । त्यसैले **भक्त्यर्थं कल्पितं द्वैतं अद्वैतादपि सुन्दरम् (बोधसार)** अर्थात् भक्तिका लागि कल्पना गरिएको द्वैत अद्वैतभन्दा रमणीय हुन्छ । त्यसैले आफ्नो वास्तविक स्वरूप भगवती नै भए तापनि अन्तःकरण उपाधिलाई लिएर उनै भगवती उपासक हुन र मायाशक्तिलाई लिई उपास्य बन्न सम्भव छ । भगवती अखिलदेवमहर्षिपूज्या हुनुहुन्छ अर्थात् ब्रह्मा आदि सम्पूर्ण देवताहरूले, वशिष्ठ, नारद आदि सम्पूर्ण महर्षिहरूले पनि देवीलाई नै सेवा गरेका छन् । भगवतीले आत्मशक्तिले सम्पूर्ण जगत्लाई **तत** अर्थात् व्याप्त गर्नुभएको छ । उपादानकारणले आफ्नो कार्यलाई व्याप्त गरेको हुन्छ । घैँटोभरि माटो व्याप्त छ या कपडाभरि धागो व्याप्त छ भन्नुको अर्थ घैँटोमा माटोमात्र छ या कपडाभभरि धागोमात्र छ भन्नु हो । यसैगरी भगवती पनि जगत्मा उपादानकारणरूपले व्याप्त हुनुभएको छ । यसको अर्थ जगत्मा केवल भगवतीमात्र हुनुहुन्छ भन्ने हो ।

भगवतीको आविर्भावको विषयमा बताउँदै देवताहरू भन्दछन्– ***निःशेषदेवगणशक्तिसमूहमूर्त्या । निःशेषदेवगणस्य शक्तिसमूहाय-सामर्थ्योपचयाय मूर्तिर्यस्याः सा*** अर्थात् सम्पूर्ण देवगणहरूको सामर्थ्यलाई

बढाउनका लागि भगवतीको अभिव्यक्ति हुने गर्दछ। भगवतीको प्रादुर्भावविना देवताहरू शक्तिहीन हुन्छन्। भगवती सतीदेवीको देहत्याग पछि शिव मोहग्रस्त हुनुभयो र सबै देवताहरू शक्तिहीन भएको अवस्थामा भगवती हिमालयकी पुत्री पार्वती बनी प्रकट हुनुभयो र शिव तथा अन्य देवताहरू चेतनायुक्त भए। यसैगरी दुर्वासाको शापले लक्ष्मीजी तीनै लोकबाट हराउनुभए पछि देवता र सबै प्राणीहरू श्रीहीन भएको अवस्थामा फेरि समुद्रमन्थनबाट उहाँ प्रकट हुनुभए पछि चाहिँ सबै पहिलेजस्तै सुखी भए। यसप्रकार भगवतीको आविर्भाव सम्पूर्ण देवताहरूका शक्ति र समृद्धिलाई बढाउनका लागि नै हुन्छ। यो शब्दलाई अर्को रूपले विग्रह गर्न पनि सकिन्छ– ***निःशेषदेवगणस्य शक्तिसमूह एव मूर्तिः-कायो यस्याः*** अर्थात् सम्पूर्ण देवगणहरूको शक्तिको थुप्रो नै जसको शरीर हो। यसले यहाँ महिषमर्दिनी महालक्ष्मीकै उत्पत्ति भएकोतर्फ सङ्केत गरेको छ। यसरी यस श्लोकमा भगवतीलाई जगद्व्यापिनी, सर्वदेवरूपिणी तथा सर्वपूज्या भनी स्तुति गरिएको छ।

**यस्याः प्रभावमतुलं भगवाननन्तो**
**ब्रह्मा हरश्च न हि वक्तुमलं बलं च।**
**सा चण्डिकाखिलजगत्परिपालनाय**
**नाशाय चाशुभभयस्य मतिं करोतु ॥४॥**

**पदार्थ–**

**यस्याः** = जसको, **अतुलं** = अनुपम, **प्रभावं** = प्रभावलाई, **बलम्** = सामर्थ्यलाई, **च** = पनि, **वक्तुं** = भन्नलाई, **भगवान्** = ऐश्वर्यशाली, **अनन्तः** = विष्णु, **ब्रह्मा** = ब्रह्मा, **हरः च** = भगवान् शङ्कर पनि, **हि** = निश्चय नै, **न अलम्** = समर्थ छैनन्, **सा** = त्यस्ती, **चण्डिका** = चण्डिका देवीले, **अखिलजगत्परिपालनाय** = सम्पूर्ण जगत्को पालनका निम्ति, **अशुभभयस्य च**= अशुभभयको, **नाशाय** = नाशको लागि पनि, **मतिम्** = विचार, **करोतु** = गर्नुहोस्॥

**भावार्थ–**

जसको अनन्त प्रभाव एवं पराक्रमलाई भगवान् विष्णु, ब्रह्मा र भगवान् शिवले पनि वर्णनसमेत गर्न सक्नुहुन्न, ती भगवती चण्डिकाले सम्पूर्ण जगत्को पालन र सबैथरी अशुभ एवं भयको नाश गर्ने विचार गर्नुहोस्॥

**विवरण**

यस श्लोकमा भगवतीको महिमा अवर्णनीय भएको बताइएको छ । यद्यपि भगवतीको महत्त्वलाई सम्पूर्ण शास्त्रहरूले बताइरहेकै छन्, तर भगवतीको पराक्रमलाई निश्चित रूपमा तोकेर यतिमात्र हो भन्न सकिन्न । त्यसैले उहाँको पराक्रम अवर्णनीय छ भनिएको हो । गग्रेटोमा गाग्रो छ भन्दा यहाँ शब्दले गग्रेटो माथि रहने सीमित पदार्थको रूपमा गाग्रोको बोध गर ाएको छ । संसारका जुनसुकै पनि वस्तु परिच्छिन्न देश वा कालमा मात्र र हने भएकाले हरेक शब्दले ती पदार्थहरूलाई तोकेर सीमितरूपमा नै बताएका हुन्छन् । तर भगवती अनन्त हुनुभएको हुनाले उहाँलाई यसप्रकार निश्चित घेर ाभित्र सीमित गरी बताउन सम्भव छैन । भगवतीको महिमा यति अनन्त छ कि स्वयं उहाँलाई पनि त्यसको पूरा ज्ञान छैन । एउटा भक्त भन्दछन् – **देवि ! त्वन्महिमावधिर्न हरिणा नापि त्वया ज्ञायते यद्यप्यमेवमथापि नैव युवयोः सर्वज्ञता हीयते** अर्थात् हे देवी ! हजुरको पूरा-पूरा महिमा कति छ भन्ने कुरा न हरिलाई थाहा छ न त स्वयं हजुरलाई नै । तर पनि हजुरहरूको सर्वज्ञतामा कुनै हानि आउँदैन । जसरी आकाशमा कमल नभएकाले त्यसलाई नजान्नु दोष होइन त्यसैगरी भगवतीको महिमाको अन्त नभएकाले त्यसलाई मन र बाणीले जान्न नसकिनु दोष होइन । अतः ब्रह्मा, विष्णु र शिवले पनि ब्रह्मरूपिणी भगवतीको पूरा महिमा थाहा पाउन सक्दैनन् ।

यहाँ अनन्त ऐश्वर्यवती भगवतीसँग जगत्‌रक्षा र अकल्याणको विनाश गर्न प्रार्थना गरिएको छ । **चडि कोपे** धातुबाट चण्डिका शब्द बन्दछ । यसको अर्थ ज्यादै रिसाहा भन्ने हुन्छ । दुष्टको दमन गरिसक्दा पनि भगवती ज्यादै रिसाइरहनु भएको छ र उहाँलाई शान्त गर्न देवताहरूले प्रार्थना गरिरहेका छन् । यही अर्थ बुझाउन यहाँ **अशुभभयस्य नाशाय** भन्ने पदको प्रयोग भएको छ । अशुभ भनेको अकल्याण हो । अनि भय भनेको चाहिँ पछि दुःख आइपर्ला कि ? भनेर हुने चिन्ता हो । भगवतीले यी दुबैको नाश गर्नुहोस् भनी देवताहरूले प्रार्थना गरेका छन् । यसलाई ***अशुभस्य भयम् अशुभभयम्*** भनी एकैचोटि अर्थ गर्न पनि सकिन्छ । यसको तात्पर्य के हो ? भने भगवतीको चण्डीस्वरूप अत्यन्त भयङ्कर छ । त्यो चाँडै शान्त भएन भने त्यसको असह्य तेजले सम्पूर्ण

जगत्को नै प्रलय हुनसक्छ। यहाँ अशुभको भय भन्नुको अर्थ जगत्को प्रलय होला कि ? भन्ने चिन्ता हो। त्यसको नाश गर्न अर्थात् सौम्यरूप धारण गरिदिनुहुन देवताहरूले भगवतीसँग प्रार्थना गरेका हुन्। यसैबाट **जगत्परिपालन** अर्थात् संसारको संरक्षण हुने देखिन्छ। यसप्रकार जसरी नृसिंहको भयानक रूपलाई शान्त गर्न प्रल्हादले गरेको प्रार्थना पुराणहरूमा प्रसिद्ध छ, त्यसैगरी देवताहरूले पनि भगवतीको चण्डी स्वरूपलाई शान्त गर्नका लागि प्रार्थना गरेका हुन्।

**या श्रीः स्वयं सुकृतिनां भवनेष्वलक्ष्मीः**
**पापात्मनां कृतधियां हृदयेषु बुद्धिः ।**
**श्रद्धा सतां कुलजनप्रभवस्य लज्जा**
**तां त्वां नताः स्म परिपालय देवि विश्वम् ॥५॥**

**पदार्थ–**

**या** = जो, **सुकृतिनाम्** = पुण्यात्माहरूको, **भवनेषु** = घरमा, **स्वयं** = आफैं, **श्रीः** = लक्ष्मीरूपले, **पापात्मनां** = पापीहरूमा, **अलक्ष्मीः** = दरिद्रतारूपले, **कृतधियां** = शुद्ध अन्तःकरण भएका पुरुषको, **हृदयेषु** = हृदयमा, **बुद्धिः** = बुद्धिरूपले, **सतां** = सज्जन पुरुषमा, **श्रद्धा** = श्रद्धारूपले, **कुलजनप्रभवस्य** = कुलीन मनुष्यमा, **लज्जा** = लज्जारूपले निवास गर्दछिन्, **तां** = ती, **त्वां** = हजुरलाई, **नताः स्म** = हाम्रो नमस्कार छ, **देवि** = हे भगवती ! **विश्वं** = सम्पूर्ण संसारको, **परिपालय** = पालन गर्नुहोस् ॥

**भावार्थ–**

स्वयं भगवती नै पुण्यात्महरूको घरमा लक्ष्मी, पापीहरूको घरमा द्रारिद्र्य, चित्त शुद्ध भएका व्यक्तिहरूको हृदयमा सद्बुद्धि, सत्पुरुषहरूभित्र श्रद्धा, कुलीन व्यक्तिहरूभित्र लज्जाको रूपमा रहनुहुन्छ। हे देवी ! हामी हजुर लाई नमस्कार गर्दछौं, हजुरले सम्पूर्ण विश्वको पालन गर्नुहोस् ॥

**विवरण–**

यस श्लोकमा एउटै भगवती पुण्यात्माहरूका लागि लक्ष्मी र पापीहरूकहाँ अलक्ष्मी बनेर रहनुहुन्छ भनी बताइएको छ। ***सुष्ठु कृतं सुकृतम्*** भन्ने व्युत्पतिअनुसार सुकृत शब्दले सत्कर्म या धर्मलाई जनाउँदछ। सुकृती

अर्थात् त्यस्ता धर्माचरण गर्नेहरूकहाँ भगवती स्वयं श्रीरूपमा रहनुहुन्छ। ***श्रीयते सर्वैः*** यस व्युत्पत्तिअनुसार सबैले आश्रय लिने भन्ने अर्थमा श्रीशब्द बन्दछ। सुख धर्मको कार्य हो। दार्शनिकहरूले **धर्ममात्रासाधारणकारणः गुणः सुखम्** अर्थात् सुखको असाधारण कारण धर्म हो । धर्म भएमात्र सुख उत्पन्न हुने र धर्म नभए सुख नहुने भनी यी दुईको बीचमा कार्यकारण भाव देखाएका छन्। त्यसैले भगवती धार्मिक व्यक्तिहरूकहाँ सुखको साधनभूत धन, सम्पत्तिको रूपमा रहनुहुन्छ भन्ने सिद्ध हुन्छ। ***लक्षयति नीतिज्ञमिति लक्ष्मीः, न लक्ष्मीरिति अलक्ष्मीः*** अर्थात् नीतिज्ञ सदाचारी व्यक्तिलाई कृपा दृष्टिले हेर्ने या तिनकहाँ र हने लक्ष्मी हुन्। त्यो नहुनु नै अलक्ष्मी हो। पापीकहाँ भगवती अलक्ष्मीरूपमा रहनुहुन्छ। ***पान्ति अस्मात् आत्मानमिति पापम्*** अर्थात् मानिसहरू जसबाट बँच्न या आफूलाई जोगाउन चाहन्छन् त्यसलाई पाप भन्दछन्। पापको फल दुःख हुने भएकोले प्राणीहरू पापबाट जोगिन खोज्छन्। पापात्माहरू अर्थात् जसको अन्तःकरण पापले भरिएको छ त्यस्ताकहाँ लक्ष्मी रहन्नन् त्यहाँ त अलक्ष्मीको वास हुन्छ। नीतिशास्त्रमा उत्साहले सम्पन्न भएको, काममा बिलम्ब नगर्ने, विधिव्यवहारलाई जान्ने, कुलतमा नफँसेको, धीर, कृतज्ञ र सबैसँग मित्रता गर्ने व्यक्तिकहाँ निवास गर्न लक्ष्मी स्वयं आउँछिन् भनिएको छ– **धीरं कृतज्ञं दृढसौहृदञ्च, लक्ष्मीः समायाति निवासहेतोः** यसैले नीतिज्ञ व्यक्तिकहाँ रहने नै लक्ष्मी हुन् भनिएको हो। यद्यपि लोकमा दुराचारी व्यक्तिहरूसँग पनि सम्पत्ति रहेको देखिन्छ तर वास्तवमा त्यो अलक्ष्मीरूप हो। सुख या आनन्दको साधन भयो भने त्यो नै सम्पत्ति हो। सदाचारी व्यक्तिकहाँ थोरै धन रहे पनि त्यसले उसको जीवनमा सन्तुष्टि दिएको हुन्छ। दुराचार ीकहाँ त जति धेरै धन भए पनि उसले त्यसबाट त्रास, आशङ्का र भय मात्र पाउँछ। भ्रष्टाचारीको अरबौं सम्पत्तिले उसलाई सुख दिने नभई राज्यबाट हुने दण्ड अनि सामाजिक अपहेलनाको मात्र सम्झना दिलाईरहन्छ। फेरि त्यसले त्यो सम्पत्तिलाई बाहिर देखिने डरको कारण न उपभोग गर्न सक्दछ न त योग्य व्यक्तिलाई दिनसक्छ। दान र उपभोग दुबै नगरिएको सम्पत्तिलाई सम्पत्ति मानिन्न । नीतिशास्त्रमा भनिएको छ– **दानोपभोगहीनेन धनेन धनिनो यदि। भवाम किं न तेनैव धनेन धनिनो वयम्॥** अर्थात् लोभी व्यक्तिले दान अनि

उपयोग पनि नगरी कोष आदिमा संगालेर राखेको सम्पत्तिले यदि ऊ धनी हुन्छ भने त्यही सम्पत्तिले हामी पनि धनी हुन्छौं किनकि हामीजस्तै उसले पनि त्यो सम्पत्तिको दान र उपभोग दुबै गरेको छैन । विचार गर्दा दुराचारी व्यक्तिकहाँ रहेको धन सम्पत्ति नभई विपत्ति हो । किनकि त्यो व्यक्ति सो धनको कारणले दिनरात चिन्तित रहन्छ । यसरी पापात्माहरू कहाँ भगवती अलक्ष्मी अर्थात् दरिद्रता, दुःख आदिको रूपमा रहनुहुन्छ र तिनीहरूकहाँ भौतिक सम्पत्ति भएको देखिए तापनि त्यो पनि अलक्ष्मीरूप नै हो भन्ने सिद्ध हुन्छ ।

**कृतधीः** शब्दको अर्थ हुन्छ– ***कृतं-कर्म ध्यायन्ति इति*** अर्थात् आफूले गर्न लागेको कामलाई जसले राम्ररी विचार गर्दछन् त्यस्ता व्यक्तिको हृदयभित्र भगवती बुद्धिको रूपमा निवास गर्नुहुन्छ । त्यसैले लोकव्यवहारमा राम्रा-नराम्रा जुनसुकै कर्म गर्नुपरे तापनि त्यसको परिणति अर्थात् फाइदा-बेफाइदालाई विचार गर्नुपर्दछ भनिएको छ । सत्सङ्ग, धर्माचरण, ईश्वरभक्ति आदिचाहिँ विचारै नगरी छिटो नै गर्नुपर्दछ भन्ने नीति छ । यसरी लोकव्यवहारमा जो विचारपूर्वक कर्म गर्छन् तीभित्र सद्बुद्धिको रूपमा भगवती नै रहनुहुन्छ ।

**सतां** अर्थात् सत्पुरुषहरूको हृदयमा भगवती श्रद्धाको रूपमा रहनुहुन्छ । गुरु, शास्त्रवचन तथा ईश्वरप्रति हुने आस्तिक भावलाई नै श्रद्धा भनिन्छ । श्रद्धा भनेको अध्यात्म मार्गमा हिँड्न सबैभन्दा पहिले आवश्यक पर्ने वस्तु हो । परमतत्त्व इन्द्रिय तथा अन्तःकरणको विषय हुनसक्दैन । यसलाई जान्न व्यक्तिको तर्कशक्ति अनि प्रतिभाको पनि काम छैन । अनुभवी गुरुहरू तथा शास्त्रहरूले यसलाई जुनरूपमा बताउँछन् अनि यसको प्राप्तिमा जुन पद्धति निर्दिष्ट गरिदिन्छन्, त्यहीअनुसार चल्नु नै साधकहरूका लागि सफलताको साधन हो । श्रद्धा आफ्नो अन्तरात्माप्रति पूर्ण समर्पण वा विश्वासको भाव हो । ऋन् अध्यात्मचिन्तनको यात्रामा त श्रद्धा र विश्वास आन्तरिक आँखा हुन् । जसले अन्तर्यामी परमात्माको दर्शनलाई पूरा गर्न सहयोग गर्दछ । उपनिषद्मा आरुणिले आफ्नो पुत्र श्वेतकेतुलाईलाई– **श्रद्धत्स्व सोम्य** अर्थात् हे बाबु ! ब्रह्मतत्त्वको विषयमा श्रद्धा गर भनी उपदेश दिएका छन् । श्वेतकेतु पढेलेखेका विद्वान् थिए तर उनीमा कहीँ पनि नदेखिने परमात्मतत्त्वलाई कसरी छ भन्ने भन्ने शङ्का थियो । यसको उत्तरमा आरुणिले पानीमा घोलिएको नून

नदेखिए तापनि सबैतिर व्याप्त भएकैं ब्रह्मतत्त्व पनि जगत्भरि अदृश्यरूपमा व्याप्त छ भनी बताउँदा श्रद्धाको प्रसङ्ग उठाउनुभएको हो । इन्द्रियले ग्रहण गरिएको भन्दैमा मरुभूमिमा पानी अनि डोरीमा सर्पको भ्रम हुनुलाई प्रामाणिक मान्न सकिन्न । त्यसैगरी बालक, युवा आदि शारीरिक अवस्थाको परिर्वतन हुँदा पनि अपरिवर्तनीय रहने आत्मा अदृश्य भएता पनि कहिल्यै काल्पनिक हुन सक्दैन । आफ्नै अस्तित्त्व जसको आफूलाई सधैं अनुभव छ त्यसमा तर्क र शङ्काको के आवश्यकता हुन्छ र ? यसलाई त भित्री हृदयले चुपचाप अनुभव गर्नु या श्रद्धा गर्नुमा नै कल्याण रहेको छ । त्यसैले गीतामा ज्ञानको अधिकारी बताउने क्रममा– **श्रद्धावान् लभते ज्ञानम्** अर्थात् श्रद्धायुक्त व्यक्तिले नै ज्ञान पाउन सक्दछ भनी सबभन्दा पहिले श्रद्धाको नाम लिइएको छ । बालकहरू सरल श्रद्धाले युक्त हुन्छन् अनि सत्पुरुषहरूमा पनि यस्तै सरल श्रद्धा हुन्छ । मानिसको आन्तरिक प्रकृति सत्यनिष्ठ हुन्छ भनी सरलतापूर्वक विश्वास गर्ने व्यक्तिहरू कोहीदेखि सन्त्रस्त या चिन्तित हुँदैनन् । उनीहरू संसारमा सधैं परम आनन्दको अनुभव गर्दछन् । यस्तै व्यक्तिहरूले सर्वव्यापी परम अस्तित्त्वको बोध गर्न सक्दछन् । त्यसैले भगवती सत्पुरुषहरूमा श्रद्धारूपले रहनुहुन्छ ।

यसैगरी कुलीन व्यक्तिहरूभित्र चाहिँ भगवती लज्जाको रूपमा र हनुहुन्छ । लज्जा भनेर यहाँ असत्कर्महरू गर्नबाट डराउने या त्यसबाट निवृत्त हुने भावलाई लिनुपर्दछ । यही लज्जाकै कारणले कुलीन व्यक्तिहरू आफ्नो कर्तव्यको त्याग र नराम्रो आचरण कहिल्यै गर्दैनन्, किनभने उनीहरूलाई आफ्ना मान्यजन या समाजले के भन्ला ? भन्ने आशङ्का भइरहन्छ । यद्यपि परमात्माको भक्तिमा लज्जालाई बाधक मानिएको छ, किनकि यसबाट परमार्थचिन्तनमा लाग्न खोज्ने व्यक्तिको ध्यान समाजतिर बाँडिन्छ, तर लौकिक व्यवहारमा मानिसको नियन्त्रणका लागि लज्जा परम आवश्यक छ । लज्जाविना लोकव्यवहारको सारा मर्यादा नष्ट हुन्छ । त्यसैले कुलीन व्यक्तिहरूकहाँ भगवती लज्जा रूपले रहनुहुन्छ । यसरी अनेक व्यक्तिहरूको योग्यताअनुसार उनीहरूको घर एवं मनभित्र भगवती नै अनेकरूपमा प्रकट हुनुहुन्छ भन्ने यहाँ बताइएको छ ।

किं वर्णयाम तव रूपमचिन्त्यमेतत्
किं चातिवीर्यमसुरक्षयकारि भूरि ।
किं चाहवेषु चरितानि तवाद्भुतानि
सर्वेषु देव्यसुरदेवगणादिकेषु ॥६॥

**पदार्थ-**

**देवि** = हे भगवती देवी ! **अतिवीर्यम्** = अत्यन्त शक्तिशाली, **भूरि** = धेरै, **असुरक्षयकारि** = दैत्यहरूको नाश गर्ने, **एतत्** = यो, **तव** = तिम्रो, **अचिन्त्यम्** = अद्भुत, **रूपम्** = रूपको बारेमा, **किं वर्णयाम** = कसरी वर्णन गर्न सकिन्छ र ? **सर्वेषु** = सबै, **आहवेषु** = युद्धमा, **असुरदेवगणादिकेषु** = दानव एवं देवताहरूको, **अद्भुतानि** = अद्भुत, **तव** = तिम्रो, **चरितानि** = चरित्रहरू, **च** = पनि, **किं** = कसरी वर्णन गर्न सक्छौं र ? ॥

**भावार्थ-**

हे भगवती ! हजुरको यो अचिन्त्य रूप एवम् असुरहरूलाई नष्ट गर्ने प्रबल पराक्रमलाई हामी कसरी वर्णन गरौं ? त्यसैगरी रणभूमिमा सबै देवता र असुरहरूको अघि प्रकट भएका हजुरका अद्भुत चरित्रहरूलाई पनि हामी कसरी वर्णन गरौं ? ॥

हेतुः समस्तजगतां त्रिगुणापि दोषै-
र्न ज्ञायसे हरिहरादिभिरप्यपारा ।
सर्वाश्रयाखिलमिदं जगदंशभूत-
मव्याकृता हि परमा प्रकृतिस्त्वमाद्या ॥७॥

**पदार्थ-**

**समस्तजगतां** = सम्पूर्ण जगत्को, **हेतुः** = कारण, **त्रिगुणा अपि** = सत्त्व, रज, तमोगुणयुक्त भए तापनि, **दोषैः** = राग आदि दोषद्वारा, **न ज्ञायसे** = जानिनुहुन्न, **हरिहरादिभिः अपि** = विष्णु एवं शिवजीद्वारा पनि, **अपारा** = पार नपाइने, **सर्वाश्रया** = सम्पूर्ण संसारको आश्रय हुनुहुन्छ, **इदं** = यो, **अखिलं** = सम्पूर्ण, **जगत्** = संसार, **अंशभूतम्** = हजुरकै अंश हो, **हि** = निश्चय नै, **त्वं** = किनकि हजुर, **आद्या** = आदिभूत, **अव्याकृता** = अनिर्वचनीय, **परमा** = परा, **प्रकृतिः** = प्रकृति हुनुहुन्छ ।

**भावार्थ–**

हे देवी ! त्रिगुणमय सम्पूर्ण जगत्को कारण हुनुभएकीले हजुरमा सत्त्व, रज, तम यी तीनै गुणहरू छन्, तर यसका दोषहरूले भने हजुरलाई स्पर्शसमेत गर्न सक्दैनन् । भगवान् हरि र हर आदिद्वारा पनि पार नपाइने हजुर सम्पूर्ण जगत्को आश्रय हुनुहुन्छ । यो सम्पूर्ण जगत् हजुरकै एक अंश हो । किनभने हजुर नै सबैको आदि, अवयाकृत परमप्रकृति हुनुहुन्छ ।।

**विवरण–**

यस श्लोकमा देवताहरूले भगवतीको एक अंशमा नै सम्पूर्ण जगत् अडिएको छ भनी उहाँको स्तुति गरेका छन् । हि **गतौ** धातुबाट हेतु शब्द बन्दछ । ***हिनोति-व्याप्नोति कार्यम्*** अर्थात् जसले कार्यलाई व्याप्त गर्दछ त्यो उपादानकारण नै हेतु हो । उपादानकारणले कार्यलाई व्याप्त गरेको हुन्छ । यसबाट माटो घैंटोभरी व्याप्त भएझैं भगवती नै जगत्भरी व्याप्त हुनुहुन्छ र उहाँ नै यसको एकमात्र मूल कारण हुनुहुन्छ भन्ने सिद्ध हुन्छ । जगत् त्रिगुणात्मक छ, यसको उपादानकारण निर्गुण ब्रह्मरूपिणी भगवती हुन कसरी सम्भव छ ? भन्ने शङ्काको समाधानमा भनिन्छ– **त्रिगुणा** अर्थात् भगवती तीन गुणले युक्त पनि हुनुहुन्छ । सम्पूर्ण जगत् भगवतीरूप भएकाले भगवती त्रिगुणरूपा हुन केही आपत्ति छैन । यहाँ शङ्का हुन्छ तीन गुणसँग भगवतीको सम्बन्ध हुनेबित्तिकै यसका गुण दोषले पनि उहाँलाई छोलान् । रजोगुणका कार्य राग-द्वेष, अनि तमोगुणका कार्य मोह-अज्ञान आदिले युक्त हुँदा भगवती पनि सामन्य जीवसमान भइहाल्नुभयो नि ? यस शङ्काको समाधानमा भनिन्छ– **दोषैर्न ज्ञायसे** अर्थात् भगवतीलाई दोषहरूले विषय गर्न सक्दैनन् । सम्पूर्ण जगत् अनि यसका गुण-दोष आदि सबै भगवतीमा अध्यस्त भएका हुन् र अध्यस्त वस्तुको गुण दोषले अधिष्ठानलाई प्रभावित गर्न सक्दैन । श्रीशङ्कराचार्य भन्नुहुन्छ– **यत्र यदध्यासस्तत्कृतेन दोषेण गुणेन बाणुमात्रेणापि स न संबध्यते** (ब्र.सू.,अ.भा.) अर्थात् जहाँ अध्यास हुन्छ, त्यहाँ त्यस अधिष्ठानलाई अध्यस्त वस्तुको गुण वा दोषले अलिकति पनि प्रभावित गर्न सक्दैन । सिपीमा चाँदी देखिदैंमा त्यसमा चाँदीको गुण आउँदैन, अनि मरुभूमिमा पानी छचल्किएको देखिदैंमा त्यसबाट बालुवाको एउटा कण

पनि भिजेको हुँदैन । भगवती सम्पूर्ण जगत्को अधिष्ठान हुनुहुन्छ भन्ने कुरा **सर्वाश्रया** पदद्वारा बताइएको छ । यसैले भगवतीमा सम्पूर्ण जगत्को अध्यास भए तापनि उहाँ यसका दोषहरूद्वारा अस्पृष्ट नै हुनुहुन्छ ।

देवताहरू भन्दछन्– **जगत् अंशभूतम्** अर्थात् सम्पूर्ण जगत् पनि भगवतीको एक अंशमात्र हो । यो विशाल ब्रह्माण्ड जसको अन्त मानवीय बुद्धिको सीमाभन्दा बाहिर छ, त्यो पनि भगवतीको व्यापकताका अगाडि क्षुद्र एवं नगण्य बन्दछ । परम सत्ताको अत्यन्त अल्प भागमा मात्र जगत्को अध्यास हुन्छ । त्यसैले गीतामा भनिएको छ– **मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः** (श्रीम.गी.९/४) अर्थात् सम्पूर्ण प्राणीहरू ममा अवस्थित छन् अनि म चाहिँ तिनमा अवस्थित छैन । यसको तात्पर्य परमात्मा विश्वरूपमात्र नभई विश्वातीत पनि हुनुहुन्छ भन्ने हो । परमात्मामा संसारको अध्यास थोरै अंशमा मात्र भएको छ भन्ने जनाउन वेदमा अखण्ड परमतत्त्वका पनि चार पाउहरूको कल्पना गरिएको छ । परमात्माको एक पाउमा नै सम्पूर्ण सृष्टि भएको र अरु तीन पाउ या भागचाहिँ नित्य चैतन्य रूपमा प्रकाशित र हने बताइएको छ– **पादोऽस्य विश्वा भूतानि त्रिपादस्यामृतं दिवि**(शु.वे.२३/३)। गीतामा पनि भगवान्ले **एकांशेन स्थितो जगत्** (श्रीम.गी.१०/४२)अर्थात् मेरो एक अंशमा नै जगत् छ भनी बताउनुभएको छ । भगवती **अव्याकृता** हुनुहुन्छ अर्थात् भगवती व्याकृत या मूर्त हुनुहुन्न । मूर्त पदार्थहरूमा नै अंशिभाव हुन्छ । अमूर्त वस्तुलाई कुनै पनि रूपले भाग लगाउन मिल्दैन । जगत् भगवतीको एक अंश हो भन्नुको तात्पर्य पनि भगवतीको भाग लगाउनु होइन ।

भगवती परमा प्रकृति हुनुहुन्छ । परमा शब्दको अर्थ हुन्छ– ***परः-पर मात्मा, मीयते-विच्छिद्यते जीवरुपेण यया*** अर्थात् जसद्वारा सर्वव्यापक परमात्मा पनि जीवरूप बन्नुहुन्छ त्यस्ती परमा देवी हुनुहुन्छ । यसरी पर मात्मालाई जीव बनाइदिने मोहशक्ति पनि भगवती नै हुनुभएको थाहा हुन्छ । अखण्ड र निर्विकार आत्मचैतन्य पनि साँढे तीन हातको शरीरमा सीमित रहने अनि जन्मने मर्ने रूपमा आफूलाई मानिरहेको छ । कुनै प्रबल शक्तिविना यो हुनु असम्भव छ । यो शक्ति सर्वसमर्थ भगवतीमाबाहेक अरुमा छैन । उहाँले अविद्यारूपले ढाकिदिई ब्रह्मलाई जीवरूपमा संसारचक्रमा फँसाइदिनुहुन्छ भने

विद्यारूपमा प्रकट भई पछि फेरि त्यो परिच्छिन्न जीवलाई उही सर्वात्मभावमा पुऱ्याइदिनुहुन्छ । यसबाट बन्ध-मोक्षको व्यवस्था केवल भगवतीको लीला-विलासमात्र भएको सिद्ध हुन्छ ।

**यस्याः समस्तसुरता समुदीरणेन**
**तृप्तिं प्रयाति सकलेषु मखेषु देवि ।**
**स्वाहासि वै पितृगणस्य च तृप्तिहेतु-**
**रुच्चार्यसे त्वमत एव जनैः स्वधा च ॥८॥**

**पदार्थ-**

**देवि** = हे देवि ! **त्वम् एव** = हजुर नै, **स्वाहा** = स्वाहा, **असि** = हुनुहुन्छ, **यस्याः** = जुन स्वाहाको, **समुदीरणेन** = उच्चारणद्वारा, **सकलेषु** = सम्पूर्ण, **मखेषु** = यज्ञहरूमा, **समस्तसुरता** = सम्पूर्ण देवसमूह, **तृप्तिं** = सन्तुष्टि, **प्रयाति** = पाउँछन्, **वै** = निश्चय नै, **पितृगणस्य च** = पितृगणको पनि, **तृप्तिहेतुः** = तृप्तिका कारण, **स्वधा** = स्वधा पनि हुनुहुन्छ, **अतः एव च** = त्यसैले, **जनैः** = मान्छेहरूले, **उच्चार्यसे** = उच्चारण गर्दछन् ॥

**भावार्थ-**

हे देवी ! समस्त यज्ञहरूमा जसको उच्चारणले देवताहरू तृप्त हुन्छन्, त्यो स्वाहारूपिणी हजुर नै हुनुहुन्छ, हजुर पितृगणहरूको तृप्तिको पनि हेतु हुनुहुन्छ, त्यसैले हजुरलाई मानिसहरू स्वधा पनि भन्दछन् ॥

**या मुक्तिहेतुरविचिन्त्यमहाव्रता त्व-**
**मभ्यस्यसे सुनियतेन्द्रियतत्त्वसारैः ।**
**मोक्षार्थिभिर्मुनिभिरस्तसमस्तदोषै-**
**र्विद्यासि सा भगवती परमा हि देवि ॥९॥**

**पदार्थ-**

**देवि** = हे देवि ! **या** = जो, **मुक्तिहेतुः** = मोक्षप्राप्तिको साधन, **अविचिन्त्यमहाव्रता** = अचिन्त्यमहाव्रतस्वरूपा, **त्वं** = हजुर नै, **असमस्तदोषैः** = समस्त दोषद्वारा रहित भएका, **स्वनियतेन्द्रियतत्त्वसारैः** = इन्द्रिय जितेका एवं तत्त्वलाई नै सारवस्तु मान्ने, **मोक्षार्थिभिः** = मोक्षको अभिलाष राख्ने,

**मुनिभिः** = मुनिहरूद्वारा, **अभ्यस्यसे** = अभ्यास गरिन्छौ । **हि** = निश्चय नै, **सा** = ती, **भगवती** = भगवती देवी, **परमा** = परा, **विद्या** = ब्रह्मविद्या, **असि** = हजुर नै हुनुहुन्छ ॥

**भावार्थ–**

जितेन्द्रिय, तत्त्वनिष्ठ एवं समस्त दोषले शून्य मोक्षार्थी मुनिहरूले परा विद्याको अभ्यास गर्दछन् । मुक्तिको कारण एवम् अचिन्त्य महाव्रतरूपिणी त्यो परा विद्या पनि हजुर नै हुनुहुन्छ ॥

**विवरण–**

यस श्लोकमा भगवतीलाई परा विद्याको रूपमा स्तुति गरिएको छ । मोक्षार्थी अर्थात् मुमुक्षुहरूले परा विद्यालाई चाहन्छन् । परा र अपरा विद्या उपनिषद्मा बताइएको छ– **द्वे विद्ये वेदितव्ये परा चैवापरा च** (मु.उ.१/१/४) । तीमध्ये अपरा विद्या भनेको वेद-वेदाङ्ग आदि शास्त्रहरूको ज्ञान प्राप्त गर्नु हो भने परा विद्या भनेको चाहिँ अक्षर परमात्मतत्त्वलाई बुझ्नु हो । त्यसैले भनिएको छ– **अथ परा यया तदक्षरमधिगम्यते** । यद्यपि लोकव्यवहारमा अपरा विद्याको अत्यन्त महत्त्व छ, तर परमार्थमा काम लाग्ने चाहिँ केवल पराविद्या मात्र हो । यसैले मात्र जीव र ब्रह्मको एकतारूपी परमसत्यलाई प्रकट गराउन सक्दछ, अरु विद्याले चाहिँ मायाजन्य अयथार्थ वस्तुहरूको प्रतिपादन गर्दछन्, त्यसैले सत्यवस्तुलाई प्रतिपादन गर्ने हुनाले पराविद्या सर्वश्रेष्ठ छ ।

विद्याको प्रयोजनको विषयमा बताउँदै उपनिषद्मा भनिएको छ– **सा विद्या या विमुक्तये** अर्थात् त्यही नै विद्या हो जसबाट मुक्ति मिल्छ । जसरी डोरीमा सर्पको ज्ञान हुनुलाई ज्ञान भनिन्न त्यसैगरी अद्वितीय परमतत्त्वमा संसारका अनेक जञ्जालको प्रतीति हुनु वा सांसारिक पदार्थहरूको ज्ञान प्राप्त गर्नुलाई ज्ञान भन्न मिल्दैन । ब्रह्मविद्या चाहने व्यक्ति नै असली विद्यार्थी हो । कठोपनिषद्मा नचिकेतालाई अनेक प्रलोभन र भय देखाउँदा पनि उनी ब्रह्मविद्याको चाहनाबाट विचलित नभएपछि यमराजले उनलाई असली विद्यार्थी भनेको पाइन्छ– **विद्याभीप्सिनं नचिकेतसं मन्ये** (क.उ.१/२/४) अर्थात् हे नचिकेता ! म तिमीलाई विद्यार्थी मान्दछु । यो परा विद्या हो । यसमा जो सुकै व्यक्ति अधिकारी हुँदैनन् । इन्द्रियलाई नियन्त्रण गर्ने, रागद्वेष आदि दोष

छुटेका मुनिहरू मात्र यसका अधिकारी हुन्छन् । **सुनियतेन्द्रियतत्त्वसारैः** अर्थात् जसका इन्द्रियहरू नियन्त्रित छन् र जसले परमात्मतत्त्वलाई मात्र सारभूत प्राप्तव्य ठान्दछन्, यस्ता व्यक्तिहरूमा राग-द्वेष आदि समस्त दोषहरू **अस्त** अर्थात् नष्ट भएका हुन्छन् । **मुनिभिः** अर्थात् मननशील यस्ता व्यक्तिहरूले परा विद्याको रूपमा भगवतीकै अभ्यास गर्दछन् । यसप्रकार ब्रह्मरूपिणी भगवतीलाई जान्ने एकमात्र साधन परा विद्याको रूपमा पनि भगवती स्वयं हुनुहुन्छ ।

भगवती **अविचिन्त्यमहाव्रता** अर्थात् अचिन्त महाव्रतरूपिणी पनि हुनुहुन्छ । ***अविचिन्त्यानि महान्ति व्रतानि पातञ्जलोक्तानि यस्यां सा*** अर्थात् जसलाई पाउन पातञ्जल योगशास्त्रमा वर्णित महान् व्रतहरू साधन हुन्छन् । यहाँ महाव्रत भनेर अहिंसा, सत्य, अस्तेय, ब्रह्मचर्य, र अपरिग्रह यी पाँचलाई लिनुपर्दछ । योगका आठ अङ्गहरूमध्ये यम पहिलो र महत्वपूर्ण अङ्ग हो । अरु नियमको पालना गर्न नसके तापनि मुमुक्षुले यमको पालना सधैँ गर्नुपर्दछ भन्ने भनवान्को आज्ञा रहेको छ– **यमानभीक्ष्णं सेवेत नियमान् मत्परः क्वचित्** (**श्रीम.भा.११/१०/५**) । अहिंसा, सत्य, ब्रह्मचर्य आदिलाई ब्रह्मविद्याको साधन बताइएको छ । यिनको पालनबाट चित्तशुद्ध भएका व्यक्तिहरू ब्रह्मविद्याका अधिकारी हुन्छन् । यसरी ब्रह्मविद्याको प्राप्तिमा साधन भएका अहिंसा आदि व्रतको रूपमा पनि भगवती नै हुनुहुन्छ । यसप्रकार यस श्लोकमा ब्रह्मप्राप्तिको साधन भएको परा विद्याको रूपमा अनि त्यसको पनि साधन अहिंसा आदि वृत्तिको रूपमा पनि भगवती नै हुनुहुन्छ भनी बताइएको छ ।

**शब्दात्मिका सुविमलर्ग्यजुषां निधान-**
**मुद्गीथरम्यपदपाठवतां स साम्नाम् ।**
**देवी त्रयी भगवती भवभावनाय**
**वार्ता स सर्वजगतां परमार्तिहन्त्री ॥१०॥**

**पदार्थ–**

**शब्दात्मिका** = शब्दस्वरूपा हजुर, **सुविमर्ग्यजुषां** = अत्यन्त निर्मल ऋग्वेद, यजुर्वेदको, **उद्गीथरम्यपदपाठवताम्** = उद्गीथको मनोहर पदपाठले युक्त सामवेदको, **च** = पनि, **निधानं** = आधार हजुर नै हुनुहुन्छ, **देवी** = देवी, **त्रयी** =

तीन वेदरूपिणी हुनुहुन्छ, **भगवती** = ऐश्वर्यशाली हजुर नै, **भवभावनाय** = संसार को पालनको लागि, **वार्ता** = आजीविकारूपिणी हुनुहुन्छ, **सर्वजगतां** = सम्पूर्ण संसारको, **परमार्तिहन्त्री च** = परमदुःखलाई नाश गर्ने पनि हजुर नै हुनुहुन्छ ॥

**भावार्थ–**

शब्दरूपिणी हजुर नै निर्मल ऋग्वेद, यजुर्वेद तथा उद्गीथको सुमधुर पाठले युक्त सामवेदको पनि आधार हुनुहुन्छ । सबैथरी ऐश्वर्यले युक्त हजुर नै त्रयीरूपिणी हुनुहुन्छ । सम्पूर्ण जगत्को उत्पत्ति एवं पालनका लागि हजुर नै आजीविकाका अनेक साधनको रूपमा प्रकट हुनुभएको छ र हजुरले नै संसार का सबैथरी दुःखहरूलाई नाश गर्नुहुन्छ ॥

**विवरण–**

यस श्लोकमा सम्पूर्ण वेद र वेदाङ्गको रूपमा पनि भगवती नै हुनुहुन्छ भनी बताइएको छ । भगवती **त्रयी** अर्थात् वेदरूपिणी हुनुहुन्छ । **विद ज्ञाने** धातुबाट वेद शब्द बन्दछ । यसको परिभाषा गर्दै विद्वान्हरू भन्दछन्– **इष्टप्राप्त्यनिष्टपरिहारयोरलौकिकमुपायं यः शब्दराशिः, वेदयते स वेदः** अर्थात् इष्टवस्तुको प्राप्ति र अनिष्ट वस्तुको परिहारका लागि जसले अलौकिक उपाय बताउँछ त्यही नै वेद हो । सबैथरी दुःखको मूल पाप हो र सुखको कारण पुण्य हो भन्ने कुरा वेदले नै बताउँछ र पापलाई निराकरण गर्ने यज्ञ आदि अलौकिक उपायहरूको प्रतिपादन पनि वेदले गर्दछ । यसैले वेदको महत्त्व भएको हो । वेदमा मुख्यतः दुई विषयको प्रतिपादन हुन्छ । एउटा धर्म अनि अर्को ब्रह्म । **धर्मब्रह्मप्रतिपादकमपौरुषेयं वाक्यं वेदः** अर्थात् धर्म र ब्रह्मलाई बताउने अपौरूषेय वाक्य नै वेद हो । वेदका मन्त्रहरू अपौरुषेय हुन् अर्थात् कुनै पनि पुरुषले उसलाई रचना गरेको होइन । ऋषिहरूले ध्यानावस्थामा मन्त्रहरूको साक्षात्कार गरी त्यही मन्त्र शिष्य-प्रशिष्यको क्रमले फैलाएका हुन् अनि कल्पको आदिमा ईश्वरले पनि यी मन्त्रको नवीन रचना गरेको नभई पुरानो कल्पको उच्चारणअनुसार यसको उच्चारण मात्र गर्नुभएको हो । यसैले मन्त्रद्रष्टा ऋषि र ईश्वरले पनि रचना नगरेको हुनाले वेदलाई अपौरूषेय मानिएको हो । यसरी अनेक मन्त्रहरूको समूहरूप वेद एउटै भए तापनि त्यसको विभागलाई लक्षित गरी यहाँ त्रयी शब्दको प्रयोग गरिएको

हो । एउटै वेदलाई विषयगत वर्गीकरणका हिसाबले चार भागमा छुट्याइयो, ती हुन्-ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद । ***ऋच्यन्ते-स्तूयन्ते देवा आभिः इति ऋचः*** अर्थात् यज्ञमा देवताहरूको स्तुतिपूर्वक आवाहन जसद्वारा गरिन्छ त्यस्ता देवताको गुणलाई वर्णन गर्न मन्त्रहरूलाई ऋक् भनिन्छ र त्यसको समूह नै ऋग्वेद हो । ***इज्यते एभिः इति यजुः*** अर्थात् जसद्वारा देवतालाई यज्ञीय आहुति प्रदान गरिन्छ, ती होमार्थक मन्त्रहरूलाई यजुः भनिन्छ र त्यसको समूह यजुर्वेद हो । **समु शब्दे** धातुबाट साम शब्द बन्दछ । यज्ञमा देवताहरूका गुणलाई स्वरबद्ध रूपमा गाएर उनीहरूलाई प्रसन्न पार्ने मन्त्र नै साम हो र त्यसको समूहलाई सामवेद भनिन्छ । अथर्वा ऋषिले देखेका मन्त्रहरू भएको वेदलाई अथर्ववेद भनिन्छ । अथर्ववेदका मन्त्रहरू ऋग्वेदभित्रकै भएकाले वेदत्रयी भनेर गन्दा ऋक्, यजुः र सामकोमात्र नाम आउँछ अथवा वेदमा तीन काण्डहरू हुन्छन् । कर्मको प्रतिपादन गर्ने कर्मकाण्ड, उपासनाको प्रतिपादन गर्ने उपासनाकाण्ड, अनि ज्ञानको प्रतिपादन गर्ने ज्ञानकाण्ड या उपनिषद् । यसरी विषयप्रतिपादनको भेदलाई लिएर पनि वेदलाई त्रयी भनिएको हो । श्लोकमा **त्रयी** अर्थात् वेदरूपा भगवती नै ऋक्, यजु र साम मन्त्रहरूका **निधानम्** अर्थात् आश्रय या परम तात्पर्य हुनुहुन्छ भनिएको छ ।

**उद्गीथरम्यपदपाठवताम्**– ***उद्गीथेन रम्यैः पदैः पाठो येषाम्*** अर्थात् उद्गीथद्वारा रमणीय भएका पदहरूद्वारा पाठ गरिने । उद्गीथ शब्दका दुई अर्थहरू हुन्छन्– एउटा सामवेदको उच्चारण गर्दा अपनाइने ध्वनिविशेष र अर्को प्रणव । ***उद्गीयते इति*** भन्ने व्युत्पत्ति गर्दा यसले गानको प्रकारलाई बताउँछ भने ***उद्गीयते-प्रशस्यते यः सर्वत्र*** भन्ने व्युत्पत्तिअनुसार यसले वेद आदिमा जहाँसुकै प्रशंसित हुने प्रणव-ॐकारलाई बुझाउँछ । सामवेदको पाठमा विशिष्ट लयका कारण रमणीय हुने पदहरूको उच्चारण हुन्छ । त्यसैले **उद्गीथरम्यपाठवताम्** शब्द **साम्नाम्** यो शब्दको विशेषण हो । त्यो सामवेदको परम आश्रय या तात्पर्य पनि भगवती नै हुनुहुन्छ भन्ने यसको तात्पर्य हो । यदि उद्गीथ शब्दले प्रणवलाई लिने हो भने **उद्गीथरम्यपदपाठवताम्** यो पद **साम्नाम्** र **ऋग्यजुषाम्** यी दुबैको विशेषण हुन सक्दछ । **स्रवत्यनोङ्कृतं पूर्वं परस्ताच्च विशीर्यते** (मनुस्मृति) अर्थात् वेदमन्त्रको पाठमा पहिले ॐकार

उच्चारण गरिएन भने त्यो पाठ चुहिन्छ र पछि प्रणवको उच्चारण गरिएन भने त्यो पाठ छरिन्छ र नष्ट हुन्छ भन्ने स्मृतिवचनअनुसार वेदका जुनसुकै मन्त्रहरूलाई पनि अघि-पछि प्रणव लगाएर उच्चारण गर्नुपर्छ । यसरी ऋक्, यजुः र साम यी तीनैमा प्रणवको उच्चारणले रम्य भएका पदहरूको पाठ हुन्छ भन्नु यसको तात्पर्य हो ।

यहाँ देवी शब्दलाई पनि त्रयी शब्दकै विशेषण मान्दा यसको अर्थ हुन्छ– ***देवयति सर्वान् प्रवृत्तिनिवृत्युपदेशेन इति देवी*** अर्थात् सबैलाई प्रवृत्ति र निवृत्तिको उपदेश गराउने हुनाले श्रुति नै देवी हुन् । भगवती नै वेदरूपमा सबैलाई प्रवृत्ति र निवृत्तिको उपदेश गर्नुहुन्छ भन्ने यसको तात्पर्य हो । कर्म, श्रद्धा भएकाहरूलाई वेदले तिनको अधिकारअनुसार कर्ममा नै प्रवृत्त र निवृत्त गराइदिन्छ । जस्तै– **अग्निहोत्रं जुहुयात् स्वर्गकामः** अर्थात् स्वर्ग जान चाहने व्यक्तिले अग्निहोत्र यज्ञ गरोस् । यसैगरी **सुरां न पिबेत्** अर्थात् मदिरा नपिओस् यो कर्मभागको विधि-निषेध हो । ज्ञानमार्गीहरूका लागि चाहिँ **आत्मा वाऽऽरे द्रष्टव्यः** अर्थात् आत्मसाक्षात्कार गर्नुपर्दछ भन्ने विधिवाक्य हो भने **नेह नानास्ति किञ्चन** अर्थात् यहाँ अलिकति पनि द्वैत छैन भन्ने निषेध वाक्य हो । भगवतीलाई वेदरूपमा मान्दा भगवती शब्दको अर्थ **राजवत् परानपेक्षतया लोकप्रवर्तिका** अर्थात् जसरी राजाज्ञाले अरु कसैको अपेक्षाविना पनि स्वतः नै जनतालाई कर्तव्यमा प्रेरित गराउँछ त्यसैगरी वेदरूपा भगवतीको आज्ञाले पनि अरु प्रमाण एवं विचारको अपेक्षा नराखी स्वधर्महरूमा प्रेरित गराउँछ भन्ने हुन्छ । यसरी राजाझैं निरङ्कुश ऐश्वर्यले युक्त भएको हुनाले श्रुतीलाई भगवती भनी बताइएको हो ।

भगवती **शब्दात्मिका** अर्थात् शब्दरूपा हुनुहुन्छ । यहाँ शब्द भनेर परा, पश्यन्ती, मध्यमा, वैखरी यी चार भेदलाई लिन सकिन्छ अनि वेदका अङ्गभूत अनेक शास्त्रहरूलाई पनि लिन सकिन्छ । शब्दात्मिका शब्दको अर्थ गरिएको छ– ***पदवाक्यप्रमाणरूपा बाणी-शब्दः, स एव आत्मा-स्वरूपं यस्याः*** अर्थात् पद, वाक्य र प्रमाणशास्त्ररूप शब्द नै जसको स्वरूप हो । शास्त्रहरूमध्ये व्याकरण, मीमांसा र न्यायलाई मुख्य मानिन्छ । सन्धि, व्युत्पत्ति, प्रकृति, प्रत्यय आदिको विवेचन गरी लौकिक-वैदिक पदहरूको अर्थ बताउने

हुनाले पद भनेको व्याकरण हो । वाक्य भनेको चाहिँ वेदवाक्यको विषयमा निर्णय गर्ने मीमांसाशास्त्र हो भने प्रमाण भनेर चाहिँ प्रत्यक्ष आदि प्रमाणको बलाबल विचारपूर्वक प्रमेयको निर्णय गर्ने न्यायशास्त्र हो । वेदका छ अङ्गहरूमध्ये व्याकरण मुख हो र यसलमई सबैभन्दा प्रधान मानिएको छ– **षट्सु अङ्गेषु प्रधानं व्याकरणम्** । कुनै पनि पदको अर्थ लगाउनु पर्दा त्यसको मूल धातु, त्यसमा लागेका प्रकृति, प्रत्यय, लिङ्ग, वचन, विभक्ति र कारक आदिको अर्थ बुझ्नुपर्दछ । व्याकरण भनेको पदमा भएका प्रकृति-प्रत्यय आदिलाई अलग रूपमा देखाई तिनको छुट्टाछुट्टै भाव बुझाउने शास्त्र हो । यसैलाई व्युत्पत्ति भन्दछन् र व्याकरणको मुख्य काम पनि यही हो । यसैले भनिएको छ– ***व्याक्रियन्ते व्युत्पाद्यन्ते शब्दा अनेन इति व्याकरणम्*** अर्थात् जसद्वारा शब्दहरूको व्युत्पादन हुन्छ त्यही व्याकरण हो । यसैले पद अर्थात् व्याकरण शास्त्रको अत्यन्त महत्त्व रहेको छ । प्रमाण अर्थात् न्यायशास्त्रले चाहिँ **प्रमाणैरर्थपरीक्षणम्** अर्थात् विभिन्न प्रमाणहरूद्वारा यथार्थ अर्थको परीक्षण गर्दछ । लोकमा पनि न्यायशब्दले नीति नियमअनुसार हुने व्यवहार या कामलाई बुझाउँदछ । न्यायशास्त्रले हरेक वस्तुको निर्णयमा तद्विषयक प्रमाणहरूको विचार गर्नुपर्दछ र जुन प्रमाण प्रबल छ त्यसैअनुसार निर्णय हुन्छ भन्ने व्यवस्थित प्रक्रिया सिकाउँछ । मीमांसाशास्त्रको मुख्य कामचाहिँ वेदवाक्यको तात्पर्य निर्णय गर्नु हो । वेदका वाक्यमध्ये कुन वाक्य कस्तो प्रकार को हो भनी त्यहीअनुसार त्यसको प्रामाण्य एवं सबलता अनि दुर्बलताको निर्णय गर्ने शास्त्र मीमांसा हो । यसमा उपक्रम, उपसंहार, अभ्यास, अपूर्वता, फल, अर्थवाद र उपपत्ति यी छ प्रकारका लिङ्ग अर्थात् तात्पर्यनिर्णायक साधनहरूद्वारा वेदवाक्यको अर्थ बताइन्छ । यो पनि वेदको उपाङ्ग हो । यसरी वेदरूपा भगवतीको अर्थ निर्णय गर्न प्रवृत्त हुने अङ्ग-उपाङ्ग आदि शास्त्रको रूपमा पनि स्वयं भगवती नै प्रकट हुनुभएको हो ।

भगवती वेदरूपमा किन प्रकट हुनुभयो ? यसको उत्तर हो– **भवभावनाय** । यहाँ भव शब्दका दुई अर्थ छन् । एउटा संसार र अर्को भगवान् शिव । ***भवति उत्पद्यते यः*** अर्थात् जो उत्पन्न हुन्छ भन्ने व्युत्पत्ति गर्दा ईश्वरबाट उत्पन्न हुने जगत् भन्ने बुझिन्छ । त्यसैगरि ***भवति अस्मात्***

*जगत्* अर्थात् जसबाट जगत् उत्पन्न हुन्छ भन्ने व्युत्पत्ति गर्दा यसले महेश्वर श्रीशिवलाई जनाउँछ । यसरी भवभावनाय शब्दको पनि दुई अर्थ हुने देखिन्छ । *भवस्य-संसारस्य, भावनाय-स्थितये* अर्थात् संसारको स्थितिको लागि नै भगवती त्रयीरूपा बन्नुभएको हो भन्ने यसको अर्थ हो । *भवस्य-शिवस्य, भावनाय-ध्यानाय ज्ञानाय वा* भन्ने अर्को अर्थ पनि यसको हुन्छ । शिवतत्त्वको ज्ञान गराउन या स्मरण गराउन नै भगवती वेदरूपा बन्नुभएको हो भन्ने यसको तात्पर्य हो । यी दुई अर्थले वेदका कर्मकाण्ड र ज्ञानकाण्डका प्रयोजनलाई बताएका छन् । प्राणीहरूबाट सत्कर्म गराई संसारको संरक्षण, सुव्यवस्था मिलाउनु कर्मकाण्डको लक्ष्य हो । अनि ज्ञानकाण्डको लक्ष्य चाहिँ प्राणीहरूलाई आफ्नै वास्तविक स्वरूप शिवतत्त्वको ज्ञान गराइदिनु हो । यसरी भगवती भोग र मोक्षको सिद्धिका लागि नै वेदरूपमा प्रकट हुनुभएको सिद्ध हुन्छ ।

वार्ता शब्दको अर्थ **आजीविका** हो । विशेषतः आजीविका भनेर कृषि, पशुपालन र व्यापारलाई लिइन्छ । व्यापक अर्थमा चाहिँ ब्राह्मणका लागि यज्ञ गराउनु, पढाउनु र दान लिनु आजीविका हो । क्षत्रियका लागि देशरक्षा गर्नु, युद्ध गर्नु आदि आजीविका हुन् । वैश्यका लागि कृषि, व्यापार आदि आजीविका हो भने शूद्रका लागि चाहिँ तलबी सेवा गर्नु नै आजीविका हो । लोकमा आजीविकाविना कसैको पनि जीवन चल्दैन केवल शास्त्रहरूले मात्र जीवन दुःखलाई नष्ट गर्न सक्दैनन् । भगवती मातृरूपा हुनुभएकोले उहाँलाई आफ्ना सन्ततिहरूको सबैथरी दुःखको विषयमा चिन्ता हुन्छ । त्यसैले उहाँ वार्ता अर्थात् जीविकाको साधनको रूपमा पनि प्रकट हुनुभएको छ । यसप्रकार देवताहरूले यो श्लोकमा शब्दात्मिका भगवती नै ऋक्, यजुः र साम मन्त्रहरूको परमआश्रय या तात्पर्य हुनुहुन्छ । धर्मव्यवस्थाद्वारा धर्मको स्थिति गर्न अनि शिवतत्त्वको ज्ञानद्वारा मोक्ष दिलाउन पनि उहाँ वेदको स्वरूपमा प्रकट हुनुभएको हो । यसैगरी प्राणीहरूको दैनिक जीवनको सङ्कट समाधान गर्न अनेक आजीविकाको रूपमा पनि स्वयं उहाँ नै प्रकट हुनुभएको हो भनी भगवतीको स्तुति गरेका छन् ।

मेधासि देवि विदिताखिलशास्त्रसारा
दुर्गासि दुर्गभवसागरनौरसङ्गा ।
श्रीः कैटभारिहृदयैककृताधिवासा
गौरी त्वमेव शशिमौलिकृतप्रतिष्ठा ॥११॥

**पदार्थ–**

**देवि** = हे भगवतीत ! **विदिताखितशास्त्रसारा** = समस्त शास्त्रको सार-लाई जान्ने, **मेधा** = धारणाबुद्धिवाली **असि** = हजुर नै हुनुहुन्छ, **दुर्गभवसागर नौः** दुर्गम भवसागरबाट पार लगाउन नौकारूपा, **असङ्गा** = संसारबाट असङ्ग, **दुर्गा** = दुर्गादेवी, **असि** = हजुर नै हुनुहुन्छ । **कैटभारिहृदयैककृताधिवासा** = कैटभका शत्रु भगवान् विष्णुको वक्षःस्थलमा निवास गर्ने, **श्रीः** = भगवती लक्ष्मी, **शशिमौलिकृतप्रतिष्ठा** = भगवान् चन्द्रशेखर शिवद्वारा सम्मानित, **गौरी** = भगवती देवी, **त्वम् एव** = हजुर नै हुनुहुन्छ ॥

**भावार्थ–**

हे देवी ! सम्पूर्ण शास्त्रहरूको सारभूत रहस्यलाई जान्ने साधन भएको मेधाशक्ति हजुर नै हुनुहुन्छ । हजुर नै दुर्गम भवसागरबाट प्राणीहरूलाई पारि तारिदिने नौकारूपिणी दुर्गारूपिणी हुनुहुन्छ तर संसारका कुनै पदार्थमा पनि हजुरको आसक्ति छैन । भगवान् विष्णुको वक्षस्थलमा निवास गर्ने लक्ष्मी तथा चन्द्रमौलि भगवान् शिवद्वारा सम्मानित गौरी पनि हजुर नै हुनुहुन्छ ॥

**विवरण–**

यस श्लोकमा देवताहरूले मेधाशक्तिको रूपमा र संसार सागरबाट पार तर्ने डुङ्गाको रूपमा भगवतीको स्तुति गरेका छन् । शास्त्रहरूको सार के हो ? भनी बुझ्नका लागि मेधाशक्तिको आवश्यकता हुन्छ । मेधा भनेको ग्रन्थको अर्थलाई धारण गर्नसक्ने शक्ति हो । परा अपरा दुबै विद्यामा यो धारणाशक्तिको आवश्यकता हुन्छ । त्यसैले उपनिषद्मा मुमुक्षुद्वारा परमात्मासँग मेधाको कामना गरिएको छ – **स मेन्द्रो मेधया स्पृणोतु** (तै. उ.१/४/१) अर्थात् ती इन्द्र(परमात्मा)ले मलाई मेधाशक्तिले पूर्ण गरून् । यज्ञमा पनि अग्निसँग मेधाको कामना गरिएको छ– **तया मामद्य मेधयाग्ने मेधाविनं कुरु स्वाहा** अर्थात् हे अग्निदेव ! हजुरले त्यस मेधाद्वारा मलाई मेधावी बनाउनुहोस् ।

मेधा भनेको केवल ग्रन्थ कण्ठस्थ गर्ने स्मृतिशक्ति मात्र नभई शास्त्रको सारभूत उपयोगी अंश बुझ्ने र निर्क्यौल गर्ने शक्ति पनि हो । त्यसैले नीतिमा भनिन्छ– **सारं ततो ग्राह्यमपास्य फल्गु हंसैर्यथा क्षीरमिवाम्बुमध्यात्** अर्थात् राजहंसले पानीबाट छुट्याई दुधमात्र लिएझैं अनन्त शास्त्रहरूबाट पनि सार अंशलाई छुट्याई लिनुपर्दछ । यस श्लोकमा मेधालाई **विदिताखिलशास्त्रसारा** अर्थात् सम्पूर्ण शास्त्रको सार बुझ्ने भनी यही तात्पर्य बताइएको हो ।

भगवती संसारसागरबाट पार तर्ने साधन हुनुहुन्छ । संसारसागरको यात्रा दुःखैदुःखले भरिएको छ । यसैले यसलाई दुर्गभवसागर भनिएको हो । यसबाट पार तर्ने नौः अर्थात् डुङ्गा पनि भगवती नै हुनुहुन्छ । डुङ्गाले त माझी नभई पार तार्न सक्दैन, त्यसैगरी भगवती पनि अरु कसैको अपेक्षा गर्नुहुन्छ कि ? भन्ने शङ्का हुँदा भनिन्छ– **असङ्गा** अर्थात् भगवती अद्वितीय हुनुहुन्छ । सामान्य डुङ्गाहरूमा माझीको आवश्यकता हुन्छ । भगवती त स्वयं नै जीवलाई संसारसागरबाट पार तार्नुहुन्छ । भव शब्दले शिवलाई लिदाँ यसको व्युत्पत्ति यसप्रकार छ–*दुर्गे–दुष्प्रापे भवे–शम्भौ, सागरे–सागरवद् अक्षोभ्ये, नौः–नौका नयनसाधनम् ।* भगवान् शिव सागरझैं **अक्षोभ्य** अर्थात् गम्भीर हुनुहुन्छ त्यस्तो निश्चल परमतत्त्वमा पुग्न अत्यन्त कठिन छ । त्यसैले उहाँलाई दुर्गभवसागर भनिएको हो । सागरमा विहार गर्न डुङ्गा अवश्य चाहिन्छ । त्यसैगरी शिवतत्त्वमा पुग्नका लागि भगवतीको अनिवार्य आवश्यकता पर्दछ । यसको अर्थ भगवती नै ब्रह्मप्राप्तिको साधन भएको ब्रह्मविद्या हुनुहुन्छ भन्ने हो । यसैगरी श्रीविष्णुको हृदयमा बस्ने लक्ष्मीजी अनि शिवको आधा अङ्गरूपिणी गौरी पनि भगवती नै हुनुहुन्छ ।

**ईषत्सहासममलं परिपूर्णचन्द्र-**
**बिम्बानुकारि कनकोत्तमकान्तिकान्तम् ।**
**अत्यद्भुतं प्रहृतमात्तरुषा तथापि**
**वक्त्रं विलोक्य सहसा महिषासुरेण ॥१२॥**

**पदार्थ–**

**ईषत्सहासं** = मन्दमुस्कानद्वारा, **अमलं** = सुशोभित, **परिपूर्णचन्द्रबिम्बानुकारि** = निर्मल पूर्णचन्द्रमाको बिम्बको अनुकरण गर्ने,

**कनकोत्तमकान्तिकान्तम्** = उत्तम सुनको मनोहर कान्तिले चमत्कृत भएको, **वक्त्रं** = मुखलाई, **विलोक्य** = देखेर, **तथा अपि** = पनि, **आत्तरुषा** = अत्यन्त रिसाएको, **महिषासुरेण** = महिषासुरले, **सहसा** = हठात्, **प्रहृतम्** = प्रहार गऱ्यो, **अत्यद्भुतं** = अत्यन्त आश्चर्यको कुरा हो ॥

**भावार्थ–**

पूर्णचन्द्रको शोभालाई अनुकरण गर्ने मन्दमुस्कानले युक्त भएको हजुर को निर्मल मुख सुवर्णसमान कान्तियुक्त र मनोहर छ । त्यस्तो परम सुन्दर मुहारलाई देखेर पनि महिषासुरलाई क्रोध हुनु र ऊ हजुरमाथि जाइलाग्नु अत्यन्त आश्चर्यको कुरा हो ॥

**दृष्ट्वा तु देवि कुपितं भ्रुकुटीकराल-**
**मुद्यच्छशाङ्कसदृशच्छवि यन्न सद्यः ।**
**प्राणान्मुमोच महिषस्तदतीव चित्रं**
**कैर्जीव्यते हि कुपितान्तकदर्शनेन ॥१३॥**

**पदार्थ–**

**देवि** = हे भगवती ! **कुपितं** = क्रोधले युक्त, **भ्रुकुटिकरालं** = डर लाग्दो आँखीभौं भएको, **उद्यच्छशाङ्कसदृशच्छवि** = उदयकालको चन्द्रमाको जस्तो चम्किलो छवि भएको, **तु** = त, **यत्** = जुन मुखलाई, **दृष्ट्वा** = देखेर, **महिषः** = महिषासुरले, **सद्यः** = तत्कालै, **प्राणान्** = आफ्नो प्राण, **न मुमोच** = छोडेन, **तत्** = त्यो, **अतीव** = अत्यन्त, **चित्रम्** = आश्चर्यको कुरा हो, **हि** = निश्चय नै, **कुपितान्तकदर्शनेन** = रिसाएको यमराजलाई देखेर, **कैः** = को, **जीव्यते** = बाँच्न सक्छ र ? ॥

**भावार्थ–**

हजुरको त्यही मुख क्रोधयुक्त भएपछि उदाउँदो चन्द्रमासमान रातो र भृकुटी टेडिनाले अत्यन्त विकराल देखिन्थ्यो । त्यस्तो भयकारी हजुरको अनुहारलाई देखेर पनि महिषासुरको तत्काल प्राणान्त नहुनु झन् आश्चर्यलाग्दो कुरा हो । किनभने क्रोधयुक्त साक्षात् यमराजलाई देखेर को बाँच्न सक्दछ र ? ॥

देवि प्रसीद परमा भवती भवाय
सद्यो विनाशयसि कोपवती कुलानि ।
विज्ञातमेतदधुनैव यदस्तमेत-
न्नीतं बलं सुविपुलं महिषासुरस्य ॥१४॥

**पदार्थ–**

**देवि** = हे भगवती ! **परमा** = परमरूपा, **भवती** = हजुर, **भवाय** = कल्याणको निम्ति, **सद्यः** = चाडैं, **प्रसीद** = प्रसन्न हुनुहोस्, **कोपवती** = रिसाएरकी हजुर, **कुलानि** = सम्पूर्ण कुलको, **विनाशयसि** = नाश गर्नुहुन्छ, **एतद्** = यो, **अधुना एव** = अहिले नै, **विज्ञातं** = जान्यौं, **महिषासुरस्य** = महिषासुरको, **यद्** = जुन, **सुविपुलं** = विशाल, **एतद्** = यो सम्पूर्ण, **बलं** = सैन्यादि शक्ति थियो, **अस्तं** = नाश, **नीतम्** = गरिदिनुभयो ॥

**भावार्थ–**

हे भगवती ! परमात्मरूपिणी हजुर प्रसन्न हुँदा जगत्को अभ्युदय हुन्छ र क्रोधयुक्त हुँदा हजुरले अनेक कुलहरूको विनाश गर्नुहुन्छ, त्यसैले हजुर प्रसन्न हुनुहोस् । महिषासुरको विशाल बल पनि हजुरबाट क्षणभरमै नाश भएबाट मैले हजुरको विकराल क्रोधलाई आफैंले अनुभव गरें ॥

ते सम्मता जनपदेषु धनानि तेषां
तेषां यशांसि न च सीदति धर्मवर्गः ।
धन्यास्त एव निभृतात्मजभृत्यदारा
येषां सदाभ्युदयदा भवती प्रसन्ना ॥१५॥

**पदार्थ–**

**सदा** = सधैं, **अभ्युदयदा** = अभ्युदय दिने, **भवती** = हजुर, **येषां** = जसदेखि, **प्रसन्ना** = खुसी हुनुहुन्छ, **ते** = तिनीहरू, **जनपदेषु** = देशमा, **सम्मताः** = सम्मानित हुन्छन्, **तेषां** = तिनीहरूले, **धनानि** = सम्पत्ति पाउँदछन्, **तेषां** = तिनीहरूको नै, **यशांसि** = कीर्ति फैलिन्छ, **धर्मवर्गः च** = धार्मिक कार्य, **न सीदति** = शिथिल हुँदैन, **निभृतात्मजभृत्यदाराः** = स्त्री, पुत्र, नोकर आदि पुष्ट भएका, **ते** = तिनीहरू, **धन्याः एव** = धन्य हुन्छन् ॥

**भावार्थ-**

सर्वदा अभ्युदय प्रदान गर्ने हजुर जसदेखि प्रसन्न हुनुहुन्छ, ती भाग्यशालीहरू नै समाजमा सम्मानित हुन्छन् । तिनीहरू नै धन र यशले सम्पन्न हुन्छन् । उनीहरूलाई नै निरन्तर बढिरहने धर्मको प्राप्ति हुन्छ तथा तिनीहरू नै आफ्ना प्रसन्न एवं हृष्टपुष्ट स्त्री, पुत्र, सेवक आदि परिवारका साथ धन्य हुन्छन् ॥

**धर्म्याणि देवि सकलानि सदैव कर्मा-**
**ण्यत्यादृतः प्रतिदिनं सुकृती करोति ।**
**स्वर्गं प्रयाति च ततो भवतीप्रसादा-**
**ल्लोकत्रयेऽपि फलदा ननु देवि तेन ॥१६॥**

**पदार्थ-**

**देवि** = हे भगवती ! **भवतीप्रसादात्** = तपाईंको अनुकम्पाले, **सुकृती** = पुण्यात्मा, **प्रतिदिनं** = प्रत्येक दिन, **अत्यादृतः** = अत्यन्त श्रद्धापूर्वक, **सदैव** = सधैं, **सकलानि** = सम्पूर्ण, **धर्म्याणि** = धर्मानुकूल, **कर्माणि** = कार्यहरू, **करोति** = गर्दछन्, **ततः च** = त्यस कर्मको प्रभावले, **स्वर्गं** = स्वर्गलोक, **प्रयाति** = जान्छन्, **तेन** = त्यसैले, **ननु** = निश्चय नै, **देवि** = हे भगवती ! **लोकत्रये अपि** = तीनै लोकमा, **फलदा** = फल दिने हजुर नै हुनुहुन्छ ॥

**भावार्थ-**

हे देवी ! हजुरकै कृपाबाट पुण्यात्मा पुरुष निरन्तर श्रद्धापूर्वक धर्मानुकूल कर्महरू गरिरहन्छन् र त्यसको फलस्वरूप दिव्य स्वर्गलोकमा पुग्दछन् । त्यसैले तीनै लोकमा अभीष्ट फल दिने कवल हजुर नै हुनुहुन्छ ॥

**दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः**
**स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि ।**
**दारिद्र्यदुःखभयहारिणि का त्वदन्या**
**सर्वोपकारकरणाय सदाऽऽर्द्रचित्ता ॥१७॥**

**पदार्थ-**

**दुर्गे** = हे दुर्गा ! **स्मृता** = सम्झदा, **अशेषजन्तोः** = सम्पूर्ण प्राणीहरूको,

**भीतिम्** = भयलाई, **हरसि** = हर्नुहुन्छ, **स्वस्थैः** = स्वस्थ मानिसहरूले, **स्मृता** = सम्झदा, **अतीव** = अत्यन्त, **शुभां** = कल्याणमयी, **मतिं** = बुद्धि, **ददासि** = दिनुहुन्छ, **दारिद्र्यदुःखभयहारिणि** = दुःख, दरिद्रता एवं भयलाई नाश गर्ने भगवती, **सर्वोपकारकरणाय** = सबै प्राणीहरूको कल्याणको लागि, **सदा** = सधैँ, **आर्द्रचित्ता** = दयालु, **त्वदन्या** = हजुरबाहेक **का** = को छ र ? ॥

**भावार्थ–**

हे दुर्गे ! स्मरणमात्र गर्नाले पनि हजुर सबै प्राणीहरूको भय नष्ट गर्नुहुन्छ । स्वस्थ पुरुषहरूले चिन्तन गरे भने उनीहरूलाई कल्याणमय बुद्धि प्रदान गर्नुहुन्छ । सबैप्रकारका दुःख, दारिद्र्य एवं भय हरण गर्ने हे देवी ! हजुरसमान सबैथरी प्राणीहरूको उपकार गर्न निरन्तर चित्त पग्लिरहने संसारमा अर्को को नै छ र ? ॥

**विवरण–**

यस श्लोकमा देवताहरूले दुःख, भय आदि नाश गर्ने भनेर भगवतीको स्तुति गरेका छन् । यहाँ **दुर्गे** भन्ने पदले सम्बोधन र सप्तमी विभक्तिसमेतको अर्थलाई बुझाएको छ । **दुर्गे** अर्थात् हे दुर्गादेवी ! **दुर्गे स्मृता** अर्थात् सङ्कटकालमा सम्झिँदाखेरि हजुरले भयलाई नष्ट गर्नुहुन्छ । भगवतीलाई दुर्गा भन्नुको कारण पनि दुर्ग अर्थात् अपत्तिलाई नष्ट गर्ने भएर नै हो । मुण्डमालातन्त्रमा दुर्ग शब्दले दैत्य, विघ्न, कुकर्म, संसारबन्धन, दुःख, भय, नरक, रोग आदि एघार अर्थलाई र अन्तको आकारले चाहिँ यी सबैलाई नष्ट गर्ने अर्थ बुझाउँछ भनिएको छ–

**दुर्गो दैत्ये महाविघ्ने भवबन्धे कुकर्मणि ।**
**स्वके दुःखे च नरके यमदण्डे च जन्मनि ॥**
**महाभये च रोगे चाप्याशब्दो हन्तृवाचकः ॥**

सबैथरी सङ्कटको समयमा भगवतीको स्मरण गरियो भने त्यसबाट सङ्कट टर्छ । वास्तवमा चाहिँ शत्रुको आक्रमण, राजाको दण्ड, बाघ आदि पशुको भयलाई मात्र सङ्कट भन्न मिल्दैन । किनकि सर्वव्यापक आत्मा परिच्छिन्न जीवभावमा सर्नु र संसारबन्धनमा पर्नु यही नै सबभन्दा ठूलो सङ्कट हो । भगवतीको स्मरणले संसारबन्धको सङ्कट नष्ट हुन्छ भन्दा स्मृतिशब्दको अर्थ पनि विशेष

किसिमको नै हुन्छ। यहाँ स्मृति भनेको आफ्नो ब्रह्मरूपताको स्मरण अर्थात् साक्षात्कार भन्ने हो। गीतामा पनि अर्जुनले– **नष्टो मोहः स्मृतिर्लब्धा** अर्थात् मेरो मोह नष्ट भयो र स्मृतिलाई प्राप्त गरें भनी यही विशेष स्मृतिलाई बताएका छन्। स्मृतिशब्दको अर्थ आत्मज्ञान हो। किनभने ब्रह्मरूप आत्मा बीचमा अज्ञानका कारणले आफ्नो वास्तविक रूपलाई बिर्सिएर जीव बनेको छ र ज्ञानद्वारा त्यही सनातन स्वरूपलाई नै सम्झिँदा स्मृति हुन्छ। त्यसैले आत्मज्ञान भनेको पनि स्वरूपस्मृति हो, नवीन ज्ञान होइन। यसरी ब्रह्मरूपिणी भगवतीलाई आफ्नो स्वरूपको रूपमा कसैले सम्झियो या जान्यो भने त्यो व्यक्तिको संसारबन्धन छुट्नेमा कुनै सन्देह नै छैन।

कोही व्यक्तिले स्वस्थ भएको अवस्थामा भगवतीलाई सम्झियो भने उसलाई उहाँले कल्याणकारी बुद्धि दिनुहुन्छ। स्वस्थ शब्दको सामान्य र विशेष गरी दुई प्रकारको अर्थ हुन्छ। रोग, चिन्ता आदिले रहित भई कसैले शान्तभावले भगवतीको स्मरण गर्दछ भने उहाँलाई भगवती सद्बुद्धि दिनुहुन्छ। सद्बुद्धि नै मानिसहरूको सबभन्दा ठूलो रक्षक हो। इष्टदेवले उपासकको र क्षा गर्नु भनेको गोठालेले दण्ड लिई पशुहरूलाई जोगाएजस्तो होइन, अपि तु सद्बुद्धि दिनु नै हो–

**न देवा दण्डमादाय रक्षन्ति पशुपालवत्।**
**यं हि रक्षितुमिच्छन्ति बुद्ध्या तं योजयन्ति च॥**

भगवतीले भक्तलाई शुभा मति दिनु भनेको भगवतीवाहेक अरु कुनै तत्त्व छैन भनी सबैतिर उहाँलाई नै दर्शन गर्ने निश्चात्मिका बुद्धि दिन हो। भगवान्ले गीतामा आफ्ना भक्तहरूलाई बुद्धियोग दिन्छु भनी बताउनुको तात्पर्य पनि यही हो। गीताको द्वितीय अध्यायमा भगवान्ले व्यवसायात्मिका बुद्धि भनेर पनि यसैलाई बताउनुभएको हो। न कसैले **स्वस्थ** अर्थात् आत्मनिष्ट भएर भगवतीको सम्झना गर्दछ भने उसलाई चाहिँ उहाँ **शुभा मति** आत्मालाई नै ग्रहण गरिरहने निरन्तर आत्मविषयक बुद्धि दिनुहुन्छ।

यहाँ शङ्का हुन्छ आत्मज्ञानी व्यक्तिमा पनि आत्मविषयक बुद्धि त छदैंछ, भगवतीले त्यही दिनुहुन्छ भन्नुको तात्पर्य के हो ? यसको उत्तर हो- आत्मज्ञान भइसकेपछि पनि तुरीय आत्मस्थितिमा पुगुञ्जेलसम्म

अनेक तहहरू शास्त्रमा बताइएका छन् । योगवाशिष्ठमा यसलाई ज्ञानका सात भूमिकाको रूपमा बताइएको छ र **सत्त्वापत्ति** अर्थात् आत्मज्ञानपछि पनि **असंसक्ति, पदार्थाभाविनी** र **तुर्यगा** यी उत्तरोत्तर स्थिति बताइएको छ। **असंसक्ति** भनेको पदार्थहरूमा अलिकति पनि रसबुद्धि नहनु हो, **पदार्थाभाविनी** भनेको चाहिँ इन्द्रियहरूले सांसारिक पदार्थहरूको ग्रहण नै नगर्ने अन्तरङ्ग स्थिति हो भने **तुर्यगा** भनेको चाहिँ मन पूर्णरूपले आत्मामा लीन भई आत्मचैतन्यको मात्र स्फुरण भएको उच्चतम अवस्था हो । ज्ञान भएपछि बुद्धि जति-जति अन्तरङ्ग रूपले आत्मनिष्ठ हुन्छ त्यति-त्यति यी उत्तरोत्तर स्थितिको प्राप्ति हुन्छ । भगवतीको पूर्ण कृपा भयो भने यी अन्तरङ्ग अवस्थाहरूको प्रकाश हुनसक्छ । त्यही अन्तरङ्ग बुद्धिलाई बताउन नै श्लोकमा भगवतीले **अतीव शुभा मति** अर्थात् अत्यन्त शुभबुद्धि दिनुहुन्छ भनिएको हो । आत्मज्ञान शुभा मति हो । तर त्यसपछिका स्थितिहरू त अतीव शुभा मति हुन् र यिनको प्राप्ति परमात्मकृपाबाट मात्र सम्भव हुन्छ ।

**एभिर्हतैर्जगदुपैति सुखं तथैते**
**कुर्वन्तु नाम नरकाय चिराय पापम् ।**
**संग्राममृत्युमधिगम्य दिवं प्रयान्तु**
**मत्वेति नूनमहितान् विनिहंसि देवि ॥१८॥**

**पदार्थ–**

**देवि** = हे भगवती ! **एभिः** = यी राक्षसहरूलाई, **हतैः** = मार्नाले, **जगत्** = संसारले, **सुखम्** = सुख, **उपैति** = पाउँछ, **तथा** = त्यस्तै, **एते** = यी राक्षसहरू, **चिराय** = धेरै समयसम्म, **नरकाय** = नरकमा बास गर्नको निम्ति, **पापं** = पाप, **कुर्वन्तु नाम** = गरिरहुन् (**तथापि**) **संग्राममृत्युं** = युद्धमा मृत्युलाई, **अधिगम्य** = पाएर, **दिवं** = स्वर्ग, **प्रयान्तु** = जाऊन्, **इति मत्वा** = यस्तो सोचेर, **नूनम्** = निश्चय नै, **अहितान्** = शत्रुहरूलाई, **विनिहंसि** = मार्नुहुन्छ ॥

**भावार्थ–**

हे देवी ! यी राक्षसहरूले अनन्तकालसम्म नरकमा रहने गरी धेरै पापहरू गरेका भए तापनि यिनीहरू आफूसँगको युद्धमा मृत्युमा प्राप्त भई दिव्य लोकहरूमा जाऊन् र यिनीहरूको मृत्युसँगै सम्पूर्ण संसार पनि सुखी

होस् भन्ने उद्देश्यले नै हजुरले दुष्ट राक्षसहरूको वध गर्नुभएको हो ॥

**दृष्ट्वैव किं न भवती प्रकरोति भस्म**
**सर्वासुरानरिषु यत्प्रहिणोषि शस्त्रम् ।**
**लोकान् प्रयान्तु रिपवोऽपि हि शस्त्रपूता**
**इत्थं मतिर्भवति तेष्वपि तेऽतिसाध्वी ॥१९॥**

**पदार्थ-**

**सर्वासुरान्** = सम्पूर्ण दैत्यहरूलाई, **दृष्ट्वा एव** = दृष्टिपातले नै, **भवती** = हजुर, **भस्म** = नाश, **किं** = किन, **न प्रकरोति** = गर्नुहुन्न ? **अरिषु** = शत्रुहरूमा, **यत्** = जो, **शस्त्रं** = शस्त्र, **प्रहिणोषि** = किन प्रहार गर्नुहुन्छ ? **हि** = निश्चय नै, **शस्त्रपूताः** = भगवती देवीको अस्त्रले पवित्र भएका, **रिपवः** = शत्रुहरू, **अपि** = पनि, **लोकान्** = स्वर्गादिलोक, **प्रयान्तु** = जाऊन्, **इत्थं** = यस्तो, **तेषु** = ती दैत्यहरूमा, **अपि** = पनि, **ते** = तिम्रो, **अतिसाध्वी** = अत्यन्त पवित्र, **मतिः** = विचार, **भवति** = छ ॥

**भावार्थ-**

समस्त असुरहरूलाई क्रोधयुक्त टेडो नजरले नै भस्म नबनाई हजुरले आफ्ना सबै शत्रुहरूमाथि शस्त्र-अस्त्र प्रहार गर्नुभयो । यी शत्रुहरू पनि शस्त्रको स्पर्शले पवित्र भई दिव्य लोकहरूमा जाऊन् भन्ने परम उदार भावनाले नै हजुरले यसो गर्नुभएको हो ।

**खड्गप्रभानिकरविस्फुरणैस्तथोग्रैः**
**शूलाग्रकान्तिनिवहेन दृशोऽसुराणाम् ।**
**यन्नागता विलयमंशुमदिन्दुखण्ड-**
**योग्याननं तव विलोकयतां तदेतत् ॥२०॥**

**पदार्थ-**

**उग्रैः** = भयङ्कर, **खड्गप्रभानिकरविस्फुरणैः** = खड्गको कान्तिको दीप्तिद्वारा, **तथा** = त्यस्तै, **शूलाग्रकान्तिनिवहेन** = त्रिशूलको अग्रभागको कान्तिसमूहद्वारा, **असुराणां** = दैत्यहरूको, **दृशः** = आँखाहरू, **विलयं नागताः** = फुटेनन्, **यत्** = किनकि, **तव** = तिम्रो, **अंशुमदिन्दुखण्डयोग्याननं** = मनोहर

किरणहरूले युक्त चन्द्रमाको समान आनन्द प्रदान गर्ने मुखको, **विलोकयतां** = दर्शन गर्नुको, **तत् एतत्** = यही त्यो फल हो ॥

**भावार्थ–**

हे देवी हजुरको हातका खड्ग र त्रिशूलजस्ता अस्त्रहरूको चमकले पनि असुरहरूका आँखाहरू किन फुटेनन् भने उनीहरूले चन्द्रको किरणसमान शीतल हजुरको मुहारलाई हेरिरहेका थिए ।

**दुर्वृत्तवृत्तशमनं तव देवि शीलं**
**रूपं तथैतदविचिन्त्यमतुल्यमन्यैः ।**
**वीर्यं च हन्तृ हृतदेवपराक्रमाणां**
**वैरिष्वपि प्रकटितैव दया त्वयेत्थम् ॥२१॥**

**पदार्थ–**

**देवि** = हे भगवती ! **तव** = हजुरको, **शीलं** = शील, **दुर्वत्तवृत्तशमनं** = दुराचारीको अत्याचारलाई दूर गर्दछ, **तथा** = त्यस्तै, **एतद्** = यो, **रूपम्** = रूप, **अन्यैः** = अरुसँग, **अतुल्यम्** = तुलना गर्न नमिल्ने, **अविचिन्त्यं** = चिन्तन गर्न नमिल्ने छ, **वीर्यं च** = पराक्रम त, **हृतदेवपराक्रमाणां** = देवताहरूको पराक्रम हर्नेहरूलाई, **हन्तृ** = नाश गरिदिन्छ, **इत्थं** = यसप्रकार, **त्वया** = हजुरले, **वैरिषु अपि** = शत्रुहरूमाथि पनि, **दया एव** = दया नै, **प्रकटिता** = देखाउनुभयो ॥

**भावार्थ–**

हे भगवती ! दुराचारीहरूको दुश्चरित्रलाई हटाउने हजुरको स्वभाव छ । हजुरको रूप पनि अतुलनीय एवं मनबाट चिन्तन गर्न नसकिने छ । अनेक देवताका पराक्रमलाई पनि नष्ट गरिदिने दैत्यहरूको सम्पूर्ण बललाई हजुरले नष्ट गरिदिनुभयो, तर यस्ती पराक्रमी हजुरले पनि आफ्नो शत्रुहरूमाथि दया प्रकट गर्नुभयो ॥

**केनोपमा भवतु तेऽस्य पराक्रमस्य**
**रूपं च शत्रुभयकार्यतिहारि कुत्र ।**
**चित्ते कृपा समरनिष्ठुरता च दृष्टा**
**त्वय्येव देवि वरदे भुवनत्रयेऽपि ॥२२॥**

**पदार्थ–**

**वरदे** = वर दिनेवाली, **देवि** = हे भगवती देवी, **ते** = हजुरको, **अस्य** = या, **पराक्रमस्य** = पराक्रमको, **केन** = कोसँग, **उपमा** = तुलना, **भवति** = हुनसक्छ र ? **शत्रुभयकारि** = शत्रुलाई भय दिनेवाला, **अतिहारि** = अत्यन्त मनोहर, **रूपं च**= यस्तो रूप, **कुत्र** = तपाईंबाहेक कहाँ छ र ? **चित्ते** = हृदयमा, **कृपा** = अनुकम्पा, **समरनिष्ठुरता च** = युद्धमा अत्यन्त निष्ठुरता, **भुवनत्रये अपि** = तीनै लोकमा पनि, **त्वयि एव** = हजुरमा नै, **दृष्टा** = देखिन्छ ॥

**भावार्थ–**

हे वरदायिनी देवी ! हजुरको यो पराक्रमको कतै अरु तुलना गर्न सकिँदैन । शत्रुहरूलाई भय प्रदान गर्ने र भक्तहरूलाई अत्यन्त मनोहर लाग्ने हजुरको जस्तो रूप पनि अन्यत्र कहाँ छ र ? शत्रुमाथि पनि हृदयभित्र दयाको भाव तर रणभूमिमा अत्यन्त कठोरता यी दुबै कुराहरू तीनै लोकमा केवल हजुरमा मात्र देखिएका छन् ॥

**विवरण**

यहाँ भगवतीले असुरहरूलाई मार्दा पनि उनीहरूमाथि दया र प्रेम गर्नुभएको हुन्छ भनी देवताहरूले स्तुति गरेका छन् । भगवती जगज्जननी हुनुहुन्छ र समस्त संसारका प्राणीहरू उहाँका सन्तान हुन् । प्राणीहरू आफूलाई जन्मने, मर्ने शरीरको रूपमा मान्छन् तर तिनीहरू त अमृत परमतत्त्वका सन्तति हुन् र वास्तवमा स्वयं अमृत नै हुन् । वेदमा भनिएको छ– **शृण्वन्तु विश्वे अमृतस्य पुत्राः** अर्थात् हे अमृतका पुत्र प्राणीहरू ! यो कुरा सुन । शरीर, अन्तःकरण आदि उपाधिका कारण जन्मिएकैं भएकाले मात्र तिनलाई अमृतपुत्र भनिएको हो, वास्तवमा चाहिँ तिनीहरू अमृतरूप नै हुन् । देव-असुर आदि सबै प्राणीहरू शरीर आदि उपाधिलाई लिएर भगवतीका पुत्र हुन् अनि वास्तवमा चाहिँ भगवतीकै स्वरूप हुन् । त्यसैले भनिएको छ– **सैषा यातुधानाः असुराः रक्षांसि पिशाचाः यक्षाः (देव्यथर्व.मं.१७)** अर्थात् यी भगवती नै असुर, राक्षस, पिशाच, यक्ष आदि हुन् । यस्ती जगज्जननीले देवताहरूको रक्षा अनि असुरको विनाश गर्न सम्भव छ ? माताले एउटाको पक्ष लिई अर्को छोरालाई मार्न सुहाउँछ ? भन्ने शङ्का हुन सक्दछ । यसको समाधान के हो भने असुर

हरूलाई मार्नु पनि भगवतीको उनीहरूमाथिको कृपा नै हो र यसबाट उहँको मातृप्रेममा कुनै विचलन आएको हुँदैन किनभने आफ्नो दुष्ट सन्तानलाई दण्ड दिएर सन्मार्गमा ल्याउने या हित गर्ने आमालाई कृपा नगरेको भन्न मिल्दैन ।

असुरहरू भगवतीका नै सन्तान भए पनि अत्यन्त दुष्ट स्वभावका भएका छन् । असुर शब्दको व्युत्पत्ति गरिएको छ– *अन्येषां असून् राति–गृह्णाति इति असुरः* अर्थात् अरु प्राणीहरूको प्राण लिने नै असुर हुन् । यिनीहरू पर पीडक अनि उपद्रवकारी हुन्छन् । यिनीहरूले जगज्जननीमा पनि द्वेषबुद्धि गरेका छन् । देवताहरू आपत्ति आएको बेलामा मात्र भए पनि भगवतीको स्मरण गर्दछन्, तर असुरहरू त कहिल्यै उहाँको स्मरण गर्दैनन् । अरु उनीहरू सदाचारी ऋषिहरूलाई दुःख दिन्छन्, यज्ञविधिलाई ध्वस्त गर्नेजस्ता काममा लागेका छन् । यी कुकृत्यबाट उनीहरू त नरकमा पर्नेछन् र दुःख पाउनेछन् भन्ने भगवतीलाई थाहा छ । सन्तति दुष्ट भए तापनि माता कहिले दुष्ट हुन्छिन् र ? त्यसैले पनि उनलाई तिनीहरूमाथि दया आउँछ । देवताहरू भन्छन्– **चित्ते कृपा समरनिष्ठुरता च** अर्थात् भगवतीको हृदयमा असुरहरूप्रति कृपाको भाव छ अनि बाहिरचाहिँ निष्ठुरतापूर्वक युद्ध गरिरहनुभएको छ । हृदयभित्र दया भए उहाँले सम्झाइ-बुझाइ गर्नुपर्ने, किन मार्नुभयो ? भन्ने शङ्का हुनसक्छ । यसको उत्तर हो असुरहरू भगवतीका वैरी भएका छन्, आफ्नै मातालाई शत्रु ठानेकाले उनीहरूले भगवतीको भनाइ मान्दैनन् । असुरहरूको दुष्कर्मबाट संसारलाई बँचाउन र स्वयं असुरहरूलाई दुष्कर्मबाट छुटाई अनन्त नरकबाट बचाउँन भगवतीले उनीहरूलाई विनाश गर्नुहुन्छ । भगवतीको हातबाट मरे भने ती दैत्यका सारा पापहरू नष्ट हुन्छन् र तिनीहरू पुण्यलोकमा जान सक्छन् यही नै असुरहरूमाथि भगवतीको कृपा हो । भगवतीले ती दुष्टहरूलाई एउटै क्रोधको हुङ्कारमा जलाईदिन पनि सक्नुहुन्थ्यो, अनि आफ्नो शक्ति दिएर अरु कुनै देवता आदिलाई पठाउन पनि सक्नुहुन्थ्यो तर त्यसो गर्दा असुर हरूको दुर्गतिमात्र हुन्थ्यो । युद्धमा भगवतीका दिव्य अस्त्रहरूको प्रहारले मर्दा असुरहरूको मुक्ति हुने भएकाले भगवतीले समरनिष्ठुरता देखाउनुभयो । चित्तभित्र हितको कामना हुँदा पनि बाहिर निष्ठुर देखिई युद्ध गर्ने भगवती जगदम्बावाहेक अरु कोही हुन सक्दैनन् । यसबाट भगवतीको पुत्रवात्सल्यका

अनेक रूप देखिएका छन् र बाहिरबाट अहित गरेझैं देखिए पनि भगवतीले सबै जीवहरूको निरन्तर हित मात्र गरिरहनुहुन्छ भन्ने स्पष्ट हुन्छ ।

**त्रैलोक्यमेतदखिलं रिपुनाशनेन**
**त्रातं त्वया समरमूर्धनि तेऽपि हत्वा ।**
**नीता दिवं रिपुगणा भयमप्यपास्त-**
**मस्माकमुन्मदसुरारिभवं नमस्ते ॥२३॥**

**पदार्थ-**

**त्वया** = हजुरले, **रिपुनाशनेन** = शत्रुहरूको नाश गरेर, **एतत्** = यो, **अखिलम्** = सम्पूर्ण, **त्रैलोक्यं** = तीनै लोक, **त्रातम्** = रक्षा गर्नुभयो, **ते** = ती, **रिपुगणाः अपि** = शत्रुहरूलाई, **समरमूर्धनि** = रणयुद्धमा, **हत्वा** = मारेर, **दिवं** = स्वर्ग, **नीताः** = पुऱ्याउनुभयो, **अस्माकं** = हाम्रो, **उन्मदसुरारिभवं** = उन्मत्त दैत्यहरूबाट हुने, **भयम् अपि** = डरलाई पनि, **अपास्तम्** = हटाइदिनुभयो, **ते** = हजुरलाई, **नमः** = नमस्कार छ ॥

**भावार्थ-**

हे जगदम्बा ! हजुरले दैत्यहरूको विनाश गरी तीनै लोकलाई रक्षा गर्नुभएको छ र रणभूमिमा आफैंले संहार गरी ती शत्रुहरूलाई पनि स्वर्ग पुऱ्याइदिनुभएको छ । उन्मत्त दैत्यहरूबाट हामीलाई सधैं भइरहने भयलाई पनि नष्ट गरिदिनुभएको छ, हजुरलाई नमस्कार छ ॥

**शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके ।**
**घण्टास्वनेन नः पाहि चापज्यानिःस्वनेन च ॥२४॥**

**पदार्थ-**

**देवि** = हे भगवती ! **शूलेन** = शूलद्वारा, **नः** = हाम्रो, **पाहि** = रक्षा गर्नुहोस्, **अम्बिके** = हे अम्बिका, **खड्गेन च** = खड्गले पनि, **पाहि** = रक्षा गर्नुहोस्, **घण्टास्वनेन** = घण्टाको नादद्वारा, **चापज्यानिःस्वनेन च**= धनुषको टङ्कारबाट पनि, **नः** = हाम्रो, **पाहि** = रक्षा गर्नहोस् ॥

**भावार्थ-**

हे देवी ! आफ्नो त्रिशूल एवं खड्गद्वारा हाम्रो रक्षा गर्नुहोस् । हे जगदम्बिके ! हामीलाई घण्टाको दिव्य ध्वनि र धनुषको टङ्कारबाट पनि रक्षा

गर्नुहोस् ॥

**प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।**
**भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ॥२५॥**

**पदार्थ–**

**ईश्वरि** = हे भगवती ! **चण्डिके** = हे चण्डिका, **प्राच्यां** = पूर्वदिशामा, **प्रतीच्यां च**= पश्चिम, **दक्षिणे** = दक्षिणमा पनि, **रक्ष** = रक्षा गर्नुहोस्, **तथा** = त्यस्तै, **आत्मशूलस्य** = आफ्नो त्रिशूल, **भ्रामणेन** = घुमाएर, **उत्तरस्यां** = उत्तरदिशामा, **रक्ष** = रक्षा गर्नुहोस् ॥

**भावार्थ–**

हे चण्डिके ! हजुरले हामीलाई पूर्व, पश्चिम र दक्षिण दिशाहरूबाट रक्षा गर्नुहोस् । त्यसैगरी आफ्नो दिव्य त्रिशूललाई घुमाउँदै उत्तरतर्फबाट पनि हजुरले हामीलाई रक्षा गर्नुहोस् ॥

**सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते ।**
**यानि चात्यर्थघोराणि ते रक्षास्माँस्तथा भुवम् ॥२६॥**

**पदार्थ–**

**ते** = तिम्रो, **त्रैलोक्ये** = तीनै लोकमा, **यानि** = जो, **सौम्यानि** = सुन्दर, **रूपाणि** = रूप, **तथा** = त्यस्तै, **यानि च** = जो, **अत्यर्थघोराणि** = अत्यन्त भयङ्कर रूप, **भुवं** = पृथिवीलाई पनि, **विचरन्ति** = घुम्दछन्, **तैः** = ती रूपहरूद्वारा, **अस्मान्** = हामीहरूको, **रक्ष** = रक्षा गर्नुहोस् ॥

**भावार्थ–**

तीनै लोकमा हजुरका अत्यन्त सौम्य र अत्यन्त घोर जति पनि रूपहरू विद्यमान छन्, ती सबैद्वारा हजुरले सम्पूर्ण पृथिवी र हामीहरूलाई र क्षा गर्नुहोस् ॥

**खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके ।**
**करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥२७॥**

**पदार्थ–**

**अम्बिके** = हे भगवती अम्बिका ! **ते** = हजुरको, **करपल्लवसङ्गीनि** = करकमलमा शोभा पाएका, **खड्गशूलगदादीनि** = खड्ग, शूल, गदा आदि,

**यानि च** = जो, **अस्त्राणि** = अस्त्रहरू छन्, **तैः** = तिनीहद्वारा, **अस्मान्** = हामीहरूलाई, **सर्वतः** = सबैतिरबाट, **रक्ष** = रक्षा गर्नुहोस् ॥

**भावार्थ–**

हे अम्बिके ! हजुरको करपल्लवमा सुशोभित हुने खड्ग, त्रिशूल, गदा आदि जति अस्त्रहरू छन्, ती सबैद्वारा हजुरले सबैतर्फबाट हाम्रो रक्षा गर्नुहोस् ॥

*ऋषिरूवाच ॥२८॥ ऋषिले भन्नुभयो ॥*

**एवं स्तुता सुरैर्दिव्यैः कुसुमैर्नन्दनोद्भवैः ।**
**अर्चिता जगतां धात्री तथा गन्धानुलेपनैः ॥२९॥**
**भक्त्या समस्तैस्त्रिदशैर्दिव्यैर्धूपैस्तु धूपिता ।**
**प्राह प्रसादसुमुखी समस्तान् प्रणतान् सुरान् ॥३०॥**

**पदार्थ–**

**एवं** = यसप्रकार, **सुरैः**= देवताहरूले, **नन्दनोद्भवैः** = नन्दन बँगैचामा उत्पन्न भएका, **दिव्यैः** = दिव्य, **कुसुमैः** = फूलहरूद्वारा, **तथा** = त्यसपछि, **गन्धानुलेपनैः** = चन्दन आदिको लेपद्वारा, **अर्चिता** = पूजा गरे । **समस्तैः** = सम्पूर्ण, **त्रिदशैः** = देवताहरूले, **तु** = पनि, **दिव्यैः** = दिव्य, **धूपैः** = धूपहरूद्वारा, **भक्त्या** = भक्तिपूर्वक, **धूपिता** = आरती गरे । **स्तुता** = स्तुति गरिएकी, **प्रसादसुमुखी** = प्रसन्न भएकी देवीले, **जगतां** = संसारको, **धात्री** = धारण गर्नेवाली भगवतीले, **समस्तान्** = सम्पूर्ण, **प्रणतान्** = नमस्कार गरिरहेका, **सुरान्** = देवताहरूलाई, **प्राह** = भन्नुभयो ॥

**भावार्थ–**

यसप्रकार देवताहरूले जगन्माता दुर्गाको स्तुति गरे । उनीहरूले नन्दन वनका दिव्य पुष्प एवं सुगन्धित चन्दनले उहाँको पूजा गरे र पूर्ण भक्तिका साथ दिव्य धूपहरू जलाई त्यसको सुगन्ध पनि अर्पण गरे । त्यसपछि देवीले प्रसन्न भएर प्रणाम गरिरहेका देवताहरूलाई भन्नुभयो– ॥

*देव्युवाच ॥३१॥ देवीले भन्नुभयो ॥*

**व्रियतां त्रिदशाः सर्वे यदस्मत्तोऽभिवाञ्छितम् । ३२॥**

**पदार्थ–**

**त्रिदशाः** = हे देवता हो ! **सर्वे** = हजुरहरू सबै, **अस्मत्तः** = मबाट, **यत्** = जो, **अभिवाञ्छितम्** = इच्छाएको वस्तु, **व्रियतां** = माग ॥

**भावार्थ–**

हे देवताहरू हजुरहरू मबाट जे चाहन्छौ, त्यो वर माग ॥

*देवा ऊचुः ॥३३॥ देवताहरूले भने ॥*

**भगवत्या कृतं सर्वं न किञ्चिदवशिष्यते ॥३४॥**

**पदार्थ–**

**भगवत्या** = भगवतीले, **सर्वम्** = सम्पूर्ण इच्छाहरू, **कृतम्** = पूरा गरि दिनुभयो, **किञ्चिद्** = केही पनि, **न अवशिष्यते** = बाँकी छैन ॥

**भावार्थ–**

सर्वेश्वरी हजुरले हाम्रो सम्पूर्ण इच्छाहरू पूर्ण गरिदिनुभयो । अव बाँकी केही पनि छैन ॥

**यदयं निहतः शत्रुरस्माकं महिषासुरः ।**
**यदि चापि वरो देयस्त्वयास्माकं महेश्वरि ॥३५॥**
**संस्मृता संस्मृता त्वं नो हिंसेथाः परमापदः ।**
**यश्च मर्त्यः स्तवैरेभिस्त्वां स्तोष्यत्यमलानने ॥३६॥**
**तस्य वित्तर्द्धिविभवैर्धनदारादिसम्पदाम् ।**
**वृद्धयेऽस्मत्प्रसन्ना त्वं भवेथाः सर्वदाम्बिके ॥३७॥**

**पदार्थ–**

**यद्** = किनभने, **अस्माकं** = हाम्रो, **अयं** = यो, **शत्रुः** = शत्रु, **महिषासुरः** = महिषासुरनामक दानव, **निहतः** = मऱ्यो, **महेश्वरि** = हे भगवती ! **त्वया** = हजुरले, **यदि** = यदि, **अस्माकं** = हामीहरूलाई, **वरं च** = वर, **अपि** = पनि, **देयः** = दिन चाहनुहुन्छ । **नः** = हामीहरूद्वारा, **संस्मृता संस्मृता** = जब जब स्मरण गरिन्छ, **त्वं** = हजुरले, **परमापदः** = हाम्रा आपत्तिहरू, **हिंसेथाः** = नाश गरि दिनु, **अमलानने** = प्रसन्न मुख भएकी, **अम्बिके** = हे देवि ! **यः** = जो, **मर्त्यः** = मनुष्य, **च** = पनि, **एभिः** = यो, **स्तवैः** = स्तुतिद्वारा, **त्वां** = हजुरको, **स्तोष्यति** = स्तुति गर्दछ, **त्वं** = हजुर, **तस्य** = उसको, **वित्तर्द्धिविभवैः** = धन, समृद्धि एवं

वैभवका साथ, **धनदारादिसम्पदाम्** = धन, श्रीमती आदि सम्पत्तिको, **वृद्धये** = वृद्धिका लागि, **सर्वदा** = सधैं, **अस्मत्प्रसन्ना** = हामीहरुदेखि खुसी, **भवेथाः** = हुनुहुन्छ ॥

**भावार्थ–**

हाम्रो शत्रु यो महिषासुर मारियो । हे महेश्वरि ! अरु पनि हजुर हामीलाई वर दिन चाहनुहुन्छ भने यही वर दिनुहोस् कि हामी आपत्कालमा जब हजुरको स्मरण गर्नेछौं, तब हजुरले हामीलाई भयानक आपत्तिहरूबाट पनि जोगाउनुहुनेछ । सधैं प्रसन्नमुख हुने हे अम्बिका ! जो मनुष्य यो स्तोत्रले हजुरको स्तुति गर्दछ, उसलाई धन, समृद्धि एवं वैभव दिनुहोस् । त्यो व्यक्तिका धन, स्त्री, वैभव आदिलाई निरन्तर बढाइदिनुहोस् र हामीसँग पनि हजुर सधैं प्रसन्न रहनुहोस् ॥

*ऋषिरुवाच ॥३८॥ ऋषिले भन्नुभयो ॥*

**इति प्रसादिता देवैर्जगतोऽर्थे तथाऽऽत्मनः ।**
**तथेत्युक्त्वा भद्रकाली बभूवान्तर्हिता नृप ॥३९॥**

**पदार्थ–**

**नृप** = हे राजा सुरथ, **जगतः** = संसारको, **अर्थे** = रक्षाको लागि, **तथा** = तथा, **आत्मनः** = आफ्नो लागि पनि, **देवैः** = देवताहरूले, **इति** = यसप्रकार, **प्रसादिता** = प्रसन्न गराइएकी, **भद्रकाली** = भद्रकाली भगवती, **तथा** = तथास्तु, **इति** = यस्तो, **उक्त्वा** = भनेर, **अन्तर्हिता** = अन्तर्ध्यान, **बभूव** = हुनुभयो ॥

**भावार्थ–**

हे राजन् ! देवताहरूले जबसम्पूर्ण जगत् तथा आफ्नो पनि कल्याणको लागि भगवती भद्रकालीलाई प्रसन्न गराए त्यसपछि देवी 'तथास्तु' भनेर अन्तर्ध्यान हुनुभयो ॥

**इत्येतत्कथितं भूप सम्भूता सा यथा पुरा ।**
**देवी देवशरीरेभ्यो जगत्त्रयहितैषिणी ॥४०॥**

**पदार्थ–**

**भूपः** = हे राजन् ! **इति** = यसप्रकार, **पुरा** = प्राचीनकालमा, **देवशरीरेभ्यः** = देवताहरूको शरीरबाट, **जगत्त्रयहितैषिणी** = तीनै लोकको

हित गर्ने, **सा** = ती, **देवी** = भगवती, **यथा** = जसरी, **सम्भूता** = प्रकट हुनुभयो, **एतत्** = यो, **कथितम्** = भने ॥

**भावार्थ–**

हे राजन् ! यसप्रकार प्राचीनकालमा तीनै लोकको हित गर्ने इच्छाले दुर्गादेवी देवताहरूको शरीरबाट तेजोराशिका रूपमा प्रकट हुनुभएको कथा मैले हजुरलाई सुनाएँ ॥

**पुनश्च गौरीदेहात्सा समुद्भूता यथाभवत् ।**
**वधाय दुष्टदैत्यानां तथा शुम्भनिशुम्भयोः ॥४१॥**
**रक्षणाय च लोकानां देवानामुपकारिणी ।**
**तच्छृणुष्व मयाऽऽख्यातं यथावत्कथयामि ते॥ह्रींॐ॥४२॥**

**पदार्थ–**

**पुनः च** = फेरि पनि, **देवानां** = देवताहरूको, **उपकारिणी** = उपकार गर्नेवाली, **सा** = ती देवी, **दुष्टदैत्यानां** = दुष्ट दैत्यहरूको, **तथा** = त्यस्तै, **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भको, **वधाय** = नाश गर्नको लागि, **लोकानां** = सम्पूर्ण प्राणीहरूको, **रक्षणाय** = रक्षाको निम्ति, **च** = पनि, **गौरीदेहात्** = गौरीदेवीको शरीरबाट, **यथा** = जसरी, **समुद्भूता** = प्रकट, **अभवत्** = हुनुभयो, **मया** = मेरो मुखबाट, **आख्यातं** = भनिएको, **तत्** = त्यो, **शृणुष्व** = सुन, **ते** = हजुरलाई, **यथावत्** = सम्पूर्ण, **कथयामि** = भन्दछु ॥

**भावार्थ–**

अब फेरि सधैँ देवताहरूको उपकार गर्ने भगवती शुम्भ एवं निशुम्भ नामका दुष्ट दैत्यहरूको विनाश एवं तथा लोकको रक्षाका निम्ति गौरीदेवीको शरीरबाट प्रकट हुनुभएको प्रसङ्ग म तिमीलाई विस्तारपूर्वक बताउँछु, सुन ॥

॥ इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शक्रादिस्तुतिर्नाम चतुर्थोऽध्यायः ॥४॥

उवाच ५, अर्धश्लौकौ २, श्लोकाः ३५, एवम् ४२ ॥ एवमादितः २५९॥

# पञ्चमोऽध्यायः

## पार्वतीको शरीरबाट कौशिकीको प्रादुर्भाव र शुम्भको दूतसँग भगवतीको संवाद

*विनियोगः*

ॐ अस्य श्रीउत्तरचरित्रस्य रुद्र ऋषिः, महासरस्वती देवता, अनुष्टुप् छन्दः, भीमा शक्तिः, भ्रामरी बीजम्, सूर्यस्तत्त्वम्, सामवेदः स्वरूपम्, महासरस्वतीप्रीत्यर्थे उत्तरचरित्रपाठे विनियोगः ।

*ध्यानम्*

**ॐघण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं**
**हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ।**
**गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-**
**पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥**

**पदार्थ–**

**घनान्तविलसच्छीतांशुतुल्यप्रभाम्** = शरत्कालीन पूर्ण चन्द्रसमान सुन्दर कान्ति हुनुभएकी, **त्रिजगताम्** = तीनै लोकको, **आधारभूताम्** = आधार हुनुभएकी, **हस्ताब्जैः** = करकमलहरूद्वारा, **घण्टाशूलहलानि** = घण्टा, त्रिशूल र हलो, **शङ्खमुसले** = शङ्ख र मुसल, **चक्रम्** = चक्र, **धनुः** = धनुष, सायकं = बाण, **दधतीम्** = धारण गरिरहनुभएकी, **गौरीदेहसमुद्भवाम्** = गौरीको शरीरबाट उत्पन्न, **शुम्भादिदैत्यार्दिनीम्** = शुम्भ आदि महादैत्यहरूको विनाश गर्ने, **महापूर्वां सरस्वतीम्** = महासरस्वतीलाई, **अत्र** = यहाँ, **अनुभजे** = निरन्तर भजन गर्दछु ॥

**भावार्थ–**

म गौरीको शरीरबाट प्रकट हुनुभएकी, शुम्भ आदि दैत्यहरूको विनाश गर्ने महासरस्वती देवीको निरन्तर भजन गर्दछु। उहाँ तीनै लोकको आधाररूपा हुनुहुन्छ र उहाँको शरीरका अङ्ग-अङ्गको कान्ति शरत्कालीन पूर्ण चन्द्रसमान रहेको छ। यी भगवतीले आफ्ना हातहरूमा घण्ट, त्रिशूल, हलो, शङ्ख, मुसल, चक्र, धनुष र बाण धारण गर्नुभएको छ।

*ॐ क्लीं ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**पुरा शुम्भनिशुम्भाभ्यामसुराभ्यां शचीपतेः ।**
**त्रैलोक्यं यज्ञभागाश्च हृता मदबलाश्रयात् ॥२॥**

**पदार्थ–**

पुरा = पहिले, **शुम्भनिशुम्भाभ्यां** = शुम्भ एवं निशुम्भ नामक, **असुराभ्यां** = असुरहरूद्वारा, **मदबलाश्रयात्** = आफ्नो बलको घमण्डले, **शचीपतेः** = इन्द्रको हातबाट, **त्रैलोक्यं** = तीनै लोक, **यज्ञभागाः च** = यज्ञभाग पनि, **हृताः** = खोसिए ॥

**भावार्थ–**

पहिले शुम्भ र निशुम्भ नामका असुरहरूले बलको घमण्डले चूर भई इन्द्रको तीनै लोकको राज्य र यज्ञभागहरूलाई पनि हडपे ॥

**तावेव सूर्यतां तद्वदधिकारं तथैन्दवम् ।**
**कौबरमथ याम्यं च चक्राते वरुणस्य च ॥३॥**
**तावेव पवनर्द्धिं च चक्रतुर्वह्निकर्म च ।**
**ततो देवा विनिर्धूता भ्रष्टराज्याः पराजिताः ॥४॥**

**पदार्थ–**

**तौ एव** = ती दुईले नै, **सूर्यतां** = सूर्यको, **तद्वत्** = त्यस्तै, **ऐन्दवं** = चन्द्रमाको, **अथ** = त्यसपछि, **कौबेरं** = कुबेरको, **याम्यं च** = यमराजको पनि, **वरुणस्य च** = वरुणको पनि, **अधिकारं** = अधिकार, **चक्राते** = आफ्नै उपभोग गरे, **तौ एव** = ती दुईले नै, **पवनर्द्धिं च** = वायुका सामर्थ्य, **वह्निकर्म च** = अग्निको कार्य पनि, **चक्रतुः** = गरे, **ततः** = त्यसपछि, **विनिर्धूताः** = स्वर्गबाट टाढा भएका, **पराजिताः** = पराजित भएका, **देवाः** = देवताहरू, **भ्रष्टराज्याः** = राज्यहीन भए ॥

**भावार्थ–**

सूर्यको अधिकार, चन्द्रमाको अधिकार, कुबेर, यमराज तथा वरुणको अधिकारलाई पनि उनीहरूले आफ्नो हातमा लिए । त्यसैगरी पवनको शक्ति र अग्निको कर्म पनि उनीहरूले गर्न थाले । यसप्रकार असुरहरूबाट पराजित भएका देवताहरू राज्यभ्रष्ट भई अधिकारहीन भए ॥

**विवरण–**

यहाँ शुम्भनिशुम्भले सारा देवताहरूको अधिकार आफ्नो हातमा लिएको बताइएको छ। असुरहरूले स्वर्गमा राज्य गर्नुको मतलब तीनै लोकमा आसुरी वर्चस्व कायम हुनु हो । यहाँ असुहरूले देवताहरूको अधिकार अनि यज्ञभाग खोसे भनिएको छ । देवतहरूको मुख्य अधिकार भनेको प्राणीहरूका इन्द्रियहरूलाई अनुग्रह गरी उहाँलाई शक्तियुक्त बनाउनु हो । अब देवताहरू स्वर्गाधिकारबाट निष्काशित भएपछि सारा प्राणीका इन्द्रिय आदि आसुरी स्वभावबाट नै नियन्त्रित हुन थाले भन्नु यसको तात्पर्य हो । देवता र दानवबीचको यो युद्ध दैवी र आसुरी वृत्तिबीचको युद्ध हो भनी उपनिषद्मा बताइएको छ– **द्वया ह प्राजापत्या देवाश्चासुराश्च तत्र कनीयांस इव हि देवा ज्यायांसा असुराः।** भगवत्पादश्रीशङ्कराचार्यले यसको भाष्यमा इन्द्रियमा शास्त्रीय प्रवृत्ति कम हुनु देवताहरू निर्बल हुनु हो। भोग विलास आदि स्वार्थी भाव बढी हुनु असुरहरू शक्तियुक्त हुनु हो भनी बताउनुभएको छ । स्वार्थी भोगवृत्तिहरूको मूल बिन्दु भनेको अहङ्कार हो किनकि यसले आफ्नो लागि मात्र सुखभोग गर्ने भावना राख्दछ। अहङ्कारले सबै संसारलाई मम अर्थात् मेरो मात्र होस् भनी आफ्नो बनाउन चाहन्छ। यसैले स्वार्थी आसुरी वृत्तिहरूका मुख्य राजा अहन्ता र ममता नै हुन् । यहाँ सम्पूर्ण असुरसमाजका स्वामी भएका शुम्भ र निशुम्भ आध्यात्मिक अर्थमा यी दुई वृत्तिका नै परिचायक हुन् भन्ने अनुभवी साधकहरूको मान्यता छ। यो उत्तर चरित्र हो र यसपटक असुहरूको नाश भएपछि भगवतीले अर्को पटक असुरविनाश गर्नुपरेको छैन । यसको तात्पर्य शुम्भनिशुम्भरूपी असुर राजाको संहार भएपछि साधकले पूर्ण सिद्धि पाउँछ भन्ने हो। यहाँ शुम्भनिशुम्भले भगवीको बारेमा थाहा पाएपछि उनलाई पाउन चाहन्छन् । साधक पनि पहिले अहङ्कारपूर्वक नै साधनामार्गमा प्रवृत्त हुन्छ। आत्मतत्त्वरूपिणी भगवतीको यथार्थ प्रकाश न हुँदासम्म उसले गर्ने सारा साधना यही अहं वृत्तिकै अधीनमा छन् । यसैले यी सबै कल्पित अहंभाव आदिको अनि साधनाका लागि कल्पित अनेक वृत्तिहरूको पनि समूल विनाश भगवतीको आविर्भापछि हुन्छ। यसरी यस चरित्रमा भगवतीले जीवले अहिलेसम्म आफूलाई भगवतीदेखि भिन्न मानी उनको प्राप्ति गर्न भनी

कल्पना गरेका काल्पनिक वृत्तिहरूको अनि जीवभावको मूल कारण अहङ्कार अनि त्यसको वशवर्ती ममताको पनि विनाश गरी आत्मप्रकाश गर्नुभएको देखिन्छ । उत्तरचरित्रको रहस्य सारांश यही हो ।

**हृताधिकारास्त्रिदशास्ताभ्यां सर्वे निराकृताः ।**
**महासुराभ्यां तां देवीं संस्मरन्त्यपराजिताम् ॥५॥**

**पदार्थ–**

**ताभ्यां** = ती दुई, **महासुराभ्यां** = महादैत्यहरूबाट, **हृताधिकाराः** = अधिकार खोसिएका, **निराकृताः** = निकालिएका, **सर्वे** = सबै, **त्रिदशाः** = स्वर्गमा बस्ने, **देवाः** = देवताहरूले, **तां** = ती, **अपराजितां** = अपराजित देवी, **देवीं** = देवीलाई, **स्मरन्ति** = स्मरण गरे ॥

**भावार्थ–**

ती दुई दैत्यद्वारा अधिकार खोसिई निकालिएका सबै देवताहरूले सर्वेश्वरी अपराजिता भगवतीलाई सम्झे ।

**तयास्माकं वरो दत्तो यथाऽऽपत्सु स्मृताखिलाः ।**
**भवतां नाशयिष्यामि तत्क्षणात्परमापदः ॥६॥**

**पदार्थ–**

**तया** = ती भगवतीले, **यथा** = यस्तो, **अस्माकं** = हामीलाई, **वरः** = वर, **दत्तः** = दिनुभएको थियो, **आपत्सु** = आपतमा, **स्मृता** = सम्झियौ भने, **भवतां** = हजुरहरूको, **तत्क्षणात्** = त्यसै समय, **अखिलाः** = सबै, **परमापदः** = भयानक आपत्तिहरूलाई, **नाशयिष्यामि** = नाश गर्नेछु ॥

**भावार्थ–**

उनीहरूले भगवतीले मलाई आपत्कालमा सम्झिए, तत्क्षण नै ठूला-ठूला विपत्तिहरूलाई पनि नष्ट गर्छु भन्ने वर दिएको पनि याद गरे ।

**इति कृत्वा मतिं देवा हिमवन्तं नगेश्वरम् ।**
**जग्मुस्तत्र ततो देवीं विष्णुमायां प्रतुष्टुवुः ॥७॥**

**पदार्थ–**

**इति** = यसप्रकार, **मतिं** = विचार, **कृत्वा** = गरेर, **देवाः** = देवताहरू, **नगेश्वरं** = गिरिराज, **हिमवन्तं** = हिमालयमा, **जग्मुः** = गए, **ततः** = त्यसपछि,

**तत्र** = त्यहीं, **विष्णुमायां** = विष्णुकी माया, **भगवतीं** = भगवतीलाई, **प्रतुष्टुवुः** = स्तुति गर्नलागे ॥

**भावार्थ–**

त्यसपछि देवताहरू पर्वतराज हिमालयमा गई विष्णुमाया भगवतीको स्तुति गर्न थाले ॥

*देवा ऊचुः ॥८॥ देवताहरूले भने ॥*

**नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।**
**नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥९॥**

**पदार्थ–**

**देव्यै** = देवीलाई, **नमः** = नमस्कार छ, **महादेव्यै** = महादेवीलाई, **शिवायै** = शिवा भगवतीलाई, **नमः** = नमस्कार छ, **प्रकृत्यै** = प्रकृति, **भद्रायै** = भद्रादेवीलाई, **नमः** = नमस्कार छ, **नियताः** = नियमपूर्वक, **तां** = ती देवीलाई, **प्रणताः स्म** = नमस्कार गर्दछौं ॥

**भावार्थ–**

भगवती देवीलाई नमस्कार छ। परमकल्याणमयी महादेवी शिवालाई निरन्तर नमस्कार छ। प्रकृति एवं भद्रा भगवतीलाई हामी विनम्र भई प्रणाम गर्दछौं ॥

**विवरण–**

यहाँ देवताहरूले आफ्नो दुःख नष्ट गरिदिनका लागि भगवतीको अनेक रूपले स्तुति गरेका छन् । ***दीव्यति इति*** भन्ने विग्रहबाट देवी शब्द बन्दछ। दिवु धातुका अनेक अर्थहरूमध्ये अनेक रूपमा क्रीडा गर्ने या सधैं प्रकाशित रहिरहने आदि अर्थमा भगवतीलाई देवी भनिएको हो । महादेवी शब्दको चाहिँ अर्थ यसप्रकार छ– ***महतः ब्रह्मादीन् अपि देवयति सर्गादिषु व्यापारयति*** अर्थात् महान् देवहरू ब्रह्मा आदिलाई पनि सृष्टि आदि व्यापार मा लगाउने या प्रेरित गर्ने भएकाले भगवतीलाई महादेवी भनिएको हो । भगवतीकै शक्तिले मात्र ब्रह्मा आदिले सृष्टि आदि व्यवहार गर्न सक्दछन् भन्ने यसको तात्पर्य हो। ***शिवयति इति शिवः*** अर्थात् जो कल्याणको कारण हुन्छ त्यसैलाई शिव भनिन्छ। भगवती पनि कल्याणकारिणी हुनुभएकीले उहाँलाई

शिवा भनिएको हो ।

प्रकृति शब्दका अनेक अर्थहरू छन् । सत्त्व, रज र तमो गुणको साम्यावस्था नै प्रकृति हो भन्ने पहिलो अर्थ हो । यो सांख्यशास्त्रअनुसार प्रकृति शब्दको व्याख्या हो । सांख्यशास्त्रमा तीन गुणहरूले क्षोभद्वारा नै सृष्टि हुन्छ भन्ने मानिन्छ । तीन गुणमध्ये एकले अर्कालाई जित्ने क्षोभ भयो भने नै सृष्टिको सुरुवात हुन्छ, त्यसैले प्रकृति जगत्को कारणावस्था हो र यो रूपमा भगवती हुनुहुन्छ । व्याकरण शास्त्रअनुसार चाहिँ कुनै पनि पदमा हुने मूल शब्दलाई प्रकृति अनि त्यसमा पछि लाग्ने अरु शब्दलाई प्रत्यय भनिन्छ । जस्तै **रामः** भन्ने पदमा राम शब्द प्रकृति हो भने विसर्गको रूपमा आएको **सु** प्रत्यय हो । हरेक शब्दलाई भगवान् र भगवतीको स्वरूप मानि( एको छ । **प्रकृतिः पार्वती ज्ञेया प्रत्ययस्तु महेश्वरः** अर्थात् हरेक शब्दका प्रकृति पार्वती हुन् भने पछि त्यसमा लाग्ने प्रत्ययचाहिँ महेश्वर हुन् । यसरी हरेक शब्द अर्धनारीश्वर रूप हो भनिएको छ । प्रकृति शब्दको अर्को अर्थ चाहिँ ***प्रकृष्टा कृतिःयस्याः*** अर्थात् जसको कृति सर्वोत्कृष्ट छ भन्ने हो । कृति भनेको कार्य हो । सम्पूर्ण जगत् भगवतीको कार्य हो र यसलाई बनाउन भगवती बाहेक अर्को कोही समर्थ हुँदैनन् । कसैले पनि बनाउन न सक्ने यो अनन्त विश्वब्रह्माण्डलाई रचना गर्ने भगवतीलाई प्रकृति भनिएको हो । भद्र शब्दको अर्थ मङ्गल हो, मङ्गलै मङ्गल प्रदान गर्ने भएकीले भगवतीलाई भद्रा भनिएको हो ।

**रौद्रायै नमो नित्यायै गौर्यै धात्र्यै नमो नमः ।**
**ज्योत्स्नायै चेन्दुरूपिण्यै सुखायै सततं नमः ॥१०॥**

**पदार्थ–**

**रौद्रायै** = रौद्रालाई, **नमः** = नमस्कार छ, **नित्यायै** = नित्या, **गौर्यै** = गौरीलाई, **धात्र्यै** = धात्रीलाई, **नमो नमः** = बारम्बार नमस्कार छ, **ज्योत्स्नायै** = ज्योत्स्नामयी, **इन्दुरूपिण्यै** = इन्दुरूपिणी, **सुखायै** = सुखरूपालाई, **च** = पनि, **सततं** = निरन्तर, **नमः** = प्रणाम छ ॥

**भावार्थ–**

रौद्ररूपिणी भगवतीलाई नमस्कार छ । नित्या, गौरी एवं धात्रीलाई

बारम्बार प्रणाम छ। चन्द्ररूपिणी, ज्योत्स्नामयी एवं सुखरूपिणी देवीलाई निरन्तर प्रणाम गर्दछौं ॥

**कल्याण्यै प्रणतां वृद्ध्यै सिद्ध्यै कुर्मो नमो नमः ।**
**नैर्ऋत्यै भूभृतां लक्ष्म्यै शर्वाण्यै ते नमो नमः ॥११॥**

**पदार्थ–**

**प्रणतां** = शरणागतको, **कल्याण्यै** = कल्याण गर्नेवाली, **वृद्ध्यै** = वृद्धिरूपा, **सिद्ध्यै** = सिद्धिरूपालाई, **नमो नमः** = बारम्बार नमस्कार, **कुर्मः** = गर्दछौं, **नैर्ऋत्यै** = निर्ऋति(राक्षसको लक्ष्मीरूपा), **भूभृतां** = राजाहरूको, **लक्ष्म्यै** = लक्ष्मीरूपलाई, **सर्वाण्यै** = सर्वाणी (शिवपत्नीरूप भएकी), **ते** = हजुरलाई, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

शरणमा आएका व्यक्तिहरूको कल्याण गर्ने वृद्धि एवं सिद्धिरूपिणी भगवतीलाई बारम्बार नमस्कार गर्दछौं। निर्ऋतिपत्नी, राजलक्ष्मी एवं शिवकी अर्धाङ्गिनीरूपिणी हजुरलाई बारम्बार नमस्कार छ ॥

**दुर्गायै दुर्गपारायै सारायै सर्वकारिण्यै ।**
**ख्यात्यै तथैव कृष्णायै धूम्रायै सततं नमः ॥१२॥**

**पदार्थ–**

**दुर्गायै** = दुर्गा, **दुर्गपारायै** = सम्पूर्ण दुःखबाट पार गराउने, **सारायै** = सम्पूर्ण वस्तुको सारभूता, **सर्वकारिण्यै** = सर्वकाररूपा, **ख्यात्यै** = ख्यातिरूपिणी, **तथैव** = त्यस्तै, **कृष्णायै** = कृष्णा, **धूम्रायै** = धूम्रादेवीलाई, **सततं** = सधैं, **नमः** = नमस्कार छ ॥

**भावार्थ–**

सम्पूर्ण संसारको एकमात्र सार भएकी, दुर्गम सङ्कटबाट पार तारिदिने सर्वसमर्थ दुर्गालाई नमस्कार छ। त्यसैगरी ख्याति, कृष्णा तथा धूम्रा देवीलाई बारम्बार नमस्कार गर्दछौं ॥

**विवरण–**

यस श्लोकमा भगवती दुर्गालाई नमस्कार गरिएको छ। दुर्गा शब्दका अनेक अर्थहरू छन्– *दुःखेन गम्यते इति दुर्गा* अर्थात् जसलाई प्राप्त गर्न

अत्यन्त कठिन छ त्यस्ती भगवतीलाई दुर्गा भनिन्छ । बहिर्मुखी व्यक्तिहरूले जन्मौं-जन्मसम्म पनि भगवतीलाई प्राप्त गर्न सक्दैनन् । यसरी भगवती दुष्प्राप्य हुनुहुन्छ । यसैगरी *दुर्गे-सङ्कटे पारयति पालयति इति* अर्थात् सङ्कटबाट जोगाउने या पार लगाउने हुनाले भगवतीलाई दुर्गपारा भनिन्छ । अथवा *दुर्गः दुरधिगमः पारः परिच्छेदो यस्याः* भन्ने व्युत्पत्तिबाट पनि दुर्गपारा शब्द बन्दछ । भगवतीको पार पाउन या अन्त पत्ता लगाउन कोही पनि सक्दैन भन्ने यसको अर्थ हो । परिच्छेद तीन प्रकारका हुन्छन् । संसारका सीमित पदार्थहरूमा हुने ती परिच्छेद हुन्-देशकृत परिच्छेद, वस्तुकृत परिच्छेद र कालकृत परिच्छेद । कुनै वस्तु एक ठाउँमा हुनु र अर्को ठाउँमा नहुनु देशकृत परिच्छेद हो । कुनै वस्तु एउटा ठाउँमा छ भन्नुको मतलब बाँकी संसारभरि उसको अभाव छ भन्नु हो । यसले वस्तुलाई सीतिम या अवयापक सिद्ध गराउँछ । भगवती सर्वव्यापक हुनु भएकीले उहाँमा देशकृत परिच्छेद छैन । वस्तुकृत परिच्छेद भनेको चाहिँ एउटा वस्तु अर्को रूपमा न हुनु हो । संसारको कुनै पनि वस्तु सबै रूपमा हुन सक्दैन । यौटा मान्छे, घोडा हुन सक्दैन, अनि घैंटो कपडा हुन सक्दैन । यसरी सबै वस्तुहरूको अस्तित्त्व सीमित छ भन्ने यसले देखाउँछ । भगवतीचाहिँ संसारभरका जड चेतन सम्पूर्णको रूपमा हुनुभएकीले उहाँमा वस्तुकृत परिच्छेद पनि छैन । काल परिच्छेद भनेको चाहिँ एक समयमा भएको वस्तु अर्को समयमा न हुनु हो । पहिले भएका प्राणीहरू आज छैनन्, अनि आज भएको व्यक्ति केही समयपछि हुनेछैन । यसले व्यक्तिको समय या आयु सीमित भएको देखाउँछ । भगवती भने जन्म-मृत्युले हीन अनन्त तत्त्व हुनुहुन्छ । यसैले उहाँमा कालकृत परिच्छेद पनि छैन । यसरी तीनै परिच्छेदले रहित हुनुभएकीले भगवतीलाई दुर्गपारा भनिएको हो ।

सार शब्दका दुई अर्थहरू छन्– कुनै पनि पदार्थमा रहेको कामलाग्दो उत्कृष्ट अंश अथवा बल । सबै प्राणीहरू भित्र सबभन्दा बढी महत्त्वपूर्ण वस्तु चेतना नै हो । त्यो रूपमा भगवती हुनुहुन्छ भन्ने अर्थ पनि गर्न सकिन्छ भने बल भन्ने अर्थ लिँदाचाहिँ सबै प्राणीहरू भित्र बलको रूपमा पनि भगवती नै हुनुहुन्छ भन्ने भाव निस्कन्छ । **सर्वकारिणी** शब्दको अर्थ सबै थोक गर्नसक्ने भन्ने हुन्छ । उहाँ स्वतन्त्र रूपमा संसारको व्यवस्था मिलाउने सर्वसमर्थ

भएकाले उहाँलाई सर्वकारिणी भएकाले हो । हरेक राज्यका सर्वकारहरू त्यो राज्यभित्रका हरेक काममा स्वतन्त्र निर्णायक हुन्छन् भने भगवती त ती सबै सर्वकारहरूकी पनि सञ्चालिका अनि ब्रह्माण्ड कै स्वामिनी हुनुहुन्छ । सर्वकारिणी शब्दको अर्थ यही हो ।

**ख्याति** शब्दले ज्ञानलाई जनाउँछ अनि दार्शनिक अर्थमा चाहिँ यसले भ्रमज्ञानका अनके रूपमा व्याख्या गरिने सिद्धान्तलाई पनि बुझाउँछ । दार्शनिक भाषामा ख्याति भनेको भ्रमज्ञान हो । मानिसहरूले प्रतिदिन डोरीमा सर्प, सिपीमा चाँदी, आकाशमा नीलिमा आदिको भ्रम गरिरहेकै छन् । त्यो भ्रम कसरी हुन्छ भनी विचार गर्दा विचारकहरू अनेक सिद्धान्तमा पुगेका छन् । आत्मख्याति, असत् ख्याति, अख्याति, अन्यथा ख्याति र अनिर्वचनीय ख्याति गरी पाँच ख्याति प्रसिद्ध छन् । यी भ्रमज्ञानका अनेकप्रकारको रूपमा पनि यौटै भगवती देखिनु भएकाले उहाँलाई ख्याति भनिएको हो । यसरी यहाँ अनेक रूपमा भगवतीको स्तुति गरिएको छ ।

**अतिसौम्यातिरौद्रायै नतास्तस्यै नमो नमः ।**
**नमो जगत्प्रष्ठायै देव्यै कृत्यै नमो नमः ॥१३॥**

**पदार्थ–**

**अतिसौम्यातिरौद्रायै** = अत्यन्त सौम्य एवं अत्यन्त रुद्ररूपालाई, **नताः** = नमस्कार गर्दछौं, **तस्यै** = ती देवीलाई, **नमो नमः** = बारम्बार नमस्कार छ, **जगत्प्रतिष्ठायै** = जगत्को आधारभूतालाई, **नमः** = नमस्कार छ, **कृत्यै** = कृतिरूपा, **देव्यै** = देवीलाई, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

अत्यन्त सौम्य तथा अत्यन्त रौद्र रूप धारण गर्ने देवीलाई हामी बार म्बार नमस्कार गर्दछौं । जगत्की आधारभूता प्रकृतिरूपिणी देवीलाई बारम्बार नमस्कार छ ॥

**या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता ।**
**नमस्तस्यै ॥१४॥ नमस्तस्यै ॥१५॥ नमस्तस्यै नमो नमः ॥१६॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा,

**विष्णुमाया इति** = विष्णुमाया नामले, **शब्दिता** = पुकारिनुहुन्छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ।।

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा विष्णुमायाको रूपमा बताइनुहुन्छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ, उहाँलाई नमस्कार छ ।।

**विवरण–**

यस श्लोकमा विष्णुमायारूपिणी भगवतीलाई प्रणाम गरिएको छ । विष्णुमाया भनेर परमात्माको मायाशक्तिलाई लिनुपर्दछ । यसलाई मूलाविद्या या मूलप्रकृति पनि भन्दछन् । यो भगवतीको मोहात्मक तामस रूप हो । अविद्या तमोगुणात्मक हुन्छ अनि त्यसले आफूसँग सम्बन्धित भएको वस्तुलाई ढाकिदिन्छ । अद्वितीय परमात्मतत्त्वमा देखिएको यो अविद्याले पनि यही काम गर्दछ । संसारमा एउटैमात्र तत्त्व भएकाले अविद्याको आश्रय या विषय पनि त्यही तत्त्व हुन सक्दछ । त्यसैले विद्वान्हरू भन्दछन्– **आश्रयत्वविषयत्वभागिनी निर्विभागचितिरेव केवला** अर्थात् अनन्त चित् सत्ता नै अविद्याको आश्रय पनि विषय पनि हो । अविद्या परब्रह्ममा नै आश्रित हुन्छ अनि त्यसैलाई ढाकिदिन्छ भन्नु यसको आशय हो । यसरी ब्रह्मरूपिणी भगवती स्वयं अविद्याको रूपले बनी आफैँलाई आच्छादित गर्नुहुन्छ र जगत्को भ्रमको रूपमा देखिनुहुन्छ भन्ने बुझिन्छ ।

माया शब्दको व्युत्पत्ति गरिएको छ– ***या मा सा माया*** अर्थात् जो वास्तवमा छैन त्यही नै माया हो । स्वयंप्रकाश, अखण्डज्ञानस्वरूप तत्त्वमा अज्ञानको सम्बन्ध हुन सक्दैन, अझ त्यही नित्यज्ञानस्वरूप ब्रह्मतत्त्वलाई अज्ञानले ढाक्ने भन्ने त हुनै सक्दैन, तर वस्तुतः नभए पनि प्रतीत भइरहेको यो सबै माया हो । त्यसैले दार्शनिकहरू भन्दछन्– **माया नाम अविद्यमानस्य वस्तुनः आख्या** अर्थात् माया भनेको नभएको वस्तुको नाम हो । अद्वितीय ब्रह्मतत्त्वलाई नजानी नभएको संसारको भ्रम कल्पना गर्नु यही त माया हो । यो रूपले हेर्दा मायामा दुई शक्ति मानिएको छ– एउटा आवरण शक्ति अनि अर्को विक्षेपशक्ति । पहिला आवरणशक्तिले ढाकी स्वप्रकाश ब्रह्मलाई पनि न

जानिएको बनाइदिन्छ अनि विक्षेप शक्तिले ब्रह्ममा नभएको जगत्को प्रतीति गराइदिन्छ। यसरी स्वयं ब्रह्ममा अश्रित रहे तापनि त्यसलाई नदेखिने बनाइदिई त्यसमाथि अयथार्थ जगत्को यथार्थरूपमा प्रतीति गराउने मायाको विचित्र स्वभाव छ। जसरी तलाउको माथि जमेको लेउ, जलकुम्भी आदिले स्वयं पानीमा आश्रित भए पनि त्यही पानीलाई नदेखिने बनाइदिन्छ र आफूमात्र देखिन्छ त्यसैगरी आफू ब्रह्ममा नै आश्रित भएर पनि त्यसकै अनादर गरी आफूमात्र देखिन्छ। एउटा कवि भन्दछन्– **अहो धाष्ट्र्यमविद्यायाः न कश्चिदतिवर्तते, प्रमाणं वस्त्वनादृश्य परमात्मेव तिष्ठति** अर्थात् अहो यो अविद्याको धृष्टतालाई त कसैले पनि जित्न सक्दैन, किनकि यसले प्रमाणसिद्ध एकमात्र सत्य वस्तु अनि आफ्नै आश्रयभूत तत्त्वलाई पनि अनादर गरी स्वयं परमात्माझैं सत्य रूपमा देखिन्छे। यो मूलाविद्याको रूपमा पनि भगवती नै हुनुहुन्छ भनी यहाँ मायारूपिणी उहाँलाई प्रणाम गरिएको छ।

यहाँ मायारूपिणी भगवतीलाई तीन पटक नमस्कार गरिएको छ। विष्णुमाया सात्त्विक, राजस र तामस भेदले तीन प्रकारको हुने भएकाले तिनै भेदहरूलाई लक्षित गरी तीन पटक प्रणाम गरिएको हो। अथवा एउटै वस्तुलाई पनि महत्त्वपूर्ण बताउन बारम्बार अभ्यास गर्ने गरिन्छ। त्यसैले भनिन्छ– **अभ्यासे हि भूयस्त्वमर्थस्य भवति** अर्थात् बारम्बार दोहोऱ्याउँदा त्यो अर्थ दृढ हुन्छ। भगवतीको प्रणामलाई दृढ गर्नका लागि तीनपटक यसको विधान गरिएको हो। अथवा **कायिकवाचिकमानसिकनमस्कारत्रयं प्रदर्शितम्** अर्थात् यहाँ तीन पटक नमस्कार गरेर शारीरिक, मानसिक अनि वाचिक नमस्कारलाई देखाइएको हो। यहाँ आध्यात्मिक, आधिदैविक अनि आधिभौतिक तीनथरी तापलाई नष्ट गर्नका लागि भगवतीलाई तीनपटक नमस्कार गरिएको हो भन्न पनि सकिन्छ। मायारूपिणी भगवतीलाई प्रणाम गरेर यो प्रचण्ड मोहशक्तिबाट बँच्ने प्रार्थना यहाँ गरिएको बुझिन्छ।

यद्यपि माया अज्ञानात्मक एवं जड भएकाले उसको स्तुति हुन सक्दैन। मायाको स्तुति चिन्तन आदि गर्नाले केही फाइदा पनि छैन, किनकि अविद्याका उपासकहरू घोर अन्धकारमा पर्दछन् भनी उपनिषद्मा बताइएको छ– **अन्धन्तमः प्रविशन्ति येऽविद्यामुपासते**। उसो भए यहाँ देवताहरूले किन

मायाको स्तुति गरे त ? भन्ने शङ्का हुन्छ । यसको उत्तर यो हो कि– यहाँ मायालाई नभई मायाको रूपमा रहने भगवतीलाई नै प्रणाम गरिएको हो । संसारको उत्पत्ति आदिका लागि आवश्यक हुने भएकाले भगवती मायाको रूपमा बन्नुभएको मात्र हो, वास्तवमा त माया भगवतीभन्दा भिन्न अलग अस्तित्त्व भएको वस्तु कहाँ हो र ? माया अवश्य नै अज्ञानरूप एवं मोहात्मक छ, तर त्यसको रूपमा देखिने भगवती भने अखण्ड ज्ञानस्वरूप हुनुहुन्छ । उहाँको शरण्मा नजाउञ्जेल नै मायाको प्रभाव रहन्छ, उहाँको शरणमा गएपछि त मायाको सारा शक्ति नष्ट हुन्छ । डोरीमा भ्रमवश कल्पित भएको सर्प डोरीभन्दा अलग वस्तु होइन, अज्ञानका कारण डोरी नै सर्प रूपमा कल्पित भएको मात्र हो, अज्ञानकालमा डोरीको सर्प जति नै भयावह देखिए पनि त्यो भय अधिष्ठान डोरीलाई नजानुन्जेलसम्म मात्र हो, डोरीलाई जानेपछि सर्पको भय तत्काल बिलाउँछ । ठीक त्यसैगरी भगवतीमा कल्पित भएको मायाको शक्ति अज्ञान अवस्थामा जतिसुकै भयानक एवं प्रचण्ड भए पनि अधिष्ठान भगवतीको शरणमा जानेबित्तिकै यो बिलाउँछ । यसकै लागि यहाँ मायाको रूपमा देखापर्ने त्यसको अधिष्ठान हुनुभएकी भगवतीको वन्दना गरिएको छ ।

**या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।**
**नमस्तस्यै ॥१७॥ नमस्तस्यै ॥१८॥ नमस्तस्यै नमो नमः ॥१९॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **चेतना इति** = चेतना भनेर, **अभिधीयते** = बताइनुन्छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा चेतना भनिनुहुन्छ । उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥२०॥ नमस्तस्यै ॥२१॥ नमस्तस्यै नमो नमः ॥२२॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **बुद्धिरूपेण** = बुद्धिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा बुद्धिरूपले रहनुभएको छ । उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

माथिका श्लोकमा भगवतीलाई चेतना र बुद्धिको रूपमा प्रणाम गरिएको छ । यद्यपि सामान्यतः चेतना र बुद्धिको अर्थ एउटै हो तर त्यसको सामान्य भेदलाई लिएर यहाँ फरक-फरकरूपमा बताइएको छ । **चित चेतने** धातुबाट चेतना शब्द बन्दछ । चेतना भनेको घैंटो, कपडा, घर आदि अनेक विषयहरूलाई प्रकाशित गरिदिने शक्ति हो । **चित्तविशेषविजृम्भितशक्तिः** अर्थात् अन्तःकरणवृत्तिको कुनै पनि विषयसँग सम्पर्क भएपछि त्यो विषयलाई प्रकाशित गर्ने जुन शक्तिको विजृम्भण हुन्छ, अर्थात् जुन विशेष शक्तिका कारण त्यो पदार्थ व्यक्तिको बोधगम्य हुन्छ, त्यसलाई चेतना भनिएको हो । बुद्धि भनेको चाहिँ अन्तःकरणका चार भेदहरूमध्ये एउटा हो । ***बोधनं बुद्धिः*** अर्थात् कुनै पनि कुराको बोध हुनुलाई पनि बुद्धि भनिन्छ । त्यसैले तर्कशास्त्रमा भनिन्छ– **सर्वव्यवहारहेतुर्गुणो बुद्धिर्ज्ञानम्** अर्थात् सम्पूर्ण व्यवहारको हेतु हुने जुन ज्ञानरूपी गुण हो, त्यही नै बुद्धि हो । अन्तःकरणको भेदलाई लिँदाचाहिँ बुद्धि भनेको निश्चयात्मिका वृत्ति हो । मनले सङ्कल्प-विकल्प गरेको कुरालाई उचित-अनुचित आदि छुट्याई त्यसको निर्णय दिने बुद्धिको काम हो । संसारका ठूलादेखि सानासम्मका हरेक कामहरूमा यही बुद्धिकै आवश्यकता पर्दछ । यदि बुद्धिको रूपमा भगवती प्राणीहरूभित्र नबसिदिने हो भने उनीहरूका कुनै पनि व्यवहारहरू चल्दैनन् । यसैले बुद्धिरूपिणी भगवतीलाई यहाँ प्रणाम गरिएको छ ।

कसैको मतमा चाहिँ यहाँ चेतना भनेर निर्विकल्पक ज्ञान अनि बुद्धि

भनेर सविकल्पक ज्ञानलाई लिनुपर्दछ । निर्विकल्पक ज्ञान भनेको कुनै पनि वस्तुलाई स्पष्टतः जान्नु हो भने निर्विकल्पक ज्ञान भनेको स्पष्टतः भान नहुनु हो । घैंटोलाई यो घैंटो हो भनेर स्पष्ट जान्नु सविकल्पक ज्ञान हो, यसमा घटत्व धर्मले विशिष्ट घटको बोध भइरहेको छ । घैंटोलाई स्पष्टतः नजानी टाढाबाट त्यो कुनै पदार्थ हो भनी जान्नुचाहिँ निर्विकल्पक ज्ञान हो, किनकि त्यो ज्ञानले विषय गरेको पदार्थ कस्तो हो भन्ने भान भएको छैन । दर्शनशास्त्रको के नियम छ भने कुनै पनि वस्तुलाई जान्दा पहिले निर्विकल्पक ज्ञान हुन्छ अनि पछिमात्र सविकल्पक ज्ञान हुन्छ । यसको अर्थ हरेक वस्तुलाई पहिला सामान्यतः अनि पछिमात्र विशेषतः जानिन्छ भन्ने हो । यसरी चेतना र बुद्धि अर्थात् निर्विकल्पक ज्ञान र सविकल्पक ज्ञानको रूपमा पनि भगवती नै रहनुभएको छ भनी देवताहरूले भगवतीको स्तुति गरेका छन् ।

**या देवी सर्वभूतेषु निद्रारूपेण संस्थिता ।**
**नमस्तस्यै ॥२३॥ नमस्तस्यै ॥२४॥ नमस्तस्यै नमो नमः ॥२५॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **निद्रारूपेण** = निद्रारूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा निद्रारूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ निद्रारूपिणी भगवतीलाई प्रणाम गरिएको छ । निद्रा जीवहरूको तीन अवस्थामध्ये प्रमुख दुई अवस्थाको रूपमा रहेको हुन्छ । स्वप्न र सुषुप्ति दुबै अवस्थामा जीवहरू निदाएका हुन्छन् । निद्रा के हो र कसरी हुन्छ भन्ने विषयमा धेरै विचारहरू भएका छन् । आ-आफ्नो क्षेत्रगत अध्ययनअनुसार सबैले यसलाई आ-आफ्नो रूपमा परिभाषित गरे तापनि सबैको निष्कर्षचाहिँ के हो भने निद्रा विश्रामदायी अवस्था हो र योविना प्राणीहरूको जीवन चल्न

सक्दैन । केवल भोजन आदिबाट रासायनिक द्रव्यहरूलाई प्राप्त गरेर मात्र शरीर चलेको हुँदैन । उसलाई दिनदिनै ताजा भई चल्नका लागि विश्रामको अवधि पनि चाहिन्छ । यो निद्रा विस्मृतिरूप छ, यसमा व्यक्तिले आफ्ना सबै कुराहरूलाई भुलेको हुन्छ । सामाजिक पद-प्रतिष्ठाको अभिमान, सम्पत्तिको चिन्ता, परिवार रक्षाको विचार आदि सबै कुराहरूबाट निदाएको व्यक्ति पर पुगेको हुन्छ । उसले जुन शरीरमा आफ्नो अस्तित्त्वको बोध गर्दछ, त्यो स्थूल शरीरलाई पनि उसले बिर्सिएको हुन्छ, यसरी आफ्नो अस्तित्त्वलाई नै बिर्सिए झैं हुँदा पनि हरेक व्यक्ति जाग्न भन्दा निदाउनलाई मन पराउँछन् । बाहिरी व्यवहारको झमेलामा त व्यक्ति आफ्नो अभिमानलाई तुष्ट गर्नका लागिमात्र लागेको हो, उसले वास्तविक आनन्द त निद्रामा नै पाउँछ । निद्रामा व्यक्तिको सीमित आत्मबोध बिलाएको हुन्छ । उसले यो बेलामा आफूलाई शरीररहित अस्तित्त्वको रूपमा मात्र अनुभव गर्दछ । पूर्वीय शास्त्रहरूमा निद्राका दुई भाग स्वप्न र सुषुप्तिको विषयमा धेरै नै विवेचना पाइन्छ । निद्रामा व्यक्तिको व्यष्टि प्राण समष्टि प्राणसँग गई मिल्दछ र त्यहाँबाट अनन्त शक्तिको भण्डार लिई फेरि फर्किन्छ । यसरी व्यक्तिको जीवन भोजन आदिबाट भन्दा पनि विश्वव्यापी प्राणशक्तिको सम्बन्धले चल्दछ भन्ने शास्त्रीय मान्यता छ । मनले व्यष्टि आत्मबोध भुल्नेबित्तिकै प्राण पनि व्यष्टि बन्धनबाट मुक्त हुन्छ र समष्टि प्राणरूप भइहाल्दछ । व्यष्टि आत्मबोध भुल्नका लागि स्वप्नमा नभई सुषुप्ति अवस्थामा नै पुग्नुपर्दछ । यसरी निद्रा भनेर वास्तवमा पूर्ण विश्राम या सुषुप्तिलाई लिनुपर्दछ ।

निद्राको विषयमा दर्शनशास्त्रमा भनिन्छ– कि यो बेलामा मन शरीरभित्रै अवरुद्ध भएको हुन्छ, इन्द्रिय आदिको माध्यमले बाहिर निस्कन सक्दैन । मन सञ्चलन गर्ने बाटो भनेका सूक्ष्म नाडीहरू नै हुन्, जुन नाडीहरू हृदयदेशबाट निस्किई ती-ती इन्द्रिय गोलक अनि शरीरभरि व्याप्त हुन्छन् । नाडीगत पित्ततेजद्वारा जब मनको बाहिर निस्कने बाटो अवरुद्ध हुन्छ त ऊ भित्रभित्रै पुराना संस्कारहरूको समूहहरूमा घुम्न थाल्दछ । यही पुराना संस्कारहरूलाई मनले ओल्टाइपल्टाइ गरिरहेको स्थिति नै स्वप्नावस्था हो । जब पित्ततेज झन् बढी प्रचण्ड हुन्छ त मनको सम्पूर्ण शक्ति अभिभूत हुन्छ

र त्यसको स्फुरण बन्द हुन्छ । यो सपना नदेखी सुतिरहेको सुषुप्ति अवस्था हो । यसरी निद्रामा प्राणीहरूको मन मलमय नाडीकोशमा थुनिएको हुन्छ । न्यायशास्त्रमा बताइएको छ कि निद्रा अवस्थामा प्राणीहरूको मन पुरीतति नाडीमा गई सुतेको हुन्छ । यसरी जीवहरूलाई विश्राम दिने निद्राको रूपमा पनि भगवती नै हनुहुन्छ अनि उहाँकै काखमा गएपछि मानिस, पशुपक्षी आदि सबैथरी प्राणीहरू आ-आफ्नो भेदलाई भुली समान भावले एउटै काखमा सुत्दछन् । जगदम्बाको विशाल मातृत्वको यो रूपको अघि प्राणीहरूका सीमित अभिमानहरू दिनदिनै बिलाएको देखिन्छ । दिनभरि चारा खोज्न गएका पक्षीहरू साँझमा आफ्नै गुँडमा फर्केझैं दिनभरि आ-आफ्नो व्यावहारिक झन्झटमा अल्झिएका प्राणीहरू रातमा यही निद्रारूपिणी भगवती जगदम्बाको आनन्दमय काखमा विश्राम गर्दछन् । यसरी भगवती निद्रारूपिणी हुनुहुन्छ ॥

**या देवी सर्वभूतेषु क्षुधारूपेण संस्थिता ।**
**नमस्तस्यै ॥२६॥ नमस्तस्यै ॥२७॥ नमस्तस्यै नमो नमः ॥२८॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **क्षुधारूपेण** = क्षुधारूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा बुभुक्षारूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ भगवती क्षुधारूपिणी हुनुहुन्छ भनी उहाँलाई प्रणाम गरिएको छ । **क्षुध बुभुक्षायाम्** भन्ने धातुबाट क्षुधा शब्द बन्दछ, यसको अर्थ भोक भन्ने हुन्छ । भोक-प्यासले प्राणीहरूलाई दिनदिनै सताइरहेका छन् । यसको पीडा अत्यन्त गहिरो हुन्छ । भोकले मानिसको प्राणैलाई आकुलव्याकुल बनाइदिन्छ । कलिमा अन्नमा नै प्राण रहेको हुनाले यहाँ केही दिन भोजन नगर्ने हो भने प्राणीहरू बाँच्न सक्दैनन् । यसैले भोक अनि प्यासलाई पनि

मृत्युकै एकस्वरूप मानिएको छ । मानिसलाई मृत्युले त जीवनभरमा जम्मा एकपटक मार्दछ, तर यो भोकको ज्वालाले प्राणीलाई दिनदिनै मारिरहेको हुन्छ । भोकको ज्वालाले पीडित भएपछि प्राणीहरू आफ्नो स्वाभिमान, विवेक आदि सबैलाई बलि चढाउन तयार हुन्छन् । त्यसैले नीतिमा भनिन्छ–**बुभुक्षितः किं न करोति पापम्** अर्थात् भोकाएको व्यक्तिले कुन चाहिँ पाप गर्दैन ? यसैले क्षुधा भनेको भगवतीको संहारिकास्वरूप हो भन्ने स्पष्ट हुन्छ ।

भोकमा मृत्युमात्र नभई जीवन पनि लुकेको छ । त्यसैले मानिसहरू भोक नलाग्नुलाई पनि रोगका रूपमा लिन्छन् र भोक जोगाउन खोज्दछन् । भोक लाग्नाकै कारणले मानिसले दिनदिनै नयाँ-नयाँ अन्नहरू खान्छन् र त्यसबाट उसको शरीरमा नयाँ-नयाँ स्फूर्तिको सञ्चार हुन्छ । यदि दिनदिनै भोक नलाग्ने हो भने प्राणीहरूले अन्न खान पनि सक्दैन थिए अनि उनीहरूको शरीर पनि पोषणविना शक्तिहीन हुन्थ्यो । जो सीधै विश्वव्यापी प्राणशक्तिको सहायताले पुष्ट रहन्छन्, ती योगीहरूलाई छाडी अरु सबै प्राणीहरूलाई भोकको अनिवार्य आवश्यकता छ, त्यसैले भोक जीवनको पनि कारण हो । भोकको कारणले नै संसार गतिशील बनिरहेको छ, यसैले भोक स्थितिको पनि कारण हो । यदि भोकविना अर्थात् नखाए पनि जीवन चलिरहने हो भने सबै प्राणीहरू आलस्यले युक्त भई सुतिरहन्थे, कुनै विशेष परिश्रम गर्दैन थिए । आफ्नो अनि आफ्नो परिवारको भोकलाई दीर्घकालीन रूपमा हटाउन नै प्राणीहरूले अन्नको सञ्चय गर्न थाले । भोकलाई तृप्त गरेर मात्र नपुगी कसले कति मीठोरूपमा भोक तृप्त गर्ने भन्ने होडबाजी हुँदा नयाँ-नयाँ अन्नको खोजीमा प्राणीहरूले एक आपसमा अन्न साटासाट गर्न थाले र यो विनिमयलाई सजिलोसँग व्यवस्थित गर्न मुद्राको प्रचलन भयो । अब अन्नको भोकले धनको भोकको रूपमा पनि फैलिने अवसर पायो र यो सँगसगैं घरको, जमिनको, वाहन आदिका भोकहरू पनि बढ्दै गए । अहिलेसम्म पनि प्राणीहरू यिनै अनेकथरी भोकहरूलाई नियन्त्रित गर्नकै लागि संसारका कुनाकाप्चा सम्म चक्कर लगाइरहेका छन् र आफ्नो असीमित आकाङ्क्षारूपी भोकलाई तृप्त गर्न मानिसहरूले नयाँ-नयाँ आविष्कार गर्दै पृथिवीभित्र अनि आकाशमाथि पनि खोतल्न थालेका छन् । यसरी संसार नयाँ-नयाँरूपमा

गतिशील हुनुको कारण पनि भोक नै भएको थाहा हुन्छ। यसप्रकार जीवनको सृष्टि, संसारको गतिमय स्थिति अनि संहाररूपी तीनओटै अवस्था भोकको नियन्त्रणमा छन्।

आध्यात्मिक अर्थमा पनि भोकको महत्त्व छ। ज्ञानको भोकले युक्त भएका मुमुक्षुहरू यही भोकलाई शान्त गर्न गुरुको शरणमा जान्छन् र मोक्षरूपी परमानन्द अमृतको आस्वाद लिएर मात्र उनीहरूले यो भोक शान्त हुन्छ। यदि प्राणीहरूलाई परमानन्दको अनि आत्मज्ञानको भोक नै नलाग्ने हो भने संसारका मानिसहरू को ज्ञानी, विवेकी बन्न सक्दथे ? यसैले मोक्ष पनि क्षुधारूपिणी भगवतीको नै कृपा हो। यसरी भगवतीले प्राणीहरूलाई संसार तिर प्रेरित गरी त्यसको व्यवस्था सञ्चालित गर्नुपर्दा उहाँ भौतिक पदार्थहरूको भोक बनिदिनुहुन्छ भने कसैलाई मुक्त गर्नुपर्दा आत्मज्ञानको भोक बनी ऊ भित्र पसिदिनुहुन्छ। संसारलाई गतिशील बनाउने र व्यक्तिलाई मुक्तिको मार्गमा पनि डोऱ्याउने यो शक्ति भगवतीबाहेक कसको हुनसक्दछ र ? त्यसैले क्षुधारूपिणी भगवतीलाई यहाँ देवताहरूले प्रणाम गरेका छन्।

**या देवी सर्वभूतेषुच्छायारूपेण संस्थिता । नमस्तस्यै ॥२९॥ नमस्तस्यै ॥३०॥ नमस्तस्यै नमो नमः ॥३१॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **छायारूपेण** = छायारूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा छायारूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ भगवतीलाई छायारूपिणी भनिएको छ। **छो छेदने** भन्ने धातुबाट छाया शब्द बन्दछ। यसको अर्थ छेदन गर्नु या नष्ट गर्नु भन्ने हुन्छ। **छ्यति-छिनत्ति सन्तापं इति छाया** अर्थात् जसले सन्तापलाई नष्ट गर्दछ, त्यसैलाई

छाया भनिन्छ । सूर्यको प्रचण्ड तापबाट व्याकुल भएका प्राणीहरू यसबाट बँच्न छायाको शरण लिन्छन् । छायालाई सूर्यको पत्नी पनि भनिन्छ । किनकि सूर्य हुँदा नै छायाको दर्शन हुन्छ । यी छायादेवी सूर्यको प्रचण्ड तापको बेलामा रुखहरूको ओछेलमा आफ्नो शीतल छहारी प्रदान गर्छिन् । सूर्य देखिने ठाउँमा सूर्यको किरण, अनि छेकिएको ठाउँमा चाहिँ यी छाया देवी गरी छाया र सूर्यले सारा पृथिवीलाई ढाकेका छन् ।

छायाको अर्को अर्थ प्रतिबिम्ब भन्ने पनि हुन्छ । निर्मल जलमा अनि स्वच्छ ऐनामा जुनसुकै वस्तुको पनि प्रतिबिम्ब पर्दछ । यसबाट त्यो वस्तुको ज्ञान हुन्छ । व्यक्तिलाई अरु सारा बाह्य पदार्थको ज्ञान त आँखाले हेरेर हुन्छ, तर आफ्नै मुहारलाई हेर्न भने उसले प्रतिबिम्बकै सहायता लिनुपर्दछ । अरु बाहिरी वस्तुहरू देखिनुभनेको पनि आँखाको पर्दामा ती वस्तुहरूको प्रतिबिम्ब पर्नु नै हो भनिएको छ । यसरी सबै वस्तुहरूको ज्ञान प्रतिबिम्बकै माध्यमले हुने देखिन्छ । आध्यात्मिक अर्थमा पनि प्रतिबिम्बको ठूलो महत्त्व छ । अन्तःकरणमा पर्ने आत्माको प्रतिबिम्ब नै जीव हो । आत्मको ज्ञान भनेको पनि अन्तःकरणका ती-ती वृत्तिहरूमा प्रतिबिम्बित ब्रह्मलाई ब्रह्मरूपले जान्नु नै हो । अनादिकालदेखि ब्रह्मचैतन्य रहिरहेकै छ, तर ब्रह्माकार अन्तःकरणको वृत्तिमा प्रतिबिम्बित नभएकाले प्राणीहरूको अज्ञान नष्ट भएको छैन । यो आत्मप्रतिबिम्बको रूपमा अज्ञान नष्ट गर्ने पनि स्वयं भगवती नै हुनुहुन्छ । यसरी भगवती प्रतिबिम्बरूपा हुनुका अनेक तात्पर्यहरू छन् ।

**या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥३२॥ नमस्तस्यै ॥३३॥ नमस्तस्यै नमो नमः ॥३४॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **शक्तिरूपेण** = शक्तिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा शक्तिरूपले रहनुभएको छ, उहाँलाई

नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ शक्तिरूपिणी भगवतीलाई प्रणाम गरिएको छ । शक्ति भनेको सामर्थ्य हो । आ-आफ्नो सामर्थ्यकै कारणले प्राणीहरू संसारमा श्रेष्ठ या सामान्य भई बाँचेका हुन्छन् । सामर्थ्यको स्तर अनेककिसिमको छ- शारीरिक, मानसिक आदि । शारीरिक बलले सहित भएका प्राणीहरू निर्बलहरूको अपेक्षया आनन्दपूर्वक बाँचेका हुन्छन् । यही बलकै कारणले सिंहलाई पशुहरूको राजा या मृगेन्द्र भनिन्छ । शक्तियुक्त भएकाले हात्ती, गैंडा आदि प्राणीहरूलाई पनि अरुको त्यति डर हुँदैन । शारीरिक शक्ति कम भएका हुनाले मृग आदि प्राणीहरू चाहिँ सधैँ डरमा नै बाँचेका हुन्छन् । मानिसमा चाहिँ शार ीरिक शक्ति त्यति न भए पनि मानसिक शक्ति भएकाले ऊ सर्वश्रेष्ठ भएको छ । अनेक भौतिक एवं आध्यात्मिक उन्नतिहरू यसले यही मानसिक शक्तिको कारणले नै गरेको छ । सबैलाई जीवन धारण गर्न शक्तिको आवश्यकता पर्दछ । राजालाई राज्य गर्न, विद्वान्लाई विद्वान् भइरहन, गृहस्थलाई असल गृहस्थ बन्न अनि संन्यासीहरूलाई सफल संन्यासी बन्न पनि विशेष प्रकार का शक्ति चाहिन्छन् । संसारका अनेक भौतिक मानसिक अभाव एवं कमजोर ीहरूसँग लडी जीवनलाई राम्रोसँग चलाउन सबैलाई शक्ति चाहिन्छ नै, त्यसैले शक्तिरूपिणी भगवतीसँग सबैले आ-आफ्नो अभीष्ट वस्तु माग्दछन् र भगवती त्यसलाई पूरा गर्नुहुन्छ । यसरी अनेकथरी सामर्थ्यको रूपमा रही प्राणीहरूलाई सबल बनाउने भगवती देवी नै हुनुहुन्छ ।

शक्ति शब्दको अर्को अर्थ गरिएको छ– **कार्यजननसामर्थ्यम्** अर्थात् कार्य उत्पन्न गर्ने सामर्थ्य । माटोमा घैँटो उत्पन्न गर्नसक्ने शक्ति छ । अनि धागोमा कपडा उत्पन्न गर्ने शक्ति । यसैगरी धानको बीउमा धानको बोट र फल फलाउने शक्ति छ भने मकैको बीउमा त्यही उत्पन्न गर्नसक्ने शक्ति । यो शक्ति कार्यकारणभावको शक्ति हो । स्याउको बाटोमा स्याउ नै फलाउने शक्ति छ, अरु होइन, अनि सुन्तलाको बोटमा पनि अरु वस्तु उत्पन्न गर्ने सामर्थ्य छैन । यसरी कारणमा त्यो-त्यो कार्यविशेषलाई उत्पन्न गर्ने शक्ति हुन्छ र यसैद्वारा कार्यकारणभावको नियम बन्दछ । यसप्रकार भगवती हरेक

कारणहरूमा ती-ती कार्यलाई उत्पन्न गर्ने सामर्थ्य या शक्तिको रूपमा रहेको हुनुहुन्छ ।

शक्ति शब्दको अर्को अर्थ हुन्छ– **वस्तुगतः स्वभावसिद्धःधर्मः** अर्थात् हरेक वस्तुहरूमा रहने स्वाभाविक धर्म । यहाँ स्वाभाविक धर्म भनेर पानीको चिसो रहने र तलतिर बग्ने, आगोको तातो रहने र माथितिर उड्ने आदि धर्मलाई लिनुपर्दछ । उष्णता र प्रकाश आगोका स्वरूपभूत गुण या धर्म हुन्, यीविना आगो आगो रहन सक्दैन । चन्द्रमाले शीतल किरण दिन छोड्यो अनि सूर्यले प्रखर प्रकाश दिन छोड्यो भने उहाँलाई कसले सूर्य-चन्द्र भन्दछ र ? यसरी कुनै पनि वस्तुले आफ्नो जन्मसिद्ध स्वाभाविक धर्मलाई छोड्यो भने उसको अस्तित्त्व नै सिद्ध नहुने देखिन्छ । यसरी अनेक पदार्थहरूमा ती-ती स्वाभाविक गुणहरू या शक्तिको रूपमा रही तिनीहरूलाई अस्तित्त्वयुक्त बनाउने पनि स्वयं भगवती भएको थाहा हुन्छ । यसप्रकार भगवती शक्तिरूपा हुनुका अनेक अर्थहरू रहेका छन् ।

**या देवी सर्वभूतेषु तृष्णारूपेण संस्थिता ।**
**नमस्तस्यै ॥३५॥ नमस्तस्यै ॥३६॥ नमस्तस्यै नमो नमः ॥३७॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **तृष्णारूपेण** = तृष्णारूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा तृष्णारूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा तृष्णारूपिणी भगवतीलाई प्रणाम गरिएको छ । **तृष् पिपासायाम्** भन्ने धातुबाट तृष्णा शब्द बन्दछ । यसको अर्थ हुन्छ– **उपभोगनिमित्तकः अभिलाषः** अर्थात् पदार्थहरूको उपाभोग गर्ने अभिलाषलाई नै तृष्णा भनिन्छ । यसलाई कामना, वासना आदि अनेक शब्दहरूले पनि

बताइन्छ । मानिसहरूको सबै कार्यहरूमा आनन्दका लागि नै प्रवृत्ति हुने गर्दछ । पदार्थहरूको भोग पनि आनन्द लिनका लागि नै हो । बारम्बार अनेक पदार्थहरूको भोग गरेर त्यसबाट सधैँ आनन्द पाइरहने अभिलाष नै तृष्णा हो तृष्णाले मानिसको मनभित्र खलबली मच्चाइदिन्छ । अरु व्यक्तिको सम्पत्ति, परिवार, सुखसयल आदि देखेर मानिसहरूलाई आफू पनि ऊ जस्तै या अझ सम्पन्न हुने अभिलाष हुन्छ । एकले अर्कालाई हेरेर ऊभन्दा अघि बढ्ने या बढी सुख पाउने होडबाजी नै तृष्णाको स्वरूप हो, तर जति पदार्थहरूको प्राप्ति गरे तापनि प्राणीहरूको तृष्णा भने कहिल्यै शान्ति हुँदैन। तृष्णालाई अत्यन्त गहिरो खाल्टो भनिएको छ, जसमा जति पदार्थहरूको भोग हालेर भर्न खोज्दा पनि त्यो भरिदैन । सृष्टिको सुरुवात भएदेखि आजसम्म प्राणीहरूले अनेकप्रकारका विषयहरूको भोग गरेर यही खाल्टोलाई त पुर्न खोजेका छन्, तर आजसम्म यो खाल्टो पुरिनुको साटो बढ्दै गइरहेको पो छ । थोरै जग्गा भएको मान्छे आफ्नो जग्जा बिघौँ होस् भन्ने चाहन्छ, बिघौँ जग्गा भएको व्यक्ति एउटा जिल्ला नै आफ्नो होस् भन्ने चाहन्छ, यसैगरी एउटा र ाज्यको स्वामीलाई पूरा द्वीपको अनि उसलाई चाहिँ सातै द्वीपावली पृथिवीको एकमात्र सम्राट् बन्ने इच्छा हुन्छ । तत्त्वद्रष्टा ऋषिहरू भन्दछन् सप्तद्वीपावली पृथिवीको एकमात्र सम्राट्हरू पनि विषयभोग अनि सम्पत्तिको तृष्णाबाट मुक्त थिएनन्– **सप्तद्वीपाधिपतयो नृपाः वैन्यगयादयः । अर्थैः कामैर्गता नान्तं तृष्णाया इति नः श्रुतम्** (श्रीम.भा.८/१९/२३)अर्थात् सातै द्वीपवाली पृथिवीका शासक हुँदा पनि पृथु, गय आदि राजाहरू तृष्णाबाट पार हुन सकेका थिएनन् । यसैले तृष्णाको क्षेत्र असीमित छ ।

तृष्णालाई कहिल्यै पनि ननिभ्ने ज्वाला पनि भनिएको छ । संसारभर का सबै पदार्थहरूको भोग गरिसक्दा पनि यो ज्वाला झन् बढिरहन्छ । मानिसहरू के सोच्छन् भने विषयको भोग गरिसके पछि यो ज्वाला कम हुन्छ होला । यही सम्झेर उनीहरू आफ्ना इच्छाको पूर्तिको लागि भनी भोग गरिर हन्छन्, तर तत्त्वदर्शीहरू भन्दछन्– पदार्थभोग गरेर तृष्णाको शमन गर्न खोज्नु त बलिरहेको अग्निमा घिउ हालेर त्यसलाई शान्त गर्न खोज्नु हो, यसबाट त्यो शान्त हुनुको साटो झन्झन् बढिरहेको छ । यसैले भनिन्छ– **न जातु**

**कामः कामानामुपभोगेन शाम्यति**(श्रीम.भा.९/१९/१४) अर्थात् विषयहरूको उपभोग गर्नाले यो कामना शान्त हुँदैन । मानिसहरू जतिजति तृष्णालाई शमन गर्न विषयभोग गरिरहन्छन्, त्यति त्यो तृष्णा कम हुँदैन । बरु मानिसको इन्द्रियशक्ति आदि नै कमजोर हुन्छन् । त्यसैले एकजना विरक्त भन्दछन् –**तृष्णा न जीर्णा वयमेव जीर्णा** अर्थात् आजसम्म विषयभोग गर्दा तृष्णा त जीर्ण भएन बरु हामी आफैँ जीर्ण-शीर्ण एवं आत्मबलहीन भयौँ । यसरी तृष्णाले सबै प्राणीहरूलाई अनन्त अतृप्तिको भुमरीमा घुमाइदिएको थाहा पाइन्छ । यसबाट मुक्त हुनका लागि इन्द्रियसंयमपूर्वक परमात्मचिन्तन गर्नुपर्दछ र यसबाट आनन्दमय आफ्नै स्वरूपको प्राप्ति भएपछिचाहिँ विषयको भोगबाट क्षुद्र आनन्दको अभिलाष गर्ने यो तृष्णा त्यत्तिकै बिलाउँछ, तर मानिसहरूलाई यो शाश्वत सुखको प्राप्तिमा पनि यही सांसारिक तृष्णाले रोक्दछ । यसरी तृष्णा भगवतीको मोहात्मक शक्ति भएको थाहा हुन्छ । यहाँ देवताहरूले तृष्णारूपिणी भगवतीको स्तुति गरी यही तृष्णाको प्रभावबाट बँच्न खोजेको देखिन्छ ।

**या देवी सर्वभूतेषु क्षान्तिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥३८॥ नमस्तस्यै ॥३९॥ नमस्तस्यै नमो नमः ॥४०॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **क्षान्तिरूपेण** = क्षान्तिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा क्षान्तिरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा भगवती क्षान्तिरूपिणी हुनुहुन्छ भनी उहाँको स्तुति गरिएको छ । **क्षमूष् सहने** भन्ने धातुबाट क्षान्ति शब्द बन्दछ, जसको अर्थ हुन्छ– **सहनशीलता** । यसलाई क्षमा पनि भन्दछन् । क्षमा भनेको **अपकारिणि**

**अनपकारचिकीर्षा** अर्थात् आफूलाई अपकार गर्नेहरू माथि पनि अपकार गर्ने भाव नहुनु हो । यसरी अर्काको दुःखलाई सहजैसँग सहिदिनु क्षमा हो । सहनु भन्नुको मतलब कुनै बलियोले गरेको अपकारलाई निर्धो व्यक्तिले विवशतापूर्व सहनु होइन, प्रतीकार गर्ने सामर्थ्य हुँदाहुँदै पनि त्यसलाई सहनु नै वास्तविक सहनशीलता हो । सहनशीलताले व्यक्तिलाई शत्रुको प्रतिशोध लिने दुर्भावबाट जोगाउँछ । यसबाट वैरभावको आगो भड्किन पाउँदैन, र व्यक्तिको अन्तःकरण पनि शुद्ध रहिरहन्छ । एउटाको अपराधलाई अर्कोले प्रसन्नतापूर्वक सहिदियो भने त्यसबाट त्यो अपराधी स्वयं लज्जित हुन्छ र सन्मार्गमा फर्किन्छ । क्षमा महापुरुषहरूमा हुने गुण हो, यसैले बलको उनीहरूले आफूमाथि वैरभाव गर्ने अनेकौ व्यक्तिहरूको हृदयलाई जिती उनीहरूलाई असल बनाएका हुन्छन् । यसैले क्षमाको भाव कायरता नभई महापुरुषको सद्गुण हो । भनिएको छ–

**क्षमाखड्गःकरे यस्य दुर्जनः किं करिष्यति ।**

**अतृणे पतितो बह्निः स्वयमेवोपशाम्यति ॥** अर्थात् जसको हातमा क्षमारूपी खड्ग छ त्यसलाई दुर्जनले केही बिगार्न सक्दैन, किनकि घाँस आदि नभएको सुख्खा जमिनमा परेको आगो स्वयं शान्त हुन्छ । धर्मको लक्षण गर्ने क्रममा मनु महाराजले पनि **धृतिः क्षमा** भनी यसलाई गणना गर्नुभएको छ । यसरी क्षमारूपी गुण जसको हृदयमा छैन, ऊ सधैँ आफ्नो विरोधीहरूको अपकार को विषयमा चिन्ता गरिरहन्छ र यसमा नै उसको जीवन बित्छ । क्षमाशील व्यक्तिचाहिँ दुर्जनहरूको हुलमा पनि शान्तिपूर्ण जीवन यापन गर्दछ । यसरी क्षमारूपी सद्गुणको रूपमा पनि भगवती नै रहनुभएको छ भनी यहाँ स्तुति गरिएको छ ।

**या देवी सर्वभूतेषु जातिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥४१॥ नमस्तस्यै ॥४२॥ नमस्तस्यै नमो नमः ॥४३॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **जातिरूपेण** = जातिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः**

= नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ।।

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा जातिरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ।।

**विवरण–**

यस श्लोकमा भगवतीलाई जातिरूपिणी भनी स्तुति गरिएको छ । **जनी प्रादुर्भावे** धातुबाट जाति शब्द बन्दछ । यसको अर्थ कुनै पनि कार्यमा र हने सामान्य धर्म भन्ने हुन्छ । दर्शनशास्त्रहरूमा जातिको विषयमा धेरै चिन्तन भएको पाइन्छ । जाति भनेको कार्यहरूमा रहने एकरूपता या समता हो । यसबाट ती पदार्थहरूको पहिचान गर्न र व्यवहार गर्न सजिलो पर्दछ । जस्तै एक ठाउँमा घैंटोलाई देखेर यो घैंटो हो भनी चिनिसकेको व्यक्तिले अर्को ठाउँमा पनि त्यस्तै पदार्थ रहेको देख्यो भने उसले त्यो घैंटो हो भन्ने जान्दछ । पहिले चिनेको घैंटो र अहिले देखेको पदार्थ त फरक-फरक हो फेरि त्यसबाट यसलाई कसरी चिन्न सकियो त ? भन्ने शङ्काको उत्तर बताउँदै दार्शनिकहरू भन्दछन्– घैंटोलाई देख्दा त्यसमा रहेको घटत्व जातिको पनि ग्रहण भएको छ । घटत्व जाति संसारभरका सबै घटहरूमा बस्ने एउटै जाति भएकाले त्यही जातिद्वारा नै संसारभरका घटहरूको बोध हुन्छ । घैंटोभरि रहने घटत्व जाति, मानिसभरि रहने मनुष्यत्व जाति अनि सबै गाईभरि रहने गोत्व जाति आदिको कारणले नै व्यवहार चल्दछ । यसरी व्यक्ति भिन्नभिन्न भए पनि तिनमा रहने जाति एउटै हुन्छ भन्ने मानिन्छ ।

न्यायशास्त्रमा जातिको लक्षण गर्दै भनिएको छ– **नित्यत्वे सति अनेकसमवेतत्वं जातित्वम्** अर्थात् जाति नित्य हुन्छ, एक हुन्छ र अनेक व्यक्तिहरूमा समयवाय सम्बन्धले बस्छ । घैंटोको उत्पत्ति र नाश हुँदा घटत्व जातिको उत्पत्ति-नाश हुँदैन । यसैले यसलाई नित्य मानिएको हो । वेदान्तमा चाहिँ ब्रह्मबाहेक अरु सबै वस्तु उत्पत्ति-नाशशील भएकाले यसप्रकारको नित्य जातिलाई मानिदैंन,यसलाई केवल घैंटो-घैंटो, मान्छे-मान्छे आदिमा हुने समान धर्मको रूपमा लिइन्छ । दार्शनिक भाषामा मनुष्यत्व जातिले युक्त भएपछि नै मनुष्य हुन्छ अनि घट भनेको त्यही वस्तु हो जसमा घटत्व धर्म छ । यसरी

वस्तुको अस्तित्त्व एवं परिचयसँग जाति जोडिएको हुन्छ। यसप्रकार जातिको रूपमा संसारका सबै पदार्थहरूमा बसी उहाँलाई परिचय दिलाउने भगवती नै हुनुहुन्छ भन्ने स्पष्ट हुन्छ।

**या देवी सर्वभूतेषु लज्जारूपेण संस्थिता ।**
**नमस्तस्यै ॥४४॥ नमस्तस्यै ॥४५॥ नमस्तस्यै नमो नमः ॥४६॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **लज्जारूपेण** = लज्जारूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा लज्जारूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा भगवतीलाई लज्जारूपिणी भनिएको छ। **ओलस्जी व्रीडे** भन्ने धातुबाट लज्जा शब्द बन्दछ। यसको अर्थ लाज मान्नु भन्ने हुन्छ। लाज मान्नुको तात्पर्य सबैबाट सधैँ लजाइरहनु होइन, यो त आफूले कर्तव्यत्याग गर्दा अनि अकर्तव्यको आचरण गर्दा मनभित्र हुने सङ्कोचको भाव हो। लज्जाकै कारणले व्यक्ति मनभित्र हुने दुर्भावहरूलाई नियन्त्रित गरी बाँच्दछ। यसैले अकर्तव्यकर्ममा आफैँबाट या अरु कोहीबाट सङ्कोच हुनुलाई नै लज्जा भनिएको छ। लज्जाका दुई रूप हुन्छन्– एउटा असत्कर्म गर्नुभन्दा अघि नै त्यसबाट जोगिने भाव, अनि अर्कोचाहिँ भुलवश या वासनावश असत्कर्म भइहाल्यो भने अरुले यसलाई नजानिदिए हुन्थ्यो भन्ने भाव। लज्जाले मर्यादाको सूचना गर्दछ। यद्यपि तन्त्रशास्त्रमा लज्जालाई आठ पाशहरूमध्ये एउटा पाश भनी जीवलाई संसारमा बाँध्ने पाशको रूपमा ग्रहण गरिएको छ, तर त्यहाँ नराम्रो रूपमा ग्रहण गरिएको लज्जाचहिँ परमार्थ मार्गमा लाग्न नदिने लाजलाई हो भन्ने बुझिन्छ। समाजको प्रवृत्ति बहिर्मुखी नै हुने भएकाले अन्तर्मुखी साधकहरू यहाँ कम नै हुन्छन्। संसारमा बुद्धि आसक्त

भएका मूर्खहरू अन्तर्मुखी साधकहरूलाई उपहासको दृष्टिले हेर्छन् । यसबाट लजाई साधकले आफ्नो अन्तरङ्ग साधना छोड्न या त्यसमा हीनताबोध गर्नु हुँदैन । यसरी असल कर्ममा समाजसँग जुधेर पनि लागिरहने दृढता भएन भने व्यक्ति सफल हुन सक्दैन । परमात्माको अघि रुन, सन्त महापुरुषहरूप्रति झुक्न अनि सत्सङ्गमा जान लजायो भने त्यो व्यक्ति ज्यादै अभिमानी भएको थाहा हुन्छ । यो लज्जा दोषयुक्त छ । त्यसैले शास्त्रहरूमा भगवान्‌का भक्तहरूले भगवत्कीर्तनमा लाजलाई बिर्सनुपर्ने भनिएको छ– **गायन् विलज्जो विचरेदसङ्गः** (भा. ११/२/३९) । यसरी परमार्थ मार्गमा लाज हुनु नराम्रो हो तर व्यवहार अवस्थामा चाहिँ मर्यादाको संरक्षण गर्न लज्जा अवश्य चाहिन्छ र यो यहाँको लागि भूषण हुन पुग्दछ । लज्जाकै काणले मनुष्य समाजमा उच्छृङ्खलता कम हुन्छ, मानिसहरू पशुहरूजस्तो स्वच्छन्दाचारी हुँदैनन् । आफ्ना परिवार अनि मान्यजनलाई हेरी उनीहरू आफूभित्रका उच्छृङ्खल विचारहरूलाई बहिर प्रकट नगरी समाजलाई व्यवस्थित बनाइरहन्छन् । यसप्रकार लज्जा वृत्तिद्वारा सबै मानिसको हृदयभित्र पसी उहाँलाई मर्यादित बनाउने भगवती नै हुनुहुन्छ भन्ने बुझिन्छ ।

**या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥४७॥ नमस्तस्यै ॥४८॥ नमस्तस्यै नमो नमः ॥४९॥**

**पदार्थ–**

**या** = जो, देवी = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **शान्तिरूपेण** = शान्तिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा शान्तिरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा भगवतीलाई शान्तिस्वरूपिणी भनी प्रणाम गरिएको छ । **शमु उपशमे** भन्ने धातुबाट शान्ति शब्द बन्दछ । यसको अर्थ कतै पनि

खैलीबैली नमच्चिनु र प्रसन्नता रहनु भन्ने हुन्छ। शान्तिका दुई स्वरूप छन्– एउटा बाहिरी अनि अर्कोचाहिँ भित्री। बाहिरी शान्ति भनेको समाजमा झैं-झगडा नहुनु, हो भने आन्तरिक शान्ति भनेको चाहिँ मन तथा इन्द्रियहरू शान्त रहनु हो। यहाँ विशेषतः आन्तरिक शान्तिलाई नै बताउन खोजिएको हो। मनमा विषयभोगको लालसा भइसकेपछि इन्द्रियहरू आ-आफ्नो विषय देशमा जान हतारिनु र त्यसकै विषयमा अनेक सङ्कल्प-विकल्प गरिरहनु आन्तरिक अशान्ति हो। एकपछि अर्को गरी निरन्तर विचारहरूको तानातानमा परेको यस्तो व्यक्ति कहिल्यै पनि शान्तिको अनुभव गर्न सक्दैन। यही आन्तरिक अशान्ति नै बाहिरी अशान्तिको पनि कारण हो। इन्द्रियहरूमा हुने मुख्य अशान्ति भनेको पदार्थभोगबाट आनन्द पाउने अभिलाष नै हो, यसैले शान्ति भनेको पनि इन्द्रियहरूले पदार्थको भोगबाट आनन्द लिन छाडी भित्रै रमाइर हनु हो।

शान्तिको लक्षण गर्दै भनिएको छ– **इन्द्रियाणां विषयोपरमः शान्तिः** अर्थात् इन्द्रियहरू विषयबाट उपरत हुनु नै शान्ति हो। इन्द्रियहरू विषयप्रदेशबाट हट्नु पनि दुईथरी हुन्छ- इन्द्रियलाई बलपूर्वक विषय प्रदेशबाट निवृत्त गराउनु एउटा हो भने अर्कोचाहिँ इन्द्रियहरूमा विषयप्रतिको आकर्षण नै उत्पन्न नहुनु हो। यी मध्ये पहिलो अवस्थामा विषयभोग त भएको हुँदैन, तर मनभित्र त्यसको खलबली भने रहिरहन्छ। यसैले यसलाई वास्तविक शान्ति मान्न सकिन्न। मनभित्रैबाट विषयको आकर्षण समाप्त भएपछि नै व्यक्ति शान्त हुन्छ। यो विषयभोगको आकर्षणलाई राग भनिन्छ। राग कहिले शान्त हुन्छ भन्ने बताउँदै गीतामा भगवान् भन्नुहुन्छ– **रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते**(गी.२/५९) अर्थात् परमात्माको परमआनन्दमय स्वरूपलाई साक्षात्कार गरिसकेपछि मात्र यो रसबुद्धि या राग हट्दछ। यसैले आत्मज्ञ मुक्त पुरुष नै वास्तविकरूपमा शान्त रहने देखिन्छ। अरु सबै मानिसहरूमा त यो लोक र परलोकका अनेक फल भोग्ने कामना, संसारको प्रसिद्ध भई अहङ्को तुष्टि गर्ने अभिलाष आदिबाट अशान्ति नै अशान्ति व्याप्त भएको हुन्छ। यसैकारण वासनाहरूबाट मुक्ति नै वास्तविक शान्ति हो। यो परमशान्तिको रूपमा पनि भगवती रहनुभएको छ भनी यहाँ उहाँलाई प्रणाम गरिएको छ।

**या देवी सर्वभूतेषु श्रद्धारूपेण संस्थिता ।**
**नमस्तस्यै ॥५०॥ नमस्तस्यै ॥५१॥ नमस्तस्यै नमो नमः ॥५२॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **श्रद्धारूपेण** = श्रद्धारूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा श्रद्धारूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ ॥

**विवरण–**

यहाँ श्रद्धारूपिणी भगवतीलाई प्रणाम गरिएको छ । धारण गर्ने अर्थको **धा** धातुबाट श्रद्धा शब्द बन्दछ । यहाँ यहाँ **श्रद्** भन्ने अव्यय पद हो, जसलाई उपसर्ग संज्ञा भएर **धा** धातुको अघि प्रयुक्त हुन्छ । गुरु, पर मात्मा एवं शास्त्रवचनलाई हृदयमा सम्मानपूर्वक धारण गर्नु भन्ने यसको अर्थ हो । मोक्षदायिनी श्रद्धाको विषयमा चौँथो अध्यायको पाँचौ मन्त्रमा विशेष व्याख्या भइसकेको छ, यहाँ श्रद्धाका सामान्य भेदहरूको मात्र चर्चा गरिन्छ । गीतामा भगवान्‌ले श्रद्धा तीन प्रकारका हुन्छन् भनी बताउनुभएको छ । सम्पूर्ण मानिसहरू आ-आफ्नो श्रद्धाको कारणले नै कर्म, उपासना आदिमा प्रवृत्त भएका हुन्छन् । श्रद्धा हुनु राम्रो कुरा हो, तर भगवतीको कृपाले परमपुरुषार्थप्रति श्रद्धा हुनु झनै उत्तम हो । यसका लागि श्रद्धाको स्तर जान्नुपर्दछ । सात्त्विकी, राजसी, तामसी गरी श्रद्धा तीनप्रकारका हुन्छन् । देवताहरूको उपासना आदि गर्नु सात्त्विक श्रद्धा हो, यक्ष आदि देवयोनिको उपासना गर्नु राजस श्रद्धा हो भने भूत-प्रेत आदिको उपासना गर्नु तामस श्रद्धा हो । भागवतमा पनि भगवान्‌ले देवताको उपासनामा श्रद्धा हुनु सात्त्विक श्रद्धा हो, यज्ञादि कार्यमा श्रद्धा हुनु राजस श्रद्धा हो , अधर्ममा नै निष्ठा हुनु तामस श्रद्धा हो भने साक्षात् आत्मस्वरूप परमात्मामा निष्ठा हुनुचाहिँ निर्गुण श्रद्धा हो– **मत्सेवायां तु निर्गुणा** भनी उद्धवलाई उपदेश गर्नुभएको छ । यसरी मानिसहरूको संस्कार

अनुसार भगवती अनेकप्रकारका श्रद्धारूपले तीभित्र बस्नुहुन्छ अनि जोसँग उहाँ प्रसन्न हुनुहुन्छ ऊभित्र चाहिँ आत्मविषयक श्रद्धा बनेर रहनुहुन्छ भन्ने थाहा पाइन्छ। यसैले देवताहरूले श्रद्धारूपिणीभगवतीलाई प्रणाम गरेका हुन्।

**या देवी सर्वभूतेषु कान्तिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥५३॥ नमस्तस्यै ॥५४॥ नमस्तस्यै नमो नमः ॥५५॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **कान्तिरूपेण** = कान्तिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा कान्तिरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ कान्तिरूपिणी भगवतीलाई प्रणाम गरिएको छ। **कमु कान्तौ** धातुबाट कान्ति शब्द बन्दछ। **कामयते इति कान्तिः** अर्थात् सबैले मन पराइने भएकाले शोभालाई नै कान्ति भनिन्छ। अमरकोषकारले पनि **शोभा कान्तिर्द्युतिश्छविः** भनेर यही अर्थमा यसलाई लिएका छन्। शरीरको उज्ज्वलता, अङ्गहरूको सुन्दरता आदि नै कान्ति शब्दका अर्थ हुन्। कान्ति शब्दले **कमनीयता** अर्थात् प्रियतालाई पनि बताउँछ। सबैलाई आफ्ना प्रेमीहरू **कान्त** अर्थात् अत्यन्त सुन्दर लाग्दछन्। गोपीहरूले काला-काला कृष्णलाई पनि तीनै लोकमा सबैभन्दा सुन्दररूपमा देख्दथे अनि कृष्णको दर्शन गर्नु नै आँखा भएका मानिसकालागि सबैभन्दा ठूलो महोत्सव हो भन्ने मान्दथे। **त्रैलोक्यकान्तं दृशिमन्महोत्सवम्**। कान्ति सबैलाई प्यारो हुन्छ र त्यसरूपमा बसी भगवती सबै प्राणीहरूलाई आपसमा प्रेमको सूत्रमा बाँध्नुहुन्छ।

**या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥५६॥ नमस्तस्यै ॥५७॥ नमस्तस्यै नमो नमः ॥५८॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **लक्ष्मीरूपेण** = लक्ष्मीरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा लक्ष्मीरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ सबै प्राणीकहाँ बस्ने लक्ष्मी देवीलाई प्रणाम गरिएको छ । **लक्ष दर्शनाङ्कनयोः** भन्ने धातुबाट लक्ष्मी शब्द बन्दछ । **लक्षयति–पश्यति नीतिज्ञम्** अर्थात् जसले नीतिज्ञहरूलाई हेर्छिन् या तिनका साथमा रहन्छिन् भन्ने यसको अर्थ हो । पुण्यार्जन गरेका व्यक्तिकहाँ सत्कर्मको फलस्वरूप लक्ष्मी धन आदि सम्पत्तिको रूपमा रहनुहुन्छ भन्ने विषयमा चौँथो अध्यायको पाँचौ श्लोकमा बताइएको छ । यहाँ सम्पत्तिका केही भेदको विषयमा चर्चा गरिन्छ । लक्ष्मीको बाहिरी रूप धन-सम्पत्ति हो भने यिनको आन्तरिक रूप पनि रहेको छ जसलाई दैवी सम्पत्ति र आसुरी सम्पत्ति भनिन्छ । बाहिर को सम्पत्ति त शरीर नष्ट हुनेबित्तिकै आफ्ना लागि अस्तित्वहीन हुन्छ तर आन्तरिक सम्पत्तिमात्र जन्मौँजन्मसम्म रहन्छ । गीतामा भगवान्‌ले भन्नुभएको छ– **दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता** (गी. १६/२१) । आसुरी सम्पत्ति संसारमा आसक्त भएका व्यक्तिहरूलाई यसकै चक्करमा घुमाइरहने भगवतीको मोहशक्ति हो । जसप्रति भगवती प्रसन्न हुनुहुन्छ, तीभित्रचाहिँ उहाँ दैवीसम्पत्ति बनी पसिदिनुहुन्छ अनि तिनको उद्धार गर्नुहुन्छ । लक्ष्मीरूपिणी भगवतीलाई प्रार्थना गरेर सबै जीवले आफूलाई यस्तो अक्षय सम्पत्ति दिनुहोस् भन्नुपर्दछ, भौतिक सम्पत्तिमात्र होइन । यसरी भगवती लक्ष्मीरूपिणी हुनुका भौतिक एवं आध्यात्मिक अनेक तात्पर्यहरू रहेका छन् ।

**या देवी सर्वभूतेषु वृत्तिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥५९॥ नमस्तस्यै ॥६०॥ नमस्तस्यै नमो नमः ॥६१॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **वृत्तिरूपेण** = वृत्तिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ।।

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा वृत्ति(आजीविका)रूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ।।

**विवरण–**

यो श्लोकमा भगवतीलाई वृत्तिरूपिणी भनी प्रणाम गरिएको छ । **वृतु वर्तने** भन्ने धातुबाट वृत्ति शब्द बन्दछ । ***वर्तते अनया इति वृत्तिः जीवनोपायः*** अर्थात् जुन साधनले मानिस जीविका चलाउँदछन् त्यो साधनलाई नै वृत्ति भनिन्छ । यसलाई आजीविका, वार्ता पनि भनिन्छ । आजीविका मुख्यतः तीनथरी हुन्छन् –कृषि, पशुपालन, व्यापार । संसारमा व्यवहार चलाउने र सम्पत्ति आर्जन गर्ने यी तीनै मुख्य साधन हुन् । **कृष विलेखने** भन्ने धातुबाट कृषि शब्द बन्दछ, यसको अर्थ भूमिको खनजोत आदि गर्नु भन्ने हुन्छ । प्राणीहरूको जीवनको एकमात्र स्रोत अन्न हो र यो कृषिकर्मद्वारा नै पृथिवीबाट उब्जन्छ । मानिस आकाशमाथि या पानीमुनि पुगे तापनि पृथिवीबाट प्राप्त हुने यो अन्नको अभावमा बाँच्न सक्दैन । पृथिवीभित्र अव्यक्तरूपमा रहेको उब्जाउ क्षमता कृषिबाट नै अभिव्यक्त हुन्छ । जसरी माताले बच्चो भोकाएर काखमा चढेको देखी उसलाई स्तन्यरसले भरपूर पारिदिन्छिन्, त्यसैगरी पृथिवी माताले पनि आफ्नो काखमा खन-जोत आदि गरी अन्नको आकांक्षा गर्ने सन्ततिहरूलाई उदार भावले अन्न आदिले भरिपूर्ण बनाउँछिन् । कृषकहरू सृष्टिका प्राणधारक हुन् र कृषि सृष्टिकै प्राण सञ्चालन गराउने सबैभन्दा महत्त्वपूर्ण कर्म हो ।

पशुपालन पनि अर्को आजीविका हो । पशुपालन दुई प्रकारले हुने गर्दछ । एउटा दुधालु पशुहरूको पालन अर्कोचाहिँ घोडा, हात्तीजस्ता

बेचिने पशुहरूको पालन । दुधालु पशुहरूमध्ये गाई, भैंसी र बाख्रा मुख्य छन् । शास्त्रमा यी तीनको दुधबाहेक अरुको दुधलाई अपवित्र भनिएको छ– **अजागोमहिषीदुग्धात् अन्यदुग्धं हि चामिषम्** । प्राणीहरूलाई पोषण गर्ने अन्नसमान अर्को मुख्य तत्त्व दुध हो । आमाको दुध त बच्चाहरूले दुईतीन वर्षको उमेरसम्ममात्र पिउँछन् बाकीं जीवनभर उनीहरू गाई-भैसींकै दुध पिई बाँच्दछन् । दुधसँगै दही, घिउ आदिको क्रय-विक्रयबाट पनि मानिस लाभ उठाउँछन् । यिनीहरूको मल पनि खेतमा उब्जनी बढाउन काम आउँछ । अर्काथरी घोडा, हात्ती, उँटजस्ता पशुहरूको पालन भने अलि ठूला व्यापार ीहरू गर्दछन् । यिनीहरूको व्यापार धेरै सम्पन्न व्यक्ति एवं शासकहरूसँग गरि न्छ । यो पनि द्रव्यार्जनको अर्को माध्यम हो ।

जीविकाको लागि बढी प्रसिद्ध भएको साधनचाहिँ व्यापार हो । प्रसिद्धि पनि छ –**व्यापारे वसते लक्ष्मीः** अर्थात् व्यापारमा नै लक्ष्मीको वास हुन्छ । मानिसहरूको दैनिक जीवनमा आवश्यक पर्ने उपभोग्य वस्तुहरूको सङ्ग्रह गरी त्यसको बेचविखन गर्नु नै व्यापार हो । व्यापारबाट सीधै द्रव्यको आर्जन हुन्छ । कृषि एवं पशुपालन यी दुबै उत्पादनमूलक कर्म हुन् भने व्यापार चाहिँ वितरणमूलक कर्म हो । अचेलका सबै मानिसहरू व्यापार गर्न मन पराउँछन्, किनकि यसबाट प्रत्यक्षतः द्रव्यको आम्दानी हुन्छ । यसरी कृषि, पशुपालन र व्यापार यी तीन साधनहरूबाट नै मानिसहरूको जीविका चलेको छ । यी जीविकाको साधनको रूपमा पनि भगवती नै रहनु भएको छ र उहाँले नै प्राणीहरूलाई अनेक आजीविकाको माध्यमले जीवित बनाइरहनु भएको छ भन्ने यसको तात्पर्य हो ।

**या देवी सर्वभूतेषु स्मृतिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥६२॥ नमस्तस्यै ॥६३॥ नमस्तस्यै नमो नमः ॥६४॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **स्मृतिरूपेण** = स्मृतिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा स्मृतिरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ स्मृतिरूपिणी भगवतीलाई प्रणाम गरिएको छ। **स्मृ आख्याने** भन्ने धातुबाट स्मृति शब्द बन्दछ। ***स्मरणं स्मृतिः*** अर्थात् पुराना अनुभवहरूलाई सम्झनु नै स्मृति हो। दर्शनशास्त्रहरूमा ज्ञानका दुई भेदहरू बताइएको छ– **स्मृति र अनुभव**। इन्द्रिय र विषयको सम्बन्ध भइसकेपछि त्यस विषयको ज्ञान हुनुलाई अनुभव भनिन्छ भने पहिले गरेको अनुभवलाई पछि मनमा खेलाउनु या सम्झिनु नै स्मृति हो। स्मृतिको लक्षण गरिएको छ– **संस्कारजन्यं ज्ञानं स्मृतिः** अर्थात् अनुभव गरिसकेको विषयको संस्कार मनमा बसी पछि संस्कार को कारणले त्यो वस्तुको याद आउनु नै स्मृति हो। प्राणीहरूको जीवनमा स्मृतिको अत्यन्त ठूलो भूमिका छ। पुराना संस्कारको यादका कारणले नै मानिसहरू धेरै वर्ष विदेसिएका आफ्ना आफन्त या मित्रलाई चिन्दछन्। पढ्ने पढाउने क्षेत्रमा त स्मृतिको सबभन्दा ठूलो काम हुन्छ, किनकि पढ्नु भनेको नै कुनै कुरा एक पटक बुझ्नुमात्र नभई त्यसलाई पछिसम्म सम्झनु हो। स्मृतिको आधारमा नै सारा ज्ञान टिकेको हुन्छ। आँखा, कान, आदि इन्द्रियहरूको माध्यमले रूप, शब्द आदिको अनुभव गर्ने सामर्थ्य प्राणीहरूमा पनि हुन्छ तर मानिस नै यस्तो प्राणी हो, जसले आफ्ना वर्षौं पुराना अनुभवहरूलाई पनि सम्झिन त्यसको तुलना गरी आफैं शिक्षा लिन सक्दछ। स्मृतिशक्तिको यही कारणले गर्दा अरु प्राणीहरूभन्दा मानिसले नयाँ कुराको खोजी गर्दै त्यसलाई जीवनोपयोगी हुने किसिमले सम्झिने र व्यवस्थित गर्ने काम गरिआएको छ।

स्मृतिको सबभन्दा श्रेष्ठ स्वरूपचाहिँ आफ्नै वास्तविक रूपको सम्झना गर्नु हो, र मान्छेले प्रयोग गर्नुपर्ने स्मृतिको मुख्य प्रयोजन पनि यही नै हो। अनादि कालदेखि परमआनन्दमय आफ्नै स्वरूपको बेवास्ता गरी प्राणीहरू संसारको दुःखमा होमिएका छन्, यिनले यसबाट मुक्ति पाउन आफ्नो त्यही चिरन्तन स्वरूपलाई सम्झनु पर्दछ। गुरुले शिष्यलाई वेदान्तको उपदेश गर्ने भनेको उसको आत्मरूपताको सम्झना गराउने नै हो। शिष्यले आत्मज्ञान

गर्ने भनेको पनि आफ्नो रूपलाई सम्झिने नै हो । भगवान् श्रीकृष्णले गीताको उपदेश गरिसकेपछि अर्जुन भन्दछन्– **नष्टो मोहः स्मृतिर्लब्धा** अर्थात् मैले आफ्नो रूपलाई सम्झिएँ र मेरो मोह नष्ट भयो । यसरी संसारविषयक स्मृति र आत्मस्मृतिको रूपमा पनि भगवती स्वयं रहनुभएको छ ।

**या देवी सर्वभूतेषु दयारूपेण संस्थिता ।**
**नमस्तस्यै ॥६५॥ नमस्तस्यै ॥६६॥ नमस्तस्यै नमो नमः ॥६७॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **दयारूपेण** = दयारूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा दयारूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा भगवतीलाई सबै प्राणीहरूभित्र दयारूपले रहने भनी प्रणाम गरिएको छ । **रक्षणार्थक दय** धातुबाट दया शब्द बन्दछ । ***दयते रक्षति अनेन इति दया*** अर्थात् दुःखीहरूको रक्षा गर्नु नै दया हो । दया महापुरुषहरूमा रहने गुण हो । सामान्य व्यक्तिहरू आफ्नो परिवार या आफन्तहरूकहाँ आपत्ति आयो भनेमात्र दुःखी हुन्छन्, अनि त्यसको निराकरण गर्नका लागि लागिपर्दछन् । महापुरुषहरूचाहिँ संसारका सबै प्राणीहरूको दुःखलाई देखेर व्यथित हुन्छन् । उनीहरूको हृदय विशाल हुन्छ । यसैले सबैको दुःखले उनीहरूको हृदयलाई स्पर्श गर्दछ । एउटाको दुःख देख्दा अर्काको हृदय पग्लिनु भनेको सबैभित्र यौटै आत्मा छ भन्नेको पहिचान हो । जसले सर्वव्यापी आत्मतत्त्वलाई बुझेको छ, ऊ सबैको कष्टलाई पनि आफ्नै कष्ट सम्झी हटाउन खोज्दछ ।

दयाका दुई स्वरूप हुन्छन् । एउटा मुमुक्षुहरूले चित्तशुद्धिका लागि गर्ने दयाको अभ्यास अनि अर्कोचाहिँ जीवन्मुक्त आत्मज्ञले गर्ने स्वाभाविक दया । यसरी दया साधनावस्था र सिद्धावस्था दुबैमा काम लाग्ने गुण हो ।

मुमुक्षुले प्राणीहरूमा दया गर्ने अभ्यास गर्दछ, त्यसैले उसको हृदय विशाल एवं शुद्ध बन्दछ । दयालाई गीतामा ज्ञानको साधनको रूपमा गनिएको छ– **दया भूतेष्वलोलुप्त्वम्** (**श्रीम.गी.** १६/२ ) अर्थात् प्राणीहरूमा दया गर्नु र लोभ नगर्नु आदि ज्ञानका साधन हुन् । योगसूत्रकार पतञ्जलिले पनि करुणा अर्थात् दुःखीहरूप्रति गरिने दयालाई **चित्तप्रसादन** अर्थात् चित्त शुद्धिको कारण मान्नुभएको छ– **मैत्रीकरुणामुदितोपेक्षाणां सुखदुःखपुण्यापुण्यविषयाणां भावनातश्चित्तप्रसादनम्** । भगवान्लाई प्रसन्न पार्ने सबभन्दा ठूलो साधन भनेको नै दया हो । आफ्नी माता देवहूतिलाई कपिलदेव भन्नुहुन्छ–सबै प्राणीहरूको हृदयभित्र रहेको मेरो सेवा गर्न छाडी अरु बाहिरी मूर्तिहरूमा मात्र मेरो आराधना गर्नु केवल आडम्बर हो र त्यो खरानीमा हवन गरेसमान हुन्छ– **तमवज्ञाय मां मर्त्यः कुरुतेऽर्चाबिडम्बनम्** । (**श्रीम.भा.३/२९/२१** )यसरी भगवान्लाई प्रसन्न पार्न मुमुक्षुले भूतदया गर्नै पर्ने र भगवान्को कृपाले चित्त-शुद्धि भइसकेपछि ऊ बल्ल ज्ञानको अधिकारी हुने देखिन्छ ।

आत्मज्ञ महापुरुषमा चाहिँ दया स्वाभाविक गुण हो । आत्मज्ञानीहरू दुःखी प्राणीहरूमाथि दया नगरिरहन नै सक्दैनन् । सबैभित्र एउटै आत्मा भएको थाहा पाएकाले ज्ञानीहरूलाई सबैको दुःख आफ्नैसमान लाग्छ । यद्यपि उनीहरू सुखदुःखबाट पार भइसकेका हुन्छन् तर ईश्वरीय इच्छाअनुसार दुःखीहरूमाथि दया गर्छन् पनि । यदि ज्ञानीहरूले अज्ञानी प्राणीहरू माथि दया नगर्ने हो भने कुनचाहिँ मुमुक्षुको उद्धार हुन सम्भव छ ? ज्ञानीहरूले सामान्य प्राणीहरूकै तहमा ओर्लेर भए पनि त्यसलाई माथि उठाएर छोड्छन् । बुद्ध, शङ्कराचार्य आदि सबै महापुरुषहरूको जीवनमा दयाको प्रबल भाव स्पष्टतः देख्न सकिन्छ । जगत्कर्ता स्वयं भगवान्समेत जीवहरूको असाध्य दुःखलाई देखी कृपावश अवतार लिनुहुन्छ र अनेक लीलाहरूले उनीहरूलाई आनन्दित गरिरहनुहुन्छ । दयाको विषयमा शास्त्रहरूमा राजा भरतकोआख्यान प्रसिद्ध छ, उनले नदीमा स्नान सन्ध्या आदि गरिरहँदा आफ्नो हातमा आइपरेको मृगको बच्चोलाई जोगाउन र उसको उद्धार गर्न आफ्नै साधनाको पनि बाजी राखे । भरतको प्रशंसामा भागवतकार भन्नुहुन्छ– **नूनं ह्यार्याः कृपणसुहृदःस्वार्थानपि गुरुतरान् उपेक्षन्ते**(**श्रीम.भा.** ५/८/१०) अर्थात् महापुरुषहरू दुःखीहरूप्रति

अत्यन्त दयालु हुने भएकाले यसका लागि आफ्नै मुक्तिलाई पछि धकेलेर अरुलाई मुक्त बनाउँछन् । अज्ञानी सन्तानहरूको उद्धार गराउनका लागि आत्मज्ञ एवं संसारबाट निरक्षेप महापुरुषहरूको हृदयमा पनि दयारूपले पसी हलचल मच्चाइदिने भगवती जगज्जननीको बाहेक अरु कसको कृपा हुन सक्दछ र ? यही दयाकै प्रबलतम शक्तिका कारण ज्ञानी पुरुषहरू पनि अज्ञानी शिष्यहरूमाथि पग्लिन्छन् र उसलाई आत्मराज्यमा प्रतिष्ठित गराएर मात्र विश्राम लिन्छन् । यसबाहेक संसारको व्यवहार चलाउनका लागि पनि उनै जगदम्बा मातापिताको हृदयभित्र पुत्रस्नेहको रूपमा पसिदिन्छिन् र उसको जीवन रक्षा गरिरहन्छिन् । यसप्रकार जगदम्बा भगवतीले दयाको रूपले मातापिता एवं गुरुहरूको हृदयभित्र पसी सबै जीवहरूको भौतिक र आध्यात्मिक उन्नतिको बाटो देखाउने स्पष्ट हुन्छ । त्यसैले देवताहरूले भगवतीलाई दयारूपिणी भनी स्तुति गरेका बुझिन्छ ।

**या देवी सर्वभूतेषु तुष्टिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥६८॥ नमस्तस्यै ॥६९॥ नमस्तस्यै नमो नमः ॥७०॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **तुष्टिरूपेण** = तुष्टिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा तुष्टिरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा भगवतीलाई तुष्टिरूपिणी भनी प्रणाम गरिएको छ । **तुष प्रीतौ** भन्ने धातुबाट तुष्टि शब्द बन्दछ । यसको अर्थ प्रसन्न हुनु या सन्तुष्ट र हनु भन्ने हुन्छ । यसलाई सन्तोष पनि भनिन्छ । सन्तोषको शास्त्रहरूमा बार म्बार प्रशंसा गरिएको छ । असन्तुष्ट व्यक्ति संसारको एकछत्र राज्य पाएर पनि कहिल्यै तृप्त हुँदैन, तर सन्तुष्ट रहने व्यक्ति सामान्य साग सब्जी खाएर

पनि शान्त एवं सुखी जीवन बिताउँछ। जतिसुकै सम्पत्ति आदि कमाए पनि जीवनभरि शान्तिसँग बाँच्न पनि सकिएन भने त्यसलाई कसरी सफल जीवन भन्न सकिन्छ र ? आखिर यौटा सामान्य व्यक्ति मर्दा जसरी मर्दछ संसारको स्वामी मर्दा पनि सबै वस्तुहरूलाई यहीँ छाडी रित्तो हात नै त मर्दछ। त्यसैले सन्तोष एवं आन्तरिक प्रसन्नताको आधारमा नै सफल जीवनको मूल्याङ्कन गर्नुपर्दछ, बाहिरी सम्पत्तिको आधारमा मात्र होइन भन्ने प्राचीन विचारकहरूको विचार रहेको छ। सन्तोषको लक्षण गरिएको छ– **अनधिगतानभिलाषः** अर्थात् आफूसँग नभएका वस्तुहरूको ज्यादा अभिलाष नगर्नु र आफूसँग भएका सुख-सामग्रीबाट नै आनन्दित हुनु। सामान्य जीवन कटाउन पुग्ने धन आदि भयो भने यस्तो व्यक्ति त्यतिमै प्रसन्न रहन्छ, जुन प्रसन्नता करोडौँ सम्पत्तिमा खेल्ने पुँजीपतिहरूलाई पनि प्राप्त हुँदैन। नीतिमा भनिएको छ– सर्पहरूले दूषित हावालाई नै पिएर बाँच्छन्, वनका घाँस, पात खाएर पनि वनहात्तीहरू बलिया छन्, अनि कन्दमूल आदि खाएर पनि मुनिहरू जीवन बिताउँछन्, त्यसैले **सन्तोष एव पुरुषस्य परं निधानम्'** अर्थात् सन्तोष नै व्यक्तिको सबैभन्दा ठूलो सम्पत्ति हो। जुन वस्तु आफूसँग छैन, त्यसको अभिलाषमात्र गरेर के फाइदा ? पदार्थहरूको आशा गर्नु नै दुःख हो र तिनीहरूको आशा नै न राख्नुचाहिँ परमसुख हो। **आशा हि परमं दुःखं नैराश्यं परमं सुखम्।**

सन्तुष्टिका दुई स्वरूपहरू छन्– एउटा संसारका पदार्थहरूको भोग गरिसकेपछि त्यसबाट हुने तृप्ति अनि अर्कोचाहिँ परमानन्दको प्राप्तिपछि हुने वासनाहीन पूर्ण तृप्ति। मानिसले विषयभोगको खोजी गरेको पनि इन्द्रियसन्तुष्टिकै लागि हो, तर विषयकोभोगबाट हुने यो तृप्ति अत्यन्त क्षणिक तथा अल्पसुखदायी हुन्छ। विषयभोगबाट सुख किन आउँछ भन्ने सम्बन्धमा पनि वेदान्तदर्शनमा धेरै अन्वेषण भएको छ। ज्ञानीहरू भन्दछन्– विषयभोग गर्दा जुन आनन्द आउँछ त्यो विषयबाट आएको नभई आफूबाट नै आएको हो। विषयको ग्रहण गरिसकेपछि केही समय मनको वासना शान्त हुन्छ र चित्त अन्तर्मुख हुन्छ। अन्तर्मुख चित्तमा आनन्दस्वरूप आत्माको प्रतिबिम्ब पर्दछ, त्यसैलाई विषयसुख भन्दछन्। **अन्तर्मुखमनोवृत्तौ आनन्दः प्रतिबिम्बति**( पं.द.११/८६) त्यसैले विषयभोगको सन्तुष्टि पनि आत्मसुखकै एक भाग हो।

यसरी पदार्थहरूको भोगले रुन्छटिलो तरिकाले सुख पाउनुभन्दा त वैराग्यद्वारा अन्तःकरणलाई निरन्तर अन्तर्मुख बनाई अविनाशी सुखलाई पाउनु नै राम्रो हो । विषयसुख पाउन बाहिर दौडिएझैं यो आत्मसुख पाउन कहीं दौडनु पर्दैन । त्यसैले आत्मज्ञानबाट प्राप्त हुने तृप्तिलाई निरङ्कुशा तृप्ति या पूर्ण सन्तुष्टि भनिन्छ । यो सन्तुष्टि नै वास्तविक सन्तुष्टि हो जसलाई पाइसके पछि फेरि अरु सुखहरूको पछि लाग्न नपरोस् । आत्मज्ञानद्वारा पूर्णतःसन्तुष्ट भएका व्यक्तिहरूलाई कुनै पनि विषयको प्राप्ति गर्ने इच्छा हुँदैन, उनीहरू आफूलाई धन्य र कृतकृत्य मान्दछन् । एक जना ज्ञानी आफ्नो स्वरूपको ज्ञान र त्यसबाट प्राप्त हुने अपरिमित सुखको विषयमा भन्दछन्– **अहो ज्ञानमहो ज्ञानमहो सुखमहो सुखम्** (पं.द.१४/६४)यसरी पदार्थभोगबाट हुने सांसारिक सन्तुष्टिको रूपमा अनि आत्मज्ञानद्वारा हुने पारमार्थिक सन्तुष्टिको रूपमा पनि भगवती नै रहनुहुन्छ र जीवहरूलाई आ-आफ्नो अधिकारअनुसार सुखी बनाउनुहुन्छ ।

**या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥७१॥ नमस्तस्यै ॥७२॥ नमस्तस्यै नमो नमः ॥७३॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **मातृरूपेण** = मातृरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा मातृस्वरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा भगवतीलाई मातृरूपिणी भनिएको छ । प्राणीहरूको जीवन हुनुमा सबैभन्दा बढी महत्त्व माताको नै हुने गर्दछ । आमाकै गर्भमा उनकै शरीरबाट आवश्यक रस आदि लिदैं बालक पुष्ट हुन्छ । नौ-दश महिनासम्म उसलाई जीवित तुल्याउने तिनै माता हुन् । जन्मेपछि व्यक्तिले

आमाकै काखमा जीवनको पहिलो सास फेर्दछ, अनि उनकै कोखमा उसले यो विश्वसृष्टिलाई पहिलोपटक नियाल्दछ । बच्चा नहुर्कुन्जेलसम्म उनकै स्नेहरसले सिञ्चित हुँदै हिँड्न, बोल्न, खान पनि सिक्छ । त्यसैले आमालाई संसारकै पहिलो गुरु भनिन्छ । उनीबाट बच्चोले स्नेहसँगसँगै जीवनका पहिला पाठहरू सिकेको हुन्छ, जो उसको जीवनभर काममा आउँछ । उनीबाट ढाडस र सहयोग नभए आगो र पानीबीचको फरक पनि थाहा नपाउने बच्चो कसरी बाँच्न सक्थ्यो र ? यसरी बच्चाको सम्पूर्ण अस्तित्त्व माताकै अधीनमा हुन्छ । जगन्माता अनेकथरी आमाहरूको रूपमा आफ्ना अनेकथरी सन्तानहरूको पालन पोषण गर्दछिन्, यसैले पशुपक्षी, मानिस आदि कतै पनि सन्ततिप्रति आमाको स्नेह कम बेसी भएको देखिन्न । विवेकी मानिस होस् वा अविवेकी पशु, आफ्ना सन्तानको दुःख देखेपछि ती माताहरूले आफ्नो प्रचण्डरूप देखाउँछन् । गाईले आफ्नो सानो बच्चोको वरिपरि अरु कसैलाई पनि आउन दिदैँन । मांसहारी बघिनीले पनि आफ्नो सन्तानलाई स्नेहरसले पुष्ट गर्दछे । यो सबै प्राणीहरूमा समान रूपले रहन मातृहृदय हो ।

माता शब्दका अनेक व्युत्पत्तिहरू छन् । **माङ् माने** धातुबाट माता शब्द बन्दा यसको अर्थ हुन्छ– **माति गर्भः अस्याम्** अर्थात् जसमा गर्भ अटाउँछ । यसैले नौ-दश महिनासम्म गर्भलाई आफूभित्र धारण गर्ने मातृत्वरूपलाई देखाउँछ । शरीरभित्र सानो काँडो आदि बिऱ्दा पनि अपार कष्ट हुन्छ तर माताले आफ्नो कोमल गर्भमा पूरा शिशुलाई नै अटाउँदा पनि अत्यधिक स्नेहका कारणले त्यसबाट दुःख मान्दिनन् । **मान पूजायाम्** भन्ने धातुबाट **मान्यते पूज्यते इति माता** भन्ने विग्रहपूर्वक पनि माता शब्द बन्दछ । यसले संसारभर आमाकै सम्मान बढी हुन्छ भन्नेतर्फ सङ्केत गरेको छ । उपनिषद्मा सम्मानको क्रम बताउने क्रममा गुरु र पिताभन्दा अघि **मातृदेवो भव** अर्थात् आमालाई देवता मान भनी माताकै पहिलो उच्चारण गरिएको छ । संसारमा सम्मान गरिनुपर्ने माता, पिता र आचार्यमध्ये आचार्यभन्दा बढी पिता अनि पिताभन्दा पनि बढी माताको सम्मान गर्नुपर्दछ भनी बताइएको छ– **सहस्रं तु पितुर्माता गौरवेणातिरिच्यते** । शास्त्रहरूमा त यहाँसम्म पनि भनिएको छ कि पारिवारिक बन्धनलाई छाडी विश्ववन्द्य भएको विरक्त संन्यासीले पनि आफ्नी

आमालाई प्रयत्नपूर्वक वन्दना गर्नुपर्दछ– **सर्ववन्द्येन यतिना प्रसूर्वन्द्या प्रयत्नतः** यसप्रकार माता शब्दको सम्मान परक अर्थ निस्कन्छ ।

माता शब्दबाट क, ख, आदि वर्णका अधिष्ठात्री मातृकाहरूलाई पनि लिन सकिन्छ । पृथक्-पृथक् वर्णका अभिमानी यी मातृकाहरू त्यो वर्णका शक्ति या अधिष्ठात्री हुन् । यसरी मातृरूपा भगवतीले प्राणीहरूको जीवनका अनेक क्षेत्रमा रही तिनीहरूलाई जीवित अनि शक्तियुक्त बनाउनुभएको छ भन्ने थाहा हुन्छ ।

**या देवी सर्वभूतेषु भ्रान्तिरूपेण संस्थिता ।**
**नमस्तस्यै ॥७४॥ नमस्तस्यै ॥७५॥ नमस्तस्यै नमो नमः ॥७६॥**

**पदार्थ–**

**या** = जो, **देवी** = भगवती, **सर्वभूतेषु** = सम्पूर्ण प्राणीहरूमा, **भ्रान्तिरूपेण** = भ्रान्तिरूपले, **संस्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवी सम्पूर्ण प्राणीहरूमा भ्रान्तिरूपले रहनुभएको छ, उहाँलाई नमस्कार छ, उहाँलाई नमस्कार छ, उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यहाँ भगवतीलाई भ्रान्तिरूपिणी भनिएको छ । **भ्रमु चलने** धातुबाट भ्रान्ति शब्द बन्दछ, यसको अर्थ अयथार्थ वस्तुहरूको वरिपरि घुम्नु या नभएका पदार्थहरूलाई अनुभव गर्नु आदि हुन्छ । यसलाई भ्रम, अध्यास आदि नामले पनि जानिन्छ । भ्रम भनेको जुन वस्तु जे होइन त्यसलाई त्यो रूपमा जान्नु हो । यसैलाई दर्शनशास्त्रमा **अतस्मिन् तद्बुद्धिः** भन्दछन् । भ्रमको कारण अज्ञान हो । यथार्थ वस्तुलाई नजानेपछि नै त्यसमा अर्को वस्तुको प्रतीति या भ्रम हुन्छ । डोरीलाई डोरी भनेर नजानेपछि त्यहाँ अनेक विकल्पहरू खडा हुन्छन् । कसैले त्यसलाई सर्प ठान्छन्, अनि कसैले माला, कसैले पानीको धारा त कसैले फाटेको जमिन आदि । यी सबैथरी मानिसहरू भ्रममा छन्, किनकि यिनले यथार्थ वस्तुलाई जानेका छैनन् । जगत्को भ्रम

पनि यस्तै अद्वितीय ब्रह्मलाई नबुझ्नाले भएको हो । नजानिएको डोरी नै सर्प, दण्ड आदि बनेझैं अज्ञात ब्रह्म नै जगत्को भ्रमको रूपमा देखिएको छ – **अनिश्चिता यथा रज्जुरन्धकारे विकल्पिता, सर्पधारादिभिर्भावैस्तद्वदात्मा विकल्पितः** ।(मा.का.२/१७

आन्तरिक भ्रमकै कुरा गर्दा अनात्मा शरीरमा आत्मबोध अर्थात् म हुँ भन्ने भाव हुनु नै पहिलो भ्रम हो । यसकै कारणले प्राणीहरूले यो लोक र परलोकसम्मका अनेक पदार्थहरूमा मेरो भन्ने ममताको भ्रम गर्दै आइरहेका छन् । यसरी अहन्ता र ममताको बोध यी दुबै भ्रम हुन् । शास्त्रहरू भन्दछन् आत्मा शरीरको परिवर्तनले रहित छ र यसका सार अवस्थाहरूको प्रकाशक हो । दिनदिनैको अनुभवले पनि प्राणीहरू जाग्रत्, स्वप्न आदि कुनै पनि अवस्थामा नटासिएको देखाएको छ । यसबाट शरीरका अवस्थाहरू परिवर्तन हुँदा स्वयं परिवर्तित नहुने आत्मा शरीरभन्दा भिन्न हो भन्ने जनाउँछ । तर पनि आत्मालाई शरीर मानिरहनु यही त भ्रम हो ।

भ्रमको विषयमा बताउँदै दर्शनशास्त्रहरूमा भनिएको छ– भ्रमको कारण अविवेक हो अनि अविवेको कारणचाहिँ अज्ञान हो । अविवेक भनेको डोरी र सर्पलाई छुट्याई बुझ्न नसक्नु, आत्मा र अनात्मा शरीरलाई फरक-फरक रूपमा बुझ्न नसक्नु हो । यसको कारणचाहिँ अधिष्ठान वस्तुको अज्ञान हो । यसरी अज्ञान र अविवेकका कारण भ्रम हुने देखिन्छ । अनादि मायाको कारणले मानिसहरू यो भ्रमभित्र घुमिरहेका छन् । यो लोक परलोका सारा सुखभोग, व्यवहार आदि सबैकुरा भएका पदार्थ हुन्, तर सारा मानिसहरू यसलाई नै सत्य मानी हिँडिरहेका छन् । शास्त्रज्ञान, व्यावहारिक कौशल आदि साधनले नहट्ने भ्रम मोहात्मिका भगवतीकै शक्तिविशेष भएकाले यति शक्तिशाली भएको हो । यसलाई हटाउन उनै भ्रान्तिरूपा भगवतीको शरणमा जानुपर्ने देखिन्छ । यसैले देवताहरूले भ्रान्तिरूपिणी भगवतीलाई प्रणाम गरेको देखिन्छ ।

**इन्द्रियाणामधिष्ठात्री भूतानां चाखिलेषु या ।**
**भूतेषु सततं तस्यै व्याप्तिदेव्यै नमो नमः ॥७७॥**

**पदार्थ-**

**या** = जो, **भूतानां** = प्राणीहरूको, **इन्द्रियाणां** = इन्द्रियहरूको, **अधिष्ठात्री** = अधिष्ठात्रीरूपा छिन्, **अखिलेषु** = सम्पूर्ण, **भूतेषु** = प्राणीहरूमा, **च** = पनि, **सततं** = निरन्तर व्याप्त हुने, **तस्यै** = ती, **व्याप्तिदेव्यै** = भगवती व्याप्तिदेवीलाई, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ-**

जुन देवी सम्पूर्ण प्राणीहरूको इन्द्रियहरूकी अधिष्ठात्री हुनुहुन्छ र सम्पूर्ण प्राणीहरूमा व्याप्त हुनुहुन्छ, ती व्याप्ति देवीलाई बारम्बार नमस्कार छ ॥७७॥

**विवरण-**

यस श्लोकमा प्राणीका इन्द्रियहरूका अधिष्ठात्री पनि भगवती नै हुनुहुन्छ भनी उहाँको स्तुति गरिएको छ। संसारका सारा प्राणीहरू आ-आफ्ना इन्द्रियहरूकै कारणले अनेक विषयहरूको ज्ञान गर्दछन्। इन्द्रियहरूलाई ज्ञानको प्रमुख स्रोत मानिन्छ। तर्क आदिद्वारा सिद्ध भएको कुराभन्दा मानिस आफ्नै आँखाले देखेको या आफैँले अनुभव गरेको कुरामा विश्वस्त हुन खोज्दछ। यद्यपि इन्द्रियहरूले मानिसलाई कहिलेकहीँ भ्रमज्ञान पनि गराइदिन्छन्, तर पनि यसमाथिको मानिसको विश्वास अटुट रहिआएको छ। डोरीमा सर्प देख्नु, आकाशलाई नीलो देख्नु आदि इन्द्रियले दिने भ्रमपूर्ण सूचना हुन्। तर यिनमाथिको विश्वासमा कमी आएको छैन। उपनिषद्मा आत्मालाई राजा अनि अनेक इन्द्रियहरूलाई चाहिँ यसका सेवक भनी बताइएको छ। आत्मा सम्राट्रूँ भित्र बसेको छ अनि ऊ अनेक पदार्थहरूको भोग गर्न चाहन्छ। यसका सेवक इन्द्रियहरूचाहिँ आ-आफ्ना प्रदेशका विषयहरूको ग्रहण गरी आत्माकहाँ उपहार चढाउँछन्- **सर्वे देवाः अस्मै बलिमाहरन्ति** यसरी जीवको विषयभोग इन्द्रियहरूको अधीनमा रहेको हुन्छ।

इन्द्रियहरू दुई प्रकारका छन्- **ज्ञानेन्द्रिय र कर्मेन्द्रिय**। ज्ञानको साधन हुने इन्द्रियहरू ज्ञानेन्द्रिय हुन् भने कर्मका साधन हुने इन्द्रियहरू कर्मेन्द्रिय हुन्। श्रोत्रेन्द्रिय , त्वगिन्द्रिय, चक्षु, जिब्रो, नासिका यी पाँच ज्ञानेन्द्रिय हुन् भने हात, खुट्टा, मुख, पायु र उपस्थ यी इन्द्रियहरू कर्मेन्द्रिय हुन्। इन्द्रियहरूलाई

सत्ता एवं चैतन्य दिने कुनै यस्तो चेतन तत्त्व छ जसको आधारमा यिनीहरू चलिरहेका छन् । यसैले शास्त्रकारहरूले तर्क गर्नुभएको छ– **इन्द्रियाणि कर्त्रधिष्ठितानि करणत्वात् वास्यादिवत्** अर्थात् जुन करण हुन्छ त्यो कर्ताकै आधारमा मात्र चल्न सक्दछ । **वास्यादि** अर्थात् बञ्चरो आदि आफैं रुख काट्न समर्थ हुँदैनन्, सिकर्मीले चलाएपछि मात्रै काट्छन् । यसरी हरेक कर्ममा चेतन कर्ताको आवश्यकता हुन्छ । इन्द्रियहरू पनि ज्ञानका साधन या करण भएकाले तिनीहरू चेतन आत्माको आधारमामात्र प्रवृत्त हुन सक्दछन् आफ्नै सुरले होइन । कठोपनिषद्मा इन्द्रियहरूबाट हुने सबैथरी ज्ञान साक्षी चैतन्यकै प्रकाशका कारणले हुने भनी बताइएको छ– **येन रूपं रसं गन्धं शब्दान् स्पर्शाँश्च मैथुनान्, एतेनैव विजानाति किमत्र परिशिष्यते**(क.उ.२/१/३) अर्थात् यही आत्मचैतन्यद्वारा नै व्यक्ति रूप, रस, गन्ध, स्पर्श, शब्द आदि विषयहरूलाई जान्दछ । जसद्वारा इन्द्रियहरू चेतनायुक्त भई प्रवृत्ति गर्दछन् अनि जहाँ आएर उनीहरूका सारा प्रवृत्तिहरू लीन हुन्छन् त्यही नै ती इन्द्रियहरूको अधिष्ठान हो । यहाँ भगवती मातालाई नै सम्पूर्ण संसारभर रहने प्राणीहरूका इन्द्रियहरूको अधिष्ठात्री भनिएको छ । शरीरभित्र चैतन्यरूपले बस्ने उहाँकै सत्ता एवं प्रकाशद्वारा इन्द्रियहरू प्रकाशित हुन्छन् अनि उनीहरूले फरक-फरकरूपमा ल्याएको विषयहरूको ज्ञान पनि यही चैतन्यमा नै आई टुङ्गो लाग्दछ । माटोबाट उत्पन्न भएको र माटोमा नै बिलाउने घैंटोको अधिष्ठान त्यही माटोबाहेक अरु को हुनसक्छ र ? त्यसैगरी चैतन्यसत्ताद्वारा शक्तियुक्त भई विषयदेशमा जाने अनि अन्तमा त्यही चैतन्य सत्तामा आई आफ्नो अनुभव बिसाउने इन्द्रियहरूको अधिष्ठान पनि त्यही चैतन्य हो । वेदान्तशास्त्रमा त आँखा, कान आदि इन्द्रियहरूले रूप, रस आदि जुन-जुन विषयलाई प्रकाशित गर्दछन्, त्यो प्रकाशको पनि आत्मचैतन्यकै प्रकाश हो । इन्द्रियहरूमा कुनै पनि अवस्थामा स्वतन्त्र शक्ति छैन भन्ने मानिन्छ ।

यद्यपि शास्त्रहरूमा इन्द्रियका अनुग्राहक देवताले इन्द्रियहरूलाई ती-ती शक्ति प्रदान गर्दछन्, जस्तै हातका देवता इन्द्र, आँखाका देवता सूर्य, पाउका देवता विष्णु आदि हुन् भन्ने मानिन्छ, तर चैतन्यरूपिणी भगवतीबाट चैतन्य र सत्ता नपाउन्जेल यी इन्द्रियाधिष्ठाता देवताहरूले पनि केही गर्न सक्दैनन् ।

अरु इन्द्रियाधिष्ठाता देवताको रूपमा पनि भगवती नै रही ती सबैलाई समान रूपले नियन्त्रित गर्नुहुन्छ । यदि इन्द्रियहरू फरक-फरक चेतन देवताहरूद्वारा प्रेरित भएका भए यिनीहरूले परस्परविरोधी अनेक काम एकैपटक गर्नुपर्ने तर सबै इन्द्रियको प्रवृत्ति जीवले चाहेअनुसार एकैनासले हुने देखिन्छ, भिन्नभिन्न रूपले होइन । यसैले इन्द्रियहरूका अधिष्ठाता ती अनेक देवता नभई एउटै भगवती हुनुभएको सिद्ध हुन्छ । यौटै चेतन सत्ताको नियन्त्रणमा रहेकाले यिनीहरू कहिल्यै विरोधी कर्म गर्दैनन् र सामान्यतया आ-आफ्नो कर्म गर्दछन् । यसैले देवताहरूले आफूहरूलाई नभई स्वयं भगवतीलाई नै इन्द्रियाधिष्ठात्री भनी स्तुति गरेका छन् ।

**चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत् ।**
**नमस्तस्यै ॥७८॥ नमस्तस्यै ॥७९॥ नमस्तस्यै नमो नमः ॥८०॥**

**पदार्थ–**

**या** = जसले, **चितिरूपेण** = चैतन्यरूपले, **एतद्** = यो, **कृत्स्नं** = सम्पूर्ण, **जगत्** = संसार, **व्याप्य** = ढाकेर, **स्थिता** = रहनुभएको छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **तस्यै** = उहाँलाई, **नमः** = नमस्कार छ, **नमो नमः** = बारम्बार नमस्कार छ ॥

**भावार्थ–**

जुन देवीले यो सम्पूर्ण जगत्लाई चैतन्यरूपले व्याप्त गरिरहनुभएको छ । उहाँलाई नमस्कार छ । उहाँलाई नमस्कार छ । उहाँलाई बारम्बार नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा चित्रूपिणी भगवतीले सम्पूर्ण संसारलाई व्याप्त गर्नुभएको छ भनी देवताहरूले उहाँको स्तुति गरेका छन् । **चिती संज्ञाने** धातुबाट चिति शब्द बन्दछ यसको अर्थ सबै पदार्थहरूलाई प्रकाशित गर्ने भन्ने हुन्छ । यसलाई प्रत्यक्, चैतन्य, साक्षी आदि पनि भन्दछन् । चैतन्य भनेको ज्ञान नै हो, तर यो अन्तःकरणवृत्तिबाट हुने क्षणिक ज्ञान नभई नित्य आत्मस्वरूप ज्ञान हो । आँखाले घैंटो आदि पदार्थहरूको दर्शन गर्दा घटज्ञान, पटज्ञान आदि उत्पन्न हुन्छन् । यसलाई दर्शनशास्त्रमा वृत्तिरूप ज्ञान भन्दछन् । यी सबै ज्ञान,

अन्तःकरणका वृत्तिरूप हुन् । स्वयं अन्तःकरण आदिलाई प्रकाशित गर्ने जुन अखण्ड ज्ञान छ, त्यसलाई चाहिँ साक्षी या प्रत्यक्चैतन्य भन्दछन् । यो ज्ञान भनेको स्वयं आत्मा नै हो । **प्रज्ञानं ब्रह्म** ( ऐ.उ.३/१/३) अर्थात् आत्मतत्त्व ज्ञानस्वरूप भएको हुनाले यसले संसारका सारा पदार्थहरूलाई निरन्तर प्रकाशित गरिरहेको छ । अन्तःकरणवृत्तिको माध्यमले घट आदि विषयको ज्ञान गर्दा पनि वृत्तिमा प्रतिबिम्बित भएको आत्मचैतन्यकै प्रकाशका कारण त्यो ज्ञान भएको हुन्छ । यसरी मानिसहरू जसलाई इन्द्रिय एवं अन्तःकरणको वृत्तिले जानिएको भन्दछन् त्यो पनि साक्षीले नै जानिएको हो । आत्माको ज्ञान भने कुनै इन्द्रिय आदिको माध्यमले हुँदैन, तर मानिसहरूलाई म हुँ भन्ने बोध सधैँ भइरहेको छ । यो ज्ञान पनि स्वयंप्रकाश साक्षी चैतन्यकै ज्ञान हो । यसरी साक्षी आत्मालाई प्रकाशित हुन अरु साधनको अपेक्षा नहुने अनि संसारभर का अरु पदार्थहरू प्रकाशित हुनचाहिँ साक्षी चैतन्यको अपेक्षा हुने देखिन्छ । त्यसैले वास्तवमा ज्ञान एउटै छ र त्यो अखण्ड ज्ञान स्वरूप साक्षी चैतन्य नै हो भन्ने थाहा हुन्छ ।

सबै प्राणीहरूको अन्तःकरणभित्र यो साक्षी चैतन्य व्याप्त रहेको छ । सबैको चैतन्य एउटै भए एउटाले जानेको कुरा अर्कोमा किन सर्दैन त ? भन्ने शङ्का हुन सक्छ । यसको उत्तरमा वेदान्तमा भनिन्छ- साक्षी चैतन्य एउटै भए पनि यसको उपाधि अन्तःकरण भिन्नभिन्न भएकाले ज्ञानमा भेद भएको हो । जसरी संसारभरि एउटै आकाश छ र यसलाई भाग लगाउन सकिन्न । तर यहीँ एउटा घैँटोरूपी उपाधि खडा भयो भने त्यो घैँटोभित्र परेको आकाशलाई घटाकाश भन्दछन् । घटाकाशभित्र कसैले आगो लगायो भने त्यसको धुँवा त्यहीँभित्रै मात्र गुम्सिन्छ बाहिर फैलिँदैन, किनकि त्यहाँ घैँटो उपाधिले त्यसलाई ढाकेको छ । ठीक त्यसैगरी सर्वव्यापक आत्मामा जब अन्तःकरणरूपी उपाधि उत्पन्न हुन्छ त त्यसले अवच्छिन्न हुँदा यौटै आत्मा पनि अनेकहुँ हुन्छ र एउटाको अन्तःकरणभित्र रहेका सुख दुःख आदि अर्काको अन्तःकरणमा प्रकाशित हुँदैनन् । यसैले अन्तःकरणको भेदका कारण संसारका पदार्थहरूलाई विषय गर्ने वृत्तिरूप ज्ञानहरू भिन्नभिन्न भए तापनि साक्षी चैतन्यचाहिँ एउटै छ । यसैले श्लोकमा एउटै भगवतीलाई नै

चितिरूपले सबै जगत्लाई व्याप्त गरेर रहुनुहुन्छ भनी बताइएको हो । यदि भगवती चैतन्यरूपले प्राणीहरूभित्र नपस्नुभएको भए सम्पूर्ण प्राणीहरू केवल मुर्दामात्र हुन्थे, अनि जगत्मा समस्त पदार्थहरूको अस्तित्त्व पनि सिद्ध हुँदैन थियो । यसैले भगवती चैतन्यरूपिणी हुनको विशेषता रहेको छ ।

**स्तुता सुरैः पूर्वमभीष्टसंश्रया-**
**त्तथा सुरेन्द्रेण दिनेषु सेविता ।**
**करोतु सा नः शुभहेतुरीश्वरी**
**शुभानि भद्राण्यभिहन्तु चापदः ॥८१॥**

**पदार्थ-**

**पूर्वम्** = पूर्वकालमा, **अभीष्टसंश्रयात्** = अभीष्टवस्तुको प्राप्ति हुनाले, **सुरैः** = देवताहरूले, **स्तुता** = स्तुति गरिनुभएकी, **तथा** = तथा, **सुरेन्द्रेण** = देवराज इन्द्रद्वारा, **दिनेषु** = धेरै समयसम्म, **सेविता** = सेवा गरिएकी, **सा** = ती, **शुभहेतुः** = कल्याणको कारणरूपा, **ईश्वरी** = भगवती देवीले, **नः** = हाम्रो, **शुभानि** = कल्याण, **भद्राणि** = मङ्गल, **करोतु** = गर्नुहोस्, **आपदः च** = आपत्तिहरूको समेत, **अभिहन्तु** = नाश गर्नुहोस् ॥

**भावार्थ-**

पहिले महिषासुरको वधपछि आफ्नो अभीष्टको प्राप्ति भएर देवताहरूले भगवतीको स्तुति गरेका थिए र देवराज इन्द्रले पनि धेरै समयसम्म उहाँको सेवा गर्नुभएको थियो, सबैथरी कल्याणको कारण भएकी ती सर्वेश्वरी भगवतीले आज पनि हाम्रो कल्याण एवं मङ्गल गर्नुहोस्, र हाम्रा सारा आपत्तिहरूलाई नष्ट गर्नुहोस् ॥

**या साम्प्रतं चोद्धतदैत्यतापितै-**
**रस्माभिरीशा च सुरैर्नमस्यते ।**
**या च स्मृता तत्क्षणमेव हन्ति नः**
**सर्वापदो भक्तिविनम्रमूर्तिभिः ॥८२॥**

**पदार्थ-**

**या** = जो, **साम्प्रतं च** = अहिले, **उद्धतदैत्यतापितैः** = उद्दण्ड

दैत्यहरूद्वारा सताइएका, **अस्माभिः** = हामी, **सुरैः** = दैत्यहरूले, **या** = जो, **ईशा च** = परमेश्वरीको, **नमस्यते** = नमस्कार गर्दछौँ, **भक्तिविनम्रमूर्तिभिः** = भक्तिले नम्र भएका पुरुषहरूद्वारा, **स्मृता च** = स्मरण गरिसकेपछि, **तथा** = तथा, **या** = जो, **तत्क्षणमेव** = तत्कालै, **नः** = हाम्रो, **सर्वापदः** = सम्पूर्ण आपत्तिहरूको, **हन्ति** = नाश नाश गरिदिनुहुन्छ ॥

**भावार्थ–**

उद्दण्ड दैत्यहरूद्वारा सताइएका हामी सबै देवताहरूले उनै परमेश्वरीलाई नमस्कार गरिरहेका छौँ । भक्तिद्वारा विनम्र भएका पुरुषहरूले स्मरण गर्नेवित्तिकै जुन भगवतीले तत्काल नै सारा आपत्तिहरूलाई नष्ट गरिदिनुहुन्छ, उनै जगदम्बाले हाम्रो सङ्कटलाई पनि नष्ट गर्नुहोस् ॥

*ऋषिरुवाच ॥८३॥ ऋषिले भन्नुभयो ॥*

**एवं स्तवादियुक्तानां देवानां तत्र पार्वती ।**
**स्नातुमभ्याययौ तोये जाह्नव्या नृपनन्दन ॥८४॥**

**पदार्थ–**

**नृपनन्दन** = हे राजन् ! **एवं** = यसप्रकार, **तत्र** = त्यहाँ, **स्तवादियुक्तानां** = स्तुति गरिरहेका, **देवानां** = देवताहरूको अगाडि, **जाह्नव्याः** = गङ्गाजीको, **तोये** = जलमा, **स्नातुं** = स्नान गर्नका लागि, **पार्वती** = भगवती, **अभ्याययौ** = आइन् ॥

**भावार्थ–**

हे राजन् ! देवताहरूले यसप्रकार भगवतीको स्तुति गरिरहेकै बेलामा गङ्गामा स्नान गर्नका लागि पार्वती माता पनि त्यही ठाउँमा आइपुग्नुभयो ॥

**साब्रवीत्तान् सुरान् सुभ्रूर्भवद्भिः स्तूयतेऽत्र का ।**
**शरीरकोशतश्चास्याः समुद्भूताब्रवीच्छिवा ॥८५॥**
**स्तोत्रं ममैतत् क्रियते शुम्भदैत्यनिराकृतैः ।**
**देवैः समेतैः समरे निशुम्भेन पराजितैः ॥८६॥**

**पदार्थ–**

**सुभ्रूः** = सुन्दर आँखीभौँ भएकी, **सा** = ती पार्वतीले, **तान्** = ती, **सुरान्** = स्तुति गरिरहेका देवताहरूलाई, **अब्रवीत्** = भन्नुभयो, **अत्र** = यहाँ,

**भवद्भिः** = हजुरहरू, **का** = कसको, **स्तूयते** = स्तुति गर्दैछौ, **अस्याः च** = ती पार्वतीको, **शरीरकोशतः** = शरीरको कोशबाट, **समुद्भूता** = प्रकट भएकी, **शिवा** = शिवा देवीले, **अब्रवीत्** = भन्नुभयो ॥ **शुम्भदैत्यनिराकृतैः** = शुम्भदैत्यबाट तिरस्कृत भएका, **समरे** = युद्धमा, **निशुम्भेन** = निशुम्भबाट, **पराजितैः** = पराजित भएका, **समेतैः** = सम्पूर्ण, **देवैः** = देवताहरूले, **एतद्** = यो, **मम** = मेरो नै, **स्तोत्रं** = स्तुति, **क्रियते** = गरिरहेका छन् ॥

**भावार्थ–**

सुन्दर नयन एवं आँखीभौं भएकी भगवतीले देवताहरूलाई सोध्नुभयो। तपाईंहरूले यहाँ कसको स्तुति गरिरहनुभएको छ ? त्यही समयमा उहाँको शरीर कोशबाट एउटी शिवा देवी निस्किनुभयो र उहाँले भन्नुभयो, शुम्भ दैत्यद्वारा तिरस्कृत र रणभूमिमा निशुम्भद्वारा पराजित भएका यी सबै देवताहरूले मेरै स्तुति गरिरहेका हुन् ॥

**शरीरकोशाद्यत्तस्याः पार्वत्या निःसृताम्बिका ।**
**कौशिकीति समस्तेषु ततो लोकेषु गीयते ॥८७॥**

**पदार्थ–**

**यत्** = किनभने, **तस्याः** = ती, **पार्वत्याः** = पार्वतीको, **शरीरकोशात्** = शरीरको कोशबाट, **अम्बिका** = जगदम्बा, **निःसृता** = निस्किनुभयो, **ततः** = त्यसपछि, **समस्तेषु** = सम्पूर्ण, **लोकेषु** = लोकहरूमा, **कौशिकी इति** = कौशिकी नामले, **गीयते** = गाइन्छ ॥

**भावार्थ–**

ती अम्बिका पार्वतीको शरीरकोषबाट निस्किनुभएको थियो, त्यसैले सम्पूर्ण लोकमा उहाँ कौशिकी नामले प्रसिद्ध हुनुभयो ॥

**विवरण–**

यहाँ कौशिकी देवीको आविर्भाव सम्बन्धी प्रसङ्ग बताइएको छ। गङ्गाको अवतरण भएको ठाउँ नजिकै देवताहरू भगवतीको स्तुति गरिरहेका थिए। त्यही बेलामा भगवती पार्वती माता त्यहाँ स्नान गर्न भनी आइपुग्नुभयो र देवताहरूलाई तिमीहरूले कसको स्तुति गरेको भनी सोध्नुभयो। देवताहरूले उत्तर दिनुभन्दा अघि पार्वतीकै शरीरबाट एउटी तेजोमय देवी

निस्किइन् र उनले पार्वतीलाई भनिन्– यी देवताहरूले मेरो स्तुति गरेका हुन् । शास्त्रहरूमा आफ्नो प्रशंसा आफैं गर्नुहुन्न भनिएको छ । उसोभए कौशिकीले किन पार्वतीको अघि आफ्नो प्रशंसा गरिन् त ? भन्ने शङ्का पनि हुन सक्दछ । यसको उत्तर हो कि कौशिकी पार्वतीभन्दा भिन्न अरु कुनै देवी नभई उनकै तेजोमय स्वरूप थिइन् त्यसैले उनले आत्मप्रशंसा गर्नु पार्वतीकै प्रशंसा हो । जसरी पिताले पुत्रलाई आफ्नो प्रतिरूप मानेका हुनाले पुत्रले पिताको घरबार आदिलाई आफ्नो भन्यो भने पिता प्रसन्न हुन्छ, त्यसैगरी यहाँ कौशिकी देवी साक्षात् पावर्ततीकै प्रतिमूर्ति भएकीले उनले आत्मप्रशंसा गर्दा पार्वती प्रसन्न हुन्छिन् ।

कौशिकीले देवताहरूको अघि आफ्नो महत्त्व प्रदर्शित गरको चरित्रलाई विचारपूर्व नियाल्ने हो भने यसमा रहस्य लुकेको देखिन्छ । देवताहरू शुम्भ अनि निशुम्भको प्रबल पराक्रमबाट पीडित भई भगवतीको शरणमा आएका थिए । ब्रह्मासँग अत्यन्त भयानक वर मागेर यी दैत्य प्रचण्ड वीर भएको कुरा देवताहरूलाई थाहा थियो । शिवपुराणमा बताइएको कथाअनुसार यी दैत्यले कुनै पनि पुरुषको हातबाट न मर्ने केवल स्त्रीको हातबाट मात्र मर्ने वर मागेका थिए । ती स्त्री पनि अयोनिजा हुनुपर्ने, कुनै स्त्रीको अङ्गबाट उत्पन्न हुनुपर्ने, पुरुषस्पर्शले रहित हुनुपर्ने र उनीप्रति कामभाव जागेपछि मात्र आफ्नो वध हुन सक्ने भनी विचित्र वर मागेका थिए । यस्ती स्त्री संसारभर मा कोही छैनन् भन्ने देवताहरूलाई थाहा थियो । तापनि सर्वसमर्थ जगन्माता पार्वतीले केही उपाय गरिहाल्नुहोला भन्ने आशाले उनीहरू हिमालयमा आई भगवतीको स्तुति गर्दै थिए । यही बेला पार्वती त्यहाँ आइपुग्नुभयो र देवताहरूलाई स्तुतिको विषयमा सोध्नुभयो । वरअनुसार पार्वतीको हातबाट शुम्भ र निशुम्भको वध हुन नसक्ने हुनाले देवताहरू कसको स्तुति गरेको भनी बताउन असमर्थ भए । यसैले वरका सबै सर्तहरू पूरा गर्दै कौशिकीको प्रादुर्भाव भयो र उनैले देवताहरूको मनभित्रको शङ्का मेटाइदिनुभयो ।

कौशिकी शब्दको व्युत्पत्ति गर्दै भनिएको छ– ***कोशात् जाता कौशिकी*** अर्थात् कोशबाट जन्मिएकी देवी कौशिकी हुन् । जसरी कोशभित्र रहेको तरबारलाई त्यहाँबाट बाहिर निकालिन्छ त्यसैगरी पार्वतीको शरीरकोशबाट

तेजोमयी देवी निस्किइन् । कोश शब्दको अर्थ भण्डार या खानी भन्ने हुन्छ । पार्वतीको शरीरलाई कोश भन्नुको अर्थ बताउँदै विद्वान्हरू भन्दछन्– **ज्ञानार्थनिधित्वेन सर्वजगन्निधित्वेन च पार्वतीशरीरं कोशः** अर्थात् सम्पूर्ण ज्ञान ऐश्वर्यकी खानी भएकीले त्यसैगरी सम्पूर्ण जगत् उत्पन्न हुने मूल खानी भएकाले पार्वतीको शरीर कोश हो । कौशिकी निस्किएपछि पार्वतीको सुन्दरता रित्तिएको र उनी काली भएको देखाइएको छ । यसको मतलब पार्वतीको सीमित सौन्दर्य देखाउनु नभई कौशिकीको सम्पूर्ण सौन्दर्य बताउनुमात्र हो भन्ने बुझ्नुपर्दछ । यसप्रकार कौशिकी देवीको उत्पत्ति हुनुको प्रसङ्ग रहस्यमय भएको पाइन्छ ।

**तस्यां विनिर्गतायां तु कृष्णाभूत्सापि पार्वती ।**
**कालिकेति समाख्याता हिमाचलकृताश्रया ॥८८॥**

**पदार्थ–**

**तस्यां** = ती, **निर्गतायां तु** = निस्किसकेपछि त, **सा** = ती, **पार्वती अपि** = पार्वती पनि, **कृष्णा** = काली, **अभूत्** = हुनुभयो, **हिमाचलकृताश्रयाः** = हिमाचलमा आश्रय लिई बसेकी ती भगवती, **कालिका इति** = कालिका नामले, **समाख्याता** = परिचित हुनुभयो ॥

**भावार्थ–**

आफ्नो शरीरबाट कौशिकी देवी निस्किएपछि पार्वती माता पनि काली हुनुभयो, त्यसैले उहाँ हिमालयवासिनी कालिका देवीको रूपमा प्रख्यात हुनुभयो ॥

**ततोऽम्बिकां परं रूपं बिभ्राणां सुमनोहरम् ।**
**ददर्श चण्डो मुण्डश्च भृत्यौ शुम्भनिशुम्भयोः ॥८९॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **सुमनोहरं** = अत्यन्त मनोहर, **परं** = परं, **रूपम्** = रूप, **बिभ्राणां** = धारण गरेकी, **अम्बिकां** = कौशिकीलाई, **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भ दैत्यको, **भृत्यौ** = नोकरहरू, **चण्डः** = चण्ड, **मुण्डः च**= मुण्डले, **ददर्श** = देखे ॥

**भावार्थ–**

केही समयपछि घुम्दै आइपुगेका चण्ड र मुण्ड नाम गरेका शुम्भ एवं निशुम्भका सेवकहरूले परम सुन्दर रूप धारण गरेकी ती अम्बिकालाई देखे ॥

**ताभ्यां शुम्भाय चाख्याता अतीव सुमनोहरा ।**
**काप्यास्ते स्त्री महाराज भासयन्ती हिमाचलम् ॥९०॥**

**पदार्थ–**

**ताभ्यां** = चण्ड र मुण्डले, **शुम्भाय च** = शुम्भलाई, **आख्याता** = वर्णन गरे, **महाराज** = हे महाराज, **अतीव** = अत्यन्त, **सुमनोहरा** = मनहारिणी, **का अपि** = कुनै, **स्त्री** = नारी, **हिमाचलं** = हिमालयलाई, **भासयन्ती** = आफ्नो कान्तिले प्रकाशित गर्दै, **आस्ते** = बसेकी छिन् ॥

**भावार्थ–**

ती दुबैले असुरराज शुम्भलाई हे महाराज ! हिमालयमा आफ्नो शरीरको कान्तिद्वारा सम्पूर्ण हिमाललाई नै उज्ज्वल गराइरहेकी अत्यन्त मनोहर एउटी स्त्री छिन् भनी बताए ॥

**नैव तादृक् क्वचिद्रूपं दृष्टं केनचिदुत्तमम् ।**
**ज्ञायतां काप्यसौ देवी गृह्यतां चासुरेश्वर ॥९१॥**

**पदार्थ–**

**तादृक्** = त्यस्तो, **उत्तमम्** = राम्रो, **रूपं** = रूप, **क्वचिद्** = कहीं पनि, **केनचिद्** = कसैले पनि, **न दृष्टम् एव** = निश्चय नै देखेको छैन, **असुरेश्वर** = हे दैत्यराज, **असौ** = यी, **देवी** = भगवती, **अपि** = पनि, **का** = को हुन् ? **ज्ञायतां** = जान्नुहोस्, **गृह्यतां च** = लिनुहोस् पनि ॥

**भावार्थ–**

अहिलेसम्म कसैले पनि त्यसप्रकारको सर्वोत्तम रूप कहीं पनि देखेकै छैन । हे असुरराज ! यी देवी को हुन् ? भन्ने पत्ता लगाई यिनलाई ग्रहण गर्नुहोस् ॥

**स्त्रीरत्नमतिचार्वङ्गी द्योतयन्ती दिशस्त्विषा ।**
**सा तु तिष्ठति दैत्येन्द्र तां भवान् द्रष्टुमर्हति ॥९२॥**

**पदार्थ–**

**स्त्रीरत्नं** = नारीरत्न, **अतिचार्वङ्गी** = अत्यन्त सुन्दर अङ्ग भएकी, **त्विषा** = आफ्नो कान्तिद्वारा, **दिशः** = दिशाहरूलाई, **द्योतयन्ती** = प्रकाशित गर्दै, **सा तु** = तिनी त, **तिष्ठति** = बस्दछिन्, **दैत्येन्द्र** = हे दैत्यराज ! **भवान्** = हजुर, **तां** = तिनीलाई, **द्रष्टुं** = हेर्न, **अर्हति** = योग्य हुनुहुन्छ ॥

**भावार्थ–**

उनी स्त्रीहरूमध्ये प्रमुख रत्न हुन् । उनका अङ्ग-प्रत्यङ्ग अत्यन्त सुन्दर छन् र आफ्नो कान्तिद्वारा दसै दिशालाई प्रकाशित गरेर हिमालयमा नै बसिर-हनुभएको छ । हे दैत्यराज ! हजुर उनलाई त्यहीं देख्न सक्नुहुन्छ ॥

**यानि रत्नानि मणयो गजाश्वादीनि वै प्रभो ।**
**त्रैलोक्ये तु समस्तानि साम्प्रतं भान्ति ते गृहे ॥९३॥**

**पदार्थ–**

**प्रभो** = हे प्रभु ! **वै** = निश्चय नै, **त्रैलोक्ये** = तीनै लोकमा, **मणयः** = मणिहरू, **गजाश्वादीनि** = हात्ती एवं घोडाहरू आदि, **रत्नानि** = रत्नहरू छन्, **यानि** = जो, **समस्तानि** = ती सबै, **साम्प्रतम्** = अहिले, **तु** = त, **ते** = तिम्रो, **गृहे** = घरमा, **भान्ति** = शोभा बढाइरहेका छन् ॥

**भावार्थ–**

प्रभो ! संसारभर जति पनि मणि, हात्ती, घोडा आदिमध्ये श्रेष्ठ रत्नहरू छन्, ती सबै अहिले हजुरकै घरमा सुशोभित छन् ॥

**ऐरावतः समानीतो गजरत्नं पुरन्दरात् ।**
**पारिजाततरुश्चायं तथैवोच्चैःश्रवा हयः ॥९४॥**

**पदार्थ–**

**पुरन्दरात्** = इन्द्रबाट, **गजरत्नं** = हात्तीहरूमा श्रेष्ठ, **ऐरावतः** = ऐरावत, **अयं** = यो, **पारिजाततरुः** = पारिजातको बोट, **तथैव च** = त्यस्तै, **उच्चैःश्रवा** = उच्चैश्रवा नामको, **हयः** = घोडा, **समानीतः** = लिनुभयो ॥

**भावार्थ–**

हात्तीहरूमध्ये रत्न भएको ऐरावत हात्ती, यो वृक्षहरूमध्ये श्रेष्ठ पारि-जात एवम् उच्चैश्रवा नामको घोडा पनि इन्द्रबाट हजुरले लिनुभएको हो ॥

**विमानं हंससंयुक्तमेतत्तिष्ठति तेऽङ्गणे ।**
**रत्नभूतमिहानीतं यदासीद्वेधसोऽद्भुतम् ॥९५॥**

**पदार्थ–**

**हंससंयुक्तं** = हाँसले युक्त भएको, **एतद्** = यो, **विमानं** = विमान पनि, **ते** = तपाईंको, **अङ्गणे** = आँगनमा रहेको छ, **रत्नभूतं** = महत्त्वपूर्ण भएको, **अद्भुतं** = आश्चर्यलाग्दो विमान, **यद्** = जो, **वेदसः** = ब्रह्माजीसँग, **आसीत्** = थियो, **इह** = यहाँ, **आनीतं** = लेराउनुभयो ॥

**भावार्थ–**

हाँस वाहन भएको यो अद्भुत विमान ब्रह्माजीको साथ थियो तर अहिले विमानहरूमध्ये सर्वश्रेष्ठ यो हजुरको आँगनमा रहेको छ ॥

**निधिरेष महापद्मः समानीतो धनेश्वरात् ।**
**किञ्जल्किनीं ददौ चाब्धिर्मालामम्लानपङ्कजाम् ॥९६॥**

**पदार्थ–**

**एषः** = यो, **महापद्मः** = महापद्मनामक, **निधिः** = निधि पनि, **धनेश्वरात्** = कुबेर बाट, **समानीताः** = खोसेर लेराउनुभयो, **अब्धिः च** = समुद्रले, **अम्लानपङ्कजाम्** = कहिल्यै नवैलिने कमलबाट बनेको, **किञ्जल्किनीं** = किञ्जल्किनी नामक, **मालां** = माला, **ददौ** = दिए ॥

**भावार्थ–**

यो महापद्म नामक निधिलाई हजुरले कुबेरबाट खोसी लिनुभएको हो । समुद्रले पनि हजुरलाई कहिल्यै नवैलाउने कमलको माला अर्पण गरेका छन् ॥

**छत्रं ते वारुणं गेहे काञ्चनस्रावि तिष्ठति ।**
**तथायं स्यन्दनवरो यः पुराऽऽसीत्प्रजापतेः ॥९७॥**

**पदार्थ–**

**काञ्चनश्रावि** = सुनको वर्षा गर्ने, **वारुणं** = वरुणको, **छत्रं** = छाता, **ते** = तपाईंको, **गृहे** = घरमा, **तिष्ठति** = छ, **तथा** = तथा, **अयं** = यो, **स्यन्दनवरः** = श्रेष्ठ रथ, **यः** = जुन, **पुरा** = प्राचीनकालमा, **प्रजापतेः** = प्रजापतिको, **आसीत्** = थियो ॥

**भावार्थ–**

हजुरको घरमा सुवर्णको वर्षा गर्ने वरुणको छाता पनि छ। त्यसैगरी पहिले प्रजापतिको साथमा रहेको यो श्रेष्ठ रथ पनि अहिले हजुरकै अधिकारमा छ ॥

**मृत्योरुत्क्रान्तिदा नाम शक्तिरीश त्वया हृता ।**
**पाशः सलिलराजस्य भ्रातुस्तव परिग्रहे ॥९८॥**
**निशुम्भस्याब्धिजाताश्च समस्ता रत्नजातयः ।**
**वह्निरपि ददौ तुभ्यमग्निशौचे च वाससी ॥९९॥**

**पदार्थ–**

**ईश** = हे दैत्येन्द्र ! **मृत्योः** = मृत्युको, **उत्क्रान्तिदा नाम** = उत्क्रान्तिदा नामक, **शक्तिः** = शक्तिलाई, **त्वया** = हजुरद्वारा, **हृता** = हरण गरियो, **सलिलराजस्य** = वरुणको, **पाशः** = पाश, **अब्धिजाताः** = समुद्रबाट उत्पन्न भएका, **समस्ताः** = सम्पूर्ण, **रत्नजातयः** = रत्नहरू, **च** = पनि, **तव** = तिम्रो, **भ्रातुः** = भाइ, **निशुम्भस्य** = निशुम्भको, **परिग्रहे** = अधिकारमा छ, **वह्निः अपि** = अग्निले पनि, **अग्निशौचे** = स्वतःशुद्ध भएका, **वाससी च** = दुई कपडा, **तुभ्यं** = हजुरलाई, **ददौ** = दियो ॥

**भावार्थ–**

हे दैत्येश्वर! हजुरले मृत्युदेवताको उत्क्रान्तिदा नामको शक्तिलाई पनि हरण गर्नुभएको छ। त्यसैगरी जलदेवता वरुणको पाश हजुरका भाई निशुम्भको नियन्त्रणमा छ। समुद्रबाट उत्पन्न भएका सबैप्रकारका रत्न निशुम्भकै अधिकारमा छन् र अग्निले पनि आफैँले शुद्ध गरेका दुईजोर सुन्दर वस्त्र हजुरलाई अर्पण गरेका छन् ॥

**एवं दैत्येन्द्र रत्नानि समस्तान्याहृतानि ते ।**
**स्त्रीरत्नमेषा कल्याणी त्वया कस्मान्न गृह्यते ॥१००॥**

**पदार्थ–**

**दैत्येन्द्र** = हे दैत्यराज ! **एवं** = यसप्रकार, **समस्तानि** = सम्पूर्ण, **रत्नानि** = रत्नहरू, **ते** = हजुरले, **आहृतानि** = एकीकृत गर्नुभयो, **स्त्रीरत्नं** =

स्त्रीरत्न, **एषा** = यी, **कल्याणी** = कल्याणी देवीलाई, **त्वया** = हजुरले, **कस्मान्** = किन, **न गृह्यते** = अधिकारमा लिनुहुन्न ॥

**भावार्थ–**

हे दैत्यराज ! यसप्रकार हजुरले संसारभरका सबै रत्नहरूलाई जम्मा गर्नुभएको छ भने स्त्रीहरूमध्ये रत्न भएकी यी कल्याणी देवीलाई हजुर किन स्वीकार गर्नुहुन्न ? ॥

**विवरण–**

यस प्रसङ्गमा चण्ड र मुण्डले कौशिकी देवीको प्रशंसा गर्दै शुम्भ निशुम्भलाई उनीप्रति आकर्षित गर्ने चेष्टा गरेका छन् । चण्ड-मुण्ड अत्यन्त स्वामीभक्त हुन् । यिनीहरूले हिमालयमा अत्यन्त रूपवती नारीको दर्शन गरिसकेपछि त्यसबाट आफू स्वयं मोहित नभई आफ्ना स्वामीलाई नै सम्झेका छन् । असल सेवकको धर्म भनेको स्वामीको भोग एवं ऐश्वर्यबाट नै आफूलाई ऐश्वर्यवान् एवं सुखी मान्नु हो । यहाँ कौशिकी देवीलाई देखिसकेपछि चण्डमुण्डले यस्ती स्त्री त हाम्रा स्वामी शुम्भनिशुम्भकहाँ हुनैपर्ने भन्ने विचार गरेका छन् । लामो भूमिका बाँधी ती कौशिकीप्रति शुम्भनिशुम्भलाई आकर्षित गर्ने यिनीहरूको चेष्टा यहाँ देखिन्छ । जगदम्बा भगवती माता यति प्रबल आकर्षण शक्तिले युक्त हुनुहुन्छ कि उहाँ दुष्ट दैत्यहरूको मनलाई पनि आकृष्ट गर्नुहुन्छ । उहाँको अतुलनीय सौन्दर्य यति मनमोहक हुन्छ कि भावनाहीन कठोर दैत्यहरू त्यसप्रति प्रेमभाव गर्न थाल्दछन् ।

भगवतीको प्रबल आकर्षण, अनि चण्डमुण्ड आदि सबैको अध्यात्मसाधनापरक भित्री रहस्य पनि रहेको पाइन्छ । आनन्दमय चित्सत्ता आत्मभावले अखण्ड रूपमा प्रकाशित हुनु नै चण्डीको मूल साधनात्मक अर्थ हो । अन्तःकरणमा राम्रा नराम्रा सबै वृत्तिहरूको विनाश गरेर नै अद्वितीय आत्मतत्त्वको प्रतिष्ठा हुनसक्दछ । यहाँ शुम्भ निशम्भ क्रमशः अस्मिता र ममताका रूप हुन् । तिनका सेवक समस्त दैत्यहरूचाहिँ अन्तःकरणका राम्रा नराम्रा आदि वृत्तिहरू हुन् । यहाँ साधकले अहिलेसम्म अहङ्कारपूर्वक परिपालन गरेका प्रवृत्ति र निवृत्ति नै चण्डमुण्डको आन्तरिक स्वरूप हो । जसरी शुम्भ र निशुम्भ अहन्ता र ममतारूप भएकाले सँगसँगै रहन्छन् यी दुई पनि

प्रवृत्ति निवृत्तिरूप भएकाले सँगसँग बनाइएका हुन् । साधकले अहिलेसम्म आत्मातिर प्रवृत्ति अनि संसारबाट निवृत्तिको साधना एकैपटक गर्दै आएको छ । अज्ञान अवस्थामा भएको हुनाले जीवको सारा साधना अहङ्कारकै मातहतमा हुने देखिन्छ । शुम्भ र निशुम्भ अर्थात् अहन्ता र ममताका अनुचर यी दुईले भगवती तत्त्वको प्राथमिक दर्शन पाउनेबित्तिकै त्यसले तीद्वारा आफ्ना स्वामीलाई नै पुष्ट गर्न खोजे । अहङ्कार नष्ट न हुन्जेल भगवतीतत्त्वको प्राप्ति सम्भव नै छन, तर यी चण्डमुण्डले अहङ्कारको अधीनमा नै भगवतीको प्राप्ति गराउन खोजे । अहङ्कार आसुरी भावहरूको राजा हो, त्यसैले त्यसका पोषक सबै भावहरू असुरका सेवकरूप हुन् । साधनाको अवस्थामा यसरी अहङ्कार पूर्व नै प्रवृत्त हुनुपर्ने बाध्यता हुन्छ, किनकि जबसम्म आत्मतत्त्व अहंरूपले प्रकाशित हुँदैन, तबसम्म अहङ्कार नै अहंरूपले प्रकाशित भइरहन्छ अनि साधनाका लागि अहं अर्थात् म भन्ने भाव त चाहिन्छ नै । सबभन्दा राम्रो प्रसङ्ग के हो भने साधकले जब अहङ्कारपूर्वक नै भए पनि आत्मातिर प्रवृत्ति अनि संसारबाट निवृत्ति आदि साधनाको आरम्भ गर्दछ भने उसले त्यसबाट केही न केही रूपमा आत्माको झलक पाइहाल्दछ । । आनन्दमय तत्त्वको प्राथमिक दर्शन पाइसकेपछि जीवले त्योविना आफूलाई अपूर्ण महशुस गर्दछ, चण्डमुण्डले अनेक देवताहरूको ऐश्वर्य शुम्भनिशुम्भको अधीनमा छ भनी बताउनु अहिलेसम्म उनीहरूले आर्जन गरेका यो लोक परलोकका सम्पत्तिको वर्णन हो । भगवतीको प्राप्तिविना यी सबै ऐश्वर्य अपूर्ण छन् भन्ने बोध भएपछि जीव त्यसका लागि मरिमेटेर प्रयास गर्दछ । चण्डमुण्डले शुम्भनिशुम्भलाई आत्मचैतन्यरूपिणी स्त्रीरत्नको प्राप्ति गर्न उत्प्रेरित गरेका छन् । चित्सत्ताको थोरै प्रकाश नपाउन्जेल जीवमा यो अपूर्णताको बोध पनि भएको हुँदैन, किनकि ऊ भोगसामग्रीहरूबाट नै पूर्णतः सन्तुष्ट रहेको हुन्छ । यो बेलासम्म उसको साधना पनि सामान्य गतिको हुन्छ । एकपटक त्यसको झलक पाएपछि भने साधक प्राणैदेखि त्यसलाई पाउन खोज्दछन र तीव्र साधनाको आरम्भ हुन्छ । शुम्भनिशुम्भले अनेक उपायले भगवतीलाई पाउन खोज्नु यसकै सूचना हो ।

*ऋषिरुवाच ॥१०१॥ ऋषिले भन्नुभयो ॥*

**निशम्येति वचः शुम्भः स तदा चण्डमुण्डयोः ।**
**प्रेषयामास सुग्रीवं दूतं देव्या महासुरम् ॥१०२॥**

**पदार्थ–**

**इति** = यसप्रकार, **चण्डमुण्डयोः** = चण्ड र मुण्डको, **वचः** = बाणीलाई, **निशम्य** = सुनेर, **सः** = त्यो, **शुम्भः** = शुम्भले, **तदा** = त्यसै समय, **महासुरं** = महादैत्य, **सुग्रीवं** = सुग्रीवलाई, **दूतं** = दूत बनाएर, **देव्याः** = देवीकहाँ, **प्रेषयामास** = पठायो ॥

**भावार्थ–**

यसप्रकार चण्ड र मुण्डको भनाइ सुनी शुम्भले देवीकहाँ महादैत्य सुग्रीवलाई दूतको रूपमा पठायो ॥

**इति चेति च वक्तव्या सा गत्वा वचनान्मम ।**
**यथा चाभ्येति सम्प्रीत्या तथा कार्यं त्वया लघु ॥१०३॥**

**पदार्थ–**

**त्वया** = , **मम** = मेरो, **वचनाद्** = आज्ञाले, **गत्वा** = त्यहाँ गएर, **इति च इति च**= यस्तो, **वक्तव्या** = भन्नु, **यथा** = जसरी, **सम्प्रीत्या** = खुसी भएर, **लघु** = चाडैं, **सा** = ती, **अभ्येति** = यहाँ आउन्, **तथा** = त्यसरी, **कार्यं** = गर्नु ॥

**भावार्थ–**

उसलाई भन्यो– तिमीले मेरो आज्ञाले देवीलाई यो-यो कुरा भन्नु र जुन उपायले उनी प्रसन्न भई शीघ्र नै मकहाँ आउँछिन्, त्यो काम गरी यहाँ आउनु ॥

**स तत्र गत्वा यत्रास्ते शैलोद्देशेऽतिशोभने ।**
**सा देवी तां ततःप्राह श्लक्ष्णं मधुरया गिरा ॥१०४॥**

**पदार्थ–**

**सः** = सुग्रीव, **अतिशोभने** = अत्यन्त सुन्दर, **शैलोद्देशे** = पर्वतप्रदेशमा, **यत्र** = जहाँ, **सा** = ती, **देवी** = देवी, **आस्ते** = बस्दछिन्, **तत्र** = त्यहाँ, **गत्वा** = गएर, **ततः** = त्यसपछि, **श्लक्ष्णं** = कोमल, **मधुरया** = मधुर, **गिरा** = बाणीले, **तां** = ती देवीलाई, **प्राह** = भन्यो ॥

**भावार्थ–**

त्यो सुग्रीव हिमालयको अत्यन्त रमणीय क्षेत्रमा भगवती रहनुभएको ठाउँमा गयो र उसले सुमधुर स्वरले नरम पारामा यसो भन्यो ॥

*दूत उवाच ॥१०५॥ दूतले भन्यो ॥*

**देवि दैत्येश्वरः शुम्भस्त्रैलोक्ये परमेश्वरः ।**
**दूतोऽहं प्रेषितस्तेन त्वत्सकाशमिहागतः ॥१०६॥**

**पदार्थ–**

**देवि** = हे देवि ! **दैत्येश्वरः** = दैत्यराज, **शुम्भः** = शुम्भ, **त्रैलोक्ये** = त्रिलोकका, **परमेश्वरः** = ईश्वर, हुन् । **तेन** = शुम्भले, **इह** = यहाँ, **प्रेषितः** = पठाइएको, **दूतः** = दूत, **अहं** = म सुग्रीव, **त्वत्सकाशं** = तिम्रो समीपमा, **आगतः** = आएँ ॥

**भावार्थ–**

हे देवी ! दैत्यराज शुम्भ अहिले तीनै लोकका परमेश्वर हुनुहुन्छ र म उहाँले नै पठाएर हजुरकहाँ आएको दूत हुँ ॥

**अव्याहताज्ञः सर्वासु यः सदा देवयोनिषु ।**
**निर्जिताखिलदैत्यारिः स यदाह शृणुष्व तत् ॥१०७॥**

**पदार्थ–**

**यः** = जो, **सर्वासु** = सम्पूर्ण, **देवयोनिषु** = देवताहरूलाई, **सदा** = सधैँ, **अव्याहताज्ञः** = स्वतन्त्र आदेश दिन्छन्, **निर्जिताखिलदैत्यारिः** = सम्पूर्ण देवताहरूलाई जितेका, **सः** = ती शुम्भले, **यद्** = जुन कुरा, **आह** = भने, **तत्** = त्यो कुरा, **शृणु** = सुन ॥

**भावार्थ–**

सम्पूर्ण देवगणहरू जसको आज्ञालाई उल्लङ्घन नगरी पूर्णतया शिरोधार्य गर्दछन्, र जसले सबै दैत्यशत्रु देवताहरूलाई जित्नुभएको छ । उहाँले भन्नुभएको कुरा तिमी सुन ॥

**मम त्रैलोक्यमखिलं मम देवा वशानुगाः ।**
**यज्ञभागानहं सर्वानुपाश्नामि पृथक् पृथक् ॥१०८॥**

**पदार्थ–**

**अखिलं** = सम्पूर्ण, **त्रैलोक्यं** = तीनै लोक, **मम** = मेरा, **देवाः** = देवताहरू, **मम** = मेरो, **वशानुगाः** = आज्ञाले चल्दछन्, **अहं** = म, **सर्वान्** = सबै, **यज्ञभागान्** = यज्ञका भागहरू, **पृथक्-पृथक्** = छुट्टाछुट्टै, **उपाश्नामि** = भोग गर्दछु ॥

**भावार्थ–**

तीनै लोक मेरो अधिकारमा छ । देवताहरू मेरा नै वशवर्ती छन् र प्राणीहरूले प्रदान गरेका सम्पूर्ण यज्ञीय आहुतिहरूलाई पनि छुट्टाछुट्टै देवताहरूको अधिकारमा रही म नै ग्रहण गर्दछु ॥

**त्रैलोक्ये वररत्नानि मम वश्यान्यशेषतः ।**
**तथैव गजरत्नं च हृत्वा देवेन्द्रवाहनम् ॥१०९॥**

**पदार्थ–**

**त्रैलोक्ये** = तीनै लोकमा, **अविशेषतः** = श्रेष्ठरूपले रहेका, **वररत्नानि** = श्रेष्ठ रत्नहरू, **मम** = मेरो, **वश्यानि** = वशमा छन्, **तथा एव** = त्यस्तै, **देवेन्द्रवाहनम्** = इन्द्रको वाहन, **गजरत्नं** = हात्ती, **च** = पनि, **हृत्वा** = हरण गरेर ल्याएँ ॥

**भावार्थ–**

तीन लोकभरिका सबै श्रेष्ठतम रत्नहरू मेरै अधिकारमा छन् । देवराज इन्द्रको वाहन हात्तीहरूमध्ये श्रेष्ठ ऐरावतलाई पनि मैले हरण गरी लिएको हुँ ॥

**क्षीरोदमथनोद्भूतमश्वरत्नं ममामरैः ।**
**उच्चैःश्रवससंज्ञं तत्प्रणिपत्य समर्पितम् ॥११०॥**

**पदार्थ–**

**अमरैः** = देवताहरूले, **क्षीरोदमथनोद्भूतं** = समुद्रमन्थनबाट उत्पन्न भएको, **उच्चैःश्रवससंज्ञं** = उच्चैःश्रवा नाम गरेको, **तत्** = त्यो, **अश्वरत्नं** = घोडारूपी रत्न, **मम** = मलाई, **प्रणिपत्य** = प्रणाम गरेर, **समर्पितम्** = अर्पण गरे ॥

**भावार्थ–**

समुद्रमन्थनबाट उत्पन्न भएको घोडाहरूमध्ये श्रेष्ठ रत्न उच्चैःश्रवालाई पनि देवताहरूले मेरो चरण समाती मलाई नै अर्पण गरेका छन् ॥

**यानि चान्यानि देवेषु गन्धर्वेषूरगेषु च ।**
**रत्नभूतानि भूतानि तानि मय्येव शोभने ॥१११॥**

**पदार्थ-**

**शोभने** = हे सुन्दरी ! **देवेषु** = देवताहरूसँग, **गन्धर्वेषु** = गन्धर्वहरूसँग, **उरगेषु च** = नागहरूसँग, **यानि** = जुन, **अन्यानि** = अन्य, **रत्नभूतानि** = रत्नरूप, भूतानि = वस्तुहरू छन्, **तानि** = ती सबै, **मयि एव** = मसँगै छन् ॥

**भावार्थ-**

हे सुन्दरी ! देवता, गन्धर्व एवं नागजातिसँग अन्य जति पनि रत्नभूत श्रेष्ठ वस्तुहरू छन्, ती सबै अहिले मेरो अधीनमा छन् ॥

**स्त्रीत्नभूतां त्वां देवि लोके मन्यामहे वयम् ।**
**सा त्वमस्मानुपागच्छ यतो रत्नभुजो वयम् ॥११२॥**

**पदार्थ-**

**देवि** = हे भगवती, **वयं** = हामीहरू, **त्वां** =तिमीलाई, **लोके** = संसार मा, **स्त्रीरत्नभूतां** = नारीहरूमा रत्नस्वरूप, **मन्यामहे** = मान्दछौं । **सा** = त्यस्ती, **त्वं** = तिमी, **अस्मान्** = हामीलाई, **उपागच्छ** = वरण गर, **यतः** = किनकि, **वयं** = हामी, **रत्नभुजः** = रत्नका उपभोक्ता हौ ॥

**भावार्थ-**

हे देवी ! सम्पूर्ण संसारका स्त्रीहरूमध्ये हामीले तिमीलाई नै रत्न भनी मानेका छौं । हामी रत्नहरूका भोक्ता हौ, त्यसैले स्त्रीरत्न तिमी पनि हाम्रै निकट आऊ ॥

**मां वा ममानुजं वापि निशुम्भमुरुविक्रमम् ।**
**भज त्वं चञ्चलापाङ्गि रत्नभूतासि वै यतः ॥११३॥**

**पदार्थ-**

**चञ्चलापाङ्गि** = हे चञ्चल कटाक्ष भएकी देवी ! **त्वं** = तिमी, **मां** = मलाई **वा** = अथवा, **मम** = मेरो, **अनुजं** = भाइ, **उरुविक्रमम्** = महापराक्रमी, **निशुम्भम्** = निशुम्भलाई, **अपि** = पनि, **भज** = सेवा गर, **वै** = निश्चय नै, **तः** = किनकि,(**त्वं**) रत्नभूता = रत्नस्वरूप, **असि** = छौ ॥

**भावार्थ–**

हे चञ्चलनयने ! स्त्रीहरूमध्ये रत्न भएकी तिमी म अथवा महापराक्रमी मेरो भाई निशुम्भको सेवामा उपस्थित होऊ ॥

**परमैश्वर्यमतुलं प्राप्स्यसे मत्परिग्रहात् ।**
**एतद् बुद्ध्या समालोच्य मत्परिग्रहतां व्रज ॥११४॥**

**पदार्थ–**

**मत्परिग्रहात्** = मेरो वरण गर्नाले, **अतुलं** = तुलना गर्न नसकिने, **परमैश्वर्यं** = महान् ऐश्वर्य, **प्राप्स्यसे** = प्राप्त गर्दछौ । **एतद्** = यो कुरा, **बुद्ध्या** =आफ्नो बुद्धिले, **समालोच्य** = विचार गरेर, **मत्परिग्रहतां** = मेरो पत्नी, **व्रज** = बन ॥

**भावार्थ–**

मसँग पाणिग्रहण गऱ्यौ भने तिमीले अतुलनीय सर्वश्रेष्ठ ऐश्वर्य पाउनेछौ, आफ्नो बुद्धिले यो सबै विचार गरी तिमी मेरी नै पत्नी बन ॥

*ऋषिरुवाच ॥११५॥ ऋषिले भन्नुभयो ॥*

**इत्युक्ता सा तदा देवी गम्भीरान्तःस्मिता जगौ ।**
**दुर्गा भगवती भद्रा ययेदं धार्यते जगत् ॥११६॥**

**पदार्थ–**

**इति** = यसप्रकार **उक्ता** = दूतले भनिसकेपछि, **यया** = जसद्वारा, **इदं** = यो, **जगत्** = संसार, **धार्यते** = धारण गरिन्छ, **सा** = ती, **भगवती** =ऐश्वर्यशालिनी, **भद्रा** = कल्याणमयी, **दुर्गा** = दुर्गा, **देवी** = भगवती, **तदा** = त्यस समय, **गम्भीरान्तःस्मिता** = गम्भीर भई मन मनले हाँसेर, **जगौ** = भन्नुभयो ॥

**भावार्थ–**

शुम्भको दूतले यसो भनेपछि सम्पूर्ण जगत्लाई धारण गर्ने परमकल्याणमयी ती भगवती दुर्गादेवीले मनमनै गम्भीर रूपले मुस्काई उसलाई यसो भन्नुभयो ॥

*देव्युवाच ॥११७॥ देवीले भन्नुभयो ॥*

**सत्यमुक्तं त्वया नात्र मिथ्या किञ्चित्त्वयोदितम् ।**
**त्रैलोक्याधिपतिः शुम्भो निशुम्भश्चापि तादृशः ॥११८॥**

**पदार्थ–**

**त्वया** = तिमीले, **अत्र** = यहाँ, **सत्यं** = सत्य, **उक्तं** = भन्यौ, **त्वया** = तिमीले, **किञ्चिद्** = केही, **मिथ्या** = झूठो, **न उदितम्** = भनेनौं । **शुम्भः** = शुम्भनामक दैत्य, **त्रैलोक्याधिपतिः** = तीनै लोकको स्वामी हो, **निशुम्भः च** = निशुम्भ, **अपि** = पनि, **तादृशः** = त्यस्तै पराक्रमी हो ॥

**भावार्थ–**

हे दूत ! तिमीले सत्य भन्यौ यसमा अलिकति पनि असत्यको आशङ्का छैन, अहिले तीनै लोकको स्वामी शुम्भ नै हुन् र निशुम्भ पनि त्यस्तै पराक्रमी छन् ॥

**किं त्वत्र यत्प्रतिज्ञातं मिथ्या तत्क्रियते कथम् ।**
**श्रूयतामल्पबुद्धित्वात्प्रतिज्ञा या कृता पुरा ॥११९॥**

**पदार्थ–**

**किं तु** = तर, **यत् प्रतिज्ञातं** = मैले जो प्रतिज्ञा गरें, **अत्र** = यहाँ, **तत्** = त्यो प्रतिज्ञा, **कथं** = कसरी, **मिथ्या** = झूठो, **क्रियते** = गरौं, **पुरा** = पहिले, **अल्पबुद्धित्वात्** = आफ्नो मन्दबुद्धिले गर्दा, **या** = जो, **प्रतिज्ञा** = वाचा, **कृता** = गरे, **श्रूयतां** = सुन ॥

**भावार्थ–**

परन्तु आफ्नो विवाहको विषयमा पहिल्यै मैले जुन प्रतिज्ञा गरें, त्यसलाई कसरी अन्यथा गरूँ । आफ्नो अल्पबुद्धिका कारण मैले जुन प्रतिज्ञा गरें, त्यो सुन ॥

**यो मां जयति सङ्ग्रामे यो मे दर्पं व्यपोहति ।**
**यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति ॥१२०॥**

**पदार्थ–**

**यः** = जो, **मां** = मलाई, **संग्रामे** = युद्धमा, **जयति** = जित्दछ, **यः** = जो, **मे** = मेरो, **दर्पं** = अभिमानलाई, **व्यपोहति** = चूर्ण गराउँदछ, **यः** = जो, **लोके** = संसारमा, **मे** = मेरो, **प्रतिबलः** = समान बलवान् छ, **सः** = त्यो, **मे** = मेरो, **भर्ता** = पति, **भविष्यति** = हुनेछ ॥

**भावार्थ–**

जसले मलाई युद्धमा जित्नेछ। जसले मेरो अभिमानलाई चूर्ण गर्नेछ र संसारभर जो मसमान बलवान् हुनेछ, त्यही नै मेरो पति बन्नेछ ॥

**तदागच्छतु शुम्भोऽत्र निशुम्भो वा महासुरः ।**
**मां जित्वा किं चिरेणात्र पाणिं गृह्णातु मे लघु ॥१२१॥**

**पदार्थ–**

**तदा** = त्यसकारण, **शुम्भः** = शुम्भ, **महासुरः** = महादैत्य, **निशुम्भः** = निशुम्भ, **वा** = अथवा, **आगच्छतु** = आऊन्, **मां** = मलाई, **लघु** = चाडैं नै, **जित्वा** = जितेर, **अत्र** = यहाँ, **मे** = मेरो, **पाणिं** = हात, **गृह्णातु** = ग्रहण गरोस्, **किं चिरेण** = यस कार्यमा विलम्ब किन ? ॥

**भावार्थ–**

त्यसैले शुम्भ अथवा महान् पराक्रमी असुर निशुम्भ आफैं यहाँ आऊन् र मलाई जिती शीघ्र नै मसँग विवाह गरून्। यसमा किन विलम्ब गर्ने ? ॥

**विवरण–**

माथिका श्लोकहरूमा भगवतीलाई ल्याउन शुम्भले सुग्रीव नामक दूतलाई पठाएको अनि सुग्रीव र भगवतीबीच वार्तालाप भएको प्रसङ्ग बताइएको छ। सुग्रीव शब्दले दूत कस्तो हुनुपर्दछ भन्ने पनि सूचित गरिएको छ। ***सुष्ठु ग्रीवा यस्य सः सुग्रीवः*** अर्थात् जसको घाँटी राम्रो छ। यसको तात्पर्य मीठो बोल्ने व्यक्ति भन्ने हुन्छ। दूतले नम्रतासँग आफ्नो स्वामीको मनोभाव अरुलाई बुझाउन सक्नुपर्दछ, अनि दूत स्वयं राजाको प्रतिनिधि हुने हुँदा उसले राजाको स्वाभिमानमा आँच आउने गरी झुक्नु हुँदैन। शत्रुपक्षको बल एवं नीतिलाई आकलन गर्न सक्ने र परि आउँदा आफ्नो बलको प्रदर्शन पनि गर्न सक्ने व्यक्ति नै योग्य दूत हुन्छ। आध्यात्मिक अर्थमा भने सुग्रीवको तात्पर्य सुन्दर शास्त्रवचनहरू भन्ने हुन्छ। शुम्भ अर्थात् अहङ्कारले शास्त्रज्ञानकै आधारमा भगवतीतत्त्वलाई बुझ्न खोज्दछ, यही नै सुग्रीव पठाई देवीलाई ल्याउन खोज्नु हो। तर शास्त्रहरूको ज्ञान केवल परोक्ष ज्ञान हो अनि यसद्वारा भगवतीको अपरोक्षसाक्षात्कार हुन सक्दैन।

सुग्रीवको माध्यमले शुम्भले आफ्नो पराक्रम बताउनुको तात्पर्यचाहिँ के हो भने सारा दैवी शक्तिहरू अब मेरै अधीनमा छन् । ब्रह्मा समष्टि बुद्धिका अभिमानी हुन्, यमराज मृत्युका अभिमानी अनि इन्द्र आदि देवताहरू इन्द्रियहरूका अभिमानी हुन् । शुम्भ चिद्रूपा भगवतीलाई भन्दछ–हजुर पनि त मेरै आत्मा हुनुहुन्छ, त्यसैले यिनीहरू मेरो नियन्त्रणमा भएजस्तै हजुर पनि मैसँग आउनुहोस् । जीवले साधनावस्थामा म चिद्रूप आत्मा हुँ भनी चिन्तन गर्नु आत्मालाई अहङ्कारको घेरामा ल्याउन खोज्नु त हो । जीवहरू **अस्मान् उपागच्छ** अर्थात् म कहाँ आऊ भनी सर्वव्यापक आत्मतत्त्वको आह्वान गर्दछन्, तर उनीहरूको त्यो म भन्ने सीमित आत्मबोध समाप्त नभई सर्वव्यापक आत्माको प्रकाश कसरी हुनसक्छ र ? जीवले अहङ्कारको परिधिमा आत्मालाई तान्न खोज्नु या चिन्तन गरिरहनु साधनावस्था हो भने सर्वव्यापक आत्माको अनन्त परिधिमा अहङ्कारको विलय हुनु या आत्माले सीमित अहङ्कारलाई नष्ट गरी आफ्नो अनन्त स्वरूपमा आत्मप्रकाश गर्नु सिद्धावस्था हो । यहाँ शुम्भले अभिमानको परिधिमा आत्मालाई सीमित पार्न खोजेको छ, जो कसैगरी सम्भव छैन ।

यहाँ सुग्रीवले गरेको आग्रहलाई देवीले घुमाउरो पारामा उत्तर दिनुभएको छ । उसले भगवतीलाई शुम्भ-निशुम्भको पत्नी बन्न आग्रह गरेको छ तर भगवतीले चाहिँ आफूले बालककालमै एउटा प्रतिज्ञा गरेको भनी एउटा किस्सा सुनाउनुभयो । जसले सङ्ग्राममा मलाई जित्दछ, म समानको त्यो वीरले नै मलाई पाउन सक्छ भन्ने भगवतीको प्रतिज्ञा रहेछ । वास्तवमा भगवतीले ती दानवहरूलाई सीधै युद्धको धम्की दिएको भए पनि हुन्थ्यो तर उहाँले दानवहरूलाई कल्पित कहानीले अलमल्याउनुभएको देखिन्छ । उहाँले आफूलाई **अल्पबुद्धि** अर्थात् कम बुद्धि भएकी भन्नुभएको छ, तर यो वचन दैत्यहरूलाई मूर्ख बनाउनको लागि हो, भगवतीको यो भनाइलाई भक्तहरू प्रामाणिक मान्न सक्दैनन् । यहाँ के पनि शङ्का भइरहन्छ भने भगवतीले दैत्यहरूलाई उल्लू बनाउकै लागि भए पनि किन बनावटी कुरा गर्नुभयो ? यसको खोजीमा पनि भक्तहरूले यसको आध्यात्मिक अर्थ निकालेका छन् । **यो मां जयति सङ्ग्रामे** पदको आध्यात्मिक अर्थ हुन्छ- जसले प्रतिदिनको

इन्द्रिय सङ्ग्राममा मलाई जित्छ या ग्रहण गर्दछ । वेदान्तले संसारका हरेक पदार्थहरूमा सत्, चित् र आनन्दरूपले परमात्मतत्त्व बसेको भन्दछ । घैंटो छ, घर देखिन्छ, स्याउ मीठो छ आदि भन्दा ती-ती पदार्थमा सत्ता, चित्ता अनि आनन्दको जुन स्फुरण हुन्छ, त्यो भगवतीकै स्फुरण हो । सामान्य व्यक्तिहरू पदार्थलाई केवल त्यही रूपमा मात्र ग्रहण गर्दछन्, तर विशेष महापुरुषहरू चाहिँ सम्पूर्ण पदार्थहरूको ग्रहण गरिरहँदा पनि त्यहाँ अनुस्यूत आत्मसत्ताको नै बोध गर्दछन् । **इन्द्रियसङ्ग्राम** अर्थात् इन्द्रियहरूको विषयदेशमा जान हुने लुछाचुँडीमा भगवतीलाई जित्नु भनेको यही हो । सबै प्राणीहरूभित्र अहङ्कार को रूपमा आत्मालाई ढाक्ने भगवतीकै शक्ति रहिरहेको छ । **मे दर्पम्** अर्थात् मेरै रूप त्यो अभिमानलाई जसले जितेको छ त्यो व्यक्तिले मात्र मलाई पाउँछ भन्ने भगवतीको दोस्रो प्रतिज्ञा छ । तेस्रो प्रतिज्ञाचाहिँ जो मैसमान बलियो छ भन्ने हो । भगवती समान हुनुको मतलब जसले आफूलाई पनि परमात्मा जस्तै सत्, चित् आनन्दमय आत्मा भन्न बुझेको छ भन्ने हो । यसरी विशिष्ट अधिकारीले मात्र मलाई पाउँछन्, जोसुकैले होइन भन्ने साधनात्मक रहस्य यहाँ भगवतीबाट प्रकट भएको छ ।

*दूत उवाच ॥१२२॥ दूतले भन्यो ॥*

**अवलिप्तासि मैवं त्वं देवि ब्रूहि ममाग्रतः ।**
**त्रैलोक्ये कः पुमांस्तिष्ठेदग्रे शुम्भनिशुम्भयोः ॥१२३॥**

**पदार्थ–**

**देवि** = हे भगवती, **त्वं** = तिमी, **अविलिप्ता** = घमण्डी, **असि** = छौ, **एवं** = यस्तो कुरा, **मम** = मेरो, **अग्रतः** = अगाडि, **मा ब्रूहि** = नबोल, **त्रैलोक्ये** = तीनै लोकमा, **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भको, **अग्रे** = अगाडि, **कः** = को, **पुमान्** = पुरुष, **तिष्ठेत्** = बस्न सक्छ र ? ॥

**भावार्थ–**

हे देवी ! मेरो अघि तिमीले यस्तो कुरा नगर । तिमीघमण्डवाली छौ । शुम्भ र निशुम्भको अगाडि संसारमा टिक्नसक्ने अरु को पुरुष हुनसक्छ ? ॥

**अन्येषामपि दैत्यानां सर्वे देवा न वै युधि ।**
**तिष्ठन्ति सम्मुखे देवि किं पुनः स्त्री त्वमेकिका ॥१२४॥**

**पदार्थ–**

**देवि** = हे भगवती ! **अन्येषां** = अरु, **अपि** = पनि, **दैत्यानां** = दैत्यहरूको, **सम्मुखे** = अगाडि, **सर्वे** = सम्पूर्ण, **देवाः** = देवताहरू, **वै** = निश्चय नै, **न तिष्ठन्ति** = बस्न सक्दैनन्, **पुनः** = फेरि, **त्वं** = तिमी, **एकिका** = एक्ली, **स्त्री** = नारी, **किं** = कसरी बस्न सक्छौ र ? ॥

**भावार्थ–**

अन्य दैत्यहरूको सामुन्ने पनि सम्पूर्ण देवताहरू समेत युद्धमा टिक्न सक्दैनन् भने एक्ली स्त्री उनीहरूको अघि कसरी खडा हुन सक्छ्यौ ? ॥

**इन्द्राद्याः सकला देवास्तस्थुर्येषां न संयुगे ।**
**शुम्भादीनां कथं तेषां स्त्री प्रयास्यसि सम्मुखम् ॥१२५॥**

**पदार्थ–**

**येषां** = जोसँगको, **संयुगे** = युद्धमा, **इन्द्राद्याः** = इन्द्र आदि गरेका, **सकलाः** = सम्पूर्ण, **देवाः** = देवताहरू, **न तस्थुः** = टिक्न सकेनन्, **तेषां** = तिनीहरूको, **शुम्भादीनाम्** = शुम्भादि दैत्यहरूको, **सम्मुखे** = अगाडि, **स्त्री** = एक्ली नारी, **कथं** = कसरी, **प्रयास्यसि** = युद्धमा जान सक्छौ ? ॥

**भावार्थ–**

युद्धको समयमा शुम्भ आदि दैत्यहरूको अघि देवराज इन्द्र आदि सम्पूर्ण देवगणहरू पनि अडिन सकेनन् भने तिमी एक्ली स्त्री उनीहरूका अघि कसरी पुग्न सक्छ्यौ ? ॥

**सा त्वं गच्छ मयैवोक्ता पार्श्वं शुम्भनिशुम्भयोः ।**
**केशाकर्षणनिर्धूतगौरवा मा गमिष्यसि ॥१२६॥**

**पदार्थ–**

**सा** = त्यस्ती तिमी, **मया** = मैले, **उक्ता** = भनेअनुसार, **त्वं** = तिमी, **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भ, **पार्श्वं** = नजिकै, **गच्छ** = जाऊ, **केशाकर्षणनिर्धूतगौरवा** = कपालमा समातेर घँचेटिनेवाली, **मा गमिष्यसि** = नहोऊ ॥

**भावार्थ–**

त्यसैले तिमी मेरो भनाइ मान र शुम्भ, निशुम्भको नजिक गइहाल ।

नत्र महादैत्यहरूले चुल्ठो समाती घिसारेर लैजाँदा तिम्रो प्रतिष्ठा नष्ट हुनेछ ॥

*देव्युवाच ॥१२७॥ देवीले भन्नुभयो ॥*

**एवमेतद् बली शुम्भो निशुम्भश्चातिवीर्यवान् ।**
**किं करोमि प्रतिज्ञा मे यदनालोचिता पुरा ॥१२८॥**

**पदार्थ–**

**एवं** = अवश्य नै, **एतद्** = तिम्रो भनाइ, **शुम्भः** = शुम्भ, **बली** = बलवान् छ, **निशुम्भः च** = निशुम्भ पनि, **अतिवीर्यवान्** = अत्यन्त पराक्रमी छ, (**परन्तु**) **किं** = के, **करोमि** = गर्नसक्छु र ? **पुरा** = पहिला गरेको, **मे** = मेरो, **प्रतिज्ञा** = वाचा, **अनालोचिता** = सोच विचार विहीन थियो ॥

**भावार्थ–**

तिमी,ले भनेको यथार्थ हो शुम्भ अत्यन्त बलवान् एवं निशुम्भ पनि अत्यन्त पराक्रमी छन् तर पहिले नै मैले विचार नगरी प्रतिज्ञा गरें भने अब म के गरूँ ॥

**स त्वं गच्छ मयोक्तं ते यदेतत्सर्वमादृतः ।**
**तदाचक्ष्वासुरेन्द्राय स च युक्तं करोतु तत् ॥ॐ॥१२९॥**

**पदार्थ–**

**सः** = त्यो, **त्वं** = तिमी, **गच्छ** = जाऊ, **मया** = मैले, **ते** = तिमीलाई, **यद्** = जो, **उक्तम्** = भने, **तद्** = त्यो, **सर्व** = सबै, **आदृतः** = आदरपूर्वक, **असुरेन्द्राय** = शुम्भलाई, **आचक्ष्व** = भन, **सः च** = उसलाई, **युक्तं** = जे कुरा उचित लाग्दछ, **तत्** = त्यो, **करोतु** = गर ॥

**भावार्थ–**

त्यसैले अब तिमी जाऊ र मैले तिमीलाई बताएका यी सबै कुरा आदर पूर्वक असुरराजलाई बताऊ। उनले त्यसपछि जे उचित सम्झन्छन् त्यही गरून् ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये देव्या दूतसंवादो नाम पञ्चमोऽध्यायः ॥५॥

उवाच ९, त्रिपान्मन्त्राः ६६, श्लोकाः ५४, एवम् १२९, एवमादितः ३८८॥

# अथ षष्ठोऽध्यायः

## धुम्रलोचन वध

*ध्यानम्*

ॐ नागाधीश्वरविष्टरां फणिफणोत्तंसोरुत्नावली-
भास्वद्देहलतां दिवाकरनिभां नेत्रत्रयोद्भासिताम् ।
मालाकुम्भकपालनीरजकरां चन्द्रार्धचूडां परां
सर्वज्ञेश्वरभैरवाङ्कनिलयां पद्मावतीं चिन्तये ॥

**पदार्थ-**

**नागाधीश्वरविष्टराम्** = नागराजको आसनमाथि बस्नुभएकी, **फणिफणोत्तंसोरुरत्नावलीभास्वद्देहलताम्** = नागमणिहरूको विशाल मालाले देहलता उज्ज्वल हुनुभएकी, **दिवाकरनिभां** = सूर्यसमान तेजस्विनी, **नेत्रत्रयोद्भासिताम्** = मुहारमा तीन नेत्र सुशोभित हुनुभएकी, **मालाकुम्भकपालनीरजकरां** = माला, पूर्णकुम्भ, खप्पर र कमल हातमा धारण गर्नुहुने, **चन्द्रार्धचूडां** = मस्तकमा अर्धचन्द्र धारण गर्नुहुने, **सर्वज्ञेश्वरभैरवाङ्कनिलयां** = सर्वज्ञेश्वर भैरवको काखमाथि बस्नुभएकी, **पराम्** = परमेश्वरी, **पद्मावतीम्** = पद्मावतीलाई, **चिन्तये** = चिन्तन गर्दछु ॥

**भावार्थ-**

सर्वज्ञेश्वर भैरवको काखमा निवास गर्ने र शिरमा अर्धचन्द्रको मुकुटले सुशोभित भएकी पद्मावती देवीको ध्यान गर्दछु । उहाँ नागराजको आसनमा बस्नुभएको छ र नागमणिहरूकै विशाल मालाले उहाँको देहलता उज्ज्वल भएको छ। तीन नेत्र हुनुभएकी उहाँको तेज सूर्यको समान छ। उहाँले आफ्ना हातहरूमा माला, पूर्ण कुम्भ, खप्पर र कमल धारण गर्नुभएको छ ॥

*ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**इत्याकर्ण्य वचो देव्याः स दूतोऽमर्षपूरितः ।**
**समाचष्ट समागम्य दैत्यराजाय विस्तरात् ॥२॥**

**पदार्थ-**

**इति** = यसप्रकार, **देव्याः** = भगवतीको, **वचः** = कथनलाई, **आकर्ण्य** =

सुनेर, **अमर्षपूरितः** = अत्यन्त क्रोधित भएको, **सः** = त्यो, **दूतः** = दूतले, **समागम्य** = गएर, **दैत्यराजाय** = दैत्यराजलाई, **विस्तरात्** = विस्तारपूर्वक, **समाचष्ट** = भन्यो ॥

**भावार्थ–**

देवीको यस्तो वचन सुनेर त्यो दूत असाध्यै रिसायो र त्यहाँबाट फर्की उसले दैत्यराजलाई विस्तारपूर्वक सबै कुरा बतायो ॥

**तस्य दूतस्य तद्वाक्यमाकर्ण्यासुरराट् ततः ।**
**सक्रोधः प्राह दैत्यानामधिपं धूम्रलोचनम् ॥३॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **तस्य** = त्यो, **दूतस्य** = दूतको, **तत्** = त्यो, **वाक्यं** = वचन, **आकर्ण्य** = सुनेर, **असुरराट्** = दैत्यराजले, **सक्रोधः** = क्रोधले सहित भएर, **दैत्यानां** = दैत्यहरूको, **अधिपं** = सेनापति, **धूम्रलोचनं** = धूम्रलोचनलाई, **प्राह** = भन्यो ॥

**भावार्थ–**

दूतको यस्तो वचन सुनेर असुरराज शुम्भ अत्यन्त क्रोधित भयो र उसले दैत्यसेनापति धूम्रलोचनलाई बोलाई यसो भन्यो ॥

**हे धूम्रलोचनाशु त्वं स्वसैन्यपरिवारितः ।**
**तामानय बलाद् दुष्टां केशाकर्षणविह्वलाम् ॥४॥**
**तत्परित्राणदः कश्चिद्यदि वोत्तिष्ठतेऽपरः ।**
**स हन्तव्योऽमरो वापि यक्षो गन्धर्व एव वा ॥५॥**

**पदार्थ–**

**हे धूम्रलोचन** = हे धूम्रलोचन ! **त्वं** = हजुर, **स्वसैन्यपरिवारितः** = आफ्नो सेनाले घेरिएर, **केषाकर्षणविह्वलाम्** = चूल्ठोमा तानेर व्याघ्र बनाउँदै, **तां** = ती, **दुष्टां** = दुष्टालाई, **बलात्** = बलपूर्वक, **आशु** = छिटै, **आनय** = लिएर आऊ । **तत्परित्राणदः** = उसको रक्षाको लागि, **यदि** = यदि, **कश्चित्** = कोही, **अपरः** = अन्य, **उत्तिष्ठते** = तयार हुन्छ भने, **सः** = त्यो, **अमरः वा** =देवता, **यक्षः वा** = यक्ष, **गन्धर्व एव वा** = गन्धर्व नै, **अपि** = भए तापनि, **हन्तव्यः** = मारिदिनू ॥

**भावार्थ-**

हे धूम्रलोचन तिमी शीघ्र नै आफ्नो विशाल सैन्यको साथमा गई त्यस दुष्टा स्त्रीलाई चुल्ठोमा समाती घिसार्दै बलजफ्ती यहाँ लिएर आऊ । यदि उसको रक्षा गर्न कुनै अर्को व्यक्ति खडा भयो भने, त्यो देवता, यक्ष अथवा गन्धर्व नै किन नहोस्, त्यसलाई त्यहीं मारिदिनू ॥

*ऋषिरुवाच ॥६॥ ऋषिले भन्नुभयो ॥*

**तेनाज्ञप्तस्ततः शीघ्रं स दैत्यो धूम्रलोचनः ।**
**वृतः षष्ट्या सहस्राणामसुराणां द्रुतं ययौ ॥७॥**

**पदार्थ-**

**ततः** = त्यसपछि, **शीघ्रम्** = चाडैं, **तेन** = निशुम्भले, **आज्ञप्तः** = आज्ञा दिएको, **सः** = त्यो, **दैत्यः** = राक्षस, **धूम्रलोचनः** = धूम्रलोचन, **असुराणां** = दानवहरूको, **सहस्राणां षष्ट्या** = साठीहजार सेनाले, **वृतः** = घेरिएर, **द्रुतम्** = चाँडै, **ययौ** = गयो ॥

**भावार्थ-**

शुम्भबाट यस्तो आज्ञा पाएको त्यो धूम्रलोचन नामको दैत्य तत्काल नै साठीहजार असुरहरूको सेनालाई साथमा लिई त्यहाँबाट हिँड्यो ॥

**स दृष्ट्वा तां ततो देवीं तुहिनाचलसंस्थिताम् ।**
**जगादोच्चैः प्रयाहीति मूलं शुम्भनिशुम्भयोः ॥८॥**
**न चेत्प्रीत्याद्य भवती मद्भर्तारमुपैष्यति ।**
**ततो बलान्नयाम्येष केशाकर्षणविह्वलाम् ॥९॥**

**पदार्थ-**

**ततः** = त्यसपछि, **सः** = उसले, **तुहिनाचलसंस्थिताम्** = हिमालयमा रहेकी, **तां** = तिमी, **देवीं** = देवीलाई, **दृष्ट्वा** = देखेर, **उच्चैः** = उच्चस्वरले, **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भको, **मूलं** = नजिकै, **प्रयाहि इति** = हिँड् भनी, **जगाद** = भन्नुभयो । **अद्य** = आज, **प्रीत्या** = प्रेमपूर्वक, **मद्भर्तारं** = मेरो स्वामीको, **भवती** = तिमी, **उपैष्यति** = नजिकै हिँड, **न चेत्** = जादैनौं भने, **ततः** = त्यसपछि, **एषः** = यो मैले, **बलात्** = बलपूर्वक, **केशाकर्षणविह्वलाम्** = चूल्ठो समातेर घिसार्दै, **नयामि** = लैजान्छु ॥

**भावार्थ–**

हिमालय प्रदेशमा पुगेपछि उसले हिमशिखरमाथि रहनुभएकी ती देवीलाई देख्यो र ठूलो स्वरले हपार्दै भन्यो- हे देवी ! छिट्टै शुम्भ-निशुम्भको नजिक हिँडिहाल, यदि तिमी अहिले प्रसन्नतापूर्वक मेरा स्वामी भएको ठाउँमा जाँदैनौ भने मैले नै तिमीलाई चूल्ठो समाती घिसार्दै बलपूर्वक लिएर जानेछु ॥

*देव्युवाच ॥१०॥ देवीले भन्नुभयो ॥*

**दैत्येश्वरेण प्रहितो बलवान् बलसंवृतः ।**
**बलान्नयसि मामेवं ततः किं ते करोम्यहम् ॥११॥**

**पदार्थ–**

**दैत्येश्वरेण** = दैत्यराजले, **प्रहितः** = पठाएको, **बलवान्** = बलशाली, **बलसंवृतः** = विशाल सेनाले घेरिएको, **एवं** = यस्ती, **मां** = मलाई, **बलाद्** = बलपूर्वक, **नयसि** = लैजान्छौ भने, **ततः** = त्यसपछि, **अहं** = म, **ते** = तिम्रो, **किं करोमि** = के गर्न सक्छु र ? ॥

**भावार्थ–**

दैत्यराजद्वारा पठाइएका अत्यन्त बलवान् र सैन्यबलले सम्पन्न तिमी मलाई त्यसैगरी बलजफ्ती लिएर जान्छौ भने त म के गर्न सक्छु र ? ॥

*ऋषिरुवाच ॥१२॥ ऋषिले भन्नुभयो ॥*

**इत्युक्तः सोऽभ्यधावत्तामसुरो धूम्रलोचनः ।**
**हुङ्कारेणैव तं भस्म सा चकाराम्बिका ततः ॥१३॥**

**पदार्थ–**

**इति** = यसप्रकार, **उक्तः** = भनिएको, **सः** = त्यो, **धूम्रलोचनः** = धूम्रलोचन नामक, **असुरः** = दैत्य, **ताम्** = देवी भएतिर, **अभ्यधावत्** = दौडियो, **ततः** = त्यसपछि, **सा** = ती, **अम्बिका** = भगवती देवीले, **हुङ्कारेण एव** = हुङ्कारमात्रले, **तं** = त्यो धूम्रलोचनलाई, **भस्म** = भस्म, **चकार** = पारिदिनुभयो ॥

**भावार्थ–**

देवीले यसो भनेपछि त्यो धूम्रलोचन नामक दैत्यले उहाँलाई झम्टियो तर अम्बिका देवीले आफ्नो हुङ्कारद्वारा नै उसलाई त्यहीँ भस्म गराइदिनुभयो ॥

**विवरण–**

यहाँ भगवतीद्वारा धूम्रलोचनको वध भएको छ। धूम्रलोचन शब्दको अर्थ हुन्छ-धुँवाले भरिएको आँखा। यसले आध्यात्मिक अर्थमा विपर्यय ज्ञान अर्थात् भ्रमज्ञानलाई बुझाउँछ। अन्धकार आदि आवरणका कारणले दृष्टि दोषयुक्त भई डोरीमा सर्प देख्नु आदिलाई नै भ्रम भनिन्छ। वस्तुको यथार्थ स्वरूपलाई देख्ने बित्तिकै यो भ्रम नष्ट भइहाल्दछ। जस्तै यथार्थ रूपमा डोरीको ज्ञान गर्नेबित्तिकै त्यहाँ भ्रमद्वारा कल्पित सर्प हटिहाल्छ। यहाँ पनि ज्ञानस्वरूपिणी भगवतीको अघि जाने बित्तिकै यो धूम्रलोचन तत्काल भगवतीको तेजले भस्म भएको छ। यसको आध्यात्मिक तात्पर्य भ्रमज्ञानको नाश नै भएको बुझिन्छ।

**अथ क्रुद्धं महासैन्यमसुराणां तथाम्बिका ।**
**ववर्ष सायकैस्तीक्ष्णैस्तथा शक्तिपरश्वधैः ॥१४॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **क्रुद्धं** = रिसाएका, **असुराणां** = दैत्यहरूको, **तथा** = यसप्रकारको, **महासैन्यं** = महासैन्यलाई, **अम्बिका** = भगवती अम्बिकाले, **तीक्ष्णैः** = तीखा, **सायकैः** = सायकहरूद्वारा, **तथा** = त्यस्तै, **शक्तिपरश्वधैः** = शक्ति एवं बञ्चरोद्वारा, **ववर्ष** = प्रहार गर्नुभयो ॥

**भावार्थ–**

त्यसपछि अत्यन्त क्रुद्ध भएको सम्पूर्ण असुरहरूको सैन्यबलमाथि भगवती अम्बिकाले तीखा बाण, शक्ति र बञ्चरो आदि हतियारहरूको वर्षा गर्न थाल्नुभयो ॥

**ततो धुतसटः कोपात्कृत्वा नादं सुभैरवम् ।**
**पपातासुरसेनायां सिंहो देव्याः स्ववाहनः ॥१५॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **देव्याः** = देवीको, **स्ववाहनः** = आफ्नो वाहन, **सिंहः** = सिंह, **कोपात्** = रिसले, **सुभैरवम्** = अत्यन्त भयङ्कर, **नादं** = ध्वनि, **कृत्वा** = गर्दै, **धुतसटः** = गर्दनका रौं हल्लाउँदै, **असुरसेनायां** = दैत्यसेनामा, **पपात** = झम्टियो ॥

**भावार्थ–**

यही समयमा आफ्नो गर्धनको रौं (जगर) हल्लाउँदै क्रोधपूर्वक अत्यन्त भयानक सिंहनाद गर्दै देवीको वाहन त्यो सिंह पनि असुरसेनामा जाइलाग्यो ॥

**कांश्चित् करप्रहारेण दैत्यानास्येन चापरान् ।**
**आक्रम्य चाधरेणान्यान् स जघान महासुरान् ॥१६॥**

**पदार्थ–**

**सः** = त्यो सिंहले, **कांश्चित्** = कसैलाई, **करप्रहारेण** = पञ्जाको प्रहारले, **अपरान्** = अरु, **दैत्यान् च** = दैत्यहरूलाई, **आस्येन** = मुखले, **अन्यान्** = अरु केही, **महासुरान् च** = महादैत्यहरूलाई, **अधरेण** = ओठले, **आक्रम्य** = आक्रमण गरेर, **जघान** = मारिदियो ॥

**भावार्थ–**

उसले कयौं दैत्यलाई पञ्जाको प्रहारले, धेरैलाई मुखको टोकाइले र अन्य कतिपय महादैत्यहरूलाई अगाडिका दाह्राले घायल गरी मारिदियो ॥

**केषाँञ्चित्पाटयामास नखैः कोष्ठानि केसरी ।**
**तथा तलप्रहारेण शिरांसि कृतवान् पृथक् ॥१७॥**

**पदार्थ–**

**केसरी** = सिंहले, **नखैः** = आफ्ना नङ्गले, **केषाञ्चित्** = कसैको, **कोष्ठानि** = पेट, **पाटयामास** = च्यातिदियो, **तथा** = त्यस्तै, **तलप्रहारेण** = पञ्जाको प्रहारले, **शिरांसि** = टाउकाहरू, **पृथक् कृतवान्** = छुट्टाइदियो ॥

**भावार्थ–**

त्यो सिंहले नङ्ग्राको प्रहारले धेरै दैत्यहरूको आन्द्रा, भुँडी फुटाइदियो, त्यसैगरी थप्पड मारेर कैयौंको शिरलाई धडबाट छुट्याइदियो ॥

**विच्छिन्नबाहुशिरसः कृतास्तेन तथापरे ।**
**पपौ च रुधिरं कोष्ठादन्येषां धुतकेसरः ॥१८॥**

**पदार्थ–**

**तथा** = त्यस्तै, **तेन** = सिंहद्वारा, **अपरे** = अरुको, **विच्छिन्नबाहुशिरसः** = हात एवं शिरहरू छिन्नभिन्न, **कृताः** = गरिए । **धुतकेसरः** = आफ्नो

गर्दनको रौं हल्लाएको सिंहले, **अन्येषां च** = अरु दैत्यहरूको, **कोष्ठाद्** = पेट च्यातेर, **रुधिरं** = रगत, **पपौ** = चुस्यो ॥

**भावार्थ–**

उसले अन्य कैयौं दैत्यहरूको हात एवं शिर छिनाइदियो भने गर्दनको रौं (जगर) हल्लाउँदै कतिपय दैत्यको पेट फुटाई तनातन रगत पियो ॥

**क्षणेन तद्बलं सर्वं क्षयं नीतं महात्मना ।**
**तेन केसरिणा देव्या वाहनेनातिकोपिना ॥१९॥**

**पदार्थ–**

**तेन** = त्यो, **अतिकोपिना** = अत्यन्त रिसाएको, **महात्मना** = महाबली, **देव्याः** = देवीको, **वाहनेन** = वाहन, **केसरिणा** = सिंहले, **तत्** = त्यो, **सर्वं** = सम्पूर्ण, **बलं** = सेनालाई, **क्षणेन** = क्षणभएमा नै, **क्षयं** = नष्ट, **नीतम्** = गरिदियो ॥

**भावार्थ–**

अत्यन्त रिसाएको देवीको वाहन त्यो महापराक्रमी सिंहले सम्पूर्ण असुरहरूको सेनालाई एकैछिनमा विनष्ट गरिदियो ॥

**श्रुत्वा तमसुरं देव्या निहतं धूम्रलोचनम् ।**
**बलं च क्षयितं कृत्स्नं देवीकेसरिणा ततः ॥२०॥**
**चुकोप दैत्याधिपतिः शुम्भः प्रस्फुरिताधरः ।**
**आज्ञापयामास च तौ चण्डमुण्डौ महासुरौ ॥२१॥**

**पदार्थ–**

**तं** = त्यो, **असुरं** = दैत्य, **धूम्रलोचनम्** = धूम्रलोचन नामक दैत्य, **देव्या** = भगवती देवीबाट, **निहतं** = मारिएको, **च** = फेरि, **देवीकेसरिणा** = देवीको वाहनं सिंहले, **कृत्स्नं** = सम्पूर्ण, **बलं** = सेनाहरू, **क्षयितं** = नाश गरेको **श्रुत्वा** = सुनेर, **ततः** = त्यसपछि, **दैत्याधिपतिः** = दैत्यराज, **शुम्भः** = शुम्भनामक दैत्य, **प्रस्फुरिताधरः** = ओठ कपाउँदै, **चुकोप** = रिसायो, **महासुरौ** = महादैत्यहरू, **चण्डमुण्डौ च** = चण्ड र मुण्डलाई, **आज्ञापयामास** = आज्ञा दियो ॥

**भावार्थ–**

धूम्रलोचन नामको असुरलाई देवीले मारिदिएको र देवीको वाहन

सिंहले अवशिष्ट सम्पूर्ण सैन्यबललाई नष्ट गरिदिएको सुनेपछि दैत्यराज शुम्भ असाध्यै रिसायो र ओठ फरफराउँदै उसले महापराक्रमी चण्ड र मुण्ड नामका दुई असुरलाई यस्तो आज्ञा दियो ॥

**हे चण्ड हे मुण्ड बलैर्बहुभिः परिवारितौ ।**
**तत्र गच्छत गत्वा च सा समानीयतां लघु ॥२२॥**
**केशेष्वाकृष्य बद्ध्वा वा यदि वः संशयो युधि ।**
**तदाशेषायुधैः सर्वैरसुरैर्विनिहन्यताम् ॥२३॥**

**पदार्थ–**

**हे चण्ड** = हे चण्ड, **हे मुण्ड** = हे मुण्ड, **बहुभिः** = धेरै, **बलैः** = सैन्यहरूले, **परिवारितौ** = युक्त भएर, **तत्र** = त्यहाँ हिमालयमा, **गच्छत** = जाओ, **गत्वा च** = गएर चाहिँ, **केशेषु** = चूल्ठोमा, **आकृष्य** = भुत्ल्याएर, **बद्ध्वा** = बाँधेर, **वा** = अथवा, **सा** = उनलाई, **लघु** = छिटो, **समानीयतां** = ल्याओ, **यदि** = यदि, **वः** = तिमीहरूलाई, **संशयः** = संशय भयो भने, **तदा** = त्यसै समय, **युधि** = युद्धमा, **सर्वैः** = सम्पूर्ण, **असुरैः** = दैत्यहरूद्वारा, **अशेषायुधैः** = सबै अस्त्र प्रयोग गरेर, **विनिहन्यताम्** = मारिदेओ ॥

**भावार्थ–**

हे चण्ड-मुण्ड ! तिमीहरू दुवै ठूलो सैन्यबललाई साथ लिई त्यहाँ जाओ र यथाशीघ्र चुल्ठो समाती घिसारेर अथवा पाशले बाँधेर भए पनि त्यस स्त्रीलाई यहाँ ल्याइपुऱ्याओ । यदि उसलाई यत्तिकै ल्याउन नसकिने जस्तो शङ्का लाग्यो भने आफ्ना सम्पूर्ण अस्त्र-शस्त्र तथा पूर्ण सैन्यबलको प्रयोग गरी त्यसलाई मारिदेओ ॥

**तस्यां हतायां दुष्टायां सिंहे च विनिपातिते ।**
**शीघ्रमागम्यतां बद्ध्वा गृहीत्वा तामथाम्बिकाम् ॥२४॥ ॐ ॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **तस्यां** = ती, **दुष्टायां** = दुष्टा, **हतायां** = मारिइसकेपछि, **सिंहे च** = सिंह पनि, **विनिपातिते** = मारिइसकेपछि, **तां** = ती, **अम्बिकां** = अम्बिकादेवीलाई, **बद्ध्वा** = बाँधेर, **गृहीत्वा** = बोकेर, **शीघ्रं** = चाँडै, **आगम्यताम्** = आओ ॥

**भावार्थ-**

त्यस दुष्टालाई मारेपछि एवं सिंहको पनि प्राणान्त भएपछि त्यो अम्बिकालाई बाँधेर चाँडै नै फर्की आओ ॥

॥ इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शुम्भनिशुम्भसेनानीधूम्रलोचनवधो नाम षष्ठोऽध्यायः ॥६॥

उवाच ४, श्लोकाः २० , एवम् २४ ॥ एवमादितः ४१२॥

# सप्तमोऽध्यायः

## चण्डमुण्डवध

*ध्यानम्*

**ॐ ध्यायेयं रत्नपीठे शुककलपठितं शृण्वतीं श्यामलाङ्गीं**
**न्यस्तैकाङ्घ्रिं सरोजे शशिशकलधरां वल्लकीं वादयन्तीम् ।**
**कह्लाराबद्धमालां नियमितविलसच्चोलिकां रक्तवस्त्रां**
**मातङ्गीं शङ्खपात्रां मधुरमधुमदां चित्रकोद्भासिभालाम् ॥**

**पदार्थ-**

**रत्नपीठे** = रत्नमय सिंहासनमा, **शुककलपठितम्** = सुगाको मधुर शब्द, **शृण्वतीम्** = सुनिरहनुभएकी, **सरोजे** = कमलमाथि, **न्यस्तैकाङ्घ्रिम्** = एउटा चरण अड्याउनुभएकी, **शशिसकलधराम्** = मस्तकमा अर्धचन्द्र धारण गर्नुहुने, **नियमितविलसच्चोलिकाम्** = शरीरमा कसिएको चोलोले सुशोभित भएकी, **रक्तवस्त्राम्** = रातो वस्त्र धारण गर्नुहुने, **वल्लकीम्** = वीणा, **वादयन्तीम्** = बजाइरहनुभएकी, **कल्हाराबद्धमालाम्** = कल्हार फूलको माला धारण गर्नुभएकी, **शङ्खपात्राम्** = हातमा शङ्खपात्र लिई, **मधुरमधुमदाम्** = मधुर मधुपान गर्दै त्यसको मदले युक्त हुनुभएकी, **चित्रकोद्भासिभालाम्** = निधारमा सुन्दर टीका धारण गर्नुभएकी, **श्यामलाङ्गीम्** = कृष्णवर्णा, **मातङ्गीम्** = मातङ्गी देवीलाई, **ध्यायेयम्** = सधैं ध्यान गरिरहूँ ॥

**भावार्थ–**

रत्नमय सिंहासनमा बसी सुगाको मधुर शब्द सुनिरहनुभएकी श्यामवर्णा मातङ्गी भगवतीलाई ध्यान गर्दछु । उहाँले आफ्नो एउटा चरण कमलमाथि राख्नुभएको छ र काखमा वीणा राखी त्यसलाई बजाउँदै हुनुहुन्छ। कसिएको चोलो एवं रातो सारी पहिरिनुभएकी उहाँले कह्लारपुष्पको माला धारण गर्नुभएको छ र शिरमा अर्धचन्द्र सुशोभित छ । हातमा शङ्खपात्र लिनुभएकी उहाँको अनुहारमा मधुपानको अलिकति प्रभाव देखिएको छ र निधारमा टीका लगाउनुभएको छ ।

*ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**आज्ञप्तास्ते ततो दैत्याश्चण्डमुण्डपुरोगमाः ।**
**चतुरङ्गबलोपेता ययुरभ्युद्यतायुधाः ॥२॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **आज्ञप्ताः** = शुम्भको आज्ञा पाएका, **ते** = ती, **चतुरङ्गबलोपेताः** = चतुरङ्गिणी सेनाले युक्त भएका, **चण्डमुण्डपुरोगमाः** = चण्ड र मुण्डलाई अगाडि लगाएर, **अभ्युद्यतायुधाः** = शस्त्र-अस्त्रले सुसज्जित भएर, **दैत्याः** = दैत्यहरू, **ययुः** = हिडें ॥

**भावार्थ–**

शुम्भको आज्ञा पाएपछि चण्डमुण्ड आदि दैत्यहरू चतुरङ्गिणी सेनालाई साथमा लिई हातमा अनेक अस्त्र-शस्त्र उजाउँदै त्यहाँबाट हिँडे ॥

**ददृशुस्ते ततो देवीमीषद्धासां व्यवस्थिताम् ।**
**सिंहस्योपरि शैलेन्द्रशृङ्गे महति काञ्चने ॥३॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **ते** = उनीहरूले, **काञ्चने** = स्वर्णमय, **महति** = विशाल, **शैलेन्द्रशृङ्गे** = गिरिराज हिमालयको चुचुरोमा, **सिंहस्य** = सिंहको, **उपरि** = माथि, **ईषद्धासाम्** = मन्द मुस्कुराइरहेकी, **व्यवस्थिताम्** = सिंहमाथि बसेकी, **देवीं** = ती भगतीलाई, **ददृशुः** = देखे ॥

**भावार्थ–**

उनीहरूले गिरिराज हिमालयको सुनौलो उच्च शिखरमा सिंहमाथि

रहनुभएकी एवं मन्दमन्द मुस्कुराइरहनुभएकी देवीलाई देखे ॥

**ते दृष्ट्वा तां समादातुमुद्यमं चक्रुरुद्यताः ।**
**आकृष्टचापासिधरास्तथान्ये तत्समीपगाः ॥४॥**

**पदार्थ–**

**तां** = ती कौशिकीलाई, **दृष्ट्वा** = देखेर, **उद्यताः** = उत्साहित भएका, **ते** = ती दैत्यहरू, **तां समादातुं** = ती देवीलाई समात्न, **उद्यमं** = प्रयास, **चक्रुः** = गरे, **तथा** = त्यस्तै, **अन्ये** = अरु, **आकृष्टचापासिधराः** = धनु, बाण एवं तरबार लिएका दैत्यहरू, **तत्समीपगाः** = उनको नजिक गए ॥

**भावार्थ–**

उहाँलाई देख्नेवित्तिकै तिनीहरूले उहाँलाई पक्डिन खोजे । कसैले धनु र कसैले तरबार उजाए भने अन्य कतिपयचाहिँ देवीकै नजिक आई बसे ॥

**ततः कोपं चकारोच्चैरम्बिका तानरीन् प्रति ।**
**कोपेन चास्या वदनं मसीवर्णमभूत्तदा ॥५॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **अम्बिका** = भगवती देवीले, **तान्** = ती, **अरीन् प्रति** = शत्रुहरू प्रति, **उच्चैः** = अत्यन्त, **कोपं** = क्रोध, **चकार** = गर्नुभयो । **कोपेन** = रिसले, **तदा** = त्यो समयमा, **अस्याः** = भगवती देवीको, **वदनं च** = मुखमण्डल, **मसीवर्णम्** = अत्यन्त कालो, **अभूत्** = भयो ॥

**भावार्थ–**

त्यसपछि अम्बिकाले ती शत्रुहरूमाथि अत्यन्त क्रोध गर्नुभयो र रिसाउँदा उहाँको मुख पनि असाध्यै कालो वर्णको भयो ॥

**भ्रुकुटीकुटिलात्तस्या ललाटफलकाद्द्रुतम् ।**
**काली करालवदना विनिष्क्रान्तासिपाशिनी ॥६॥**

**पदार्थ–**

**तस्याः** = ती देवीको, **भ्रुकुटीकुटिलात्** = बाङ्गिएको भ्रूभङ्ग भएको, **ललाटफलकाद्** = निधारबाट, **असिपाशिनि** = तरबार एवं पाश लिएकी, **करालवदना** = अत्यन्त विकराल मुख भएकी, **काली** = भगवती काली, **द्रुतम्** = छिटो, **विनिष्क्रान्ता** = प्रकट भइन् ॥

**भावार्थ-**

उहाँको निधार टेडिएको आँखीभौंका कारण अलिकति बाङ्गियो र त्यसबीचबाट तत्काल नै विकराल मुख भएकी, तरबार एवं पाश धारण गर्ने काली प्रकट हुनुभयो ॥

**विचित्रखट्वाङ्गधरा नरमालाविभूषणा ।**
**द्वीपिचर्मपरीधाना शुष्कमांसातिभैरवा ॥७॥**
**अतिविस्तारवदना जिह्वाललनभीषणा ।**
**निमग्नारक्तनयना नादापूरितदिङ्मुखा ॥८॥**
**सा वेगेनाभिपतिता घातयन्ती महासुरान् ।**
**सैन्ये तत्र सुरारीणामभक्षयत तद्बलम् ॥९॥**

**पदार्थ-**

**विचित्रखट्वाङ्गधरा** = आश्चर्यलाग्दो खट्वाङ्ग धारण गर्नेवाली, **नरमालाविभूषणा** = मान्छेहरूको टाउकोलाई माला बनाएकी, **द्वीपिचर्मपराधीना** = बाघको छाला नै सारी भएकी, **शुष्कमांसा** = शरीरमा मासु न भएकी, **अतिभैरवा** = अत्यन्त भयङ्कररूपा, **अतिविस्तारवदना** = अत्यन्त विशाल मुखमण्डल भएकी, **जिह्वाललनभीषणा** = जिब्रो लपलपाउनाले भयङ्कर देखिएकी, **निमग्नारक्तनयना** = आखाँ राता-राता भएकी, **नादापूरितदिङ्मुखा** = आफ्ना भयानक गर्दनादले सम्पूर्ण दिशाहरूलाई गुञ्जायमान गराउदैं, **सा** = त्यस्ती कालीले, **असुराणां** = दैत्यहरूको, **तत्र** = त्यहाँ, **सैन्ये** = सेनामा, **वेगेन** = वेगले, **अभिपतिता** = झम्टिदैं, **महासुरान्** = महादैत्यहरूलाई, **घातयन्ती** = मार्दै, **तद्बलम्** = दैत्यसेनालाई, **अभक्षयत** = खान थाल्नुभयो ॥

**भावार्थ-**

उहाँले विचित्र खट्वाङ्ग धारण गर्नुभएको थियो । गलामा नरमुण्डको माला एवं शरीरमा हस्तिचर्मको परिधान थियो । शरीरको मासु सबै सुकेकी, अत्यन्त भयानक उहाँ जिब्रो लपलपाउनाले झन् भयानक देखिनुहुन्थ्यो र उहाँको मुख अत्यन्त विस्तारित थियो । भित्र धसिएका राता आँखा भएकी उहाँले आफ्नो भयानक गर्जनाद्वारा सम्पूर्ण दिशाहरूलाई

गुञ्जाइरहनुभएको थियो। अनेकौँ महादैत्यहरूको वध गर्दै तीकालिका देवी वेगपूर्वक असुरसेनामाथि झम्टिनुभयो र दैत्यहरूको त्यो सारा सैन्यबललाई भकाभक चपाउन थाल्नुभयो ॥

**पार्ष्णिग्राहाङ्कुशग्राहियोधघण्टासमन्वितान् ।**
**समादायैकहस्तेन मुखे चिक्षेप वारणान् ॥१०॥**

**पदार्थ–**

**पार्ष्णिग्राहाङ्कुशग्राहियोधघण्टासमन्वितान्** = पार्श्वरक्षक, अङ्कुशधारी माउते, योद्धा एवं घण्टाले युक्तले भएका, **वारणान्** = हात्तीहरूलाई, **एकहस्तेन** = एकै हातले, **समादाय** = लिएर, **मुखे** = मुखमा, **चिक्षेप** = हाल्न थालिन् ॥

**भावार्थ–**

उहाँले अनेकौँ हात्तीहरूलाई त्यसका पार्श्वरक्षक सैनिक, माउते, नजिकका योद्धा र घाँटीमा झुण्डिएको घण्टासहित मुखमा हाली एकै गाँस बनाउनुभयो ॥

**तथैव योधं तुरगै रथं सारथिना सह ।**
**निक्षिप्य वक्त्रे दशनैश्चर्वयन्त्यतिभैरवम् ॥११॥**

**पदार्थ–**

**तथा एव** = त्यसैगरी, **तुरगैः** = घोडाले, **सारथिना सह** = सारथिले सहित, **रथं** = रथ, **योधं** = सैनिकहरूलाई, **एव** = पनि, **वक्त्रे** = मुखमा, **निक्षिप्य** = हालेर, **दशनैः** = दाँतहरूले, **अतिभैरवम्** = अत्यन्त भयानक भई, **चर्वयन्ती** = चपाउँदै हुनुहुन्थ्यो ॥

**भावार्थ–**

त्यसैगरी घोडा, सारथी, रथ र रथी सैनिकहरूलाई मुखभित्र हाली अति भयानक रूपले चपाउन थाल्नुभयो ॥

**एकं जग्राह केशेषु ग्रीवायामथ चापरम् ।**
**पादेनाक्रम्य चैवान्यमुरसान्यमपोथयत् ॥१२॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **एकं** = एक राक्षसलाई, **केशेषु** = कपालमा, **जग्राह** = लिइन्, **अपरं च** = अर्कोलाई, **ग्रीवायां** = घाँटीमा समात्नुभयो, **पादेन** =

खुट्टाले, **आक्रम्य एव** = आक्रमण गरेर, **अन्यं** = अर्को राक्षसलाई, **उरसा** = छातीको प्रहारद्वारा, **अपोथयत्** = मार्नुभयो ॥

**भावार्थ–**

एकथरीलाई उहाँले कपालमा समात्नुभयो भने अरुलाई घाँटीमै समाती दबाइदिनुभयो । अन्य कतिपयलाई खुट्टाले कुल्चिई एवं कतिपयलाई छातीको धक्काले गिराई धराशायी बनाइदिनुभयो ॥

**तैर्मुक्तानि च शस्त्राणि महास्त्राणि तथासुरैः ।**
**मुखेन जग्राह रुषा दशनैर्मथितान्यपि ॥१३॥**

**पदार्थ–**

**तैः** = असुरहरूले, **मुक्तानि** = फ्याँकेका, **शस्त्राणि** = खड्गादि शस्त्रहरू, **तथा** = तथा, **महास्त्राणि च** = ब्रह्मास्त्रादिहरूलाई पनि , **मुखेन** = मुखले, **जग्राह** = लिनुभयो, **रुषा** = रिसाएर, **दशनैः** = दाँतहरूले, **मथितानि अपि** = चपाउन पनि थाल्नुभयो ॥

**भावार्थ–**

असुरहरूद्वारा प्रहार गरिएका अनेकौँ महान् शस्त्र-अस्त्रहरूलाई उहाँले क्रोधपूर्वक मुखभित्र हाली आफ्ना दाँतले चपाइदिनुभयो ॥

**बलिनां तद् बलं सर्वमसुराणां दुरात्मनाम् ।**
**ममर्दाभक्षयच्चान्यानन्यांश्चाताडयत्तथा ॥१४॥**

**पदार्थ–**

**बलिनां** = बलशाली, **दुरात्मनां** = दुष्ट, **असुराणां** = दैत्यहरूको, **सर्वम्** = सम्पूर्ण, **तत्** = त्यो, **बलं** = सेनालाई, **ममर्द** = मारिदिनुभयो, **अन्यान् च** = अरुलाई पनि, **अभक्षयत्** = खाइदिनुभयो, **तथा च** = त्यस्तै, **अन्यान्** = केहीलाई, **अताडयत्** = चुटेर लखेटुनुभयो ॥

**भावार्थ–**

दुरात्मा असुरहरूको त्यो सम्पूर्ण सैन्यबललाई उहाँले मच्याकमुरुक पार्नुभयो, चपाइदिनुभयो र भगाइदिनुभयो ॥

**असिना निहताः केचित्केचित्खट्वाङ्गताडिताः ।**
**जग्मुर्विनाशमसुरा दन्ताग्राभिहतास्तथा ॥१५॥**

**पदार्थ-**

**केचित्** = कोही असुरहरू, **असिना** = तरबारले, **निहताः** = मरे, **केचित्** = कति असुरहरू, **खट्वाङ्गेन** = खट्वाङ्गद्वारा, **ताडिताः** = चुटिए, **तथा** = त्यस्तै, **दन्तग्राभिहताः** = देवीको दाँतले चपाइएका, **असुराः** = दैत्यहरू, **विनाशं** = विनाश, **जग्मुः** = भए ॥

**भावार्थ-**

उहाँको तरबारको प्रहारद्वारा र खट्वाङ्गको चोटले धेरै विनष्ट भए भने अन्य कतिपय दैत्यहरूचाहिँ दाँतको चुच्चोले चपाइए ॥

**क्षणेन तद् बलं सर्वमसुराणां निपातितम् ।**
**दृष्ट्वा चण्डोऽभिदुद्राव तां कालीमतिभीषणाम् ॥१६॥**

**पदार्थ-**

**क्षणेन** = छोटो समयमा नै, **असुराणां** = दैत्यहरूको, **सर्वम्** = सम्पूर्ण, **तत्** = त्यो, **बलं** = सेना, **निपातितम्** = मरेका, **दृष्ट्वा** = देखेर, **तां** = ती, **अतिभीषणां** = अत्यन्त डरलाग्दी, **कालीम्** = भगवती भएतिर, **चण्डः** = चण्डनामक दैत्य, **अभिदुद्राव** = दौडियो ॥

**भावार्थ-**

यसप्रकार एकछिनमा नै असुहरूको त्यो सम्पूर्ण बल नष्ट भएको देखेर ती भयानक काली भएतिर चण्ड दैत्य जाइलाग्यो ॥

**शरवर्षैर्महाभीमैर्भीमाक्षीं तां महासुरः ।**
**छादयामास चक्रैश्च मुण्डः क्षिप्तैः सहस्रशः ॥१७॥**

**पदार्थ-**

**मुण्डः** = मुण्डनामक, **महासुरः** = महादैत्य, **महाभीमैः** = अत्यन्त डर लाग्दो, **शरवर्षैः** = बाणको वर्षा गरेर, **सहस्रशः** = सयौँ, **क्षिप्तैः** = फ्याँकिएका, **चक्रैः** = चक्रहरूले, **च** = पनि, **ताम्** = ती, **भीमाक्षीं** = डरलाग्दो आँखा भएकी, **देवीं** = देवीलाई, **छादयामास** = ढाकिदियो ॥

**भावार्थ-**

भयानक आँखा भएकी ती कालिकालाई त्यो महादैत्यले भीषण बाणवर्षाद्वारा र अनेकौँ चक्रहरूको प्रहारद्वारा पनि ढाकिदियो ॥

**तानि चक्राण्यनेकानि विशमानानि तन्मुखम् ।**
**बभुर्यथार्कबिम्बानि सुबहूनि घनोदरम् ॥१८॥**

**पदार्थ–**

**तन्मुखम्** = ती देवीको मुखमा, **विशमानानि** = पसिरहेका, **तानि** = ती, **अनेकानि** = अनेक, **चक्राणि** = चक्रहरू, **यथा** = जसरी, **सुबहूनि** = अत्यन्त धेरै, **अर्कबिम्बानि** = सूर्यका मण्डलहरू, **घनोदरम्** = मेघको भित्र पसेझैं, **बभुः** = शोभित भए ॥

**भावार्थ–**

उसद्वारा प्रहार गरिएका अनेकौं चक्रहरू कालीको मुखभित्र प्रवेश गर्दै त्यसैगरी सुशोभित भए, जसरी सूर्यमण्डल घना बादलभित्र प्रवेश गरिरहेको होस् ॥

**ततो जहासातिरुषा भीमं भैरवनादिनी ।**
**कालीकरालवक्त्रान्तर्दुर्दर्शदशनोज्ज्वला ॥१९॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **भैरवनादिनी** = अत्यन्त ठूलो आवाज निकाल्ने, **करालवक्त्रान्तदुर्दर्शदशनोज्वला** = अत्यन्त डरलाग्दो मुखभित्र कठिनतापूर्वक देखिने दाँतको कान्तिले अत्यन्त उज्वल भएकी, **काली** = कालिका देवी, **अतिरुषा** = अत्यन्त क्रोधको कारण, **भीमं** = भयानक रूपमा, **जहास** = हाँस्नुभयो ॥

**भावार्थ–**

उहाँका विकराल मुखभित्रका उज्ज्वल दाँतहरू कठिनताले मात्रै देख्न सकिन्थे, भयानक सिंहनाद गर्ने ती कालिका देवी क्रोधले भरिएर बेस्सरी अट्टहास गर्न थाल्नुभयो ॥

**उत्थाय च महासिं हं देवी चण्डमधावत ।**
**गृहीत्वा चास्य केशेषु शिरस्तेनासिनाच्छिनत् ॥२०॥**

**पदार्थ–**

**महासिं** = ठूलो तरबार, **उत्थाय च** = उठाएर, **हं** = हंशब्द उच्चारण गर्दै, **देवी** = भगवती काली, **चण्डं** = चण्डनामक असुरतिर, **अधावत** =

दौडिइन्, **केशेषु** = कपालमा, **गृहीत्वा** = समातेर, **असिना** = तरबारले, **अस्य** = यो चण्डको, **शिरः च** = टाउको, **अच्छिनत्** = काटिदिनुभयो ॥

**भावार्थ–**

देवीले भयानक तरबार उठाई हुङ्कार गर्दै चण्डलाई झम्टिनुभयो र उसको केशमा समाती त्यो तरबारद्वारा टाउकै छिनाइदिनुभयो ॥

**अथ मुण्डोऽभ्यधावत्तां दृष्ट्वा चण्डं निपातितम् ।**
**तमप्यपातयद्भूमौ सा खड्गाभिहतं रुषा ॥२१॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **मुण्डः** = मुण्डनामक दैत्य, **चण्डं** = चण्डलाई, **निपातितम्** = मारिएको, **दृष्ट्वा** = देखेर, **तां** = काली भए तिर, **अभ्यधावत्** = दौडियो, **सा** = ती भगवती कालीले, **रुषा** = क्रोधपूर्वक, **तम्** = मुण्डलाई, **अपि** = पनि, **खड्गाभिहतं** = खड्गप्रहारले घाइते बनाएर, **भूमौ** = पृथिवीमा, **अपातयत्** = पछारिदिनुभयो ॥

**भावार्थ–**

चण्ड मारिएको देखी मुण्ड पनि देवीतिर झम्टियो । उसलाई पनि उहाँले क्रोधपूर्वक आफ्नो खड्गको चोटले नै भुइँमा सुताइदिनुभयो ॥

**विवरण–**

यहाँ भगवती कालीद्वारा चण्ड र मुण्डको वध भएको छ । आध्यात्मिक अर्थमा यी चण्ड-मुण्ड आत्माभिमुख प्रवृत्ति अनि संसार निवृत्तिका प्रतीक हुन् भन्ने बताइसकियो । साधक जबसम्म परमात्मालाई पाउन या जान्न प्रवृत्ति गर्दछ, तबसम्म ऊ अज्ञानमा नै रहेको थाहा हुन्छ, किनकि उसले परमात्मालाई आफूभन्दा भिन्न मानिरहेको छ। अनि संसारबाट हट्ने त्यागको साधना पनि सबैतिर आत्मदर्शन न गर्दा नै हुनसक्दछ। यसरी यी दुबै साधना अज्ञानावस्थाकै भएकाले ज्ञानद्वारा यिनको पनि नाश हुन्छ । कालीको महाखड्गको तात्पर्य 'तत्त्वमसि' अर्थात् हजुर नै ब्रह्म हुनुहुन्छ जस्ता महावाक्यहरू सुनेर उत्पन्न भएको अद्वैत ज्ञान हो । यसबाट आफू अनि पर मात्मामा भेद मानी गरिने साधनाको या मनोवृत्तिको पनि ज्ञानखड्गद्वारा नाश हुन्छ भन्ने बुझिन्छ ।

**हतशेषं ततः सैन्यं दृष्ट्वा चण्डं निपातितम् ।**
**मुण्डं च सुमहावीर्यं दिशो भेजे भयातुरम् ॥२२॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **चण्डं** = चण्डलाई, **सुमहावीर्यम्** = अत्यन्त पराक्रमी, **मुण्डम् च** = मुण्डलाई, **निपातितम्** = पछारेको, **दृष्ट्वा** = देखेर, **हतशेषं** = मर्न बाँकी रहेका, **भयातुरम्** = भयभीत, **सैन्यं** = सेनाहरू, **दिशः** = चारै दिशातिर, **भेजे** = लागे ॥

**भावार्थ–**

महापराक्रमी मुण्ड र चण्ड पनि धराशायी भएको देखी मारिनबाट बँचेका सेना पनि भयभीत भई दसै दिशातर्फ कुलेलाम ठोके ॥

**शिरश्चण्डस्य काली च गृहीत्वा मुण्डमेव च ।**
**प्राह प्रचण्डाट्टहासमिश्रमभ्येत्य चण्डिकाम् ॥२३॥**

**पदार्थ–**

**काली** = कालिका देवी, **चण्डस्य** = चण्डको, **शिरः** = टाउको, **मुण्डम् एव च** = मुण्डलाई पनि, **गृहीत्वा** = लिएर, **प्रचण्डाट्टहासमिश्रम्** = प्रचण्ड अट्टसाहले सहित भई, **अभ्येत्य** = आएर, **चण्डिकां** = भगवती चण्डिकालाई, **प्राह** = भन्नुभयो ॥

**भावार्थ–**

ती कालिकाले चण्ड र मुण्डको मस्तक हातमा लिई प्रचण्ड अट्टहास गर्दै चण्डिका देवीको नजिकै आई यसो भन्नुभयो ॥

**मया तवात्रोपहृतौ चण्डमुण्डौ महापशू ।**
**युद्धयज्ञे स्वयं शुम्भं निशुम्भं च हनिष्यसि ॥२४॥**

**पदार्थ–**

**मया** = मैले, **महापशू** = महापशु, **चण्डमुण्डौ** = चण्ड र मुण्डलाई, **अत्र** = यहाँ, **तव** = हजुरलाई, **उपहृतौ** = चढाएँ, **युद्धयज्ञे** = युद्धज्ञमा, **स्वयं** = आफैँ, (हजुरले)**शुम्भं** = शुम्भ, **निशुम्भं च** = निशुम्भलाई पनि, **हनिष्यसि** = मार्नेछौ ॥

**भावार्थ–**

हे देवी ! मैले यहाँ चण्ड र मुण्ड नामका दुई महापशुहरूलाई तिम्रो

लागि उपहार चढाएको छु। अव बाँकी रहेको युद्धयज्ञमा हजुर आफैंले शुम्भ र निशुम्भ दैत्यहरूलाई मार्नुपर्छ ॥

*ऋषिरुवाच ॥२५॥ ऋषिले भन्नुभयो ।*

**तावानीतौ ततो दृष्ट्वा चण्डमुण्डौ महासुरौ ।**
**उवाच कालीं कल्याणी ललितं चण्डिका वचः ॥२६॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **तौ** = ती दुई, **महासुरौ** = महादैत्य, **चण्डमुण्डौ** = चण्ड र मुण्डलाई, **आनीतौ** = ल्याएको, **दृष्ट्वा** = देखेर, **कल्याणी** = सर्वमङ्गला, **चण्डिका** = कौशिकी भगवतीले, **कालीं** = कालिका देवीलाई, **ललितं** = सुन्दर, **वचः** = बाणीले, **उवाच** = भन्नुभयो ॥

**भावार्थ–**

परम कल्याणमयी चण्डिका देवीले कालीद्वारा महादैत्य चण्ड र मुण्ड दुबैलाई मारी आफ्नो नजिक ल्याएको देखेर मधुर बाणीमा यसो भन्नुभयो ॥

**यस्माच्चण्डं च मुण्डं च गृहीत्वा त्वमुपागता ।**
**चामुण्डेति ततो लोके ख्याता देवि भविष्यसि ॥२७।ॐ॥**

**पदार्थ–**

**यस्मात्** = किनभने, **त्वं** = तिमी, **चण्डं** = चण्डलाई, **च** = र, **मुण्डं च** = मुण्डलाई, **गृहीत्वा** = लिएर, **उपागता** = आयौ, **ततः** = त्यसपछि, **देवि** = हे देवी ! **लोके** = संसारमा, **चामुण्डा इति** = चामुण्डा नामले, **ख्याता** = प्रख्यात, **भविष्यसि** = हुनेछौ ॥

**भावार्थ–**

हे देवी ! तिमीले चण्ड र मुण्डलाई मारी ती दुबैको शिर मेरो नजिक ल्याएकी छ्यौ, त्यसैले तिमी संसारभरि चामुण्डा नामले प्रख्यात हुनेछौ ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये चण्डमुण्डवधो नाम सप्तमोऽध्यायः ॥७॥

उवाच २, श्लोकाः २५, एवम् २७ ॥ एवमादितः ४३९॥

# अष्टमोऽध्यायः

## रक्तबीज–वध

*अथ ध्यानम्*

**अरुणां करुणातरङ्गिताक्षीं**
**धृतपाशाङ्कुशबाणचापहस्ताम् ।**
**अणिमादिभिरावृतां मयूखै-**
**रहमित्येव विभावये भवानीम् ॥**

**पदार्थ–**

**धृतपाशाङ्कुशबाणचापहस्ताम्** = हातमा पाश, अङ्कुश, धनुष र बाण धारण गर्नुभएकी, **अणिमादिभिः** = अणिमा आदि, **मयूखैः** = किरणहरूद्वारा, **आवृताम्** = घेरिनुभएकी, **करुणातरङ्गीताक्षीम्** = भक्तहरूप्रति आँखामा निरन्तर करुणा लहराइरहने, **अरुणाम्** = अरुणवर्णा, **भवानीम्** = भवानी देवीलाई, **अहम्** = मैले, इति एव = यसैगरी नै, **विभावये** = ध्यान गर्दछु ॥

**भावार्थ–**

म अणिमा आदि सिद्धिरूपी किरणहरूद्वारा आवृत हुनुभएकी अरुणवर्णा भवानीको ध्यान गर्दछु । रातो वर्णकी उहाँका आँखामा निरन्तर करुणाको तरङ्ग लहराइरहेको छ र उहाँले आफ्नो हातमा पाश, अङ्कुश, बाण र धनुष धारण गर्नुभएको छ ॥

*ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**चण्डे च निहते दैत्ये मुण्डे च विनिपातिते ।**
**बहुलेषु च सैन्येषु क्षयितेष्वसुरेश्वरः ॥२॥**
**ततः कोपपराधीनचेताः शुम्भः प्रतापवान् ।**
**उद्योगं सर्वसैन्यानां दैत्यानामादिदेश ह ॥३॥**

**पदार्थ–**

**चण्डे च** = चण्ड नामक दैत्य, **निहते** = मरिसके पछि, **मुण्डे** = मुण्ड नाम गरेको, **दैत्ये च** = दैत्य, **विनिपातिते** = मारिए पछि, **बहुलेषु** = अत्यन्त धेरै, **सैन्येषु** = सेनाहरू, **च** = पनि, **क्षयितेषु** = नष्ट भइसकेपछि, **ततः** = त्यसपछि,

**असुरेश्वरः** = दैत्यराज, **कोपपराधीनचेताः** = रिसले मनमनै क्रुद्ध भएको, **प्रतापवान्** = अत्यन्त पराक्रमी, **शुम्भः** = असुरराज शुम्भले, **हि** = निश्चय नै, **दैत्यानां** = दैत्यहरूको, **सर्वसैन्यानां** = सम्पूर्ण सेनाहरूलाई, **उद्योगं** = युद्धको निम्ति, **आदिदेश** = आज्ञा दियो ॥

**भावार्थ-**

चण्डनामकको दैत्य मारिएपछि र मुण्ड पनि धराशायी भइसकेपछि त्यसैगरी ठूलो सैन्यबल पनि क्षीण भएपछि असुरराज शुम्भ अत्यन्त रिसायो र परमप्रतापी उसले दैत्यहरूको सम्पूर्ण सेनालाई युद्धको लागि आदेश दियो ॥

**अद्य सर्वबलैर्दैत्याः षडशीतिरुदायुधाः ।**
**कम्बूनां चतुरशीतिर्निर्यान्तु स्वबलैर्वृताः ॥४॥**

**पदार्थ-**

**अद्य** = आज, **सर्वबलैः** = सम्पूर्ण सेनाले सहित भएर, **षडशीतिः** = छयासी, **उदायुधाः** = उदायुध कुलका **दैत्याः** = दैत्य सेनापतिहरू, **कम्बूनां** = कम्बु नामवाला दैत्यहरूको, **स्वबलैः** = आफ्नो सैन्यवर्गले, **वृताः** = घेरिएर, **चतुरशीति** = चौरासी सेना नायक, **निर्यान्तु** = युद्धको लागि निस्क ॥

**भावार्थ-**

आज युद्धका लागि उदायुध कुलका छयासी दैत्यसेनापतिहरू आफ्ना सम्पूर्ण सेनालाई साथमा लिई युद्धका लागि प्रस्थान गऱ्यो । त्यसैगरी कम्बू कुलका चौरासी सेनापतिहरू पनि आफ्नो बलले सहित भई निस्कियो ॥

**कोटिवीर्याणि पञ्चाशदसुराणां कुलानि वै ।**
**शतं कुलानि धौम्राणां निर्गच्छन्तु ममाज्ञया ॥५॥**

**पदार्थ-**

**कोटिवीर्याणि** = कोटिवीर्य कुलका, **पञ्चाशत्** = पचास, **कुलानि** = गणहरू, **मम** = मेरो, **आज्ञया** = आज्ञाले, **धौम्राणां** = धौम्रहरूको, **शतं** = सय, **कुलानि** = कुलहरू, **निर्गच्छन्तु** = जाओ ॥

**भावार्थ-**

कोटिवीर्य कुलका पचास असुरहरू एवं धौम्र कुलका सय सेनानायकहरू पनि मेरा आज्ञाले निस्कून् ॥

**कालका दौर्हृदा मौर्याः कालकेयास्तथासुराः ।**
**युद्धाय सज्जा निर्यान्तु आज्ञया त्वरिता मम ॥६॥**

**पदार्थ–**

**कालकाः** = कालक, **दौर्हृदाः** = दौर्हृद, **मौर्याः** = मौर्य, **तथा** = त्यस्तै, **कालकेयाः** = कालकेय, **असुराः** = दैत्यहरू, **मम** = मेरो, **आज्ञया** = आज्ञाले, **त्वरिताः** = शीघ्रगामी हुँदै, **युद्धाय** = युद्धको लागि, **सज्जाः** = सुसज्जित भएर, **निर्यान्तु** = गइहाल ॥

**भावार्थ–**

कालक, दौर्हृद, मौर्य, कालकेय यी कुलका असुरहरू पनि युद्धका लागि तत्पर भई मेरा आज्ञाले तुरुन्त नै यहाँबाट प्रस्थान गरून् ॥

**विवरण–**

यहाँ शुम्भले असुरहरूका आठ कुललाई भगवतीसँग युद्ध गर्न अह्राएको छ । ती हुन्–उदायुध, कम्बू, कोटिवीर्य, धौम्र, कालक, दौर्हृद, मौर्य र कालकेय । यी असुरका आठ समूह आध्यात्मिक रूपमा आठ पाश भएको बुझिन्छ । कुलार्णव तन्त्रमा आठ पाशहरू बताइएको छ–घृणा, लज्जा, भय, शङ्का, जुगुप्सा, कुल, शील र जाति । संसारका सबै रूपमा देखा परेको अद्वितीय आत्मालाई न जानी आफूलाई अरुभन्दा भिन्न या सीमित रूपमा जान्नु नै अहङ्कार हो अनि यसकै कारणले कोहीसँग भय, कोहीसँग शङ्का, कोहीसँग घृणा, कोहीसँग कुल-शील आदिको घमण्ड उम्रिने गर्दछ । यसरी आठ पाशहरू अहं वृत्तिकै अधीन भएको थाहा पाइन्छ । यो पाशले बाँधिनेलाई तन्त्रमा पशु भनिन्छ र आफू पनि पाशबाट मुक्त रही यी पशु/जीवहरूको पाशलाई पनि फुकाउने परमात्मा चाहिँ पशुपति हुनुहुन्छ–'पाशबद्धः पशुः प्रोक्तः पाशान्मुक्तः सदाशिवः' । यसरी यी असुरहरू आन्तरिक रूपमा आठ पाश भएको थाहा हुन्छ ।

**इत्याज्ञाप्यासुरपतिः शुम्भो भैरवशासनः ।**
**निर्जगाम महासैन्यसहस्रैर्बहुभिर्वृतः ॥७॥**

**पदार्थ–**

**भैरवशासनः** = अत्यन्त डरलाग्दो शासन गर्ने, **असुरपतिः** =

दैत्यराज, **शुम्भः** = शुम्भनामक दैत्यले, **इति** = यसप्रकारको, **आज्ञाप्य** = आज्ञा दिएर, **बहुभिः** = धेरै, **महासैन्यसहस्रैः** = महान् हजारौं सेनाले, **वृतः** = युक्त भएर, **निर्जगाम** = युद्धका निम्ति निस्कियो ॥

**भावार्थ–**

यसप्रकार भयानक शासन भएको दैत्यसम्राट् शुम्भले सम्पूर्ण सेनालाई आज्ञा दिई आफू पनि हजारौं संख्याको सैन्य टुकडीको साथमा युद्धका लागि निस्कियो ॥

**आयान्तं चण्डिका दृष्ट्वा तत्सैन्यमतिभीषणम् ।**
**ज्यास्वनैः पूरयामास धरणीगगनान्तरम् ॥८॥**

**पदार्थ–**

**चण्डिका** = चण्डिका देवीले, **अतिभीषणम्** = अत्यन्त भयानक, **तत्** = त्यो, **सैन्यं** = सेनावर्ग, **आयान्तं** = आइरहेको, **दृष्ट्वा** = देखेर, **ज्यास्वनैः** = धनुष्टङ्कारले, **धरणीगगनान्तरम्** = क्षितिज(आकाश र पृथिवीको मध्यभाग), **पूरयामास** = गुञ्जायमान पारिदिइन् ॥

**भावार्थ–**

चण्डिका देवीले शुम्भको अत्यन्त विशाल एवं भयानक सेनालाई आइरहेको देखेर धनुषको टङ्कारले पृथिवी र आकाशको सम्पूर्ण ठाउँलाई भरिदिनुभयो ॥

**ततः सिंहो महानादमतीव कृतवान् नृप ।**
**घण्टास्वनेन तन्नादमम्बिका चोपबृंहयत् ॥९॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **नृप** = हे राजन् ! **सिंहः** = भगवती देवीको वाहनले, **अतीव** = अत्यन्त, **महानादं** = गर्जना, **कृतवान्** = गऱ्यो । **अम्बिका च** = भगवती देवीले, **घण्टास्वनेन** = घण्टानादले, **तन्नादं** = सिंहको नादलाई, **उपबृंहयत्** = बढाइदिनुभयो ॥

**भावार्थ–**

हे राजन् ! त्यसपछि भगवतीको वाहन सिंहले पनि भयानक गर्जना गऱ्यो र अम्बिकाले पनि आफ्नो घण्टाको शब्दले त्यो ध्वनिलाई झन् बढाइदिनुभयो ॥

**धनुर्ज्यासिंहघण्टानां नादापूरितदिङ्मुखा ।**
**निनादैर्भीषणैः काली जिग्ये विस्तारिताननाः ॥१०॥**

**पदार्थ–**

**विस्तारिताननाः** = मुख फैलाएकी, **नादापूरितदिङ्मुखा** = गर्जनाले सारा दिशालाई गुञ्जित गरिदिने, **काली**= कालीले, **भीषणैः** = भयङ्कर, **निनादैः** = गर्जनाद्वारा, **धनुर्ज्यासिंहघण्टानाम्** = धनु, ताँदो, सिंह र घण्टाको ध्वनिलाई पनि, **जिग्ये** = जितिदिनुभयो ॥

**भावार्थ–**

धनुष र ताँदोको टङ्कार, सिंहको गर्जना र घण्टध्वनिका कारण सम्पूर्ण दिशाहरू गुञ्जिए, त्यसपछि भगवती कालीले पनि आफ्नो मुखलाई त्यति नै व्यापक बनाई गर्जनाद्वारा ती सबै ध्वनिहरूलाई जित्नुभयो ॥

**तं निनादमुपश्रुत्य दैत्यसैन्यैश्चतुर्दिशम् ।**
**देवी सिंहस्तथा काली सरोषैः परिवारिताः ॥११॥**

**पदार्थ–**

**तं** = त्यो, **निनादं** = ध्वनिलाई, **उपश्रुत्य** = सुनेर, **सरोषैः** = अत्यन्त क्रोधित भएर, **दैत्यसैन्यैः** = दैत्यका सेनाहरूद्वारा, **चतुर्दिशम्** = चारैतिरबाट, **देवी** = चण्डिका देवी, **सिंहः** = भगवतीको वाहन सिंह, **तथा** = त्यसैगरी, **काली** = काली, **परिवारिताः** = घेरिए ॥

**भावार्थ–**

त्यो तुमुलनादलाई सुनेर दैत्यका सेनाहरूले चण्डिका देवी, सिंह तथा भगवती कालीलाई पनि क्रोधपूर्वक चारैतर्फबाट घेरे ॥

**एतस्मिन्नन्तरे भूप विनाशाय सुरद्विषाम् ।**
**भवायामरसिंहानामतिवीर्यबलान्विताः ॥१२॥**
**ब्रह्मेशगुहविष्णूनां तथेन्द्रस्य च शक्तयः ।**
**शरीरेभ्यो विनिष्क्रम्य तद्रूपैश्चण्डिकां ययुः ॥१३॥**

**पदार्थ–**

**भूप** = हे राजन् ! **एतस्मिन्** = यो, **अन्तरे** = अवसरमा, **सुरद्विषाम्**

= दैत्यहरूको, **विनाशाय**= नाशको निम्ति, **अमरसिंहानां** = श्रेष्ठ देवताहरूको, **भवाय** = कल्याणको लागि, **अतिवीर्यबलान्विताः** = अत्यन्त पराक्रम एवं बलले युक्त भएका, **ब्रह्मेशगुहविष्णूनां** = ब्रह्मा, रुद्र, कार्तिकेय, विष्णुहरूको, **तथा** = त्यस्तै, **इन्द्रस्य च** = इन्द्रको पनि, **शक्तयः** = शक्तिहरू, **शरीरेभ्यः** = शरीरबाट, **विनिष्क्रम्य** = निक्लेर, **तद्रूपैः** = ती-ती रूपले, **चण्डिकां** = चण्डिका भगवतीकहाँ, **ययुः** = गए ॥

**भावार्थ–**

हे राजन् ! यसैबीचमा देवद्रोही असुरहरूको विनाश एवं देवताहरूको अभ्युदयका लागि ब्रह्मा, भगवान् शिव, कार्तिकेय, विष्णु, इन्द्र आदि देवताहरूका अत्यन्त प्रबल पराक्रमले सम्पन्न भएका शक्तिहरू पनि ती-ती देवताका शरीरबाट निस्किई त्यस्तै रूप धारण गरी चण्डिका भगवतीको नजिक पुगे॥

**यस्य देवस्य यद्रूपं यथाभूषणवाहनम् ।**
**तद्वदेव हि तच्छक्तिरसुरान् योद्धुमाययौ ॥१४॥**

**पदार्थ–**

**यस्य** = जुन, **देवस्य** = देवताको, **यत् रूपं** = जस्तो रूप थियो, **यथा** = जस्तो, **भूषणवाहनम्** = गहना एवं वाहन, **हि** = निश्चय नै, **तद्वत् एव** = त्यस्तै, **तच्छक्तिः** = ती शक्तिहरू, **असुरान्** = दैत्यहरूसँग, **योद्धुं** = युद्ध गर्न, **आययौ** = आए ॥

**भावार्थ–**

जुन देवताको जस्तो रूप, जस्तो गरगहना र जस्तो वाहन थियो, त्यस्तै रूप, आभूषण एवं वाहनले युक्त भएका ती-ती देवशक्तिहरू असुरहरूसँग युद्ध गर्न त्यहाँ उपस्थित भए ॥

**हंसयुक्तविमानाग्रे साक्षसूत्रकमण्डलुः ।**
**आयाता ब्रह्मणः शक्तिर्ब्रह्माणी साभिधीयते ॥१५॥**

**पदार्थ–**

**हंसयुक्तविमानाग्रे** = हाँसले युक्त भएको विमानमाथि चढेर, **साक्षसूत्रकमण्डलुः** = रुद्राक्षले युक्त भएको कमण्डलु लिएकी, **ब्रह्मणः** = ब्रह्माजीको, **शक्तिः** = शक्तिरूपिणी, **आयाता** = आइन्, **सा** = ती, **ब्रह्माणी**

= ब्रह्माणी भनेर, **अभिधीयते** = भनिनुहुन्छ ॥

**भावार्थ–**

हाँस जोतिएको विमानको अग्रभागमा बसी ब्रह्माकी शक्ति भगवती ब्रह्माणी हातमा अक्षमाला र कमण्डलु धारण गरी त्यहाँ आइपुग्नुभयो ॥

**माहेश्वरी वृषारूढा त्रिशूलवरधारिणी ।**
**महाहिवलया प्राप्ता चन्द्ररेखाविभूषणा ॥१६॥**

**पदार्थ–**

**वृषारुढा** = गोरूमा चढेकी, **त्रिशूलवरधारिणी** = त्रिशूल र वरमुद्रा धारण गरेकी, **महाहिवलया** = महान् तक्षक नागलाई बाला बनाएकी, **चन्द्ररेखाविभूषणा** = चन्द्रकलालाई आफ्नो गहना बनाएकी, **माहेश्वरी** = महेश्वर भगवानकी शक्ति, **प्राप्ता** = आइन् ॥

**भावार्थ–**

त्यसैगरी साँढेमाथि चढेकी, श्रेष्ठ त्रिशूल धारण गर्ने भगवान् शिवकी शक्ति माहेश्वरी पनि त्यहाँ आइपुग्नुभयो । उहाँका हातमा नागहरूको बाला थियो र मस्तकमा चन्द्ररेखाको आभूषण थियो ॥

**कौमारी शक्तिहस्ता च मयूरवरवाहना ।**
**योद्धुमभ्याययौ दैत्यानम्बिका गुहरूपिणी ॥१७॥**

**पदार्थ–**

**शक्तिहस्ता** = शक्ति हातमा लिएकी, **मयूरवाहना** = मयूरमाथि चढेर, **गुहरुपिणी** = कार्तिकेयको रूप धारण गरेकी, **अम्बिका** = जगन्माता, **कौमारी च** = कुमारकी शक्ति, **दैत्यान्** = दैत्यहरूसँग, **योद्धुं** = लडाईं गर्न, **अभ्याययौ** = आइन् ॥

**भावार्थ–**

कुमारकी शक्ति जगदम्बिका कुमारी पनि उनकै जस्तो रूप धारण गरी हातमा शक्ति लिएर श्रेष्ठ मयूरको वाहनमा चढी दैत्यहरूसँग युद्ध गर्न त्यहाँ आइपुग्नुभयो ॥१७॥

**तथैव वैष्णवी शक्तिर्गरुडोपरि संस्थिता ।**
**शङ्खचक्रगदाशार्ङ्गखड्गहस्ताभ्युपाययौ ॥१८॥**

**पदार्थ–**

**तथा एव** = त्यस्तै, **गरुडोपरि** = गरुडमाथि, **संस्थिता** = चढेकी, **शङ्खचक्रगदाशार्ङ्गखड्गहस्ता** = शङ्ख, चक्र, शार्ङ्ग र खड्ग हातमा लिएकी, **वैष्णवी** = भगवान विष्णुको, **शक्तिः** = शक्ति, **अभ्युपाययौ** = युद्ध गर्न आउनुभयो ॥

**भावार्थ–**

त्यसैगरी भगवान् विष्णुको शक्ति पनि गरुडमाथि चढी हातमा शङ्ख, चक्र, गदा, शार्ङ्गधनुष एवं खड्ग धारण गरी त्यहाँ आइपुग्नुभयो ॥

**यज्ञवाराहमतुलं रूपं या बिभ्रतो हरेः ।**
**शक्तिः साप्याययौ तत्र वाराहीं बिभ्रती तनुम् ॥१९॥**

**पदार्थ–**

**यज्ञवाराहम्** = यज्ञवराहको, **अतुलम्** = अनुपम, रूपं = रूप, **बिभ्रतः** = धारण गरेका, **हरेः** = विष्णुको, **या** = जो, **शक्तिः** = शक्ति छ, **सा अपि** = त्यो पनि, **तत्र** = त्यहाँ, **वाराहीं** = सुँगुरको जस्तो, **तनुम्** = शरीर, **बिभ्रती** = धारण गरेर, **आययौ** = आइन् ॥

**भावार्थ–**

भगवान् श्रीहरिको यज्ञमय जुन वराहरूप छ, त्यही अतुलनीय रूपलाई धारण गरी उहाँकी शक्ति वाराही पनि त्यहाँ आइपुग्नुभयो ॥

**नारसिंही नृसिंहस्य बिभ्रती सदृशं वपुः ।**
**प्राप्ता तत्र सटाक्षेपक्षिप्तनक्षत्रसंहतिः ॥२०॥**

**पदार्थ–**

**नृसिंहस्य** = नृसिंहको, **सदृशं** = जस्तो, **वपुः** = शरीर, **बिभ्रती** = धारण गर्दै, **तत्र** = त्यहाँ, **सटाक्षेपक्षिप्तनक्षससंहतिः** = गर्दनको रौंको झट्काले आकाशको तारालाई छिन्नभिन्न गर्दै, **नारसिंही** = नृसिंहकी शक्ति, **प्राप्ता** = आउनुभयो ॥

**भावार्थ–**

भगवान् नृसिंहकी शक्ति नारसिंही देवी पनि उहाँकै जस्तो शरीर धारण गरी त्यहाँ आइपुग्नुभयो । उहाँको गर्दनका रौंहरूको झड्काले आकाशका ताराहरू पनि छिन्नभिन्न भए ॥

**वज्रहस्ता तथैवैन्द्री गजराजोपरि स्थिता ।**
**प्राप्ता सहस्रनयना यथा शक्रस्तथैव सा ॥२१॥**

**पदार्थ–**

**सहस्रनयना** = हजारौं आँखा भएकी, **ऐन्द्री** = इन्द्रकी शक्ति, **प्राप्ता** = आइन्, **सा** = ती, **यथा** = जस्तो, **शक्रः** = थिए, **तथा एव** = त्यस्तै, **वज्रहस्ता** = वज्र हातमा लिएकी, **गजराजोपरि** = हात्तीहरूको राजा ऐतावतमाथि, **स्थिता** = चढिन् ॥

**भावार्थ–**

त्यसैगरी देवराज इन्द्रकी शक्ति पनि हातमा वज्र धारण गरी ऐरावत हात्तीमाथि सवार भई त्यहाँ आइपुग्नुभयो । उहाँको पनि इन्द्रको जस्तै रूप र हजार आँखा थिए ॥

**ततः परिवृतस्ताभिरीशानो देवशक्तिभिः ।**
**हन्यन्तामसुराः शीघ्रं मम प्रीत्याऽऽह चण्डिकाम् ॥२२॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **ताभिः** = ती, **देवशक्तिभिः** = देवताहरूको शक्तिद्वारा, **परिवृतः** = घेरिएको, **ईशानः** = शिवले, **मम** = मेरो, **प्रीत्या** = खुसीको लागि, , **शीघ्रं** = चाडै नै, **असुराः** = असुरहरूलाई, **हन्यन्ताम्** = मार भनी, **चण्डिकां** = भगवती चण्डिकालाई, **आह** = भन्नुभयो ॥

**भावार्थ–**

यी देवशक्तिहरूबाट घेरिनुभएका महादेवले चण्डिका देवीलाई हे चण्डिका ! हजुर मेरो प्रसन्नताको लागि छिट्टै असुरहरूको नाश गर भन्नुभयो ॥

**ततो देवीशरीरात्तु विनिष्क्रान्तातिभीषणा ।**
**चण्डिकाशक्तिरत्युग्रा शिवाशतनिनादिनी ॥२३॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **देवीशरीरात्** = देवीको शरीरबाट, **अतिभीषणा** = अत्यन्त भयानक, **अत्युग्रा** = भयङ्कर, **शिवाशतनिनादिनी** = सयौं स्यालको झैं आवाज दिने, **चण्डिकाशक्तिः** = चण्डिकादेवीको शक्ति, **विनिष्क्रान्ता** = निस्किनुभयो ॥

**भावार्थ-**

त्यसपछि देवीको शरीरबाट अत्यन्त भयानक र अति उग्र एउटी शक्ति प्रकट हुनुभयो । ती चण्डिकाशक्ति सयौँ स्यालहरूको झैँ भयानक निनाद गर्नुहुन्थ्यो ॥

**सा चाह धूम्रजटिलमीशानमपराजिता ।**
**दूत त्वं गच्छ भगवन् पार्श्वं शुम्भनिशुम्भयोः ॥२४॥**

**पदार्थ-**

**सा** = ती, **अपराजिता** = अपराजिता देवीले, **धूम्रजटिलम्** = धूमिल जटा भएका, **ईशानम्** = शिवजीलाई, **प्राह** = भनिन्, **भगवन्** = हे ऐश्वर्यशाली ! **दूत** = हे दूत ! **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भको, **पार्श्वं** = नजिक, **गच्छ** = जानुहोस् ॥

**भावार्थ-**

ती अपराजिता देवीले ध्वाँसे जटा भएका महादेवलाई भनिन्- हे भगवन् ! हजुर नै दूत बनी शुम्भ र निशुम्भको नजिक जानुहोस् ॥

**ब्रूहि शुम्भं निशुम्भं च दानवावतिगर्वितौ ।**
**ये चान्ये दानवास्तत्र युद्धाय समुपस्थिताः ॥२५॥**

**पदार्थ-**

**अतिगर्वितौ** = अत्यन्त अहङ्कारी, **शुम्भं** = शुम्भ, **निशुम्भं च** = निशुम्भलाई, **ये** = जो, **तत्र** = त्यहा शुम्भ र निशुम्भको नजिक, **युद्धाय** = युद्धका लागि, **समुपस्थिताः** = उपस्थित छन्, **अन्ये** = अरु, **दानवाः च**= दानवहरूलाई, **ब्रूहि** = भन ॥

**भावार्थ-**

तपाईंले अत्यन्त घमण्डी दानव शुम्भ एवं निशुम्भलाई र युद्धका लागि उपस्थित भएका अरु दानवहरूलाई पनि यो कुरा भन्नुहोस्-

**त्रैलोक्यमिन्द्रो लभतां देवाः सन्तु हविर्भुजः ।**
**यूयं प्रयात पातालं यदि जीवितुमिच्छथ ॥२६॥**
**बलावलेपादथ चेद्भवन्तो युद्धकाङ्क्षिणः ।**
**तदागच्छत तृप्यन्तु मच्छिवाः पिशितेन वः ॥२७॥**

**पदार्थ–**

**इन्द्रः** = देवराज इन्द्रले, **त्रैलोक्यं** = तीनै लोकको अधिकार, **लभताम्** = प्राप्त गरून्, **देवाः** = देवताहरू, **हविर्भुजः** = यज्ञभागको भाग गर्ने, **सन्तु** = होऊन् । **यदि** = यदि, **जीवितुं** = बाँच्नलाई, **इच्छथ** = चाहन्छौ भने, **यूयं** = तिमीहरू, **पातालं** = पातालमा, **प्रयात** = जाओ । **अथ** = यदि, **बलावलेपात्** = बलको अभिमानले, **भवन्तः** = तिमीहरू, **युद्धकांक्षिणः** = युद्धको आकांक्षा गर्छौ भने, **तदा** = त्यसो भए, **आगच्छत** = आओ, **वः** = तिमीहरूको, **पिशितेन** = मासुले, **मच्छिवाः** = मेरा शिवानामक योगिनीहरू, **तृप्यन्तु** = तृप्त होऊन् ॥

**भावार्थ–**

हे दैत्य हो यदि तिमीहरू बाँच्न चाहन्छौ भने आफ्नो लोक पातालमा नै फर्क । इन्द्रलाई तीन लोकको राज्य मिलोस् र देवताहरूले पूर्ववत् नै यज्ञीय भोगहरूलाई प्राप्त गरून् । यदि बलको घमण्डले चूर भई तिमीहरू युद्धको नै इच्छा गर्छौ भने त लड्न तयार भई आओ । मेरा यी शक्तिरूपी अनेकौं शिवाहरू तिमीहरूका रगत, मासुद्वारा तृप्त हुनेछन् ॥

**यतो नियुक्तो दौत्येन तया देव्या शिवः स्वयम् ।**
**शिवदूतीति लोकेऽस्मिंस्ततः सा ख्यातिमागता ॥२८॥**

**पदार्थ–**

**यतः** = त्यसकारण, **तया** = ती, **देव्या** = देवीले, **स्वयं शिवः** = साक्षात् भगवान शिव नै, **दौत्येन** = दूतको रूपमा, **नियुक्तः** = नियुक्त हुनुभयो, **ततः** = त्यो समयदेखि, **अस्मिन्** = यो, **लोके** = संसारमा, **सा** = तिनी, **शिवदूती इति** = शिवदूती भनेर, **ख्यातिम्** = प्रख्यात, **आगता** = भइन् ॥

**भावार्थ–**

स्वयं भगवान् शिवलाई समेत दूतकर्ममा नियुक्त गरेकाले चण्डिकाको शरीरबाट प्रकट हुनुभएकी ती देवी सम्पूर्ण संसारमा शिवदूती नामले प्रख्यात हुनुभयो ॥

**तेऽपि श्रुत्वा वचो देव्या शर्वाख्यातं महासुराः ।**
**अमर्षापूरिता जग्मुर्यत्र कात्यायनी स्थिता ॥२९॥**

**पदार्थ–**

**ते** = तिनीहरू, **महासुराः** = महादैत्यहरू, **अपि** = पनि, **देव्याः** = भगवती देवीको, **शर्वाख्यातं** = शिवले भनेको, **वचः** = बाणीलाई, **श्रुत्वा** = सुनेर, **अमर्षापूरिताः** = क्रोधले युक्त भएर, **जग्मुः** = गए, **यत्र** = जहाँ, **कात्यायनी** = भगवती देवी, **स्थिता** = रहेकी थिइन् ॥

**भावार्थ–**

ती महादैत्यहरूले पनि भगवान् शिवको मुखबाट देवीको भनाइ सुनी रिसले चूर भए र कात्यायनी भएको ठाउँतिर गए ॥

**ततः प्रथममेवाग्रे शरशक्त्यृष्टिवृष्टिभिः ।**
**ववर्षुरुद्धतामर्षास्तां देवीममरारयः ॥३०॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **प्रथमम् एव** = पहिले नै, **अग्रे** = अगाडि, **शर शक्त्यृष्टिवृष्टिभिः** = बाण, शक्ति एवं ऋष्टि आदि अस्त्रहरूको वृष्टि गरेर, **उद्धतामर्षाः** = अत्यन्त क्रोधले युक्त भएका, **अमरारयः** = देवताका शत्रुहरूले, **तां** = ती देवीलाई, **ववर्षुः** = वर्षाए ॥

**भावार्थ–**

क्रोधले भरिएका ती दैत्यहरूले पहिल्यै जाइलागी देवीमाथि बाण, शक्ति र ऋष्टि आदि अस्त्रहरू बर्साउन थाले ॥

**सा च तान् प्रहितान् बाणाञ्छूलशक्तिपरश्वधान् ।**
**चिच्छेद लीलयाऽऽध्मातधनुर्मुक्तैर्महेषुभिः ॥३१॥**

**पदार्थ–**

**सा च**= ती देवीले, **आध्माताधनुर्मुक्तैः** = धनुबाट छोडिएका, **महेषुभिः** = बाणहरूले, **लीलया** = ख्यालख्यालमा नै, **प्रहितान्** = राक्षसहरूले फ्याँकेका, **तान्** = ती, **बाणान्** = बाणहरू, **शूलशक्तिपरश्वधान्** = शूल, शक्ति, बञ्चरो आदिलाई, **चिच्छेद** = नाश गरिदिनुभयो ॥

**भावार्थ–**

त्यसपछि देवीले पनि धनुषको टङ्कार गरी त्यसबाट छोडिएका ठूला-ठूला बाणहरूद्वारा दैत्यहरूले प्रहार गरेका बाण, त्रिशूल, शक्ति र बञ्चरो

आदि सबै शस्त्रहरूलाई ख्यालख्यालमै टुक्र्याइदिनुभयो ॥

**तस्याग्रतस्तथा काली शूलपातविदारितान् ।**
**खट्वाङ्गपोथितांश्चारीन् कुर्वती व्यचरत्तदा ॥३२॥**

**पदार्थ–**

**तथा** = त्यसैगरी, **काली** = कालिका देवी, **तस्य** = शुम्भको, **अग्रतः** = अगाडि, **अरीन्** = शत्रुहरूलाई, **शूलपातविदारितान्** = शूलप्रहारद्वारा विदीर्ण, **खट्वाङ्गपोथितान् च** = खट्वाङ्गद्वारा चूर्ण, **कुर्वती** = गर्दै, **व्यचरत्** = घुम्न थालिन् ॥

**भावार्थ–**

भगवती कालीले पनि त्रिशूलको प्रहारले शत्रुहरूलाई विदीर्ण गर्दै र खट्वाङ्गको प्रहारले चूर्ण-चूर्ण गर्दै चण्डिका देवीको अघि-अघि लाग्नुभयो ॥

**कमण्डलुजलाक्षेपहतवीर्यान् हतौजसः।**
**ब्रह्माणी चाकरोच्छत्रून् येन येन स्म धावति ॥३३॥**

**पदार्थ–**

**ब्रह्माणी च** = ब्रह्मशक्ति भगवती, **येन येन** = जुन जुन प्रदेशमा, **धावति स्म** = दौडन्थिन्, **शत्रून्** = शत्रुहरूलाई, **कमण्डलुजलाक्षेपहतवीर्यान्** = कमण्डलुको पानी छेपेर पराक्रमलाई परास्त, **हतौजसः** = तेजले नष्ट, **अकरोत्** = गर्नुभयो ॥

**भावार्थ–**

ब्रह्माणी देवी जताजता दौडिनुभयो, त्यतात्यता उहाँले ती शत्रुहरूलाई आफ्नो कमण्डलुको जल छर्किएर ओज र पराक्रमले रहित बनाइदिनुभयो ॥

**माहेश्वरी त्रिशूलेन तथा चक्रेण वैष्णवी ।**
**दैत्याञ्जघान कौमारी तथा शक्त्यातिकोपना ॥३४॥**

**पदार्थ–**

**माहेश्वरी** = माहेश्वरीले, **त्रिशूलेन** = त्रिशूलले, **तथा** = तथा, **वैष्णवी** = वैष्णवीशक्तिले, **चक्रेण** = चक्रले, **तथा** = तथा, **अतिकोपना** = अत्यन्त रिसाएकी, **कौमारी** = कौमारीले, **शक्त्या** = शक्तिले, **दैत्यान्** = दैत्यहरूलाई, **जघान** = मार्नुभयो ॥

**भावार्थ–**

माहेश्वरीले त्रिशूलद्वारा, वैष्णवीले चक्रद्वारा एवम् अत्यन्त क्रुद्ध भएकी कौमारीले शक्ति प्रहारद्वारा दैत्यहरूको संहार गर्न लागे ॥

**ऐन्द्रीकुलिशपातेन शतशो दैत्यदानवाः ।**
**पेतुर्विदारिताः पृथ्व्यां रुधिरौघप्रवर्षिणः ॥३५॥**

**पदार्थ–**

**ऐन्द्रीकुलिशपातेन** = ऐन्द्रीको गदा प्रहारले, **विदारिताः** = विदीर्ण भएका, **शतशः** = सयौँ, **दैत्यदानवाः** = दैत्यदानवहरू, **रुधिरौघप्रवर्षिणः** = रगतको धारा बगाउँदै, **पृथ्व्यां** = पृथिवीमा, **पेतुः** = ढले ॥

**भावार्थ–**

ऐन्द्री देवीको व्रजप्रहारद्वारा विदीर्ण भई सयौँ दैत्यहरू रगतका धारा बगाउँदै पृथिवीमा सधैँका लागि सुते ॥

**तुण्डप्रहारविध्वस्ता द्रंष्ट्राग्रक्षतवक्षसः ।**
**वाराहमूर्त्या न्यपतँश्चक्रेण च विदारिताः ॥३६॥**

**पदार्थ–**

**वाराहमूर्त्या** = वराहको शक्तिले, **तुण्डप्रहारविध्वस्ताः** = थुतुनोको प्रहारले ध्वस्त भएका, **द्रंष्ट्राग्रक्षतवक्षसः** = दाँतको अग्रभागले छाती छेडिएका, **चक्रेण च** = चक्रले पनि, **विदारिताः** = विदीर्ण भएका दानवहरू, **न्यपतन्** = भुइँमा लडे ॥

**भावार्थ–**

सूकररूपिणी वाराही देवीको थुतुनोको प्रहारले कयौँ दैत्यहरू विध्वस्त भए एवं दाह्राको अग्रभागले वक्षस्थल चिरिई र चक्रप्रहारद्वारा अनेकौँ दैत्यहरू छिन्नभिन्न भई भुइँमा ढले ॥

**नखैर्विदारिताँश्चान्यान् भक्षयन्ती महासुरान् ।**
**नारसिंही चचाराजौ नादापूर्णदिगम्बरा ॥३७॥**

**पदार्थ–**

**नारसिंही** = नारसिंही शक्ति, **नखैः** = नङले, **विदारितान्** = चिथोरिएका, **अन्यान्** = अरु, **महासुरान्** = दैत्यहरूलाई, **भक्षयन्ती** = खाँदै,

**नादापूर्णदिगम्बरा** = आफ्नो गर्जनाले सम्पूर्ण दिशालाई एवं आकाशलाई थर्काउँदै, **आजौ** = युद्धभूमिमा, **चचार** = घुम्न लाग्नुभयो ॥

**भावार्थ–**

त्यस युद्धभूमिमा नारसिंही देवी पनि आफ्ना नङ्ग्राद्वारा महादैत्यहरूलाई टुक्रा-टुक्रा गरी खाँदै एवं भयानक सिंहनादद्वारा सम्पूर्ण दिशा एवं जगन्मण्डललाई नै गुञ्जाउँदै विचरण गर्न लाग्नुभयो ॥

**चण्डाट्टहासैरसुराः शिवदूत्यभिदूषिताः ।**
**पेतुः पृथिव्यां पतितांस्तांश्चखादाथ सा तदा ॥३८॥**

**पदार्थ–**

**चण्डाट्टहासैः** = प्रचण्ड हाँसोले, **शिवदूत्यभिदूषिताः** = शिवदूतीबाट डराएका, **असुराः** = दानवहरू, **पृथिव्यां** = भुइँमा, **पेतुः** = पछारिए, **अथ** = त्यसपछि, **तान्** = ती, **पतितान्** = पछारिएका दैत्यहरूलाई, **सा** = ती देवीले, **तदा** = त्यसै समय, **चखाद** = खानुभयो ॥

**भावार्थ–**

कैयौं असुरहरू शिवदूतीको प्रचण्ड अट्टहासद्वारा भयभीत भई भुँइमा लडे र देवीले त्यही बेलामा तिनीहरूलाई मुखभित्र एकै गाँस बनाइदिनुभयो ॥

**इति मातृगणं क्रुद्धं मर्दयन्तं महासुरान् ।**
**दृष्ट्वाभ्युपायैर्विविधैर्नेशुर्देवारिसैनिकाः ॥३९॥**

**पदार्थ–**

**इति** = यसकार, **विविधैः** = विभिन्न, **उपायैः** = प्रयत्नहरूद्वारा, **महासुरान्** = महादैत्यहरूलाई, **मर्दयन्तं** = मर्दन गरिरहेका, **क्रुद्धं** = एकदम रिसाएका, **मातृगणम्** = मातृका शक्तिहरूलाई, **दृष्ट्वा** = देखेर, **देवारिसैनिकाः** = असुरका सैनिकहरू, **नेशुः** = लुप्त भए(भागे) ॥

**भावार्थ–**

यसप्रकार अत्यन्त क्रुद्ध भएका ती मातृगणहरूले महादैत्यहरूलाई पनि अनेकप्रकारले विदीर्ण गरिरहेको देखेर सबै असुरसैनिकहरू भागाभाग गर्न थाले ॥

**पलायनपरान् दृष्ट्वा दैत्यान् मातृगणार्दितान् ।**
**योद्धुमभ्याययौ क्रुद्धो रक्तबीजो महासुरः ॥४०॥**

**पदार्थ–**

**पलायनपरान्** = भाग्दै गरेका, **मातृगणार्दितान्** = ब्राह्मी आदि गणहरूले पीडित, **दैत्यान्** = दैत्यहरूलाई, **दृष्ट्वा** = देखेर, **क्रुद्धः** = असाध्यै रिसाएको, **महासुरः** = महादैत्य, **रक्तबीजः** = रक्तबीज, **योद्धुं** = युद्ध गर्नलाई, **अभ्याययौ** = आयो ॥

**भावार्थ–**

त्यसपछि मातृगणहरूद्वारा पीडित भएका दैत्यहरूलाई युद्धविमुख भई भाग्न थालेको देखेर अत्यन्त रिसाएको रक्तबीज नामको महादैत्य युद्धको निम्ति त्यहाँ आइपुग्यो ॥

**रक्तबिन्दुर्यदा भूमौ पतत्यस्य शरीरतः ।**
**समुत्पतति मेदिन्यां तत्प्रमाणस्तदासुरः ॥४१॥**

**पदार्थ–**

**यदा** = जहिले, **अस्य** = यो रक्तबीजको, **शरीरतः** = शरीरबाट, **रक्तबिन्दुः** = रगतका थोपाहरू, **भूमौ** = भूमिमा, **पतति** = खस्छन्, **तदा** = त्यही समयमा नै, **तत्प्रमाणः** = त्यही समान, **असुरः** = राक्षस, **मेदिन्यां** = पृथिवीमा, **समुत्पतति** = उत्पन्न हुन्छ ॥

**भावार्थ–**

त्यसको शरीरबाट जब एकथोपा रगत भुईंमा झर्थ्यो तब तत्काल नै त्यसभूमिमा ऊजत्तिकै शक्तिशाली दोस्रो महादैत्य उत्पन्न हुन्थ्यो ॥

**विवरण–**

यहाँ रक्तबीजको आश्चर्यमय स्वरूप एवं पराक्रमको वर्णन गरिएको छ । ब्राह्मी, वैष्णवी आदि अष्ट मातृकाहरूले दैत्यसेनालाई नष्ट गर्न लागेको देखेपछि रक्तबीज नामको असुर युद्धस्थलमा देखियो । यो शुम्भ-निशुम्भको प्रधान सेनापति थियो । रक्तबीज शब्दको व्याख्या गर्दै ऋषि भन्नुहुन्छ– रगतका जति बिन्दु पृथिवीमा पर्थे, त्यति वटा नै यो दैत्य उत्पन्न हुन्थ्यो । यसैले रक्त अर्थात् रगत नै बीज अर्थात् उत्पत्तिकारण भएकाले यसलाई रक्तबीज भनिएको हो । यो दैत्य प्रचण्ड पराक्रमी भएको देखिन्छ ।

आध्यात्मिक अर्थमा पनि रक्तबीजको विशिष्ट तात्पर्य देखिन्छ ।

यसले म जीव हुँ भन्ने जीवत्वको भावलाई बुझाउँछ । अनेक देवीहरूले अनेक अस्त्रहरूको प्रहार गर्दा पनि यो दैत्य फेरि उत्तिकै बलशाली भई नयाँ-नयाँ रूपमा उठिरहन्थ्यो । उपनिषद्मा बताइएअनुसार मानिसहरू आफूलाई आत्मरूपमा चिन्तन गरी यो जीवबोधलाई मार्न खोज्दछन् यही नै रक्तबीज माथि देवीको अस्त्रप्रहार हो । तर जति आत्मविचार गरे पनि त्यो विचार छोड्नेबित्तिकै मानिसभित्र त्यो जीवबोध उत्तिकै बलशाली भई पहिले जस्तै खडा भइरहन्छ। यसरी जीवभावद्वारा रक्त भएको या रङ्गिएको, बीज या आत्मा नै रक्तबीज हो । आत्मालाई बीज भन्नुको कारण चाहिँ यो समस्त सृष्टिको मूल भएकाले हो । **तस्माद्वा एतस्मादात्मन आकाशः सम्भूतः** (तै.उ.२/१ /१) अर्थात् आत्माबाट आकाशको उत्पत्ति भयो भन्नेजस्ता वाक्यहरूले आत्मालाई जगत्को बीज अर्थात् कारणको रूपमा सिद्ध गर्दछन् । म जीव हुँ भन्दा म भनिने आत्मतत्त्वमा यो जीवत्वको बोध अनुरञ्जित भएको छ। चित्तवृत्तिको निरोध गरी, परमात्माको भक्ति आदि गरी जति-जति अभ्यासले व्यक्ति म जीव हुँ भन्ने जीवत्वको बोधलाई बिर्सन खोज्दछ, साधनाको समाप्तिपछि त्यति-त्यति नयाँ ॐ भई यो बोध उठिहाल्छ। समाधिबाट उठेको योगी, भगवान्को लीलाश्रवण, नामकीर्तन आदिमा तन्मय भई जागेको भक्त आदि सबैलाई जाग्नेबित्तिकै जीवरूपमा आफ्नो बोध भइहाल्दछ। यो बोध उठ्नु नै रक्तबीज जाग्नु हो ।

यो रक्तबीज कहिले जाग्दछ भन्ने विषयमा यहाँ बताइको छ–जब यसको रक्त भुइँमा पर्दछ तब यो जाग्दछ। यसको अर्थ जीवभावलाई जाग्न कुनै विशेष अवलम्बन चाहिन्छ भन्ने हुन्छ । जहिले पनि म मानिस हुँ, म स्त्री-पुरुष हुँ, म बालक-वृद्ध हुँ आदि विशेष रूपमा नै जीवत्वको बोध उठ्ने देखिन्छ । रक्तबीजलाई मार्ने क्रममा के देखिन्छ भने यसको रगतलाई भुइँमा पर्न नदिई कालीले पिउनुभएको छ अनि अम्बिकाले उसमाथि अस्त्र प्रहार गरी त्यसको रगतलाई क्षीण गरिदिनुभएको छ । यसको अर्थ आफूलाई मानिस, स्त्री, पुरुष आदिको बोधबाट मुक्त गरी उपनिषद्अनुसार आत्मविचारको अस्त्र प्रहार गरे मात्र जीवबोध नष्ट हुने देखिन्छ। यसरी रक्तबीज नष्ट हुनुको विशेष आध्यात्मिक तात्पर्य रहेको छ।

**युयुधे स गदापाणिरिन्द्रशक्त्या महासुरः ।**
**ततश्चैन्द्री स्ववज्रेण रक्तबीजमताडयत् ॥४२॥**
**कुलिशेनाहतस्याशु बहु सुस्राव शोणितम् ।**
**समुत्तस्थुस्ततो योधास्तद्रूपास्तत्पराक्रमाः ॥४३॥**

**पदार्थ–**

**सः** = त्यो, **महासुरः** = महादानव, **गदापाणिः** = गदा हातमा लिई, **इन्द्रशक्त्या** = इन्द्रको शक्तिद्वारा, **युयुधे** = युद्ध गर्न लाग्यो, **ततः** = त्यसपछि, **ऐन्द्री च** = भगवती इन्द्रको शक्तिले पनि, **स्ववज्रेण** = आफ्नो वज्रले, **रक्तबीजम्** = रक्तबीजलाई, **अताडयत्** = हानिन् । **कुलिशेन** = वज्रले, **आहतस्य** = हानिएको त्यसको, **शोणितम्** = रगत, **आशु** = चाडैँ, **बहु** = धेरै, **सुस्राव** = बग्यो, **ततः** = त्यसपछि, **तद्रूपाः** = त्यस्तै रूप भएका, **तत्पराक्रमाः** = त्यत्तिकै पराक्रम भएका, **योधाः** = रक्तबीजसमान योद्धाहरू, **समुत्तस्थुः** = उत्पन्न भए ॥

**भावार्थ–**

त्यो महादैत्य हातमा गदा लिई पहिले इन्द्रको शक्ति ऐन्द्रीसँग युद्ध गर्न थाल्यो, त्यसपछि ऐन्द्री देवीले आफ्नो वज्रद्वारा रक्तबीजलाई प्रहार गर्नुभयो र वज्रप्रहारद्वारा त्यसको शरीरबाट धेरै रगत बग्नाले त्यहाँ त्यस्तै रूप र त्यस्तै पराक्रम भएका अनेक योद्धाहरू उत्पन्न हुन पुगे ॥

**यावन्तः पतितास्तस्य शरीराद्रक्तबिन्दवः ।**
**तावन्तः पुरुषा जातास्तद्वीर्यबलविक्रमाः ॥४४॥**

**पदार्थ–**

**तस्य** = ती रक्तबीजको, **शरीरात्** = शरीरबाट, **यावन्तः** = जति पनि, **रक्तबिन्दवः** = रगतको थोपाहरू, **पतिताः** = खसे, **तावन्तः** = त्यति नै, **तद्वीर्यबलविक्रमाः** = रक्तबीजकै समान पराक्रम एवं शक्ति भएका, पुरुषाः = पुरुषहरू, **जाताः** = उत्पन्न भए ॥

**भावार्थ–**

त्यो असुरको शरीरबाट रगतका जति थोपा भुइँमा खसेका थिए, त्यति नै संख्यामा ऊजत्तिकै बल एवं पराक्रम भएका दैत्यहरू त्यहाँ उत्पन्न भएका थिए ॥

**ते चापि युयुधुस्तत्र पुरुषा रक्तसम्भवाः ।**
**समं मातृभिरत्युग्रशस्त्रपातातिभीषणम् ॥४५॥**

**पदार्थ–**

**रक्तसम्भवाः च** = रगतबाट उत्पन्न भएका, **ते** = तिनीहरू, **पुरुषाः** = पुरुषहरू, **अपि** = पनि, **तत्र** = त्यहाँ, **मातृभिः समम्** = ब्राह्मी आदि मातृहरूसँग, **उग्रशस्त्रपातातिभीषणं** = अत्यन्त भयङ्कर शस्त्र-अस्त्र प्रहार गर्दै, **युयुधुः** = युद्ध गर्न थाले ॥

**भावार्थ–**

रगतबाट उत्पन्न भएका यी सबै पुरुषहरू पनि भयानक रूपमा शस्त्र प्रहार गर्दै मातृगणहरूसँग युद्ध गर्न थाले ॥

**पुनश्च वज्रपातेन क्षतमस्य शिरो यदा ।**
**ववाह रक्तं पुरुषास्ततो जाताः सहस्रशः ॥४६॥**

**पदार्थ–**

**पुनः च** = फेरि पनि, **वज्रपातेन** = वज्रको पिटाइले, **अस्य** = रक्तबीजको, **शिरः** = टाउको, **यदा** = जहिले, **क्षतम्** = फुट्यो, **रक्तं** = रगत, **ववाह** = बग्न थाल्यो, **ततः** = त्यसपछि, **सहस्रशः** = सयौँ, **पुरुषाः** = पुरुषहरू, **जाताः** = जन्मिए ॥

**भावार्थ–**

पुनः अर्कोपटक वज्र प्रहार हुँदा जब त्यसको शिरमा चोट लाग्यो, त्यहाँबाट रगत बगी त्यसैगरी हजारौँ अन्य पुरुषहरू फेरि उत्पन्न भए ॥

**वैष्णवी समरे चैनं चक्रेणाभिजघान ह ।**
**गदया ताडयामास ऐन्द्री तमसुरेश्वरम् ॥४७॥**

**पदार्थ–**

ह = निश्चय नै, **वैष्णवी च** = वैष्णवी शक्तिले, **एनं** = यसलाई, **समरे** = युद्धमा, **चक्रेण** = चक्रले, **अभिजघान** = प्रहार गर्नुभयो, **ऐन्द्री** = ऐन्द्रीशक्तिले, **तं** = ती, **असुरेश्वरम्** = दैत्याधिपतिलाई, **गदया** = गदाले, **ताडयामास** = प्रहार गर्नुभयो ॥

**भावार्थ–**

युद्धभूमिमा यस दैत्यलाई वैष्णवी देवीले आफ्नो चक्रले आघात गर्नुभयो । त्यसैगरी ऐन्द्री देवीले त्यो असुरसेनापतिलाई फेरि गदाले प्रहार गर्नुभयो ॥

**वैष्णवीचक्रभिन्नस्य रुधिरस्रावसम्भवैः ।**
**सहस्रशो जगद्व्याप्तं तत्प्रमाणैर्महासुरैः ॥४८॥**

**पदार्थ–**

**वैष्णवीचक्रभिन्नस्य** = वैष्णवीको चक्रले घाइते भएपछि, **रुधिरस्रावसम्भवैः** = रगत बग्नाले उत्पन्न भएका, **सहस्रशः** = सयौं, **तत्प्रमाणैः** = रक्तबीजतुल्य, **महासुरैः** = दैत्यहरूले, **जगत्** = संसार, **व्याप्तम्** = ढाकियो ॥

**भावार्थ–**

वैष्णवीको चक्रबाट घायल भएपछि उसको रगत बग्नाले उत्पन्न भएका ऊ समानका हजारौं अन्य महादैत्यहरूद्वारा सम्पूर्ण जगत् नै व्याप्त हुन लाग्यो ॥

**शक्त्या जघान कौमारी वाराही च तथासिना ।**
**माहेश्वरी त्रिशूलेन रक्तबीजं महासुरम् ॥४९॥**

**पदार्थ–**

**रक्तबीजम्** = रक्तबीज नामक, **महासुरम्** = महासुरलाई, **कौमारी** = कौमारीले, **शक्त्या** = शक्तिद्वारा, **तथा च** = त्यस्तै, **वाराही** = वाराहीले, **असिना** = तरबारले, **माहेश्वरी** = माहेश्वरी शक्तिले, **त्रिशूलेन** = त्रिशूलले, **जघान** = घाइते पार्नुभयो ॥

**भावार्थ–**

त्यो रक्तबीज महादैत्यलाई कौमारीले शक्तिद्वारा, वाराहीले तरबार एवं माहेश्वरीले त्रिशूलद्वारा आघात गर्नुभयो ॥

**स चापि गदया दैत्यःसर्वा एवाहनत् पृथक् ।**
**मातृः कोपसमाविष्टो रक्तबीजो महासुरः ॥५०॥**

**पदार्थ–**

**सः अपि** = त्यो, **महासुरः** = महादैत्य, **रक्तबीजः** = रक्तबीज नामक,

**दैत्यः च** = दानव, **कोपसमाविष्टः** = अत्यन्त क्रुद्ध भएर, **सर्वा एव** = सम्पूर्ण, **मातृः** = ब्रह्मी आदि शक्तिहरूलाई, **गदया** = गदाले, **पृथक्** = छुट्टाछुट्टै, **अहनत्** = प्रहार गर्न थाल्यो ॥

**भावार्थ–**

अत्यन्त क्रोधाविष्ट भएको त्यो महादैत्य रक्तबीजले पनि ती सबै मातृगणलाई छुट्टाछुट्टै आफ्नो गदाद्वारा प्रहार गऱ्यो ॥

**तस्याहतस्य बहुधा शक्तिशूलादिभिर्भुवि ।**
**पपात यो वै रक्तौघस्तेनासञ्छतशोऽसुराः ॥५१॥**

**पदार्थ–**

**बहुधा** = धेरै प्रकारको, **शक्तिशूलादिभिः** = शक्ति, शूल आदि अस्त्रद्वारा, **आहतस्य** = चुटिएको, **तस्य** = त्यो रक्तबीजको, **यः** = जो, **रक्तौघः** = रगतका धारा, **वै** = निश्चय नै, **भुवि** = भुइँमा, **पपात** = खस्यो, **तेन** = त्यसबाट, **शतशः** = सयौँ, **असुराः** = दैत्यहरू, **आसन्** = भए ॥

**भावार्थ–**

शक्ति, त्रिशूल आदिद्वारा घायल भएको त्यसको शरीरबाट भुइँमा जुन रगतको धारा बगिरहेको थियो, त्यसबाट सयौँ असुरहरू उत्पन्न भइरहेका थिए ॥

**तैश्चासुरासृक्सम्भूतैरसुरैः सकलं जगत् ।**
**व्याप्तमासीत्ततो देवा भयमाजग्मुरुत्तमम् ॥५२॥**

**पदार्थ–**

**असुरासृक्सम्भूतैः** = दानवको रगतबाट उत्पन्न भएका, **तैः** = ती, **असुरैः** = असुरहरूले, **सकलं** = सम्पूर्ण, **जगत्** = संसार, **व्याप्तम्** = व्याप्त, **आसीत्** = भयो, **ततः च** = त्यसपछि, **देवाः** = देवताहरू, **उत्तमम्** = अत्यन्त, **भयं** = भयग्रस्त, **आजग्मुः** = भए ॥

**भावार्थ–**

यसप्रकार उसको रगतबाट उत्पन्न भएका असुरहरूद्वारा सम्पूर्ण जगत् नै ढाकिन लागेको देखी देवताहरू एकदम भयभीत भए ॥

**तान् विषण्णान् सुरान् दृष्ट्वा चण्डिका प्राह सत्वरा ।**
**उवाच कालीं चामुण्डे विस्तीर्णं वदनं कुरु ॥५३॥**

**पदार्थ-**

**तान्** = ती, **विषण्णान्** = उदास भएका, **सुरान्** = देवताहरूलाई, **दृष्ट्वा** = देखेर, **चण्डिका** = भगवती चण्डिकाले, **सत्वरा** = शीघ्र, **प्राह** = भन्नुभयो, **कालीं** = कालीलाई, **चामुण्डे** = हे चामुण्डा ! **वदनं** = मुख, **विस्तीर्णं** = विशाल, **कुरु** = बनाऊ **उवाच** = भन्नुभयो ॥

**भावार्थ-**

सम्पूर्ण देवताहरूलाई चिन्तित भएको देखी चण्डिका देवीले तत्काल नै भगवती कालीलाई भन्नुभयो- हे चामुण्डा ! तिमी आफ्नो मुखलाई अझैं फैलाऊ ॥

**मच्छस्त्रपातसम्भूतान् रक्तबिन्दून्महासुरान् ।**
**रक्तबिन्दोः प्रतीच्छ त्वं वक्त्रेणानेन वेगिना ॥५४॥**

**पदार्थ-**

**मच्छस्त्रपातसम्भूतान्** = मेरा शस्त्रप्रहारबाट उत्पन्न भएका, **रक्तबिन्दून्** = रक्तबिन्दुलाई, **महासुरान्** = महादैत्यहरूलाई, **रक्तबिन्दोः** = रक्तबिन्दुसँगै, **अनेन** = यो, **वेगिना** = वेगपूर्वक, **वक्त्रेण** = मुखले, **प्रतीच्छ** = खाऊ ॥

**भावार्थ-**

मेरो शस्त्रप्रहारद्वारा खस्ने रगतका थोपा एवं त्यसबाट उत्पन्न हुने महादैत्यहरूलाई तिमी आफ्नो यो फैलिएको मुखबाट तत्काल नै चपाइहाल ॥

**भक्षयन्ती चर रणे तदुत्पन्नान्महासुरान् ।**
**एवमेष क्षयं दैत्यः क्षीणरक्तो गमिष्यति ॥५५॥**
**भक्ष्यमाणास्त्वया चोग्रा न चोत्पत्स्यन्ति चापरे ।**
**इत्युक्त्वा तां ततो देवी शूलेनाभिजघान तम् ॥५६॥**

**पदार्थ-**

**तदुत्पन्नान्** = रक्तबिन्दुबाट उत्पन्न भएका, **महासुरान्** = महादैत्यहरूलाई, **रणे** = युद्धमैदानमा, **भक्षयन्ती** = खाईं **चर** = हिँड, **एवं** = यसपछि, **एषः** = यो, **दैत्यः** = रक्तबीजनामक दैत्य, **क्षीणरक्तः** = रगतविहीन भएर, **क्षयं** = नष्ट, **गमिष्यति** = हुनेछ, **अपरे** = अरु, **उग्राः** = भयानक राक्षसहरू,

**च** = पनि, **त्वया** = तिमीले, **भक्ष्यमाणाः** = खादैँ गरेपछि, **न च उत्पत्स्यन्ति** = उत्पन्न हुँदैनन्, **इति** = यो कुरा, **तां** = ती कालीलाई, **उक्त्वा** = भनेर, **ततः** = त्यसपछि, **देवी** = भगवती देवीले, **तं** = त्यसलाई, **शूलेन** = त्रिशूलले, **अभिजघान** = प्रहार गर्नुभयो ॥

**भावार्थ–**

तिमी रगतबाट उत्पन्न भएका अन्य महादैत्यहरूलाई पनि भक्षण गर्दै रणभूमिमा विचरण गर । यसप्रकार जब रक्तबीजको शरीरमा रगत सकिन्छ, तब यो विनष्ट हुन्छ । जब तिमीले भयानक दैत्यहरूलाई खाइसक्छौ, त्यसपछि अरु नयाँ दैत्यहरू उत्पन्न हुनेछैनन् । यसो भनी देवी चण्डिकाले त्यस रक्तबीजलाई त्रिशूलद्वारा प्रहार गर्नुभयो ॥

**मुखेन काली जगृहे रक्तबीजस्य शोणितम् ।**
**ततोऽसावाजघानाथ गदया तत्र चण्डिकाम् ॥५७॥**

**पदार्थ–**

**काली** = भगवती कालीले, **रक्तबीजस्य** = रक्तबीजको, **शोणितम्** = रगत, **मुखेन** = मुखले, **जगृहे** = पिउनुभयो, **ततः** = त्यसपछि, **असौ** = उसले, **तत्र** = त्यहाँ, **अथ** = अनि, **गदया** = गदाले, **चण्डिकां** = चण्डिका देवीलाई, **आजघान** = हान्यो ॥

**भावार्थ–**

त्यसबाट उत्पन्न भएको रक्तबीजको रगतलाई भगवती कालीले मुख फैलाई पिइदिनुभयो । त्यसपछि उसले पनि आफ्नो गदाद्वारा चण्डिकामाथि प्रहार गऱ्यो ॥

**न चास्या वेदनां चक्रे गदापातोऽल्पिकामपि ।**
**तस्याहतस्य देहात्तु बहु सस्राव शोणितम् ॥५८॥**

**पदार्थ–**

**गदापातः च** = गदाको प्रहारले, **अस्याः** = भगवती देवीको, **अल्पिकाम् अपि** = थोरै पनि, **वेदनां** = कष्ट, **न चक्रे** = गरेन, **आहतस्य** = घाइते, **तस्य** = रक्तबीजको, **देहात् तु** = शरीरबाट त, **बहु** = धेरै, **शोणितम्** = रगत, **सुस्राव** = बग्यो ॥

**भावार्थ–**

त्यसको गदाप्रहारबाट भगवतीलाई अलिकति पनि कष्ट भएन तर त्रिशूलद्वारा आहत भएको उसको शरीरबाट चाहिँ धेरै रगत बग्यो ॥

**यतस्ततस्तद्वक्त्रेण चामुण्डा सम्प्रतीच्छति ।**
**मुखे समुद्गता येऽस्या रक्तापातान्महासुराः ॥५९॥**
**ताँश्चखादाथ चामुण्डा पपौ तस्य च शोणितम् ।**
**देवी शूलेन वज्रेण बाणैरसिभिर्ऋष्टिभिः ॥६०॥**
**जघान शक्तबीजं तं चामुण्डापीतशोणितम् ।**
**स पपात महीपृष्ठे शस्त्रसुसमाहतः ॥६१॥**
**नीरक्तश्च महीपाल रक्तबीजो महासुरः ।**
**ततस्ते हर्षमतुलमवापुस्त्रिदशा नृप ॥६२॥**

**पदार्थ–**

**ततः** = त्यो रगत, **यतः** = जहाँबाट बग्छ, **ततः** = त्यहीँ नै, **चामुण्डा** = कालिकाले, **वक्त्रेण** = आफ्नो मुखमा, **सम्प्रतीच्छति** = थाप्नुहुन्थ्यो, **रक्तपातात्** = रक्तपात हुनाले, **अस्याः** = यी भगवती देवीको, **मुखे** = मुखमा, **ये** = जो, **महासुराः** = महादैत्यहरू, **समुद्गताः** = उत्पन्न भए, **तान्** = तिनीहरूलाई, **चखाद** = खाइदिनुभयो, **अथ** = त्यसपछि, **चामुण्डा** = चामुण्डाले, **तस्य** = त्यसको, **शोणितम् च** = रगत पनि, **पपौ** = पिइदिनुभयो, **देवी** = भगवती देवीले, **त्रिशूलेन** = त्रिशूलले, **वज्रेण** = वज्रले, **बाणैः** = बाणहरूले, **असिभिः** = खड्गहरूले, **ऋष्टिभिः** = ऋष्टिहरूले, **चामुण्डापीतशोणितम्** = चामुण्डाद्वारा रगत पिइएको, **तं** = त्यो, **रक्तबीजम्** = रक्तबीजलाई, **जघान** = हान्नुभयो । **महीपाल** = हे राजन् ! **सः** = त्यो, **शस्त्रसुसमाहतः** = शस्त्रको समूहले आहत भएको, **नीरक्तः** = रक्तरहित भएको, **महासुरः** = महादानव, **रक्तबीजः** = रक्तबीज नामक दैत्य, **महीपृष्ठे** = पृथिवीमा, **पपात** = ढल्यो, **नृप** = हे राजन् ! **ततः** = त्यसपछि, **ते** = ती, **त्रिदशाः** = देवताहरूले, **अतुलं** = अत्यन्त, **हर्ष** = हर्षलाई, **अवापुः** = पाए ॥

**भावार्थ–**

जहाँजहाँ रगत खस्यो, त्यहीं चामुण्डा देवीले त्यसलाई आफ्नो मुखभित्र निल्नुभयो । चामुण्डाको मुखमा उसको रगत पर्नाले त्यहींभित्र पनि महादैत्यहरू उत्पन्न भए तर ती सबैलाई चामुण्डा देवीले एकै गाँसमा चपाइदिनुभयो र रक्तबीजबाट शरिरहेको अरु रगतलाई पनि पिइदिनुभयो । चामुण्डा देवीले रक्तबीजको सबै रगत पिइसकेपछि भगवती चण्डिकाले त्रिशूल, वज्र, बाण, खड्ग तथा ऋष्टि आदि अस्त्रहरूले रक्तबीजमाथि प्रहार गर्नुभयो र अनेकौं शस्त्रहरूको एकसाथको आक्रमणबाट त्यो महादैत्य भुइँमा गर्लम्म पछारियो । हे राजन् ! त्यो रक्तबीज महादैत्य रक्तहीन भएकाले पृथिवीमा ढली त्यहीं प्राणत्याग गऱ्यो । यसपछि सम्पूर्ण देवताहरू अतुलनीय हर्षका कारण प्रफुल्लित भए ॥

**तेषां मातृगणो जातो ननर्तासृङ्मदोद्धतः ॥६३॥**

**पदार्थ–**

**तेषां** = तिनीहरूको, **असृङ्मदोद्धतः** = रक्तपानको मदले उन्मत्त, **जातः** = भएर, **मातृगणः** = ब्राह्मी आदि मातृगण, **ननर्त** = नाच्न थाले ॥

**भावार्थ–**

सम्पूर्ण मातृगण पनि असुरहरूको रक्तपानको मदद्वारा उन्मत्त भई नाच-गान गर्न थाले ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये रक्तबीजवधो नामाष्टमोऽध्यायः ॥८॥

उवाच १, अर्धश्लोकः १, श्लोकाः ६१, एवम् ६३ ॥ एवमादितः५०२॥

# अथ नवमोऽध्यायः

## निशुम्भ-वध

*अथ ध्यानम्*

**ॐ बन्धूककाञ्चननिभं रुचिराक्षमालां**
**पाशाङ्कुशौ च वरदां निजवाहुदण्डैः ।**
**बिभ्राणमिन्दुशकलाभरणं त्रिनेत्र-**
**मर्धाम्बिकेशमनिशं वपुराश्रयामि ॥**

**पदार्थ–**

**निजवाहुदण्डैः** = आफ्ना बलिष्ठ भुजाहरूद्वारा, **रुचिराक्षमालाम्** = सुन्दर अक्षमाला, **पाशाङ्कुशौ** = पाश र अङ्कुश, **वरदां च** = वरमुद्रासमेत, **बिभ्राणम्** = धारण गरिरहेकी, **इन्दुसकलावरणम्** = अर्धचन्द्रको आभूषणले सुशोभित, **बन्धूककाञ्चननिभम्** = बन्धूक पुष्प र सुवर्णसमान मिश्रित कान्ति भएको, **अर्धाम्बिकेशं वपुः** = अर्धनाधीश्वर स्वरूपलाई, **अनिशम्** = सधैं, **आश्रयामि** = शरण लिन्छु ॥

**भावार्थ–**

म भगवान् शिव र माता पार्वतीको आधा-आधा अङ्गले संयुक्त अर्धनारीश्वर स्वरूपको शरण पर्दछु । त्यो स्वरूपको आधा भाग बन्धूक पुष्प र आधा भाग सुवर्णसमान रहेको छ । अर्धचन्द्रको आभूषण एवं तीन नेत्रद्वारा सुशोभित अर्धनारीश्वरले आफ्ना हातहरूमा सुन्दर अक्षमाला, पाश, अङ्कुश र वरमुद्रा धारण गर्नुभएको छ ॥

*ॐ* ***राजोवाच*** *॥१॥ राजाले भने ॥*

**विचित्रमिदमाख्यातं भगवन् भवता मम ।**
**देव्याश्चरितमाहात्म्यं रक्तबीजवधाश्रितम् ॥२॥**

**पदार्थ–**

**भगवन्** = हे ऐश्वर्यशाली, **भवता** = हजुरले, **रक्तबीजवधाश्रितम्** = रक्तबीजको वधको विषयलाई आश्रित गरेर, **इदं** = यो, **विचित्रं** = अद्भुत, **देव्याः** = देवीको, **चरितमाहात्म्यं** = चरित्रको माहात्म्य, **मम** = मलाई, **आख्यातं** = बताउनुभयो ॥

**भावार्थ–**

हे भगवन् ! हजुरले मलाई रक्तबीजको वधसँग सम्बन्धित भगवतीचरित्रको यो अद्भुत माहात्म्य बताउनुभयो ॥

**भूयश्चेच्छाम्यहं श्रोतुं रक्तबीजे निपातिते ।**
**चकार शुम्भो यत्कर्म निशुम्भश्चातिकोपनः ॥३॥**

**पदार्थ–**

**अहं**=म, **भूयः च**=फेरिपनि, **रक्तबीजे**=रक्तबीज, **निपातिते**=मरिसकेपछि, **अतिकोपनः** = अत्यन्त रिसाएको, **शुम्भः** = शुम्भ, **निशुम्भः च** = निशुम्भले, **यत्कर्म** = जो काम, **चकार** = गऱ्यो, **श्रोतुम्** = त्यो सुन्नलाई, **इच्छामि** = चाहन्छु ॥

**भावार्थ–**

रक्तबीज मारिएपछि दैत्यराज शुम्भ र अत्यन्त क्रुद्ध निशुम्भले पनि जे गरे, त्यो म हजुरबाट फेरि सुन्न चाहन्छु ॥

*ऋषिरुवाच ॥४॥ ऋषिले भन्नुभयो ॥*

**चकार कोपमतुलं रक्तबीजे निपातिते ।**
**शुम्भासुरो निशुम्भश्च हतेष्वन्येषु चाहवे ॥५॥**

**पदार्थ–**

**आहवे** = युद्धमा, **रक्तबीजे** = रक्तबीज नामक दैत्य, **निपातिते** = मारिएपछि, **अन्येषु** = अन्य सेनाहरू, **हतेषु** = मारिएपछि, **शुम्भासुरः** = शुम्भदैत्य, **निशुम्भः च** = निशुम्भ दैत्यले, **अतुलं** = अत्यन्त, **क्रोधं** = क्रोध, **चकार** = गऱ्यो ॥

**भावार्थ–**

युद्धमा रक्तबीज मारिएपछि र अन्य दैत्यहरू पनि विनष्ट भएपछि असुरराज शुम्भ र निशुम्भले पनि अत्यन्त क्रोध गरे ॥

**हन्यमानं महासैन्यं विलोक्यामर्षमुद्वहन् ।**
**अभ्यधावन्निशुम्भोऽथ मुख्ययासुरसेनया ॥६॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **हन्यमानं** = मरेका, **महासैन्यं** = ठूला सेनाहरूलाई, **विलोक्य** = देखेर, **अमर्षम्** = क्रोधलाई, **उद्वहन्** = धारण गर्दै, **मुख्यया** = प्रमुख, **असुरसेनया** = असुरका सेना लिएर, **निशुम्भः** = निशुम्भनामक दैत्य,

**अभ्यधावत्** = देवी भएतिर दौडियो ॥

**भावार्थ–**

आफ्नो विशाल सेना नष्ट भइरहेको देखेर रिसले चूर भई निशुम्भ असुरहरूको प्रधान सेनालाई साथ लिई भगवतीतिर दौडियो ॥

**तस्याग्रतस्तथा पृष्ठे पार्श्वयोश्च महासुराः ।**
**संदष्टौष्ठपुटाः क्रुद्धा हन्तुं देवीमुपाययुः ॥७॥**

**पदार्थ–**

**तस्य** = त्यसको, **अग्रतः** = अगाडि, **पृष्ठतः** = पछि, **तथा** = त्यस्तै, **पार्श्वयोः च** = पार्श्वभागमा पनि, **क्रुद्धाः** = रिसाएका, **संदष्टौष्ठपुटाः** = ओठ चपाउँदै गरेका, **महासुराः** = महादैत्यहरू, **देवीं** = भगवती देवीलाई, **हन्तुं** = मार्नलाई, **उपाययुः** = समीपमा आए ॥

**भावार्थ–**

उसको अघि, पछि र दायाँ, बायाँ पनि क्रोधका कारण दाँतले ओठ च्यापिरहेका भयानक असुरहरू थिए, ती सबै देवीलाई मार्न भनी उद्यत भए ॥

**आजगाम महावीर्यः शुम्भोऽपि स्वबलैर्वृतः ।**
**निहन्तुं चण्डिकां कोपात्कृत्वा युद्धं तु मातृभिः ॥८॥**

**पदार्थ–**

**महावीर्यः** = महान् पराक्रम भएको, **स्वबलैः** = आफ्ना सैनिकले, **वृतः** = घेरिएको, **शुम्भः अपि** = दैत्य शुम्भ पनि, **कोपात्** = रिसले, **मातृभिः** = देवीगणसँग, **युद्धं** = युद्ध, **कृत्वा** = गरेर, **चण्डिकां तु** = भगवतीलाई नै, **निहन्तुं** = मार्न, **आजगाम** = आयो ॥

**भावार्थ–**

आफ्नो सेनाले सहित भएको महापराक्रमी शुम्भ पनि मातृगणहरूसँग युद्ध गरी क्रोधपूर्वक चण्डिकालाई मार्न भनी आयो ॥

**ततो युद्धमतीवासीद्देव्या शुम्भनिशुम्भयोः ।**
**शरवर्षमतीवोग्रं मेघयोरिव वर्षतोः ॥९॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **मेघयोः** = मेघको, **इव** = झैं, **अतीव उग्रं** = धेरै डर

लाग्दो, **शरवर्षम्** = बाणवर्षा, **वर्षतोः** = वर्षा गर्ने, **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भको साथ, **देव्या** = भगवती देवीसँग, **अतीव** = अत्यन्त ठूलो, **युद्धं** = युद्ध, **आसीत्** = भयो ॥

**भावार्थ–**

त्यसपछि देवी र शुम्भ-निशुम्भको बीच भयानक युद्धको आरम्भ भयो । दुबै पक्षले बादलझैं बाण बर्साइरहेका थिए ॥

**चिच्छेदास्ताञ्छरांस्ताभ्यां चण्डिका स्वशरोत्करैः ।**
**ताडयामास चाङ्गेषु शस्त्रौघैरसुरेश्वरौ ॥१०॥**

**पदार्थ–**

**चण्डिका** = भगवतीले, **ताभ्यां** = शुम्भ र निशुम्भद्वारा, **आस्तान्** = फ्याँकिएका, **शरान्** = बाणहरूलाई, **स्वशरोत्करैः** = आफ्नो बाणको समूहले, **चिच्छेद** = काटिदिनुभयो, **शस्त्रौघैः** = शस्त्रका समूहहरूले, **असुरेश्वरौ** = दुबै दैत्यहरूको, **अङ्गेषु च** = अङ्गहरूमा पनि, **ताडयामास** = प्रहार गर्नुभयो ॥

**भावार्थ–**

दुबै दैत्यले प्रहार गरेका बाणहरूलाई चण्डिकाले आफ्ना बाणहरूद्वारा काटिदिनुभयो र अनेक शस्त्रहरूको प्रहारले दुबै दैत्यपतिहरूको शरीरमा चोट पुऱ्याउनुभयो ॥

**निशुम्भो निशितं खड्गं चर्म चादाय सुप्रभम् ।**
**अताडयन्मूर्ध्नि सिंहं देव्या वाहनमुत्तमम् ॥११।**

**पदार्थ–**

**निशुम्भः च** = निशुम्भले पनि, **निशितं** = तीखो, **खड्गं** = खड्ग, **सुप्रभम्** = अत्यन्त चम्किलो, **चर्म** = ढाल, **आदाय** = लिएर, **देव्याः** = भगवतीको, **उत्तमम्** = अत्यन्त उत्तम, **वाहनम्** = वाहनलाई, **मूर्ध्नि** = टाउकोमा, **अताडयत्** = हान्यो ॥

**भावार्थ–**

निशुम्भले तीखो तरबार र चम्किलो ढाल हातमा लिई देवीको श्रेष्ठ वाहन सिंहलाई शिरमा प्रहार गऱ्यो ॥

**ताडिते वाहने देवी क्षुरप्रेणसिमुत्तमम् ॥**
**निशुम्भस्याशु चिच्छेद चर्म चाप्यष्टचन्द्रकम् ॥१२॥**

**पदार्थ–**

**वाहने** = आफ्नो वाहनले, **ताडिते** = पिटाइ खाइसकेपछि, **देवी** = भगवतीले, **क्षुरप्रेण** = क्षुरप्र नामक बाणद्वारा, **निशुम्भस्य** = निशुम्भको, **उत्तमम्** = अति उत्तम, **असिम्** = तरबारलाई, **अष्टचन्द्रकम्** = आठ चाँद जडित, **चर्म** = ढाल, **च अपि** = पनि, **आशु** = चाँडै, **चिच्छेद** = काटिदिनुभयो ॥

**भावार्थ–**

आफ्नो वाहनमाथि प्रहार भएपछि देवीले क्षुरप्र नामक बाणद्वारा उसको श्रेष्ठ तरबार एवं आठवटा चाँद जडिएको निशुम्भको ढाललाई पनि टुक्रा-टुक्रा पारिदिनुभयो ॥

**छिन्ने चर्मणि खड्गे च शक्तिं चिक्षेप सोऽसुरः ।**
**तामप्यस्य द्विधा चक्रे चक्रेणाभिमुखागताम् ॥१३॥**

**पदार्थ–**

**चर्मणि** = ढाल, **खड्गे च** = तरबार पनि, **छिन्ने** = काटिए पछि, **सः** = त्यो, **असुरः** = राक्षसले, **शक्तिं** = शक्ति, **चिक्षेप** = फ्याँक्यो, दैत्यको, **अभिमुखागताम्** = सामुन्ने आएको, **अस्य** = त्यो **तां** = त्यो शक्तिलाई, **चक्रेण** = चक्रद्वारा, **द्विधा** = दुई टुक्रा **चक्रे** = गरिदिनुभयो ॥

**भावार्थ–**

आफ्नो ढाल र तरबार काटिएपछि त्यो असुरले देवीमाथि शक्तिको प्रहार गऱ्यो तर नजिक आइपुग्नेवित्तिकै भगवतीले त्यसलाई चक्रद्वारा दुई टुक्रा पारिदिनुभयो ॥

**कोपाध्मातो निशुम्भोऽथ शूलं जग्राह दानवः ।**
**आयातं मुष्टिपातेन देवी तच्चाप्यचूर्णयत् ॥१४॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **कोपाध्मातः** = क्रोधले उन्मत्त भएको, **दानवः** = दैत्य, **निशुम्भः** = निशुम्भ, **शूलं** = शूल, **जग्राह** = लियो, **आयातं** = आउँदै गरेको **तत् च** = त्यसलाई **अपि** = पनि, **देवी** = भगवती देवीले, **मुष्टिपातेन**

= मुक्काप्रहारले, **अचूर्णयत्** = चूर्ण गरिदिनुभयो ॥

**भावार्थ–**

रिसले जागेको निशुम्भ दैत्यले हातमा त्रिशूल लिई देवीमाथि प्रहार गऱ्यो । त्यसलाई पनि देवीले आफ्नो मुक्काको प्रहारले चूर्ण गरिदिनुभयो ॥

**आविध्याथ गदां सोऽपि चिक्षेप चण्डिकां प्रति ।**
**सापि देव्या त्रिशूलेन भिन्ना भस्मत्वमागता ॥१५॥**

**पदार्थ–**

**अथ** = त्यसपछि, **सः अपि** = त्यो दैत्यले पनि, **गदां** = गदालाई, **आविध्य** = घुमाएर, **चण्डिकां प्रति** = चण्डिका भएतिर, **चिक्षेप** = फ्याँक्यो, **सा अपि** = त्यसलाई पनि, **देव्या** = भगवती देवीलद्वारा, **त्रिशूलेन** = त्रिशूलले, **भिन्ना** = काटिई, **भस्मत्वं** = भस्म, **आगता** = भयो ॥

**भावार्थ–**

उसले फेरि भयानक गदा घुमाएर चण्डिकामाथि प्रहार गऱ्यो तर त्यो देवीको त्रिशूलद्वारा काटिएर भस्म भयो ॥

**ततः परशुहस्तं तमायान्तं दैत्यपुङ्गवम् ।**
**आहत्य देवी बाणौघैरपातयत भूतले ॥१६॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **परशुहस्तम्** = बञ्चरो हातमा लिएर, **आयान्तं** = आउँदै गरेको, **दैत्यपुङ्गवम्** = दैत्यश्रेष्ठ, **तं** = त्यसलाई, **देवी** = भगवतीले, **बाणौघैः** = बाणको समूहले, **आहत्य** = घाइते बनाएर, **भूतले** = भूमिमा, **अपातयत** = पछारिदिनुभयो ॥

**भावार्थ–**

त्यसपछि हातमा बञ्चरो उचालेर आफूतर्फ फ्म्टिरहेको त्यस दैत्यश्रेष्ठ निशुम्भलाई देवीले अनेक बाणहरूद्वारा घायल गरी भुइँमा ढालिदिनुभयो ॥

**तस्मिन्निपतिते भूमौ निशुम्भे भीमविक्रमे ।**
**भ्रातर्यतीव संक्रुद्धः प्रययौ हन्तुमम्बिकाम् ॥१७॥**

**पदार्थ–**

**तस्मिन्** = त्यो, **भीमविक्रमे** = अत्यन्त पराक्रमशाली, **भ्रातरि** =

भाइ, **निशुम्भे** = निशुम्भ, **भूमौ** = भूमिमा, **निपतिते** = ढलिसकेपछि, **अतीव** = अत्यन्त, **संक्रुद्धः** = क्रोधित भएको शुम्भ, **अम्बिकां** = अम्बिकालाई, **हन्तुं** = मार्नलाई, **प्रययौ** = अघि बढ्यो ॥

**भावार्थ–**

भयानक पराक्रमी आफ्नो भाइ निशुम्भ अचेत भई भुइँमा ढलेपछि अत्यन्त रिसाएको शुम्भ अम्बिकालाई मार्न भनी गयो ॥

**स रथस्थस्तथात्युच्चैर्गृहीतपरमायुधैः ।**
**भुजैरष्टाभिरतुलैर्व्याप्याशेषं बभौ नभः ॥१८॥**

**पदार्थ–**

**तथा** = त्यसपछि, **उच्चैः** = अग्लो, **रथस्थः** = रथमा बसेको, **सः** = त्यो शुम्भ, **गृहीतपरायुधैः** = उत्तम आयुधले शोभित भई, **अतुलैः** = अनुपम, **अष्टाभिः** = आठ, **भुजैः** = भुजाहरूले, **अशेषं** = सम्पूर्ण, **नभः** = आकाश, **व्याप्य** = ढाकेर, **बभौ** = शोभायमान भयो ॥

**भावार्थ–**

रथमा बसिरहेको त्यो दैत्यराज शुम्भ उत्तम शस्त्र-अस्त्रहरूले सुशोभित आफ्ना अतुलनीय आठ हातहरूले आकाशलाई नै ढाकेर शोभायमान भयो ॥

**तमायान्तं समालोक्य देवी शङ्खमवादयत् ।**
**ज्याशब्दं चापि धनुषश्चकारातीव दुःसहम् ॥१९॥**
**पूरयामास ककुभो निजघण्टास्वनेन च ।**
**समस्तदैत्यसैन्यानां तेजोवधविधायिना ॥२०॥**

**पदार्थ–**

**आयान्तं** = आउँदै गरेको, **तं** = त्यसलाई, **समालोक्य** = देखेर, **देवी** = भगवतीले, **शङ्ख** = शङ्ख, **अवादयत्** = बजाउनुभयो, **धनुषः च** = धनुषको पनि, **अतीव** = अत्यन्त, **दुःसहम्** = सहन नसकिने, **ज्याशब्दं** = टङ्कार ध्वनि, **अपि** = पनि, **चकार** = गर्नुभयो । **समस्तदैत्यसैन्यानां** = सम्पूर्ण दैत्य सेनाहरूको, **तेजोवधविधायिना** = तेजलाई नष्ट गरिदिने, **निजघण्टास्वनेन** = आफ्नो घण्टानादले, **ककुभः च** = दिशाहरूलाई, **पूरयामास** = गुञ्जायमान गरिदिनुभयो ॥

**भावार्थ–**

उसलाई आइरहेको देखेर देवीले शङ्ख बजाउनुभयो र आफ्नो धनुषको ताँदो झङ्कारी असह्य भयानक शब्द निकाल्नुभयो । उहाँले समस्त दैत्यसेनाको तेजोवध गर्नका लागि आफ्नो घण्टाको शब्दले सम्पूर्ण दिशालाई गुञ्जायमान गराउनुभयो ॥

**ततः सिंहो महानादैस्त्याजितेभमहामदैः ।**
**पूरयामास गगनं गां तथैव दिशो दश ॥२१॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **सिंहः** = देवीवाहन सिंहले पनि, **त्याजितेभमहामदैः** =ठूला-ठूला हात्तीहरूको पनि मद नष्ट गर्ने, **महानादैः** = सिंहगर्जनले, **गगनं** = आकाश, **गां** = पृथिवी, **तथैव** = त्यस्तै, **दश दिशः** = दश दिशा, **पूरयामास** = व्याप्त गऱ्यो ॥

**भावार्थ–**

त्यसपछि भगवतीको वाहन सिंहले पनि भयानक सिंहनाद गरी सम्पूर्ण गगनमण्डल एवं दशै दिशालाई पूरित गरिदियो । उसको गर्जनाद्वारा ठूला-ठूला मदोन्मत्त हात्तीहरूको मद पनि नष्ट भयो ॥

**ततः काली समुत्पत्य गगनं क्ष्मामताडयत् ।**
**कराभ्यां तन्निनादेन प्राक्स्वनास्ते तिरोहिताः ॥२२॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **काली** = भगवती कालीले, **गगनं** = आकाशमा, **समुत्पत्य** = उफ्रेर, **क्ष्माम्** = पृथिवीलाई, **अताडयत्** = पिट्नुभयो, **तन्निनादेन** = त्यो ध्वनिले, **ते** = तिनीहरू, **प्राक्स्वनाः** = पहिलेका ध्वनिहरू, **तिरोहिताः** = शान्त भए॥

**भावार्थ–**

त्यसपछि कालीले आकाशमा उफ्रिई आफ्ना दुबै हातले पृथिवीमा यसप्रकार प्रहार गर्नुभयो कि त्यसको भयानक शब्दद्वारा पुराना सबै शब्दहरू त्यत्तिकै हराए ॥

**अट्टाट्टहासमशिवं शिवदूती चकार ह ।**
**तैः शब्दैरसुरास्त्रेसुः शुम्भः कोपं परं ययौ ॥२३॥**

**पदार्थ–**

**शिवदूती** = देवीले, **हि** = निश्चय नै, **अशिवं** = अमङ्गल, **अट्टाट्टहासम्** = अट्टहास, **चकार** = गरिन्, **तैः** = त्यो, **शब्दैः** = अट्टहासले, **असुराः** = दैत्यहरू, **त्रेसुः** = थर्कमान भए, **शुम्भः** = शुम्भ नामक दैत्यले, **परं** = अत्यन्त, **कोपं** = क्रोध, **ययौ** = गऱ्यो ॥

**भावार्थ–**

शिवदूतीले पनि अमङ्गलकारी भयानक अट्टहास गर्नुभयो । यी शब्दहरूद्वारा अन्य असुरहरू थर्कमान भए तर शुम्भचाहिँ झनै उत्तेजित भयो ॥

**दुरात्मंस्तिष्ठ तिष्ठेति व्याजहाराम्बिका यदा ।**
**तदा जयेत्यभिहितं देवैराकाशसंस्थितैः ॥२४॥**

**पदार्थ–**

**यदा** = त्यस समय, **अम्बिका** = भगवतीले, **दुरात्मन्** = हे दुरात्मा ! **तिष्ठ** = पख, **तिष्ठ** = पख, **इति** = यस्तो, **व्याजहार** = भन्नुभयो, **तदा** = त्यस समय, **आकाशसंस्थितैः** = आकाशमा रहेका, **देवैः** = देवताहरूले, **जय इति** = जय होस् जय होस्, **अभिहितम्** = भने ॥

**भावार्थ–**

अम्बिका भगवतीले जब शुम्भलाई ए दुरात्मा ! पख् ! पख् ! भनी कराउनुभयो, त्यसपछि आकाशमा रहेका देवगणहरूले जयजयकार गरे ॥

**शुम्भेनागत्य या शक्तिर्मुक्ता ज्वालातिभीषणा ।**
**आयान्ती वह्निकूटाभा सा निरस्ता महोल्कया ॥२५॥**

**पदार्थ–**

**शुम्भेन** = शुम्भले, **आगत्य** = आएर, **या** = जो, **अतिभीषणा** = भयानक, **ज्वाला** = ज्वालाले युक्त, **शक्तिः** = शक्ति **मुक्ता** = फ्याँक्यो, **आयान्ती** = आउँदै गरेको, **वह्निकूटाभा** = आगोको पर्वतको समान, **सा** = त्यो शक्तिलाई, **महोल्कया** = महान् उल्काले, **निरस्ता** = परास्त गर्नुभयो ॥

**भावार्थ–**

देवीको नजिक आई शुम्भले अनेकौँ भीषण ज्वालाले युक्त भयानक शक्ति चलाई। अग्नि पर्वतसमानको त्यस शक्तिलाई भगवतीले पनि अगुल्टोको

प्रहारद्वारा हटाइदिनुभयो ॥

**सिंहनादेन शुम्भस्य व्याप्तं लोकत्रयान्तरम् ।**
**निर्घातनिःस्वनो घोरो जितवानवनीपते ॥२६॥**

**पदार्थ–**

**शुम्भस्य** = शुम्भको, **सिंहनादेन** = सिंहनादले, **लोकत्रयान्तरम्** = तीनै लोक, **व्याप्तम्** = व्याप्त भयो, **अवनिपते** = हे राजन् ! **घोरः** = भयानक, **निर्घातनिःस्वनः** = वज्रपातसमान प्रतिध्वनिले, **जितवान्** = सम्पूर्ण ध्वनिलाई जित्यो ॥

**भावार्थ–**

त्यहीबेलामा शुम्भले गरेको सिंहनादले तीनै लोक गुञ्जियो, हे राजन् ! घोर प्रतिध्वनिले अरु सम्पूर्ण शब्दहरूलाई नाश गऱ्यो ॥

**शुम्भमुक्ताञ्छरान्देवी शुम्भस्तत्प्रहिताञ्छरान् ।**
**चिच्छेद स्वशरैरुग्रैः शतशोऽथ सहस्रशः ॥२७॥**

**पदार्थ–**

**शुम्भमुक्तान्** = शुम्भले चलाएका, **शरान्** = बाणहरूलाई, **देवी** = देवीले, **तत्प्रहितान्** = देवीले प्रहार गरेको, **शरान्** = बाणलाई, **शुम्भः** = शुम्भले, **उग्रैः** = भयानक, **स्वशरैः** = आफ्नो बाणहरूले, **शतशः** = सयौँ, **अथ** = त्यसपछि, **सहस्रशः** = हजारौँ टुक्रामा, **चिच्छेद** = काटिदिए ॥

**भावार्थ–**

शुम्भले प्रहार गरेका बाणहरूलाई भगवतीले र उहाँले प्रहार गर्नुभएका बाणहरूलाई शुम्भले पनि आफ्ना भयानक बाणहरूद्वारा हजारौँ टुक्रामा छिन्नभिन्न गराए ॥

**ततः सा चण्डिका क्रुद्धा शूलेनाभिजघान तम् ।**
**स तदाभिहतो भूमौ मूर्च्छितो निपपात ह ॥२८॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **क्रुद्धा** = रिसाएकी, **सा** = ती, **चण्डिका** = चण्डिकादेवीले, **तं** = त्यो दैत्यलाई, **शूलेन** = शूलले, **अभिजघान** = हानिन्, **तदा** = त्यसपछि, **ह** = निश्चय नै, **अभिहतः** = मार खाएको, **सः** = त्यो,

**मूर्च्छितः** = मुर्छा परेर, **भूमौ** = भुइँमा **निपपात** = पसारियो ॥

**भावार्थ–**

त्यसपछि ती चण्डिकाले अत्यन्त रिसाई सिंहलाई त्रिशूलले आघात गर्नुभयो । त्यसबाट मूर्च्छित भई शुम्भ भुइँमै गर्ल्याम्म ढल्यो ॥

**ततो निशुम्भः सम्प्राप्य चेतनामात्तकार्मुकः ।**
**आजघान शरैर्देवीं कालीं केसरिणं तथा ॥२९॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **निशुम्भः** = निशुम्भले, **चेतनां** = होश, **सम्प्राप्य** = पाएर, **आत्तकार्मुकः** = धनु र बाण लिएर, **शरैः** = बाणहरूले, **कालीं** = काली, **देवीं** = देवीलाई, **तथा** = त्यस्तै, **केसरिणं** = सिंहलाई, **आजघान** = हान्यो ॥

**भावार्थ–**

त्यसपछि अचेत भएको निशुम्भ ब्युँझियो र धनुष हातमा उजाई उसले बाणको वर्षाद्वारा चण्डिका देवी, काली र सिंह सबैलाई घायल गरिदियो ॥

**पुनश्च कृत्वा बाहूनामयुतं दनुजेश्वरः ।**
**चक्रायुधेन दितिजश्छादयामास चण्डिकाम् ॥३०॥**

**पदार्थ–**

**पुनः च** = फेरि पनि, **दनुजेश्वरः** = दैत्यराज, **दितिजः** = दितिपुत्र, **बाहूनाम्** = आफ्ना हातहरू, **अयुतं** = दशहजार, **कृत्वा** = बनाएर, **चक्रायुधेन** = चक्रको प्रहारले, **चण्डिकां** = भगवती देवीलाई, **छादयामास** = ढाकिदियो ॥

**भावार्थ–**

त्यसपछि दैत्यराज निशुम्भले आफ्ना हातलाई दशौँ हजारसमान घुमाउँदै चक्रको प्रहारद्वारा चण्डिकालाई ढाकिदियो ॥

**ततो भगवती क्रुद्धा दुर्गा दुर्गार्तिनाशिनी ।**
**चिच्छेद तानि चक्राणि स्वशरैः सायकाँश्च तान् ॥३१॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **दुर्गार्तिनाशिनी** = दुर्गम पीडाको नाश गरिदिने, **भगवती** = देवी, **दुर्गा** = दुर्गाले, **क्रुद्धा** = क्रुद्ध भएर, **स्वशरैः** = आफ्ना बाणहरूले, **तानि** = ती, **चक्राणि** = चक्रहरू, **तान्** = ती, **सायकान् च** =

बाणहरूलाई, **चिच्छेद** = काटिदिनुभयो ॥

**भावार्थ–**

त्यसपछि सम्पूर्ण सङ्कटहरूलाई नष्ट गर्ने भगवती दुर्गा रिसाउनुभयो र आफ्ना बाणहरूद्वारा ती चक्र र बाणहरूलाई पनि काटिदिनुभयो ॥

**ततो निशुम्भो वेगेन गदामादाय चण्डिकाम् ।**
**अभ्यधावत वै हन्तुं दैत्यसेनासमावृतः ॥३२॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **वै** = निश्चय नै, **निशुम्भः** = निशुम्भ, **दैत्यसेनासमावृतः** = दैत्यहरूको सेनाले घेरिएर, **वेगेन** = वेगपूर्वक, **गदां** = गदा, **आदाय** = लिएर, **चण्डिकां** = चण्डिकालाई, **हन्तुं** = मार्न, **अभ्यधावत** = दौडियो ॥

**भावार्थ–**

त्यसपछि निशुम्भ दैत्यसेनाले सहित भई हातमा गदा लिई चण्डिकालाई मार्न भनी वेगपूर्वक जाइलाग्यो ॥

**तस्यापतत एवाशु गदां चिच्छेद चण्डिका ।**
**खड्गेन शितधारेण स च शूलं समाददे ॥३३॥**

**पदार्थ–**

**तस्य** = त्यो, **आपततः एव** = आउँदा नै, **चण्डिका** = भगवती देवीले, **शितधारेण** = तीखो धार भएको, **खड्गेन** = खड्गले, **आशु** = तत्काल नै, **गदां** = गदालाई, **चिच्छेद** = काटिदिनुभयो, **सः च** = त्यो शुम्भले पनि, **शूलं** = शूल, **समाददे** = लियो ॥

**भावार्थ–**

आउँदाआउँदै भगवती चण्डिकाले उसको गदालाई तीखो धार भएको खड्गद्वारा टुक्र्याइदिनुभयो र त्यसपछि उसले हातमा त्रिशूल लियो ॥

**शूलहस्तं समायान्तं निशुम्भममरार्दनम् ।**
**हृदि विव्याध शूलेन वेगाविद्धेन चण्डिका ॥३४॥**

**पदार्थ–**

**चण्डिका** = भगवतीले, **शूलहस्तं** = त्रिशूल हातमा लिई, **समायान्तं** =

आइरहेको, **अमरार्दनम्** = देवपीडक, **निशुम्भं** = निशुम्भलाई, **वेगाविद्धेन** = वेगपूर्वकको, **शूलेन** = शूलद्वारा, **हृदि** = हृदयमा, **विव्याध** = विद्ध गर्नुभयो ॥

**भावार्थ–**

त्रिशूल हातमा लिई आइरहेको देवपीडक त्यो निशुम्भलाई चण्डिका भगवतीले पनि अत्यन्त वेगपूर्वक त्रिशूलको प्रहार गरी छाती नै चिरिदिनुभयो ॥

**भिन्नस्य तस्य शूलेन हृदयान्निःसृतोऽपरः ।**
**महाबलो महावीर्यस्तिष्ठेति पुरुषो वदन् ॥३५॥**

**पदार्थ–**

**शूलेन** = शूलले, **भिन्नस्य** = भिन्न भएको, **तस्य** = त्यसको, **हृदयात्** = हृदयबाट, **अपरः** = अर्को, **महाबलः** = महाबलशाली, **महावीर्यः** = महापराक्रमी, **पुरुषः** = पुरुष, **तिष्ठ इति** = पख् पख्, **वदन्** = भन्दै, **निःसृतः** = निकलियो ॥

**भावार्थ–**

त्रिशूलद्वारा चिरिएको त्यसको हृदयबाट अर्को महाबली एवं प्रबल पराक्रमी पुरुष हे देवी ! पख् पख् ! भन्दै निस्कियो ॥

**तस्य निष्क्रामतो देवी प्रहस्य स्वनवत्ततः ।**
**शिरश्चिच्छेद खड्गेन ततोऽसावपतद्भुवि ॥३६॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **देवी** = भगवती, **स्वनवत्** = अलि शब्द गर्दै, **प्रहस्य** = हाँसेर, **निष्क्रामतः** = निक्लिएको, **तस्य** = त्यसको, **शिरः** = टाउको, **खड्गेन** = खड्गले, **चिच्छेद** = काटिदिनुभयो, **ततः** = त्यसपछि, **असौ** = त्यो, **भुवि** = भुइँमा, **अपतत्** = खस्यो ॥

**भावार्थ–**

निस्किरहेको त्यो दैत्यलाई देखी देवी अलि-अलि हास्नुभयो र आफ्नो तरबारले त्यसको टाउको काटिदिनुभयो । त्यसपछि त्यो भुइँमा ढल्यो ॥

**ततः सिंहश्चखादोग्रं दंष्ट्राक्षुण्णशिरोधरान् ।**
**असुराँस्ताँस्तथा काली शिवदूती तथापरान् ॥३७॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **सिंहः** = सिंहले, **दंष्ट्राक्षुण्णशिरोधरान्** = दाह्राले

टोकिएका गर्दनहरूलाई, **तथा** = त्यसैगरी, **काली** = काली देवीले, **तथा** = अनि, **शिवदूती** = शिवदूतीले पनि, **तान्** = ती, **अपरान्** = अरु दैत्यलाई, **असुरान्** = असुरहरूलाई, **चखाद** = खाए ॥

**भावार्थ–**

त्यसपछि देवीको वाहन सिंहले आफ्ना दाह्राले गर्दन चिर्दै भयानकरूपले असुरहरूको भक्षण गर्न थाल्यो । त्यसैगरी काली र शिवदूतीले पनि अन्य दैत्यहरूलाई चपाउन थाले ॥

**कौमारीशक्तिनिर्भिन्नाः केचिन्नेशुर्महासुराः ।**
**ब्रह्माणीमन्त्रपूतेन तोयेनान्ये निराकृताः ॥३८॥**

**पदार्थ–**

**कौमारीशक्तिनिर्भिन्नाः** = कौमारी शक्तिले विदीर्ण भई, **केचित्** = केही, **महासुराः** = महान् दैत्यहरू, **नेशुः** = नष्ट भए, **ब्रह्माणीमन्त्रपूतेन** = ब्रह्माणीको मन्त्रले पवित्र भएका, **तोयेन** = जलले, **अन्ये** = अरु, **निराकृताः** = भागे ॥

**भावार्थ–**

कयौं महादैत्यहरू कौमारीको शक्ति प्रहारबाट विदीर्ण भए अनि कयौं दैत्यहरू चाहिँ ब्रह्माणीद्वारा छर्किएको अभिमन्त्रित जलको प्रभावद्वारा शक्तिहीन भई भागे ॥

**माहेश्वरीत्रिशूलेन भिन्नाः पेतुस्तथापरे ।**
**वाराहीतुण्डघातेन केचिच्चूर्णीकृता भुवि ॥३९॥**

**पदार्थ–**

**तथा** = त्यस्तै, **अपरे** = कति दैत्यहरू, **माहेश्वरीत्रिशूलेन** = माहेश्वरीको त्रिशूलप्रहारले, **भिन्नाः** = छिन्नभिन्न भएर, **पेतुः** = भूमिमा पसारिए, **केचित्** = कोही, **वाराहीतुण्डघातेन** = वाराहीको थुतुनो प्रहारले, **भुवि** = पृथिवीमा, **चूर्णीकृताः** = टुक्रा-टुक्रा पिसिए ॥

**भावार्थ–**

माहेश्वरीको त्रिशूलद्वारा विदीर्ण भई कयौं भुइँमा ढले भने वाराहीको थुतुनोबाट पेलिई कयौं दैत्य भुइँमा नै पिसिए ॥

**खण्डं खण्डं च चक्रेण वैष्णव्या दानवाः कृताः ।**
**वज्रेण चैन्द्रीहस्ताग्रविमुक्तेन तथापरे ॥४०॥**

**पदार्थ–**

**वैष्णव्या च** = वैष्णवी शक्तिले पनि, **चक्रेण** = चक्रले, **दानवाः** = दैत्यहरू, **खण्डं खण्डं** = खण्ड खण्ड, **कृताः** = गरिए, **तथा** = त्यस्तै, **अपरे** = अरु दानवहरू पनि, **ऐन्द्रीहस्ताग्रविमुक्तेन** = ऐन्द्रीशक्तिको हातबाट छुटेका, **वज्रेण च** = वज्रद्वारा पनि मरे ॥

**भावार्थ–**

वैष्णवी देवीले चक्र प्रहारद्वारा दानवहरूको टुक्रा-टुक्रा बनाइदिनुभयो र ऐन्द्रीको हातबाट प्रहार गरिएको वज्रद्वारा पनि कैयौं दैत्य मारिए ॥

**केचिद्विनेशुरसुराः केचिन्नष्टा महाहवात् ।**
**भक्षिताश्चापरे कालीशिवदूतीमृगाधिपैः ॥४१॥**

**पदार्थ–**

**केचित्** = कोही, **असुराः** = दानवहरू, **विनेशुः** = नष्ट भए, **केचित्** = कोही, **महाहवात्** = महायुद्धबाट, **नष्टाः** = भागे, **अपरे** = अन्य, **च** = पनि, **कालीशिवदूतीमृगाधिपैः** = काली, चण्डिका र सिंहद्वारा, **भक्षिताः** = खाइए ॥

**भावार्थ–**

कैयौं दैत्यहरू नष्ट भए । कयौं त्यो महायुद्धबाट भागे भने अरु कयौंलाई चाहिँ काली शिवदूती तथा सिंहरूले चपाइदिए ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये
निशुम्भवधो नाम नवमोऽध्यायः ॥९॥
उवाच २, श्लोकाः ३९, एवम् ४१ ॥ एवमादितः ५४३॥

# अथ दशमोऽध्यायः

## शुम्भ–वध

*अथ ध्यानम्*

ॐ उत्तप्तहेमरुचिरां रविचन्द्रवह्नि-
नेत्रां धनुश्शरयुताङ्कुशपाशशूलम् ।
रम्यैर्भुजैश्च दधतीं शिवशक्तिरूपां
कामेश्वरीं हृदि भजामि धृतेन्दुलेखाम् ॥

**पदार्थ–**

**उत्तप्तहेमरुचिराम्** = पग्लिएको सुनसमान सुन्दर वर्ण भएकी, **रविचन्द्रवह्निनेत्राम्** = सूर्य, चन्द्रमा र अग्नि नै तीन नेत्र हुनुभएकी, **रम्यैः** = सुन्दर, **भुजैः च** = भुजाहरूद्वारा, **धनुश्शरयुताङ्कुशपाशशूलम्** = धनुष, बाण, अङ्कुश, पाश र त्रिशूल, **दधतीम्** = धारण गर्ने, **धृतेन्दुलेखाम्** = मस्तकमा चन्द्रकला धारण गर्नुभएकी, **शिवशक्तिरूपाम्** = शिवशक्तिरूपिणी, **कामेश्वरीम्** = कामेश्वरी देवीलाई, **हृदि** = हृदयमा, **भजामि** = ध्यान गर्दछु ॥

**भावार्थ–**

म शिरमा अर्धचन्द्र धारण गर्ने शिवशक्तिस्वरूपा भगवती कामेश्वरीलाई हृदयभित्र निरन्तर ध्यान गर्दछु । तताइएको सुवर्णसमान सुन्दर अङ्ग-प्रत्यङ्ग हुनुभएकी उहाँका सूर्य, चन्द्र र अग्नि नै तीन नेत्र हुन् । उहाँ आफ्नो हातमा धनुष, बाण, अङ्कुश, पाश र शूल धारण गर्नुहुन्छ ।

*ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**निशुम्भं निहतं दृष्ट्वा भ्रातरं प्राणसम्मितम् ।**
**हन्यमानं बलं चैव शुम्भः क्रुद्धोऽब्रवीद्वचः ॥२॥**

**पदार्थ–**

**प्राणसम्मितं** = प्राणभन्दा प्यारो, **भ्रातरं** = भाइ, **निशुम्भं** = निशुम्भलाई, **दृष्ट्वा** = देखेर, **निहतं** = मरेको, **बलं** = सेना, **हन्यमानं** = मरिरहेको, **च एव** = पनि देखेर, **क्रुद्धः** = रिसाएको, **शुम्भः** = शुम्भले, **वचः**

= बाणी, **अब्रवीत्** = बोल्यो ॥

**भावार्थ–**

आफ्नो प्राणसमानको भाइ निशुम्भ मारिएको र सम्पूर्ण सेनाको पनि संहार भइरहेको देखेर शुम्भले अत्यन्त रिसाई भन्यो ॥

**बलावलेपादुष्टे त्वं मा दुर्गे गर्वमावह ।**
**अन्यासां बलमाश्रित्य युद्ध्यसे यातिमानिनी ॥३॥**

**पदार्थ–**

**दुष्टे** = हे दुष्टा ! **दुर्गे** = हे दुर्गा ! **त्वं** = तँ, **बलावलेपात्** = बलको अहङ्कारले, **गर्वं** = घमण्ड, **आवह** = न बोक्, **अन्यासां** = अरुको, **बलं** = पराक्रमलाई, **आश्रित्य** = साथमा लिएर, **या** = जो तँ, **अतिमानिनी** = बडो अभिमानी भएर, **युद्ध्यसे** = युद्ध गर्दै छेस् ॥

**भावार्थ–**

हे दुष्ट दुर्गे ! तँ थोरै बलले मात्तिई घमण्ड नगर् । अरुको बलको आधारमा युद्ध गरी तँ अभिमानिनी बनेकी छेस् ॥

*देव्युवाच ॥४॥ देवीले भन्नुभयो ॥*

**एकैवाहं जगत्यत्र द्वितीया का ममापरा ।**
**पश्यैता दृष्ट मय्येव विशन्त्यो मद्विभूतयः ॥५॥**

**पदार्थ–**

**दुष्ट** = ओ दुष्ट ! **अत्र** = यो, **जगति** = संसारमा, **अहं** = म, **एका** = एक्ली, **एव** = नै छु, **मम अपरा** = मबाहेक, **द्वितीया** = दोस्रो, **का** = को छ ? **पश्य** = हेर, **एताः** = यी, **मद्विभूतयः** = मेरा विभूतिहरू, **मयि एव** = ममा नै, **प्रविशन्त्यः** = पस्दैछन् ॥

**भावार्थ–**

हे दुष्ट ! संसारभरी वस्तुतः एउटै ममात्र रहेको छु । मभन्दा वाहेक अर्को दोस्रो वस्तु कुन छ ? हेर् यी सबै मेरा विभूतिहरू मभित्रै प्रवेश गरिरहेका छन् ॥

**ततः समस्तास्ता देव्यो ब्रह्माणीप्रमुखा लयम् ।**
**तस्या देव्यास्तनौ जग्मुरेकैवासीत्तदाम्बिका ॥६॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **समस्ताः** = सम्पूर्ण, **ब्रह्माणीप्रमुखाः** = ब्रह्माणी प्रमुख भएका, **देव्यः** = देवीहरू, **तस्याः** = ती, **देव्याः** = भगवतीको, **तनौ** = शरीरमा, **लयं** = विलीन, **जग्मुः** = भए, **तदा** = त्यस समय, **अम्बिका** = भगवती अम्बिका, **एका एव** = एक्लै, **आसीत्** = भइन् ॥

**भावार्थ–**

त्यसपछि ब्रह्माणी आदि ती सबै मातृगणहरू उनै देवीको शरीरमा प्रविष्ट भए, त्यसपछि त्यहाँ केवल अम्बिकामात्र रहनुभयो ॥

*देव्युवाच ॥७॥ देवीले भन्नुभयो ॥*

**अहं विभूत्या बहुभिरिह रूपैर्यदास्थिता ।**
**तत्संहृतं मयैकैव तिष्ठाम्याजौ स्थिरो भव ॥८॥**

**पदार्थ–**

**अहं** = म, **विभूत्या** = ऐश्वर्यशक्तिद्वारा, **बहुभिः** = धेरै, **रूपैः** = रूपमा, **इह** = यहाँ, **यदा** = जहिले, **आस्थिता** = उपस्थित भएँ, **मया** = मैले, **तत्** = ती सबै रूप एवं शक्तिलाई, **संहृतं** = आफैंमा समेटें, **एका एव** = एक्लै, **आजौ** = युद्ध मैदानमा, **तिष्ठामि** = रहेको छु, **स्थिरा** = हजुर पनि स्थिर, **भव** = होऊ ॥

**भावार्थ–**

अहिलेसम्म म आफ्नो विभूतिद्वारा रणभूमिमा अनेकरूपमा अवस्थित थिएँ, त्यो सम्पूर्ण विभूतिलाई मैले आफूमैं समेटें । म एक्लै युद्धभूमिमा खडा छु, त्यसैले तँ पनि युद्ध गर्न आइज ॥

*ऋषिरुवाच ॥९॥ ऋषिले भन्नुभयो ॥*

**ततः प्रववृते युद्धं देव्याः शुम्भस्य चोभयोः ।**
**पश्यतां सर्वदेवानामसुराणां च दारुणम् ॥१०॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **देव्याः** = देवीको, **शुम्भस्य च** = शुम्भको, **उभयोः** = दुवैको एक-आपसमा, **सर्वदेवानां** = सम्पूर्ण देवताहरूले, **असुराणां च** = दानवहरूले, **च** = पनि, **पश्यतां** = हेर्दै, **दारुणं** = अत्यन्त भयानक, **युद्धं** = युद्ध, **प्रववृते** = चल्यो ॥

**भावार्थ–**

त्यसपछि देवी र शुम्भ दुबैको बीचमा अत्यन्त भयानक युद्ध हुन थाल्यो । त्यसलाई सम्पूर्ण देवता तथा असुरहरूले पनि हेरिरहेका थिए ॥

**शरवर्षैः शितैः शस्त्रैस्तथास्त्रैश्चैव दारुणैः ।**
**तयोर्युद्धमभूद्भूयः सर्वलोकभयङ्करम् ॥११॥**

**पदार्थ–**

**शरवर्षैः** = बाणको वर्षाले, **शितैः** = तीक्ष्ण, **शस्त्रैः** = शस्त्रहरूद्वारा, **तथा च** = त्यस्तै, **दारुणैः** = भयानक, **अस्त्रैः एव** = अस्त्रहरूद्वारा, **तयोः** = ती दुई बीच, **भूयः** = फेरि, **सर्वलोकभयङ्करम्** = सम्पूर्ण लोकको लागि डर लाग्दो, **युद्धं** = युद्ध, **अभूत्** = भयो ॥

**भावार्थ–**

बाणको वर्षा, तीखा शस्त्र र भयानक अस्त्रहरूको प्रहारद्वारा ती दुईको बीचमा सम्पूर्ण लोकलाई नै भयभीत गराइदिने महायुद्ध चर्किन थाल्यो ॥

**दिव्यान्यस्त्राणि शतशो मुमुचे यान्यथाम्बिका ।**
**बभञ्ज तानि दैत्येन्द्रस्तत्प्रतीघातकर्तृभिः ॥१२॥**

**पदार्थ–**

**अम्बिका** = भगवती देवीले, **यानि** = जो, **शतशः** = सयौँ, **दिव्यानि** = दिव्य, **अस्त्राणि** = अस्त्रहरू, **मुमुचे** = फ्याँक्नुभयो, **तानि** = ती अस्त्रहरूलाई, **दैत्येन्द्रः** = दैत्यराज शुम्भले, **तत्प्रतीघातकर्तृभिः** = त्यसलाई निवारण गर्ने अस्त्रहरूद्वारा, **बभञ्ज** = काटिदियो ॥

**भावार्थ–**

अम्बिकाले निशुम्भमाथि सयौँ दिव्य अस्त्रहरूको प्रहार गर्नुभयो तर दैत्यराजले ती सबैलाई निवारक अस्त्रहरूद्वारा काटिदियो ॥

**मुक्तानि तेन चास्त्राणि दिव्यानि परमेश्वरी ।**
**बभञ्ज लीलयैवोग्रहुङ्कारोच्चारणादिभिः ॥१३॥**

**पदार्थ–**

**तेन** = त्यो दैत्यले, **मुक्तानि** = फ्याँकेको, **दिव्यानि** = दिव्य, **अस्त्राणि च** = अस्त्रहरूलाई पनि, **परमेश्वरी** = भगवती देवीले,

**उग्रहुङ्कारोच्चारणादिभिः** = भयानक हुङ्कार शब्दको उच्चारणले, **लीलया एव** = खेल-खेलमा नै, **बभञ्ज** = नष्ट गरिदिनुभयो ॥

**भावार्थ–**

शुम्भले प्रहार गरेका दिव्य अस्त्रहरूलाई पनि सर्वेश्वरी भगवतीले भयानक हुङ्कारको उच्चारण आदिद्वारा ख्यालख्यालमै नष्ट गरिदिनुभयो ॥

**ततः शरशतैर्देवीमाच्छादयत सोऽसुरः ।**
**सापि तत्कुपिता देवी धनुश्चिच्छेद चेषुभिः ॥१४॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **सः** = त्यो, **असुरः** = शुम्भले, **शरशतैः** = सयौं बाणले, **देवीं** = देवीलाई, **आच्छादयत** = ढाकिदियो, **तत्कुपिता** = त्यसबाट रिसाएकी, **सा च** = ती, **देवी अपि** = देवीले पनि, **इषुभिः** = बाणहरूले, **धनुः** = धनुलाई, **चिच्छेद** = काटिदिइन् ॥

**भावार्थ–**

त्यसपछि त्यो असुरले सयौं बाणहरूद्वारा देवीलाई ढाकिदियो र देवीले पनि अत्यन्त रिसाई आफ्नो बाण प्रहारद्वारा शुम्भको धनुष काटिदिनुभयो ॥

**छिन्ने धनुषि दैत्येन्द्रस्तथा शक्तिमथाददे ।**
**चिच्छेद देवी चक्रेण तामप्यस्य करे स्थिताम् ॥१५॥**

**पदार्थ–**

**तथा** = यसप्रकार, **धनुषि** = धनु, **छिन्ने** = काटिसकेपछि, **दैत्येन्द्रः** = शुम्भले, **अथ** = त्यसपछि, **शक्तिम्** = शक्ति, **आददे** = लियो, **देवी** = भगवती देवीले, **अस्य** = शुम्भको, **करे** = हातमा, **स्थितां** = रहेको, **तां** = त्यो शक्तिलाई **अपि** = पनि, **चक्रेण** = चक्रले, **चिच्छेद** = काटिदिनुभयो ॥

**भावार्थ–**

आफ्नो धनुष काटिएपछि दैत्यराजले शक्ति हातमा लियो तर देवीले चक्रको प्रहारद्वारा हातको हातमै त्यसलाई छिन्नभिन्न पारिदिनुभयो ॥

**ततः खड्गमुपादाय शतचन्द्रं च भानुमत् ।**
**अभ्यधावत्तदा देवीं दैत्यानामधिपेश्वरः ॥१६॥**

**पदार्थ–**

**अधिपेश्वरः** = एकमात्र सम्राट् शुम्भले, **ततः** = त्यसपछि, **दैत्यानां** = दैत्यहरूको, **शतचन्द्रं** = सय चाँद भएको, **भानुमत्** = सूर्यजस्तै ढालर, **खड्गं** = खड्ग, **उपादाय** = लिएर, **तदा** = त्यस समय, **देवीं** = देवी भएतिर, **अभ्यधावत्** = दौडियो ॥

**भावार्थ–**

त्यसपछि युद्धभूमिमा दैत्यहरूको परमाधिपति त्यस शुम्भले हातमा खड्ग एवं सय चाँद भएको अत्यन्त चम्किलो ढाल लिई भगवतीमाथि जाइलाग्यो ॥

**तस्यापतत एवाशु खड्गं चिच्छेद चण्डिका ।**
**धनुर्मुक्तैः शितैर्बाणैश्चर्म चार्ककरामलम् ॥१७॥**

**पदार्थ–**

**चण्डिका** = भगवतीले, **आपततः** = आउँदै गरेको, **तस्य** = त्यसको, **अर्ककरामलम्** = सूर्यको किरयाको समान उज्ज्वल, **चर्म** = ढाल, **खड्गं च** = तरबार पनि, **धनुर्मुक्तैः** = धनुबाट छोडिएको, **शितैः** = तीखा, **बाणैः** = बाणले, **आशु एव** = छिटो नै, **चिच्छेद** = काटिदिनुभयो ॥

**भावार्थ–**

आउँदाआउँदै त्यसको खड्गलाई भगवती चण्डिकाले आफ्नो धनुषबाट छोडिएका तीखा बाणहरूद्वारा काटिदिनुभयो र सूर्यको किरणसमान उसको चम्किलो ढाललाई पनि कयौं टुक्रा पारिदिनुभयो ॥

**हताश्वः स तदा दैत्यश्छिन्नधन्वा विसारथिः ।**
**जग्राह मुद्गरं घोरमम्बिकानिधनोद्यतः ॥१८॥**

**पदार्थ–**

**तदा** = त्यस समय, **हताश्वः** = घोडा मरेको, **छिन्नधन्वा** = धनु काटिएको, **विसारथिः** = सारथीरहित भएको, **अम्बिकानिधनोद्यतः** = देवीलाई मार्न उद्यत भएको, **सः** = त्यो, **दैत्यः** = दानवले, **घोरं** = भयानक, **मुद्गरं** = मुङ्ग्रो, **जग्राह** = लियो ॥

**भावार्थ–**

त्यसपछि त्यो दैत्यराजका घोडा एवं सारथीहरू पनि मारिए । यसप्रकार सारथी, घोडा एवं धनुषले पनि रहित भएको त्यसले अम्बिकालाई

मार्नका लागि भयानक मुङ्ग्रो हातमा लियो ॥

**चिच्छेदापततस्तस्य मुद्गरं निशितैः शरैः ।**
**तथापि सोऽभ्यधावत्तां मुष्टिमुद्यम्य वेगवान् ॥१९॥**

**पदार्थ–**

**आपततः** = आउँदै गरेको, **तस्य** = त्यसको, **मुद्गरं** = मुङ्ग्रोलाई, **निशितैः** = तीखा, **शरैः** = बाणहरूले, **चिच्छेद** = काटिदिनुभयो, **तथा अपि** = त्यस्तो भएता पनि, **सः** = त्यो, **मुष्टिम्** = मुठी, **उद्यम्य** = बटारेर, **वेगवान्** = वेगले, **तां** = ती देवी भएतिर, **अभ्यधावत्** = दौडियो ॥

**भावार्थ–**

वेगपूर्वक आइरहेको त्यसलाई देखी भगवतीले तीखा बाणहरूद्वारा मुद्गरलाई पनि काटिदिनुभयो तर पनि त्यो दैत्य अत्यन्त वेगले मुठ्ठी बाँधी भगवतीमाथि प्रहार गर्न जाइलाग्यो ॥

**स मुष्टिं पातयामास हृदये दैत्यपुङ्गवः ।**
**देव्यास्तं चापि सा देवी तलेनोरस्यताडयत् ॥२०॥**

**पदार्थ–**

**सः** = त्यो, **दैत्यपुङ्गवः** = दैत्यराजले, **देव्याः** = देवीको, **हृदये** =छातीमा, **मुष्टिं** = मुक्का, **पातयामास** = हान्यो, **सा** = ती, **देवी च** = भगवतीले पनि, **तं अपि** = त्यसलाई पनि, **तलेन** = झापडले, **उरसि** = छातीमा,**अताडयत्** = हानिन् ॥

**भावार्थ–**

त्यो दैत्यराज शुम्भले भगवतीको हृदयमा एक मुक्क बजाऱ्यो । त्यसैगरी देवीले पनि उसको छातीमा एक झापड लगाइदिनुभयो ॥

**तलप्रहाराभिहतो निपपात महीतले ।**
**स दैत्यराजः सहसा पुनरेव तथोत्थितः ॥२१॥**
**उत्पत्य च प्रगृह्योच्चैर्देवीं गगनमास्थितः ।**
**तत्रापि सा निराधारा युयुधे तेन चण्डिका ॥२२॥**

**पदार्थ–**

**सः** = त्यो, **तलप्रहाराभिहतः** = देवीको झापड खाएको, **दैत्यराजः**

= दानवराज, **महीतले** = पृथिवीमा, **निपपात** = पछारियो, **तथा** = त्यस्तै, **सहसा** = हठात्, **पुनः** = फेरि पनि, **उत्थितः** = उठ्यो। **उत्पत्य च** = उफ्रेर, **देवीं** = देवीलाई, **प्रगृह्य** = समातेर, **उच्चैः** = माथि, **गगनं** = आकाशमा, **आस्थितः** = गयो, **तत्र अपि** = त्यहाँ पनि, **सा** = ती, **चण्डिका** = चण्डिका देवीले, **निराधारा** = आश्रयविहीन भई, **तेन** = त्योसँग, **युयुधे** = युद्ध गर्न लाग्नुभयो ॥

**भावार्थ–**

जोडसँग शपडको प्रहारबाट भुइँमा ढले तापनि त्यो दैत्यराज फेरि पहिलेजस्तै गरी अचानक उठ्यो र उसले वेगपूर्वक आकाशमा उफ्रिई देवीलाई पनि तानी त्यहीं लग्यो र भगवती चण्डिकाले निराधार भई आकाशमा उसँग युद्ध गर्न थाल्नुभयो ॥

**नियुद्धं खे तदा दैत्यश्चण्डिका च परस्परम् ।**
**चक्रतुः प्रथमं सिद्धमुनिविस्मयकारकम् ॥२३॥**

**पदार्थ–**

**तदा** = त्यस समय, **खे** = आकाशमा, **दैत्यः** = दानव, **चण्डिका च** = चण्डिका पनि, **परस्परम्** = एक आपसमा, **सिद्धमुनिविस्मयकारकम्** = सिद्ध एवं मुनिहरूलाई आश्चर्यचकित बनाउने, **प्रथमं** = पहिलो, **नियुद्धं** = मल्लयुद्ध, **चक्रतुः** = गर्न थाले ॥

**भावार्थ–**

दैत्यराज शुम्भ र चण्डिका देवी आकाशमा नै एक आपसमा तुमुलयुद्ध गर्न थाले। अहिलेसम्म नभएको यस्तो युद्धले सिद्ध एवं मुनिगणहरूलाई पनि चकित बनाइदियो ॥

**ततो नियुद्धं सुचिरं कृत्वा तेनाम्बिका सह ।**
**उत्पात्य भ्रामयामास चिक्षेप धरणीतले ॥२४॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **अम्बिका** = भगवती देवीले, **तेन सह** = राक्षससँग, **सुचिरं** = लामो समयसम्म, **नियद्धं** = युद्ध, **कृत्वा** = गरेर, **उत्पात्य** = उठाएर, **भ्रामयामास** = घुमाउनुभयो, **धरणीतले** = पृथिवीमा, **चिक्षेप** = फ्याँकिदिनुभयो ॥

**भावार्थ–**

त्यसपछि अम्बिकाले शुम्भसँग जोडतोडको युद्ध गरी उसलाई उचालेर घुमाई पृथिवीतलमा नै बजारिदिनुभयो ॥

**स क्षिप्तो धरणीं प्राप्य मुष्टिमुद्यम्य वेगितः ।**
**अभ्यधावत दुष्टात्मा चण्डिकानिधनेच्छया ॥२५॥**

**पदार्थ–**

**क्षिप्तः**=फ्याँकिएको, **सः**=त्यो, **दुष्टात्मा** = दुष्ट दैत्य, **धरणीं** = पृथिवीमा, **प्राप्य**=पछारिए पनि, **वेगितः**=वेगले, **मुष्टिम्** = मुठी, **उद्यम्य** = कसेर, **चण्डिकानिधनेच्छया**=भगवती चण्डिकालाई मार्ने इच्छाले, **अभ्यधावत** = जाइलाग्यो।

**भावार्थ–**

पृथिवीमा बजारिएपछि पनि त्यो दुष्टात्मा दैत्य फेरि उठ्यो र मुठ्ठी उचालेर चण्डिकालाई मार्ने इच्छाले वेगपूर्वक झम्टियो ॥

**तमायान्तं ततो देवी सर्वदैत्यजनेश्वरम् ।**
**जगत्यां पातयामास भित्त्वा शूलेन वक्षसि ॥२६॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **आयान्तं** = आइरहेको, **सर्वदैत्यजनेश्वरम्** = सम्पूर्ण दैत्यहरूको मालिक, **तं** = त्यसलाई, **देवी** = भगवतीले, **शूलेन** = शूलले, **वक्षसि** = छातीमा, **भित्वा** = छेडेर, **जगत्यां** = पृथिवीमा, **पातयामास** = पछारिदिनुभयो ॥

**भावार्थ–**

सम्पूर्ण दैत्यहरूको सम्राट् त्यसलाई आफूतिर दौडिई आइरहेको देखेर भगवतीले उसको छातीमा त्रिशूलको प्रहार गरी छाती नै चिरिदिनुभयो र त्यसलाई रणभूमिमा ढालिदिनुभयो ॥

**स गतासुः पपातोर्व्यां देवीशूलाग्रविक्षतः ।**
**चालयन् सकलां पृथ्वीं साब्धिद्वीपां सपर्वताम् ॥२७॥**

**पदार्थ–**

**देवीशूलाग्रविक्षतः** = देवीको शूलको टुप्पोलो छियाछिया भएको, **सः** = त्यो, **गतासुः** = प्राण खुस्किएर, **साब्धिद्वीपाम्** = समुद्र र द्वीपले युक्त भएकी, **सपर्वताम्** = पर्वतहरूले सहित, **सकलाम्** = सम्पूर्ण, **पृथ्वीं** =

पृथिवीलाई, **चालयन्** = कँपाउँदै, **उर्व्यां** = भुँइमा, **पपात** = पछारियो ॥

**भावार्थ–**

देवीको त्रिशूलको धारले क्षत-विक्षत भएको त्यो दैत्य प्राणविहीन भई पृथिवीमा ढल्यो र त्यसको वेगले सम्पूर्ण समुद्र र पर्वतले युक्त भएकी पृथिवी डगमगाइन् ॥

**ततः प्रसन्नमखिलं हते तस्मिन् दुरात्मनि ।**
**जगत्स्वास्थ्यमतीवाप निर्मलं चाभवन्नभः ॥२८॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **तस्मिन्** = त्यो, **दुरात्मनि** = दुरात्मा, **हते** = मरिसकेपछि, **प्रसन्नम्** = प्रसन्न भएको, **अखिलं** = सम्पूर्ण, **जगत्** = संसार, **अतीव** = एकदमै, **स्वास्थ्यम्** = स्वस्थ, **आप** = भयो, **नभः च** = आकाश पनि, **निर्मलम्** = स्वच्छ, **अभवत्** = भयो ॥

**भावार्थ–**

त्यो दुरात्मा दैत्य मारिएपछि सम्पूर्ण जगत् प्रसन्न एवं पूर्ण रूपले स्वस्थ भयो । आकाश पनि निर्मल देखिन थाल्यो ॥

**उत्पातमेघाः सोल्का ये प्रागासंस्ते शमं ययुः ।**
**सरितो मार्गवाहिन्यस्तथासंस्तत्र पातिते ॥२९॥**

**पदार्थ–**

**प्राक्** = पहिले, **ये** = जो, **सोल्का** = उल्कापातसहितका, **उत्पातमेघाः** = उत्पातसूचक मेघ, **आसन्** = थिए, **ते** = तिनीहरू, **शमं** = शान्त, **ययुः** = भए, **तथा** = त्यस्तै, **तत्र** = त्यहाँ, **पातिते** = दैत्य मारिएपछि, **सरितः** = नदीहरू, **मार्गवाहिन्यः** = आफ्नै बाटोबाट बग्ने, **आसन्** = भए ॥

**भावार्थ–**

पहिले उत्पातसूचक मेघगर्जना र उल्कापातहरू हुने गर्दथे, ती सबै अहिले शान्त भए, त्यसैगरी त्यो दैत्य धराशायी भएपछि नदीहरूले पनि भयरहित भई आफ्नो मूल बाटोमा बहन थाले ॥

**ततो देवगणाः सर्वे हर्षनिर्भरमानसाः ।**
**बभूवुर्निहते तस्मिन् गन्धर्वा ललितं जगुः ॥३०॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **तस्मिन्** = त्यो शुम्भको, **निहते** = मृत्यपछि, **सर्वे** = सबै, **देवगणाः** = देवगणहरू, **हर्षनिर्भरमानसाः** = खुसीले हृदय भरिएका, **बभूवुः** = भए, **गन्धर्वाः** = गन्धर्वहरूले, **ललितम्** = मधुर, **जगुः** = गीत गाए ॥

**भावार्थ–**

त्यसपछि शुम्भ मारिनाले सम्पूर्ण देवगणहरूको मन हर्षले भरियो र गन्धर्वहरू पनि सुमुधुर गीत गाउन थाले ॥

**अवादयंस्तथैवान्ये ननृतुश्चाप्सरोगणाः ।**
**ववुः पुण्यास्तथा वाताः सुप्रभोऽभूद्दिवाकरः ॥३१॥**

**पदार्थ–**

**तथा एव** = त्यस्तै, **अन्ये** = अरुले, **अवादयन्** = बजाउन थाले, **अप्सरोगणाः च** = अप्सराहरू पनि, **ननृतुः** = नाच्न थाले, **तथा** = त्यस्तै, **वाताः** = वायुहरू, **पुण्याः** = पवित्र, **ववुः** = वहन थाले, **दिवाकरः** = सूर्य, **सुप्रभः** = उत्तम प्रभाले युक्त, **अभूत्** = भए ॥

**भावार्थ–**

अरु गन्धर्वहरूले बाजाहरू बजाए र अप्सराहरूले त्यसको तालमा मनोहर नृत्य गरे । पवित्र वायु बग्न थाल्यो । सूर्यको प्रभा स्पष्टतः देखियो ॥

**जज्वलुश्चाग्नयः शान्ताः शान्ता दिग्जनितस्वनाः ॥३२॥**

**पदार्थ–**

**अग्नयः च**=आगोहरू पनि,**शान्ताः**=शान्तभई**जज्वलुः**=प्रज्ज्वलितभए। **दिग्जनितस्वनाः** = सम्पूर्ण दिशाहरूको भयानक शब्दहरू, **शान्ताः** = शान्त भए॥

**भावार्थ–**

अग्निशालामा पहिले निभेका अग्निहरू पनि आफैं प्रज्ज्वलित भई बल्न थाले एवं दिशा-विदिशाका भयानक शब्दहरू पनि शान्त भए ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शुम्भवधो नाम दशमोऽध्यायः ॥१०॥

उवाच ४, अर्धश्लोकः १, श्लोकाः २७, एवम् ३२ ॥एवमादितः ५७५॥

# अथ एकादशोऽध्यायः

## देवताहरूद्वारा देवीको स्तुति र उनीहरूलाई भगवतीको वरदान

*ध्यानम्*

**ॐ बालरविद्युतिमिन्दुकिरीटां तुङ्गकुचां नयनत्रययुक्ताम् ।**
**स्मेरमुखीं वरदाङ्कुशपाशाभीतिकरां प्रभजे भुवनेशीम् ॥**

**पदार्थ–**

**बालरविद्युतिम्** = उदाउँदो सूर्यसमान कान्ति हुनुभएकी, **इन्दुकिरीटाम्** = मस्तकमा चन्द्रमुकुट धारण गर्नुभएकी, **तुङ्गकुचाम्** = उन्नत स्तन हुनुभएकी, **नयनत्रययुताम्** = त्रिनेत्रले युक्त, **वरदाङ्कुशपाशाभीतिकराम्** = हातमा वर, अभयमुद्रा, अङ्कुश र पाश धारण गर्नुभएकी, **स्मेरमुखीम्** = प्रसन्नवदना, **भुवनेशीम्** = भुवनेश्वरी देवीलाई, **प्रभजे** = भजन गर्दछु ॥

**भावार्थ–**

म प्रसन्नवदना भगवती भुवनेश्वरीको ध्यान गर्दछु । उहाँको श्रीअङ्गको कान्ति उदाउँदो सूर्यको समान अरुणवर्णको छ एवं शिरमा चन्द्रमाको मुकुट धारण गर्नुभएको छ । उन्नत स्तन एवं तीन नेत्रले युक्त हुनुभएको उहाँले आफ्ना हातहरूमा अङ्कुश र पाश एवं वर र अभयमुद्रा धारण गर्नुभएको छ ॥

*ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**देव्या हते तत्र महासुरेन्द्रे**
**सेन्द्राः सुरा वह्निपुरोगमास्ताम् ।**
**कात्यायनीं तुष्टुवुरिष्टलाभाद्**
**विकाशिवक्त्राब्जविकाशिताशाः ॥२॥**

**पदार्थ–**

**तत्र** = त्यहाँ, **देव्या** = भगवती देवीद्वारा, **महासुरेन्द्रे** = महादानव, **हते** = मारिएपछि, **इष्टलाभात्** = अभीष्ट प्राप्ति भएकाले, **विकाशिवक्त्राब्जविकाशिताशाः** = आफ्ना प्रसन्न मुखले सम्पूर्ण दिशाहरू प्रकाशित गरेका, **सेन्द्राः** = इन्द्रसहित, **वह्निपुरोगमाः** = अग्निलाई अगाडि लगाएका, **सुराः** = देवताहरूले, **तां** = ती, **कात्यायनीम्** = कात्यायनी भगवतीको, **तुष्टुवुः** = स्तुति गरे ॥

**भावार्थ–**

रणभूमिमा देवीद्वारा महादैत्यपति शुम्भ मारिएपछि इन्द्र आदि देवताहरूले अग्निलाई अघि लगाई कात्यायनी चण्डिका देवीको स्तुति गरे । आफ्नो अभीष्ट पूरा भएकाले उनीहरूका अनुहार फुलेका कमलझैं प्रफुल्लित थिए र त्यसको प्रकाशले दिशाहरू पनि उज्ज्वल देखिन्थे ॥

**विवरण–**

यहाँ भगवतीस्तुतिको उपक्रम गरेका देखाइएको छ । देवीले **महासुरेन्द्र** अर्थात् सम्पूर्ण असुहरूको सम्राट् शुम्भको वध गरिदिनुभयो । यसबाट देवताहरूलाई **इष्टलाभ** अर्थात् खोजेको कुराको प्राप्ति भयो । कृतज्ञता भनेको कसैले आफ्नो थोरै काम गरिदियो भने पनि ऊप्रति राखिने सद्भाव, सम्मान आदि हो । भगवतीले त देवताहरूको सम्पूर्ण काम गरिदिनुभएको थियो, यो परमकृपाप्रति देवताहरू अत्यन्त नतमस्तक थिए । देवताहरूको प्रसन्नताको वर्णन गर्दै भनिएको छ– **विकाशिवक्त्राब्जविकासिताशाः** अर्थात् प्रफुल्ल भएको मुखकमलको कान्तिद्वारा सारा दिशाहरूलाई नै प्रकाशित गरिरहेका । यस्तो अपूर्व प्रसन्नता दिने एकमात्र भगवती हुनुहुन्थ्यो । यसैले सबै देवताहरूले कृतज्ञतापूर्वक देवीको स्तुति गरेका छन् ।

यस श्लोकमा **कात्यायनीं तुष्टुवुः** अर्थात् कात्यायनीको स्तुति गरे भनिएको छ । यी कौशिकी देवी हुन् । यिनको स्तुतिमा देवताहरूले नारायणीसूक्तको प्रयोग गरेका छन् । लक्ष्मीतन्त्रमा बताइएको छ– **नारायणी-स्तुतिर्नाम सूक्तं परमशोभनम् । पुरन्दर तदा दृष्टं देवैरग्निपुरोगमैः** अर्थात् त्यस बेलामा अग्नि आदि देवताहरूले नारायणी स्तुति नामक सूक्तको साक्षात्कार गरे र त्यसैद्वारा भगवतीको स्तुति गरे । यहाँ सूक्तका मन्त्रहरूलाई देवताहरूले देखेको भनेर यसलाई अपौरुषेय वेदको समान मान्यता दिइएको छ । कौशिकी भनेकी महासरस्वती देवी नै हुन् र यिनलाई रुद्रयामल तन्त्रमा **अष्टभुजा शुम्भनिबर्हिणी** को रूपमा आषाढ नवरात्रमा पूजा गर्नुपर्ने बताइएको छ– **आषाढे नवरात्रे तु पूज्या शुम्भनिबर्हिणी** । कात्यायन ऋषिकहाँ प्रकट भएकाले भगवतीलाई कात्यायनी भनिएको हो ।

देवताहरू **वह्निपुरोगमाः** अर्थात् अग्निलाई प्रमुखको रूपमा अघि राखी स्तुति गर्दै थिए । देवताहरूमा इन्द्र नै प्रमुख हुन् तर यहाँ इन्द्रले सहित

भएको देवगणमा अग्निलाई अगुवा बनाइएको उल्लेख छ। यसको कारण के हो भने अग्नि बाणीका अधिष्ठाता देवता हुन्। उनी नै देवताहरूका दूत एवं मुखपात्र पनि हुन्, त्यसैले देवताहरूले उनलाई अघि सारे। बाणीको शुद्धि एवं शक्तिविना भगवतीको स्तुति हुन सक्दैन। त्यसैले स्तुतिरूप बाणीलाई तेजस्वी बनाउनकै लागि उनीहरूले बाणीका अधिष्ठाता अग्निलाई अघि राखेको बुझिन्छ।

**देवि प्रपन्नार्तिहरे प्रसीद**
**प्रसीद मातर्जगतोऽखिलस्य ।**
**प्रसीद विश्वेश्वरि पाहि विश्वं**
**त्वमीश्वरी देवि चराचरस्य ॥३॥**

**पदार्थ–**

**प्रपन्नार्तिहरे** = आफ्ना आश्रित भक्तहरूको पीडा नाश गर्ने, **देवि** = हे भगवती ! **प्रसीद** = प्रसन्न हुनुहोस्, **अखिलस्य** = सम्पूर्ण, **जगतः** = संसारको, **मातः** = हे माता ! **प्रसीद** = खुसी हुनुहोस्, **विश्वेश्वरि** = हे विश्वजननी ! **प्रसीद** = प्रसन्न हुनुहोस्, **विश्वं पाहि** = संसारको रक्षा गर्नुहोस्, **देवि** = हे भगवती ! **त्वं** = हजुर, **चराचरस्य** = चराचर संसारको, **ईश्वरी** = अधीश्वरी हुनुहुन्छ ॥

**भावार्थ–**

शरणमा आएका दुःखीहरूको सबै दुःखलाई नष्ट गर्ने हे देवी ! हजुर प्रसन्न हुनुहोस्। सम्पूर्ण जगत्की माता हे जगदम्बिके हजुर प्रसन्न हुनुहोस्। हे विश्वेश्वरी ! हजुरले संसारको रक्षा गर्नुहोस्। हे देवी ! हजुर नै चर-अचर जगत्की एकमात्र ईश्वरी हुनुहुन्छ ॥

**विवरण–**

यहाँ भगवतीलाई चराचर जगत्की माता भनी स्तुति गरिएको छ। भगवती सम्पूर्ण संसारकी माता भएकाले उहाँ आफ्ना सन्तानहरूप्रति सधैं प्रसन्न नै हुनुहुन्छ। माताको स्वभाव नै आफ्ना राम्रा-नराम्रा सबैथरी सन्तानमाथि सधैं प्रसन्न रहनु हो। जीवहरूले आफ्नो भक्ति र सेवाको आधारमा मात्र भगवतीलाई प्रसन्न बनाउन सक्दैनन्। हजारौं वर्षसम्म तपस्याद्वारा मनलाई स्थिर गरी भगवतीमा लगाउन खोज्ने ऋषिहरूले त उहाँलाई पाउन गाह्रो छ

भने साधारण जीवद्वारा गरिने सेवाको के कुरा ? यसैले जीवको कुनै पनि बलले भगवतीलाई प्राप्त गराउन सक्ने देखिन्न । यसका लागि त भगवतीकै कृपा आवश्यक पर्दछ । राम्रोसँग उभिन पनि नसक्ने सानो बच्चो जतिसुकै परिश्रम गरे पनि आमाको काखमा चढ्न सक्दैन । उसलाई त आमाले आफैँ काखमा लिनुपर्दछ । यसैगरी जीवले पनि भगवतीको कृपाले मात्र उहाँलाई प्राप्त गर्न सक्दछ ।

यहाँ के शङ्का हुन्छ भने त्यसो भए जीवले भगवतीको सेवा, स्तुति आदि गर्नु सबै व्यर्थ छ त ? भगवतीले आफैँ कृपा गर्दै जीवलाई आफूमा मिलाउने भए जीवले साधना गर्नै परेन, अनि शास्त्रमा बताइएका उपासनाहरू पनि चाहिएनन् । यसको उत्तर हो– यी सबै साधन भगवतीकै कृपा प्राप्त गर्नका लागि आवश्यक छन् । संसारको आनन्दमा मस्त भई जीव सुतिरहुन्जेल भगवतीले उसलाई काखमा लिनुहुन्न, किनभने ऊ त्यहीँ नै रमाइरहेको छ । जब कुनै भोक, दुःख या डरले सताउँदा जीवले जगन्माताको काखको याद गरी रुन थाल्दछ, तब पुत्रवत्सला आमाले उसलाई तत्काल आफ्नो काखमा लिनुहुन्छ । जीवको व्याकुलतापूर्वकको रुवाइ नै माताको प्रसन्नता या कृपाको हेतु हो । शास्त्रहरूमा बताइएका योग, साधना, तपस्या, होम आदि सबै साधनहरू पनि यही व्याकुलता उत्पन्न गर्नका लागि हुन् । जब जीव साधना गर्दा-गर्दा थाकेर भगवतीमा नै आफूलाई छोडिदिई उहाँको कृपामा निर्भर हुन्छ, तब यही शरणागतिको भावले नै भगवतीको हृदय द्रवित हुन थाल्छ । अहङ्कार उपाधिले युक्त भएको हुँदा जीवले पहिले नै यो शरणागतिलाई अपनाउँदैन । उसले आफ्नै साधनाको बलद्वारा अहङ्कारपूर्वक मातालाई पाउन खोज्दछ । यही अहङ्कार नै त जीवलाई जगन्माताको काखदेखि विमुख गराउने कारण हो । जब अनेकौँ साधना गर्दा थाकेर जीवले यो स्वत्वको अभिमानलाई छाडिदिन्छ र केवल सरल भावले जगदम्बालाई पुकार्दछ तब उसका सबै दुःख तत्काल नष्ट हुन्छन् । त्यसैले भगवतीलाई **प्रपन्नार्तिहरा** अर्थात् आफ्नो शरणमा आएका भक्तहरूको दुःख हरण गर्ने भनिएको हो ।

यहाँ देवताहरूले आफूहरूमाथि प्रसन्न हुनका लागि भगवतीसँग बार म्बार प्रार्थना गरेका छन् । यद्यपि भगवती नित्य कृपामय हुनुहुन्छ तर पनि यहाँ

**प्रसीद** अर्थात् हे भगवती ! प्रसन्न हुनुहोस् भनी प्रार्थना गर्नुको विशिष्ट अर्थ रहेको छ। जीव आनन्दमय ब्रह्मस्थितिमा रहनु नै जगदम्बाको काखमा रहनु हो। अनादि वासनाको कारणले जीव त्यो आनन्दमय काखबाट ओर्लिएर संसारका क्षुद्र विषयहरूको उपभोग गरी क्षुद्र आनन्दहरूलाई लिइरहेको छ। संसारको आनन्द लिन जीवले अत्यन्त दुःख गर्नुपरेको छ। आफ्ना सन्ततिहरूको दुःख देख्दा जगन्माता छट्पटिनु हुन्छ र जीवहरूलाई टुलुटुलु हेर्दै सोच्नुहुन्छ- यिनीहरूले आनन्दमय मेरो काखमा आएर पूर्ण आनन्द र शान्तिको अनुभव कहिले गर्ने होलान्। यो अनादि कालदेखि जगन्माताको इच्छा अझै पूरा भएको छैन, किनकि जीव जति दुःख परे पनि संसारबाट फर्किन चाहँदैन। शास्त्रमा बताइएको छ कि– **नरकस्थोऽपि देहं वै न पुमांस्त्यक्तुमर्हति** (**श्रीम.भा.**,३/३०/५) अर्थात् नरकमा रहेको जीवले पनि आफ्नो शरीरलाई छोड्न चाहँदैन। **दुःखेषु सुखमानिनः** अर्थात् दुःखलाई नै सुख मानिरहेका पुत्रहरूको यो अनन्त भ्रमलाई देखी माता निराश हुनै लाग्नुभएको छ। यदि जगदम्बाले जीवहरूले जेसुकै गरून् भनी उपेक्षाको भाव लिइदिनुभयो भने यिनीहरूको सुख पाउने सम्पूर्ण बाटो बन्द हुन्छ। त्यसैले यहाँ मातालाई **प्रसीद** अर्थात् जीवहरूप्रति प्रसन्न हुनुहोस्, उपेक्षाको भाव नलिनुहोस् भनी पुकारा गरिएको छ। जीवले अज्ञानरूप निद्राबाट ब्युँझिएपछि र माताको समीप पुगिसकेपछि मात्र यो थाहा पाउँछ कि– मलाई शाश्वत सुख दिन माताले अनेक दुःख पठाउनुभएको थियो तर मैले त्यस बेलामा पनि उहाँलाई सम्झिन र अज्ञानमय संसारमै डुलिरहें। अनादिकालदेखि ममाथि जगदम्बाको कृपादृष्टि थियो तर मैले त्यसको वास्ता गरिन। यो सबै थाहा पाएपछि कृतज्ञ भएको यस जीवले आफूसँग सधैँ प्रसन्न भइरहन भगवतीलाई प्रार्थना गर्दछ। यद्यपि भगवतीको कृपालाई प्राप्त गरिसकेपछि फेरि उहाँलाई प्रसन्न हुनुहोस् भनी प्रार्थना गर्नु पर्दैन तर करुणापूर्ण प्रार्थनाले जीवहरू माताप्रति कृतज्ञ छन् र उनीहरूले अव भ्रममा परी माताको काखलाई छोड्ने छैनन् भन्ने भावलाई सूचित गर्दछ। प्रियमिलनपछि प्रेमीहरू अँगालोमा बाँधिएर विरहको क्षणलाई सम्झिँदै रुन्छन्, यसबाट एक-आपसमा उनीहरूको अगाध प्रेम भएको सूचित हुन्छ। यसैले जीवले **प्रसीद मातः** अर्थात् हे माता ! प्रसन्न हुनुहोस् भनेर

गरिएका प्रार्थनाका दुई अर्थ छन् । एउटा त जगदम्बाको प्राप्ति नहुन्जेल उसको यो शरणागतिरूपी साधना हो अनि जगदम्बाको कृपा प्राप्त भइसकेपछि चाहिँ उसको यो कृतज्ञता र प्रेमको अभिव्यक्तिरूपी प्रार्थना हो । यसरी साधनावस्था र सिद्धावस्था दुबै कालमा भगवतीको प्रार्थना गर्नु सार्थक रहन्छ ।

**आधारभूता जगतस्त्वमेका**
**महीस्वरूपेण यतः स्थितासि ।**
**अपां स्वरूपस्थितया त्वयैत-**
**दाप्यायते कृत्स्नमलङ्घ्यवीर्ये ॥४॥**

**पदार्थ–**

**त्वं** = हजुर, **जगतः** = संसारको, **एक** = एक्लो, **आधारभूता** = आधार हुनुहुन्छ, **यतः** = किनकि, **महीस्वरूपेण** = पृथिवीको रूपमा, **स्थिता** = रहेकी, **असि** = हुनुहुन्छ, **अलङ्घ्यवीर्ये** = हे अलुनीय पराक्रम भएकी देवी, **अपां** = पानीको, **स्वरूपस्थितया** = स्वरूपले रहेकी, **त्वया** = हजुरले, **कृत्स्नम्** = सम्पूर्ण **एतत्** = यो जगत्, **आप्यायते** = तृप्त हुन्छ ॥

**भावार्थ–**

हजुर सम्पूर्ण जगत्की एकमात्र आधार हुनुहुन्छ र सम्पूर्ण प्राणीहरूलाई धारण गर्न हजुर पृथिवीरूपले रहनुभएको छ । हे अलङ्घ्य पराक्रम भएकी देवी ! जलरूपिणी हजुरद्वारा नै यो सम्पूर्ण जगत् तृप्त भइरहेको छ ॥

**विवरण–**

यस श्लोकमा भगवतीलाई जगत्कै आधार भनी स्तुति गरिएको छ । भगवती **महीस्वरूपेण** अर्थात् पृथिवीको स्वरूपले रहनुभएको छ । पृथिवी सबै संसारकी आधार हुन् । स्थावर-जङ्गमात्मक सम्पूर्ण संसारलाई पृथिवीले धारण गरेकी छिन् । प्राणीहरू पृथिवीकै छातीमा जन्मन्छन् र त्यहीँ नै हिँड्न, डुल्न, खेल्न सिक्छन् । उनले धारण नगरे यहाँका नदी, वृक्ष, पशुपक्षी केही पनि रहन सक्दैनन् । भगवती त पृथिवीको पनि आधार हुनुहुन्छ, किनकि पृथिवी, जल, तेज, वायु र आकाशले युक्त पञ्चभूतात्मक जगत्लाई भगवतीले नै धारण गर्नुभएको छ । सम्पूर्ण जगत्को रूपमा आफैँ प्रकट भई आफैँले जगत्लाई धारणा गर्ने भगवतीको महिमा अनन्त छ । त्यसैले भगवतीलाई **महीस्वरूप**

अर्थात् पृथिवीस्वरूपिणी भनिएको हो । सम्पूर्ण विश्वको अनेकतामा एउटै भगवती प्रतीत हुनुभएको हो । वेदमा बताइएको छ– **एकैव विश्वरुपिणी तस्मादुच्यते नैका**(देव्यथर्व. मं.२३) । जगदम्बाले आफ्ना सन्तानलाई धारण गर्न पृथिवीको रूप लिनुभएको हो । त्यसैले वेदमा पृथिवीलाई प्राणीमात्रकी माता अनि जीवहरूलाई उनका पुत्र भनी बताइएको छ– **माता भूमिः पुत्रोऽहं पृथिव्याः**(**भूमिसूक्त**) । जसरी आमाले सन्ततिको पीडा आदिलाई सहेर पनि उनीहरूको पोषण गर्नुहुन्छ, त्यसैगरी पृथिवीले पनि प्राणीहरूको पदाघातलाई सही उनीहरूको पोषण गर्छिन् । यहाँसम्म कि प्राणीहरूले पृथिवीको छातीमा खनेर धान, मकै अनि रुखबिरुवा आदिलाई रोप्छन् । पृथिवीले त्यसलाई आफ्नो भित्री स्नेहरसले सिञ्चित गरी मीठो फलले युक्त बनाइदिन्छिन् । जगज्जननी भगवती स्वयं पृथिवीको रूपमा बनेकाले नै पृथिवीले यी उदार मातृत्वका गुणहरू धारण गरेकी होलिन् भन्ने कल्पना पनि यहाँ गरिएको छ । यहाँ पृथिवी भनेर अन्न आदिलाई पनि लिन सकिन्छ, किनभने उपनिषद्मा पृथिवीबाट नै अन्न उत्पन्न हुने भएकाले पृथिवीलाई पनि अन्न भनेको पाइन्छ । यसरी हेर्दा महीस्वरूप शब्दको अर्थ अन्नको रूपमा पनि भगवती नै हुनुहुन्छ भन्ने हुन्छ । त्यसैले उपनिषद्मा अन्नलाई ब्रह्म पनि भनिएको छ– **अन्नं ब्रह्मेति व्यजानात्** (तै.उ. ३/२/१) प्राणीहरूलाई छातीमा लिएर मात्र मातृत्व पूरा हुँदैन, उनीहरूलाई बचाँउनु पनि पर्दछ । यसका लागि जगदम्बाले स्वयं अन्नको रूप पनि लिनुभएको छ ।

यहाँ भगवतीलाई जलस्वरूपिणी पनि भनिएको छ । अन्न र जल यी दुईद्वारा नै प्राणीहरूको जीवन धानिन्छ, यसैले भगवती जलको रूपमा पनि बन्नुभएको छ । सन्तानहरूको भोक एवं प्यास मेटाउन माताले दुध र भोजनको व्यवस्था गरेझैं जगदम्बाले पनि आफैं जल र अन्नको रूपमा बनी यसको व्यवस्था गर्नुभएको छ । भगवतीभन्दा अर्को कुनै तत्त्व नभएपछि प्राणीहरूको भोजनको रूपमा स्वयं उहाँ नै आउनुपर्ने हुन्छ । उपनिषद्मा पनि एउटै चेतन तत्त्व अन्न र अन्नाद अर्थात् अन्नभोक्ताको रूपमा रहेको छ भनिएको छ– **अहमन्नमहमन्नमहमन्नमहमन्नादोऽहमन्नादोऽहमन्नादः** (तै.उ.,३/१०/६)। अतः भगवती नै विश्वरूपिणी हुनुहुन्छ ।

त्वं वैष्णवी शक्तिरनन्तवीर्या
विश्वस्य बीजं परमासि माया ।
सम्मोहितं देवि समस्तमेतत्
त्वं वै प्रसन्ना भुवि मुक्तिहेतुः ॥५॥

**पदार्थ–**

**त्वं** = हजुर, **अनन्तवीर्या** = अत्यन्त शक्तिशाली, **वैष्णवी** = विष्णुको, **शक्तिः** = शक्ति हुनुहुन्छ, **विश्वस्य** = संसारको, **बीजं** = कारणभूत, **परमा** = परा, **माया** = अनिर्वचनीया, **असि** = हुनुहुन्छ, **देवि** = हे देवी ! **समस्तं** = सम्पूर्ण, **एतत्** = संसार, **सम्मोहितम्** = (हजुरबाट नै) मोहित छ। **वै** = निश्चय नै, **त्वं** = हजुर, **प्रसन्ना** = प्रसन्न हुँदा, **भुवि** = पृथिवीमा, **मुक्तिहेतुः** = मुक्तिको कारण विद्यारूपिणी बन्नुहुन्छ ॥

**भावार्थ–**

हजुर नै अनन्त सामर्थ्ययुक्त वैष्णवी शक्ति हुनुहुन्छ र समस्त संसारको कारणभूत सर्वश्रेष्ठ माया पनि हजुर नै हुनुहुन्छ। यो जगत् हजुरद्वारा नै सम्मोहित छ र हजुर नै प्रसन्न भएपछि संसारका प्राणीहरूलाई मोक्ष प्रदान गर्नुहुन्छ ॥

**विवरण–**

यस श्लोकमा भगवती नै बन्धन अनि मोक्ष दुबैको हेतु हुनुहुन्छ भनी स्तुति गरिएको छ। भगवती **वैष्णवी** अर्थात् विष्णु भगवान्की शक्ति हुनुहुन्छ। यो भगवतीलाई योगमायाको रूपमा गरिएको स्तुति हो । स्वयं ब्रह्मरूपिणी भए तापनि भगवती जगद्व्यवहारका लागि मायारूपमा पनि बन्नुहुन्छ। यही मायाशक्तिलाई लिएर ब्रह्माजीले जगत्को सृष्टि गर्नुहुन्छ, भगवान् विष्णुले पालन गर्नुहुन्छ र भगवान् शिवले संहार गर्नुहुन्छ। यहाँ **वैष्णवी शक्तिः** अर्थात् जगत्को स्थितिकारिणी शक्तिको रूपमा महामाया भगवतीको स्तुति गरिएको छ।

भगवती **अनन्तवीर्या** अर्थात् अनन्त पराक्रमले युक्त हुनुहुन्छ । उहाँ विश्वको नै **बीज** अर्थात् कारण हुनुहुन्छ। उहाँलाई परम माया भनिएको छ। भगवतीको माया कति प्रबल छ भने उहाँले स्वयं ब्रह्मा, विष्णु आदिलाई पनि घुमाइदिनुहुन्छ । तीनै देवतालाई समेत मोहित गरिदिने भगवती **परमा माया** हुनुहुन्छ । वैष्णवीशक्तिको काम जगत्को स्थिति गर्नु हो । जगत्को स्थिति

गर्नु भनेको जगत्को नियममित प्रक्रिया चलिरहनु हो । यसमा प्राणीहरूले मोहवश अयथार्थ संसारलाई पनि यथार्थ सम्झी यसमै लागिरहन्छन् । भगवतीले प्राणीहरूमा आफ्नो सम्मोहन शक्ति फिँजाउनुहुन्छ र उनीहरूलाई जगत्प्रति आकर्षित गराइरहनुहुन्छ । शास्त्रकारहरूले भगवतीमा पाँच शक्ति छन् भनी बताएका छन्– **सृष्टि, स्थिति, संहार, निग्रह र अनुग्रह** । निग्रहशक्तिको काम प्राणीहरूलाई संसारमा मोहित गर्नु हो भने अनुग्रह शक्ति भनेको प्राणीहरूलाई मुक्त गरिदिनु हो । यसरी भगवती बन्धनकारिणी मात्र नभई **मुक्तिहेतुः** अर्थात् मुक्ति दिनेवाली पनि हुनुहुन्छ ।

**विद्याः समस्तास्तव देवि भेदाः**
**स्त्रियः समस्ताः सकला जगत्सु ।**
**त्वयैकया पूरितमम्बयैतत्**
**का ते स्तुतिः स्तव्यपरा परोक्तिः ॥६॥**

**पदार्थ–**

**देवि** = हे देवी ! **समस्ताः** = सम्पूर्ण, **विद्याः** = विद्याहरू, **तव** = हजुर का नै, **भेदाः** = भेदहरू हुन्, **जगत्सु** = संसारमा, **सकलाः** = सम्पूर्ण, **स्त्रियः** = स्त्रीहरू, **समस्ताः** = सबै हजुर नै हुनुहुन्छ, **एकया** = एकमात्र, **अम्बया** = जगदम्बिका, **त्वया** = हजुरबाट, **एतत्** = यो संसार, **पूरितम्** = व्याप्त छ, **ते** = तिम्रो, **स्तुतिः** = स्तुति, **का** = के हुनसक्छ र ? **स्तव्यपरा** = स्तवन गर्न योग्य पदार्थभन्दा पनि पर रहेकी, **परा** = शब्दब्रह्मरूपा, **उक्तिः** = बाणी हुनुहुन्छ ॥

**भावार्थ–**

हे देवी ! संसारभरका परा, अपरा आदि सबैथरी विद्याहरू हजुरकै भेदहरू हुन् । त्यसैगरी संसारभर जति पनि स्त्रीहरू छन्, ती सबै हजुरकै अभिव्यक्ति हुन् । हे जगदम्बिके ! एकमात्र हजुरले नै यो सारा जगत्लाई व्याप्त गर्नुभएको छ । हजुर स्तुति गर्न योग्य सबै पदार्थहरूभन्दा पनि पर हुनुहुन्छ र स्वयं अनुच्चारणीय परा वाक् हुनुहुन्छ, त्यसैले हजुरको के स्तुति हुन सक्छ र ? ॥

**विवरण–**

यस श्लोकमा देवताहरूले भगवती स्तुतिको विषय हुन नसक्ने हुनाले आफूरूले उहाँको स्तुति कसरी गर्न सकिन्छ र भन्ने कुरा बताएका छन् ।

**समस्ताः विद्याः** अर्थात् सबै विद्याहरू भनेर यहाँ विद्याका भेदहरूलाई लिन खोजिएको छ । हुन त विद्या अर्थात् ज्ञान भन्ने एउटै तत्त्व हो तर त्यसले विषय गर्ने अनेक शास्त्रहरूको आधारमा विद्याको पनि भेद भएको हो– ज्यौतिषविद्या, आयुर्वेद विद्या, मन्त्रविद्या आदि । शास्त्रमा विद्याका अठार भेदहरू बताइएका छन् । ऋग्वेद, यजुर्वेद, सामवेद र अथर्ववेद यी चार वेदहरू आयुर्वेद, धनुर्वेद, गान्धर्ववेद र अर्थशास्त्र यी चार उपवेदहरू, शिक्षा, कल्प, व्याकरण, निरुक्त, छन्द र ज्यौतिष यी छ वेदाङ्गहरू अनि पुराण, न्याय, मीमांसा र धर्मशास्त्र यी चार उपाङ्गहरू मिलेर अष्टादशविद्या बन्दछ । यी सबै विद्याहरू भगवतीकै भेद अर्थात् अंशहरू हुन् । अरु व्यापक अर्थमा भन्ने हो भने यहाँ आगम, निगम आदि सबैथरी विद्याहरू भगवतीकै भेद हुन् । निगम भनेको भेद हो भने आगम भनेको तन्त्रशास्त्र हो । वेदमा त्रैवर्णिकहरूको मात्र अधिकार छ भने तन्त्रमा सबैको समान अधिकार छ । तन्त्रहरू धेरैजसो भगवान् शिवद्वारा पार्वतीलाई उपदिष्ट छन् । आगम शब्दको व्युत्पत्ति गर्दै भनिएको छ– **आगतं शिववक्त्रेभ्यो गतं च गिरिजानने ।** अर्थात् शिवजीको मुखबाट उपदिष्ट र पार्वतीलाई प्राप्त भएको विद्या नै आगम हो । यसरी सम्पूर्ण वैदिक वाङ्मय, यहाँभित्र रहेका अनेक शास्त्र, समस्त तन्त्र-वाङ्मय र यसभित्रका अनेक दर्शनहरूको रूपमा पनि भगवती नै हुनुहुन्छ ।

जगत्भरिका जति पनि स्त्रीहरू छन् ती स्वयं भगवतीका नै रूपभेद हुन् । सनातन शास्त्रीय परम्परामा नारीहरूलाई शक्तिरूपा मानी सम्मान गरिन्छ । नवरात्र आदिमा कन्यालाई साक्षात् भगवतीकै रूपमा विशेष पूजा गर्नुपर्ने शास्त्रीय विधान छ । विवाहित स्त्रीलाई पनि लक्ष्मीको रूपमा सम्मान गरिन्छ भने पुत्रप्राप्ति पछि त उनलाई माताको उच्चतम स्थान प्राप्त हुन्छ । मनु महाराजले भन्नुभएको छ– **यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः** अर्थात् जहाँ नारीहरू सम्मानित हुन्छन्, त्यहाँ देवताहरू रमाउँछन् । स्त्रीको रूपमा स्वयं भगवती आउनुभएकाले नै यसरी उनीहरू सबै अवस्थामा पूजनीय भएका हुन् । यहाँ **स्त्रियः** अर्थात् स्त्रीहरू भनेर आगम प्रसिद्ध ब्राह्मी आदि चौंसठ्ठी शक्तिहरूलाई पनि लिइएको छ । यिनलाई प्रतिपादन गर्ने ती-ती तन्त्रशास्त्रलाई विद्या भनिन्छ । यसरी चौंसठ्ठी प्रकारका तन्त्रविद्या अनि

त्यसका प्रतिपाद्य चौँसठ्ठी शक्तिहरूको रूपमा पनि भगवती नै हुनुहुन्छ ।

स्तुति गर्नका लागि तीन वस्तुको आवश्यकता हुन्छ- एउटा स्तुति गरिने स्तुत्य व्यक्ति, एउटा स्तुति गर्नेवाला स्तोता अनि उसको गुण वर्णन या स्तुति । यसप्रकार तीनओटा पृथक् वस्तुहरू हुँदा मात्र कसैको स्तुति हुन सक्दछ । आफैँले आफ्नो स्तुति गर्न मिल्दैन, किनभने त्यहाँ स्तोता र स्तुत्य एउटै छन् । यहाँ सम्पूर्ण विद्या र समस्त स्त्रीहरू भगवतीरूप हुन् भन्ने बताई भगवतीमा यो भेद सम्भव नभएको जनाइएको छ । तन्त्रशास्त्रमा जुन मन्त्रका उपास्य या प्रतिपाद्य देवीहरू हुन्छन् त्यसलाई विद्या भनिन्छ । जस्तै– श्रीविद्या, महाविद्या आदि । विभिन्न मन्त्रहरूद्वारा प्रतिपादन गरिने जुन अर्थ हो, त्यो नै भगवतीको स्वरूप हो । यसैले हरेक मन्त्रहरूपिच्छे भगवतीका ध्यानहरू अलग-अलग हुन्छन् । ध्यानमा बताइएका भगवतीका रूप नै ती-ती विद्याहरूको सारभूत अर्थ हो । यस विषयमा वेदमा भनिन्छ– **पाशाङ्कुशधनुर्बाणधरा एषा श्रीमहाविद्या (देव्यथर्व.मं.,१५)** अर्थात् पाश, अङ्कुश, धनु र बाण धारण गरेकी देवीको चतुर्बाहुरूप नै मन्त्रात्मक श्रीविद्या हो । सप्तशतीमा पनि हरेक अध्यायमा अलग-अलग ध्यानहरू छन् । यसको अर्थ त्यस अध्यायका मन्त्रहरूद्वारा प्रतिपाद्य भगवतीको स्वरूप देखाइदिनु हो । अतः हरेक मन्त्रात्मक विद्याहरूको रूपमा र ती-ती विद्याका प्रतिपाद्य देवीको रूपमा पनि एउटै भगवती हुनुहुन्छ । ती-ती मन्त्र, विद्याहरू नै भगवतीका स्तुतिसाधन भएकाले विद्या र देवी एउटै हुनुको तात्पर्य स्तुति र स्तुत्य एउटै हुनु हो- **एकया इदं पूरितम्** भन्ने वाक्यले चाहिँ जगत्का सम्पूर्ण प्राणीहरूलाई अन्तर्यामीरूपिणी भगवतीले व्याप्त गर्नुभएको छ भन्ने बताइएको छ । यसरी भगवतीभन्दा भिन्न कुनै उपासक या स्तोता नरहेको जनाइएको छ । **स्तुतेर्भेदनिबन्धनत्वात्** अर्थात् स्तुति भेदमूलक हुन्छ । यसैले देवताहरू भन्छन्– **का ते स्तुतिः** अर्थात् हजुरको स्तुति कसरी हुन सक्दछ ?

**स्तव्यपरापरोक्तिः** शब्दको अर्थ हुन्छ– ***स्तव्ये-स्तवार्हे विषये परापरे उक्तिः यस्यां सा*** अर्थात् स्तुतिमा कुनै पनि स्तुत्यका ठूला-साना गुणहरूको वर्णन गरिन्छ । ब्रह्मस्वरूपिणी भगवतीमा त सबै गुणहरू केवल आरोपित मात्र हुन्, वास्तवमा छैनन् । यसैले उहाँका ठूला-साना गुणहरूको **उक्तिः** अर्थात्

वर्णन गर्नु सम्भव छैन । भगवतीको स्तुति गर्न नसक्नुमा यो दोस्रो हेतु हो । यस शब्दलाई **स्तवयपरा** र **परोक्तिः** यी दुई पदमा पनि छुट्याइएको छ । यहाँ यी दुवै पद स्तुतिका नभई भगवतीका नै विशेषण हुन् । भगवती स्तवयपरा हुनुहुन्छ, स्तुति अर्थात् बाणीको विषय नै स्तवय हो । भगवती बाणीको विषयभन्दा पर हुनुहुन्छ यसैले उहाँको स्तुति हुन सक्दैन । उहाँ त **परोक्तिः** अर्थात् परावाक् रूपिणी हुनुहुन्छ । शब्दशास्त्रमा बाणीका चार भेदहरू बताइएका छन् । परा, पश्यन्ती, मध्यमा र वैखरी । परा भनेको आत्मचैतन्य नै हो र यसलाई शब्दब्रह्म, अक्षरब्रह्म आदि भन्दछन् । पराबाणी मूलाधार प्रदेशमा रहन्छ र यो कुण्डलिनी शक्तिद्वारा घेरिएको ज्योतिर्मय स्वयंप्रकाश तत्त्व हो । ब्रह्मस्वरूप यही बाणी जब जगत्भावमा उन्मेष हुन थाल्दछ तब त्यो पश्यन्ती बन्दछ । जसरी कुनैपनि बीज पानी आदिको सम्पर्क भइसके पछि फुटेर अङ्कुर निस्कने अवस्थामा पुग्दछ, त्यसैगरी पराबाणी नै बाहिर व्यक्त हुन खोज्दा त्यसको त्यो प्राथमिक अवस्था नै पश्यन्ती अवस्था हो । यो पनि ज्ञानरूप छ र यसमा वर्ण, पद, पदार्थ आदिको भेद छैन । मानसिक आकार धारण गरिसकेको बाणीलाई चाहिँ मध्यमा भन्दछन् । मनमनै बोलिएका शब्दहरू या सम्झिएका भनाइहरू यही मध्यमा बाणीकै रूप हुन् । यहाँ आउँदा पदहरूको क्रम अनि त्यसका अर्थको पनि भेद प्रकाशित हुन्छ । वैखरी भनेको चाहिँ शब्दले बाहिरी आकार लिनु हो । प्राणवायु, कण्ठ, तालु आदि स्थानहरूमा ठोकिएर अनेक उच्चरित वर्णहरूको रूपमा प्रकट हुनु नै वैखरी हो । यसैले भनिन्छ–

**वैखरी शब्दनिष्पत्तिर्मध्यमा स्मृतिगोचरा ।**
**द्योतिकार्थस्य पश्यन्ती सूक्ष्मा ब्रह्मैव केवला ॥**

स्तुति भनेकै बाणीरूप हो । चारै प्रकारका बाणीहरूको रूपमा भगवती आउनुभएकाले उहाँ स्वयं स्तुतिरूपमा हुनुहुन्छ । त्यसैले उहाँको स्तुति हुन नसक्ने देखिन्छ । अरु अरु तीन प्रकारकै शब्द परा बाणीका नै विवर्त हुन् । भगवती स्वयं परा बाणीरूप हुनुहुन्छ । ब्रह्मरूप परा बाणीमा शब्दको प्रवेश हुन नसक्ने भएकाले पनि उहाँको स्तुति हुन सक्दैन । यसैलाई उपनिषद्ले **यतो वाचो निवर्तन्ते** (तै.उ., २/९/१)अर्थात् जुन आत्मतत्त्वलाई नपाई बाणी त्यहाँबाट फर्किन्छ भनी बताएको छ ।

यसप्रकार यहाँ भगवतीको स्तुति हनु नसक्नुमा तीन कारणहरू बताइएका छन् । स्तुत्य, स्तोता र स्तुतिको रूप एउटै भगवती भएकीले उहाँमा भेदमूलक स्तुति हुन नसक्नु पहिलो कारण हो । स्तुतिमा गुणहरूको वर्णन गरिनुपर्नेमा भगवती गुणातीत हुनु भएकीले उहाँको स्तुति हुँदैन भन्नु दोस्रो कारण हो । भगवती बाणीको विषय नहुनुभएकीले उहाँको स्तुति हुँदैन भन्नु तेस्रो कारण हो ।

**सर्वभूता यदा देवी स्वर्गमुक्तिप्रदायिनी ।**
**त्वं स्तुता स्तुतये का वा भवन्तु परमोक्तयः ॥७॥**

**पदार्थ–**

**यदा** = जब, **सर्वभूता** = सम्पूर्ण स्वरूपले रहेकी, **देवी** = भगवती, **स्वर्गमुक्तिप्रदायिनी** = स्वर्ग तथा मोक्ष प्रदान गर्नेवाली हुनुहुन्छ, **त्वं** = हजुर को, **स्तुता** = स्तुति गरियो, **स्तुतये** = स्तुतिको निम्ति, **परमोक्तयः** = योभन्दा ठूलो उक्ति, **काः वा** = के, **भवन्तु** = हुनसक्छन् र ? ॥

**भावार्थ–**

सर्वस्वरूपा हजुर नै स्वर्ग र मोक्षलाई नै प्रदान गर्नेवाली हुनुहुन्छ, यत्तिबाट नै हजुरको पूर्ण स्तुति हुन्छ। योभन्दा श्रेष्ठ हजुरका अन्य स्तुतिवचनहरू के हुन सक्छन् र ? ॥

**विवरण–**

यस श्लोकमा देवताहरूले भगवती निर्गुण ब्रह्मरूपिणी भए तापनि उहाँको स्तुति हुनसक्ने कुराको समर्थन गरेका छन् । अघिल्लो श्लोकमा देवताहरूले भगवती सर्वरूप ब्रह्मरूपिणी हुनु भएकीले उहाँको स्तुति हुन नसक्ने कुरा बताएका थिए । यहाँ **सर्वभूता** भन्ने पदले त्यही कुराको अनुवाद गरिएको छ । जगत्का सम्पूर्ण भेदहरूमा प्रकट हुने यौटै भगवती हुनुहुन्छ तर स्वयं उहाँमा भने कुनै पनि भेद छैन । सबै रूपमा यौटै तत्त्व भएपछि उपासकले कुन उपास्यको उपासना गर्ने ? त्यसैले सर्वरूपिणी भगवतीको स्तुति हुन सक्दैन । उसो भए देवताहरूले भगवतीको स्तुति कसरी गरे त ? भन्ने शङ्काको यहाँ समाधान गरिएको छ । यहाँ भगवतीको कस्तो चाहिँ स्वरूपको स्तुति हुन सक्छ ? भन्ने देवताहरूले बताएका छन् ।

मुख्यतः भगवतीका तीन स्वरूपहरू छन् । स्वाभाविक रूपमा उहाँ ब्रह्मरूपिणी नै हुनुहुन्छ । ब्रह्मतत्त्व निर्गुण-निष्क्रिय छ र त्यसमा मन, बाणी आदिको पनि प्रवेश छैन । मन, बाणी आदि सबै यही ब्रह्मकै सत्ता एवं प्रकाश पाएर आ-आफ्ना काम गर्दछन् । **यद्वाचानभ्युदितं येन वागभ्युद्यते**(के.उ.,१/४) अर्थात् जसलाई बाणीले विषय गर्न या बोल्न सक्दैन, अनि जसद्वारा नै प्रेरित भई बाणी आफ्नो काम गर्दछ, त्यही नै आत्मतत्त्व हो । यसरी सम्पूर्ण इन्द्रिय, तिनका वृत्ति एवं पदार्थहरूलाई प्रकाशित गर्ने भएकाले स्वयंप्रकाश ज्ञानरूप यो आत्मालाई मन, बाणी आदि कसैले पनि भेट्न सम्भव छैन । त्यसैले भनिएको छ– **विज्ञातारमरे केन विजानीयात्** (बृ.उ.,२/४/१४)अर्थात् जो सबैको प्रकाशक हो उसलाई कसको माध्यमले जान्न सकिन्छ र ? गुणको वर्णन गर्नु नै स्तुति हो अनि निर्गुणमा गुण न हुने भएकाले उसको स्तुति हुनै सक्दैन । यसरी निर्गुण ब्रह्मतत्त्वलाई उपासना, स्तुति आदिले पक्डिन सकिँदैन । भगवतीको योभन्दा अर्को रूप पनि छ जसलाई माया भनिन्छ । जगत्मा उहाँ एउटामात्र तत्त्व भएकाले मायाको रूपमा पनि उहाँ नै रहनुभएको हो भन्ने शास्त्रको सिद्धान्त छ । माया या अविद्याको काम असङ्ग अद्वितीय आत्मतत्त्वलाई पनि मोहित एवं भ्रान्त पारिदिनु र जगत्को विक्षेप खडा गरी त्यसमा भुलाईदिनु हो । यो तमोगुणात्मिका हुन्छ र संसारबन्धन अनि दुःख आदिको यही मूल कारण हो । यसको स्तुति गर्नु अनावश्यक र आपत्तिजनक पनि छ । **अन्धं तमः प्रविशन्ति येऽविद्यामुपासते** अर्थात् जसले अविद्या एवं अविद्यामय कर्म आदिको उपासना गर्दछन्, तिनीहरू घोर अन्धकारमा पर्दछन् भनी अविद्याको पछि लाग्दा संसारबन्धनमा नै बाधिँनुपर्ने बताइएको छ । यसैले अविद्यारूपमा पनि भगवतीको स्तुति हुन सक्दैन । निर्गुण ब्रह्म नै मायालाई स्वीकार गरेर पनि त्यसका गुण, दोषबाट अलग रही जब ईश्वर बन्दछ र ईश्वरले जगत्को सृष्टि गर्न थाल्नुहुन्छ तब उहाँको मात्र स्तुति हुन सक्दछ । वेदहरूले परमात्माको स्तुति गर्ने क्रममा पनि **अजया चरतः** अर्थात् मायाले युक्त सगुण ईश्वर भई र हँदा मात्र परमात्माको स्तुति हुनसक्ने बताएका छन् (भा(१०/८७/१४)। स्तुति गर्दा सेव्य र सेवकको भेद चाहिन्छ । भगवती निर्गुण ब्रह्मरूपमा रहँदा उहाँको स्तुति सम्भव थिएन, किनकि त्यस अवस्थामा जीव र जगत् सबै भगवतीरूप नै थिए । जब उहाँले मायारूप उपाधिलाई स्वीकार गरी त्यसलाई आफ्नो

वशमा राखेर जगत् भेदको सृष्टि गर्नुभयो तब अन्तःकरणावच्छिन्न जीवहरूले ती देवीको स्तुति गर्न समर्थ भए। अन्तःकरणावच्छिन्न भएकाले अल्पज्ञ एवं अल्पशक्तिमान् यिनीहरूले मायाधिष्ठात्री सर्वशक्तियुक्ता भगवतीको उपासना र स्तुति गर्न सम्भव भयो। श्लोकमा आएको देवी शब्दले उहाँको ऐश्वर्यलाई जनाइएको छ। ब्रह्मरूपिणी भगवती ईश्वरीरूपमा हुनुभयो भने चाहिँ उहाँको स्तुति गर्न सकिन्छ भन्ने यसको भाव हो। यस्ती भगवतीले स्वर्ग र मोक्ष दुबै प्रदान गर्नुहुन्छ। स्वर्गको चाहना गरी कर्म गर्नेहरूलाई उहाँ स्वर्ग दिनुहुन्छ भने विरक्त भई गुरुको शरणमा गएर ब्रह्मचिन्तन गर्नेहरूलाई चाहिँ मोक्ष दिनुहुन्छ। सबै प्राणीहरूलाई योग्यता अनुसार कर्मफल प्रदान गर्ने ईश्वरको रूपमा भगवतीको वर्णन गर्नु नै उहाँको स्तुति हो। ईश्वरी रूपमा भन्दा अरु कुनै रूपले भगवतीको स्तुति हुन सक्दैन। त्यसैले देवताहरू भन्दछन्– **पर मोक्तयः का भवन्तु** अर्थात् यो भन्दा श्रेष्ठ स्तुति वचन के हुन सक्दछ र ?

यहाँ देवताहरूले निर्गुण भगवतीको स्तुति कसैगरी पनि हुन सक्दैन, भनी बताएका थिए। उनीहरूले अरु कुनै विशेष रूपले स्तुति गरेका छैनन्, तर पनि यसलाई सर्वश्रेष्ठ स्तुति भनिएको छ। यसको कारण के हो भने भगवतीलाई सामान्य रूपले स्तुति गरिरहँदा भगवतीमा स्तुतिद्वारा प्रतिपाद्य हुने दोष आउन सक्छ। भगवतीको वास्तविक स्वरूप कहिल्यै पनि बाणीको विषय हुन सक्दैन। मन एवं बाणी स्वयं परिच्छिन्न वस्तु भएकाले तिनले ग्रहण गर्नेवित्तिकै त्यो पदार्थ पनि परिच्छिन्न भएको ठहर्दछ। यसो गर्नु त भगवतीको स्तुति होइन, उहाँको व्यापकतामा हानि हो। त्यसैले भागवतमा भगवान्को स्तुति गर्ने क्रममा वेदहरूले भनेका छन्– **मतदुष्टतया** अर्थात् जुन पदार्थलाई मनले विषय गर्दछ त्यो हुनु नै दोषयुक्त छ। परिच्छिन्न मनले अपरिच्छिन्न परमात्मालाई विषय गर्न सक्दैन र ग्रहण गऱ्यो भने परमात्मामा दोष आउँछ भन्नु यसको अर्थ हो। त्यसैले जसले भगवतीको यथार्थ तत्त्वलाई बुझेर भगवती मन, बाणीको विषय हुनुहुन्न र उहाँको स्तुति गर्न पनि सम्भव छैन भन्दछ उसैले उहाँको वास्तविक स्तुति गरेको हुन्छ। उपनिषदमा भनिएको छ– **यस्यामतं तस्य मतम्** (के.उ.,२/३)अर्थात् जसले ब्रह्मलाई जानेन उसैले जान्यो। यहाँ **अमतम्** शब्दको खास अर्थ हुन्छ–जसले ब्रह्म मनको विषय हुँदैन भनेर बुझ्यो, त्यसैले **मतम्** अर्थात् ब्रह्म बुझ्यो। ठीक यसैगरी जसले

परिच्छिन्न बाणीले अपरिच्छिन्न भगवतीको कसैगरी पनि स्तुति हुन सक्दैन भन्ने बुझ्यो उसले नै भगवतीको वास्तविक स्वरूपलाई बुझ्यो र उसले नै भगवतीको राम्रो स्तुति गऱ्यो । यहाँ पनि देवताहरूले भगवतीको वास्तविक निर्गुण स्वरूपको स्तुति हुन नसक्ने र मायालाई स्वीकार गरी ईश्वरको रूपमा बन्दा मात्र स्तुति हुन सक्ने बताई भगवतीको यही स्वरूपको वर्णन गरेका छन् । त्यसैले उनीहरूले उहाँको राम्रो स्तुति गरको बुझिन्छ । **परमोक्तयः** यो शब्दलाई परमा र उक्तयः भनी दुई पदमा छुट्याउँदा भने यसको अन्वयक्रम निम्नानुसार देखिन्छ– **यदा त्वं परमा तदा उक्तयः स्तुतये भवन्तु** यदि हजुर सर्वोत्कृष्ट अनि देवताहरूद्वारा पनि वन्दनीय हुनुहुन्छ भने हाम्रा सबै बाणीहरू हजुरको स्तुतिका लागि होऊन् । ब्रह्मरूपिणी भगवतीलाई सीधै स्तुति गर्न न सकिए पनि अनेक देवताहरू र अन्य प्राणीहरूको रूपमा व्याप्त हुने उहाँ परमेश्वरी भगवती हुनु भएकाले सबैका लागि प्रयुक्त भएका सबै शब्दहरू भगवतीका स्तुतिरूप नै बनून् भन्ने भाव यहाँ देखिन्छ। भगवतीलाई विषय गर्ने शब्द नै स्तुति हो । सबै पदार्थहरूको रूपमा भगवती आउनुभएपछि उहाँलाई बताउने समस्त शब्द स्तुति नै त भए । त्यसैले भनिन्छ– **स्तोत्राणि सर्वा गिरः** अर्थात् सबैथरी भनाइहरू भगवतीका स्तोत्रहरू हुन् । एक जना भगवतीका भक्त भन्दछन् हे अम्बिके ! मेरा मनभित्र अनि बाहिर पनि जति पदार्थहरू देखिन्छन् ती सबै मलाई हजुरकै मूर्ति या स्वरूप जस्तो लाग्दछ । ती-ती पदार्थहरूलाई प्रतिपादन गर्ने शब्दको रूपमा पनि त हजुर नै रहनु भएको छ। यसरी शब्द र अर्थको रूपमा बाहिर-भित्र क्रीडा गर्ने यौटै हजुर भएपछि मेरा कुनचाहिँ वचन हजुरका स्तुतिरूप भएनन् ? अपि तु सबै हजुरकै स्तुति हुन् र हजुररूपै छन्– **तव च का किल न स्तुतिरम्बिके सकलशब्दमयी किल ते तनुः, निखिलमूर्तिसु मे भवदन्वयो मनसिजासु बहिःप्रसरासु च।** यसप्रकार देवताहरूले भगवतीको स्तुति हुन सक्ने बताएका छन् ।

**सर्वस्य बुद्धिरूपेण जनस्य हृदि संस्थिते ।**
**स्वर्गापवर्गदे देवि नारायणि नमोऽस्तु ते ॥८॥**

**पदार्थ–**

**बुद्धिरूपेण** = बुद्धिरूपमा, **सर्वस्य** = सम्पूर्ण, **जनस्य** = मानिसको, **हृदि** = हृदयमा, **संस्थिते** = रहनेवाली, **स्वर्गापवर्गदे** = स्वर्ग एवं मोक्ष दिने, **नारायणि** =

नारायणकी शक्ति, **देवि** = हे भगवती, **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ।।

**भावार्थ–**

हजुर नै सम्पूर्ण प्राणीहरूको हृदयभित्र बुद्धिरूपले रहनुभएको छ । स्वर्ग एवं मोक्ष दुबै प्रदान गर्ने हे नारायणी देवी हजुरलाई नमस्कार छ ।।

**विवरण–**

यहाँ सबैको हृदयभित्र बुद्धितत्त्वको रूपमा भगवती नै रहनुभएको छ भनी स्तुति गरिएको छ । बुद्धि भनेको कुनै पनि कुरालाई बुझ्ने र निर्णय दिन सक्ने शक्ति हो । यसैले दर्शनशास्त्रहरूमा बुद्धिलाई निश्चयात्मिका भनिएको छ । अन्तःकरणका चार भेदमध्ये बुद्धिको काम निश्चय गर्नु हो । अनेक प्रकारका कुराहरूलाई सोच्नु-सम्झिनु या सङ्कल्प-विकल्प गर्नु मनको काम हो भने ती अनेक विकल्पहरूमध्ये आफूलाई कुन उपयुक्त र कल्याणकार छ भनी छुट्याउनु र अन्तिम निर्णय दिनु बुद्धिको काम हो । बुद्धिद्वारा निर्देशित हुने मान्छे बौद्धिक हुन् भने भावनाद्वारा निर्देशित हुनेहरू भावुक हुन् । यदि बुद्धिरूपा भगवतीले मनलाई नियन्त्रण नगर्ने हो भने जगत् चल्नै सक्दैन । मनमा त अरुलाई दुःख दिने या आत्महत्या गर्ने जस्ता दुर्भावहरू पनि आउन सक्छन्, तर त्यसलाई बुद्धिले ठहऱ्याएरमात्र व्यवहार गरिन्छ । सबै मानिसहरूको मनभित्र अनेक दुर्भावहरूको द्वन्द्व चलिरहेको हुन्छ तर बुद्धिको नियन्त्रणले त्यसलाई भित्रै राख्नुपर्दछ । यसरी व्यवहारमा बुद्धिको अनिवार्य आवश्यकता पर्दछ र त्यस रूपमा भगवती रहनुभएको सिद्ध हुन्छ ।

शास्त्रीय कर्ममा त बुद्धिको झन् बढी आवश्यकता हुन्छ । यदि बुद्धि दृढ भएन भने व्यक्ति शास्त्रीय मार्गबाट हटी फेरि संसारकै स्वार्थी मार्गतिर लाग्न सक्दछ । स्नान, सन्ध्या, यम-नियमको पालना, निष्काम कर्म, भक्ति आदि साधना निरन्तर गरिरहन दृढ बुद्धिको आवश्यकता पर्दछ, त्यो रूपमा पनि भगवती नै रहिदिनुहुन्छ, नत्र साधनाको यात्रामा साधक आत्तिने डर हुन्छ । श्रीमद्भगवद्गीतामा सत्कर्ममा हुने दृढ निष्ठालाई व्यवसायात्मिका बुद्धि भनिएको छ । सांसारिक भोगमा र धनसंग्रह आदिमा जसको चित्त आसक्त भएको छ, त्यस्ता व्यक्तिहरूमा व्यवसायात्मिका बुद्धि हुँदैन –**व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते** (श्रीम.गी.२/४४) । शास्त्रीय कर्ममार्गमा यदि

कसैको दृढ बुद्धि भयो भने चाहिँ उसले मोक्ष प्राप्त गर्दछ । त्यसैले यहाँ बुद्धिरूपा भगवतीलाई **स्वर्गापर्वदा** अर्थात् स्वर्ग र मोक्ष दुबै दिने भनिएको छ ।

यहाँ देखिका सोह्र मन्त्रहरूलाई तन्त्रशास्त्रमा नारायणीसूक्त भनी बताइएको छ । वैदिक ऋषिहरूले अनेक सूक्तहरूको दर्शन-साक्षात्कार गरेर्‍ँ देवताहरूले पनि नारायणी सूक्तको साक्षात्कार गरे र त्यसैद्वारा भगवतीको स्तुति गरे । अतः यसलाई वेदको सूक्तर्‍ँ अपौरुषेय मानिएको छ । यहाँ नारायणीको रूपमा भगवीको स्तुति गरिएको छ । ब्रह्मा आदिले भगवतीको सहयोगार्थ जुन-जुन ब्राह्मी आदि शक्तिलाई पठाएका थिए ती सारा परिच्छिन्न भावहरूलाई भगवतीले आफैँमा लीन गर्नुभएको थियो र जगत्मा आफूवाहेक अर्को कुनै तत्त्व नभएको भन्दै अट्टाहास गर्नुभएको थियो– **एकैवाहं जगत्यत्र द्वितीया का ममापरा** । यसरी सर्वात्मिका भगवती भएकीले यहाँ ब्राह्मी, वैष्णवी आदि सम्पूर्ण शक्तिको रूपमा नारायणी देवीको स्तुति गरिएको छ । नारायणी शब्दको व्युत्पत्ति यसप्रकार छ– ***नराणां-जीवानां आश्रयभूता*** अर्थात् जुन देवी सम्पूर्ण जीवहरूको आश्रयरूपा हुनुहुन्छ, उहाँ नै नारायणी हुनुहुन्छ । यसकारण यो स्तुति स्वयं ब्रह्मरूपिणी जगदम्बाकै स्तुति हो ।

**कलाकाष्ठादिरूपेण परिणामप्रदायिनि ।**
**विश्वस्योपरतौ शक्ते नारायणि नमोऽस्तु ते ॥९॥**

**पदार्थ–**

**कलाकाष्ठादिरूपेण** = कला आदि कालका विभिन्न भेदको रूपले, **परिणामप्रदायिनि** = बाल, यौवन, वृद्ध आदि परिणाम दिने, **विश्वस्य** = संसारको, **उपरतौ** = प्रलयकालमा, **शक्ते** = शक्तिरूले रहेकी, **नारायणि** = हे भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार **अस्तु** = छ ॥

**भावार्थ–**

समयका सूक्ष्म परिमाण कला, काष्ठा आदि रूपले सम्पूर्ण संसार को पूर्व-पूर्व अवस्थाहरूलाई परिवर्तन गरिदिने र अन्तमा सम्पूर्ण विश्वको उपसंहार गर्न समर्थ हे नारायणी देवी ! हजुरलाई नमस्कार छ ॥

**सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।**
**शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥१०॥**

**पदार्थ–**

**सर्वमङ्गलमाङ्गल्ये** = सम्पूर्ण मङ्गल प्रदान गर्ने, **शिवे** = कल्याणदायिनी शिवा, **सर्वार्थसाधिके** = सम्पूर्ण पुरुषार्थलाई सिद्ध गरिदिने, **शरण्ये** = शरणवत्सल, **त्र्यम्बके** = तीन नेत्र गएकी, **गौरि** = अत्यन्त गोरी, **नारायणि** = हे भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हजुर नै सबैप्रकारका मङ्गल प्रदान गर्ने परममङ्गलमयी हुनुहुन्छ । कल्याण प्रदान गर्ने हुनाले हजुरलाई शिवा पनि भनिन्छ । सबैथरी पुरुषार्थहरूलाई सिद्ध गर्ने, आफ्ना शरणमा आएका प्राणीहरूलाई आश्रय दिने, त्रिनेत्रधारी हजुर गौरी हुनुहुन्छ, यस्ती हजुरलाई नमस्कार छ ॥

**विवरण–**

यस श्लोकमा आदिशक्तिलाई मङ्गलमयी भनिएको छ । **मगि समर्पणे** धातुबाट मङ्गल शब्द बन्दछ । **मङ्गले साधु** अर्थात् मङ्गलमध्ये पनि राम्रो अथवा हितकारी भन्ने अर्थमा यत् प्रत्यय भएर मङ्गल्य शब्द बन्दछ । यसरी **सर्वमङ्गलमङ्गल्या** शब्दको व्युत्पत्ति हुन्छ– ***सर्वेभ्यो मङ्गलेभ्यो मङ्गल्या*** अर्थात् सबैथरी मङ्गलहरू मध्ये पनि बढी हितकारी । यहाँ सबैथरी मङ्गलहरू भनेका लौकिक अभ्युदयका वस्तु हुन् । मानिसहरू पुत्र, परिवार, घट, जमिन, सम्पत्ति आदि सबै वस्तुहरूलाई हितकारी र प्रिय सम्झिन्छन् । ती सबैभित्र अन्तर्यामी चेतन या प्रेरकको रूपमा भगवती रहनुभएको छ । चेतनायुक्त रहुन्जेल कुनै पुत्र, परिवार या पितामाता आदि प्रिय बन्दछन्, चेतनाहीन भएपछि उहाँलाई कसैले पनि बाबु आमा, या छोराको रूपमा प्रेम गर्दैनन् । यसैले सबैभित्र चैतन्यरूपले पस्ने भगवती नै मङ्गलमय हुनुभएको सिद्ध हुन्छ । यहाँ सर्वमङ्गल भनेको विषयको ज्ञानद्वारा हुने सुख पनि हो । भोजन, शयन, प्रियमिलन आदिबाट हुने अनेक प्रकारका सुखहरू छन् तर यी क्षणिक छन् । भगवती माता यी क्षणिक एवं अल्प सुखहरूभन्दा बढी मङ्गलमय हुनुहुन्छ । किनभने उहाँ अविनाशी परम सुखस्वरूप हुनुहुन्छ । यसप्रकार सबै रूपमा भगवती नै सर्वाधिक मङ्गलमय र मङ्गलदात्री हुनुभएकी उहाँलाई सर्वमङ्गला भन्ने नामले पुकारा गरिएको छ ।

शिवा शब्दका अनेक अर्थहरू छन् । ***शिवो भर्ता यस्याः*** भन्ने व्युत्पत्तिअनुसार भगवान् शिवकी पत्नी भएकीले भगवतीलाई शिवा भनिएको हो । शिवा भनेको स्याल पनि हो । ***शिवाभिर्युक्ता*** अर्थात् स्यालहरूले घेरिएर रहने या स्यालहरू गण भएकी हुनाले भगवतीलाई शिवा भनिन्छ । भगवतीलाई श्मशानवासिनीको रूपमा चिन्तन गर्दा उहाँको वरिपरि स्यालहरू हुनु नौलो होइन । भगवान् शिव र भगवती शिवा दुवै श्मशानमा बस्नुहुन्छ किनभने सबै प्राणीहरूले एक दिन श्मशानमा नगई हुँदैन । भगवान् यदि पहाडको टाकुरा, खोँच आदि ठाउँहरूमा बस्ने हो भने त्यहाँ सबै मानिसले दर्शन गर्न सक्दैनन् । श्मशानमा त सबैले आउनै पर्ने भएकाले ती सबै जीवहरूको उद्धार गर्न भगवान् सर्वसुलभ हुने गरी त्यहाँ रहनुभएको हो । देवीभागवतमा चाहिँ मुक्तिदायिनी देवी नै शिवा हुनुहुन्छ भनिएको छ । **शिवा मुक्तिः समाख्याता तत्प्रदत्वात् शिवा स्मृता** सर्वाधिक कल्याणमय भएकाले मुक्ति नै शिवा हो । त्यही प्रदान गर्ने भएकाले भगवतीलाई शिवा भनिएको हो । सर्वार्थसाधिका शब्दको अर्थ हुन्छ– **सर्वेषां अर्थानां पुरुषार्थानां साधिका** अर्थात् धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थ सिद्ध गराइदिने भएकीले भगवती सर्वार्थसाधिका हुनुहुन्छ । भगवतीको कृपाविना कसैलाई पनि धर्ममा बुद्धि लाग्दैन, उहाँको कृपा नभए सम्पत्ति कमाउन सकिँदैन । त्यसैगरी विषयको भोग गर्न पनि स्वस्थ शरीरको आवश्यकता पर्दछ, जसको लागि भगवतीको कृपा चाहिन्छ नै । मोक्षका लागि त मोक्षरूपिणी भगवतीको कृपा अनिवार्य नै छ । यसरी चारै पुरुषार्थ भगवतीको कृपाबाट नै सिद्ध हुन्छन् । शरणमा परेकाहरूलाई कृपापूर्वक रक्षा गर्ने भएकाले भगवतीलाई **शरण्या** भनिएको हो । जीवहरू प्रतिबिम्बरूप भएकाले यिनीहरूले बिम्बरूप भगवतीको शरण लिनैपर्दछ, बिम्बबाट अस्तित्त्व नपाएसम्म प्रतिबिम्बको अस्तित्त्व नै सम्भव हुँदैन । फेरि प्रतिबिम्बलाई शरण दिने बिम्बवाहेक अर्को कुनै छैन । त्यसैले भगवतीलाई शरण्या भनिएको हो । ***त्रीणि अम्बकानि नेत्राणि यस्याः*** अर्थात् जसका तीन नेत्र छन् भन्ने अर्थमा **त्र्यम्बका** शब्द बन्दछ । पुराणमा भनिएको छ– **सोमसूर्यानलाक्षित्वात् त्र्यम्बका सा स्मृता बुधैः** अर्थात् सूर्य, चन्द्र र अग्नि नै भगवतीका तीन आँखारूप भएकाले भगवतीलाई त्र्यम्बका भनिएको हो । अत्यन्त गोरी हिमालयकी

पुत्रीको रूपमा उत्पन्न भएकाले भगवतीलाई गौरी भनिएको हो । सतीदेवीले योगाग्निद्वारा देहत्याग गरेपछि भगवती हिमालयकी पुत्रीको रूपमा उत्पन्न हुनुभयो– **शंखेन्दुकुन्दधवला ततो गौरीति सा स्मृता** अर्थात् शङ्ख, चन्द्रमा या कुन्दपुष्प समान अत्यन्त गौर वर्णकी भएकीले भगवतीलाई गौरी भनिएको हो । सबै **नर** अर्थात् प्राणीहरूभित्र अन्तर्यामीरूपले पसी उहाँलाई आ-आफ्नो संस्कारअनुसारका कर्महरूमा प्रेरित गर्ने नारायणी हुनुहुन्छ– **नारायणी समाख्याता नरनारीप्रवर्तिका** अथवा भगवान् नारायणकी शक्तिको रूपमा पनि उनै सर्वरूपा भगवती रहनुभएकीले उहाँलाई नारायणी भनिएको हो । यसप्रकार भगवती नै अनेकरूपमा हुनुहुन्छ भनी प्रार्थना गरिएको छ ।

**सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनि ।**
**गुणाश्रये गुणमये नारायणि नमोऽस्तु ते ॥११॥**

**पदार्थ–**

**सृष्टिस्थितिविनाशानां** = सृष्टि, पालन एवं संहार गर्ने **शक्तिभूते** = शक्ति भएकी, **सनातनि** = नित्य, **गुणाश्रये** = सत्त्वादि गुणको आधार भएकी, **गुणमये** = तीनै गुणका स्वरूप भएकी, **नारायणि** = हे भगवती ! ते = हजुरलाई, **नमः** = नमस्कार **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी देवी ! सनातनस्वरूपिणी हजुर नै संसारको सृष्टि, स्थिति र विनाश गर्ने एकमात्र शक्ति हुनुहुन्छ । सत्त्व आदि गुणहरूको आश्रय एवं सर्वगुणमयी यस्ती हजुरलाई नमस्कार छ ॥

**शरणागतदीनार्तपरित्राणपरायणे ।**
**सर्वस्यार्त्तिहरे देवि नारायणि नमोऽस्तु ते ॥१२॥**

**शरणागतदीनार्तपरित्राणपरायणे** = शरणमा आएका दीन एवं दुःखीहरूको रक्षा गर्ने, **सर्वस्य** = सबैको **आर्तिहरे** = दुःखलाई हरण गर्ने, **नारायणि** = नारायणी, **देवि** = हे भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! शरणमा आएका दीन, दुःखीहरूको रक्षामा हजुर निरन्तर तत्पर रहनुहुन्छ । सबैको दुःखलाई हरण गर्ने यस्ती हजुरलाई नमस्कार छ ॥

**विवरण–**

यो श्लोकमा भगवती दुःखहारिणी हुनुहुन्छ भनी उहाँको स्तुति गरिएको छ। शरणमा आएका जति पनि दुःखीहरू छन्, ती सबैको दुःखलाई भगवती नष्ट गरिदिनुहुन्छ। ***शरणागताः दीनाः शरणागतदीनाः, तत्सहिताः आर्ताः–शरणागतदीनार्ताः*** यसको अर्थ हुन्छ शरणमा आएका दीन तथा आर्त व्यक्तिहरू। दीन शब्द **क्षयार्थक दीङ्** धातुबाट बन्दछ। अन्न आदिको अभावमा भोक-प्यासले क्षीण भइरहेका प्रजाहरू दीन हुन्। **आर्त** शब्दले चाहिँ रोगी व्यक्तिहरूलाई जनाउँछ। व्यक्तिहरू जब दुःख पाउँछन् तबमात्र जगदम्बाको याद गर्दछन्। यद्यपि सामान्य दृष्टिले हेर्दा दुःखलाई राम्रो मानिन्न, तर विषयको भोगबाट सुख आउनुभन्दा दुःखको अनुभव हुनुचाहिँ मानिसहरूका लागि कल्याणकारक हुन्छ किनभने दुःख परेको बेलामा मानिसलाई अरु कसैको सहारा चाहिन्छ। त्यसैले व्यक्ति दुःखी भएको बेलामा अभिमानरहित भई भगवान्को शरणमा जान्छ। यसप्रकार भगवान्कहाँ पुऱ्याउने हुनाले दुःख ग्रहणीय छ। कुन्तीले भन्नुभएको छ– **विपदः सन्तु नः शश्वत्** (श्रीम.भा.१/८/२५) अर्थात् हे भगवन्! हामीलाई सधैँ विपत्ति आइरहोस्, किनभने विपत्तिको बेलामा नै हजुरको दर्शन हुन्छ। अतः दुःख पनि भगवतीको उपहार हो। भगवतीको शरणमा गएका व्यक्तिहरूलाई भगवती ती दुःखहरूबाट अवश्य रक्षा गर्नुहुन्छ। परित्राण शब्दको अर्थ हुन्छ– ***परितः त्राणं*** अर्थात् सबैतिरबाट रक्षा गर्नु। भगवती सर्वरूपिणी अनि सर्वान्तर्यामिणी भएकीले उहाँले मात्र सबै दुःखबाट पूर्ण रूपले जोगाउन सक्नुहुन्छ, भगवतीको मुख्य कर्म भनेकै आफ्नो शरणमा आएकाहरूलाई जोगाउनु हो। यसैले **शरणागतदीनार्तपरित्राणपरायणा** शब्दको अर्थ हुन्छ– ***शरणागतदीनार्तानां परित्राणमेव परं अयनमुद्देश्यं यस्याः*** अर्थात् शरणमा आएका दीन तथा आर्तहरूको रक्षा गर्नु नै जसको परमोद्देश्य हो। भगवती मातृरूपिणी भएकीले उहाँ आफ्नो सन्तानको दुःखलाई नष्ट गर्न सधैँ तत्पर हुनुहुन्छ भन्ने यसको अर्थ हो।

यहाँ शरणागति अनि दीनहरूको प्रसङ्ग आएको छ, त्यसैले यस श्लोकको अर्को अर्थ पनि हुन्छ। भगवतीको शरणमा जाने मुमुक्षु भक्तहरू जो संसाररूपी रोगबाट पीडित भएर यसबाट मुक्त हुनका लागि भवतीकहाँ

जान्छन् । यिनीहरू रोग, अभाव आदि हटाई सांसारिक आनन्दको भोग गर्ने अभिलाषले होइन संसारका सम्पूर्ण दुःखरूप पदार्थ एवं तिनको भोगबाट विरक्त भई शाश्वत आनन्द प्राप्त गर्ने अभिलाषले उहाँको शरणमा गएका हुन्छन् । गीतामा भगवान्‌ले यी दुबैथरी भक्तहरूको नाम लिनुभएको छ । रोग आदि सांसारिक दुःखबाट मुक्त हुने अभिलाषले भगवतीको शरणमा जानेहरू आर्त भक्त हुन् भने संसाररूपी रोगबाट छुट्न चाहने चाहिँ मुमुक्षु भक्त हुन् (गी.७/१६) । भगवतीको वास्तविक शरणागति पनि यही हो र यस्ता भक्तहरूलाई संसाररोगबाट जोगाउनु नै भगवतीको परम लक्ष्य हो ।

दीनता र दुःख नै शरणागतिको मुख्य हेतु हो । मुमुक्षु व्यक्तिमा सांसारिक पदार्थहरूको अभाव र रोग आदिको दुःख नहुन पनि सक्छन् । यसैले यहाँ दीनता र दुःख पनि विशिष्ट प्रकारका हुन्छन् । सामान्य व्यक्तिहरूमा भोजन, सम्पत्ति, आदिको अभाव नै दीनताको कारण हो भने मुमुक्षुमा चाहिँ सारा संसार भगवतीकै भएकाले यहाँ आफ्नो केही नभएको अनि सांसारिक पदार्थहरूमा अहन्ता, ममता गर्नु व्यर्थ रहेको भाव नै दीनताको कारण हो । सामान्य व्यक्ति रोगबाट आर्त हुन्छ भने मुमुक्षु जन्म-मृत्युरूपी संसारचक्रको रोगबाट आर्त हुन्छ । यसरी दीन र आर्त भएको मुमुक्षु भगवतीको शरणमा जान्छ र भगवतीको कृपाबाट उसले सर्वात्मभाव एवं परिपूर्ण आनन्द पाउँछ । यसरी केही पनि नभएको दुःखी अकिञ्चनलाई सर्वात्मभावको साम्राज्यमा प्रतिष्ठित गराउन भगवती माताबाहेक अरु कसको कृपाबाट सम्भव छ र ?

**हंसयुक्तविमानस्थे ब्रह्माणीरूपधारिणि ।**
**कौशाम्भःक्षरिके देवि नारायणि नमोऽस्तु ते ॥१३॥**

**पदार्थ–**

**ब्रह्माणीरूपधारिणि** = ब्रह्माणीको रूप धारण गरेकी, **हंसयुक्तविनमानस्थे** = हाँसले युक्त भएको विमानमा बसेकी, **कौशाम्भःक्षरिके** = कुशमिश्रित जल छर्किरहने, **देवि** = देवी, **नारायणि** = हे भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हाँस जोतिएको विमानमा हजुर नै ब्रह्माणीको स्वरूपमा

बस्नुहुन्छ र कमण्डलुबाट पुष्पमिश्रित जल छर्किनुहुन्छ, यस्ती हजुरलाई नमस्कार छ ॥

**त्रिशूलचन्द्राहिधरे महावृषभवाहिनि ।**
**माहेश्वरीस्वरूपेण नारायणि नमोऽस्तु ते ॥१४॥**

**पदार्थ–**

**माहेश्वरीस्वरूपेण** = माहेश्वरीको रूपले, **त्रिशूलचन्द्राहिधरे** = त्रिशूल, चन्द्रमा र सर्प धारण गरेकी, **महावृषभवाहिनि** = विशाल वृषभमाथि चढेकी, **नारायणि** = हे भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हजुर माहेश्वरी देवीरूपले महावृषभमाथि आरूढ भई रहनुहुन्छ र हातमा त्रिशूल, शिरमा चन्द्रमुकुट एवं अङ्ग-अङ्गमा सर्पहरूको आभूषण धारण गर्नुहुन्छ, यस्ती हजुरलाई नमस्कार छ ॥

**मयूरकुटवृते महाशक्तिधरेऽनघे ।**
**कौमारीरूपसंस्थाने नारायणि नमोऽस्तु ते ॥१५॥**

**पदार्थ–**

**मयूरकुक्कुटवृते** = मयूर एवं कुखुराले घेरिएकी, **महाशक्तिधरे** = महाशक्ति धारण गरेकी, **कौमारीरूपसंस्थाने** = कौमारीको रूप धारण गरेकी, **अनघे** = पापले रहित भएकी, **नारायणि** = हे भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हजुर नै कौमारीको रूपमा महाशक्तिलाई धारण गरी रहनुहुन्छ, मयूर र कुखुराहरूद्वारा घेरिइरहने यस्ती निष्पाप हजुरलाई नमस्कार छ ॥

**शङ्खचक्रगदाशार्ङ्गगृहीतपरमायुधे ।**
**प्रसीद वैष्णवीरूपे नारायणि नमोऽस्तु ते ॥१६॥**

**पदार्थ–**

**शङ्खचक्रगदाशार्ङ्गगृहीतपरमायुधे** = शङ्ख, चक्र, गदा, शार्ङ्गधनुषरूप उत्तम आयुधहरू धारण गरेकी, **वैष्णवीरूपे** = वैष्णवीरूपा, **नारायणि** = हे नारायणी

भगवती ! **प्रसीद** = प्रसन्न हुनुहोस्, **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ।।

**भावार्थ–**

शङ्ख, चक्र, गदा र शार्ङ्गधनुष आदि उत्तम अस्त्रहरूलाई धारण गर्ने हे वैष्णवीरूपा नारायणी ! हजुर प्रसन्न हुनुहोस् । हजुरलाई नमस्कार छ ।।

**गृहीतोग्रमहाचक्रे दंष्ट्रोद्धृतवसुंधरे ।**
**वराहरूपिणि शिवे नारायणि नमोऽस्तु ते ।।१७।।**

**पदार्थ–**

**दंष्ट्रोद्धृतवसुंधरे** = दाह्रामा पृथ्वी उचाल्नुहुने, **गृहीतोग्रमहाचक्रे** = हातमा भयानक महाचक्र धारण गर्नु भएकी, **वराहरूपिणि** = वराहरूपिणी, **शिवे** = परकल्याणमयी, **नारायणि** = हे नारायणी भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ।।

**भावार्थ–**

हातमा भयानक महाचक्र धारण गर्ने एवं दाह्रामा धर्तिलाई उठाइर हनुभएकी हे वराहरूपिणी नारायणी देवी ! हजुर परकल्याणमयी हुनुहुन्छ, यस्ती हजुरलाई नमस्कार छ ।।

**नृसिंहरूपेणोग्रेण हन्तुं दैत्यान् कृतोद्यमे ।**
**त्रैलोक्यत्राणसहिते नारायणि नमोऽस्तु ते ।।१८।।**

**पदार्थ–**

**उग्रेण** = भयानक, **नृसिंहरूपेण** = नृसिंहरूपले, **दैत्यान्** = दैत्यहरूलाई, **हन्तुं** = मार्न, **कृतोद्यमे** = उद्योग गर्ने, **त्रैलोक्यत्राणसहिते** = त्रिभुवनको रक्षा गर्न संलग्न रहेकी, **नारायणि** = हे नारायणी भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ।।

**भावार्थ–**

घोर नृसिंहको रूपले दैत्यहरूलाई मार्न तत्पर हुनुभएकी एवं तीनै लोकको रक्षामा संलग्न हे नारायणी ! हजुरलाई नमस्कार छ ।।

**किरीटिनि महावज्रे सहस्रनयनोज्ज्वले ।**
**वृत्रप्राणहरे चैन्द्रि नारायणि नमोऽस्तु ते ।।१९।।**

**पदार्थ–**

**किरीटिनि** = शिरमा किरीट धारण गरेकी, **महावज्रे** = वज्र हातमा लिएकी, **सहस्रनयनोज्वले** = हजार आँखाले उज्ज्वल भएकी, **वृत्रप्राणहरे** = वृत्रासुरको प्राणलाई नाश गरिदिने, **ऐन्द्रि** = ऐन्द्रीशक्ति, **नारायणि** = हे नारायणी भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हजुर नै ऐन्द्रीरूपमा शिरमा किरीट र हातमा महावज्र धारण गरिरहनुभएको छ । हजार नेत्रका कारण उद्दीप्त हुनुभएकी वृत्रासुरको प्राण हरण गर्ने हजुरलाई नमस्कार छ ॥

**शिवदूतीस्वरूपेण हतदैत्यमहाबले ।**
**घोररूपे महारावे नारायणि नमोऽस्तु ते ॥२०॥**

**पदार्थ–**

**शिवदूतीस्वरूपेण** = शिवदूती स्वरूपले, **हतदैत्यमहाबले** = दैत्यको ठूला सेनालाई संहार गर्ने, **घोररूपे** = भयानक रूप धारण गर्ने, **महारावे** = भयानक गर्जना गर्ने, **नारायणि** = हे नारायणी भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हजुर नै शिवदूतीको स्वरूपमा महादैत्यहरूका सम्पूर्ण सैन्यबललाई नष्ट गर्नुहुन्छ, भयानक रूप तथा विकट गर्जना गर्नुहुने हजुरलाई नमस्कार छ ॥

**दंष्ट्राकरालवदने शिरोमालाविभूषणे ।**
**चामुण्डे मुण्डमथने नारायणि नमोऽस्तु ते ॥२१॥**

**पदार्थ–**

**दंष्ट्राकरालवदने** = दाह्राका कारण विकराल वदन भएकी, **शिरोमालाविभूषणे** = मान्छेको टाउकाको मालाले शोभित भएकी, **मुण्डमथने** = मुण्डमर्दिनी, **चामुण्डे** = चामुण्डारूपा, **नारायणि** = हे नारायणी भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हजुर नै मुण्डमर्दिनी चामुण्डाको रूपमा अवस्थित

हुनुहुन्छ । गलामा मुण्डमालाको आभूषण धारण गर्ने एवं बाहिर निस्किएका दाह्राका कारण विकराल मुख देखिने, यस्ती हजुरलाई नमस्कार छ ॥

**लक्ष्मि लज्जे महाविद्ये श्रद्धे पुष्टिस्वधे ध्रुवे ।**
**महारात्रि महाऽविद्ये नारायणि नमोऽस्तु ते ॥२२॥**

**पदार्थ–**

**लक्ष्मि** = लक्ष्मी, **लज्जे** = लाज, **महाविद्ये** = शब्दब्रह्मविद्या (महाविद्या), **श्रद्धे** = श्रद्धा, **पुष्टिस्वधे** = पुष्टि र स्वधा, **ध्रुवे** = ध्रुवा, **महारात्रि** = महारात्री, **महाविद्ये** = महा अविद्यारूपा, **नारायणि** = हे नारायणी भगवती ! **ते** = हजुर लाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे नारायणी ! हजुर नै लक्ष्मी, लज्जा, महाविद्या, श्रद्धा, पुष्टि, स्वधा, ध्रुवा, महारात्रि र महाअविद्यारूपिणीसमेत हुनुहुन्छ, यस्ती सर्वस्वरूपा हजुर लाई नमस्कार छ ॥

**मेधे सरस्वति वरे भूति बाभ्रवि तामसि ।**
**नियते त्वं प्रसीदेशे नारायणि नमोऽस्तु ते ॥२३॥**

**पदार्थ–**

**मेधे** = मेधा, **सरस्वति** = सरस्वती, **वरे** = श्रेष्ठ, **भूति** = ऐश्वर्यरूपा, **बाभ्रवि** = रजोगुणयुक्ता, **तामसि** = तमोगुणयुक्ता, **नियते** = संयमरूपा, **ईशे** = अधीश्वरी, **त्वं** = हजुर, **प्रसीद** = प्रसन्न हुनुहोस्, **नारायणि** = हे नारायणी भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हजुर नै मेधा, सरस्वती, वरा, ऐश्वर्यरूपा, पार्वती, महाकाली हुनुहुन्छ । निरन्तर संयमपरायणा जगदीश्वरी हे नारायणी ! हजुर प्रसन्न हुनुहोस् ॥

**सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।**
**भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते । २४॥**

**पदार्थ–**

**सर्वस्वरूपे** = सर्वस्वरूप हुनुहुने, **सर्वेशे** = सर्वेश्वरी, **सर्वशक्तिसमन्विते** = सम्पूर्ण शक्तिहरूले युक्त भएकी, **देवि** = दिव्यरूपिणी, **दुर्गे** = भगवती दुर्गा !

**नः** = हामीहरूलाई, **भयेभ्यः** = भयबाट, **त्राहि** = रक्षा गर्नुहोस्, **देवि** = हे भगवती ! **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे दुर्गा देवी ! हजुर सर्वस्वरूपिणी, सर्वशक्तिमयी तथा सर्वेश्वरी हुनुहुन्छ । हजुरले हामीलाई भयहरूबाट रक्षा गर्नुहोस् । हजुरलाई नमस्कार छ ॥

**एतत्ते वदनं सौम्यं लोचनत्रयभूषितम् ।**
**पातु नः सर्वभीतिभ्यः कात्यायनि नमोऽस्तु ते ॥२५॥**

**पदार्थ–**

**कात्यायनि** = हे कात्यायनी ! **लोचनत्रयभूषितम्** = तीन नेत्रले विभूषित भएको, **एतत्** = यो, **ते** = तिम्रो, **सौम्यम्** = मनोहर, **वदनं** = मुखले, **नः** = हामीलाई, **सर्वभीतिभ्यः** = सम्पूर्ण भयबाट, **पातु** = रक्षा गरोस्, **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे कात्यायनी ! तीन नयनले सुशोभित हजुरको यो सौम्य मुहारले हामीलाई सबै प्रकारका भयहरूबाट रक्षा गरोस् । हजुरलाई नमस्कार छ ॥

**ज्वालाकरालमत्युग्रमशेषासुरसूदनम् ।**
**त्रिशूलं पातु नो भीतेर्भद्रकालि नमोऽस्तु ते ॥२६॥**

**पदार्थ–**

**भद्रकालि** = हे भद्रकाली ! **ज्वालाकरालम्** = ज्वालाले अत्यन्त विकराल देखिएको, **उग्रम्** = अत्यन्त भयानक, **अशेषासुरसूदनम्** = सम्पूर्ण दैत्यहरूको संहार गर्ने, **त्रिशूलम्** = त्रिशूलले, **नः** = हाम्रो, **भीतेः** = सबै भयबाट, **पातु** = रक्षा गरोस्, **ते** = हजुरलाई, **नमः** = नमस्कार, **अस्तु** = छ ॥

**भावार्थ–**

हे भद्रकाली ! हजुरको हातमा रहेको त्रिशूल समस्त असुरहरूको संहार गर्न समर्थ छ र त्यसबाट अनन्त ज्वालाहरू विकरालरूपमा निस्कनाले त्यो अत्यन्त भयानक प्रतीत भइरहेको छ, यस्ती त्रिशूलधारिणी हजुरलाई नमस्कार छ ॥

**हिनस्ति दैत्यतेजांसि स्वनेनापूर्य या जगत् ।**
**सा घण्टा पातु नो देवि पापेभ्योऽनः सुतानिव ॥२७॥**

**पदार्थ-**

**देवि** = हे भगवती ! **या** = जो, **स्वनेन** = आफ्नो ध्वनिले, **जगत्** = संसार, **आपूर्य** = व्याप्त गरेर, **दैत्यतेजांसि** = दानवको तेजलाई, **हिनस्ति** = नष्ट गरिदिन्छ, **सा** = त्यो, **घण्टा** = घण्टाले, **अनः** = माताले, **सुतान् इव** = पुत्रलाई झैं, **पापेभ्यः** = पापबाट, **नः** = हामीलाई, **पातु** = रक्षा गरोस् ॥

**भावार्थ-**

हे देवी ! आफ्नो शब्दद्वारा सम्पूर्ण जगत्लाई नै व्याप्त गर्ने र दैत्यहरूका सारा तेजलाई खिचिदिने हजुरको घण्टाले हामीलाई पापकर्मबाट त्यसैगरी जोगाओस्, जसरी माताले आफ्ना पुत्रहरूलाई दुष्कर्मबाट जोगाउँछिन् ॥

**असुरासृग्वसापङ्कचर्चितस्ते करोज्ज्वलः ।**
**शुभाय खड्गो भवतु चण्डिके त्वां नता वयम् ॥२८॥**

**पदार्थ-**

**चण्डिके** = हे चण्डिका ! **करोज्ज्वलः** = हातमा सुशोभित, **असुरासृग्वसापङ्कचर्चितः** = असुरहरूको रगत एवं मासुले लतपतिएको, **ते** =हजुरको, **खड्गः** = तरबार, **शुभाय** = हाम्रो कल्याणको लागि, **भवतु** = होस्, **वयं** = हामीहरू, **त्वां** = हजुरलाई, **नताः** = नमस्कार गर्दछौं ॥

**भावार्थ-**

हे चण्डिके ! हजुरको हातमा चम्किने उज्ज्वल खड्ग असुरहरूको रगत र बोसोद्वारा रगताम्मे भई झन् सुशोभित भएको छ, त्यस्तो खड्गले हाम्रो कल्याण गरोस् । हामी हजुरलाई नमस्कार गर्दछौं ॥

**रोगानशेषानपहंसि तुष्टा**
**रुष्टा तु कामान् सकलानभीष्टान् ।**
**त्वामाश्रितानां न विपन्नराणां**
**त्वामाश्रिता ह्याश्रयतां प्रयान्ति ॥२९॥**

**पदार्थ–**

**तुष्टा** = हजुर तुष्ट भएमा, **अशेषान्** = सम्पूर्ण, **रोगान्** = रोगहरू, **अपहंसि** = नष्ट गरिदिनुहुन्छ, **रुष्टा तु** = रिसाउँदामा त, **सकलान्** = सम्पूर्ण, **अभीष्टान्** = चाहेका, **कामान्** = कामनाहरूलाई नाश गरिदिनुहुन्छ, **त्वां** = हजुरमा, **आश्रितानां** = आश्रित भएका, **नराणां** = मानिसहरूलाई, **विपत्** = विपत्ति, **न** = आउँदैन, **त्वां** = तिम्रो, **आश्रिताः** = आश्रयमा आएकाहरू, **हि** = निश्चय नै, **आश्रयतां** = अरु मानिसहरूलाई पनि आश्रय दिने, **प्रयान्ति** = बन्दछन् ॥

**भावार्थ–**

हे देवी ! हजुर प्रसन्न हुनुभयो भने प्राणीहरूका सबै रोगहरूलाई नष्ट गरिदिनुहुन्छ र रिसाउनुभयो भने उनीहरूका सबै अभीष्ट कामनाहरूलाई नष्ट गरिदिनुहुन्छ । हजुरको आश्रय लिने मानिसहरूलाई कहिल्यै विपत्ति आइलाग्दैन, किनभने हजुरको शरणमा गएका प्राणीहरू स्वयं सम्पूर्ण संसार लाई आश्रय दिन समर्थ बन्दछन् ॥

**विवरण–**

यस श्लोकमा भगवतीको शरण पर्नुको महत्त्व बताइएको छ । भगवती प्रसन्न हुनुभयो भने उपासकका सारा रोगलाई नष्ट गरिदिनुहुन्छ । अनि **रुष्टा** अर्थात् रिसाउनुभयो भने उसले चाहेका अभीष्ट पदार्थहरूलाई नै नष्ट गरिदिनुहुन्छ । यद्यपि भगवतीमा राग र द्वेष छैनन्, त्यसैले उहाँ त्यत्तिकै कसैप्रति खुसी हुनुहुन्न र अनि कसैप्रति रिसाउनु हुन्न । यो त अज्ञानी जीवहरूको स्वभाव हो । यसैले भगवती खुसी हुनु या रिसाउनु भनेका व्यक्तिको अधिकार र कर्मअनुसार हो । भगवती सबै जीवहरूका ती-ती कर्महरूको फल दिनेवाली हुनुहुन्छ । जीवका कर्मअनुसार नै भगवतीले उहाँलाई राम्रा-नराम्रा फलहरू दिनुहुन्छ । सबभन्दा शुभ कर्म भनेको आफ्नो सर्वस्व र आफूलाई समेत भगवतीमा चढाइ उहाँको शरणमा पर्नु हो । अरु सम्पूर्ण कर्महरू अल्पफलदायी छन्, त्यसैले मुख्य छैनन् । भगवतीको शरण पर्दा नै सबै सत्कर्महरू स्वतः सिद्ध हुन्छन् । त्यसैले विद्वान्हरू भन्दछन् शास्त्रहरूका सम्पूर्ण विधिवाक्यहरूले एउटै कुरा बताएका छन्– त्यो हो भगवतीको स्मरण

गर्नू । अनि सम्पूर्ण निषेध-वाक्यहरूले पनि एउटै कुरालाई बताएका छन्-उनलाई कहिल्यै नबिर्सनू । **अन्ये विधिनिषेधाः स्युरेतयोरेव किङ्कराः** अर्थात् अरु सबै विधि-निषेध वचनहरू त यिनै दुई वाक्यका अनुयायी हुन् । यसरी भगवतीको शरणमा पर्नु नै सम्पूर्ण शास्त्रको सार हो भन्ने बुझेर कोही व्यक्ति उहाँको शरणमा पऱ्यो भने त्यस व्यक्तिका सारा रोगहरू नष्ट हुन्छन् । यहाँ **अशेषान्** भन्ने शब्दको प्रयोगबाट रोग शब्दको व्यापक अर्थ लिइएको छ । ***रुजति इति रोगः*** जसले दुःख दिन्छ त्यसलाई रोग भनिन्छ । आधिदैविक, आधिभौतिक र आध्यात्मिक तापलाई पनि रोग शब्दले बुझाउँछ । भगवतीको शरणमा गएका जीवको तीनै तापहरू नष्ट हुनु नै भगवती प्रसन्न हुनु हो । यसै गरी जो भगवतीको शरणमा जाँदैनन् र अनेक अशास्त्रीय कर्महरू गरिर हन्छन्, तिनीहरूको सम्पूर्ण सुख नष्ट हुनु नै भगवती तिनीहरूसँग रिसाउनु हो ।

भगवतीको आश्रयमा परेका जीवहरू स्वयं आश्रयदाता बन्दछन् । भगवती परम कृपामय हुनुभएकाले जो जीव आफ्नो आश्रयमा आउँछ उसलाई पनि उहाँ आफूसमान बनाइदिनुहुन्छ । भगवती सबैकी आश्रयणीय भएझैं ऊ पनि अरुको आश्रयणीय हुन्छ । श्रीशङ्कराचार्यले भगवान् शिव पनि देवीकै आश्रयका कारणले नै जगदीश्वर बन्नुभएको हो भनी स्तुति गर्नुभएको पाइन्छ– **कपाली भूतेशो भजति जगदीशैकपदवीं भवानि ! त्वपाणिग्रहणपरिपाटीफलमिदम्** अर्थात् भूत-प्रेतद्वारा युक्त रहने अनि खप्पर लगाउने दिगम्बर पशुपतिले भवानीसँग पाणिग्रहण गर्नुभएकाले नै जगदीश्वर बन्नुभएको हो । यो भगवतीको शरणागतिको महत्त्व हो ।

**एतत्कृतं यत्कदनं त्वयाद्य**
**धर्मद्विषां देवि महासुराणम् ।**
**रूपैरनेकै-र्बहुधाऽऽत्म-मूर्तिं**
**कृत्वाम्बिके तत्प्रकरोति कान्या ॥३०॥**

**पदार्थ–**

**अम्बिके** = अम्बिका, **देवि** = हे देवी ! **अनेकैः** = अनेक प्रकारका, **रूपैः** = रूपहरूले, **बहुधा** = धेरै, **आत्ममूर्तिम्** = आफ्नो शरीर, **कृत्वा** = धारण गरी, **धर्मद्विषां** = धर्मविरोधी, **महासुराणाम्** = महादानवहरूको, **अद्य** = आज,

**त्वया** = हजुरले, **यत् एतत्** = जो यो, **कदनं** = संहार, **कृतम्** = गर्नुभयो, अन्या = अरु, **का** = कसले, **तत्** = त्यो, **करोति** = गर्न सक्छ र ? ॥

**भावार्थ–**

हे देवी ! हजुरले अहिले धर्मद्वेषी यी महादैत्यहरूको संहार गर्नुभयो । आफ्नो स्वरूपलाई अनेक भागमा विभक्त गरी अनेकरूपमा प्रकट भई हजुरले गर्नुभएको जस्तो यो पराक्रम अरु कसले नै गर्न सक्दछ र ? ॥

**विद्यासु शास्त्रेषु विवेकदीपे-**
**ष्वाद्येषु वाक्येषु च का त्वदन्या ।**
**ममत्वगर्तेऽतिमहान्धकारे**
**विभ्रामयत्येतदतीव विश्वम् ॥३१॥**

**पदार्थ–**

**विद्यासु** = आन्वीक्षिकी आदि विद्यामा, **शास्त्रेषु** = मन्वन्तरादि स्मृतिहरूमा, **विवेकदीपेषु** = वेदान्तादि शास्त्रहरूमा, **आद्येषु** = अगाडिका, **वाक्येषु च** = कर्मकाण्डादिमा, **त्वदन्या** = हजुर बाहेक, **का** = कसको चर्चा छ र ? **अतिमहान्धकारे** = अज्ञानमय अन्धकारले युक्त, **ममत्वगर्ते** = ममतारूपी खाडलमा, **एतत्** = यो, **विश्वं** = विश्वलाई, **अतीव** = निरन्तर, **भ्रामयति** = हजुरवाहेक कसले घुमाउन सक्छ र ? ॥

**भावार्थ–**

सबै विद्याहरूमा, विवेकशक्तिलाई प्रकट गर्ने अनेक शास्त्रहरूमा, सृष्टिका आदिवचन वेदहरूमा समेत हजुरभन्दा वाहेक कसको वर्णन पाइन्छ र ? हजुर नै त्यस्तो शक्ति हुनुहुन्छ, जसले सम्पूर्ण विश्वलाई महान्धकारमय ममतारूपी खाडलमा सदा-सर्वदा घुमाइरहनुभएको छ ॥

**विवरण–**

यहाँ भगवतीको मोहशक्ति शास्त्रज्ञान आदिभन्दा पनि ठूलो रहेको बताइएको छ । यहाँ विद्यासु शास्त्रेषु आदि सबै पदहरू सप्तम्यन्त छन् । यसको अर्थ विद्या, शास्त्र आदि साधनहरू हुँदा हुँदै पनि भगवतीको मोहशक्तिले काम गर्दछ भन्ने हो । अर्थात् यहाँ शास्त्राध्ययन आदि सबै साधनहरूको अनादरमा सप्तमी विभक्तिको प्रयोग गरिएको हो– **अनादरे सप्तमी** । जबसम्म मानिसको

मनमा मोह, वासना आदिको उदय हुँदैन, तबसम्म अनेक साधनहरूले युक्त भएको मान्छे आन्तरिक रूपमा सुदृढ छ भन्ने लाग्दछ, तर जब मोह र वासनाको उदय हुन्छ तब साधना एवं शास्त्रज्ञानका सारा बलहरू फिका हुन्छन् । त्यसैले काम र क्रोधले गर्ने यस्तो घमण्ड प्रसिद्ध छ– **अन्धीकरोमि भुवनं बधिरीकरोमि धीरं सचेतनमचेतनतां नयामि** अर्थात् म सारा संसारलाई नै अन्धो र बहिरो बनाइदिन्छु । सचेत धीर पुरुषलाई पनि म अचेत बनाई( दन्छु । त्यो बेलामा अन्धो भएको हुनाले व्यक्तिले गर्न हुने र नहुने बीचको भेद देख्दैन, अनि बहिरो भएको हुनाले शास्त्र एवं गुरुका उपदेशवचनहरूलाई पनि सुन्दैन । यस्तो प्रबल मोहको बल भगवतीमा बाहेक अरु कसमा सम्भव छ र ? त्यसैले कामना आदिको रूपमा जीवहरूलाई संसारमा बाँध्ने भगवती नै हुनुहुन्छ ।

ममता अत्यन्त ठूलो गर्त अर्थात् खाडल हो र यो अन्धकारमय छ । शरीसँग सम्बन्धित पदार्थहरूमा यी मेरा हुन् भनी गरिने आसक्तिलाई नै ममता भनिन्छ, यसका लागि पहिले शरीरमा आत्मबुद्धि हुनै पर्दछ । यसकारण भगवतीको मोहशक्तिले ममताको खाडलमा ती व्यक्तिहरूलाई घुमाउँछ जसले शरीर आदिमा अहं बुद्धि गरेका हुन्छन् । जसले शरीरमा अहं बुद्धि अर्थात् अहङ्कारलाई छाडेका छन् तिनीहरूमा त भगवती मोहको रूपमा न भई विवेको रूपमा प्रकाशित हुनुहुन्छ । त्यसैले यहाँ शास्त्रज्ञान आदि साधनहरूले पनि मोह हटाउन सक्दैनन् भनी अज्ञानी व्यक्तिका लागि नै भनिएको हो ।

**विद्यासु** यहाँ विद्याले तर्कविद्या आदिलाई लिइएको छ । तर्कशक्तिले युक्त प्रखर बुद्धिमान्हरूलाई पनि भगवतीले मोहित गराइदिनुहुन्छ भन्ने श्लोकको तात्पर्य हो । अथवा विद्या शब्दले यहाँ उपनिषत्प्रोक्त उपासनाहरूलाई लिन सकिन्छ । प्राणविद्या, संवर्गविद्या आदिद्वारा प्राण, हिरण्यगर्भ आदिको उपासना गर्ने विधान शास्त्रमा बताइएको छ । यस्ता उपासकहरूलाई पनि भगवतीले मोहित गरिदिनुहुन्छ । विवेकदीप भनेका उपनिषद् हुन् । ***विवेकं दीपयन्ति*** अर्थात् आत्मा-अनात्माको विवेकलाई प्रकाशित गरिदिने भएकाले यिनलाई विवेकदीप भनिएको हो । यद्यपि उपनिषत्प्रोक्त ब्रह्मविद्याद्वारा सर्वत्र आत्मदर्शन गर्ने व्यक्तिलाई मोहले छुँदैन– **तत्र को मोहः कः शोकः एकत्वमनुपश्यतः**

(ईशा.उ.७)अर्थात् सबैतिर एउटै आत्मालाई देख्ने त्यो व्यक्तिलाई शोक र मोह कसरी हुनसक्दछ ? तर उपनिषद्को शाब्दिक ज्ञानमात्र भएका र अपरोक्ष आत्मानुभव नगरेका व्यक्तिहरूलाई भने मोहले सजिलै भुलाउन सक्दछ । यसैगरी आद्यवाक्य भनेको वेदको पहिलो काण्ड कर्मकाण्ड हो । कर्ममा लाग्ने अज्ञानीहरूलाई त मोहले समात्नु कुनै नौलो नै भएन । यसरी माथि बताइएका सम्पूर्ण शास्त्रीय साधनहरूको अतिक्रमण गरेर पनि भगवतीको मोहशक्तिले प्राणीहरूलाई वशमा पारिराखेको छ । मोह अज्ञानकै एक भाग हो । जबसम्म ब्रह्मतत्त्वको अपरोक्षज्ञानद्वारा अज्ञान नष्ट हुँदैन, तबसम्म यो मोह हट्दैन । मोहशक्ति पनि भगवतीकै रूप भएकाले उहाँको कृपाबाट आत्मज्ञान प्राप्त नहुन्जेल यसले जोसुकैलाई पनि मोहित गरिदिन्छ । त्यसैले आत्मज्ञान प्राप्त गर्न जीवहरू भगवतीको शरणमा जानैपर्दछ भन्ने यस श्लोकको आशय हो ।

**रक्षांसि यत्रोग्रविषाश्च नागा**
**यत्रारयो दस्युबलानि यत्र ।**
**दावानलो यत्र तथाब्धिमध्ये**
**तत्र स्थिता त्वं परिपासि विश्वम् ॥३२॥**

**पदार्थ–**

**यत्र** = जहाँ, **रक्षांसि** = राक्षसहरू, **यत्र** = जहाँ, **उग्रविषाः** = भयानक विषले सहित भएका, **नागाः च** = नागहरू, **यत्र** = जहाँ, **अरयः** = शत्रुहरू, **दस्युबलानि** = लुटेराका सेनाहरू, **दावानलः** = डढेँलो, **तथा** = त्यस्तै, **अब्धिमध्ये** = समुद्रको बीचमा, **तत्र च** = त्यहाँ पनि, **स्थिता** = रहेर, **त्वं** = हजुर, **विश्वं** = संसारलाई, **परिपासि** = रक्षा गर्नुहुन्छ ॥

**भावार्थ–**

जहाँ राक्षसहरू, भयानक विष भएका सर्पहरू, शत्रु, लुटेराहरूको झुण्ड, दावानलको विकट ज्वाला आदि आपत्तिहरू छन्, त्यहाँ रहेर एवं समद्रकै बीचमा पनि साथमै रहेर हजुरले सबै प्राणीहरूको रक्षा गरिरहनुहुन्छ ॥

**विश्वेश्वरि त्वं परिपासि विश्वं**
**विश्वात्मिका धारयसीति विश्वम् ।**

**विश्वेशवन्द्या भवती भवन्ति**
**विश्वाश्रया ये त्वयि भक्तिनम्राः ॥३३॥**

**पदार्थ-**

**विश्वेश्वरि** = हे विश्वेश्वरी ! **त्वं** = हजुर, **विश्वं** = संसारलाई, **परिपासि** = रक्षा गर्नुहुन्छ, **विश्वात्मिका** = विश्वस्वरूपा भएर, **विश्वं** = सम्पूर्ण संसारलाई, **धारयसि** = धारण गर्नुहुन्छ, **इति** = यसैले, **भवती** = हजुर, **विश्वेशवन्द्या** = विश्वनाथको पनि वन्दनीया हुनुहुन्छ, **ये** = जो, **त्वयि** = हजुरमा, **भक्तिनम्राः** = भक्तिले नम्र हुन्छन्, (**ते**-तिनीहरू), **विश्वाश्रया** = संसारलाई आश्रय दिने, **भवन्ति** = हुन्छन् ॥

**भावार्थ-**

हे विश्वेश्वरी ! हजुरले नै विश्वको परिपालन गर्नुहुन्छ र विश्वरूपा हजुरले नै सम्पूर्ण संसालाई धारण गर्नुहुन्छ । विश्वेश्वर भगवान् शिवद्वारा पनि हजुर वन्दनीया हुनुहुन्छ । हजुरलाई भक्तिपूर्वक पूर्ण नम्रताका साथ जसले वन्दना गर्दछन्, तिनीहरू स्वयं सम्पूर्ण विश्वका आश्रयदाता बन्दछन् ॥

**देवि प्रसीद परिपालय नोऽरिभीते-**
**र्नित्यं यथासुरवधादधुनैव सद्यः ।**
**पापानि सर्वजगतां प्रशमं नयाशु**
**उत्पातपाकजनितांश्च महोपसर्गान् ॥३४॥**

**पदार्थ-**

**देवि** = हे देवी ! **प्रसीद** = प्रसन्न हुनुहोस्, **यथा** = जसरी, **अधुना**= अहिले, **सद्यः एव** = चाडैं, **असुरवधात्** = दैत्यहरूको नाश गरी (जोगाउनु भयो), **अरिभीतेः** = शत्रुको भयबाट, **नः** = हामीहरूलाई, **नित्यं** = सधैं, **परिपालय** = रक्षा गर्नुहोस्, **सर्वजगतां** = सम्पूर्ण लोकहरूको, **पापानि** = पापहरूलाई, **उत्पातपाकजनितान्** = उत्पातको फलबाट जन्मिएका, **महोपसर्गान् च** = महामारीलाई पनि, **आशु** = छिटो नै, **प्रशमं** = शान्त, **नय** = गराउनुहोस् ॥

**भावार्थ-**

हे देवी ! हामीदेखि प्रसन्न हुनुहोस् । हजुरले अहिले जसरी असुर हरूको विनाश गरी झटपट हाम्रो रक्षा गर्नुभयो, त्यसैगरी हामीहरूलाई सधैं

शत्रुभयबाट जोगाइराख्नुहोस् । हजुरले सम्पूर्ण जगत्भरिका पापराशिलाई पनि तत्काल नै नष्ट गरिदिनुहोस् र उत्पातको फलस्वरूप उत्पन्न महामारी आदि ठूला उपद्रवहरूलाई पनि शान्त गरिदिनुहोस् ॥

**प्रणतानां प्रसीद त्वं देवि विश्वार्तिहारिणि ।**
**त्रैलोक्यवासिनामीड्ये लोकानां वरदा भव ॥३५॥**

**पदार्थ–**

**विश्वार्तिहारिणि** = विश्वको पीडालाई हरण गर्ने, **देवि** = हे भगवती ! **त्वं** = हजुर, **प्रणतानां** = नतमस्तक भएका भक्तहरूबाट, **प्रसीद** = प्रसन्न हुनुहोस्, **त्रैलोक्यवासिनां** = तीनै लोकमा निवास गर्नेहरूले, **ईड्ये** = स्तुति गरिएकी देवी ! **लोकानां** = सम्पूर्ण भक्तहरूमा, **वरदा** = वर दिनेवाली, **भव** = हुनुहोस् ॥

**भावार्थ–**

हे सम्पूर्ण संसारभरको दुःखलाई हरण गर्ने देवी ! शरणमा आएका हामीहरूमाथि चाडैं प्रसन्न हुनुहोस् । तीनै लोकका प्राणीहरूद्वारा पूजनीया हे परमेश्वरी सबैलाई अभीष्ट वर दिनुहोस् ॥

*देव्युवाच ॥३६॥ देवीले भन्नुभयो ॥*

**वरदाहं सुरगणा वरं यन्मनसेच्छथ ।**
**तं वृणुध्वं प्रयच्छामि जगतामुपकारकम् ॥३७॥**

**पदार्थ–**

**सुरगणाः** = हे देवतागण ! **अहं** = म, **वरदा** = वरदात्री हुँ, **मनसा** = मनले, **यत्** = जे, **इच्छथ** = इच्छा गर्छौ, **तं** = त्यो, **वरं** = वर, **वृणुध्वम्** = वरण गर, **जगतां** = संसारको लागि, **उपकारकम्** = उपकार गर्ने वर, **प्रयच्छामि** = दिन्छु ॥

**भावार्थ–**

हे देवताहरू ! म श्रेष्ठ वरदात्री हुँ, त्यसैले जे मन लाग्छ, त्यही वर माग । संसारको उपकार गर्ने जुनसुकै पनि वर म दिन्छु ॥

*देवा ऊचुः ॥३८॥ देवताहरूले भने ॥*

**सर्वाबाधाप्रशमनं त्रैलोक्यस्याखिलेश्वरि ।**
**एवमेव त्वया कार्यमस्मद्वैरिविनाशनम् ॥३९॥**

**पदार्थ–**

**अखिलेश्वरि** = हे भगवती ! **त्वया** = हजुरले, **एवम् एव** = यसरी नै, **त्रैलोक्यस्य** = तीनै लोकको, **सर्वाबाधाप्रशमनं** = सम्पूर्ण बाधाहरूको शान्ति, **अस्मद्वैरिविनाशम्** = हाम्रा शत्रुहरूको विनाश, **कार्यम्** = गरिरहनुहोस् ॥

**भावार्थ–**

हे सर्वेश्वरी ! हजुले तीनै लोकका समस्त बाधाहरूलाई शान्त गर्नुहोस् र अहिलेको जस्तै गरी हाम्रा शत्रुहरूलाई पनि विनष्ट गर्नुहोस् ॥

*देव्युवाच ॥४०॥ देवीले भन्नुभयो ॥*

**वैवस्वतेऽन्तरे प्राप्ते अष्टाविंशतिमे युगे ।**
**शुम्भो निशुम्भश्चैवान्यावुत्पत्स्येते महासुरौ ॥४१॥**
**नन्दगोपगृहे जाता यशोदागर्भसम्भवा ।**
**ततस्तौ नाशयिष्यामि विन्ध्याचलनिवासिनी ॥४२॥**

**पदार्थ–**

**वैवश्वते** = विवश्वत, **अन्तरे** = मन्वन्तरमा, **अष्टाविंशतितमे** = अठ्ठाइसौं, **युगे** = युग, **प्राप्ते** = भइसकेपछि, **शुम्भः** = शुम्भ नामक, **निशुम्भः च** = निशुम्भ नामक, **अन्यौ एव** = अन्य दुई, **महासुरौ** = महादानव, **उत्पत्स्येते** = उत्पन्न हुन्छन्, **ततः** = त्यसपछि, **नन्दगोपगृहे** = नन्दगोपको घर मा, **जाता** = उत्पन्न, **यशोदागर्भसम्भवा** = यशोदाको गर्भबाट जन्मिएकी, **विन्ध्याचलनिवासिनी** = विन्ध्याचलमा निवास गर्ने मैले, **तौ** = ती दुई दैत्यलाई, **नाशयिष्यामि** = नाश गर्नेछु ॥

**भावार्थ–**

वैवश्वत मन्वन्तरको अठ्ठाइसौं युगचक्रमा शुम्भ र निशुम्भ नै नाम भएका अन्य दुई महादैत्य उत्पन्न हुनेछन् । त्यस समयमा म नन्दगोपको घरमा उनकी पत्नी यशोदाको गर्भबाट उत्पन्न भई विन्ध्याचलमा गई निवास गर्नेछु र ती दुबै दैत्यको विनाश गर्नेछु ॥

**पुनरप्यतिरौद्रेण रूपेण पृथिवीतले ।**
**अवतीर्य हनिष्यामि वैप्रचित्तांस्तु दानवान् ॥४३॥**

**पदार्थ–**

**पुनः** = फेरि, **अतिरौद्रेण** = अति भयानक, **रूपेण** = रूपले, **पृथिवीतले** = पृथिवीमा, **अवतीर्य** = अवतार लिई, **तु** = निश्चय नै, **वैप्रचित्तान्** = वैप्रचित्त नामक, **दानवान्** = दानवलाई, **हनिष्यामि** = मार्नेछु ॥

**भावार्थ–**

फेरि पनि अत्यन्त रौद्र रूपलाई धारण गरी मैले पृथिवीतलमा अवतार लिनेछु र वैप्रचित्त नाम गरेका दैत्यहरूलाई नष्ट गर्नेछु ॥

**भक्षयन्त्याश्च तानुग्रान् वैप्रचित्तान्महासुरान् ।**
**रक्ता दन्ता भविष्यन्ति दाडिमीकुसुमोपमाः ॥४४॥**
**ततो मां देवताः स्वर्गे मर्त्यलोके च मानवाः ।**
**स्तुवन्तो व्याहरिष्यन्ति सततं रक्तदन्तिकाम् ॥४५॥**

**पदार्थ–**

**तान्** = त्यो, **उग्रान्** = भयानक, **वैप्रचित्तान्** = वैप्रचित्त नामक, **महासुरान्** = महासुरलाई, **भक्षयन्त्याः** = खाँदै गरेको मेरा, **दन्ताः** = दाँत, **दाडिमीकुसुमोपमाः** = अनारको फूलझैँ, **रक्ताः** = राता, **भविष्यन्ति** = हुनेछन् **ततः** = त्यसपछि, **स्वर्गे** = स्वर्गमा, **देवताः** = देवताहरू, **मर्त्ये** = मर्त्यलोकमा, **मानवाः च** = मानिसहरू पनि , **सततं** = निरन्तर, **मां** = मलाई, **स्तुवन्तः** = स्तुति गर्दै, **रक्तदन्तिकाम्** = रक्तदन्तिका भनेर, **व्याहरिष्यन्ति** = भन्नेछन् ॥

**भावार्थ–**

वैप्रचित्त नामका ती भयानक महादैत्यहरूलाई चपाइरहँदा मेरा दाँतहरू अनारका पुष्पसमान राता हुनेछन् । त्यसपछि मलाई स्वर्गलोकका देवता एवं मर्त्यलोकका मानिसहरूले पनि स्तुति गर्दै सधैँका लागि रक्तदन्तिका नामले पुकार्नेछन् ॥

**भूयश्च शतवार्षिक्यामनावृष्ट्यामनम्भसि ।**
**मुनिभिः संस्तुता भूमौ सम्भविष्याम्ययोनिजा ॥४६॥**
**ततः शतेन नेत्राणां निरीक्षिष्यामि यन्मुनीन् ।**
**कीर्तयिष्यन्ति मनुजाः शताक्षीमिति मां ततः ॥४७॥**

**पदार्थ–**

**भूयः च** = फेरि पनि, **भूमौ** = पृथिवीमा, **शतवार्षिक्याम्** = सय वर्षसम्म, **अनावृष्ट्याम्** = पानी नपर्नाले, **अनम्भसि** = पानी न हुँदा, **मुनिभिः** = मुनिहरूद्वारा, **संस्तुता** = स्तुति गरिएकी म, **अयोनिजा** = अयोनिजा रूपमा, **सम्भविष्यामि** = प्रकट हुनेछु **ततः** = त्यसपछि, **नेत्राणां** = आँखाहरूको, **शतेन** = सयले, **मुनीन्** = मुनिहरूलाई, **यत्** = जहिले, **निरीक्षिष्यामि** = हेर्नेछु, **ततः** = त्यसपछि, **मनुजाः** = मानिसहरू, **माम्** = मलाई, **शताक्षीम् इति** = शताक्षी नामले, **कीर्तयिष्यन्ति** = कीर्तन गर्नेछन् ॥

**भावार्थ–**

फेरि कुनै समयमा पृथिवीतलमा सयवर्षसम्मको अनावृष्टिद्वारा पानीको पूर्णतः अभाव हुने आपत्ति आइपर्नेछ । त्यस समयमा मुनिहरूको स्तुतिबाट प्रसन्न भई म पृथिवीमा अयोनिजारूपमा आफैं प्रकट हुनेछु र ती मुनिहरूलाई करुणापूर्ण आफ्ना सय आँखाले हेर्नेछु, त्यसपछि मलाई मनुष्यहरूले शताक्षी नामले कीर्तन गर्नेछन् ॥

**ततोऽहमखिलं लोकमात्मदेहसमुद्भवैः ।**
**भरिष्यामि सुराः शाकैरावृष्टेः प्राणधारकैः ॥४८॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **अहं** = म, **आत्मदेहसमुद्भवैः** = आफ्नो देहबाट उत्पन्न भएका, **प्राणधारकैः** = प्राणधारक, **साकैः** = साकहरूले, **आवृष्टेः** = वृष्टि नहुँदासम्म, **अखिलं** = सम्पूर्ण, **लोकं** = संसारलाई, **भरिष्यामि** = भरण गर्नेछु ॥

**भावार्थ–**

हे देवताहरू ! त्यस समयमा मैले आफ्नै शरीरबाट अनेकप्रकार का सागहरूको उत्पत्ति गर्नेछु र संसारको भरण गर्नेछु । जबसम्म वर्षा हुँदैन तबसम्म सम्पूर्ण प्राणीहरूको प्राण यसैबाट धारण हुनेछ ॥

**शाकम्भरीति विख्यातिं तदा यास्याम्यहं भुवि ।**
**तत्रैव च वधिष्यामि दुर्गमाख्यं महासुरम् ॥४९॥**

**पदार्थ–**

**तदा** = त्यस समयमा, **अहं** = म, **भुवि** = संसारमा, **शाकम्भरी इति** = शाकम्भरी नामले, **विख्यातिम्** = प्रख्यात, **भविष्यामि** = हुनेछु, **तत्र एव** = त्यो अवतारमा नै, **दुर्गमाख्यं** = दुर्गम नामक, **महासुरम् च** = महासुरलाई पनि, **वधिष्यामि** = मार्नेछु ॥

**भावार्थ–**

त्यस समयमा म पृथिवीमा शाकम्भरी नामले प्रख्यात हुनेछु र त्यही समयमा मैले दुर्गम नाम गरेको महादैत्यलाई पनि मारिदिनेछु ॥

**दुर्गा देवीति विख्यातं तन्मे नाम भविष्यति ।**
**पुनश्चाहं यदा भीमं रूपं कृत्वा हिमाचले ॥५०॥**
**रक्षांसि भक्षयिष्यामि मुनीनां त्राणकारणात् ।**
**तदा मां मुनयः सर्वे स्तोष्यन्त्यानम्रमूर्तयः ॥५१॥**

**पदार्थ–**

**दुर्गा देवी इति** = दुर्गा देवी भनी, **विख्यातं** = प्रसिद्ध, **तत्** = त्यो, **मे** = मेरो, **नाम** = नाम, **भविष्यति** = हुनेछ, **पुनः च** = फेरि पनि, **यदा** = जहिले, **भीमं** = भयानक, **रूपं** = रूप, **कृत्वा** = धारण गरी, **मुनीनां** = मुनिहरूको, **त्राणकारणात्** = रक्षाको लागि, **हिमाचले** = हिमालमा, **रक्षांसि** = राक्षसहरूलाई, **भक्षयिष्यामि** = खानेछु, **तदा** = त्यस समय, **आनम्रमूर्तयः** = भक्तिले नम्र भएका, **सर्वे** = सम्पूर्ण, **मुनयः** = ऋषिहरू, **मां** = मेरो, **स्तोष्यन्ति** = स्तुति गर्नेछन् ॥

**भावार्थ–**

यसबाट दुर्गा देवी भन्ने मेरो अर्को नाम प्रख्यात हुनेछ। यसपछि फेरि म हिमालयमा भीम रूप धारण गरी प्रकट हुनेछु। मुनिहरूको रक्षाका लागि मैले सम्पूर्ण राक्षसहरूलाई खाइदिनेछु र ती मुनिहरूले नम्रतापूर्वक शिर झुकाई मेरो स्तुति गर्नेछन् ॥

**भीमा देवीति विख्यातं तन्मे नाम भविष्यति ।**
**यदारुणाख्यस्त्रैलोक्ये महाबाधां करिष्यति ॥५२॥**

**पदार्थ–**

**तत्** = त्यो समयमा, **मे** = मेरो, **नाम** = नाम, **भीमादेवी इति** = भीमादेवीले, **विख्यातं** = प्रसिद्ध, **भविष्यति** = हुनेछ, **यदा** = जहिले, **अरुणाख्यः** = अरुण नाम गरेको राक्षसले, **त्रैलोक्ये** = तीनै लोकमा, **महाबाधां** = उत्पात, **करिष्यति** = मच्चाउँदछ ॥

**भावार्थ–**

त्यस समयमा मेरो भीमादेवी भन्ने नाम प्रख्यात हुनेछ । फेरि जब अरुण नाम गरेको महादैत्यले तीनै लोकभरी भयानक उपद्रव मच्चाउनेछ ।

**तदाहं भ्रामरं रूपं कृत्वाऽसंख्येयषट्पदम् ।**
**त्रैलोक्यस्य हितार्थाय वधिष्यामि महासुरम् ॥५३॥**

**पदार्थ–**

**तदा** = त्यस कालमा, **अहं** = मैले **त्रैलोक्यस्य** = तीनै लोकको, **हितार्थाय** = हितको लागि, **असंख्येयषट्पदम्** = छ खुट्टा भएको असंख्य, **भ्रामरम्** = भमराको, **रूपं** = रूप, **कृत्वा** = धारण गरेर, **महासुरम्** = महादैत्यलाई, **वधिष्यामि** = नाश गर्नेछु ॥

**भावार्थ–**

त्यस समयमा म तीनै लोकको कल्याणका लागि असंख्य भमराहरूको रूप धारण गरी प्रकट हुनेछु र त्यो महादैत्यको वध गर्नेछु ॥

**भ्रामरीति च मां लोकास्तदा स्तोष्यन्ति सर्वतः ।**
**इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति ॥५४॥**
**तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥५५॥**

**पदार्थ–**

**तदा** = त्यस समयमा, **लोकाः** = मानिसहरू, **भ्रामरी इति** = भ्रामरी नामले, **मां** = मलाई, **सर्वतः च** = सबैतिरबाट, **स्तोष्यन्ति** = स्तुति गर्नेछन्, **इत्थं** = यसप्रकार, **यदा यदा** = जब-जब , **दानवोत्था** = आसुरी, **बाधा** = कष्ट, **भविष्यति** = हुनेछ, **तदा तदा** = तब-तब , **अहं** = म, **अवतीर्य** = अवतार लिई, **अरिसंक्षयम्** = शत्रुहरूको नाश, **करिष्यामि** = गर्नेछु ॥

**भावार्थ–**

त्यस समयमा सबै प्राणीहरूले मलाई भ्रामरी भन्ने नामले पुकारी जतातैबाट स्तुति गर्नेछन् । यसप्रकार जब-जब दानवहरूद्वारा संसारमा बाधा उत्पन्न हुन्छ, तब-तब विभिन्न अवतारहरू धारण गरी मैले सबैका शत्रु ती दुष्टहरूको वध गर्नेछु ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये देव्याः स्तुतिर्नामैकादशोऽध्यायः ॥११॥

उवाच ४, अर्धश्लोकः १, श्लोकाः ५०, एवम् ५५ ॥एवमादितः ६३०॥

# अथ द्वादशोऽध्यायः

## देवीद्वारा तीन चरित्रहरूको पाठमाहात्म्यवर्णन

*अथ ध्यानम्*

**विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणां**
**कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम् ।**
**हस्तैश्चक्रगदासिखेटविशिखांश्चापं गुणं तर्जनीं**
**बिभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे ॥**

**पदार्थ–**

**विद्युद्दामसमप्रभां** = बिजुली चम्किएसमान कान्ति हुनुभएकी, **मृगपतिस्कन्धस्थिताम्** = सिंहको काँधमाथि आसीन, **भीषणाम्** = अत्यन्त भयानक, **करबालखेटविलसद्धस्ताभिः** = हातमा ढाल, तरबार लिएका, **कन्याभिः** = कन्याहरूद्वारा, **आसेविताम्** = सेवा गरिनुभएकी, **हस्तैः** = हातहरूद्वारा, **चक्रगदासिखेटविशिखान्** = चक्र, गदा, तरबार, ढाल र बाणलाई, **चापं** = धनुष, **गुणं** = पाश, **तर्जनीम्** = तर्जनीमुद्रासमेत, **बिभ्राणाम्** = धारण गरिर हनुभएकी, **शशिधराम्** = मस्तकमा चन्द्र मुकुट धारण गर्ने, **अनलात्मिकाम्** =

अग्निवर्णा, **त्रिनेत्राम्** = त्रिनेत्रा, **दुर्गाम्** = दुर्गादेवीलाई, **भजे** = ध्यान गर्दछु ॥

**भावार्थ–**

म शिरमा चन्द्रमाको मुकुट धारण गर्ने त्रिनेत्रा दुर्गा देवीको ध्यान गर्दछु । उहाँको स्वरूप अग्निमय छ र अङ्ग-अङ्गको कान्ति बिजुलीसमान चम्किलो छ । सिंहको काँधमाथि आरूढ हुनुभएकी उहाँ अत्यन्त भयान देखिनुहुन्छ । आफ्ना हातमा चक्र, गदा, तरबार, ढाल, धनुष, बाण, पाश र तर्जनीमुद्रा धारण गर्नुभएकी उहाँका वरिपरि अनेक कन्याहरू हातमा तरबार र ढाल लिई सेवाका लागि खडा भइरहेका छन् ॥

*ॐ देव्युवाच ॥१॥ देवीले भन्नुभयो ॥*

**एभिः स्तवैश्च मां नित्यं स्तोष्यते यः समाहितः ।**
**तस्याहं सकलां बाधां नाशयिष्याम्यसंशयम् ॥२॥**

**पदार्थ–**

**यः च** = जो मानिसले, **समाहितः** = एकाग्रचित्त भएर, **एभिः** = यी, **स्तवैः** = स्तुतिहरूद्वारा, **मां** = मलाई, **नित्यं** = निरन्तर, **स्तोष्यते** = स्तुति गर्दछ, **अहं** = म, **तस्य** = त्यसको, **सकलां** = सम्पूर्ण, **बाधां** = बाधाहरू, **असंशयं** = निश्चय नै, **नाशयिष्यामि** = नाश गर्दछु ॥

**भावार्थ–**

हे देवताहरू ! हजुरहरूले विभिन्न समयमा गरेका यी स्तुतिहरूद्वारा जसले एकाग्रचित्त भई मेरो स्तवन गर्दछ, त्यसको सबै प्रकारका बाधाहरूलाई म निश्चय नै नष्ट गरिदिन्छु ॥

**मधुकैटभनाशं च महिषासुरघातनम् ।**
**कीर्तयिष्यन्ति ये तद्वद् वधं शुम्भनिशुम्भयोः ॥३॥**
**अष्टम्यां च चतुर्दश्यां नवम्यां चैकचेतसः ।**
**श्रोष्यन्ति चैव ये भक्त्या मम माहात्म्यमुत्तमम् ॥४॥**

**पदार्थ–**

**ये** = जो, **मधुकैटभनाशं** = मधु र कैटभको संहार, **महिषासुरघातनम् च** = महिषासुरको वध, **तद्वत्** = त्यस्तै, **शुम्भनिशुम्भयोः** = शुम्भ र निशुम्भको, **वधं च** = वध प्रसङ्गलाई, **अष्टम्यां** = अष्टमीमा, **नवम्यां** = नवमीमा, **चतुर्दश्यां**

**च** = चतुर्दशीमा, **ये च** = जसले, **एकचेतसः** = एकाग्रचित्त भएर, **कीर्तयिष्यन्ति** = कीर्तन गर्दछन्, **श्रोष्यन्ति एव** = श्रवण गर्दछन् ॥

**भावार्थ–**

जसले मधुकैटभको नाश भएको, महिषासुरको वध भएको एवं शुम्भ-निशुम्भको संहार भएको चरित्रलाई पाठ गर्दछन् । जसले अष्टमी, चतुर्दशी र नवमीजस्ता तिथिहरूमा एकाग्रचित्त भई मेरा सर्वोत्तम माहात्म्यहरूको भक्तिपूर्वक श्रवण गर्दछन् ।

**न तेषां दुष्कृतं किञ्चिद् दुष्कृतोत्था न चापदः।**
**भविष्यति न दारिद्र्यं न चैवेष्टवियोजनम् ॥५॥**

**पदार्थ–**

**तेषां** = तिनीहरूको, **किञ्चित्** = केही पनि, **दुष्कृतं** = पाप, **न** = रहन्न, **दुष्कृतोत्था** = पापजनित, **आपदः च** = आपत्तिहरू पनि, **न** = हुँदैन, **दारिद्र्यं** = दरिद्रता, **न** = हुँदैन, **इष्टवियोजनम्** = आफन्तहरूको वियोगजनित पीडा, **च एव** = पनि, **न भविष्यति** = हुनेछैन ॥

**भावार्थ–**

ती प्राणीहरूमा पाप रहन सक्दैन र पापबाट उत्पन्न हुने दुःख एवम् आपत्तिहरूले पनि उहाँलाई सताउँदैनन् । तिनीहरू न त दरिद्र हुन्छन्, न कहिल्यै उनीहरूको प्रियजनसँग विछोड नै हुन्छ ॥

**शत्रुतो न भयं तस्य दस्युतो वा न राजतः ।**
**न शस्त्रानलतोयौघात्कदाचित्सम्भविष्यति ॥६॥**

**पदार्थ–**

**तस्य** = उसलाई, **शत्रुतः** = शत्रुबाट, **भयं** = भय, **न** = हुँदैन, **दस्युतः** = चोरबाट, **वा** = अथवा, **राजतः** = राजाबाट, **न** = भय हुँदैन, **शस्त्रानलतोयौघात्** = शस्त्र, आगो तथा जलराशिबाट, **कदाचित्** = कहिल्यै पनि, **न सम्भविष्यति** = डर हुँदैन ॥

**भावार्थ–**

त्यो व्यक्तिलाई शत्रुबाट कुनै भय हुँदैन, त्यसैगरी चोर, डाँका एवं राजाहरूबाट पनि कुनै भय हुँदैन । यसैगरी शस्त्र, आगो तथा जलराशिबाट पनि उसलाई कहिल्यै कुनै प्रकारको डर हुँदैन ।

**तस्मान्ममैतन्माहात्म्यं पठितवयं समाहितैः ।**
**श्रोतव्यं च सदा भक्त्या परं स्वस्त्ययनं हि तत् ॥७॥**

**पदार्थ–**

**तस्मात्** = त्यस कारणले, **एतत्** = यो, **मम** = मेरो, **माहात्म्यं** = माहात्म्य, **समाहितैः** = एकाग्रचित्त भई, **भक्त्या** = भक्तिपूर्वक, **सदा** = सधैँ, **पठितव्यं** = पढ्नुपर्छ, **श्रोतव्यं च** = सुन्नुपर्छ, पनि, **हि** = निश्चय नै, **तत्** = त्यो, **परम्** = परम, **स्वस्त्ययनं** = कल्याणकारक हुन्छ ॥

**भावार्थ–**

त्यसैले एकाग्रचित्त भई सबैले मेरो यो माहात्म्यलाई पढ्नुपर्दछ र यसलाई भक्तिपूर्वक सधैँ सुनिरहनुपर्दछ, किनभने यो परम कल्याणकारक छ ॥

**उपसर्गानशेषांस्तु महामारीसमुद्भवान् ।**
**तथा त्रिविधमुत्पातं माहात्म्यं शमयेन्मम ॥८॥**

**पदार्थ–**

**मम** = मेरो, **माहात्म्यं तु** = माहात्म्यले निश्चय नै, **अशेषान्** = सबै, **महामारीसमुद्भवान्** = महामारीबाट उत्पन्न भएका, **उपसर्गान्** = उपद्रवहरूलाई, **तथा** = त्यस्तै, **त्रिविधं** = तीन प्रकारको, **उत्पातं** = उत्पातहरूलाई, **शमयेत्** = शान्त गर्नेछ ॥

**भावार्थ–**

मेरो माहात्म्यको सेवन गर्नाले सबै प्रकारका महामारीबाट उत्पन्न उपद्रवहरू र आध्यात्मिक, आधिदैविक र आधिभौतिक यी तीनै तापहरू पनि पूर्णतः नष्ट हुन्छन् ॥

**यत्रैतत्पठ्यते सम्यङ्नित्यमायतने मम ।**
**सदा न तद्विमोक्ष्यामि सान्निध्यं तत्र मे स्थितम् ॥९॥**

**पदार्थ–**

**यत्र** = जहाँ, **मम** = मेरो, **आयतने** = यज्ञस्थानमा, **एतत्** = यो स्तुति, **सम्यक्** = राम्रोसँग, **नित्यं** = सधैँ, **पठ्यते** = पढिन्छ, **सदा** = सधैँ, **तत्** = त्यस स्थानलाई, **न विमोक्ष्यामि** = कहिल्यै छोड्दिन, **तत्र** = त्यहाँ, **मे** = मेरो, **सान्निध्यं** = निकटता, **स्थितम्** = रहन्छ ॥

**भावार्थ-**

जुन मन्दिरमा विधिपूर्वक नित्य मेरो यो माहात्म्यको पाठ भइरहन्छ, त्यस स्थानलाई म कहिल्यै पनि छोड्दिन, त्यहाँ मेरो निरन्तर सान्निध्य रहन्छ ॥

**बलिप्रदाने पूजायामग्निकार्ये महोत्सवे ।**
**सर्वं ममैतच्चरितमुच्चार्यं श्राव्यमेव च ॥१०॥**

**पदार्थ-**

**बलिप्रदाने** = बलिदानमा, **पूजायां** = पूजामा, **अग्निकार्ये** = हवनमा, **महोत्सवे** = महोत्सव आदिमा, **मम** = मेरो, **एतत्** = यो, **सर्वं** = सबै, **चरितं** = माहात्म्य, **उच्चार्यं** = पढ्नु, **श्राव्यं एव च** = अवश्य सुन्नू ॥

**भावार्थ-**

बलिदान, पूजा, होम तथा अन्य महोत्सवहरूको अवसरमा पनि मेरो यो सम्पूर्ण चरित्रको विधिपूर्वक पाठ एवं त्यसको श्रवण गर्नुपर्दछ ॥

**जानताऽजानता वापि बलिपूजां तथा कृताम् ।**
**प्रतीच्छिष्याम्यहं प्रीत्या वह्निहोमं तथा कृतम् ॥११॥**

**पदार्थ-**

**जानता** = जानेर, **अजानता** = नजानेर, **वा अपि** = भएता पनि, **तथा** = त्यसरी, **कृताम्** = गरेको, **बलिपूजां** = बलिपूजालाई, **तथा** = त्यसैगरी, **प्रीत्या** = प्रीतिपूर्वक, **कृतम्** = गरेको, **वह्निहोमम्** = हवन, **प्रतीच्छिष्यामि** = प्रसन्नतापूर्वक ग्रहण गर्नेछु ॥

**भावार्थ-**

यसो गर्नाले म मुनष्यहरूले जानी नजानी मेरा लागि जुन बलि, होम तथा पूजा आदि गर्दछन्, ती सबैलाई प्रसन्नतापूर्वक ग्रहण गर्दछु ॥

**शरत्काले महापूजा क्रियते या च वार्षिकी ।**
**तस्यां ममैतन्माहात्म्यं श्रुत्वा भक्तिसमन्वितः ॥१२॥**
**सर्वाबाधाविनिर्मुक्तो धनधान्यसुतान्वितः ।**
**मनुष्यो मत्प्रसादेन भविष्यति न संशयः ॥१३॥**

**पदार्थ-**

**शरत्काले** = शरत्कालमा, **या च** = जुन चाहिँ, **वार्षिकी** = वार्षिक

रूपमा (चैतमा), **महापूजा** = महापूजा, **क्रियते** = गरिन्छ, **तस्यां** = ती पूजामा, **मम** = मेरो, **एतत्** = यो, **माहात्म्यं** = माहात्म्य, **भक्तिसमन्वितः** = भक्तिले युक्त भएर, **श्रुत्वा** = सुनेर, **मनुष्यः** = मानिस, **मत्प्रसादेन** = मेरो कृपाले, **सर्वाबाधाविनिर्मुक्तः** = सम्पूर्ण बाधाहरूले मुक्त, **धनधान्यसुतान्वितः** = धनधान्य एवं पुत्रले सहित, **भविष्यति** = हुनेछ, **संशयः** = सन्देह, **न** = छैन ॥

**भावार्थ-**

शरद् ऋतुको समयमा र वर्षारम्भको नवरात्रमा पनि जुन मेरो विशेष महापूजा गरिन्छ, त्यसमा मेरो यो माहात्म्यलाई भक्तिपूर्वक श्रवण गर्नाले त्यो मनुष्य धनधान्य, सन्तति आदिले सम्पन्न हुन्छ र उसका सबैप्रकारका बाधाहरू नष्ट हुन्छन्, यसमा कुनै सन्देह रहँदैन ॥

**श्रुत्वा ममैतन्माहात्म्यं तथा चोत्पत्तयः शुभाः ।**
**पराक्रमं च युद्धेषु जायते निर्भयः पुमान् ॥१४॥**

**पदार्थ-**

**मम** = मेरो, **एतत्** = यो, **माहात्म्यं** = माहात्म्य, **तथा च** = त्यस्तै, **शुभाः** = कल्याणमय, **उत्पत्तयः** = उत्पत्तिहरूलाई र, **युद्धेषु** = युद्धमा, **पराक्रमं च** = पराक्रमलाई पनि, **श्रुत्वा** = सुनेर, **पुमान्** = मनुष्य, **निर्भयः** = भयरहित, **जायते** = हुन्छ ॥

**भावार्थ-**

मेरो यो माहात्म्यलाई, मेरा प्रादुर्भावका मङ्गलमय कथाहरूलाई र युद्धभूमिमा प्रकटित मेरा पराक्रमहरूलाई पनि श्रवण गर्नाले मुनष्य भयरहित बन्दछ॥

**रिपवः संक्षयं यान्ति कल्याणं चोपपद्यते ।**
**नन्दते च कुलं पुंसां माहात्म्यं मम शृण्वताम् ॥१५॥**

**पदार्थ-**

**रिपवः** = शत्रुहरू, **संक्षयम्** = नष्ट, **यान्ति** = हुन्छन्, **कल्याणं च** = कल्याण पनि, **उपपद्यते** = प्राप्त हुन्छ, **मम** = मेरो, **माहात्म्यं** = चरित्र, **शृण्वताम्** = सुन्ने, **पुंसाम्** = मनुष्यहरूको, **कुलं च** = कुल, **नन्दते** = आनन्दित हुन्छन् ॥

**भावार्थ-**

मेरो माहात्म्य सुन्ने मानिसहरूका सम्पूर्ण शत्रुहरू नष्ट हुन्छन् ।

उसको कुल सदा प्रसन्न हुन्छ र उ कल्याणको भागिदार बन्दछ ॥

**शान्तिकर्मणि सर्वत्र तथा दुःस्वप्नदर्शने ।**
**ग्रहपीडासु चोग्रासु माहात्म्यं शृणुयान्मम ॥१६॥**

**पदार्थ–**

**सर्वत्र** = सबैतिर, **शान्तिकर्मणि** = शान्तिकर्ममा, **तथा** = त्यस्तै, **दुःस्वप्नदर्शने** = नराम्रो सपना देखिएमा, **उग्रासु** = भयानक, **ग्रहपीडासु च** = ग्रहजनित पीडा भएमा, **मम** = मेरो, **माहात्म्यं** = चरित्र, **शृणुयात्** = श्रवण गरोस् ॥

**भावार्थ–**

सबैप्रकारका शान्तिकर्ममा, दुस्वप्न देखिएको समयमा र भयानक ग्रहपीडाको अवस्थामा पनि मेरो माहात्म्य सुन्नुपर्दछ ।

**उपसर्गाः शमं यान्ति ग्रहपीडाश्च दारुणाः ।**
**दुःस्वप्नं च नृभिर्दृष्टं सुस्वप्नमुपजायते ॥१७॥**

**पदार्थ–**

**उपसर्गाः** = विघ्नहरू, **दारुणाः** = भयानक, **ग्रहपीडाः च** = ग्रहजनित दुःखहरू, पनि, **शमं** = शान्त, **यान्ति** = हुन्छन्, **नृभिः** = मानिसहरूद्वारा, **दृष्टं** = देखिएको, **दुःस्वप्नं च** = नराम्रो सपना पनि, **सुस्वप्नं** = राम्रो सपनामा, **उपजायते** = परिवर्तित हुन्छन् ॥

**भावार्थ–**

यसबाट सम्पूर्ण उपद्रवहरू नष्ट हुन्छन् । भयानक ग्रहपीडाहरू पनि शान्त हुन्छन् र मनुष्यहरूले देखेका दुस्वप्न पनि सुस्वप्नमा परिवर्तित हुन्छन् ॥

**बालग्रहाभिभूतानां बालानां शान्तिकारकम् ।**
**सङ्घातभेदे च नृणां मैत्रीकरणमुत्तमम् ॥१८॥**

**पदार्थ–**

**बालग्रहाभिभूतानां** = बालग्रहले आक्रान्त भएका, **बालानां** = बालकहरूको लागि, **शान्तिकारकम्** = शान्तिकारक छ, त्यस्तै, **नृणाम्** = मानिसहको, **संघातभेदे च**= संगठनमा झगडा हुँदा, **उत्तमम्** = अत्यन्त राम्रो, **मैत्रीकरणम्** = मित्रता गराउनेवाला हुन्छ ॥

**भावार्थ-**

मेरो यो सम्पूर्ण माहात्म्य बालग्रहद्वारा पीडित भएका बालकहरूलाई शान्ति दिन समर्थ छ । आपसको मेलमिलापमा फुट परेको छ भने यसले मानिसहरूबीच फेरि मित्रता स्थापित गराइदिन्छ ।

**दुर्वृत्तानामशेषाणां बलहानिकरं परम् ।**
**रक्षोभूतपिशाचानां पठनादेव नाशनम् ॥१९॥**

**पदार्थ-**

**अशेषाणां** = सम्पूर्ण, **दुर्वृत्तानां** = दुराचारहरूको, **परं** = सबै, **बलहानिकरम्** = बललाई नाश गरिदिनेवाला छ, **पठनात् एव** = पाठबाट मात्रै, **रक्षोभूतपिशाचानाम्** = राक्षस, भूत एवं पिचासहरूको, **नाशनं** = नाश गर्दछ ॥

**भावार्थ-**

दुराचारीहरूका सम्पूर्ण बललाई नष्ट गरिदिने यो परमश्रेष्ठ स्तोत्रको पाठ गर्नाले मात्र नै राक्षस, भूत र पिशाच सबै दुष्ट प्राणीहरूको नाश हुन्छ ॥

**सर्वं ममैतन्माहात्म्यं मम सन्निधिकारकम् ।**
**पशुपुष्पार्घ्यधूपैश्च गन्धदीपैस्तथोत्तमैः ॥२०॥**
**विप्राणां भोजनैर्होमैः प्रोक्षणीयैरहर्निशम् ।**
**अन्यैश्च विविधैर्भोगैः प्रदानैर्वत्सरेण या ॥२१॥**
**प्रीतिर्मे क्रियते सास्मिन् सकृत्सुचरिते श्रुते ।**
**श्रुतं हरति पापानि तथाऽऽरोग्यं प्रयच्छति ॥२२॥**

**पदार्थ-**

**मम** = मेरो, **एतत्** = यो, **सर्वं** = सबै, **माहात्म्यं** = माहात्म्य, **मम** = मेरो, **सन्निधिकारकम्** = सामीप्यको प्राप्ति गराउनेवाला छ, **पशुपुष्पार्घ्यधूपैः** = पशु, पुष्प, अर्घ्य, धूप र, **गन्धदीपैः च** = चन्दन एवं बत्ती आदि, **उत्तमैः** = उत्तम पूजा सामग्रीहरूद्वारा, **तथा** = त्यस्तै, **विप्राणां** = ब्राह्मणहरूको, **भोजनैः** = भोजन, **होमैः** = हवनद्वारा, **अहर्निशम्** = प्रतिदिन, **प्रोक्षणीयैः** = अभिषेकद्वारा, **विविधैः** = विविध प्रकारका, **भोगैः** = भोग अर्पणद्वारा, **प्रदानैः च**= दान आदिले पनि, **वत्सरेण** = एक वर्षसम्म, **या** = जो, **मे** = मलाई, **प्रीतिः** = प्रसन्नता, **क्रियते** = हुन्छ, **सा** = त्यति नै प्रसन्नता, **अस्मिन्** = यो,

**सुचरिते** = राम्रो चरित्र, **सकृत्** = एकपटक, **श्रुते** = सुनिसके पछि हुन्छ, **श्रुतम्** = श्रवणमात्रले, **पापानि** = सम्पूर्ण पापहरू, **हरति** = हरण गर्दछ, **तथा** = त्यस्तै, **आरोग्यं** = आरोग्य, **प्रयच्छति** = दिन्छ ॥

**भावार्थ–**

यो स्तोत्रले उपासकलाई मेरो सान्निध्यमा पुऱ्याउँदछ । एक वर्षसम्म मेरो आराधनाका लागि पशु, पुष्प, अर्घ्य, धूप, दीप, सुगन्धित चन्दनजस्ता उत्तम सामग्रीहरूद्वारा पूजन गर्नाले, ब्राह्मणहरूलाई भोजन गराउनाले, होम गर्नाले, दिनरात अभिषेक गर्नाले, अनेकप्रकारका भोगहरूको अर्पण गर्नाले र अनेकथरि पदार्थ दान गर्नाले म जति प्रसन्न हुन्छु, एकपटकमात्र मेरो यो उत्तम चरित्रको भक्तिपूर्वक श्रवण गर्नाले पनि म त्यत्तिकै प्रसन्न हुन्छु । यो माहात्म्यको श्रवण गर्नाले पापहरू नष्ट हुन्छन् र आरोग्य प्राप्त हुन्छ ॥

**रक्षां करोति भूतेभ्यो जन्मनां कीर्तनं मम ।**
**युद्धेषु चरितं यन्मे दुष्टदैत्यनिबर्हणम् ॥२३॥**

**पदार्थ–**

**मम** = मेरो, **जन्मनां** = जन्मको, **कीर्तनम्** = कीर्तनले, **भूतेभ्यः** = भूतहरूबाट, **रक्षां** = रक्षा, **करोति** = गर्दछ, **मम** = मेरो, **युद्धेषु** = युद्धविषयक, **चरितं** = चरित्रले, **दुष्टदैत्यनिबर्हणम्** = दुष्ट दैत्यहको संहार गर्दछ ॥

**भावार्थ–**

मेरा प्रादुर्भावका चरित्रहरूको कीर्तन गर्नाले सम्पूर्ण दुष्ट भूतहरूबाट रक्षा हुन्छ र युद्धभूमिमा प्रकट भएका मेरा चरित्रहरू दुष्ट दैत्यहरूको विनाश गर्न समर्थ छन् ॥

**तस्मिञ्छ्रुते वैरिकृतं भयं पुंसां न जायते ।**
**युष्माभिः स्तुतयो याश्च याश्च ब्रह्मर्षिभिः कृताः ॥२४॥**
**ब्रह्मणा च कृतास्तास्तु प्रयच्छन्ति शुभां मतिम् ।**
**अरण्ये प्रान्तरे वापि दावाग्निपरिवारितः ॥२५॥**

**पदार्थ–**

**तस्मिन्** = त्यो चरित्र, **श्रुते** = सुनिसके पछि, **पुंसां** = मानिसहरूको, **वैरिकृतम्** = शत्रुबाट हुने, **भयं च**= भय, **न जायते** = हुँदैन, **युष्माभिः** =

तिमीहरूद्वारा, **ब्रह्मर्षिभिः च** = ब्रह्मर्षिहरूद्वारा पनि, **याः याः च** = जो-जो, **स्तुतयः** = स्तुतिहरू, **कृताः** = गरिए, **ब्रह्मणा** = ब्रह्माजीद्वारा, **कृताः** = गरिएका, **ताः तु**= ती स्तुतिहरूले, **शुभां** = कल्याणकारक, **मतिम्** = बुद्धि, **प्रयच्छन्ति** = प्रदान गर्नेछिन्, **अरण्ये** = वनमा, **प्रान्तरे** = शून्य मार्गमा, **वा** = अथवा, **दावाग्निपरिवारितःअपि** = डढेँलोले घेरिएको बेला पनि ।

**भावार्थ–**

यसको श्रवण गर्नाले मुनष्यहरूलाई शत्रुभय रहँदैन । हजुरहरूले, ब्रह्मर्षिहरूले जुन स्तुतिहरू गरेका छन् । ब्रह्माले गरेका मेरा स्तुतिहरू कल्याणमय बुद्धि प्रदान गर्नेवाला छन् । त्यसैले बीच वनमा, शून्य मार्गमा तथा डढेँलोबाट घेरिएको अवस्थामा पनि यसको स्मरण गर्नुपर्दछ ॥

**दस्युभिर्वा वृतः शून्ये गृहीतो वापि शत्रुभिः ।**
**सिंहव्याघ्रानुयातो वा वने वा वनहस्तिभिः ॥२६॥**
**राज्ञा क्रुद्धेन चाज्ञप्तो वध्यो बन्धगतोऽपि वा ।**
**आघूर्णितो वा वातेन स्थितः पोते महार्णवे ॥२७॥**
**पतत्सु चापि शस्त्रेषु सङ्ग्रामे भृशदारुणे ।**
**सर्वाबाधासु घोरासु वेदानाभ्यर्दितोऽपि वा ॥२८॥**
**स्मरन्ममैतच्चरितं नरो मुच्येत सङ्कटात् ।**
**मम प्रभावात्सिंहाद्या दस्यवो वैरिणस्तथा ॥२९॥**
**दूरादेव पलायन्ते स्मरतश्चरितं मम ॥३०॥**

**पदार्थ–**

**शून्ये** = निर्जन स्थानमा, **दस्युभिः** = लुटेराहरूद्वारा, **वृतः** = घेरिएर, **वा** = अथवा, **शत्रुभिः** = शत्रुहरूद्वारा, **गृहीतः अपि** = समातिए पनि, **वने वा** = वनमा, **सिंहव्याघ्रानुयातः** = सिंह, व्याघ्र पछि लागेता पनि, **वनहस्तिभिः** = जङ्गली हात्तीद्वारा, **क्रुद्धेन** = रिसाएको, **राज्ञा वा** = राजाले, **आज्ञप्तः** = आज्ञा दिएर, **वध्यः** = मार्न, **वा** = अथवा, **बन्धगतः च** = बन्धक बनाई लाँदा, **अपि** = पनि, **वा** = अथवा, **महार्णवे** = महासमुद्रमा, **पोते** = डुङ्गामा, **स्थितः** = र हँदा, **वातेन** = वायुले, **आघूर्णितः** = घुमाउँदा, **भृशदारुणे** = भयानक, **संग्रामे**

= युद्धमा, **शस्त्रेषु** = शस्त्रहरू, **पतत्सु** = खसिरहँदा, **अपि** = पनि, **घोरासु** = भीषण, **सर्वाबाधासु** = सम्पूर्ण पीडाहरूमा, **वा** = अथवा, **वेदनाभ्यर्दितः** = वेदनाहरूद्वारा पीडित हुँदा पनि, **मम** = मेरो, **एतत्** = यो, **चरितं** = चरित्रको कथा, **स्मरन्** = स्मरण गर्नाले, **नरः** = मानिस, **सङ्कटात्** = सङ्कटबाट, **मुच्येत** = मुक्त हुनेछ, **मम** = मेरो, **प्रभावात्** = प्रभावले, **सिंहाद्याः** = सिंह आदि हिंस्रक जन्तुहरू, **दस्यवः** = लुटेराहरू, **तथा** = त्यस्तै, **वैरिणः** = शत्रुहरू, **मम** = मेरो, **चरितं** = चरित्र, **स्मरतः** = स्मरण गर्नाले, **दूरात् एव** = टाढै बाट, **पलायन्ते** = भाग्दछन् ॥

**भावार्थ–**

निर्जनस्थानमा लुटेराहरूले घेर्दा, शत्रुहरूको वशमा पर्दा, सिंह, बाघ या वनहात्तीजस्ता भयानक जीवहरूले वनमा पिछा गर्दा, रिसाएका राजाको आदेशबाट कारागारमा थुन्न या वध गर्न लगिइरहँदा, बीच सागरमा डुङ्गामा बस्दाबस्दै भयानक तूफान चली नाउ डगमगाउँदा, अत्यन्त भयानक महायुद्धमा शस्त्रहरूको प्रहार आइपर्दा, भित्री-बाहिरी वेदनाहरूद्वारा पीडित हुँदा अथवा यस्ता प्रकारका अरु-अरु पनि भयानक बाधाहरू आइपर्दासमेत जो व्यक्तिले मेरो यो चरित्रको आर्तभावले स्मरण गर्दछ, त्यो व्यक्ति सम्पूर्ण सङ्कटबाट तत्कालै मुक्त हुन्छ । मेरो चरित्र स्मरण गर्ने व्यक्तिका बाधाहरू– सिंहजस्ता हिंस्रक जन्तु, लुटेरा एवं शत्रुहरू पनि मेरो प्रभावका कारण टाढैबाट भाग्छन् ॥

*ऋषिरुवाच ॥३१॥ ऋषिले भन्नुभयो ॥*

**इत्युक्त्वा सा भगवती चण्डिका चण्डविक्रमा ॥३२॥**
**पश्यतामेव देवानां तत्रैवान्तरधीयत ।**
**तेऽपि देवा निरातङ्काः स्वाधिकारान् यथा पुरा ॥३३॥**
**यज्ञभागभुजः सर्वे चक्रुर्विनिहतारयः ।**
**दैत्याश्च देव्या निहते शुम्भे देवरिपौ युधि ॥३४॥**
**जगद्विध्वंसिनि तस्मिन् महोग्रेऽतुलविक्रमे ।**
**निशुम्भे च महावीर्ये शेषाः पातालमाययुः ॥३५॥**

**पदार्थ–**

**इति** = यसप्रकार, **उक्त्वा** = भनेर, **चण्डविक्रमा** = प्रचण्ड पराक्रम

भएकी, **सा** = ती, **भगवती** = ऐश्वर्यशालिनी, **चण्डिका** = चण्डिका देवी, **देवानां** = देवताहरूले, **पश्यताम् एव** = हेर्दा-हेर्दै, **तत्र एव** = त्यहाँ नै, **अन्तर धीयत** = अन्तर्ध्यान हुनुभयो, **ते** = ती, **निरातङ्काः** = आतङ्कले रहित भएका, **विनिहतारयः** = सम्पूर्ण शत्रुहरू नाश भएका, **यज्ञभागभुजः** = यज्ञभागको भोग गर्नेवाला, **सर्वे** = सबै, **देवाः** = देवताहरू, **अपि** = पनि, **यथा पुरा** = पहिलेझैँ, **स्वाधिकारान्** = आफ्नो अधिकार, **चक्रु** = लिए, **जगद्विध्वंशिनि** = संसारलाई विध्वंस गर्ने, **महोग्रे** = अति उग्र, **अतुलविक्रमे** = अत्यन्त पराक्रमी, **देवरिपौ** = देवताको शत्रु, **तस्मिन्** = त्यो, **शुम्भे** = शुम्भ, **महावीर्ये** = महाबली, **निशुम्भे च** = निशुम्भ नामक दैत्य, **देव्या** = भगवती देवीद्वारा, **युद्धे** = युद्धमा, **निहते** = मारिए पछि, **शेषाः** = बाँकी रहेका, **दैत्याः च** = दानवहरू पनि, **पातालं** = पाताल, **आययुः** = भागे ॥

**भावार्थ–**

देवताहरूलाई यसप्रकार उपदेश गरी प्रचण्ड पराक्रम हुनुभएकी चण्डिका भगवती उनीहरूले हेर्दाहेर्दै त्यहीँ अन्तर्धान हुनुभयो । दैत्यहरूको विनाश भएपछि उनीहरूको आतङ्कबाट मुक्त भएका देवताहरूले पनि पहिलेजस्तै गरी आ-आफ्नो अधिकारमा बसी यज्ञीय भागहरूको उपभोग गर्न थाले । जगत्लाई विध्वंस गर्ने देवताहरूको शत्रु अत्यन्त पराक्रमी एवं महाभयानक दैत्यराज शुम्भ र उसको भाइ महाबलशाली निशुम्भ पनि युद्धमा देवीद्वारा मारिएपछि बाँकी रहेका अरु सम्पूर्ण दैत्यहरू पूर्ववत् पाताललोकमा नै फर्किए ॥

**एवं भगवती देवी सा नित्यापि पुनः पुनः ।**
**सम्भूय कुरुते भूप जगतः परिपालनम् ॥३६॥**

**पदार्थ–**

**भूप** = हे राजन् ! **एवं** = यसप्रकार, **सा** = ती, **भगवती** = ऐश्वर्यशाली, **देवी** = चण्डिका, **नित्या अपि** = नित्य भएर पनि, **पुनः पुनः** = फेरि-फेरि, **सम्भूय** = प्रकट भएर, **जगतः** = संसारको, **परिपालनं** = रक्षा, **कुरुते** = गर्नुहुन्छ ॥

**भावार्थ–**

हे राजन् ! यसप्रकार भगवती देवी नित्य भए तापनि उहाँले बारम्बार

अनेक रूपहरू लिई जगत्को पालन गरिरहनुहुन्छ ॥

**तयैतन्मोह्यते विश्वं सैव विश्वं प्रसूयते ।**
**सा याचिता च विज्ञानं तुष्टा ऋद्धिं प्रयच्छति ॥३७॥**

**पदार्थ–**

**तया** = उहाँद्वारा नै, **एतत्** = यो, **विश्वं** = विश्व, **मोह्यते** = मोहित छ, **सा एव** = उहाँले नै, **विश्वं** = विश्वलाई, **प्रसूयते** = जन्म दिनुहुन्छ, **सा** = उहाँ नै, **याचिता** = प्रार्थना गर्नाले, **तुष्टा** = खुसी भएर, **विज्ञानं** = ज्ञान र, **ऋद्धिं च** = समृद्धि समेत, **प्रयच्छति** = प्रदान गर्नुहुन्छ ॥

**भावार्थ–**

उहाँले सम्पूर्ण संसारलाई मोहित गर्नुभएको छ र उहाँबाट नै सम्पूर्ण विश्वको उत्पत्ति हुन्छ । उहाँ प्रसन्न हुनुभयो भने उपासकको याचनाअनुसार भौतिक समृद्धि एवं तत्त्वज्ञानसमेत प्रदान गर्नुहुन्छ ॥

**व्याप्तं तयैतत्सकलं ब्रह्माण्डं मनुजेश्वर ।**
**महाकाल्या महाकाले महामारीस्वरूपया ॥३८॥**

**पदार्थ–**

**मनुजेश्वर**=हेराजन्!**महाकाले**=महाप्रलयकालमा,**महामारीस्वरूपया** = महामारीस्वरूप धारण गरेकी, **तया** = ती, **महाकाल्या** = महाकालीबाट नै, **एतत्** = यो, **सकलं** = सम्पूर्ण, **ब्रह्माण्डं** = ब्रह्माण्ड, **व्याप्तम्** = व्याप्त छ ॥

**भावार्थ–**

हे राजन् ! महाप्रलयको समयमा महामारीको स्वरूप धारण गर्ने यी महाकाली नै हुनुहुन्छ र यो सम्पूर्ण ब्रह्माण्ड उहाँद्वारा नै व्याप्त छ ॥

**सैव काले महामारी सैव सृष्टिर्भवत्यजा ।**
**स्थितिं करोति भूतानां सैव काले सनातनी ॥३९॥**

**पदार्थ–**

**सा एव** = उहाँले नै, **काले** = समयमा, **महामारी** = महामारी रूप धारण गर्नुहुन्छ, **अजा** = अजन्मा, **सा एव** = उहाँ नै, **सृष्टिः** = सृष्टिको रूपमा, **भवति** = हुनुहुन्छ, **सनातनी** = सनातनी देवी, **सा एव** = उहाँ नै, **काले** = समयमा, **भूतानां** = प्राणीहरूको, **स्थितिं** = पालन, **करोति** = गर्नुहुन्छ ॥

**भावार्थ–**

वस्तुतः अजन्मा भएर पनि सृष्टिको रूपमा उहाँ नै प्रकट हुनुहुन्छ र संहारकालमा महामारी बन्ने पनि उहाँ नै हुनुहुन्छ । त्यसैगरी सनातनी यी भगवतीले नै स्थितिकालमा सम्पूर्ण प्राणीहरूको रक्षा गर्नुहुन्छ ॥

**भवकाले नृणां सैव लक्ष्मीर्वृद्धिप्रदा गृहे ।**
**सैवाभावे तथाऽलक्ष्मीर्विनाशायोपजायते ॥४०॥**

**पदार्थ–**

**नृणां** = मनुष्यहरूको, **भवकाले** = अभ्युदयको समयमा, **सा एव** = उहाँ नै, **गृहे** = घरमा, **लक्ष्मीः** = लक्ष्मीको रूपमा, **वृद्धिप्रदा** = उन्नति प्रदान गर्नुहुन्छ, **तथा** = त्यसैगरी, **अभावे** = अभावको समयमा, **सा एव** = उहाँ नै, **अलक्ष्मीः** = दरिद्रता बनेर, **विनाशाय** = विनाशको कारण, **उपजायते** = बन्नुहुन्छ ॥

**भावार्थ–**

मनुष्यहरूको अभ्युदयको समयमा यी भगवती नै घरमा लक्ष्मीरूपले बसी उन्नति प्रदान गर्नुहुन्छ र अभावको समयमा अलक्ष्मीको रूपमा रही सर्वस्व नष्ट गरिदिनुहुन्छ ॥

**स्तुता सम्पूजिता पुष्पैर्धूपगन्धादिभिस्तथा ।**
**ददाति वित्तं पुत्रांश्च मतिं धर्मे गतिं शुभाम् ॥ ॐ ॥४१॥**

**पदार्थ–**

**पुष्पैः** = फूल, **तथा** = तथा, **धूपगन्धादिभिः** = धूप गन्ध आदिले, **सम्पूजिता** = पूजा गरेर, **स्तुता** = स्तुति गरिएकी देवीले, **वित्तं** = धन, **पुत्रान्** = छोराहरू, **धर्मे** = धर्ममा, **मतिं** = बुद्धि र, **शुभां** = श्रेष्ठ, **गतिं च** = मोक्ष समेत, **ददाति** = दिनुहुन्छ ॥

**भावार्थ–**

पुष्प, धूप, गन्ध आदि उपचारहरूबाट भक्तिपूर्वक स्तुति एवं पूजा गरियो भने उहाँ प्रसन्न भई सम्पत्ति, पुत्र, धर्मपरायण बुद्धि र परमकल्याणमय गति पनि प्रदान गर्नुहुन्छ ॥

इति श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये फलस्तुतिर्नाम द्वादशोऽध्यायः ॥१२॥

उवाच २, अर्धश्लोकौ २, श्लोकाः ३७, एवम् ४१ ॥एवमादितः ६७१॥

# त्रयोदशोऽध्यायः

## सुरथ र वैश्यलाई वरदान

*अथ ध्यानम्*

**ॐ बालार्कमण्डलाभासां चतुर्बाहुं त्रिलोचनाम् ।**
**पाशाङ्कुशवराभीतीर्धारयन्तीं शिवां भजे ॥**

**पदार्थ–**

**बालार्कमण्डलाभासाम्** = उदाउँसो सूर्यमण्डल समान कान्ति हुनुभएकी, **चतुर्बाहुम्** = चार हात हुनुभएकी, **पाशाङ्कुशवराभीतीः** = पाश, अङ्कुश, वर एवम् अभयमुद्रा, **धारयन्तीम्** = धारण गर्नुहुने, **त्रिलोचनाम्** = तीन नेत्रले युक्त, **शिवाम्** = शिवा भगवतीलाई, **भजे** = ध्यान गर्दछु ॥

म आफ्ना चार हातहरूमा पाश, अङ्कुश, वर एवं अभयमुद्रा धारण गर्ने उदाउँदो सूर्यमण्डल जस्तै कान्ति हुनुभएकी त्रिलोचना शिवा भगवतीको ध्यान गर्दछु ॥

*ॐ ऋषिरुवाच ॥१॥ ऋषिले भन्नुभयो ॥*

**एतत्ते कथितं भूप देवीमाहात्म्यमुत्तमम् ।**
**एवंप्रभावा सा देवी ययेदं धार्यते जगत् ॥२॥**

**भूप** = हे राजन् ! **ते** = तिमीलाई, **एतत्** = यो, **उत्तमं** = श्रेष्ठ, **देवीमाहात्म्यं** = देवीको चरित्र, **कथितम्** = भनें, **सा** = ती, **देवी** = भगवती, **एवंप्रभावा** = यस्तै प्रभाव भएकी हुनुहुन्छ, **यया** = जसद्वारा, **इदं** = यो, **जगत्** = संसार, **धार्यते** = धारण गरिएको छ ॥

**भावार्थ–**

हे राजन् सम्पूर्ण जगत्लाई आफूभित्र धारण गर्ने यी भगवतीको प्रभाव यस्तै प्रकारको छ । मैले तिमीलाई उनै जगदम्बा भगवतीको सर्वश्रेष्ठ माहात्म्य बताएँ ॥

विद्या तथैव क्रियते भगवद्विष्णुमायया ।
तया त्वमेष वैश्यश्च तथैवान्ये विवेकिनः ॥३॥
मोह्यन्ते मोहिताश्चैव मोहमेष्यन्ति चापरे ।
तामुपैहि महाराज शरणं परमेश्वरीम् ॥४॥

**पदार्थ–**

**तथा एव** = त्यस्तै, **विद्या** = ज्ञान, **क्रियते** = उत्पन्न गर्नुहुन्छ, **तया** = ती, **भगवद्विष्णुमायया** = भगवान् विष्णुकी मायाशक्तिद्वारा, **त्वं** = तिमी, **एषः** = यी, **वैश्यः च** = वैश्य, **तथा** = त्यस्तै, **अन्ये अपरे च** = अरु-अरु पनि, **विवेकिनः** = विवेकी मानिसहरू, **मोह्यन्ते** = मोहित हुन्छन्, **मोहिताः** = मोहित भए, **च** = र, **मोहं** = मोह, **एष्यन्ति एव** = अवश्य प्राप्त गर्नेछन्, **महाराज** = हे सुरथ राजा, **तां** = ती, **परमेश्वरीं** = परमेश्वरीकै, **शरणम्** = शरणमा, **उपैहि** = जाऊ ॥

**भावार्थ–**

उहाँले नै शुद्ध हृदयभित्र ज्ञान उत्पन्न गर्नुहुन्छ । त्यसैगरी भगवान् विष्णुलाई पनि मोहित गराउने यी महामायाद्वारा नै तिमी, यी वैश्य एवम् अरु पनि विवेकी पुरुषहरूसमेत मोहित भएका थिए, मोहित भइरहेका छन् एवं भविष्यमा पनि मोहित हुनेछन् नै । त्यसैले हे महाराज ! तिमी उनै परमेश्वरीको शरणमा जाऊ ॥

आराधिता सैव नृणां भोगस्वर्गापवर्गदा ॥५॥

**पदार्थ–**

**आराधिता** = आराधना गरिएकी(साधना गरिएकी), **सा** = ती, **एव** = नै, **नृणाम्** = मानिसहरूलाई, **भोगस्वर्गापवर्गदा** = भोग, स्वर्ग एवं मोक्षप्रदान गर्नुहुन्छ॥

**भावार्थ–**

आराधनाद्वारा प्रसन्न भएपछि उहाँले नै मानिसहरूलाई सबैप्रकारका भोग, स्वर्ग तथा मोक्ष प्रदान गर्नुहुन्छ ॥

***मार्कण्डेय उवाच*** *॥६॥ मार्कण्डेयले भने ॥*

इति तस्य वचः श्रुत्वा सुरथः स नराधिपः ॥७॥
प्रणिपत्य महाभागं तमृषिं शंसितव्रतम् ।

**निर्विण्णोऽतिममत्वेन राज्यापहरणेन च ॥८॥**
**जगाम सद्यस्तपसे स च वैश्यो महामुने ।**

**पदार्थ–**

**महामुनेः** = हे क्रोष्टुकि ! **इति** = यसप्रकार, **तस्य** = ती मेधा ऋषिको, **वचः** = वचनलाई, **श्रुत्वा** = सुनेर, **महाभागम्** = महाभाग्यमानी, **शंसितव्रतम्** = उत्तम व्रतको पालना गर्ने, **तं** = ती, **ऋषिं** = ऋषिलाई, **प्रणिपत्य** = प्रणाम गरी, **अतिममत्वेन** = अत्यन्त ममता, **राज्यापहरेण च** = राज्य लुटिएको हुनाले पनि, **निर्विण्णः** = खिन्न भएका, **सः** = ती, **नराधिपः** = राजा, **सुरथः** = सुरथ, **सः** = ती, **वैश्यः च** = वैश्य पनि, **सद्यः** = तत्कालै, **तपसे** = तपस्याको लागि, **जगाम** = हिँडे ॥

**भावार्थ–**

यसप्रकार मेधा मुनिको वचन सुनी राजा सुरथले उत्तम व्रतधारी ती महाभाग्यशाली मुनिलाई प्रणाम गरे । उनी राज्य अपहरणको दुःख र त्यसप्रतिको अत्यन्त ममताद्वारा खिन्न थिए । हे क्रोष्टुकी मुनि ! यसप्रकार खिन्न भएका राजा र ती वैश्यसमेत तपस्या गर्न त्यहाँबाट हिँडे ॥

**संदर्शनार्थमम्बाया नदीपुलिनसंस्थितः ॥९॥**
**स च वैश्यस्तपस्तेपे देवीसूक्तं परं जपन् ।**

**सः** = ती, **वैश्यः च** = समाधि नामक वैश्य पनि, **अम्बायाः** = भगवतीको, **सन्दर्शनार्थं** =साक्षात्कारको निम्ति, **नदीपुलिनसंस्थितः** = नदीको तटमा बसी तपस्या गर्न थाल्यो, **परं** = उत्तम, **देवीसूक्तम्** = देवीको सूक्तको, **जपन्** = जप गर्दै, **तपः** =तपस्या, **तेपे** = गर्न थाले ॥

**भावार्थ–**

ती वैश्य पनि भगवतीको दर्शनका लागि देवीसूक्तको जप तथा तपस्या गर्दै नदीको तीरमा बसे ।

**तौ तस्मिन् पुलिने देव्याः कृत्वा मूर्तिं महीमयीम् ॥१०॥**
**अर्हणां चक्रतुस्तस्याः पुष्पधूपाग्निनतर्पणैः ।**
**निराहारौ यताहारौ तन्मनस्कौ समाहितौ ॥११॥**

**पदार्थ–**

**यताहारौ** = थोरै भोजन गरेर, **निराहारौ** = निराहार रहेर, **तन्मनस्कौ** = देवीमा नै चित्त लगाएर, **समाहितौ** = एकाग्र भएका, **तौ** = ती दुईले, **तस्मिन्** = त्यो, **पुलिने** = तटमा, **देव्याः** = भगवती देवीको, **महीमयीम्** = माटोको, **मूर्तिम्** = मूर्ति, **कृत्वा** = बनाएर, **पुष्पधूपाग्नितर्पणैः** = फूल, धूप एवं हवनद्वारा, **तस्याः** = तिनको, **अर्हणाम्** = आराधना, **चक्रतुः** = गर्न थाले ।

**भावार्थ–**

ती दुबैले त्यस नदीतटमा माटोको भगवतीको मूर्ति बनाई पुष्प, धूप एवं हवन आदिद्वारा उहाँको आराधना गर्न थाले । ती दुबैले पहिले थोरैथोरै आहार लिन्थे तर पछि निराहार रही केवल देवीमा मात्र मन लगाई अत्यन्त एकाग्रचित्त भई तल्लीन हुन थाले ॥

**ददतुस्तौ बलिं चैव निजगात्रासृगुक्षितम् ।**
**एवं समाराधयतोस्त्रिभिर्वर्षैर्यतात्मनोः ॥१२॥**
**परितुष्टा जगद्धात्री प्रत्यक्षं प्राह चण्डिका ॥१३॥**

**पदार्थ–**

**तौ** = ती दुईले, **निजगात्रासृगुक्षितम्** = आफ्नो शरीरको रगतले छर्किएको, **बलिं च** = बलि, **ददतुः** = दिए, **एव** = नै, **एवं** = यसप्रकार, **समाराधयतोः** = आराधना गरेका, **यतात्मनोः** = संयमी राजा र वैश्यको, **त्रिभिः** =तीन, **वर्षैः** = वर्षमा, **परितुष्टा** = सन्तुष्ट भएकी, **जगद्धात्री** = जगद्धारिणी, **चण्डिका** = भगवती देवीले, **प्रत्यक्षं** = प्रत्यक्ष भएर, **प्राह** = भन्नुभयो ॥

**भावार्थ–**

उनीहरूले आफ्नो शरीरको रगतद्वारा प्रोक्षण गरिएको बलि अर्पण गर्दथे । यसप्रकार एकाग्रचित्त भई लगातार तीन वर्षसम्म आराधना गरिरहेका ती दुबैमाथि प्रसन्न भई जगद्धात्री चण्डिका देवी प्रत्यक्ष प्रकट हुनुभयो र उहाँले भन्नुभयो ॥

*देव्युवाच ॥१४॥ देवीले भन्नुभयो ॥*

**यत्प्रार्थ्यते त्वया भूप त्वया त कुलनन्दन ।**
**मत्तस्तत्प्राप्यतां सर्वं परितुष्टा ददामि तत् ॥१५॥**

**पदार्थ–**

**भूप** = हे राजन् ! **त्वया** = तिमीले, **यत् प्रार्थ्यते** = जो वस्तुको इच्छा गऱ्यौ, **कुलनन्दन** = हे कुलभूषण वैश्य ! **त्वया** = तिमीले, **च** = पनि, **मत्तः** = मबाट, **तत्** = त्यो, **प्राप्यताम्** = माग, **परितुष्टा** = सन्तुष्ट भएकी, **तत्** = त्यो, **सर्वं** = सबै, **ददामि** = दिन्छु ॥

**भावार्थ–**

हे राजन् ! हे कुलदीपक समाधि वैश्य ! तिमीहरुदेखि प्रसन्न भएकी म तिमीहरू दुबैले जे प्रार्थना गर्छौं, त्यो सबै प्रदान गर्दछु । त्यसैले वर माग ॥

*मार्कण्डेय उवाच ॥१६॥ मार्कण्डेयले भने ॥*

**ततो वव्रे नृपो राज्यमविभ्रंश्यन्यजन्मनि ।**
**अत्रैव च निजं राज्यं हतशत्रुबलं बलात् ॥१७॥**

**पदार्थ–**

**ततः** = त्यसपछि, **नृपः** = राजाले, **अन्यजन्मनि** = अर्को जन्ममा, **अविभ्रंशि** = नष्ट नहुने, **राज्यं** = राज्य, **वव्रे** = मागे, **अत्र एव** = यहाँ चाहिँ, **बलात्** = बलपूर्वक, **हतशत्रुबलम्** = सेनाद्वारा शत्रुहरूलाई मारेको, **निजं** = आफ्नो, **राज्यं च** = राज्य पनि मागे ॥

**भावार्थ–**

त्यसपछि राजा सुरथले यसै जन्ममा आफ्ना शत्रुहरूको सम्पूर्ण बललाई परास्त गरी फेरि राज्य प्राप्त गर्ने र अर्को जन्ममा चाहिँ नष्ट नहुने निष्कण्टक राज्य प्राप्त गर्ने वर मागे ॥

**सोऽपि वैश्यस्ततो ज्ञानं वव्रे निर्विण्णमानसः ।**
**ममेत्यहमिति प्राज्ञः सङ्गविच्युतिकारकम् ॥१८॥**

**पदार्थ–**

**सः** = ती, **निर्विण्णमानसः** = संसारबाट विरक्तिएका, **प्राज्ञः** = बुद्धिमान्, **वैश्यः अपि** = वैश्य समाधिले, **मम इति**= मेरो र, **अहम् इति** = अहंरूप, **सङ्गविच्युतिकारकम्** = आसक्तिको नाश गर्ने, **ज्ञानम्** = ज्ञान, **वव्रे** = वर मागे ॥

**भावार्थ–**

वैश्यको चित्तचाहिँ संसारबाट विरक्त भइसकेको थियो, त्यसैले उनले अहंता र ममतारूपी आसक्तिको नाश गर्ने तत्त्वज्ञान मागे ॥

**विवरण–**

यस प्रसङ्गमा समाधि वैश्यले भगवतीसँग ज्ञानको याचना गरेका छन् । संसारबन्धनबाट मुक्तिका लागि ज्ञान नै एकमात्र साधन हो । घर छाड्दैमा, या परिवार सम्पत्ति आदिको त्याग गर्दैमा यो बन्धन छुट्दैन, किनभने संसार भनेको बाहिरी सम्पत्ति, जमिन आदि नभई तिनीहरूमा गरिने आसक्ति या मोह हो । प्राणीहरू पुत्र, परिवार आदिसँग त हरेक शरीरको मृत्युपिच्छे नै छुट्दछन्, तर यसले उनीहरूबाट संसारप्रतिको मोह छुटेको हुँदैन । आत्माको यथार्थ स्वरूपलाई न जान्नाले नै मोह हुन्छ । त्यसैलाई नाश गर्न केवल ज्ञानमात्र समर्थ छ । यसैले वेदमा भनिएको छ– **नान्यः पन्था विद्यतेऽयनाय** अर्थात् मोक्षको लागि यो ज्ञानभन्दा अर्को बाटो छैन । यो कुरा बुझेकाले वैश्यलाई यहाँ **प्राज्ञः** भनिएको छ । ***प्रकर्षेण जानाति इति प्रज्ञः प्रज्ञ एव प्राज्ञः*** अर्थात् जसले संसारको दुःखमयता अनि आत्मज्ञानको महत्त्व बुझेको छ उसैलाई प्राज्ञ भनिन्छ । यद्यपि प्राज्ञ शब्दले सीधै आत्मज्ञानीलाई बुझाँउछ, तर आत्म( ज्ञानको इच्छा गर्ने भएकाले मुमुक्षु समाधिमा पनि यो शब्दको प्रयोग भएको हो ।

वैश्यले **सङ्गविच्युतिकारकम्** अर्थात् आसक्तिलाई समूल नष्ट गर्ने ज्ञान मागे । आसक्तिको स्वरूप बताउँदै यहाँ भनिएको छ– **मम इति अहमिति** अर्थात् आसक्तिका दुई रूप छन्– एउटा ममता र अर्को अहंता । **अस्वीये स्वीयाभिमानः ममत्वम्** अर्थात् जो आफ्ना होइनन् तिनमा आफ्नो भन्ने भाव राख्नु ममता हो । ***अनात्मनि आत्माभिमानः अहन्ता*** अर्थात् जो आत्मा होइन त्यसमा आत्मा भन्ने भाव राख्नु अहन्ता हो । शरीर आफू होइन, किनकि शरीर को जन्म-मृत्यु अनि अनेक अवस्थापरिवर्तनको साक्षी आत्मा शरीरदेखिअ( लग हो । देवता, मानिस, पशुपक्षी आदि अनेक शरीरहरूको उत्पत्ति भएपिच्छे अज्ञानी जीवले आफूलाई त्यही-त्यही शरीर रूप मान्दछ । तर बारम्बार परि वर्तन भइरहने ती शरीरहरू उसका स्वरूप हुन कसरी सक्दछन् ? शरीरका अने अवस्थाहरू हुन्छन्–बाल्यावस्था, युवावस्था, वृद्धावस्था आदि । यी सबै परि वर्तनमा पनि व्यक्तिले आफू कुनै नयाँ रूपमा भएको अनुभव गर्दैन । अपि तु जुन म सानो बच्चा थिएँ, त्यही म ठूलो भएको र बुढो भएको हूँ भनी आफूलाई

सधैँ एकरूपमा अनुभव गर्दछ। विचार गरेर हेर्दा यो अनुभवले शरीरको परिवर्तन हुँदा पनि आत्माको परिवर्तन हुँदो रहेनछ भन्ने सिकाइरहेको छ। अरु प्रतिदिनका ती अवस्थाको अनुभवले पनि प्राणीहरूलाई आफू शरीर नभएको शिक्षा दिइरहेको छ। हरेक दिन जीवनका तीन अवस्थाहरू हुन्छन् जसलाई शास्त्रमा जाग्रत्, स्वप्न र सुषुप्ति भनिन्छ। जाग्रत् भनेको इन्द्रियहरूद्वारा स्थूल विषयको भोग गरिहेको अवस्था हो। प्राणीहरूको सारा लोकव्यवहार यही अवस्थामा चल्दछ। यस बेलामा उनीहरू स्थूल शरीरले युक्त हुन्छन्, स्थूल पदार्थको भोग गर्दछन् र आफूलाई साढेँ तीन हातको शरीरको रूपमा ग्रहण गर्दछन्। योभन्दा अर्को अवस्था हो स्वप्नावस्था। यस बेलामा प्राणीहरू स्थूल शरीरमा न भई वासनामय शरीरमा नै आत्मबुद्धि गर्दछन्। यो बेलामा उनका बाहिरी इन्द्रियहरू केही काम गर्दैनन्, सबै कुराहरूको अनुभव मनमा नै हुन्छ। यसप्रकार स्वप्नावस्थामा प्राणीहरू सूक्ष्म संसार र सूक्ष्म शरीरमा हुन्छन्। कुनै पनि सपना नदेखी गाढा निदाएको अवस्था चाहिँ सुषुप्ति अवस्था हो। यस बेलामा प्राणीहरूलाई स्थूल-सूक्ष्म शरीर र संसारको बोध हुँदैन। उनीहरू केवल सुखपूर्वक सुतिरहेका हुन्छन् र यसबाट जागिसकेपछि मलाई क्या मीठो निद्रा लाग्यो भन्दछन्। यसबाट उनीहरूलाई त्यसबेला आफू आनन्दसँग निदाएको भान थियो, अरु केहीको ज्ञान थिएन भन्ने थाहा हुन्छ। यसप्रकार तीनै अवस्थाहरूमा प्राणीहरूको आत्मबोध भासित भएको हुन्छ तर जाग्रत् अवस्थामा स्थूल शरीरमा आत्मबुद्धि भए पनि, स्वप्नावस्थामा वासनामय शरीरमा आत्मबुद्धि भए तापनि अनि सुषुप्ति अवस्थामा गाढा निद्रामा लीन भए तापनि प्राणीहरूले आफू छुट्टै भएको या फेरिएको अनुभव गरेका छैनन्। जाग्रत् अवस्थामा आत्मरूपले जानिने स्थूल शरीर स्वप्न अवस्थामा छैन, त्यहाँ त वासनामय अर्कै शरीर छ, तर आत्मा भने उही छ। यसै गरी सुषुप्ति अवस्था र जाग्रत्को आत्मा पनि एउटै छ। शरीरको परिवर्तन हुँदा पनि आत्मा परिवर्तित नहुने यो अनुभवले प्राणीहरूलाई आत्मा शरीर भन्दा भिन्न हो र उसको तीनै अवस्थासँग पनि सम्बन्ध छैन भन्ने देखाइरहेको छ। यति हुँदाहुँदै पनि प्राणीहरू मोहवश आफूलाई शरीर नै भन्ने ठान्दछन्। यसरी आत्मभिन्न शरीरमा आत्मबुद्धि गर्नु यही अहन्ता हो र यही नै सबैभन्दा

ठुलो बन्धन हो ।

ममता भनेको चाहिँ शरीरलाई आफू भनेर त्योसँग सम्बन्धित भएका पदार्थहरूमा मेरो भन्ने भाव गर्नु हो । जब शरीर नै आफू होइन भने शरीरसँग सम्बन्धित वस्तु आफ्ना हुने कुरै आएन । यसरी अहन्ता र ममता केवल भ्रममात्र भएको थाहा हुन्छ । समाधिले भगवतीसँग त्यही भ्रमलाई नष्ट गर्ने यथार्थ ज्ञान मागेका हुन् । यद्यपि ज्ञानका लागि वैराग्यपूर्वक गुरुको शरणमा गई उपनिषद् शास्त्रको श्रवण, मनन र निदिध्यासन गर्नुपर्दछ, तर भगवतीको कृपा भयो भने सिधै पनि ज्ञान हुन सक्दछ । ज्ञान चाहने आफ्नो भक्तहरूलाई भगवान् आफैँले अज्ञान नष्ट गरिदिनुहुन्छ भनी गीताको दशौँ अध्यायमा भनिएको छ । चित्तको वृत्तिले साक्षी आत्मालाई मात्र ग्रहण गर्नु नै आत्मज्ञान हो चित्तवृत्तिलाई बाहिर-भित्र सबैतिर प्रेरित गर्ने अन्तर्यामी तत्त्व भगवती स्वयं हुनुहुन्छ । भगवती प्रसन्न भई चित्तवृत्तिलाई आत्मातिर नै प्रेरित गरिदिनु हुन्छ । समाधिले आफ्नो बलले चित्तलाई आत्माकार गर्न नसकेकाले उनले यसका लागि भगवतीको सहारा लिएको बुझिन्छ ।

ज्ञानका लागि वैराग्य अनिवार्य साधन हो । यहाँ समाधि वैश्यभित्र पूरा वैराग्य थियो भन्ने जनाउन **निर्विण्णमानसः** यो पद आएको छ । ***निर्विण्णं-निर्वेदयुक्तं मानसं यस्य सः*** अर्थात् उनको मन वैराग्यले युक्त थियो । संसार बाट वैराग्य भएको व्यक्तिले तत्त्वज्ञानवाहेक अर्को कुनै पनि कुरा माग्दैन किनभने उसलाई कुनै पनि वस्तुमा आसक्ति हुँदैन । रागी व्यक्तिचाहिँ अद्वैत आत्मतत्त्वलाई पाउन डराउँछ किनभने उसलाई आफ्नो भोग छुट्ने डर हुन्छ । त्यसैले समाधिले वैराग्यकै कारण ज्ञान मागेका हुन् भन्ने स्पष्ट हुन्छ । वैराग्यको पनि कारण विवेक हो । आत्मा र अनात्मालाई छुट्याई यिनको विचार-विश्लेषण गर्नु नै विवेक हो । संसारको दुःखमयता, अनित्यता आदिलाई विचार गरेपछि नै वैराग्य हुन्छ । यसैले उपनिषद्मा भनिन्छ–**परीक्ष्य लोकान् कर्मचितान् ब्राह्मणो निर्वेदमायात्** (मु.उ.,१/२/१२)अर्थात् कर्मबाट प्राप्त हुने यो लोक र परलोकका पदार्थहरू अनित्य छन् भन्ने निश्चय गरेर व्यक्तिले वैराग्य लिनू । समाधिमा पनि संसार दुःखमय छ भन्ने निश्चय थियो भन्ने कुरा प्राज्ञ विशेषणले बताउँछ । यसरी समाधिले संसारको अनित्यताको निश्चय

गरेकाले उनमा वैराग्य आयो र उनले ज्ञान प्राप्त गरेका हुन् भन्ने बुझिन्छ ।

यहाँ समाधि र सुरथले यौटै भगवतीबाट राज्य र मोक्ष दुई थरी फल पाएका छन् । यिनीहरूले यौटै ऋषिको उपदेश सुनी यौटै भगवतीको एकसाथ उपासना गरेका थिए । उनीहरूको उपासनाविधि पनि यौटै थियो अनि समय पनि उत्ति नै लागेको थियो तर पनि त्यसको फलमा भिन्नता भयो । समाधिले भगवतीको उपासनाबाट अविनाशी सुखस्वरूप आत्मालाई पाए, जसलाई शास्त्रहरूमा ब्राह्मी स्थिति या परम पदको प्राप्ति भनिन्छ । सुरथले चाहिँ र ाज्यभोगको फल पाए । यो उनीहरूको योग्यताअनुसार भएको थियो । सुरथ र ाजामा वैराग्य थिएन, उनी आफ्नो राज्यलाई शत्रुहरूले अपहरण गरेर लगेकोमा अत्यन्त दुःखी थिए । आफ्ना मनपर्ने हात्ती घोडाको चिन्ताले युक्त थिए । मूल कुरा के भने उनलाई संसारबाट वैराग्य भएको थिएन, उनलाई शत्रुहरू र मन्त्रीहरूले दुःख दिए पनि परिवारका सदस्यहरूले धोका दिएका थिएनन् । उनका लागि संसारमा आसक्ति गर्नुपर्ने वस्तुहरू अझैं बाँकी थिए । उनी आफ्ना परिवार रहितैषीसँग मिली आफ्नो राज्य फेरि भोग्ने विचारमा थिए । उनलाई सांसारिक भोगको अनित्यत्व बोध भएको थिएन । यसैले विवेकको अभावमावैराग्य नभएकाले ज्ञानमा अधिकार र रुचि पनि थिएन । भगवतीको दर्शन गरिसक्दा पनि सांसारिक आसक्तिका कारण उनका पूवसंस्कारहरू बाँकी थिए । समाधि वैश्यलाई भने उनका परिवारले नै धोका दिएकोले उनको संसार मा आसक्ति गर्नुपर्ने पनि बाँकी थिएन । यद्यपि समाधिमा पनि पहिले परि वारप्रतिको आसक्ति थियो, तर ऋषिको सन्निधिमा बसी उनले जति विचार गरे त्यति उनको मोहमा कमी आउँदै गयो र संसारका वस्तुहरूमा मरिमेटेर प्रेम गर्नु बेकार रहेको बोध हुँदै गयो । व्यक्तिले आफ्ना परिवारका लागि भनेर मरिमेटी गरेर द्रव्यसञ्चय गरेको हुन्छ । संसारको भोग पनि परिवारकै उद्देश्यले हुन्छ । जब परिवारले पनि निकालिदिए भने सम्पत्ति र भोगको के प्रयोजन ? अनि स्वार्थी सम्बन्धमा आसक्ति गर्नुको के अर्थ ? यस्तै कुरा बुझेका समाधिले जगत्का सबै सुखहरू अस्थायी र दुःखदायी हुने थाहा पाए । यसरी उनमा वैराग्ययात्रा सुरु भयो । समाधिलाई परिवारले धोका दिएको उनका लागि कल्याणकारक भयो । त्यसैले आसक्ति एवं बन्धनका

कारण हुने पुत्र, परिवार भन्दा धोका या दुःख दिई वैराग्यको कारण हुने परिवार नै कल्याणकारक हुन्छन् भन्ने सत्पुरुषहरूको भनाइ छ। आसक्तिका कारण व्यक्ति परम पुरुषार्थबाट च्युत हुन्छ र संसारबन्धनमा पर्दछ। जसरी सुरथ राजा राज्यभोगमा आसक्त हुनाले साक्षात् मोक्षदात्री भगवतीको दर्शन पाएर पनि मोक्षबाट वञ्चित भए। मोक्ष सुखको अपेक्षा राज्यभोगको सुख अलिकति पनि महत्त्वको छैन, किनकि राज्यसुख विनाशी छ। दुःखबाट मिश्रित छ र थोरै छ। मोक्ष चाहिँ परम आनन्दमय छ र अविनाशी छ। तर राजाले मोहको कारणले त्यही प्राप्त गर्नुलाई पुरुषार्थ सम्झिए। अयथार्थ वस्तुको आसक्तिले यथार्थ वस्तुलाई छुटाइदिनु नै हो। तर यहाँ राजाको मोहले यही काम गरेको देखिन्छ। वैश्यले चाहिँ आसक्तिशून्य भएकाले भगवतीबाट कालको प्रभावले नष्ट नहुने अविनाशी ज्ञान मागे। यसरी आसक्तिले व्यक्तिलाई कसरी मोक्ष मार्गबाट विचलित बनाउँछ भन्ने राम्रो दृष्टान्त यहाँ प्रस्तुत भएको छ।

*देव्युवाच ॥१९॥ देवीले भन्नुभयो ॥*

**स्वल्पैरहोभिर्नृपते स्वं राज्यं प्राप्स्यते भवान् ॥२०॥**
**हत्वा रिपूनस्खलितं तव तत्र भविष्यति ॥२१॥**

**पदार्थ–**

**नृपते** = हे राजन् ! **भवान्** = हजुर, **स्वल्पैः** = छोटो, **अहोभिः** = दिनमा नै, **रिपून्** = शत्रुहरूलाई, **हत्वा** = मारेर, **स्वं** = आफ्नो, **राज्यं** = राज्य, **प्राप्स्यते** = प्राप्त गर्नेछौ, **तत्र** = त्यहाँ, **तव** = तिम्रो राज्य, **अस्खलितम्** = स्थिर, **भविष्यति** = हुनेछ ॥

**भावार्थ–**

हे राजन् ! केहीदिनभित्रमै तिमीले आफ्ना सारा शत्रुहरूलाई विनष्ट गरी पहिलेकै राज्य प्राप्त गर्नेछौ र त्यहाँ तिम्रो राज्य स्थिर रहनेछ ॥

**मृतश्च भूयः सम्प्राप्य जन्म देवाद्विवस्वतः ॥२२॥**
**सावर्णिको नाम मनुर्भवान् भुवि भविष्यति ॥२३॥**

**पदार्थ–**

**मृतः** = मरेपछि, **भूयः च** = फेरि पनि, **भवान्** = तिमी, **विवश्वतः** = सूर्य, **देवात्** = देवताबाट, **जन्म** = जन्म, **सम्प्राप्य** = पाएर, **भुवि** = पृथिवीमा,

**सावर्णिकः** = सावर्णिक, **नाम** = नामका, **मनुः** = मनु, **भविष्यति** = हुनेछौ ॥

**भावार्थ–**

मृत्युपछि तिमी भगवान् सूर्यको अंशद्वारा पुनर्जन्म धारण गर्नेछौ र संसारभर सावर्णिक मनु भनी प्रख्यात हुनेछौ ॥

**वैश्यवर्य त्वया यश्च वरोऽस्मत्तोऽभिवाञ्छितः ॥२४॥**
**तं प्रयच्छामि संसिद्ध्यै तव ज्ञानं भविष्यति । २५॥**

**पदार्थ–**

**वैश्यवर्य** = हे वैश्यवर ! **त्वया च** = तिमीले, **अस्मत्तः** = मबाट, **यः** = जो, **वरः**= वर, **अभिवाञ्छितः** = चाहेका छौ, **तं** = त्यो, **प्रयच्छामि** = दिन्छु, **तव** = तिम्रो, **संसिद्ध्यै** = मुक्तिको लागि, **ज्ञानं** = ज्ञान, **भविष्यति** = हुनेछ ॥

**भावार्थ–**

हे श्रेष्ठ वैश्य ! तिमीले मबाट जुन वर चाहेका छौ, त्यो हजुरलाई प्रदान गर्दछु । हजुरलाई मोक्षको साधन भएको तत्त्वज्ञान प्राप्त हुनेछ ॥

*मार्कण्डेय उवाच ॥२६॥ मार्कण्डेयले भने ॥*

**इति दत्त्वा तयोर्देवी यथाभिलषितं वरम् ॥२७॥**
**बभूवान्तर्हिता सद्यो भक्त्या ताभ्यामभिष्टुता ।**
**एवं देव्या वरं लब्ध्वा सुरथः क्षत्रियार्षभः ॥२८॥**
**सूर्याज्जन्म समासाद्य सावर्णिर्भविता मनुः ॥२९॥**
**एवं देव्या वरं लब्ध्वा सुरथः क्षत्रियार्षभः ।**
**सूर्याज्जन्म समासाद्य सावर्णिर्भविता मनुः ॥ क्लीं ॐ॥**

**पदार्थ–**

**इति** = यसप्रकार, **तयोः** = ती दुईलाई, **सद्यः** = तत्कालै, **यथाभिलषितम्** = चाहेअनुसार, **वरम्** = वर, **दत्वा** = दिएर, **ताभ्यां** = ती दुईले, **भक्त्या** = भक्तिपूर्वक, **अभिष्टुता** = स्तुति गरिएकी, **देवी** = भगवती, **अन्तर्हिता** = अन्तर्ध्यान, **बभूव** = हुनुभयो । **एवं** = यसप्रकार, **देव्याः** = भगवती देवीबाट, **वरं** = वर, **लब्ध्वा** = पाएर, **क्षत्रियर्षभः** = क्षत्रियहरूमा श्रेष्ठ, **सुरथः** = सुरथ राजा, **सूर्यात्** = सूर्यबाट, **जन्म** = जन्म, **समासाद्य** = लिएर, **सावर्णिः** =

सावर्णि नामक, **मनुः** = मनु, **भविता** = हुनेछन् ॥

**भावार्थ-**

यसप्रकार सुरथ र समाधि दुबैलाई मनोवाञ्छित वर प्रदान गरेपछि ती दुबैले भगवतीको भक्तिपूर्वक स्तुति गरे । त्यसपछि भगवती पनि तत्काल त्यहाँबाट अन्तर्धान हुनुभयो । यसप्रकार क्षेत्रियश्रेष्ठ राजा सुरथले देवीबाट वर पाएकाले अर्कोपटक उनी सूर्यबाट नै जन्म लिई सावर्णि नामका मनु हुनेछन् ॥

॥ इति मार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये सुरथवैश्ययोर्वरप्रदानं नाम त्रयोदशोऽध्यायः ॥१३॥

उवाच ६, अर्धश्लोकाः ११, श्लोकाः १२, एवम् २९ ॥ एवमादितः ७००॥

समस्ता उवाचमन्त्राः ५७, अर्धश्लोकाः ४२, श्लोकाः ५३५, अवदानानि ॥६६॥

# अथ नवार्णप्रयोगविधिः

श्रीगणपतिर्जयति । ॐ अस्य श्रीनवार्णमन्त्रस्य ब्रह्मविष्णुरुद्रा ऋषयः, गायत्र्युष्णिगनुष्टुभश्छन्दांसि, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वत्यो देवताः, ऐं बीजम्, ह्रीं शक्तिः, क्लीं कीलकम्, श्रीमहाकालीमहालक्ष्मीमहासरस्वतीप्रीत्यर्थे जपे विनियोगः ।

## ऋष्यादिन्यासः

ब्रह्मविष्णुरुद्रऋषिभ्यो नमः–शिरसि । गायत्र्युष्णिगनुष्टुप्छन्दोभ्यो नमः– मुखे । महाकालीमहालक्ष्मीमहासरस्वतीदेवताभ्यो नमः– हृदि । ऐं बीजाय नमः– गुह्ये । ह्रीं शक्तये नमः–पादयोः । क्लीं कीलकाय नमः–नाभौ ।

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे –इति मूलेन करौ संशोध्य–

## अथ करन्यासः

ॐ ऐं अङ्गुष्ठाभ्यां नमः । ॐ ह्रीं तर्जनीभ्यां नमः । ॐ क्लीं मध्यमाभ्यां नमः । ॐ चामुण्डायै अनामिकाभ्यां नमः । ॐ विच्चे कनिष्ठिकाभ्यां नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे करतलकरपृष्ठाभ्यां नमः ।

## अथ हृदयादिन्यासः

ॐ ऐं हृदयाय नमः । ॐ ह्रीं शिरसे स्वाहा । ॐ क्लीं शिखायै वषट् । ॐ चामुण्डायै कवचाय हुम् । ॐ विच्चे नेत्रत्रयाय वौषट् । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे अस्त्राय फट् ।

## अथ अक्षरन्यासः

ॐ ऐं नमः–शिखायाम् । ॐ ह्रीं नमः–दक्षिणनेत्रे । ॐ क्लीं नमः– वामनेत्रे । ॐ चां नमः –दक्षिणकर्णे । ॐ मुं नमः–वामकर्णे ।ॐ डां नमः–दक्षिणनासापुटे । ॐ यैं नमः–वामनासापुटे । ॐ विं नमः–मुखे । ॐ च्चें नमः–गुह्ये ।

एवं विन्यस्याष्टवारं मूलेन व्यापक[1] कुर्यात् ।

## अथ दिङ्न्यासः

ॐ ऐं प्राच्यै नमः ।ॐ ऐं आग्नेय्यै नमः ।ॐ ह्रीं दक्षिणायै नमः । ॐ ह्रीं नैर्ऋत्यै नमः । ॐ क्लीं प्रतीच्यै नमः । ॐ क्लीं वायव्यै नमः । ॐ चामुण्डायै उदीच्यै नमः । ॐ चामुण्डायै ऐशान्यै नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ऊर्ध्वायै नमः ।

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे भूम्यै नमः ।

---

१ व्यापक = मूलमन्त्रद्वारा दुवै हातले शिरदेखि पाउसम्मका अङ्गहरूलाई ८ पटक स्पर्श गर्नु

## अथ ध्यानम्

खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः
शङ्खं संदधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकां
यामस्तौस्त्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥ १ ॥

अक्षस्रक्परशुं गदेषुकुलिशं पद्मं धनुष्कुण्डिकां
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ।
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननां
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥ २ ॥

घण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ।
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥ ३ ॥

**ऐं ह्रीं अक्षमालिकायै नमः** इति मन्त्रेण मालां सम्पूज्य प्रार्थयेत्–

ॐ मां माले महामाये सर्वशक्तिस्वरूपिणि ।
चतुर्वर्गस्त्वयि न्यस्तस्तस्मान्मे सिद्धिदा भव ॥
अविघ्नं कुरु माले त्वं गृह्णामि दक्षिणे करे ।
जपकाले च सिद्ध्यर्थं प्रसीद मम सिद्धये ॥

**ॐ अक्षमालाधिपतये सुसिद्धिं देहि देहि सर्वमन्त्रार्थसाधिनि साधय साधय सर्वसिद्धिं परिकल्पय परिकल्पय मे स्वाहा ।**

तदनन्तरम्–

**ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे** इति मन्त्रस्याष्टोत्तरशत(१०८)जपं कृत्वा–

**गुह्यातिगुह्यगोप्त्री त्वं गृहाणास्मत्कृतं जपम् ।**
**सिद्धिर्भवतु मे देवि त्वत्प्रसादान्महेश्वरि ॥**

इति मन्त्रं पठित्वा देव्या वामहस्ते जपं निवेदयत् ।

## करन्यासः

**ॐ ह्रीं अङ्गुष्ठाभ्यां नमः । ॐ चं तर्जनीभ्यां नमः । ॐ डिं मध्यमाभ्यां नमः । ॐ कां अनामिकाभ्यां नमः । ॐ यैं कनिष्ठिकाभ्यां नमः । ॐ ह्रीं करतलकरपृष्ठाभ्यां नमः ।**

## अथ हृदयादिन्यासः

ॐ खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ।
शङ्खिनी चापिनी बाणभुशुयडीपरिघायुधा ॥ **हृदयाय नमः** ॥
ॐ शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिःस्वनेन च ॥ **शिरसे स्वाहा** ।
ॐ प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ॥ **शिखायै वषट्** ।
ॐ सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते ।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम् ॥ **कवचाय हुम्** ।
ॐ खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥ **नेत्रत्रयाय वौषट्** ॥
ॐ सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ॥ **अस्त्राय फट्** ॥

## अथ ध्यानम्

ॐ विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणां
कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम् ।
हस्तैश्चक्रदासिखेटविशिखांश्चापं गुणं तर्जनीं
बिभ्राणमनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे ॥

ततो वेदतन्त्रोक्तदेवीसूक्तं जप्त्वा रहस्यत्रयं पठेत् ।

## ऋग्वेदोक्तं देवीसूक्तम्

ॐ अहमित्यतष्टचर्यस्य सूक्तस्य वागाम्भृणी ऋषिः, सच्चित्सुखात्मकः सर्वगतः परमात्मा देवता, द्वितीयाया ऋचो जगती, शिष्टानां त्रिष्टुप् छन्दः, देवीमाहात्म्यपाठे विनियोगः

## अथ ध्यानम्

**सिंहस्था शशिशेखरा मकरतप्रख्यैश्चतुर्भिर्भुजैः**
**शङ्खं चक्रधनुःशरांश्च दधती नेत्रैस्त्रिभिः शोभिता ।**
**आमुक्ताङ्गदहारकङ्कणरणत्काञ्चीरणन्नूपुरा**
**दुर्गा दुर्गतिहारिणी भवतु नो रत्नोल्लसत्कुण्डला ॥**

# देवीसूक्तम्

ॐ अहं रुद्रेभिर्वसुभिश्चराम्यहमादित्यैरुत विश्वदेवैः ।
अहं मित्रावरुणोभा बिभर्म्यहमिन्द्राग्नी अहमश्विनोभा ॥१॥
अहं सोममाहनसं बिभर्म्यहं त्वष्टारमुत पूषणं भगम् ।
अहं दधामि द्रविणं हविष्मते सुप्राव्ये यजमानाय सुन्वते ॥२॥
अहं राष्ट्री संगमनी वसूनां चिकितुषी प्रथमा यज्ञियानाम् ।
तां मा देवा व्यदधुः पुरुत्रा भूरिस्थात्रां भूर्य्यावशेयन्तीम् ॥३॥
मया सो अन्नमत्ति यो विपश्यति यः प्राणिति य ईं शृणोत्युक्तम् ।
अमन्तवो मां त उप क्षियन्ति श्रुधि श्रुत श्रद्धिवं ते वदामि ॥४॥
अहमेव स्वयमिदं वदामि जुष्टं देवेभिरुत मानुषेभिः ।
यं कामये तं तमुग्रं कृणोमि तं ब्रह्माणं तमृषिं तं सुमेधाम् ॥५॥
अहं रुद्राय धनुरा तनोमि ब्रह्मद्विषे शरवे हन्तवा उ ।
अहं जनाय समदं कृणोम्यहं द्यावापृथिवी आ विवेश ॥६॥
अहं सुवे पितरमस्य मूर्धन्मम योनिरप्स्वन्तः समुद्रे ।
ततो वि तिष्ठे भुवनानु विश्वोतामूं द्यां वर्ष्मणोप स्पृशामि ॥७॥
अहमेव वात इव प्रवाम्यारभमाणा भुवनानि विश्वा ।
परो दिवा पर एना पृथिव्यैतावती महिना संबभूव ॥८॥

---

**विवरण**

देवीसूक्तमा सर्वरूप आत्मतत्त्वको वर्णन गरिएको छ । संसारका सम्पूर्ण पदार्थहरूको रूपमा एउटै आत्मतत्त्व प्रकट भएको हो भन्ने सम्पूर्ण शास्त्रहरूको निष्कर्ष छ तर यही कुरा आफ्नो अनुभवमा उत्रियो भने यसले व्यक्तिमा नयाँ चेतना र आत्मबलको जन्म दिन्छ । आफूलाई सर्व रूपमा अनुभव गर्ने व्यक्ति अनन्त प्रसन्नताले भरिएको हुन्छ । साँढे तीन हातको शरीरमा सीमित रूपमा आत्म अनुभव गर्ने उसको आत्मबोध अब यति फराकिलो भएको छ कि, त्यो स्वयं उसकै विचार को परिधिमा पनि आउँदैन । यो अनन्त आनन्द उसको मनभित्र न अटाएपछि उसले सबै इन्द्रिय आदिको माध्यमले यसलाई प्रकट गर्दछ । आत्मज्ञहरूले आफ्नो अनन्त स्वरूपलाई आनन्दका साथ वर्णन गरेका सूक्तिहरू वेद उपनिषद् आदिमा जतातत पाइन्छन् । आफ्नै अनन्त अस्तित्वको बोध बिजुली चम्किएझैं कुन बेला आफूभित्र

प्रकाशित हुन्छ भन्न सकिन्न । ऋषि वामदेवलाई माताको गर्भभित्रै रहँदा यो ज्ञानालोक प्राप्त भएछ अनि उनले अरु बाहिरी ऋषिहरूलाई त्यहीँ भित्रबाट उपदेश गरेका भन्ने प्रसङ्ग बृहदारण्यकोपनिषद्मा आउँछ। आत्मज्ञले गर्ने यो आत्मानन्दको वर्णनलाई गीत भनिएको छ, किनकि गीत भनेको प्रसन्न भावावस्थामा मनभित्रबाट निस्कने शब्द हो । तैत्तिरीयोपनिषद्मा एउटा ब्रह्मज्ञानीले गरेको सामगान यसप्रकार बताइएको छ–हा३वु, हा ३वु, हा३वु, अहमन्नम्, अहमन्नादः(तै.उ.३/१०/५-६) अर्थात् अहो ! आश्चर्य छ, अत्यन्त आश्चर्य छ कि म नै संसारभरिका अन्न अर्थात् भोग्य पदार्थ अनि अन्नाद अर्थात् भोक्ताको रूपमा रहेको छु। यसरी आत्मज्ञहरूको गीत शास्त्रमा प्रसिद्ध छ।

देवीसूक्तमा यही सर्वस्वरूप आत्मतत्त्वको वर्णन गरिएको छ। यो ऋग्वेदको दसौँ मण्डल दसौँ अध्यायको एकसय पच्चीसौँ सूक्त हो । यसलाई यहाँ वागाम्भृणी सूक्त भनिएको छ। वाक् नाम गरेकी ऋषिका/ऋषिपुत्री हुन्छिन् । अम्भृण ऋषिकी पुत्री भएकीले उनलाई आम्भृणी भनिन्छ। ती ऋषिकाले एकदिन अकस्मात् आफ्नो अनन्त सत्ताको प्रत्यक्ष अनुभव गर्दछिन् । नाशवान् सानो शरीरमा आत्मबुद्धि गरिरहेको बेलामा आफ्नो अनन्त जन्म-मृत्यहीन परम आनन्दमय अस्तित्वको प्रकाश भएपछि उनले त्यो आत्मानुभवलाई गाउँछिन्। यद्यपि आत्मतत्त्वको अनुभव शब्दमा प्रकट हुँदैन, तर जगत्को एकमात्र चैतन्य भगवती तत्त्वसँग अभेद भएको बेलामा उनका मुखबाट जे शब्द निस्किए त्यसलाई नै वागाम्भृणी सूक्त भनिएको हो। देव्यथर्वशीर्षमा पनि यहाँकै समान पदावलीले भगवतीको स्वरूप प्रतिपादन गरिएको छ। अथर्वशीर्षमा आत्ममहिमालाई बताउने स्वयं देवी छिन् र यहाँ आत्ममहिमाको ज्ञान गर्ने ऋषिपुत्री वाक् । दुबैको आत्मप्रतिपादन उस्तै छ, त्यसैले यो सूक्तलाई देवीसूक्त भनिएको हो । हरेक वैदिक सूक्तका ऋषि र देवताहरू हुन्छन् । ऋषि भनेका मन्त्रद्रष्टा हुन्, अनि देवता भनेका चाहिँ त्यो मन्त्रद्वारा जसको स्तुति गरिएको छ या प्रतिपादन गरिएको छ ती उपास्य हुन्। देवीसूक्तका देवता हुन्–सचित् सुखात्मकः सर्वगतः परमात्मा अर्थात् यहाँ सच्चिदानन्दरूप सर्वव्यापक आत्मतत्त्व नै देवता हो। यहाँ ऋषिका वाक्ले अहम् अर्थात् म भनेर नै आत्मतत्त्वको वर्णन गरेकी छिन् । यसको अर्थ यो सूक्तमा स्तुति गरिएको देवता स्वयं वाक् नै हुन्, उनीभन्दा भिन्न अर्का कुनै उपास्य होइनन् भन्ने हुन्छ। आफैँले आफैँलाई स्तुति गर्नु असम्भव भए पनि जब आत्मज्ञानद्वारा सीमित अहं परमात्मरूपमा प्रकाशित हुन्छ, तब त्यो परमात्मरूप अहंको स्तुति गर्न सकिन्छ । तन्त्रशास्त्रमा यसलाई पूर्णाहन्ताको प्राप्ति भनिन्छ। पूर्णाहन्ता भनेको सर्वरूप परमात्मा शिवले अहं भनी आफूलाई जुन रूपमा अनुभव गर्दछन् त्यही तहको अनुभव हो । जीवले पूर्ण

अहंको रूपमा आत्मानुभव गर्नु नै परम पुरुषार्थ हो भनिएको छ ।

यहाँ ब्रह्मरूपा भगवतीसँग अभिन्न भएकी ऋषिका वाक्ले **अहं रुद्रेभिःवसुभिःचरामि** अर्थात् म नै रुद्र हुँ र वसुहरूसँग साथमा हिँड्छु भनेकी छिन् । यसको अर्थ रुद्र, वसु, आदित्य, विश्वेदेव आदि देवताहरूको आत्मरूपमा म छु र ती-ती देवताहरूको रूपले सबैतिर विचरण गर्ने म नै हुँ भन्ने हो । मित्रावरुण, अश्विनीकुमार अनि इन्द्र-अग्निलाई पनि **अहं बिभर्मि** अर्थात् म नै धारण गर्दछु भनी बताएकी छिन् । यहाँ देवताहरूको उपलक्षणद्वारा सम्पूर्ण जगत्को ग्रहण गरिएको हो । सम्पूर्ण जगत्लाई भगवतीले धारण गर्नुहुन्छ भन्नुको अर्थ सम्पूर्ण जगत् भगवतीमा अध्यस्त छ र उहाँमा अडिएर नै त्यो सत् रूपले प्रकाशित भएको छ भन्ने हो । **मयि हि सर्वं जगत् शुक्तौ रजतमिव अध्यस्तम्** अर्थात् शुक्तिमा रजत अध्यस्त भएझैँ ममा नै सम्पूर्ण जगत् अध्यस्त भएको छ भन्ने भाव यहाँबाट निस्कन्छ ।

दोस्रो मन्त्रको पूर्वार्धमा पनि भगवतीले नै सम्पूर्ण जगत्लाई धारण गर्नुभएको छ भन्ने पहिलेकै भाव बताइएको छ । **आहनसं सोमं विभर्मि** यस पदावलीमा **आहनसं** शब्द हिंसार्थक **हन्** धातुबाट वैदिक प्रक्रियाले बनेको हो । **शत्रूणामाहन्तारं सोमम्** अर्थात् शत्रुहरूको हनन गर्ने सोम भन्नु यसको अर्थ हो । यसरी सोम, त्वष्टा, पूषा आदिद्वारा उपलक्षित सम्पूर्ण जगत् भगवतीमै अध्यस्त भएको र उहाँद्वारा धारित भएको स्पष्ट हुन्छ । यसपछि कर्मफलदाताको रूपमा आत्माको वर्णन गरिएको छ । यहाँ यजमानका विशेषणमा तीन शब्द छन्–**हविष्मते, सुप्राव्ये सुन्वते** यी सबै चतुर्थीका एकवचनान्त शब्द हुन् । **सुन्वते** शब्द **षूञ् अभिषवे** भन्ने धातुबाट बन्दछ । यसको अर्थ सोम अभिषव गर्ने अर्थात् सोमलताको रस निकाल्ने हुन्छ । यज्ञीय हवि हातमा लिएर तयार बसेको अर्थमा **हविष्मान्** शब्द आएको हो । अनि यज्ञीय पवित्र हविलाई देवताहरूकहाँ प्राप्त गराउने यजमानलाई **सुप्राव्य** भनिएको छ । यस्तो कर्मनिष्ठ यजमानलाई **द्रविणं दधामि** अर्थात् कर्मफल दिन्छु भनी यहाँ कर्मफलदाताको रूपमा आत्माको वर्णन छ । कर्मफलप्रदाता चेतन तत्त्व नै हुन सक्छ, अचेतन होइन । त्यसैले उपनिषद्मा पनि विज्ञान आनन्द ब्रह्म नै कर्मफलदाता हो भनिएको पाइन्छ–**विज्ञानमानन्दं ब्रह्म रातिर्दातुः परायणम्** (बृ.उ.३/९/२८) रातिर्दातुः अर्थात् ब्राह्मणहरूलाई दक्षिणा आदि दिने यजमानको परायण अर्थात् परम आश्रय आत्मा नै हुन्छ, किनकि त्यो चेतन तत्त्वले फल दिए विना उसको कर्म गरे नगरेको नै हुन्छ ।

तेस्रो मन्त्रमा **राष्ट्री** अर्थात् ईश्वररूपिणी म नै आफ्नो उपासकहरूलाई **वसूनां सङ्गमनी** अर्थात् सम्पत्ति वैभव आदिसँग संयुक्त गराइदिन्छु र **यज्ञीय** अर्थात्

यज्ञद्वारा आराधना गर्न योग्यहरूमध्ये म नै **प्रथमा** अर्थात् पहिलो हुँ भनिएको छ। यहाँ शास्त्रविधिले पूजित हुने इन्द्र आदि देवताहरूको पूज्यत्वलाई निराकरण न गरिकन आत्मतत्त्वको अग्रपूज्यत्व बताइएको छ, तर वास्तवमा त सबै देवताहरूको रूपमा रहने एउटै तत्त्व भएकाले संसारमा पूजनीय आत्माबाहेक कोही छैन। त्यसैले **प्रथमा** शब्दको खास तात्पर्य केवल म मात्र जगत्पूज्य हुँ भन्ने भावलाई सङ्केत गर्नु हो। यही भावलाई समर्थन गर्न उत्तरार्धमा **देवाः व्यदधुः** अर्थात् देवताहरूले पनि मेरै विधानलाई पालना गर्दछन् भनिएको छ। देवताहरू जहाँ जे कर्म गर्दछन्, ती सबै **भूरिस्थात्रा** अर्थात् प्रपञ्चका अनेक पदार्थहरूको रूपले अवस्थित भएको मेरा लागि नै गर्दछन् भनिएको छ।

चौँथो मन्त्रमा भोक्ताको रूपमा पनि आत्मतत्त्व नै रहेको वर्णन गरिएको छ। भोक्तभित्र रहने भोक्तृत्वशक्ति म नै हुँ। **मया** अर्थात् त्यही शक्तिरूप मबाट नै **सः** जीवले **अन्नमत्ति** अर्थात् अन्नको भोग गर्दछ। यसैगरी प्राणिति, विपश्यति शृणोति अर्थात् सास फेर्ने, हेर्ने आदि पनि हुन सक्दैन। यहाँ आत्मा भोक्तृत्वशक्तिको रूपमा आउनु भनेको त्यही चेतना शक्तिको रूपमा आउनु हो। चेतन तत्त्वकै कारणले प्राणीहरू देख्ने, सुन्ने, बोल्ने, सुँघ्ने, मीठा अनि नमीठो चाख्ने गर्दछन् भनी उपनिषद्मा आत्मचैतन्यलाई नै सबैको कारण मानिएको छ। **येन रूपं रसं गन्धं शब्दान् स्पर्शांश्च मैथुनान् एतेनैव विजानाति किमत्र परिशिष्यते**(क.उ.२/१/३)। यसरी भोक्ता जीवलाई भोक्ता बनाउने चेतनाशक्ति आत्मा हो भन्ने भाव निस्कन्छ। देवी भन्छिन् **मां अमन्तवःउपक्षियन्ति** अर्थात् मलाई नमान्ने या न जान्नेहरू सबै क्षीण हुन्छन्। हुन पनि सर्वव्यापक आत्मालाई नजान्ने व्यक्तिहरू अनात्मा शरीर लाई नै आत्मा सम्झी शरीर सँगसँगै हरेक पटक क्षीण भइरहेकै छन्। आत्मालाई न जान्ने अज्ञानीहरूका कर्मफलहरू पनि भोग गर्दै गएपछि क्षीण हुन्छन्। **क्षीण पुण्ये मर्त्यलोकं विशन्ति** अर्थात् यी अज्ञानीहरू पुण्य क्षीण भएपछि स्वर्गबाट मर्त्यलोकमा खस्दछन्। यसैले यहाँ मलाई न जान्नेहरू नष्ट हुन्छन् भनिएको हो।

पाँचौ मन्त्रमा **देवेभिःमानुषेभिः** अर्थात् देवताहरू र मनुष्यहरूद्वारा **जुष्टम्** अर्थात् सेवा गरिने तत्त्व म नै हुँ भनी देवीले घोषणा गरेकी छिन्। उत्तरार्धमा देवीको सर्वशक्तिमता प्रतिपादित छ। **यं कामये** अर्थात् म जसलाई चाहन्छु त्यसलाई नै **उग्रम्** अर्थात् प्रचण्डशक्तिशाली बनाइदिन सक्छु। **ब्रह्माणमृषिं सुमेधाम्** अर्थात् म आफ्नो इच्छाले कसैलाई पनि जगत्कर्ता ब्रह्मा, मन्त्रद्रष्टा ऋषि अनि मेधाशक्तिले युक्त ठूलो विद्वान् बनाइदिन्छु भन्ने घोषणा यहाँ गरिएको छ।

छैठौँ श्लोकमा भगवान् रुद्रभित्र रहेको दुष्टदमन गर्ने शक्ति म नै हुँ भनी देवीले घोषणा गरेकी छिन्। रुद्रको त्रिपुर विजय प्रसिद्ध छ। त्रिपुरासुर ब्रह्मद्वेषी

छ अनि हिंस्रक पनि । शृ हिंसायाम् भन्ने धातुबाट शरू शब्द बन्दछ जसको अर्थ हुन्छ प्राणीहरूको हिंसा गर्ने । त्यस्तो त्रिपुरासुरलाई मार्नका लागि रुद्रलाई धनु तान्न सहयोग गर्ने म नै हुँ भनिएको छ । जनाय अर्थात् आफ्ना भक्तहरू सन्मार्गमा लागेका प्राणीहरूको हितमा प्रत्यक्ष लडाइँ नै गर्नुपरे पनि पछि न हट्ने भाव **जनाय समदं कृणोमि** भनी बताइएको छ । **माद्यन्ति अस्मिन् इति समत्-सङ्ग्रामः** अर्थात् जहाँ अत्यन्त मदयुक्त भई युद्ध गरिन्छ, त्यस्तो सङ्ग्रामलाई समत् भनिन्छ । भगवतीले देवताहरूको हितार्थ अनेक पटक प्रत्यक्ष भई लडाइँ गर्नुभएको तात्पर्यलाई यसले बताएको बुझिन्छ । आत्माको सर्वव्यापकरूपतालाई बताउन चाहिँ **द्यावापृथिवी आविवेश** भन्ने पदको प्रयोग भएको छ ।

सातौँ मन्त्रमा **अस्य मूर्धन्** अर्थात् परमात्माको शिरमाथि मैले नै **पितरम्** अर्थात् आकाशलाई रचना गर्दछु भनिएको छ । वाक्देवी आफ्नो अवस्थिति हुने ठाउँ बताउँदै भन्छिन्–**समुद्र अप्सु अन्तः मम योनिः** यहाँ समुद्र भनेर परमात्मालाई लिनुपर्दछ । **समुद्रवन्ति भूतानि अस्मात् इति समुद्रः** अर्थात् जहाँबाट सम्पूर्ण प्राणीहरू उत्पन्न हुन्छन् त्यस्ता परमात्मालाई यहाँको समुद्र भनिएको हो । अथवा सबै प्रकार का नदीहरू अन्तमा समुद्रमा नै गई मिलेझैँ अन्तमा लीन हुने स्थान भएकाले पनि परमात्मालाई समुद्र भनिन्छ । पानी भनेर त्यहाँ व्याप्त भएका अन्तःकरण वृत्तिलाई लिनुपर्दछ । ती वृत्तिहरूको अन्तः अर्थात् बीचमा मेरो कारण छ भनिएको छ । यहाँ मेरो कारण छ, भन्नुको विशेष अर्थ छ किनकि सामान्यतः ब्रह्मको कुनै कारण हुँदैन, ब्रह्मात्मैक्यलाई प्राप्त गरेकाले वाक्ले आफूलाई कसैको कार्य भन्नु उपयुक्त पनि छैन, त्यसैले यसले ब्रह्मानुभवको विषयमा बताएको छ । हरेक अन्तःकरणवृत्तिहरूको अन्तरालमा ब्रह्मतत्त्व प्रकाशित हुन्छ । वृत्तिको उदय र अस्तको यो अन्तराल अवस्थामा सीधैँ साक्षीको स्वरूप प्रकट हुन्छ । तर प्राणीहरू यसलाई चिन्न न सक्नाले अज्ञानमा नै परिरहन्छन् । अम्भृणकी पुत्री वाक्ले भने वृत्तिहरूको उदय अनि अस्त कहाँबाट हुन्छ भनी चैतन्यतत्त्वको अनुसन्धान गर्दै यही अन्तराल अवस्थामा आत्मचैतन्यको अनुभूति पाएको स्पष्ट हुन्छ । किनकि उनले आफ्नो व्यापक आत्मबोध बताउने क्रममा मेरो कारण त्यही अन्तराल अवस्थामा प्रकट हुने साक्षी चैतन्य हो भनेकी छिन् । अन्तःकरण वृत्तिहरूको अधिष्ठान तत्त्वको विचार र अनुसन्धान गर्दा नै उनको नवीन आत्मबोध उत्पन्न भएकाले उनले आफ्नो कारण भनी त्यसलाई बताएकी हुन् । आफू सर्वव्यापक भएको जनाउन उनले **भुवनानु वितिष्ठे** अर्थात् म नै जगत्को अनेक रूपम रहेको छु भनेकी छिन् र **वर्ष्मणा उपस्पृशामि** अर्थात् आफ्नो शरीरले सारा जगत्लाई छुन्छु भनेकी छिन् ।

आठौँ मन्त्रमा उनले जगत् उत्पन्न गर्न आफू स्वयं प्रेरित भएको जना-

एकी छिन् । वात इव अर्थात् जसरी वायु आफ्नै इच्छाले यताउति बग्दछ, त्यसैगरी **भुवनानि आरभमाणा** अर्थात् सम्पूर्ण जगत्को उत्पत्ति गर्न लाग्दा म स्वयं नै **प्रवामि** अर्थात् प्रवर्तित भएकी हुँ भनिएको छ । **परो दिवा** अर्थात् द्युलोक भन्दा पनि पर रहेको अनि **पर एना पृथिव्या** अर्थात् यो पृथिवीभन्दा पनि पर रहेको असङ्ग तत्त्वको रूपमा आफन्नो प्रतिपादन गरेकी छिन् वाक्ले । उनी भन्छिन्–**महिना एतावती सम्बभूव** अर्थात् आफ्नै महिमाले म यी सारा पदार्थहरूको अनन्ततामा उत्पन्न भएकी या प्रकट भएकी हुँ । उपनिषद्मा पनि आत्मालाई **स्वे महिम्नि प्रतिष्ठितः** अर्थात् आफ्नो महिमामा प्रतिष्ठित हुने जनाइएको छ । यहाँ अरु कारणको अपेक्षा-विना पनि भगवतीले जगत्को उत्पत्ति गर्ने अथवा आफैँ जगत्को रूपमा बन्ने भनी उहाँ जगत्प्रति निमित्त एवं उपादानकारण दुबै भएको बताइएको छ ।

यसप्रकार देवीसँग अभिन्न भएकी वाक्ले यो सूक्तमा आफूलाई सर्वव्यापक आत्मा, सम्पूर्ण जगत्को अधिष्ठान, यजमानलाई कर्मफल दिने तत्त्व, देवताहरूले पनि वन्दनीय, भोक्ताभित्र भोक्तृत्व शक्ति बनी रहने, ब्रह्मा रुद्र आदिको पनि शक्तिरूपा, सबै जगत्लाई आफ्नो स्वरूपले व्याप्त गर्ने तथा आफूले आफ्नो स्वरूपले व्याप्त गर्ने तथा आफूले आफ्नो महिमाबाटै जगत् बनाउने अनि आफूचाहिँ यसबाट असङ्ग रहने भनी बताएकी छिन् ।

## अथ तन्त्रोक्तं देवीसूक्तम्[१]

नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥१॥
रौद्रायै नमो नित्यायै गौर्यै धात्र्यै नमो नमः ।
ज्योत्स्नायै चेन्दुरूपिण्यै सुखायै सततं नमः ॥२॥
कल्याण्यै प्रणतां वृद्ध्यै सिद्ध्यै कुर्मो नमो नमः ।
नैर्ऋत्यै भूभृतां लक्ष्म्यै शर्वाण्यै ते नमो नमः ॥३॥
दुर्गायै दुर्गपारायै सारायै सर्वकारिण्यै ।
ख्यात्यै तथैव कृष्णायै धूम्रायै सततं नमः ॥४॥
अतिसौम्यातिरौद्रायै नतास्तस्यै नमो नमः ।
नमो जगत्प्रतिष्ठायै देव्यै कृत्यै नमो नमः ॥५॥
या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता ।

१ यस सूक्तको भावार्थ पाचौँ अध्याय मन्त्र संख्या ९-८२ सम्म दिइएको छ ।

नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥६॥
या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥७॥
या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥८॥
या देवी सर्वभूतेषु निद्रारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥९॥
या देवी सर्वभूतेषु क्षुधारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१०॥
या देवी सर्वभूतेषुच्छायारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥११॥
या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१२॥
या देवी सर्वभूतेषु तृष्णारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१३॥
या देवी सर्वभूतेषु क्षान्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१४॥
या देवी सर्वभूतेषु जातिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१५॥
या देवी सर्वभूतेषु लज्जारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१६॥
या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१७॥
या देवी सर्वभूतेषु श्रद्धारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१८॥
या देवी सर्वभूतेषु कान्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥१९॥

या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२०॥
या देवी सर्वभूतेषु वृत्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२१॥
या देवी सर्वभूतेषु स्मृतिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२२॥
या देवी सर्वभूतेषु दयारूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२३॥
या देवी सर्वभूतेषु तुष्टिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२४॥
या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२५॥
या दवी सर्वभूतेषु भ्रान्तिरूपेण संस्थिता ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२६॥
इन्द्रियाणामधिष्ठात्री भूतानां चाखिलेषु च ।
भूतेषु सततं तस्यै व्याप्तिदेव्यै नमो नमः ॥२७॥
चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत् ।
नमस्तस्यै नमस्तस्यै नमस्तस्यै नमो नमः ॥२८॥
स्तुता सुरैः पूर्वमभीष्टसंश्रयात्तथा सुरेन्द्रेण दिनेषु सेविता ।
करोतु सा नः शुभहेतुरीश्वरी शुभानि भद्राण्यभिहन्तु चापदः ॥२९॥
या साम्प्रतं चोद्धतदैत्यस्तापितैरस्माभिरीशा च सुरैर्नमस्यते ।
या च स्मृता तत्क्षणमेव हन्ति नः सर्वापदो भक्तिविनम्रमूर्तिभिः ॥३०॥

॥ ॐ नमश्चण्डिकायै ॥

# अथ प्रधानिकं रहस्यम्

ॐ अस्य श्रीसप्तशतीरहस्यत्रयस्य नारायण ऋषिरनुष्टुप्छन्दः, महाकालीमहालक्ष्मीमहासरस्वत्यो देवता यथोक्तफलावाप्त्यर्थं जपे विनियोगः ।

*राजोवाच*

**भगवन्नवतारा मे चण्डिकायास्त्वयोदिताः ।**
**एतेषां प्रकृतिं ब्रह्मन् प्रधानं वक्तुमर्हसि ॥१॥**
**आराध्यं यन्मया देव्याः स्वरूपं येन च द्विज ।**
**विधिना ब्रूहि सकलं यथावत्प्रणतस्य मे ॥२॥**

*ऋषिरुवाच*

**इदं रहस्यं परममनाख्येयं प्रचक्षते ।**
**भक्तोऽसीति न मे किञ्चित्तवावाच्यं नराधिप ॥३॥**
**सर्वस्याद्या महालक्ष्मीस्त्रिगुणा परमेश्वरी ।**
**लक्ष्यालक्ष्यस्वरूपा सा व्याप्य कृत्स्नं व्यवस्थिता ॥४॥**

---

**राजाले भने–** हे भगवन् ! हजुरले मलाई चण्डिकाका अवतारहरूको कथा बताउनुभयो । अव मलाई यी अवतारहरूमध्ये प्रधान मूलप्रकृतिस्वरूपको निरूपण गर्नुहोस् ॥१॥ हे ब्रह्मन् ! म नम्र भई हजुरको अघि झुकिरहेको छु । मैले भगवतीको जुन स्वरूपको जुन विधिले आराधना गर्नुपर्छ, त्यो सब यथार्थरूपमा बताउनुहोस् ॥२॥

**ऋषिले भन्नुभयो–** हे राजन् ! यो रहस्य परमगोपनीय छ र यो कसैलाई पनि बताउनुहुन्न भनिएको छ । तर हजुर मेरा भक्त भएकाले तिम्रा लागि लुकाउनुपर्ने मसँग केही पनि रहँदैन ॥३॥ त्रिगुणमयी सर्वेश्वरी महालक्ष्मी नै सबैकी आदिकारण हुन् । उहाँले नै मूर्त-अमूर्त रूपले सम्पूर्ण विश्वलाई व्याप्त गर्नुभएको छ ॥४॥

मातुलुङ्गं गदां खेटं पानपात्रं च बिभ्रती ।
नागं लिङ्गं च योनिं च बिभ्रती नृप मूर्धनि ॥५॥
तप्तकाञ्चनवर्णाभा तप्तकाञ्चनभूषणा ।
शून्यं तदखिलं स्वेन पूरयामास तेजसा ॥६॥
शून्यं तदखिलं लोकं विलोक्य परमेश्वरी ।
बभार परमं रूपं तमसा केवलेन हि ॥७॥
सा भिन्नाञ्जनसङ्काशा दंष्ट्राङ्कितवरानना ।
विशाललोचना नारी बभूव तनुमध्यमा ॥८॥
खड्गपात्रशिरःखेटैरलङ्कृतचतुर्भुजा ।
कबन्धहारं शिरसा बिभ्राणा हि शिरःस्रजम् ॥९॥
सा प्रोवाच महालक्ष्मीं तामसी प्रमदोत्तमा ।
नाम कर्म च मे मातर्देहि तुभ्यं नमो नमः ॥१०॥

---

हे राजन् ! उहाँले आफ्ना चार भुजाहरूमा विमिरोको फल, गदा, ढाल एवं पानपात्र धारण गर्नुभएको छ र मस्तकमा नाग एवं लिङ्ग तथा योनिको आकृति धारण गर्नुभएको छ ॥५॥ पगालिएको सुनसमान उज्यालो कान्ति भएकी उहाँले त्यस्तै चम्किला आभूषणहरू धारण गर्नुभएको छ र आफ्नो तेजद्वारा जगत्भरिको शून्यतालाई परिपूर्ण गर्नुभएको छ ॥६॥ परमेश्वरी महालक्ष्मीले सम्पूर्ण लोकलाई शून्य देखी केवल तमोगुणलाई मात्रै अलग गरी त्यसद्वारा एउटा उत्कृष्ट रूप धारण गर्नुभयो ॥७॥

त्यहाँ एउटी नारीको स्वरूप प्रकट भयो । त्यस रूपको शरीरको कान्ति गाढा गाजलको जस्तो रङ्गको थियो । मुखबाट दाह्राहरू बाहिर निस्किरहेका थिए । आँखा लाम्चा र कम्मर पातलो देखिन्थ्यो ॥८॥उहाँले आफ्ना चार हातहरूमा तर बार, पानपात्र, काटिएको शिर र ढाल धारण गर्नुभएको छ । वक्षस्थलमा धडको तथा शिरमा नरमुण्डको माला लगाउनुभएको छ ॥९॥ यसप्रकार प्रकट हुनुभएकी स्त्रीहरूमध्ये श्रेष्ठ ती तमोगुणकी अधिष्ठात्री देवीले महालक्ष्मीसँग भन्नुभयो– हे माता ! तपाईंलाई नमस्कार छ। मलाई मेरो नाम र मैले गर्नुपर्ने कर्म बताउनुहोस् ॥१०॥

तां प्रोवाच महालक्ष्मीस्तामसीं प्रमदोत्तमाम् ।
ददामि तव नामानि यानि कर्माणि तानि ते ॥११॥
महामाया महाकाली महामारी क्षुधा तृषा ।
निद्रा तृष्णा चैकवीरा कालरात्रिर्दुरत्यया ॥१२॥
इमानि तव नामानि प्रतिपाद्यानि कर्मभिः ।
एभिः कर्माणि ते ज्ञात्वा योऽधीते सोऽश्नुते सुखम् ॥१३॥
तामित्युक्त्वा महालक्ष्मीः स्वरूपमपरं नृप ।
सत्त्वाख्येनातिशुद्धेन गुणेनेन्दुप्रभं दधौ ॥१४॥
अक्षमालाङ्कुशधरा वीणापुस्तकधारिणी ।
सा बभूव वरा नारी नामान्यस्यै च सा ददौ ॥१५॥
महाविद्या महाबाणी भारती वाक् सरस्वती ।
आर्या ब्राह्मी कामधेनुर्वेदगर्भा च धीश्वरी ॥१६॥

---

त्यसपछि महालक्ष्मीले श्रेष्ठ स्त्री ती तामसी देवीलाई भन्नुभयो– म हजुरलाई तिम्रा नामहरू र हजुरले गर्नुपर्ने सबै कर्महरू पनि बताउँछु ॥११॥ तिम्रा महामाया, महाकाली, महामारी, क्षुधा, तृषा, निद्रा, तृष्णा, एकवीरा, कालरात्री र दुरत्यया यी नामहरू रहनेछन् । जसलाई हजुरले आफ्ना कर्महरूद्वारा संसारभर चरितार्थ गर्नुपर्दछ । तिम्रा कर्महरूलाई जानी जसले तिनको पाठ गर्दछ, त्यसले सुख पाउँछ ॥१२-१३॥

यिनलाई यसो भनी महालक्ष्मी देवीले विशुद्ध सत्त्वगुणद्वारा अर्को स्वरूप धारण गर्नुभयो । हे राजन् ! त्यो रूप चन्द्रमासमान तेजिलो थियो ॥१४॥ विशुद्ध सत्त्वमय त्यो रूप अर्की श्रेष्ठ नारीको रूपमा प्रकट भयो । यी देवीले आफ्ना हातमा अक्षमाला, अङ्कुश, वीणा र पुस्तक धारण गर्नुभएको थियो । यिनलाई पनि महालक्ष्मीले नामहरू दिनुभयो ॥१५॥ महाविद्या, महाबाणी, भारती, वाक्, सरस्वती, आर्या, ब्राह्मी, कामधेनु, वेदगर्भा, बुद्धीश्वरी यी उनका नामहरू हुन् ॥१६॥

अथोवाच महालक्ष्मीर्महाकालीं सरस्वतीम् ।
युवां जनयतां देव्यौ मिथुने स्वानुरूपतः ॥१७॥
इत्युक्त्वा ते महालक्ष्मीः ससर्ज मिथुनं स्वयम् ।
हिरण्यगर्भौ रुचिरौ स्त्रीपुंसौ कमलासनौ ॥१८॥
ब्रह्मन् विधे विरिञ्चेति धातरित्याह तं नरम् ।
श्रीः पद्मे कमले लक्ष्मीत्याह माता च तां स्त्रियम् ॥१९॥
महाकाली भारती च मिथुने सृजतः सह ।
एतयोरपि रूपाणि नामानि च वदामि ते ॥२०॥
नीलकण्ठं रक्तबाहुं श्वेताङ्गं चन्द्रशेखरम् ।
जनयामास पुरुषं महाकाली सितां स्त्रियम् ॥२१॥
स रुद्रः शङ्करः स्थाणुः कपर्दी च त्रिलोचनः ।
त्रयी विद्या कामधेनुः सा स्त्री भाषाक्षरा स्वरा ॥२२॥

---

यसपछि महालक्ष्मीले महाकाली एवं महासरस्वती दुबैलाई भन्नुभयो– हे देवी ! हजुरहरू दुबैले आ-आफ्ना गुणअनुसार स्त्री-पुरुषका जोडालाई उत्पन्न गर ॥१७॥ ती दुईलाई यसो भनी महालक्ष्मी स्वयंले पनि एकजोडी स्त्री-पुरुष उत्पन्न गर्नुभयो । ती दुबै निर्मल ज्ञानले सम्पन्न अत्यन्त सुन्दर एवं कमलको आसनमाथि विराजमान थिए ॥१८॥ माता महालक्ष्मीले ती पुरुषलाई हे ब्रह्मन् ! हे विधे ! हे धात ! हे विरिञ्च ! भनी सम्बोधन गर्नुभयो र ती स्त्रीलाई चाहिँ हे श्री ! हे पद्मा ! हे कमला ! हे लक्ष्मी ! भनी बोलाउनुभयो ॥१९॥

यसपछि महाकाली र महासरस्वतीले पनि सँगसँगै एक-एक जोडी स्त्री-पुरुष उत्पन्न गरे । ती जोडीहरूको नाम र रूप पनि म हजुरलाई बताउँछु ॥२०॥ महाकालीले घाँटीमा नीलो चिह्न भएका राता हात, सेता अङ्ग र शिरमा चन्द्रमाको मुकुट भएका पुरुषलाई र श्वेतवर्णकी ती स्त्रीलाई पनि उत्पन्न गर्नुभयो ॥२१॥ ती पुरुष रुद्र, शङ्कर, स्थाणु, कपर्दी र त्रिलोचन भन्ने नामले प्रख्यात भए भने ती स्त्री( चाहिँ त्रयी, विद्या, कामधेनु, भाषा, अक्षरा र स्वरा आदि नामवाली भइन् ॥२२॥

महासरस्वतीले चाहिँ एउटी गोरी स्त्री र कृष्णवर्णको पुरुषलाई उत्पन्न

सरस्वती स्त्रियं गौरीं कृष्णं च पुरुषं नृप ।
जनयामास नामानि तयोरपि वदामि ते ॥२३॥
विष्णुः कृष्णो हृषीकेशो वासुदेवो जनार्दनः ।
उमा गौरी सती चण्डी सुन्दरी सुभगा शिवा ॥२४॥
एवं युवतयः सद्यः पुरुषत्वं प्रपेदिरे ।
चक्षुष्मन्तो नु पश्यन्ति नेतरेऽतद्विदो जनाः ॥२५॥
ब्रह्मणो प्रददौ पत्नीं महालक्ष्मीर्नृप त्रयीम् ।
रुद्राय गौरीं वरदां वासुदेवाय च श्रियम् ॥२६॥
स्वरया सह सम्भूय विरिञ्चोऽण्डमजीजनत् ।
बिभेद भगवान् रुद्रस्तद् गौर्या सह वीर्यवान् ॥२७॥
अण्डमध्ये प्रधानादि कार्यजातमभून्नृप ।
महाभूतात्मकं सर्वं जगत्स्थावरजङ्गमम् ॥२८॥

---

गर्नुभयो । ती दुबैको नाम पनि म हजुरलाई बताउँछु ॥२३॥ पुरुषको नाम विष्णु, कृष्ण, हृषीकेश, वासुदेव र जनार्दन हो भने स्त्रीको नामचाहिँ उमा, गौरी, सती, चण्डी, सुन्दरी, सुभगा र शिवा हो ॥२४॥ यसप्रकार जगत्का आदिकारण यी तीन युवतीहरू तत्क्षण नै पुरुषरूपमा प्रकट भएको रहस्यलाई ज्ञानरूपी आँखा भएका मान्छेहरूले मात्रै जान्दछन्, अज्ञानीहरू यसलाई बुझ्न सक्दैनन् ॥२५॥

हे राजन् ! महालक्ष्मी देवीले आफ्ना छोरा ब्रह्मालाई महाकालीकी छोरी सरस्वती पत्नीरूपमा प्रदान गर्नुभयो । महाकालीका छोरा रुद्रलाई महासरस्वतीकी छोरी गौरी र महासरस्वतीका छोरा विष्णुलाई आफ्नी छोरी लक्ष्मी प्रदान गर्नुभयो ॥२६॥ सरस्वतीको साथमा ब्रह्माले ब्रह्माण्डलाई उत्पन्न गर्नुभयो । त्यसपछि महापराक्रमी भगवान् रुद्रले गौरीसँग मिली त्यसलाई भेदन गर्नुभयो ॥२७॥भिन्न भएको त्यो ब्रह्माण्डभित्र महत्तत्त्वको क्रमले पञ्च महाभूतमय सम्पूर्ण कार्यप्रपञ्च र त्यसबाट स्थावर-जङ्गम प्राणीहरू उत्पन्न भए ॥२८॥

आफ्नी पत्नी लक्ष्मीका साथ भगवान् विष्णुले त्यसको पालन गर्नुभयो र

पुपोष पालयामास तल्लक्ष्म्या सह केशवः ।
संजहार जगत्सर्वं सह गौर्या महेश्वरः ॥२९॥
महालक्ष्मीर्महाराज सर्वसत्त्वमयीश्वरी ।
निराकारा च साकारा सैव नानाभिधानभृत् ॥३०॥
नामान्तरैर्निरूपयैषा नाम्ना नान्येन केनचित् ॥३१ ॥

॥ इति प्राधानिकं रहस्यं सम्पूर्णम् ॥

---

अन्त्यमा गौरीका साथ महेश्वरले सम्पूर्ण जगत्लाई संहार गरिदिनुभयो ॥२९॥ हे महाराज ! यसप्रकार महालक्ष्मी देवी नै सर्वसत्त्वमयी र सर्वेश्वरी हुनुहुन्छ । उहाँ नै निराकार एवं साकाररूपमा अनेक नामहरूद्वारा बताइनुहुन्छ ॥३०॥

सगुणवाचक सच्चिदानन्दरूपिणी, महामाया आदि नामहरूद्वारा नै उहाँको निरूपण गर्नुपर्दछ, उहाँको निर्गुण स्वरूपको कुनै नामहरूद्वारा निरूपण हुन सक्दैन ॥३१॥

॥ ॐ नमश्चण्डिकायै ॥

# अथ वैकृतिकं रहस्यम्

*ऋषिरुवाच*

ॐ त्रिगुणा तामसी देवी सात्त्विकी या त्रिधोदिता ।
सा शर्वा चण्डिका दुर्गा भद्रा भगवतीर्यते ॥१॥
योगनिद्रा हरेरुक्ता महाकाली तमोगुणा ।
मधुकैटभनाशार्थं यां तुष्टावाम्बुजासनः ॥२॥
दशवक्त्रा दशभुजा दशपादाञ्जनप्रभा ।
विशालया राजमाना त्रिंशल्लोचनमालया ॥३॥
स्फुरद्दशनदंष्ट्रा सा भीमरूपापि भूमिप ।
रूपसौभाग्यकान्तीनां सा प्रतिष्ठा महाश्रियः ॥४॥
खड्गबाणगदाशूलचक्रशङ्खभुशुण्डिभृत् ।
परिघं कार्मुकं शीर्षं निश्च्योतद्रुधिरं दधौ ॥५॥

---

**ऋषिले भन्नुभयो–** हे राजन् ! पहिले जुन त्रिगुणमयी महालक्ष्मी देवीको सात्त्विकी, तामसी आदि तीन भेदहरू बताइएका थिए उनै भगवती सर्वा, चण्डिका, दुर्गा, भद्रा र भगवती आदि नामले पुकारिनुहुन्छ ॥१॥

मधु र कैटभ दैत्यको नाशका लागि कमलासन ब्रह्माजीले भगवान् हरिको योगनिद्रारूपिणी तमोगुणाधिष्ठात्री जुन भगवतीको स्तुति गर्नुभएको थियो, उहाँ महाकाली हुनुहुन्छ ॥२॥ गाजलसमान कालो वर्ण हुनुभएकी उहाँका दश हात, दश मुख र दशैवटा पाउहरू छन् र हरेक मुखका तीन नेत्रहरू संयुक्त हुँदा तीस नेत्रको विशाल मालाहरूँ सुशोभित भएको छ ॥३॥ उहाँको मुखभित्रका दन्तपंक्ति र मुखवाहिर निस्केका दाह्राहरू चम्किरहेका छन् । उहाँ भयानक रूपवाली हुनुहुन्छ तर रूप, सौभाग्य, कान्ति एवं श्रेष्ठ सम्पत्तिको उहाँ नै प्रतिष्ठा हुनुहुन्छ ॥४॥ उहाँले आफ्ना हातहरूमा खड्ग, बाण, गदा, त्रिशूल, चक्र, शङ्ख, भुशुण्डि, परिघ, धनुष तथा रगत चुहिरहेको मस्तक धारण गर्नुभएको छ ॥५॥

एषा सा वैष्णवी माया महाकाली दुरत्यया ।
आराधिता वशीकुर्यात् पूजाकर्तुश्चराचरम् ॥६॥
सर्वदेवशरीरेभ्यो याऽऽविर्भूतामितप्रभा ।
त्रिगुणा सा महालक्ष्मीः साक्षान्महिषमर्दिनी ॥७॥
श्वेतानना नीलभुजा सुश्वेतस्तनमण्डला ।
रक्तमध्या रक्तपादा नीलजङ्घोरुरुन्मदा ॥८॥
सुचित्रजघना चित्रमाल्याम्बरविभूषणा ।
चित्रानुलेपना कान्तिरूपसौभाग्यशालिनी ॥९॥
अष्टादशभुजा पूज्या सा सहस्रभुजा सती ।
आयुधान्यत्र वक्ष्यन्ते दक्षिणाधःकरक्रमात् ॥१०॥

---

यी महाकाली भगवान् विष्णुकी अपार दुस्तर माया हुनुहुन्छ । आराधनाद्वारा प्रसन्न भएपछि उहाँले आफ्ना उपासकका लागि सम्पूर्ण चर-अचर जगत्लाई नै उसको अधीन बनाइदिनुहुन्छ ।६॥

सम्पूर्ण देवताहरूका शरीरबाट अनन्त कान्तियुक्ता भगवती महालक्ष्मीको प्रादुर्भाव भएको हो। महिषमर्दिनी उहाँ नै त्रिगुणमयी साक्षात् मूलप्रकृति हुनुहुन्छ ॥७॥ उहाँको अनुहार सेतो छ, भुजाहरू कृष्णवर्णका छन् । स्तनमण्डल सेतो छ, कम्मरको भाग र चरणहरू राता छन् भने तिघ्रा र पिँडुला काला रङ्गका छन् । उहाँ अजेय हुनुभएकीले अभिमानिनी पनि हुनुहुन्छ ॥८॥ उहाँको कम्मरको अघिल्लो भाग बहुरङ्गी वस्त्रहरूद्वारा सुशोभित छ र उहाँले विचित्र प्रकारका माला, वस्त्र, आभूषण र अङ्गरागहरूको लेपन गर्नुभएको छ । अतुलनीय कान्ति रूप र सौभाग्यले उहाँ निरन्तर सम्पन्न हुनुहुन्छ ॥९॥ हजारौँ ध्वजावाली सर्वरूपिणी भएर पनि अष्टादशभुजाको स्वरूपमा उहाँको पूजा गर्नुपर्दछ । दाहिने भागका तलका हातदेखि क्रमशः उहाँका आयुधहरू यसप्रकार छन् ॥१०॥ अक्षमाला, कमलपुष्प, बाण, खड्ग, वज्र, गदा, चक्र, त्रिशूल, बञ्चरो, शङ्ख , घण्टा, पाश, शक्ति, दण्ड, ढाल, धनुष, पानपात्र र कमण्डलु यी अस्त्रहरूद्वारा उहाँका भुजाहरू सुशोभित छन् । उहाँ कमलमाथि आसीन हुनुहुन्छ र सर्वदेवमयी हुनुहुन्छ। हे राजन् ! यस्ती

अक्षमाला च कमलं बाणोऽसिः कुलिशं गदा ।
चक्रं त्रिशूलं परशुः शङ्खो घण्टा च पाशकः ॥११॥
शक्तिर्दण्डश्चर्म चापं पानपात्रं कमण्डलुः ।
अलङ्कृतभुजामेभिरायुधैः कमलासनाम् ॥१२॥
सर्वदेवमयीमीशां महालक्ष्मीमिमां नृप ।
पूजयेत्सर्वलोकानां स देवानां प्रभुर्भवेत् ॥१३॥
गौरीदेहात्मसमुद्भूता या सत्त्वैकगुणाश्रया ।
साक्षात्सरस्वती प्रोक्ता शुम्भासुरनिबर्हिणी ॥१४॥
दधौ चाष्टभुजा बाणमुसले शूलचक्रभृत् ।
शङ्खं घण्टां लाङ्गलं च कार्मुकं वसुधाधिप ॥१५॥
एषा सम्पूजिता भक्त्या सर्वज्ञत्वं प्रयच्छति ।
निशुम्भमथिनी देवी शुम्भासुरनिबर्हिणी ॥१६॥
इत्युक्तानि स्वरूपाणि मूर्तीनां तव पार्थिव ।
उपासनं जगन्मातुः पृथगासां निशामय ॥१७॥

---

सर्वेश्वरी महालक्ष्मी देवीलाई जसले पूजा गर्दछ, त्यो व्यक्ति सम्पूर्ण लोक एवं देवताहरूको पनि स्वामी बन्दछ ॥११-१३॥

गौरीको शरीरबाट उत्पन्न हुनुभएकी, दैत्यसम्राट् शुम्भलाई विनष्ट गर्ने जुन देवी हुनुहुन्छ, उहाँ नै शुद्धसत्त्वमयी साक्षात् सरस्वती भनिनुहुन्छ। हे राजन् ! अष्टभुजा उहाँले आफ्ना हातहरूमा बाण, मुसल, त्रिशूल, चक्र, शङ्ख, घण्टा, हलो र धनुष धारण गर्नुभएको छ ॥१४-१५॥ निशुम्भविनाशिनी एवम् असुरराज शुम्भघातिनी यी देवीले भक्तिपूर्वकको पूजाद्वारा प्रसन्न भई आफ्नो उपासकलाई सर्वज्ञता प्रदान गर्नुहुन्छ ॥१६॥

हे राजन् ! मैले हजुरलाई महाकाली आदि मुख्य तीन मूर्तिहरूको स्वरूप बताएँ । अब यसपछि जगन्माता मूलप्रकृतिरूपा महालक्ष्मी र त्रिगुणाधिष्ठात्री त्रिदेवीहरूको छुट्टाछुट्टै उपासनाविधिलाई श्रवण गर ॥१७॥

महालक्ष्मीर्यदा पूज्या महाकाली सरस्वती ।
दक्षिणोत्तरयोः पूज्ये पृष्ठतो मिथुनत्रयम् ॥१९॥
विरञ्चिः स्वरया मध्ये रुद्रो गौर्या च दक्षिणे ।
वामे लक्ष्म्या हृषीकेशः पुरतो देवतात्रयम् ॥१९॥
अष्टादशभुजा मध्ये वामे चास्या दशानना ।
दक्षिणेऽष्टभुजा लक्ष्मीर्महतीति समर्चयेत् ॥२०॥
अष्टादशभुजा चैषा यदा पूज्या नराधिप ।
दशानना चाष्टभुजा दक्षिणोत्तरयोस्तदा ॥२१॥
कालमृत्यू च सम्पूज्यौ सर्वारिष्टप्रशान्तये ।
यदा चाष्टभुजा पूज्या शुम्भासुरनिबर्हिणी ॥२२॥
नवास्याः शक्तयः पूज्यास्तदा रुद्रविनायकौ ।

---

जव मूलरूपमा महालक्ष्मी देवीको पूजा गरिन्छ, तव उहाँको दुबैतिर दायाँ र बायाँ महाकाली र महासरस्वतीको पनि पूजा गर्नुपर्दछ र ती तीनवटै देवीहरूको पछाडि उहाँहरूबाट उत्पन्न तीन जोडी देवताहरूको पनि स्थापना गर्नुपर्दछ ॥१८॥ सरस्वतीसँगका ब्रह्मा बीचमा, गौरीसँगका रुद्र दाहिनेभागमा र लक्ष्मीसहितका विष्णु बायाँभागमा स्थापना गरी ती तीनजोडी देवताहरूको अघि मूल त्रिदेवीहरूलाई स्थापना गर्नुपर्दछ । तीमध्ये पनि अष्टादशभुजावाली महालक्ष्मी बीचमा, दशभुजावाली महाकाली बायाँभागमा, अष्टभुजावाली महासरस्वती दायाँभागमा स्थापना गर्नुपर्दछ ॥१९-२०॥

केवल अष्टादशभुजावाली महालक्ष्मीको मात्रै पूजा गर्नुपर्दा अथवा मूलरूपमा दशभुजावाली महाकाली र अष्टभुजावाली महासरस्वतीको मात्रै पूजा गर्नुपर्दासमेत सम्पूर्ण अनिष्टहरूको शान्तिका लागि पूजनीया देवीको दाहिने र देब्रेभागमा क्रमशः काल र मृत्युदेवताको पूजा गर्नुपर्दछ । शुम्भासुरविनाशिनी अष्टभुजावाली महासरस्वतीको पूजा गर्नुपर्दा उहाँको साथ ब्राह्मी, माहेश्वरी आदि नौ शक्तिहरूको पनि पूजा गर्नुपर्दछ र त्यसका साथ देवीको दाहिनेभागमा रुद्र एवं देब्रेभागमा गणपतिको स्थापना गर्नुपर्दछ ॥२१-२२/५॥

नमो देव्या इति स्तोत्रैर्महालक्ष्मीं समर्चयेत् ॥२३॥
अवतारत्रयार्चायां स्तोत्रमन्त्रास्तदाश्रयाः ।
अष्टादशभुजा चैषा पूज्या महिषमर्दिनी ॥२४॥
महालक्ष्मीर्महाकाली सैवा प्रोक्ता सरस्वती ।
ईश्वरी पुण्यपापानां सर्वलोकमहेश्वरी ॥२५॥
महिषान्तकरी येन पूजिता स जगत्प्रभुः ।
पूजयेज्जगतां धात्रीं चण्डिकां भक्तवत्सलाम् ॥२६॥
अर्घ्यादिभिरलङ्कारैर्गन्धपुष्पैस्तथाक्षतैः ।
धूपैर्दीपैश्च नैवेद्यैर्नानाभक्ष्यसमन्वितैः ॥२७॥
रुधिराक्तेन बलिना मांसेन सुरया नृप ।
(बलिमांसादिपूजेयं विप्रवर्ज्या मयेरिता ।
तेषां किल सुरामांसैर्नोक्ता पूजा नृप क्वचित् ॥ )

महालक्ष्मीको पूजा देवताहरूले गरेको स्तुति 'नमो देव्यै महादेव्यै' भन्ने यी मन्त्रहरूबाट गर्नुपर्दछ। महाकाली आदि तीन अवतारहरूको पूजाको क्रममा ती-ती चरित्रहरूमा आएका स्तोत्र एवं मन्त्रहरूको नै प्रयोग गर्नुपर्दछ। यीमध्ये पनि अष्टादशभुजावाली महिषमर्दिनी महालक्ष्मी देवी नै विशेषतः पूजनीय हुनुहुन्छ, किनभने सम्पूर्ण लोकहरूकी महेश्वरी एवं प्राणीहरूका पुण्य-पापादि सबै कर्महरूको फल दिने ईश्वरी उहाँ नै महाकाली एवं महासरस्वतीको रूपमा पनि प्रकट हुनुभएको हो ॥२२/५-२५॥

जसले महिषासुरनाशिनी भगवतीको पूजा गर्दछ, त्यो संसारकै स्वामी बन्छ। त्यसैले भक्तवत्सला एवं जगद्धात्री चण्डिकादेवीको पूजा अवश्य नै गर्नुपर्दछ ॥२६॥ पाद्य, अर्घ्य आदिद्वारा, आभूषणहरूद्वारा, गन्ध, पुष्प, अक्षताहरूको समर्पण र धूप, दीप तथा अनेक परिकारहरूले युक्त नैवेद्यको निवेदनद्वारा भगवतीको पूजा गर्नुपर्दछ ॥२७॥ हे राजन् ! यसैगरी रक्तसिञ्चित बलि, मांस तथा मदिराद्वारा पनि तामसी व्यक्तिहरूलाई पूजाविधि बताइएको छ। (हे राजन् ! बलि र मांस आदिबाट गरिने पूजा ब्राह्मणहरूका लागि होइन, सत्त्वगुणी भएकाले उनीहरूका लागि कहीं पनि मांस, मदिरा आदिबाट पूजाको विधान गरिएको छैन)।

प्रणामाचमनीयेन चन्दनेन सुगन्धिना ॥२८॥
सकर्पूरैश्च ताम्बूलैर्भक्तिभावसमन्वितैः ।
वामभागेऽग्रतो देव्याश्छिन्नशीर्षं महासुरम् ॥२९॥
पूजयेन्महिषं येन प्राप्तं सायुज्यमीशया ।
दक्षिणे पुरतः सिंहं समग्रं धर्ममीश्वरम् ॥३०॥
वाहनं पूजयेद्देव्या धृतं येन चराचरम् ।
कुर्याच्च स्तवनं धीमांस्तस्या एकाग्रमानसः ॥३१॥
ततः कृताञ्जलिर्भूत्वा स्तुवीत चरितैरिमैः ।
एकेन वा मध्यमेन नैकेनेतरयोरिह ॥३२॥
चरितार्धं तु न जपेज्जपच्छिद्रमवाप्नुयात् ।
प्रदक्षिणानमस्कारान् कृत्वा मूर्ध्नि कृताञ्जलिः ॥३३॥
क्षमापयेज्जगद्धात्रीं महुर्मुहुरतन्द्रितः ।

---

देवीलाई भक्तिपूर्वक प्रणाम, आचमनीय जल एवं सुगन्धित चन्दनद्वारा पनि पूजा गर्नुपर्दछ ॥२८॥ कपूर मिसाइएको ताम्बूल आदि यी सबै सामग्रीहरूद्वारा भक्तिपूर्वक भगवतीको अर्चना गर्नुपर्दछ । त्यसैगरी देवीको अघिल्तिर देब्रे भागमा महिषासुरको पनि पूजा गर्नुपर्दछ, किनकि यसले भगवतीसँग सायुज्य प्राप्त गरेको छ । त्यसैगरी दाहिनेपट्टि चाहिँ सबैथरी ऐश्वर्यले सम्पन्न एवं धर्मस्वरूप भएको भगवतीको वाहन सिंहको पूजा गर्नुपर्दछ। देवीको यही धर्मरूप वाहनद्वारा सम्पूर्ण चर-अचर जगत् धानिएको छ । त्यसपछि बुद्धिमान् व्यक्तिले एकाग्रचित्त भई देवीको स्तुति गर्नुपर्दछ ॥२९-३१॥ त्यसपछि दुबै अञ्जलि जोडी भगवतीका पूर्वोक्त तीनै चरित्रहरूद्वारा उहाँको स्तुति गर्नुपर्दछ । यदि एउटै चरित्रको पाठ गर्नुछ भने मध्यमचरित्रको पाठ गर्नुपर्दछ । केवल प्रथम या उत्तम चरित्रमात्रलाई पाठ गर्नुहुँदैन ॥३२॥चरित्र पाठ गर्दा केवल आधामात्र पाठ गर्न पनि हुँदैन । त्यसो गर्दा जपमा छिद्र भई त्यो निष्फल हुन्छ। यसपछि भगवतीको प्रदक्षिणा एवं नमस्कार गर्नुपर्दछ र शिरमा दुबै हात जोडी जगद्धात्री भगवतीको अघि बारम्बार क्षमायाचन गर्नुपर्दछ । पूजाको पूर्णताका लागि सप्तशतीका

प्रतिश्लोकं च जुहुयात्पायसं तिलसर्पिषा ॥३४॥
जुहुयात्स्तोत्रमन्त्रैर्वा चण्डिकायै शुभं हविः ।
भूयो नामपदैर्देवीं पूजयेत्सुसमाहितः ॥३५॥
प्रयतः प्राञ्जलिः प्रह्वः प्रणम्यारोप्य चात्मनि ।
सुचिरं भावयेदीशां चण्डिकां तन्मयो भवेत् ॥३६॥
एवं यः पूजयेद्भक्त्या प्रत्यहं परमेश्वरीम् ।
भुक्त्वा भोगान् यथाकामं देवीसायुज्यमाप्नुयात् ॥३७॥
यो न पूजयते नित्यं चण्डिकां भक्तवत्सलाम् ।
भस्मीकृत्यास्य पुण्यानि निर्दहेत्परमेश्वरी ॥३८॥
तस्मात्पूजय भूपाल सर्वलोकमहेश्वरीम् ।
यथोक्तेन विधानेन चण्डिकां सुखमाप्स्यसि ॥३९॥

॥ इति वैकृतिकं रहस्यं सम्पूर्णम् ॥

---

प्रत्येक श्लोकपिच्छे विधिअनुसार तिल र घ्यू मिसिएको खीरको हवन गर्नुपर्दछ ॥३३-३४॥ सम्पूर्ण सप्तशतीद्वारा हवन गर्न नसकिए त्यहाँभित्रका मुख्य स्तोत्र-मन्त्रहरूद्वारा चण्डिका देवीका लागि पवित्र आहुतिहरूको हवन गर्नुपर्दछ। हवनपछि एकाग्रचित्त भई देवीका नाममन्त्रहरूद्वारा संक्षिप्तरूपमा फेरि उत्तराङ्गपूजा गर्नुपर्दछ ॥३५॥ त्यसपछि मन र इन्द्रियहरूलाई पूर्णतः संयमित गरी दुबै हात जोडी पूर्ण विनयका साथ भगवतीको प्रणाम गर्नुपर्दछ र उहाँलाई आफ्नो अन्तःकरणमा स्थापित गरी सर्वेश्वरी उहाँको धेरै समयसम्म ध्यान गरिर हनुपर्दछ। ध्यान गर्दागर्दै भगवतीमा नै तन्मय भई लीन हुनुपर्दछ ॥३६॥ यसप्रकार जसले भक्तिपूर्वक प्रतिदिन परमेश्वरी भगवतीको पूजा गर्दछ भने त्यस व्यक्तिले यस लोकमा चिताइएका सारा भोगहरूलाई भोगी मृत्युपछि देवीसायुज्य प्राप्त गर्दछ ॥३७॥ जसले प्रतिदिन भक्तवत्सला चण्डिका देवीको पूजा गर्दैन, त्यसका सारा पुण्यहरूलाई सर्वसमर्थ परमेश्वरी भगवतीले जलाई भस्म गराइदिनुहुन्छ ॥३८॥ हे राजन् ! त्यसैले हजुर सम्पूर्ण लोकहरूकी एकमात्र ईश्वरी चण्डिका भगवतीको शास्त्रोक्त विधिले पूजा गर। यसबाट हजुरले सुख पाउनेछौ ॥३९॥

॥ ॐ नमश्चण्डिकायै ॥

# अथ मूर्तिरहस्यम्

*ऋषिरुवाच*

ॐ नन्दा भगवती नाम या भविष्यति नन्दजा ।
स्तुता सा पूजिता भक्त्या वशीकुर्याज्जगत्त्रयम् ॥१॥
कनकोत्तमकान्तिः सा सुकान्तिकनकाम्बरा ।
देवी कनकवर्णाभा कनकोत्तमभूषणा ॥२॥
कमलाङ्कुशपाशाब्जैरलङ्कृतचतुर्भुजा ।
इन्दिरा कमला लक्ष्मीः सा श्री रुक्माम्बुजासना ॥३॥
या रक्तदन्तिका नाम देवी प्रोक्ता मयानघ ।
तस्याः स्वरूपं वक्ष्यामि शृणु सर्वभयापहम् ॥४॥
रक्ताम्बरा रक्तवर्णा रक्तसर्वाङ्गभूषणा ।
रक्तायुधा रक्तनेत्रा रक्तकेशातिभीषणा ॥५॥

---

**ऋषिले भन्नुभयो**– हे राजन् ! नन्दबाट उत्पन्न हुनेवाली जुन नन्दा देवी हुनुहुन्छ, उहाँको भक्तिपूर्वक स्तुति र पूजा गर्ने हो भने उपासकका लागि तीनै लोक वशमा रहन्छ ॥१॥ ती देवीको अङ्गकान्ति उत्तम सुवर्णसमान छ । उहाँका वस्त्रहरू पनि सुनौला रङ्गका छन् । सुवर्णकै उत्तम आभूषण धारण गर्नुभएको छ र शरीरबाट निस्कने तेज पनि सुवर्णसमानकै छ ॥२॥ उहाँका चारै भुजाहरू कमल, अङ्कुश, पाश र शङ्खद्वारा सुशोभित छन् । उहाँ इन्दिरा, कमला, लक्ष्मी, श्री र रुक्माम्बुजासना (सुवर्णमय कमलको आसनमाथि रहने देवी) आदि नामले पुकारिनुहुन्छ ॥३॥ हे निष्पाप राजन् ! मैले पहिले जुन रक्तदन्तिका देवीको विषयमा बताएँ । उहाँको सबै भयलाई नष्ट गर्ने स्वरूप बताउँछु, सुन ॥४॥ उहाँको शरीरको वर्ण रातो छ र उहाँले रातै कपडा अनि रातै आभूषणहरू सम्पूर्ण अङ्गहरूमा पहिरिनुभएको छ । उहाँका नेत्र तथा केश पनि रातै रङ्गका छन् र उहाँका आयुधहरू पनि रक्तवर्णका नै छन् । उहाँका तीखा नङ्गहरू र दाँतहरूसमेत रातो वर्णका छन् । यसकारण यी रक्तदन्तिका देवी अत्यन्त भयानक देखिनुहुन्छ । आफ्ना उपासकप्रति चाहिँ यी देवी त्यति नै

रक्ततीक्ष्णनखा रक्तदशना रक्तदन्तिका ।
पतिं नारीवानुरक्ता देवी भक्तं भवेज्जनम् ॥६॥
वसुधेव विशाला सा सुमेरुयुगलस्तनी ।
दीर्घौ लम्बावतिस्थूलौ तावतीव मनोहरौ ॥७॥
कर्कशावतिकान्तौ तौ सर्वानन्दपयोनिधी ।
भक्तान् सम्पाययेद्देवी सर्वकामदुघौ स्तनौ ॥८॥
खड्गं पात्रं च मुसलं लाङ्गलं च बिभर्ति सा ।
आख्याता रक्तचामुण्डा देवी योगेश्वरीति च ॥९॥
अनया व्याप्तमखिलं जगत्स्थावरजङ्गमम् ।
इमां यः पूजयेद्भक्त्या स व्याप्नोति चराचरम् ॥१०॥
(भुक्त्वा भोगान् यथाकामं देवीसायुज्यमाप्नुयात् ।)
अधीते य इमं नित्यं रक्तदन्त्या वपुःस्तवम् ।
तं सा परिचरेद्देवी पतिं प्रियमिवाङ्गना ॥११॥

---

वात्सल्य एवं प्रेम गर्नुहुन्छ, जसरी आफ्ना पतिप्रति स्त्री अनुराग गर्दछिन् ॥५-६॥

रक्तदन्तिका देवी पृथिवीसमान विशाल हुनुहुन्छ र उहाँका दुबै स्तन सुमेरु पर्वतसमान अति स्थूल छन् । लामा, चौंडा, अत्यन्त स्थूल एवम् अत्यन्त मनोहर ती दुबै स्तन कठोर भए पनि अत्यन्त कमनीय छन् तथा तिनमा समुद्रसमान परमानन्द रस भरिएको छ । सबैथरी कामनालाई पूरा गर्ने यी दुबै स्तन देवी भक्तहरूलाई पान गराउनुहुन्छ ॥७-८॥

उहाँले चार हातमा खड्ग, पानपात्र, मुसल र हलो धारण गर्नुभएको छ । उहाँलाई नै रक्तचामुण्डा र योगेश्वरी देवी भनिन्छ ॥९॥ यी देवीद्वारा स्थावर र जङ्गम प्राणीहरूले युक्त सम्पूर्ण जगत् व्याप्त भएको छ । जसले यी देवीको भक्तिपूर्वक पूजा गर्दछ, त्यो व्यक्ति पनि जगत्भरी व्याप्त हुन्छ ॥१०॥ (ऊ जीवनभर मनोवाञ्छित भोगहरूलाई भोग्दै अन्त्यमा देवीसायुज्यमा प्राप्त हुन्छ) । जसले यो रक्तदन्तिका देवीको शरीरको स्तुति गर्दछ, त्यसलाई देवीले पतिव्रता नारीले आफ्नो पतिको सेवा गरेझैं सबैप्रकारले संरक्षण गर्नुहुन्छ ॥११॥

शाकम्भरी नीलवर्णा नीलोत्पलविलोचना ।
गम्भीरनाभिस्त्रिवलीविभूषिततनूदरी ॥१२॥
सुकर्कशसमोत्तुङ्गवृत्तपीनघनस्तनी ।
मुष्टिं शिलीमुखापूर्णं कमलं कमलालया ॥१३॥
पष्पपल्लवमूलादिफलाढ्यं शाकञ्चयम् ।
काम्यानन्तरसैर्युक्तं क्षुत्तृण्मृत्युभयापहम् ॥१४॥
कार्मुकं च स्फुरत्कान्ति बिभ्रती परमेश्वरी ।
शाकम्भरी शताक्षी सा सैव दुर्गा प्रकीर्तिता ॥१५॥
विशोका दुष्टदमनी शमनी दुरितपदाम् ।
उमा गौरी सती चण्डी सा सैव दुर्गा प्रकीर्तिता ॥१६॥
शाकम्भरीं स्तुवन् ध्यायञ्जपन् सम्पूजयन्नमन् ।
अक्षय्यमश्नुते शीघ्रमन्नपानामृतं फलम् ॥१७॥
भीमापि नीलवर्णा सा द्रंष्ट्रादशनभासुरा ।

---

शाकम्भरी देवी नीलवर्णकी हुनुहुन्छ। उहाँका आँखा पनि नीलकमलसमान छन्। उहाँको नाभि गहिरो छ र पातलो पेटमा त्रिबली विभूषित छ ॥१२॥ शाकम्भरी देवीका दुबै स्तन अत्यन्त कठोर, उन्नत, ठूला, गोला, परस्परमा जोडिएका छन्। कलमाथि आसीन यी देवी आफ्ना हातहरूमा बाणहरूले भरिएको मुष्टि, कमल आदि धारण गर्नुहुन्छ ॥१३॥ उहाँको हातमा अनन्तप्रकारका अभीष्ट रसहरूले युक्त भएको भोक, प्यास एवं मृत्युको भयलाई नष्ट गर्ने सागहरू पनि छन्। जसमा फल, फूल, पल्लव एवं मूलहरू शोभित छन् ॥१४॥

उहाँले चमचमाउँदो धनुष पनि धारण गर्नुभएको छ। यी परमेश्वरी नै शाकम्भरी, शताक्षी र दुर्गा नामले प्रसिद्ध हुनुहुन्छ ॥१५॥ यी देवी शोकरहित हुनुहुन्छ। दुष्टहरूको दमन गर्नुहुन्छ र पाप एवं विपत्तिको शमन गर्नुहुन्छ। उमा, गौरी, सती, चण्डी, कालिका र पार्वती पनि उहाँ नै हुनुहुन्छ ॥१६॥ शाकम्भरी देवीको स्तुति, ध्यान, जप, पूजा एवं वन्दना गरिरहने व्यक्ति शीघ्र नै अन्न, पान एवम् अमृतरूपी अर्थफल प्राप्त गर्दछ ॥१७॥

भीमादेवी पनि नीलवर्णकी नै हुनुहुन्छ र उहाँका दाँत एवं दाह्राहरू अत्यन्त

विशालोचना नारी वृत्तपीनपयोधरा ॥१८॥
चन्द्रहासं च डमरुं शिरः पात्रं च बिभ्रती ।
एकवीरा कालरात्रिः सैवोक्ता कामदा स्तुता ॥१९॥
तेजोमण्डलदुर्धर्षा भ्रामरी चित्रकान्तिभृत् ।
चित्रानुलेपना देवी चित्राभरणभूषिता ॥२०॥
चित्रभ्रमरपाणिः सा महामारीति गीयते ।
इत्येता मूर्तयो देव्या याः ख्याता वसुधाधिप ॥२१॥
जगन्मातुश्चण्डिकाः कीर्तिताः कामधेनवः ।
इदं रहस्यं परमं न वाच्यं कस्यचित्त्वया ॥२२॥
व्याख्यानं दिव्यमूर्तीनामभीष्टफलदायकम् ।
तस्मात् सर्वप्रयत्नेन देवीं जप निरन्तरम् ॥२३॥
सप्तजन्मार्जितैर्घोरैर्ब्रह्महत्यासमैरपि ।

---

चम्किला छन् । विशाल आँखा हुनुभएकी उहाँका ठूला एवं गोला स्तनहरू छन् ॥१८॥ उहाँले नै आफ्ना हातहरूमा चन्द्रहाँस नामक खड्ग, डमरु, काटिएको शिर र पानपात्र धारण गरिरहनुभएको छ । उहाँ नै एकवीरा, कालरात्रि तथा कामदा यी नामहरूले प्रशंसित हुनुहुन्छ ॥१९॥ भ्रामरी देवीको कान्ति, चित्रविचित्र वर्णको छ । विचित्र तेजोमण्डलका कारण उहाँ दुर्धर्ष देखिनुहुन्छ र उहाँले गहना एवं चन्दन आदि अनुलेपहरू पनि चित्रविचित्र वर्णको नै लगाउनुभएको छ ॥२०॥ उहाँलाई चित्रभ्रमरपाणि र महामारी आदि नामहरूद्वारा बताइन्छ । हे राजन् ! देवीका प्रख्यात मूर्तिहरू यिनै हुन् ।२१॥

जगन्माता चण्डिकाका यी सबै रूपहरू कामधेनुसमान आफ्नो उपासकका सारा कामनालाई पूर्ण गर्ने खालका छन् । यो परम गोपनीय परमरहस्य हो र हजुरले अरु कसैलाई बताउनु हुँदैन ॥२२॥ दिव्य मूर्तिहरूको यो आख्यान सबैथरी अभीष्ट फल दिन समर्थ छ, त्यसकारणले हजुर पनि सम्पूर्ण प्रयत्नले निरन्तर देवीकै आराधना गर ॥२३॥ सप्तशतीका मन्त्रहरूको पाठ गर्नाले पनि मनुष्य सात जन्ममा

पाठमात्रेण मन्त्राणां मुच्यते सर्वकिल्बिषैः ॥२४॥
देव्या ध्यानं मया ख्यातं गुह्याद् गुह्यतरं महत् ।
तस्मात् सर्वप्रयत्नेन सर्वकामफलप्रदम् ॥२५॥
(एतस्यास्त्वं प्रसादेन सर्वमान्यो भविष्यसि ।
सर्वरूपमयी देवी सर्वं देवीमयं जगत् ।
अतोऽहं विश्वरूपां तां नमामि परमेश्वरीम् ।)

॥ इति मूर्तिरहस्यं सम्पूर्णम् ॥

*ततः पुनः शापोद्धारादिमन्त्रजपं कुयात् ।*

**शापोद्धारमन्त्रः**

**ॐ ह्रीं क्लीं श्रीं क्रां क्रीं चण्डिकादेव्यै शापनाशानुग्रहं कुरु कुरु स्वाहा ।** सप्तवारं जपेत् ।

**उत्कीलनमन्त्रः**

**ॐ श्रीं क्लीं ह्रीं सप्तशति चण्डिके उत्कीलनं कुरु कुरु स्वाहा ।** एकविंशतिवारं जपेत् ।

**मृतसञ्जीवनीमन्त्रः**

**ॐ ह्रीं ह्रीं वं वं ऐं ऐं मृतसञ्जीवनि विद्ये मृतमुत्थापयोत्थापय क्रीं ह्रीं ह्रीं वं स्वाहा ।** सप्तवारं जपेत् । ततः क्षमाप्रार्थनपुरःसरं देव्यै जपं निवेदयेत् ।

---

आर्जन गरिएका ब्रह्महत्यासमानका भयानक पाप एवं सबै प्रकारका कल्मषहरूबाट मुक्त हुन्छ ॥२४॥

त्यसैले मैले पूर्ण प्रयत्न गरी देवीको अत्यन्त गोपनीय ध्यानस्वरूपको वर्णन गरेको हुँ । यसले सबै अभीष्ट फलहरूलाई प्रदान गर्दछ ॥२५॥

(भगवती देवी प्रसन्न हुनुभयो भने उहाँको कृपाबाट हजुर सर्वमान्य हुनेछौ । देवी सर्वजगद्रूपिणी हुनुहुन्छ र सम्पूर्ण जगत् पनि देवीमय छ । त्यसैले म विश्वरूपिणी त्यस्ती परमेश्वरीलाई नमस्कार गर्दछु ।)

## अथ क्षमा-प्रार्थना

अपराधसहस्राणि क्रियन्तेऽहर्निशं मया ।
दासोऽयमिति मां मत्वा क्षमस्व परमेश्वरि ॥१॥
आवाहनं न जानामि न जानामि विसर्जनम् ।
पूजां चैव न जानामि क्षम्यतां परमेश्वरि ॥२॥
मन्त्रहीनं क्रियाहीनं भक्तिहीनं सुरेश्वरि ।
यत्पूजितं मया देवि परिपूर्णं तदस्तु मे ॥३॥
अपराधशतं कृत्वा जगदम्बेति चोच्चरेत् ।
यां गतिं समवाप्नोति न तां ब्रह्मादयः सुराः ॥४॥
सापराधोऽस्मि शरणं प्राप्तस्त्वां जगदम्बिके ।
इदानीमनुकम्प्योऽहं यथेच्छसि तथा कुरु ॥५॥
अज्ञानाद्विस्मृतेर्भ्रान्त्या यन्न्यूनमधिकं कृतम् ।
तत्सर्वं क्षम्यतां देवि प्रसीद परमेश्वरि ॥६॥
कामेश्वरि जगन्मातः सच्चिदानन्दविग्रहे ।
गृहाणार्चामिमां प्रीत्या प्रसीद परमेश्वरि ॥७॥
गुह्यातिगुह्यगोप्त्री त्वं गृहाणास्मत्कृतं जपम् ।
सिद्धिर्भवतु मे देवि त्वत्प्रसादात्सुरेश्वरि ॥८॥

---

तत उत्तराङ्गपूजनं, देव्या आरार्तिक्यं, मन्त्रपुष्पाञ्जलिं, क्षमाप्रार्थनपुरःसरं प्रदक्षिणनमस्कारौ च विदधीत । ततः सर्वेश्वर्यै सर्वकर्मसमर्पणं स्वात्मनिवेदनञ्च विधाय प्रसादं भुञ्जीत ।

# श्रीसूक्तम्

ॐ हिरण्यवर्णामिति पञ्चदशर्चस्य सूक्तस्यानन्दकर्दमचिक्लीतेन्दिरासुता ऋषयः, श्रीर्देवता, आद्यास्तिस्रोऽनुष्टुभः, चतुर्थी बृहती पञ्चमीषष्ठ्यौ त्रिष्टुभौ ततोऽष्टावनुष्टुभः अन्त्या प्रस्तारपङ्क्तिः जपे विनियोगः ॥

**हरिः ॐ हिरण्यवर्णां हरिणीं सुवर्णरजतस्रजाम् ।**
**चन्द्रां हिरण्मयीं लक्ष्मीं जातवेदो मऽआवह ॥१॥**
**तां मऽआवह जातवेदो लक्ष्मीमनपगामिनीम् ।**
**यस्यां हिरण्यं विन्देयं गामश्वं पुरुषानहम् ॥२॥**

अश्वपूर्वां रथमध्यां हस्तिनादप्रबोधिनीम् ।
श्रियं देवीमुपह्वये श्रीर्मा देवी जुषताम् ॥३॥
कांसोस्मितां हिरण्यप्राकारामार्द्रां ज्वलन्तीं तृप्तां तर्पयन्तीम् ।
पद्मेस्थितां पद्मवर्णां तामिहोपह्वये श्रियम् ॥४॥
चन्द्रां प्रभासां यशसा ज्वलन्तीं श्रियं लोके देवजुष्टामुदाराम् ।
तां पद्मिनीमीं शरणमहं प्रपद्येऽलक्ष्मीर्मे नश्यतां त्वां वृणे ॥५॥
आदित्यवर्णे तपसोधिजातो वनस्पतिस्तव वृक्षोऽथ बिल्वः ।
तस्य फलानि तपसा नुदन्तु मा यान्तरा याश्च बाह्या अलक्ष्मीः ॥६॥
उपैतु मां देवसखः कीर्तिश्च मणिना सह ।
प्रादुर्भूतोऽस्मि राष्ट्रेस्मिन्कीर्तिमृद्धिं ददातु मे ॥७॥
क्षुत्पिपासामलां ज्येष्ठामलक्ष्मीं नाशयाम्यहम् ।
अभूतिमसमृद्धिं च सर्वां निर्णुद मे गृहात् ॥८॥
गन्धद्वारान्दुराधर्षां नित्यपुष्टां करीषिणीम् ।
ईश्वरीं सर्वभूतानां तामिहोपह्वये श्रियम् ॥९॥
मनसः काममाकूतिं वाचः सत्यमशीमहि ।
पशूनां रूपमन्नस्य मयि श्रीः श्रयतां यशः ॥१०॥
कर्दमेन प्रजा भूता मयि सम्भव कर्दम ।
श्रियं वासय मे कुले मातरं पद्ममालिनीम् ॥११॥
आपः सृजन्तु स्निग्धानि चिक्लीत वस मे गृहे ।
नि च देवीं मातरं श्रियं वासय मे कुले ॥१२॥
आर्द्रां पुष्करिणीं पुष्टिं पिङ्गलां पद्ममालिनीम् ।
चन्द्रां हिरण्मयीं लक्ष्मीं जातवेदो मऽआवह ॥१३॥
आर्द्रां यः करिणीं यष्टिं सुवर्णां हेममालिनीम् ।
सूर्यां हिरण्मयीं लक्ष्मीं जातवेदो मऽआवह ॥१४॥
तां मऽआवह जातवेदो लक्ष्मीमनपगामिनीम् ।
यस्यां हिरण्यं प्रभूतं गावो दास्योऽश्वान्विन्देयं पुरुषानहम् ॥१५॥
यः शुचिः प्रयतो भूत्वा जुहुयादाज्यमन्वहम् ।
सूक्तं पञ्चदशर्चं च श्रीकामः सततं जपेत् ॥१६॥

# श्रीदेव्यथर्वशीर्षम्

ॐ सर्वे वै देवा देवीमुपतस्थुः कासि त्वं महादेवीति ॥१॥

साब्रवीत्– अहं ब्रह्मस्वरूपिणी । मत्तः प्रकृतिपुरुषात्मकं जगत् । शून्यं चाशून्यं च ॥ २ ॥

अहमानन्दानन्दौ । अहं विज्ञानाविज्ञाने । अहं ब्रह्माब्रह्मणी वेदितव्ये । अहं पञ्चभूतान्यपञ्चभूतानि । अहमखिलं जगत् ॥३॥

वेदोऽहमवेदोऽहम् । विद्याहमविद्याहम् । अजाहमनमजाहम् । अधश्चोर्ध्वं च तिर्यक्चाहम् ॥४॥

अहं रुद्रेभिर्वसुभिश्चरामि । अहमादित्यैरुतविश्वदेवैः । अहं मित्रावरुणावुभौ बिभर्मि । अहमिन्द्राग्नी अहमश्विनावुभौ ॥५॥

अहं सोमं त्वष्टारं पूषणं भगं दधामि ।अहं विष्णुमुरुक्रमं ब्रह्माणमुत प्रजापतिं दधामि ॥६॥

अहं दधामि द्रविणं हविष्मते सुप्राव्ये यजमानाय सुन्वते । अहं राष्ट्री सङ्गमनी वसूनां चिकितुषी प्रथमा यज्ञियानाम् । अहं सुवे पितरमस्य मूर्धन्मम योनिरप्स्वन्तः समुद्रे । य एवं वेद । स दैवीं सम्पदमाप्नोति ॥७॥

ते देवा अब्रुवन्– नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥८॥
तामग्निवर्णां तपसा ज्वलन्तीं वैरोचनीं कर्मफलेषु जुष्टाम् ।
दुर्गां देवीं शरणं प्रपद्यामहेऽसुरान्नाशयित्र्यै ते नमः ॥९॥
देवीं वाचमजनयन्त देवास्तां विश्वरूपाः पशवो वदन्ति ।
सा नो मन्द्रेषमूर्जं दुहाना धेनुर्वागस्मानुप सुष्टुतैतु ॥१०॥
कालरात्रीं ब्रह्मस्तुतां वैष्णवीं स्कन्दमातरम् ।
सरस्वतीमदितिं दक्षदुहितरं नमामः पावनां शिवाम् ॥११॥
महालक्ष्म्यै च विद्महे सर्वशक्त्यै च धीमहि ।
तन्नो देवी प्रचोदयात् ॥१२॥
अदितिर्ह्यजनिष्ट दक्ष या दुहिता तव ।
तां देवा अन्वजायन्त भद्रा अमृतवन्धवः ॥१३॥

कामो योनिः कमला वज्रपाणिर्गुहा हसा मातरिश्वाभ्रमिन्द्रः ।

पुनर्गुहा सकला मायया च पुरूच्यैषा विश्वमातादिविद्योम् ॥१४॥

एषाऽऽत्मशक्तिः । एषा विश्वमोहिनी । पाशाङ्कुशधनुर्बाणधरा । एषा श्रीमहाविद्या । य एवं वेद स शोकं तरति ॥१५॥

नमस्ते अस्तु भगवति मातरस्मान् पाहि सर्वतः ॥१६॥

सैषाष्टौ वसवः । सैषैकादश रुद्राः । सैषा द्वादशादित्याः । सैषा विश्वेदेवाः सोमपा असोमपाश्च । सैषा यातुधाना असुर रक्षांसि पिशाचा यक्षाः सिद्धाः । सैषा सत्त्वरजस्तमांसि । सैषा ब्रह्मविष्णुरुद्ररूपिणी । सैषा प्रजापतीन्द्रमनवः । सैषा ग्रहनक्षत्रज्योतींषि । कलाकाष्ठादिकालरूपिणी । तामहं प्रणौमि नित्यम् ॥ पापापहारिणीं देवीं भुक्तिमुक्तिप्रदायिनीम् । अनन्तां विजयां शुद्धां शरण्यां शिवदां शिवाम् ॥ १७ ॥

वियदीकारसंयुक्तं वीतिहोत्रसमन्वितम् ।
अर्धेन्दुलसितं देव्या बीजं सर्वार्थसाधकम् ॥१८॥
एवमेकाक्षरं ब्रह्म यतयः शुद्धचेतसः ।
ध्यायन्ति परमानन्दमया ज्ञानाम्बुराशयः ॥१९॥
वाङ्मया ब्रह्मसूस्तस्मात् षष्ठं वक्त्रसमन्वितम् ।

सूर्योऽवामश्रोत्रबिन्दुसंयुक्तष्टात्तृतीयकः । नारायणेन सम्मिश्रो वायुश्चाधरयुक् ततः । विच्चे नवार्णकोऽर्णः स्यान्महदानन्ददायकः ॥ २० ॥

हृत्पुण्डरीकमध्यस्थां प्रातःसूर्यसमप्रभाम् ।
पाशाङ्कुशधरां सौम्यां वरदाभयहस्तकाम् ।
त्रिनेत्रां रक्तवसनां भक्तकामदुघां भजे ॥२१॥
नमामि त्वां महादेवीं महाभयविनाशिनीम् ।
महादुर्गप्रशमनीं महाकारुण्यरूपिणीम् ॥२२॥

यस्याः स्वरूपं ब्रह्मादयो न जानन्ति तस्मादुच्यते अज्ञेया । यस्या अन्तो न लभ्यते तस्मादुच्यते अनन्ता । यस्या लक्ष्यं नोपलक्ष्यते तस्मादुच्यते अलक्ष्या । यस्या जननं नोपलभ्यते तस्मादुच्यते अजा । एकैव सर्वत्र वर्तते तस्मादुच्यते एका । एकैव विश्वरूपिणी तस्मादुच्यते नैका । अत एवोच्यते अज्ञेयानन्तालक्ष्याजैका नैकेति ॥२३॥

मन्त्राणां मातृका देवी शब्दानां ज्ञानरूपिणी ।

ज्ञानानां चिन्मयातीता शून्यानां शून्यसाक्षिणी ।
यस्याः परतरं नास्ति सैषा दुर्गा प्रकीर्तिता ॥२४॥
तां दुर्गां दुर्गमां देवीं दुराचारविघातिनीम् ।
नमामि भवभीतोऽहं संसारार्णवतारिणीम् ॥२५॥

इदमथर्वशीर्षं योऽधीते स पञ्चाथर्वशीर्षजपफलमाप्नोति । इदमथर्वशीर्षमज्ञात्वा योऽर्चां स्थापयति–शतलक्षं प्रजप्त्वापि सोऽर्चासिद्धिं न विन्दति ।

शतमष्टोत्तरं चास्य पुरश्चर्याविधिः स्मृतः ।
दशवारं पठेद् यस्तु सद्यः पापैः प्रमुच्यते ।
महादुर्गाणि तरति महादेव्याः प्रसादतः ॥२६॥

सायमधीयानो दिवसकृतं पापं नाशयति । प्रातरधीयानो रात्रिकृतं पापं नाशयति । सायं प्रातः प्रयुञ्जानो अपापो भवति । निशीथे तुरीयसन्ध्यायां जप्त्वा वाक्सिद्धिर्भवति । नूतनायां प्रतिमायां जप्त्वा देवतासांनिध्यं भवति । प्राणप्रतिष्ठायां जप्त्वा प्राणानां प्रतिष्ठा भवति । भौमाश्विन्यां महादेवीसंनिधौ जप्त्वा महामृत्युं तरति । स महामृत्युं तरति य एवं वेद । इत्युपनिषत् ॥

॥ इति श्रीदेव्यथर्वशीर्षम् ॥

# अथ सिद्धकुञ्जिकास्तोत्रम्

*शिव उवाच*

शृणु देवि प्रवक्ष्यामि कुञ्जिकास्तोत्रमुत्तमम् ।
येन मन्त्रप्रभावेण चण्डीजापः शुभो भवेत् ॥१॥
न कवचं नार्गलास्तोत्रं कीलकं न रहस्यकम् ।
न सूक्तं नापि ध्यानं च न न्यासो न च वार्चनम् ॥२॥
कुञ्जिकापाठमात्रेण दुर्गापाठफलं लभेत् ।
अति गुह्यतरं देवि देवानामपि दुर्लभम् ॥३॥

गोपनीयं प्रयत्नेन स्वयोनिरिव पार्वति ।
मारणं मोहनं वश्यं स्तम्भनोच्चाटनादिकम् ।
पाठमात्रेण संसिद्ध्येत् कुञ्जिकास्तोत्रमुत्तमम् ॥४॥

ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॥ ॐ ग्लौं हुं क्लीं जूं सः ज्वालय ज्वालय ज्वल ज्वल प्रज्वल प्रज्वल ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ज्वल हं सं लं क्षं फट् स्वाहा ॥

नमस्ते रुद्ररूपिण्यै नमस्ते मधुमर्दिनि ।
नमः कैटभहारिण्यै नमस्ते महिषार्दिनि ॥१॥
नमस्ते शुम्भहन्त्र्यै च निशुम्भासुरघातिनि ।
जाग्रतं हि महादेवि जपं सिद्धं कुरुष्व मे ॥२॥
ऐङ्कारी सृष्टिरूपायै ह्रीङ्कारी प्रतिपालिका ।
क्लीङ्कारी कामरूपिण्यै बीजरूपे नमोऽस्तु ते ॥३॥
चामुण्डा चण्डघाती च यैकारी वरदायिनी ।
विच्चे चाभयदा नित्यं नमस्ते मन्त्ररूपिणि ॥४॥
धां धीं धूं धूर्जटेः पत्नी वा वां वीं वूं वागधीश्वरी ।
क्रां क्रीं क्रूं कालिका देवि शां शीं शूं मे शुभं कुरु ॥५॥
हुं हुं हुङ्काररूपिण्यै जं जं जं जम्भनादिनी ।
भ्रां भ्रीं भ्रूं भैरवी भद्रे भवान्यै ते नमो नमः ॥६॥
अं कं चं टं तं पं यं शं वीं दुं ऐं वीं हं क्षं ।
धिजाग्रं धिजाग्रं त्रोटय त्रोटय दीप्तं कुरु कुरु स्वाहा ॥७॥
पां पीं पूं पार्वती पूर्णा खां खीं खूं खेचरी तथा ।
सां सीं सूं सप्तशती देव्या मन्त्रसिद्धिं कुरुष्व मे ॥८॥
इदं तु कुञ्जिकास्तोत्रं मन्त्रजागर्तिहेतवे ॥
अभक्ते नैव दातव्यं गोपितं रक्ष पार्वति ॥
यस्तु कुञ्जिकया देवि हीनां सप्तशतीं पठेत् ॥
न तस्य जायते सिद्धिररण्ये रोदनं यथा ॥

॥ इति श्रीरुद्रयामले गौरीतन्त्रे शिवपार्वतीसंवादे
कुञ्जिकास्तोत्रं सम्पूर्णम् ॥

# श्रीदेव्यपराधक्षमापनस्तोत्रम्

न मन्त्रं नो यन्त्रं तदपि च न जाने स्तुतिमहो
न चाह्वानं ध्यानं तदपि च न जाने स्तुतिकथाः ।
न जाने मुद्रास्ते तदपि च नजाने विलपनं
परं जाने मातस्त्वदनुसरणं क्लेशहरणम् ॥१॥

विधेरज्ञानेन द्रविणविरहेणालसतया
विधेयाशक्यत्वात्तव चरणयोर्या च्युतिरभूत् ।
तदेतत्क्षन्तव्यं जननि सकलोद्धारिणि शिवे
कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ॥२॥

पृथिव्यां पुत्रास्ते जननि बहवः सन्ति सरला
परं तेषां मध्ये विरलतरलोऽहं तव सुतः ।
मदीयोऽयं त्यागः समुचितमिदं नो तव शिवे
कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ॥३॥

जगन्मातर्मातस्तव चरणसेवा न रचिता
न वा दत्तं देवी द्रविणमपि भूयस्तव मया ।
तथापि त्वं स्नेहं मयि निरुपमं यत्प्रकुरुषे
कुपुत्रो जायेत क्वचिदपि कुमाता न भवति ॥५॥

परित्यक्ता देवा विविधविधसेवाकुलतया
मया पञ्चाशीतेरधिकमपनीते तु वयसि ।
इदानीं चेन्मातस्तव यदि कृपा नापि भविता
निरालम्बो लम्बोदरजननि कं यामि शरणम् ॥६॥

श्वपाको जल्पाको भवति मधुपाकोपमगिरा
निरातङ्को रङ्को विहरति चिरं कोटिकनकैः ।
तवापर्णे कर्णे विशति मनुवर्णे फलमिदं
जनः को जानीते जननि जपनीयं जपविधौ ॥७॥

चिताभस्मालेपो गरलमशनं दिक्पटधरो
जटाधारी कण्ठे भुजगपतिहारी पशुपतिः ।
कपाली भूतेशो भजति जगदीशैकपदवीं
भवानि त्वत्पाणिग्रहणपरिपाटीफलमिदम् ॥८॥

न मोक्षस्याकाङ्क्षा भवविभववाञ्छापि च न मे
न विज्ञानापेक्षा शशिमुखिसुखेच्छापि न पुनः ।
अतस्त्वां संयाचे जननि जननं यातु मम वै
मृडानी रुद्राणी शिव शिव भवानीति जपतः ॥९॥

नाराधितासि विधिना विविधोपचारैः
किं रुक्षचिन्तनपरैर्न कृतं वचोभिः ।
श्यामे त्वमेव यदि किञ्चन मय्यनाथे
धत्से कृपामुचितमम्ब परं तवैव ॥१०॥

आपत्सु मग्नः स्मरणं त्वदीयं
करोमि दुर्गे करुणार्णवेशि ।
नैतच्छठत्वं मम भावयेथाः
क्षुधातृषार्ता जननीं स्मरन्ति ॥११॥

जगदम्ब विचित्रमत्र किं
परिपूर्णा करुणास्ति चेन्मयि ।
अपराधपरम्परावृतं
न हि माता समुपेक्षते सुतम् ॥१२॥

मत्समः पातकी नास्ति पापघ्नी त्वत्समा न हि ।
एवं ज्ञात्वा महादेवी यथा योग्यं तथा कुरु ॥१३॥

॥ इति श्रीशङ्कराचार्यविरचितं देव्यपराधक्षमापनस्तोत्रं सम्पूर्णम् ॥

# अथ दुर्गाद्वात्रिंशन्नाममाला

दुर्गा दुर्गार्तिशमनी दुर्गापद्विनिवारिणी ।
दुर्गमच्छेदिनी दुर्गसाधिनी दुर्गनाशिनी ॥१॥
दुर्गतोद्धारिणी दुर्गनिहन्त्री दुर्गमापहा ।
दुर्गमज्ञानदा दुर्गदैत्यलोकदवानला ॥२॥
दुर्गमा दुर्गमालोका दुर्गमात्मस्वरूपिणी ।
दुर्गमार्गप्रदा दुर्गमविद्या दुर्गमाश्रिता ॥३॥
दुर्गमज्ञानसंस्थाना दुर्गमध्यानभासिनी ।
दुर्गमोहा दुर्गमगा दुर्गमार्थस्वरूपिणी ॥४॥
दुर्गमासुरसंहन्त्री दुर्गमायुधधारिणी ।
दुर्गमाङ्गी दुर्गमता दुर्गम्या दुर्गमेश्वरी ॥५॥
दुर्गभीमा दुर्गभामा दुर्गभा दुर्गदारिणी ।
नामावलिमिमां यस्तु दुर्गाया मम मानवः ॥६॥
पठेत् सर्वभयान्मुक्तो भविष्यति न संशयः ॥

॥ इति दुर्गाद्वात्रिंशन्नाममाला ॥

# श्रीकनकधारास्तोत्रम्

वन्दे वन्दारुमन्दारमिन्दिरानन्दकन्दलम् ।
अमन्दानन्दसन्दोहबन्धुरं सिन्धुराननम् ॥

अङ्गं हरेः पुलकभूषणमाश्रयन्ती
भृङ्गाङ्गनेव मुकुलाभरणं तमालम् ।
अङ्गीकृताखिलविभूतिरपाङ्गलीला
माङ्गल्यदास्तु मम मङ्गलदेवतायाः ॥१॥

मुग्धा मुहुर्विदधती वदने मुरारेः
प्रेमत्रपाप्रणिहितानि गतागतानि ।
मालादृशोर्मधुकरीव महोत्पले या
सा मे श्रियं दिशतु सागरसम्भवायाः ॥२॥

विश्वामरेन्द्रपदविभ्रमदानदक्ष-
मानन्दहेतुरधिकं मधुविद्विषोऽपि ।
ईषन्निषीदतु मयि क्षणमीक्षणार्ध-
मिन्दीवरोदरसहोदरमिन्दिरायाः ॥३॥

आमीलिताक्षमधिगम्य मुदा मुकुन्द-
मानन्दकन्दमनिमेषमनङ्गतन्त्रम् ।
आकेकरस्थितकनीनिकपक्ष्मनेत्रं
भूत्यै भवेन्मम भुजङ्गशयाङ्गनायाः ॥४॥

बाह्वन्तरे मुरजितः श्रितकौस्तुभे या
हारावलीव हरिनीलमयी विभाति ।
कामप्रदा भगवतोऽपि कटाक्षमाला
कल्याणमावहतु मे कमलालयायाः ॥५॥

कालाम्बुदालिललितोरसि कैटभारे-
र्धाराधरे स्फुरति या तडिदङ्गनेव ।
मातुः समस्तजगतां महनीयमूर्ति-
र्भद्राणि मे दिशतु भार्गवनन्दनायाः ॥६॥

प्राप्तं पदं प्रथमतः खलु यत्प्रभावान्
माङ्गल्यभाजि मधुमाथिनि मन्मथेन ।
मय्यापतेत्तदिह मन्थरमीक्षणार्धं
मन्दालसं च मकरालयकन्यकायाः ॥७॥
दद्याद्दयानुपवनो द्रविणाम्बुधारा-
मस्मिन्नकिञ्चनविहङ्गशिशौ विषण्णे ।
दुष्कर्मघर्ममपनीय चिराय दूरं
नारायणप्रणयिनीनयनाम्बुवाहः ॥८॥
इष्टा विशिष्टमतयोऽपि यया दयार्द्र-
दृष्ट्या त्रिविष्टपपदं सुलभं लभन्ते ।
दृष्टिः प्रहृष्टकमलोदरदीप्तिरिष्टां
पुष्टिं कृषीष्ट मम पुष्करविष्टरायाः ॥९॥
गीर्देवतेति गरुडध्वजसुन्दरीति
शाकम्भरीति शशिशेखरबल्लभेति ।
सृष्टिस्थितिप्रलयकेलिषु संस्थिता या
तस्यै नमस्त्रिभुवनैकगुरोस्तरुण्यै ॥१०॥
श्रुत्यै नमोऽस्तु शुभकर्मफलप्रसूत्यै
रत्यै नमोऽस्तु रमणीयगुणार्णवायै ।
शक्त्यै नमोऽस्तु शतपत्रनिकेतनायै
पुष्ट्यै नमोऽस्तु पुरुषोत्तमबल्लभायै ॥११॥
नमोऽस्तु नालीकनिभाननायै
नमोऽस्तु दुग्धोदधिजन्मभूत्यै ।
नमोऽस्तु सोमामृतसोदरायै
नमोऽस्तु नारायणबल्लभायै ॥१२॥

नमोऽस्तु हेमाम्बुजपीठिकायै
नमोऽस्तु भूमण्डलनायिकायै ।
नमोऽस्तु देवादिदयापरायै
नमोऽस्तु शार्ङ्गायुधवल्लभायै ॥१३॥
नमोऽस्तु देव्यै भृगुनन्दनायै
नमोऽस्तु विष्णोरुरसि स्थितायै ।
नमोऽस्तु लक्ष्म्यै कमलालयायै
नमोऽस्तु दामोदरबल्लभायै ॥१४॥
नमोऽस्तु कान्त्यै कमलेक्षणायै
नमोऽस्तु भूत्यै भुवनप्रसूत्यै ।
नमोऽस्तु देवादिभिरर्चितायै
नमोऽस्तु नन्दात्मजवल्लभायै ॥१५॥
सम्पत्कराणि सकलेन्द्रियनन्दनानि
साम्राज्यदाननिरतानि सरोरुहाक्षि ।
त्वद्वन्दनानि दुरिताहरणोद्यतानि
मामेव मातरनिशं कलयन्तु मन्ये ॥१६॥
यत्काक्ष–समुपासना–विधिः
सेवकस्य सकलार्थसम्पदः ।
सन्तनोति वचनाङ्गमानसै-
स्त्वां मुरारिहृदयेश्वरीं भजे ॥१८
सरसिजनिलये सरोजहस्ते
धवलतमांशुकगन्धमाल्यशोभे ।
भगवति हरिवल्लभे मनोज्ञे
त्रिभुवनभूतिकरि प्रसीद मह्यम् ॥१९॥

दिग्धस्तिभिः कनककुम्भमुखावसृष्ट-
स्वर्वाहिनीविमलचारुजलप्लुताङ्गीम् ।
प्रातर्नमामि जगतां जननीमशेष-
लोकाधिनाथगृहिणीममृताब्धिपुत्रीम् ॥२०॥

कमले कमलाक्षबल्लभे त्वं
करुणापूरतरङ्गितैरपाङ्गैः ।
अवलोकय मामकिञ्चनानां
प्रथमं पात्रमकृत्रिमं दयायाः ॥२१॥

स्तुवन्ति ये स्तुतिभिरमूभिरन्वहं
त्रयीमयीं त्रिभुवनमातरं रमाम् ।
गुणाधिका गुरुतरभाग्यभाजिनो
भवन्ति ते भुवि बुधभाविताशयाः ॥२२॥

सुवर्णधारास्तोत्रं यच्छङ्कराचार्यनिर्मितम् ।
त्रिसन्ध्यं यः पठेन्नित्यं स कुबेरसमो भवेत् ॥२३॥

॥ इति श्रीमच्छङ्कराचार्यविरचितं कनकधारास्तोत्रं समाप्तम् ॥

# सिद्धसरस्वतीस्तोत्रम्

ॐ अस्य श्रीवाग्वादिनी शारदामन्त्रस्य मार्कण्डेयाऽश्वलायन ऋषिः स्रग्धरानुष्टुभौ छन्दसी श्रीसरस्वतीदेवता श्रीसरस्वतीप्रसादसिद्ध्यर्थे जपे विनियोगः ।

ध्यानम्

शुक्लां ब्रह्मविचारसारपरमामाद्यां जगद्व्यापिनीं
वीणापुस्तकधारिणीमभयदां जाड्यान्धकारापहाम् ।
हस्ते स्फाटिकमालिकां विदधतीं पद्मासने संस्थितां
वन्दे तां परमेश्वरीं भगवतीं बुद्धिप्रदां शारदाम् ॥

*ब्रह्मोवाच*

ह्रीं ह्रीं हृद्यैकबीजे शशिरुचिकमले कल्पविस्पष्टशोभे
भव्ये भव्यानुकूले कुमतिवनदहे विश्ववन्द्याङ्घ्रिपद्मे ।
पद्मे पद्मोपविष्टे प्रणतजनमनोमोदसंपादयित्री
प्रोत्फुल्लज्ञानकूटे हरिजनदयिते देवि संसारसारे ॥१॥
ऐं ऐं ऐं इष्टमन्त्रे कमलभवमुखाम्भोजरूपे स्वरूपे
रूपारूपप्रकाशे सकलगुणमये निर्गुणे निर्विकारे ।
न स्थूले नैव सूक्ष्मेऽप्यविदितविभवे नापि विज्ञानतत्त्वे
विश्ले विश्वान्तराले सुरवरनमिते निष्कले नित्यशुद्धे ॥२॥
ह्रीं ह्रीं ह्रीं जापतुष्टे हिमरुचिमुकुटे वल्लकीव्यग्रहस्ते
मातर्मातर्नमस्ते दह दह जडतां देहि बुद्धिं प्रशस्ताम् ।
विद्ये वेदान्तगीते श्रुतिपरिपठिते मोक्षदे मुक्तिमार्गे
मार्गातीतप्रभावे भव मम वरदा शारदे शुभ्रहारे ॥३॥
ध्रीं ध्रीं ध्रीं धारणाख्ये धृतिमतिनुतिभिर्नामभिःकीर्तनीये
नित्येऽनित्ये निमित्ते मुनिगणनमिते नूतने वै पुराणे ।
पुण्येऽपुण्यप्रभावे हरिहरनमिते पुण्यतत्त्वे सुवर्णे
मन्त्रे मन्त्रार्थतत्त्वे मतिमतिमतिदे माधवप्रीतिनादे ॥४॥

ह्रीं क्लीं ध्रीं ह्रीं स्वरूपे दह दह दुरितं पुस्तकव्यग्रहस्ते
सन्तुष्टाकारचित्ते स्मितमुखि सुभगे जम्भनिःस्तंभविद्ये ।
मोहे मुग्धप्रबोधे मम कुरु कुमतिध्वान्तविध्वंसनित्ये
गीर्वाग्गौर्भारती त्वं कविवृषरसना सिद्धिदे सिद्धिसाध्ये ॥५॥
सौं सौं सौं शक्तिबीजे कमलभवमुखाम्भोजभूतस्वरूपे
रूपारूपप्रकाशे सकलगुणमये निर्गुणे निर्विकारे ।
न स्थूले नैवसूक्ष्मेऽप्यविदितविभवे जाप्यविज्ञानतत्त्वे
विश्वे विश्वान्तराले सुरगणनमिते निष्कले नित्यशुद्धे ॥६॥
स्तौमि त्वां त्वां च वन्दे भज मम रसनां मा कदाचित्त्यजेथाः
मा मे बुद्धिर्विरुद्धा भजतु न च मनो देवि मे जातु पापम् ।
मा मे दुःखं कदाचिद्विपदि च विषये मास्तु मे चाकुलत्वं
शास्त्रे वादे कवित्वे प्रसरतु मम धीर्मास्तु कुण्ठा कदाचित् ॥७॥
इत्येतैः श्लोकमुख्यैः प्रतिदिनमुषसि स्तौति यो भक्तिनम्रो
देवीं वाचस्पतेरप्यतिमतिविभवो वाक्पटुर्नष्टपङ्कः ।
सस्यादिष्टार्थलाभः सुतमिव सततं पाति तं सा च देवी
सौभाग्यं तस्य लोक प्रसरति कविताविघ्नमस्तं प्रयाति ॥८॥
ब्रह्मचारी व्रती मौनी त्रयोदश्यां निरामिषः ।
सरस्वतीस्तोत्रपाठात्स स्यादिष्टार्थलाभवान् ॥९॥
पक्षद्वयेऽपि यो भक्त्या त्रयोदश्येकविंशतिम् ।
अविच्छेदं पठेद्धीमान्ध्यात्वा देवीं सरस्वतीम् ॥१०॥
शुक्लाम्बरधरां देवीं शुक्लाभरणभूषिताम् ।
वाञ्छितं फलमाप्नोति स लोके नात्र संशयः ॥११॥
इति ब्रह्मा स्वयं प्राह सरस्वत्याः स्तवं शुभम् ।
प्रयत्नेन पठेन्नित्यं सोऽमृतत्वं प्रगच्छति ॥१२॥

इति ब्रह्मपुराणोक्तं सरस्वतीस्तोत्रम्

# अनुक्रमणिका


ॐ ऐं मार्कण्डेय उवाच १/१
ॐ ऋषिरुवाच १/१०, १/११, १/१३ १/३, १/४, १/७, १/८, १/६
ॐ क्लीं ऋषिरुवाच १/५
ॐ देव्युवाच १/१२
ॐ राजोवाच १/९
ॐ ह्रीं ऋषिरुवाच १/२
अङ्गुलीयकरत्नानि २७/२
अट्टाट्टहासमशिवं २३/९
अतिविस्तारवदना ८/७
अतिसौम्यातिरौद्रायै १३/५
अतीव तेजसः कूटं १२/२
अतुलं तत्र तत्तेजः १३/२
अथ क्रुद्धं महासैन्यम् १४/६
अथ मुण्डोऽभ्यधावत्ताम् २१/७
अददज्जलधिस्तस्यै २९/२
अद्य सर्वबलैर्दैत्याः ४/८
अधुध्यतायुतानां च ४२/२
अनुवृत्तिं ध्रुवं तेऽद्य १५/१
अन्येषां चैव देवानां ११/२
अन्येषामपि दैत्यानां १२४/५
अभ्यधावत तं ३७/२
अमात्यैर्बलिभिर्दुष्टैः ८/१
अमायतातिमहता ३३/२
अयुतानां शतैः ४३/२
अर्धचन्द्रं तथा शुभ्रं २६/२
अर्धनिष्क्रान्त एवासौ ४२/३
अर्हणां चक्रतुस्तस्याः ११/१३
अवलिप्तासि मैवं त्वं १२३/५
अवादयंस्तथैवान्ये ३१/१०
अव्याहताज्ञः सर्वासु १०७/५
अष्टम्यां च चतुर्दश्याम् ४/१२
असिना निहताः केचित् १५/७
असुरान् भुवि पाशेन ५७/२
असुरासृग्वसापङ्कचर्चितः २८/११
अस्त्राण्यनेकरुपाणि २८/२
अहं विभूत्या बहुभिः ८/१०
आजगाम महावीर्यः ८/९
आज्ञप्तास्ते ततो दैत्याः २/७
आधारभूता जगतस्त्वमेका ४/११
आयान्तं चण्डिका दृष्ट्वा ८/८
आराधिता सैव नृणाम् ५/१३
आविध्याथ गदां सः १५/९
आस्तीर्य शेषमभजत् ६७/१
इति कृत्वा मतिं देवा ७/५
इति क्रोधसमाध्मातम् २८/३
इति चेति च वक्तव्या १०३/५
इति तस्य वचः श्रुत्वा ७/१३
इति दत्वा तयोर्देवी २७/१३
इति प्रसादिता देवैः ३९/४
इति मातृगणं क्रुद्धम् ३९/८
इत्थं निशम्य देवानां ९/२
इत्याकर्ण्य वचो देव्याः २/६
इत्याज्ञाप्यासुरपतिः ७/८
इत्युक्तः सोऽभ्यधावत्ताम् १३/६
इत्युक्ता सा तदा देवी ११६/५
इत्युक्त्वा सा भगवती ३२/१२
इत्येतत्कथितं भूप ४०/४
इन्द्राद्याः सकलाः देवाः १२५/५
इन्द्रियाणामधिष्ठात्री ७७/५

ईषत्सहासममलं १२/४
उक्तवन्तौ वरोऽस्मत्तो ९५/१
उग्रास्यमुग्रवीर्यं च १९/३
उत्थाय च महासिं २०/७
उत्पत्य च प्रगृह्योच्चैः २२/१०
उत्पन्नेति तदा लोके ६६/१
उत्पातमेघाः सोल्का ये २९/१०
उदग्रश्च रणे देव्या १७/३
उपविष्टौ कथाः ३८/१
उपसर्गाः शमं यान्ति १७/१२
उपसर्गानशेषांस्तु ८/१२
ऋषिरुवाच १०१/५,१०२/१, ११५/५, १२/६, २५/७, २८/४, ३१/१२, ३८/४, ३९/३, ४/९, ६/६, ८३/५, ८८/१, ९/१०, ९९/१, ४६/१, ६३/१
एकं जग्राह केशेषु १२/७
एकबाह्वक्षिचरणाः ६२/२
एकार्णवेऽहिशयनात् ९२/१
एकैवाहं जगत्यत्र ५/१०
एतत्कृतं यत्कदनं त्वयाद्य ३०/११
एतत्ते कथितं भूप २/१३
एतत्ते वदनं सौम्यं २५/११
एतद्वः कथितं सर्वम् ८/२
एतस्मिन्नन्तरे भूप १२/८
एभिः स्तवैश्च मां नित्यम् २/१२
एभिर्हतैर्जगदुपैति १८/४
एवं दैत्यैन्द्र रत्नानि १००/५
एवं भगवती देवी ३६/१२
एवं संक्षीयमाणे तु २१/३
एवं स्तवादियुक्तानां ८४/५
एवं स्तुता तदा देवी ८९/१
एवं स्तुता सुरैर्दिव्यैः २९/४
एवमुक्त्वा समुत्पत्य ४०/३
एवमेतद् बली शुम्भो १२८/५
एवमेतद्यथा प्राह ३०/१
एवमेषा समुत्पन्ना १०४/१
ऐन्द्रीकुलिशपातेन शतशो ३५/८
ऐरावतः समानीतो ९४/५
कणमोक्षादृतान्मोहात् ५२/१
कथं ते किं नु सद्वृत्ता २५/१
कबन्धा युयुधुर्देव्या ६३/२
कबन्धाश्छिन्नशिरसः ६४/२
कमण्डलुजलाक्षेपहतवीर्यान् ३३/८
करेण च महासिंहम् ३२/३
करोमि किं यन्न ३४/१
कलाकाष्ठादिरुपेण ९/११
कल्याण्यै प्रणतां वृद्ध्यै ११/५
कांश्चित् करप्रहारेण १६/६
कांश्चित्तुण्डप्रहारेण २२/३
कारितास्ते यतोऽतस्त्वां ८५/१
कालका दौर्हृदा मौर्याः ६/८
कालदण्डाद्यमो २३/२
कालरात्रिर्महारात्रिः ७९/१
किं करोमि न बध्नाति ३१/१
किं त्वत्र यत्प्रतिज्ञातं ११९/५
किं वर्णयाम तव रुपम् ६/४
किमन्येन वरेणात्र ९८/१
किरीटिनि महावज्रे १९/११
कुलिशेनाहतस्याशु बहु ४३/८
केचिद्दिवा तथा रात्रौ ४९/१
केचिद्विनेशुरसुराः ४१/९
केचिन्निपातिता भूमौ ५९/२
केनोपमा भवतु ते २२/४
केशेष्वाकृष्य बदुध्वा २ ३/६
केषांचित्पाटयामास नखैः १७/६
कोटिवीर्याणि पञ्चाशत् ५/८

कोमाध्मातो निशुम्भः १४/९
कौमारी शक्तिहस्ता च १७/८
कौमारीशक्तिनिर्भिन्नाः ३८/९
क्रोधरक्तेक्षणावत्तुं ९३/१
क्षणेन तद्बलं सर्वम् १६/७
क्षणेन तद्बलं सर्वं १९/६
क्षणेन तन्महासैन्यम् ६७/२
क्षीरोदमथनोद्भूतम् ११०/५
क्षीरोदश्चामलं २५/२
खड्गनदिभिश्च शतशो ५६/२
खड्गप्रभानिकरविस्फुरणैः २०/४
खड्गशूलगदादीनि यानि २७/४
खण्डं खण्डं च चक्रेण ४०/९
गर्ज गर्ज क्षणं मूढ ३८/३
गृहीतोग्रमहाचक्रे १७/११
चकार कोपमतुलं ५/९
चचारासुरसैन्येषु ५२/२
चचाल वसुधा चेलुः ३४/२
चण्डाट्टहासैरसुराः ३८/८
चण्डे च निहते दैत्ये २/८
चिक्षेप च ततस्तत्तु ९/३
चिच्छेद च धनुः सद्यः ५/३
चिच्छेदापततस्तस्य १९/१०
चिच्छेदास्ताञ्छरांस्ताभ्यां १०/९
चितिरुपेण या कृत्स्नम् ७८/५
चुकोप च क्षयितं कृत्स्नं २१/६
छत्रं ते वारुणं गेहे ९७/५
छिन्ने चर्मणि खड्गे च १३/९
छिन्ने धनुषि दैत्येन्द्रः १५/१०
जगद्विध्वंसिनि तस्मिन् ३५/१२
जगाम सद्यस्तपसे ९/१३
जघान रक्तबीजं तं ६१/८
जज्वलुश्चाग्नयः शान्ताः ३२/१०
जानताऽजानता वापि ११/१२
जानतोऽपि यथाज्ञस्य ४२/१
ज्ञानमस्ति समस्तस्य ४७/१
ज्वालाकरालमत्युग्रम् २६/११
त एव सद्यः सम्भूता ५३/२
तं निनादमुपश्रुत्य ११/८
तं प्रयच्छामि संसिद्ध्यै २५/१३
तत एवाशु पुरुषं ३१/३
ततः काली समुत्पत्य २२/९
ततः कोपं चकारोच्चैः ५/७
ततः कोपपराधीनचेताः ३/८
ततः क्रुद्धा जगन्माता ३४/३
ततः खड्गमुपादाय १६/१०
ततः परशुहस्तं तम् १६/९
ततः परिवृतस्ताभिरीशानो २२/८
ततः प्रथममेवाग्रे ३०/८
ततः प्रववृते युद्धं १०/१०
ततः प्रसननमखिलम् २८/१०
ततः शतेन नेत्राणाम् ४७/११
ततः शरशतैर्देवी १४/१०
ततः समस्तदेवानां १९/२
ततः समस्तास्ता देव्यो ६/१०
ततः सा चण्डिका क्रुद्धा २८/९
ततः सिंहः समुत्पत्य १४/३
ततः सिंहस्चखादोग्रम् ३७/९
ततः सिंहो महानादमतीव ९/८
ततः सिंहो महानादैः २१/९
ततः सिंहोऽभवत्सद्यो ३०/३
ततः सोऽपि पदाऽऽक्रान्तः ४१/३
ततः स्वपुरमायातो ७/१
ततःपराजिता देवाः ४/२
ततस्तौ सहितौ विप्र ३६/१
ततो जहासातिरुषा भीमं १९/७

| | |
|---|---|
| ततो देवगणाः सर्वे | ३०/१० |
| ततो देवीशरीरात्तु | २३/८ |
| ततो धुतसटः कोपात् | १५/६ |
| ततो नियुद्धं सुचिरं | २४/१० |
| ततो निशुम्भः सम्प्राप्य | २९/९ |
| ततो निशुम्भो वेगेन | ३२/९ |
| ततो भगवती क्रुद्धा | ३१/९ |
| ततो महासुरो भूयो | ३३/३ |
| ततो मां देवताः स्वर्गे | ४५/११ |
| ततो मृगयाव्याजेन | ९/१ |
| ततो युद्धमतीवासीद्देव्या | ९/९ |
| ततो वव्रे नृपो राज्यम् | १७/१३ |
| ततो वेगात् खमुत्पत्य | १६/३ |
| ततो हाहाकृतं सर्वं | ४३/३ |
| ततोऽतिकोपपूर्णस्य | १०/२ |
| ततोऽम्बिकां परं रुपम् | ८९/५ |
| ततोऽहमखिलं लोकम् | ४८/११ |
| तत्परित्राणदः कश्चिद्यदि | ५/६ |
| तत्र विप्राश्रमाभ्याशे | १७/१ |
| तत्रासुरैर्महावीर्यैः | ३/२ |
| तत्सर्वं श्रोतुमिच्छामि | ६२/१ |
| तथा संहृतिरुपान्ते | ७७/१ |
| तथापि तत्समुत्पत्तिः | ६५/१ |
| तथेत्युक्त्वा भगवता | १०३/१ |
| तथैव योधं तुरगैः | ११/७ |
| तथैव वैष्णवी शक्तिः | १८/८ |
| तदा तदावतीर्याहम् | ५५/११ |
| तदागच्छतु शुम्भोऽत्र | १२१/५ |
| तदाहं भ्रामरं रुपम् | ५३/११ |
| तमायान्तं ततो देवी | २६/१० |
| तमायान्तं समालोक्य | १९/९ |
| तयास्माकं वरो दत्तो | ६/५ |
| तयैतन्मोह्यते विश्वम् | ३७/१२ |
| तलप्रहाराभिहतो | २१/१० |
| तस्थौ कंचित्स कालं च | ११/१ |
| तस्मान्ममैतन्माहात्म्यम् | ७/१२ |
| तस्मिञ्छूरते वैरिकृतं | २४/१२ |
| तस्मिन्निपतिते भूमौ | १७/९ |
| तस्य तैरभववद् युद्धम् | ६/१ |
| तस्य दूतस्य तद्वाक्यम् | ३/६ |
| तस्य निष्क्रामतो देवी | ३६/९ |
| तस्य पालयतः सम्यक् | ५/१ |
| तस्य वित्तर्द्धिविभवैः | ३७/४ |
| तस्यच्छित्वा ततः | ४/३ |
| तस्या सर्वस्या या शक्तिः | ८३/१ |
| तस्यां विनिर्गतायां तु | ८८/५ |
| तस्यां हतायां दुष्टायां | २४/६ |
| तस्याः खड्गेन | ८/३ |
| तस्याग्रतस्तथा काली | ३२/८ |
| तस्याग्रतस्तथा पृष्ठे | ७/९ |
| तस्यापतत एवाशु | ३३/९ |
| तस्यापपत एवाशु खड्गं | १७/१० |
| तस्यास्तु दन्ताः सम्भूताः | १७/२ |
| तस्याहतस्य बहुधा | ५१/८ |
| तांश्चखादाथ चामुण्डा | ६०/८ |
| ताडिते वाहने देवी | १२/९ |
| तानि चक्राण्यनेकानि | १८/७ |
| तान् विषण्णान् सुरान् | ५३/८ |
| ताभ्यां शुम्भाय चाख्याता | ९०/५ |
| तावानीतौ ततो दृष्ट्वा | २६/७ |
| तावेव पवनर्द्धिञ्च | ४/५ |
| तावेव सूर्यतां तद्वद् | ३/५ |
| तुण्डप्रहारविध्वस्ता | ३६/८ |
| तुष्टुवुर्मुनयश्चैनां | ३५/२ |
| तुष्टुवुस्तां सुरा देवीं | ४४/३ |
| ते चापि युयुधुस्तत्र पुरुषा | ४५/८ |

ते दृष्ट्वा तां समादातुम् ४/७
ते सम्मता जनपदेषु १५/४
तेऽपि श्रुत्वा वचो देव्याः २९/८
तेनाज्ञप्तस्ततः शीघ्रम् ७/६
तेषां मातृगणो जातो ६३/८
तेषु किं भवतः स्नेहम् २८/१
तैर्मुक्तानि च शस्त्राणि १३/७
तैश्चासुरासृक्सम्भूतैरसुरैः ५२/८
त्रिशूलचन्द्राहिधरे १४/११
त्रैलोक्यमिन्द्रो लभतां २६/८
त्रैलोक्यमेतदखिलं २३/४
त्रैलोक्ये वररत्नानि १०९/५
त्वं वैष्णवी शक्तिरनन्तवीर्या ५/११
त्वं स्वाहा त्वं स्वधा ७३/१
त्वमेव संध्या सावित्री ७५/१
त्वयैतत्पाल्यते देवि ७६/१
ददतुस्तौ बलिं चैव १२/१३
ददावशून्यं सुरया ३०/२
ददृशुस्ते ततो देवीम् ३/७
दस्युभिर्वा वृतः शून्ये २६/१२
दिव्यान्यस्त्राणि शतशो १२/१०
दिशो भुजसहस्रेण ३९/२
दुःखाय यन्मे मनसः ४१/१
दुरात्मंस्तिष्ठ तिष्ठेति २४/९
दुर्गा देवीति विख्यातम् ५०/११
दुर्गायै दुर्गपारायै १२/५
दुर्गे स्मृता हरसि १७/४
दुर्वृत्तशमनं तव २१/४
दुर्वृत्तानामशेषाणाम् १९/१२
दूत उवाच १०५/५,१२२/५
दूरादेव पलायन्ते स्मरतः ३०/१२
दृष्टदोषेऽपि विषये ४४/१
दृष्ट्वा तदापतश्छूलं १०/३
दृष्ट्वा तावसुरौ ६९/१
दृष्ट्वा तु देवि १३/४
दृष्ट्वैव किं न भवती १९/४
देवा ऊचुः ३८/११
देवा ऊचुः ८/५
देवाः ऊचुः ३३/४
देवासुरमभूद्युद्धम् २/२
देवि दैत्येश्वरः शुम्भः १०६/५
देवि प्रपन्नार्तिहरे प्रसीद ३/११
देवि प्रसीद परमा १४/४
देवि प्रसीद परिपालय नः ३४/११
देवी क्रुद्धा गदापातैः १८/३
देवीं खड्गप्रहारैस्तु ४९/२
देव्या गणैश्च तैः ६९/२
देव्या यया ततमिदं ३/४
देव्या हते तत्र २/११
देव्युवाच १०/६, ११७/५, १२७/५, १४/१३, १९/१३, ३१/४, ३६/११, ३७/३, ४/१०, ४०/११, ७/१०
दैत्येश्वरेण प्रहितः ११/६
द्रंष्टाकरालवदने २१/११
धनुर्ज्यासिंहघण्टानां १०/८
धर्म्याणि देवि सकलानि १६/४
धुतशृङ्गविभिन्नाश्च २७/३
न चास्या वेदनां चक्रे ५८/८
न चेत्प्रीत्याद्य भवती ९/६
न तेषां दुष्कृतं किञ्चिद् ५/१२
नखैर्विदारितांश्चान्यान् ३७/८
ननर्द चासुरः सोऽपि ३५/३
नन्दगोपगृहे जाता ४२/११
नमस्तस्यै १५/५, १८/५, २१/५, २४/५, २७/५, ३०/५, ३३/५, ३६/५, ३९/५, ४२/५, ४५/५, ४८/५,

५१/५, ५४/५, ५७/५, ६०/५, ६३/५,
६६/५, ६९/५, ७२/५, ७५/५, ७९/५
नमस्तस्यै नमो नमः १६/५, १९/५,
२२/५, २५/५, २८/५, ३१/५, ३४/५,
३७/५, ४०/५, ४३/५, ४६/५, ४९/५,
५२/५, ५५/५, ५८/५, ६१/५, ६४/५,
६७/५, ७०/५, ७३/५ , ७६/५, ८०/५
नमो देव्यै महादेव्यै ९/५
नागहारं ददौ तस्यै ३१/२
नारसिंही नृसिंहस्य २०/८
नाशयन्तोऽसुरगणान् ५४/२
नित्यैव सा जगन्मूर्तिः ६४/१
निद्रां भगवतीं ७१/१
निधिरेष महापद्मः ९६/५
निपात्य प्रमथानीकम् २४/३
नियुद्धं खे तदा दैत्यः २३/१०
निर्गम्य दर्शने तस्थौ ९१/१
निशम्येति वचः शुम्भः १०२/५
निशुम्भं निहतं दृष्ट्वा २/१०
निशुम्भस्याब्धिजाताश्च ९९/५
निशुम्भो निशितं खड्गं ११/९
निहन्यमानं तत्सैन्यम् २/३
नीरक्तश्च महीपाल ६२/८
नृसिंहरुपेणोग्रेण १८/११
नैव तादृक् क्वचिद्रूपम् ९१/५
पञ्चवर्षसहस्राणि ९४/१
पतत्सु चापि शस्त्रेषु २८/१२
पतिस्वजनहार्दं च हार्दि ३२/१
परमैश्वर्यमतुलं प्राप्स्यसे ११४/५
परापराणां परमा ८२/१
परितुष्टा जगद्धात्री १३/१३
पलायनपरान् दृष्ट्वा ४०/८
पश्यतामेव देवानाम् ३३/१२
पातितै रथनागाश्वैः ६५/२
पादाक्रान्त्या नतभुवं ३८/२
पार्ष्णिग्राहाङ्कुशग्राहि १०/७
पुत्रदारैर्निरस्तश्च २२/१
पुनरप्यतिरौद्रेण रुपेण ४३/११
पुनश्च कृत्वा बाहूनाम् ३०/९
पुनश्च गौरीदेहात्सा ४१/४
पुनश्च वज्रपातेन ४६/८
पुरा शुम्भनिशुम्भाभ्याम् २/५
पूरयामास ककुभो २०/९
प्रणतानां प्रसीद त्वम् ३५/११
प्रणिपत्य महाभागम् ८/१३
प्रत्युवाच स तं वैश्यः १९/१
प्रवृत्तिं स्वजनानां च २४/१
प्राच्यां रक्ष प्रतीच्यां च २५/४
प्रीतिर्मे क्रियते सास्मिन् २२/१२
बभूवान्तर्हिता सद्यो भक्त्या २८/१३
बलादाकृष्य मोहाय ५६/१
बलावलेपादथ चेद्भवन्तः २७/८
बलावलेपाद् दुष्टे त्वं ३/१०
बलिनां तद् बलं १४/७
बलिप्रदाने पूजायाम् १०/१२
बालग्रहाभिभूतानाम् १८/१२
बिडालस्यासिना कायात् २०/३
बोधश्च क्रियतामस्य ८७/१
ब्रवीति कथमुत्पन्ना ६१/१
ब्रह्मणस्तेजसा पादौ १६/२
ब्रह्मणा च कृतास्तास्तु २५/१२
ब्रह्मेशगुहविष्णूनां १३/८
ब्रह्मोवाच ७२/१
ब्रूरहि शुम्भं निशुम्भं च २५/८
भक्त्या समस्तैस्त्रिदशैः ३०/४
भक्षयन्ती चर रणे ५५/८

भक्षयन्त्याश्च चानुग्रान् ४४/११
भक्ष्यमाणास्त्वया चोग्रा ५६/८
भगवंस्त्वामहं प्रष्टुम् ४०/१
भगवत्या कृतं सर्वम् ३४/४
भगवन् का हि सा देवी ६०/१
भग्नां शक्तिं निपतितां १३/३
भवकाले नृणां सैव ४०/१२
भवेतामद्य मे तुष्टौ ९७/१
भिन्नस्य तस्य शूलेन ३५/९
भीमा देवीति विख्यातम् ५२/११
भ्रुकुटीकुटिलात्तस्या ६/७
भूयश्च शतवार्षिक्याम् ४६/११
भूयश्चेच्छाम्यहं श्रोतुं ३/९
भ्रामरीति त मां लोकाः ५४/११
भ्रुवौ च संध्ययोस्तेजः १८/२
मच्छस्त्रपातसम्भूतान् ५४/८
मद्भृत्यैस्तैरसद्वृत्तैः १३/१
मधुकैटभनाशं च ३/१२
मनुष्याणां च यत्तेषां ५१/१
मम त्रैलोक्यमखिलं १०८/५
मम वैरिवशं यातः १४/१
ममास्य च भवत्येषा ४५/१
मया तवात्रोपहृतौ २४/७
मयूरकुक्कुटवृते १५/११
महामाया हरेश्चैषा ५५/१
महामायानुभावेन ३/१
महामायाप्रभावेण ५४/१
महामोहा च भवती ७८/१
मां वा ममानुजं वापि ११३/५
मार्कण्डेय उवाच १६/१३
मार्कण्डेय उवाच २६/१३
मार्कण्डेय उवाच ३५/१
मार्कण्डेय उवाच ६/१३
माहेश्वरी त्रिशूलेन तथा ३४/८
माहेश्वरी वृषारुढा १६/८
माहेश्वरीत्रिशूलेन भिन्नाः ३९/९
मुक्तानि तेन चास्त्राणि १३/१०
मुखेन काली जगृहे ५७/८
मुमोचासुरदेहेषु ५१/२
मृतश्च भूयः सम्प्राप्य २२/१३
मृत्योरुत्क्रान्तिदा नाम ९८/५
मृदङ्गांश्च तथैवान्ये ५५/२
मेधासि देवि विदिताखिल ११/४
मेधे सरस्वति वरे भूति २३/११
मोहयैतौ दुराधर्षावसुरौ ८६/१
मोह्यन्ते मोहिताश्चैव ४/१३
यज्ञभागभुजः सर्वे ३४/१२
यज्ञवाराहमतुलं रुपं १९/८
यतो नियुक्तो दौत्येन २८/८
यतो हि ज्ञानिनः सर्वे ५०/१
यत्प्रार्थ्यते त्वया भूप १५/१३
यत्प्रेमप्रवणं चित्तं ३३/१
यत्रैतत्पठ्यते सम्यक् ९/१२
यथावृत्तं तयोः ५/२
यदयं निहतः शत्रुः ३५/४
यदुभूच्छाम्भवं १४/२
ययस्ततस्तद्वक्त्रेण चामुण्डा ५९/८
यस्माच्चण्डं च मुण्डं च २७/७
यस्य देवस्य यदूरपं १४/८
यस्याः प्रभावमतुलं ४/४
यस्याः समस्तसुरता ८/४
या देवी सर्वभूतेषु कान्तिरुपेण ५३/५
या देवी सर्वभूतेषु क्षन्तिरुपेण ३८/५
या देवी सर्वभूतेषु क्षुधारुपेण २६/५
या देवी सर्वभूतेषु चेतना १७/५
या देवी सर्वभूतेषु जातिरुपेण ४१/५

या देवी सर्वभूतेषु तुष्टिरुपेण ६८/५
या देवी सर्वभूतेषु तृष्णारुपेण ३५/५
या देवी सर्वभूतेषु दयारुपेण ६५/५
या देवी सर्वभूतेषु निद्रारुपेण २३/५
या देवी सर्वभूतेषु बुद्धिरुपेण २०/५
या देवी सर्वभूतेषु भ्रान्तिरुपेण ७४/५
या देवी सर्वभूतेषु मातृरुपेण ७१/५
या देवी सर्वभूतेषु लक्ष्मीरुपेण ५६/५
या देवी सर्वभूतेषु लज्जारुपेण ४४/५
या देवी सर्वभूतेषु विष्णुमायेति १४/५
या देवी सर्वभूतेषु वृत्तिरुपेण ५९/५
या देवी सर्वभूतेषु शक्तिरुपेण ३२/५
या देवी सर्वभूतेषु शान्तिरुपेण ४७/५
या देवी सर्वभूतेषु श्रद्धारुपेण ५०/५
या देवी सर्वभूतेषु स्मृतिरुपेण ६२/५
या देवी सर्वभूतेषुच्छायारुपेण २९/५
या मुक्तिहेतुरविचिन्त्य ९/४
या श्रीः स्वयं सुकृतिनां ५/४
या साम्प्रतं चोद्धत ८२/५
यानि चान्यानि देवेषु १११/५
यानि रत्नाति मणयो ९३/५
यावन्तः पतितास्तस्य ४४/८
युद्ध्यमानौ ततस्तौ १५/३
युयुधुः संयुगे देव्या ४६/२
युयुधुः संयुगे देव्या खड्गैः ४८/२
युयुधे चामरश्चान्यैः ४१/२
युयुधे स गदापाणिरिन्द्र ४२/८
युयुधे संयुगे तत्र ४५/२
यैर्निरस्तो भवाँल्लुब्धैः २७/१
यो मां जयति संग्रामे १२०/५
रक्तबिन्दुर्यदा भूमौ ४१/८
रक्षणाय च लोकानां ४२/४
रक्षां करोति भूतेभ्यो २३/१२
रक्षांसि भक्षयिष्यामि ५१/११
रक्षांसि यत्रोग्रविषाश्च नागा ३२/११
राजोवाच २६/१,३९/१,५९/१
राज्ञा क्रुद्धेन चाज्ञप्तो २७/१२
रिपवः संक्षयं यान्ति १५/१२
रोगानशेपानपहंसि तुष्टा २९/११
रौद्रायै नमो नित्यायै १०/५
लक्ष्मि लज्जे महाविद्ये २२/११
लज्जा पुष्टिस्तथा तुष्टिः ८०/१
लीलयैव प्रचिच्छेद ५०/२
लोभात्प्रत्युपकाराय ५३/१
वज्रमिन्द्रः समुत्पाद्य २२/२
वज्रहस्ता तथैवैन्द्री २१/८
वञ्चिताभ्यामिति तदा १००/१
वनमभ्यागतो दुःखी २३/१
वरदाहं सुरगणा वरं ३७/११
विचित्रखट्वाङ्गधरा ७/७
विचित्रमिदमाख्यातं २/९
विच्छिन्नबाहुशिरसः १८/६
विद्या तथैव क्रियते ३/१३
विद्याः समस्तास्तव देवि भेदाः ६/११
विद्यासु शास्त्रेषु विवेकदीपे ३१/११
विपोथिता निपातेन ५८/२
विप्राणां भोजनैर्होमैः २१/१२
विबोधनार्थाय हरेः ७०/१
विमानं हंससंयुक्तम् ९५/५
विलोक्य ताभ्यां गदितो १०१/१
विश्वेश्वरि त्वं परिपासि विश्वम् ३३/११
विषयश्च महाभाग ४८/१
विष्णुकर्णमलोद्भूतौ ६८/१
विष्णोः प्रबोधनार्थाय ९०/१
वृतो रथानां कोट्या ४४/२
वेगभ्रमणविक्षुण्णा २६/३

वेगेन कांश्चिदपरान् २३/३
वैवस्वतेऽन्तरे प्राप्ते ४१/११
वैश्य उवाच २०/१
वैश्य उवाच २९/१
वैश्यवर्य त्वया यश्च वरः २४/१३
वैष्णवी समरे चैनं ४७/८
वैष्णवीचक्रभिन्नस्य ४८/८
व्याप्तं तयैतत्सकलम् ३८/१२
व्रियतां त्रिदशाः सर्वे ३२/४
शक्त्या जघान कौमारी ४९/८
शक्रादयः सुरगणा २/४
शङ्खं च वरुणः शक्तिं २१/२
शङ्खचक्रगदाशार्ङ्ग १६/११
शङ्खिनी चापिनी बाण ८१/१
शत्रुतो न भयं तस्य ६/१२
शब्दात्मिका सुविमल १०/४
शरणागतदीनार्त १२/११
शरत्काले महापूजा १२/१२
शरवर्षैः शितैः शस्त्रैः ११/१०
शरवर्षैर्महाभीमैः १७/७
शरीरकोशाद्यत्तस्याः ८७/५
शस्त्रास्त्रैर्बहुधा ४०/२
शाकम्भरीति विख्यातिम् ४९/११
शान्तिकर्मणि सर्वत्र तथा १६/१२
शिरश्चण्डस्य काली च २३/७
शिरांसि पेतुरन्येषाम् ६१/२
शिवदूतीस्वरुपेण २०/११
शुम्भमुक्ताञ्छरान्देवी २७/९
शुम्भेनागत्य या शक्तिः २५/९
शूलं शूलाद्विनिष्कृष्य २०/२
शूलहस्तं समायान्तम् ३४/९
शूलेन पाहि नो देवि २४/४
शोणितौघा महानद्यः ६६/२
श्येनानुकारिणः प्राणान् ६०/२
श्रीभगवानुवाच ९६/१
श्रुत्वा तमसुरं देव्या २०/६
श्रुत्वा ममैतन्माहात्म्यम् १४/१२
स क्षिप्तो धरणीं प्राप्य २५/१०
स गतासुः पपातोर्व्याम् २७/१०
स च वैश्यस्तपस्तेपे १०/१३
स च सिंहो महानादम् ६८/२
स चापि गदया दैत्यः ५०/८
स तत्र गत्वा यत्रास्ते १०४/५
स तत्राश्रममद्राक्षीत् १०/१
स त्वं गच्छ मयोक्तं १२९/५
स दृष्ट्वा सहस्राणाम् ८/६
स देवीं शरवर्षेण ३/३
स मुष्टिं पातयामास २०/१०
स रथस्तथात्युच्चैः १८/९
संचितः सोऽतिदुःखेन १६/१
संसारबन्धहेतुश्च ५८/१
संस्मृता संस्मृता त्वं ३६/४
सच्छिन्वधन्वा विरथो ६/३
सत्यमुक्तं त्वया नात्र ११८/५
सन्नद्धाखिलसैन्यास्ते ३६/२
समस्तरोमकूपेषु २४/२
समाधिर्नाम वैश्योऽसौ ३७/१
समाधिर्नाम वैश्योऽहमुत्पन्नो २१/१
सम्मानिता ननादोच्चैः ३२/२
सर्वं ममैतन्माहात्म्यम् २०/१२
सर्वभूता यदा देवी ७/११
सर्वमङ्लमाङ्गल्ये १०/११
सर्वस्य बुद्धिरुपेण ८/११
सर्वस्वरुपे सर्वेशे २४/११
सर्वाबाधाप्रशमनम् ३९/११
सर्वाबाधाविनिर्मुक्तो १३/१२

| | |
|---|---|
| सशोक इव कस्मात्त्वं | १८/१ |
| सा क्षिप्त्वा तस्य वै पाशम् | २९/३ |
| सा च तान् प्रहितान् | ३१/८ |
| सा च तान् प्रहिनांस्तेन | ३६/३ |
| सा चाह धूम्रजटिलमीशानम् | २४/८ |
| सा त्वं गच्छ मयैवोक्ता | १२६/५ |
| सा वेगेनाभिपतिता | ९/७ |
| साब्रवीत्तान् सुरान् सुभ्रूः | ८५/५ |
| सावर्णि सूर्यतनयः | २/१ |
| सावर्णिको नाम मनुर्भवान् | २३/१३ |
| सिंहनादेन शुम्भस्य | २६/९ |
| सिंहमाहत्य खड्गेन | ७/३ |
| सुधा त्वमक्षरे नित्ये | ७४/१ |
| सूर्याज्जन्म समासाद्य | २९/१३ |
| सूर्येन्द्राग्न्यनिलेन्दूनां | ६/२ |
| सृष्टिस्थितिविनाशानाम् | ११/११ |
| सैव काले महामारी | ३९/१२ |
| सैषा प्रसन्ना वरदा नृणां | ५७/१ |
| सोऽचिन्तयत्तदा तत्र | १२/१ |
| सोऽपि कोपान्महावीर्यः | २५/३ |
| सोऽपि निद्रावशं नीतः | ८४/१ |
| सोऽपि वैश्यस्ततो ज्ञानम् | १८/१३ |
| सोऽपि शक्तिं मुमोचाथ | १२/३ |
| सौम्यानि यानि रुपाणि | २६/४ |
| सौम्येन स्तनयोः | १५/२ |
| स्तुता सम्पूजिता पुष्पैः | ४१/१२ |
| स्तुता सुरैः पूर्वम् | ८१/५ |
| स्तोत्रं ममैतत् क्रियते | ८६/५ |
| स्त्रीरत्नभूतां त्वां देवि | ११२/५ |
| स्त्रीरत्नमतिचार्वङ्गी | ९२/५ |
| स्मरन्ममैतच्चरितं नरः | २९/१२ |
| स्वजनेन च संत्यक्तः | ४३/१ |
| स्वर्गान्निराकृताः सर्वे | ७/२ |
| स्वल्पैरहोभिर्नृपते स्वं | २०/१३ |
| स्वारोचिषेऽन्तरे पूर्वं | ४/१ |
| हंसयुक्तविमानस्थे | १३/११ |
| हंसयुक्तविमानाग्रे | १५/८ |
| हतशेषं ततः सैन्यं दृष्ट्वा | २२/७ |
| हताश्वः स तदा दैत्यः | १८/१० |
| हते तस्मिन्महावीर्ये | ११/३ |
| हत्वा रिपूनस्खलितम् | २१/१३ |
| हन्यमानं महासैन्यम् | ६/९ |
| हयानां च वृतो युद्धे | ४७/२ |
| हिनस्ति दैत्यतेजांसि | २७/११ |
| हृताधिकारास्त्रिदशाः | ५/५ |
| हे चण्ड हे मुण्ड बलैः | २२/६ |
| हे धूम्रलोचनाशु त्वं | ४/६ |
| हेतुः समस्तजगताम् | ७/४ |

सा विद्या या विमुक्तये

महेश सन्यास आश्रमद्वारा सञ्चालित

# महेश-संस्कृत-गुरुकुलम्

(आवासीय माध्यमिक विद्यालय एवं विद्यापीठ)

देवघाटधाम, तनहुँ

वैदिक सनातन धर्म र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवं संस्कृत शिक्षाको प्रचारप्रसार गर्ने मूल उद्देश्यका साथ परमगुरु अनन्तश्रीविभूषित स्वामी महेशानन्द गिरिजीमहाराजको शुभाशीर्वाद एवं श्रोत्रिय, ब्रह्मनिष्ठ श्री १००८ स्वामी सच्चिदानन्द सरस्वती (खप्तडबाबा) को सत्प्रेरणाबाट परमश्रद्धेय श्री १००८ स्वामी रामानन्द गिरिजी महाराजको अध्यक्षतामा वि.सं. २०५० मा महेश संन्यास आश्रम र वि.सं. २०५२ मा महेश संस्कृत गुरुकुलको स्थापना भएको हो ।

समाजका हरेक क्षेत्रमा नवचेतना र जागरण ल्याउन सक्ने समाजसेवामा समर्पित, अनुशासित, सच्चरित्रवान्, कर्तव्यनिष्ठ दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्यका साथ सञ्चालित यस गुरुकुलमा सम्बन्धित शिक्षा निकायबाट स्वीकृति प्राप्त गरी नि.मा.वि. तहदेखि स्नातकोत्तर तहसम्मको औपचारिक शिक्षा निःशुल्क रूपमा प्रदान गर्ने व्यवस्था गरिएको छ । यस गुरुकुलमा हाल १२५ जना छात्रहरूले संस्कृत शास्त्रीय विषयको शिक्षा प्राप्त गरिरहेका छन् ।

## गुरुकुलका विशेषताहरू

- निम्नमाध्यमिक तहदेखि आचार्य तहसम्मको औपचारिक सम्पूर्ण शिक्षा एउटै गुरुकुलबाट निःशुल्क रूपमा प्राप्त हुने ।
- वेद, व्याकरण, न्याय, दर्शन र शाङ्करवेदान्त लगायत शास्त्रीय विषयहरूको प्रामाणिक शिक्षा प्रदान गरिने ।
- पूर्वीय दर्शन, सनातन धर्म र संस्कृतिको विशेष अध्यापन गरिने । तालिम प्राप्त अनुभवी गुरुहरूको निरन्तर सान्निध्य रहने ।
- प्रातः ४.०० बजेदेखि नै गुरुकुलका आचार्यको निर्देशनमा स्नान, सन्ध्या, प्रार्थना आदि दैनिक नित्यकृत्य गराइने ।
- प्राचीन गुरुकुल मर्यादाअनुरूप दिनचर्या र प्राकृतिक दृष्टिले सुन्दर, स्वच्छ शान्त एवं पारिवारिक वातावरण भएको ।
- करिब ११,००० जति महत्त्वपूर्ण पुस्तकहरू भएको वृहत्तर पुस्तकालय र वाचनालयको समेत थप सुविधा रहेको ।
- छात्रहरूलाई कम्प्युटरको समेत प्रशिक्षण दिइने । योगासन, खेलकूद आदि शारीरिक व्यायामको व्यवस्था ।
- व्याख्यान, वक्तृत्वकला, काव्यगोष्ठी आदिको विशेष अभ्यास ।
- शिक्षाका साथै विद्यार्थीको चरित्रनिर्माणमा विशेष जोड दिइने ।
- स्थापनादेखि हालसम्मको परीक्षा परिणाम शतप्रतिशत सफल ।
- प्रवेशिका (**SLC**) तहको परीक्षामा सहभागी सबै छात्रहरू प्रथमश्रेणी वा विशिष्टश्रेणीमा समुत्तीर्ण हुन सफल ।
- उत्तरमध्यमा, शास्त्री तथा आचार्यतहमा विश्वविद्यालयभरमै सर्वप्रथम द्वितीय र अन्य उत्कृष्ट स्थान प्राप्त गर्न सफल ।

यस आश्रम तथा गुरुकुलको संरक्षण, सम्बर्द्धनमा आ-आफ्नो तर्फबाट योगदान दिनुहुन सम्पूर्ण धर्मप्रेमी श्रद्धालु महानुभावसमक्ष हार्दिक अनुरोध छ ।



विद्येश्वर शिवमन्दिर

महेश संन्यास आश्रम

महेश-संस्कृत-गुरुकुलम्

देवघाटधाम, तनहूँ

फोन : ०५६-६२०४२६, ०५६-६२१२७४

Code 016

9 789937 254632